

अक्षमाला
तन्त्र



अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ म य र ल व श ष स ह क्ष

सुमेरु

विद्यानाथ उपाध्याय भट्ट

श्री

ॐ नमःशिवाय

अक्षमाला

तन्त्र

वक्ता
विद्यानाथ उपाध्याय भट्ट

श्रोत्री
र
प्रकाशिका
अन्नपूर्णा उपाध्याय भट्ट



योगेश्वरी श्रीगुह्यकाली र श्रीको मन्दिर

श्री


शुभाशीष

शम्भो महेश करुणामय शूलपाणे
गौरीपते पशुपते पशुपाशनाशिन् ।
काशीपते करुणया जगदेतदेक
स्त्वं हंसि पासि विदधासि महेश्वरोऽसि ।।

'सत्यं ज्ञानमनन्तं ब्रह्म' तैत्तिरीयोपनिषत्मा परब्रह्मलाई सत्यस्वरूप, ज्ञानस्वरूप, अनन्तस्वरूप, परब्रम्हस्वरूप भनिएको छ । त्यस्तै 'नित्य शुद्ध बुद्ध मुक्तस्वभावो जगदीश्वरः' भनी उद्धार गरिएको छ । उनै परमात्माका अंश जीवात्माहरू हुन् । परमात्माका जो जो गुणहरू हुन्छन् ती सबै जीवात्माका पनि हुन्छन् । त्यसै कारणले हरेक प्राणी आनन्द नै खोज्छ र स्वातन्त्र्यको चाहना गर्छ ।

यी सबै गुणहरू जीवात्मामा मायाको आवरणले गर्दा सुप्तरूपमा रहन्छन् । जब इच्छा शक्ति ज्ञानशक्ति र क्रियाशक्ति जाग्रत हुन्छन् तब जीवात्मा परम पिता परमात्माका खोजीमा निस्कन्छ ।

हाम्रा वेद, शास्त्र, पुराण, आगम, मन्त्र, तन्त्र, यन्त्र, ओषधिका ग्रन्थहरू र शैव, वैष्णव, शाक्त, गाणपत्य, सौर, सौगत आदि दर्शन्हरू



महाशिवरात्री २०६६ वि.सं.
(फेब्रुअरी २०१० ई)
मूल्य–५००

कम्प्युटर संयोजन– राजेन्द्र लाल श्रेष्ठ
मुद्रण– यूनिक प्रिन्टिङ्ग प्रेस, ढोकाटोल–१६
फोन नं.: ४२४५७१३, ४२७३२६७



तन्त्रका आदि गुरु श्रीपशुपति र श्रीको मन्दिर



योगेश्वरी श्रीगुह्यकाली र श्रीको मन्दिर

श्री

शुभाशीष

शम्भो महेश करुणामय शूलपाणे
गौरीपते पशुपते पशुपाशनाशिन् ।
काशीपते करुणया जगदेतदेक
स्त्वं हंसि पासि विदधासि महेश्वरोऽसि ।।

'सत्यं ज्ञानमनन्तं ब्रह्म' तैत्तिरीयोपनिषत्मा परब्रह्मलाई सत्यस्वरूप, ज्ञानस्वरूप, अनन्तस्वरूप, परब्रम्हस्वरूप भनिएको छ । त्यस्तै 'नित्य शुद्ध बुद्ध मुक्तस्वभावो जगदीश्वरः' भनी उद्धार गरिएको छ । उनै परमात्माका अंश जीवात्माहरू हुन् । परमात्माका जो जो गुणहरू हुन्छन् ती सबै जीवात्माका पनि हुन्छन् । त्यसै कारणले हरेक प्राणी आनन्द नै खोज्छ र स्वातन्त्र्यको चाहना गर्छ ।

यी सबै गुणहरू जीवात्मामा मायाको आवरणले गर्दा सुप्तरूपमा रहन्छन् । जब इच्छा शक्ति ज्ञानशक्ति र क्रियाशक्ति जाग्रत हुन्छन् तब जीवात्मा परम पिता परमात्माका खोजीमा निस्कन्छ ।

हाम्रा वेद, शास्त्र, पुराण, आगम, मन्त्र, तन्त्र, यन्त्र, ओषधिका ग्रन्थहरू र शैव, वैष्णव, शाक्त, गाणपत्य, सौर, सौगत आदि दर्शन्हरू

द्वैत, द्वैताद्वैत, अद्वैत, विशिष्टाद्वैत, शक्तिविशिष्टाद्वैत आदि दार्शनिक सिद्धान्तहरू तथा भक्तियोग, सांख्ययोग, कर्मयोग, ज्ञानयोग आदि सिद्धान्तहरू यस्तै अनेकानेक उपायहरू जम्मै परब्रह्मसितै गाँसिनकैलागि हुन् ।

यी उपाय खोज्ने महात्मा, ऋषिमुनिहरू हाम्रालागि पूजनीय छन् । यिनै महात्माहरूका साधना, तपस्या, ध्यानयोग आदिबाट प्रकट भएका सबै पुराण, दर्शन शास्त्रहरू सत्य हुन् र सत्प्रयास हुन् । सबैको गन्तव्य एउटै हो । 'एकं सद् विप्रा बहुधा वदन्ति' भने जस्तै अनन्तकोटि ब्रह्माण्डनायक एउटै हुन्, तर सबै महात्मा आ–आफ्ना धारणा र विश्वास अनुसार अलग–अलग नामले पुकारिन्छन् र उनीहरूले अलग–अलग बाटो देखाएका पनि छन् ।

भगवान् श्रीकृष्णले भन्नुभए अनुसार 'उद्धरेदात्मनात्मानम्' आफ्नो उद्धार आफैं गर्नुपर्दछ । यसका लागि आफैं प्रयत्नशील हुनुपर्दछ । आफैं आफ्ना मोक्षमार्गमा अग्रसर हुनु पर्दछ ।

तर यतिधेरै उपायहरू छन् कि कुन बाटो, कुनदर्शन, कुन आचार्यको पछि लाग्ने, यसको पनि मार्गदर्शन भगवाान् श्रीकृष्णले नै गर्नुभएको छ । 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः' अर्थात् हामीलाई उपयोगी साबित हुने त हाम्रो आफ्नै स्वधर्म मात्रै हो । जुनसुकै कठिनाइ आइपरे पनि हामी आफ्नो कुलाचार, धर्म र परम्परालाई नछोडिकन 'स्वकर्मणा समभ्यर्च्य सिद्धिं विन्दति मानवः' भनिए अनुसार

आफ्नो देशले, आफ्नो समाजले र आफ्नो वंश परम्पराले जुन काम गर्न आफूलाई आदेश दिएको छ त्यसैलाई आफ्नो कर्तव्य संझेर त्यही नै ईश्वरको पूजा, आराधना र तपस्या मानी त्यसैमा पूर्ण निष्ठाका साथ लाग्यौं भने त्यसैबाट ईश्वर प्राप्ति संभव हुन्छ ।

प्रकृतमा आर्य संस्कृतिका वैदिक तथा तान्त्रिक अजस्र पावन धाराहरू प्राचीनकाल देखिनै निरन्तर प्रवाहित हुंदै मानवमात्रको कल्याण गर्दै आएका छन् । उपासनाका क्षेत्रमा पनि यी दुबै मार्गहरू समानरूपमा आदरणीय मानिएका छन् । अझ ती दुबैको समन्वयात्मक प्रयोग त उपासनामा अझ उत्तमोत्तम ठहरिएको छ । कलिकालमा त तन्त्रको मार्ग सबैभन्दा श्रेयस्कर मानिएको छ । तर यस मार्गको लक्ष्य भने परमेश्वरको प्रसाद संपूर्ण प्राणीहरूको हित र ज्ञान एवं मोक्ष हुनुपर्दछ, केवल लौकिक विषयहरूको सिद्धि मात्र होइन । यसका लागि तन्त्रका सिद्धान्तहरू, यिनीहरूका मर्महरू, प्रयोगक्षेत्र र प्रयोगहरूको समुचित ज्ञान हुनु आवश्यक छ ।

मन्त्रहरू त गोप्य हुन्छन्, गुरुमुखगम्य हुन्छन् । यिनीहरूको अनधिकारीमा प्रकाश हुनु वर्जित मानिएको छ तर यसका अन्य विधिविधान सबैले जान्नु र बुझ्नु त्यत्तिकै आवश्यक छ । यसो भयो भने मात्र यसप्रति जन आस्था बढ्न र यसको प्रतिष्ठामा बृद्धि हुन सक्तछ । यसैलाई ध्यानमा राखी सबै नेपालीहरूले बुझ्ने भाषामा **प्रा. विद्यानाथ उपाध्याय भट्टज्यू**बाट 'अक्षमाला–तन्त्र' नामक ग्रन्थको रचना भएको छ । यसका लेखक भट्टज्यू आगम शास्त्रका


विशेष ज्ञाता हुनुहुन्छ र उहाँले आगमका आदि गुरु श्री देवादिदेव महादेवले आदि शिष्या परमेश्वरी भगवती पार्वतीलाई उपदेश गरे जस्तै स्वयं आफैं आचार्य स्थानमा बसी आफ्नी सहधर्मिणीलाई शिष्य स्थानमा राखेर प्रश्नोत्तर पद्धतिले तन्त्र मार्गको शिक्षा दिनुभएको छ ।

यस ग्रन्थको अध्ययनबाट तन्त्रमार्गका जिज्ञासु पाठकहरू र तन्त्रका साधकहरूलाई पनि धेरै लाभ हुनेछ भन्ने मेरो धारणा एवं विश्वास छ । यसमा व्यक्त भएका तान्त्रिक सिद्धान्त, तान्त्रिक देवताहरू, साधनापक्ष, तन्त्रको योग, दैवी कामकला एवं तन्त्रदर्शन सबै पठनीय छन् । ग्रन्थको परम्परागत शैली, सरल भाषा, विषय प्रतिपादन प्रणाली अभिनन्दनीय छन् । यसमा विशेष कुरा के छ भने– तन्त्रका प्रयोग सिद्धिका लोभले आफैं नगरेर सद्‌गुरुबाट शास्त्रीय विधिले दीक्षा प्राप्त गरी आफू अधिकारी भएर मात्र गर्नु लाभकारी हुन्छ । भगवान् श्रीपशुपतिको ग्रन्थकर्ता श्रीविद्यानाथ उपाध्याय भट्टज्यू माथि अनुकम्पा रहिरहोस् भन्ने प्रार्थना गर्दछु र आफ्नो तर्फबाटपनि उहाँलाई अनेकानेक अभिनन्दनका साथ हृदयदेखि आशीर्वाद दिन्छु ।


स्वस्त्यस्तु, मङ्गलमस्तु, शिवं कर्मास्तु ।

इतिशुभम्

(रावल महाबलेश्वर भट्ट)



विद्यानाथ र अन्नपूर्णा द्वारा गुरु श्री विष्णुरमण भट्टको पूजन



विद्यानाथ भट्ट र अन्नपूर्णा भट्टले गुरु पितामह
श्री विष्णु रमण भट्टबाट दीक्षा लिँदा विद्यानाथ भट्टको तत्कालीन परिवार

समर्पण

भगवन् श्री पशुपति, तिमी ता ब्रह्मरूप हौ ।
सत् चित् आनन्द नै तिम्रो मूलभूत स्वरूप हो ।।
समस्त ज्ञान–विज्ञान तिमीमै छन् समाश्रित ।
तिम्रो जो देह देखिन्छ त्यो ता मन्त्र–शरीर हो ।।
समस्त विश्वका शक्ति तिमीदेखि अभिन्न छन् ।
तिनैद्वारा सबै विश्व तिमी स्फुरित गर्दछौ ।।
प्रत्येक कण यो जो छ विश्व ब्रह्माण्डमा त्यही ।
व्यक्त, विग्रह तिम्रै हो तिमी एक समष्टि हौ ।
गुरुका भावमा आफैं रहेर शिष्य–भावमा ।
राखी आफ्नी शक्तिलाई तन्त्रको ज्ञान निर्मल ।।
उपदेश गऱ्यौ यस्ले ज्ञान पाएर ती सबै ।
पशु मुक्त भए सारा तिम्रो त्यो करुणा भयो ।।
तिमी कहां परब्रह्म म जाबो विचरो पशु ।
तिम्रो दिव्य शिवज्ञान कसरी बुझ्न सक्तछु ।।
तैपनि करुणा तिम्रै पाई माध्यम मै भई ।
'अक्षमाला' शैवतन्त्र सानो यो रचना बन्यो ।।
ज्ञानरूप तिमीले नै मेरा हृदयमा वसी ।
समाई लेखनी जे जे लेखायौ लेखियो त्यही ।।
यसमा जे छ तिम्रै छ छैन मेरो कतैपनि ।
स्वोपज्ञता, ग्रन्थ यो ता तिम्रै दिव्य प्रसाद हो ।
मातृकाका भाव–पुष्प श्रद्धाका सूत्रले उनी ।
अक्षमाला रचेकोछु तिमीलाई चढाउंछु ।।

ॐ नमः शिवाय शान्ताय कारणत्रयहेतवे ।
निवेदयामि चात्मानं त्वं गतिः परमेश्वर ।।

विद्यानाथ उपाध्याय भट्ट

आत्मनिवेदन

भगवन् श्री पशुपति माता गुह्येश्वरी परा ।
जगत्पति जगन्माता तिम्रो दर्शन गर्दछु ।।१।।
बुबा माधव र आमा रमा लक्ष्मी र विष्णुका ।
थिए स्वरूप उनले सेवा श्रीशिवको गरे ।।२।।
काशीमा श्रीअन्नपूर्णा माताको करुणा भयो ।
वर प्रसाद उनकै पाई छोरी म जन्मिएं ।।३।।
अन्नपूर्णै नाम पाएं वात्सल्य उनकै मिल्यो ।
राम्रै संस्कार पाएर हुर्की कैशोर्य प्राप्त भो ।।४।।
कहां भारतको यौटा कुनाको ग्राम्य जीवन ।
कहाँ नेपालको सिद्ध पीठ तान्त्रिक उत्तम ।।५।।
कस्तो हो भाग्यको खेल ! बिहे नेपालमा भयो ।
सिद्ध तान्त्रिक विद्याको सर्वोच्च कुल नै मिल्यो ।।६।।
पूजा उपासना गर्ने मौका प्रारम्भदेखि नै ।
पाई सेवा देवताको गर्ने सौभाग्य प्राप्त भो ।।७।।
थिएन शास्त्रको ज्ञान तन्त्रको के रहस्य हो ।
तैपनि श्री चरणको सेवामा मन लाग्दथ्यो ।।८।।
मेरै दुर्भाग्यले होला गुरुको भो दिवंगति ।
पतिबाटै सिकी, जानी, श्रद्धाले गर्दथें सबै ।।९।।
सिद्धान्त तन्त्रका, देव–साधना, तन्त्रयोग र ।
दैवीकामकला, तन्त्र दर्शन, ब्रह्मज्ञानका ।।१०।।
कुरा सोद्धा उहाँले नै भन्नुभो जो रहस्य हो ।
तन्त्रको साधना गर्ने, अज्ञान कल्मषै हट्यो ।।११।।

रहेछ ठूलो सौभाग्य शिवको ज्ञान प्राप्त भो ।
अज्ञानबन्ध हट्ने भो शिवको करुणा भयो ।।१२।।
आमाले ता गर्नु हुन्थ्यो पूजा पार्थिवलिङ्गको ।
सधैं दर्शन गर्ने त्यो मौका भो बाल्यकालमा ।।१३।।
आमाले नै गरे जस्तै श्रद्धाले ढोग्दथें सधैं ।
त्यही पुण्य फल्यो आज शिवको ज्ञान पाइयो ।।१४।।
कुल, श्रद्धा, भक्ति, गृह, सुख, सम्पत्ति, सन्तति ।
पति, विद्या, सबैभन्दा शिवको ज्ञान उत्तम ।।१५।।
शिवकै अनुकम्पाले उन्कै दिव्य प्रसाद यी ।
पाएं, नपाइने के छ ! कृपा शंकरको भए ।।१६।।
प्रभो तिम्रो कृपा संझी आंशुका धार बग्दछन् ।
मन गद्‌गद यो हुन्छ तिम्रो शरण पर्दछु ।।१७।।
भई तिम्रो कृपा आज जो पाएँ ज्ञान उत्तम ।
यस्ले अज्ञानको पाशो काटेर भवसागर ।।१८।।
पार लग्नेछ यो भाव सदा नै मनमा रहोस् ।
श्रद्धा र भक्तिको भाव तिम्रो चरणमा रहोस् ।।१९।।
अज्ञानी छु, मूढ छु म, अपराध म गर्दछु ।
तैपनि म क्षमा माग्छु तिम्रै चरण पर्दछु ।।२०।।

तिम्रो तत्त्व म जान्दीन कस्ता छौ हे महेश्वर ।
जस्ता छौ हे महादेव त्यस्तैलाई नमो नमः ।।

– अन्नपूर्णा उपाध्याय भट्ट

प्राक्कथन

सत्–चित्–आनन्दघन परब्रह्म परमात्मा ज्ञानस्वरूप भगवान् श्री पशुपतिनाथ र परब्रह्म स्वरूपिणी जगन्माता महामाया श्री गुह्यकालीका असीम, अनुपम कृपाले प्रभुकै अव्यक्त प्रेरणाबाटै तयार भएको प्रस्तुत अक्षमाला तन्त्र प्रभुका चरणमा चढाउने आज यो शुभ अवसर प्राप्त भएको छ । भगवान् श्री पशुपतिले स्वयं अद्वितीय भएर पनि सद्योजात, वामदेव, तत्पुरुष, अघोर, ईशान र कालाग्निरुद्र षड्वक्त्र भएर आफ्नै अभिन्न शक्ति उमालाई पनि कुब्जेश्वरी, सिद्धेश्वरी, पूर्णेश्वरी, निशेश्वरी, कामेश्वरी र बज्रेश्वरी षड्वक्त्रमा परिणत गरी आफू गुरुपदमा रही शक्तिलाई शिष्यभावमा राखी आफ्नै अभिन्न पाशुपत ज्ञानको लोकमा अवतरण गर्नुभयो । यही शिवज्ञान आगम वा तन्त्रका रूपमा पशुभावमा रहेका जीव मात्रको अज्ञानरूप पशुत्वको निवारणार्थ गुरु–परम्पराबाट अद्यावधिक हुन आएको छ । यसै शिवज्ञानको आकरका रूपमा विकसित शिवशास्त्र–तन्त्रमा आश्रित रहेर दीक्षा, पुरस्क्रिया, अन्तर्याग, बहिर्याग आदि अन्तर्भूत चर्या क्रिया र शिवसायुज्य प्राप्तिको कारणभूत शिवब्रह्म–ज्ञान प्रत्येक कुलमा प्रचलित हुँदै आएको अवस्था विद्यमान छ । यही कुल परम्परा स्वनामधन्य सिद्ध तान्त्रिक श्री नारायण भट्ट र श्री लक्ष्मीनारायण भट्ट (लम्बकर्ण भट्ट) देखि यस लेखकसम्म पनि अविच्छिन्न रूपमा चल्दै आउनु ठूलो गौरवको कुरा हो ।

यस लेखकको नेपालमा विकसित कुल परम्परामा पहिले मूल पुरुष श्री नारायण भट्ट, श्री महादेव भट्ट, श्री लक्ष्मीनारायण भट्ट (लम्बकर्ण भट्ट) देखि लिएर यस लेखकका वृद्ध प्रपितामह–श्री बागेश्वर भट्ट, प्रपितामह–श्री बाबुराम भट्ट, पितामह–श्री विष्णुरमण भट्ट र पिता–श्री वासुदेव भट्टबाट यो लेखक–विद्यानाथ भट्टसम्म चलिआएको तन्त्र साधनाका परम्परामा यस लेखकले आफ्नी धर्मपत्नी अन्नपूर्णा भट्टका साथ आफ्ना पितामह–श्री विष्णुरमण भट्टबाट सिद्धविद्याको दीक्षा पाएर आफ्ना

इष्ट देवताको यथाशक्ति उपासना गर्ने सौभाग्य पाएको छ । आफ्ना इष्ट देवताको तान्त्रिक विधिविधानले गरिने पूजा, उपासना, नित्य, नैमित्तिक सपर्या, यिनकै क्रममा आफूलाई लागेका शङ्का, उपशङ्काहरूको समाधान, नजानेको कुरा सिक्ने जान्ने जिज्ञासा शान्त गर्ने प्रयोजनले विभिन्न तन्त्र–ग्रन्थहरूको अध्ययन गर्ने सुअवसर प्राप्त भयो । दीक्षा ग्रहण गर्नुभन्दा पहिले तन्त्र ग्रन्थहरू हेर्नसम्म पनि नहुने बन्देजले गर्दा जति जान्ने इच्छा भएर पनि मन मारेर बस्नु पर्ने बाध्यता, दीक्षा प्राप्त हुनासाथ तन्त्रविधि जान्ने बाटो खुलेतापनि गुरु पितामह श्री विष्णुरमण भट्टको निधनले गर्दा गुरु मुखबाट जान्ने सुन्ने अवसरबाट बञ्चित हुनु परेको आदि अनेकौं कारणले गर्दा कसैबाट सिक्न नपाएतापनि परमेश्वर विश्वगुरु श्री पशुपति र माता श्री गुह्यकालीका कृपापूर्ण वात्सल्यले गर्दा स्वतः स्फूर्त रूपमा तन्त्रग्रन्थ हेर्ने पढ्ने चाख भयो, बानी बस्यो, केही ज्ञान भयो, हुँदै गयो, लेखहरू लेखिए, प्रकाशित पनि भए, यसै क्रममा नेपालका पूर्वराजा भूपालेन्द्र मल्लका महामात्य नवमीसिंह भण्डेलद्वारा संग्रहित तन्त्रचिन्तामणि (संस्कृत तन्त्रग्रन्थ) को संपादन गरी नेपालीभाषाको तन्त्रसंबन्धी विस्तृत भूमिकासहित चालीस प्रकाश रहेको समग्र ग्रन्थ मध्ये पहिलो बीस प्रकाशसम्मको प्रथम भाग लेखकले तैयार गरी तत्कालीन महेन्द्र–संस्कृत–विश्वविद्यालयबाट प्रकाशित भैसकेको छ र बांकी दोश्रो अन्तिम भाग पनि प्रकाशोन्मुख छ । साथै यसै लेखकका तन्त्र संबन्धी पचास भन्दा बढी विभिन्न शीर्षकका लेखहरूको संग्रह रहेको 'तन्त्रविद्यालोक' ग्रन्थ पनि केही वर्ष अघि नै लोकार्पित भैसकेको छ ।

तर त्यत्तिकैमा सन्तोष भएन, त्यसमा समग्रता थिएन, केही अपरिहार्य कुराहरू छुटेका पनि थिए, हितचिन्तक मित्रहरूले पनि घच्घच्याए, केही सुझाव दिए, प्रेरणा प्राप्त भयो, झन् उत्साह जाग्दै गयो, सबैभन्दा ठूलो कुरा परमेश्वरकै इच्छा भयो, अव्यक्त निर्देश प्राप्त भयो र लेख्ने, यौटा समग्र तन्त्र ग्रन्थ तैयार गर्ने इच्छा तीब्र हुँदै गयो । आफ्नै धर्मपत्नी स्वयं इष्टको पूजा गर्ने, उनकै मनमा पनि अनेकौं पूजा, उपासनासंग संबद्ध जिज्ञासा उठ्दै

गएछन्, स्वभावतः यसै लेखक आफ्ना पतिसंग सोध्न थालिन्, लेखकले जवाफ दिनु पऱ्यो, दिंदै गइयो, नयां अध्ययनहरू भए, विषय स्पष्ट हुंदै गए, जिज्ञासा समाहित हुंदै गए ।

यसैक्रममा लेखकले सोच्यो, के भो त ! श्रीमान्–श्रीमतीका बीचका धर्म, तन्त्र, पूजा, उपासना अध्यात्मज्ञान, दर्शनका तथ्यहरूसंग संबद्ध तन्त्र–शास्त्रमा आधारित वार्तालाप लिखित रूपमै लोक समक्ष प्रस्तुत भयो भने, त्यो पनि संवाद शैलीमै लोकार्पित भयो भने, सरल र सुबोध लोकभाषामा सबै विषयवस्तु पस्किन सकियो भने लोक जिज्ञासा शान्त गर्ने उपाय पनि त यो राम्रै हो । तन्त्रका मूल ग्रन्थहरू सबै संस्कृत भाषामै लेखिएका छन् । विषय वस्तु यौटा मात्र ग्रन्थमा सीमित छैनन् । अनेकौं ग्रन्थमा छरिएर रहेका छन् । ती पनि स्पष्ट छैनन् । कुनै संकेत रूपमा छन्, कुनै प्रतीक रूपमा । ठाउं ठाउंमा ग्रन्थि छन्, स्वयं फुक्दैनन्, फुकाउने गुरु पनि दुर्लभ छन् । संस्कृत भाषाको अध्ययन गर्ने, त्यसमा पनि तन्त्र ग्रन्थहरूको ग्रन्थि फुकाउन सकिने गरी पढ्ने, शोध, खोज गर्ने आज त्यस्तो स्थिति कालक्रमले रहन दिएन । सबले बुझ्न जान्न सक्ने भाषामा, सरल सुबोध रूपमा विषय पस्किनु पर्ने समय आयो । त्यसो गरेन भने अब त विषय नै लुप्त हुने स्थिति पनि आउने डर भयो । यस्तो विषम परिस्थितिमा लेखकले तन्त्रशास्त्र जस्तो गहन विषय, त्यसमा पनि साधना, उपासना जस्तो विद्या, अझ त्यसको गहन दर्शनले परिपूर्ण ज्ञान खण्ड, यस क्षेत्रमा कलम चलाउने दुस्साहस गरेको छ । स्वयं श्री पशुपतिले पराशक्ति उमालाई उपदेश गर्नु भएको तन्त्रशास्त्र यो सानो लेखकको सामान्य र सीमित बुद्धिले व्यक्त गर्न खोजेर त्यसमा पूर्णता, समग्रता आउंछ, आएको छ भन्ने सोच्नु, मान्नु हास्यास्पद ठट्टा हुनसक्छ । यो स्वाभाविक पनि हो, तर यौटा मानवले दैवी ज्ञानका भण्डारको ढोका खोल्दा, त्यो ज्ञान पस्कंदा पूर्ण समग्रता नआएता पनि, आउन नसके तापनि भण्डार खोल्ने, पस्कने काम त मानव नै निमित्त भएर हुने हो । जे हुन्छ, ईश्वरीय प्रेरणाबाट हुन्छ, अव्यक्त रूपमा हृदयमा विराजमान ईश्वरले लेखाउंछ, मानव त निमित्त मात्र

बन्छ । यो लेखक पनि त्यो दिव्य शैवज्ञान लोकभाषामा लोकैलाई समर्पित गर्ने निमित्त बनेको छ । यो ग्रन्थ लेख्ने क्रममा यस लेखकलाई यौटा कुरा निवेदन गर्न मन लागेकोछ– नेपाली भाषामा विभिन्न विधामा थुप्रै ग्रन्थ लेखेर नेपाली वाङ्मयलाई समृद्ध बनाउने धेरै ठूला लेखकहरू देशमा विद्यमान छन् । तर भगवान् श्री पशुपतिलाई राष्ट्रदेव मानेर पनि उहाँको शैवज्ञान लोकभाषामा प्रसारित गर्ने व्यक्ति दुर्लभ छन् । भगवान्‌को इच्छा भयो, प्रभुले यस कार्यका लागि यस लेखक दम्पतिलाई छानेर प्रेरणा दिनु भयो । यो त लेखकको जन्मजन्मान्तरको पुण्यबाट प्राप्त परम सौभाग्य हो ।

पूर्णताको त के कुरा !

पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।।
(त्यो पूर्ण यो पनि पूर्ण पूर्णैबाट त पूर्ण छ ।
पूर्णैबाट पूर्ण लिंदा पूर्ण नै शेष बच्तछ ।।)

कुनै पनि वस्तु, तथ्य अपूर्ण हुंदो रहेनछ, जो छ, जस्तो छ, त्यो आफैंमा पूर्ण नै छ, जस्तो बन्छ पूर्ण नै बन्छ । त्यसैले प्रस्तुत रचना पनि पूर्ण नै छ भन्ने लेखकको अभिप्राय हो ।

लेखकले प्रस्तुत रचना सजिलैसंग गद्यशैलीमा लेखे हुनेमा पद्यशैली रोजेको छ । यसमा यौटा रमाइलोपन पनि छ, विनोद पनि छ र औचित्य पनि लेखकले देखेको छ ।

लेखक साहित्य शास्त्रको अभ्यस्त कवि होइन, कविता रचनामा सिद्धहस्त होइन । तैपनि पद्य रोज्नुमा यौटा अर्थ छ, उद्देश्य छ । संस्कृतका सारा तन्त्रशास्त्र पद्यमा नै छन्, श्लोकबद्ध छन् । ती पद्यहरूमा अलंकार छैनन्, विषय परकता छ, विषय–विश्लेषण छ, प्रतिपादन छ, ज्ञान छ, दर्शन

छ– ती पद्य त हुन् कविता होइनन् । त्यसै शैलीको अनुकरण गरी भाषा मात्र फरक गरेर लेखकले पद्यविधा रोजेको हो । अनुष्टुप् छन्द, सिद्ध छन्द हो । महर्षि वाल्मीकिका मुखबाट स्वतः स्फूर्तरूपमा निस्केको हो । रचना गर्नु उति गाहारो पनि हुँदैन । यसका धेरै भेद छन् । यो पछि–परन्तुसम्म पनि संझिइने गरी कण्ठस्थ रहन सक्छ र उद्धरणीय पनि बन्न सक्छ, यही यस लेखकको सोचाइ हो ।

यौटा पद्य नजान्ने लेखकले पद्य रचना गर्न खोज्नु, त्यसमा अभ्यास गर्नु, विषय गम्भीर्यलाई समाविष्ट गरी पद्यको रचना गर्नु यौटा विनोद पनि हो ।

काव्यशास्त्र विनोदेन कालो गच्छति धीमताम् ।
व्यसनेन च मूर्खाणां ....
(बुद्धिमानुको काल बित्छ काव्यशास्त्र विनोदले ।
मूर्खको ता व्यसनले ....)

भने जस्तै श्रीमान्–श्रीमतीकाबीच विषय–वासना संबन्धी व्यसनको विनोद गरेर मूर्ख प्रमाणित हुनु भन्दा शास्त्रीय, त्यो पनि देवताको उपासना संबन्धी रचना गर्ने, सुन्ने, सुनाउने विनोद गर्ने प्रयास गर्नु उत्तम हुने होइन र भन्ने पनि यस लेखको मनमा आएकै हो ।

पद्य–रचना गर्दा अनुष्टुप् छन्दमा प्रचलित मान्यता अनुरूप हुनुपर्ने मात्राका स्वरूपमा केही भिन्नता ठाउंठाउंमा छन् यो कुरा लेखक स्वयं स्वीकार गर्छ, तर त्यसमा पनि केही मतभेद छन् अनुष्टुप् छन्दका मात्रामा पनि भिन्नता स्वीकृत छन्, यसैले यो कुरा त्यति साह्रो अपाच्य हुँदैन होला भन्ने लेखकको विश्वास छ ।

कहीं कहीं छन्दोभङ्ग भएजस्तो पनि नभएको होइन, तर विषय वस्तु प्रतिपादनमा, एकधारामा भाव ओइरेर आउंदा यस्तो पर्न गएकोमा लेखक क्षमाप्रार्थी पनि छ ।

वास्तवमा लेखकको विचारमा त–
'छन्दोभङ्गं न कारयेत्' (नगर्नु छन्दको भङ्ग) यो मान्यता त ठीकै छ तर यसभन्दा पनि 'भावभङ्गं न कारयेत्' (नगर्नु भावको भङ्ग) भन्ने कुरामा बढी ध्यान दिनु आवश्यक होला । भाव छ छन्द छैन, सह्य होला, तर छन्द छ, भाव छैन भने–असह्य नै हुन्छ ।

प्राचीन नेपाली कविहरूले भक्तिकाव्यको रचना गर्दा, महाभारत जस्तो ऐतिहासिक रचनाको पद्यानुवाद गर्दा नेपालीको छन्द नजानेर व्याकरणका नियमको सीमा–उल्लंघन भएको अथवा जानाजानी गरेको भन्न मिल्ला जस्तो लाग्दैन । भक्तिको धारा बग्यो, भावको प्रवाह उठ्यो त्यसले सारा नियम, उपनियम, बांध, पैन बगाएर लग्यो, तर यौटा अविस्मरणीय ओजस्वी, रचना संसारलाई दियो, यो के सत्य होइन र ! यस विचारले यो लेखकका मनमा केही सन्तोष भयो ।

यस रचनाको शीर्षक 'अक्षमाला' किन छानियो, यसमा पनि अर्थ छ अक्षमाला– अ देखि क्ष सम्मका वर्ण–मातृकाहरूको माला, प्रत्येक वर्ण मातृकाको देवतात्मकता, मन्त्रात्मकता, मन्त्रको ब्रह्मरूपता, यसको वैशिष्ट्यले प्रस्तुत ग्रन्थले त्यसमा तादात्म्य स्थापित गर्न खोजेको हो । आकाश तत्त्वात्मक पुष्पहरूलाई ब्रह्मसूत्रले उनेर यौटै अद्वितीय ब्रह्ममा संस्थापित गरेको भाव प्रस्तुत ग्रन्थमा पनि आओस्, तन्त्र सिद्धान्तका, देवताका, साधनाका, योगका, कामकलाका, दर्शनका रङ्गविरङ्गी पुष्पहरूलाई यौटै सूत्रमा उनेर अद्वितीय परब्रह्म परमात्मा श्री पशुपतिमा चढाइने यौटा अत्यन्त कमनीय शिवको प्रिय माला यो रचना बनोस् भन्ने यस लेखकको हार्दिक अभिप्राय रहेको हो ।

यो ग्रन्थ अ–देखि क्ष–सम्मका पचास अक्ष (पटल)हरूमा निबद्ध छ । भगवान् श्री पशुपतिले आफ्नी अभिन्न प्रेयसी परा शक्ति उमाका प्रश्नका उत्तरका रूपमा अवतरित गराउनु भएको यो शिवज्ञान 'मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ ! सर्वशः' (हे अर्जुन– मेरै यो पथमा

हिंड्लान् मान्छेहरू सबै पछि) भन्ने भगवद् गीताको वचन अनुसार यस लेखकले पनि पूर्व पुरुषका रचनाशैलीको नै अनुकरण गरेर आफ्नी अर्धाङ्गिनी धर्मपत्नीकै प्रश्नका उत्तर दिँदै शब्द पुष्पका रूपमा संवाद शैलीमा निबद्ध गरेकोछ । भाषा सकेसम्म सरल, सुबोध र प्रवाहपूर्ण बनाउने प्रयास यसमा भएको छ । शास्त्रीय परम्परामा आधारित रहेर प्रत्येक अक्ष (पटल) का आदिमा विषयशीर्षक र अन्तमा पुष्पिका वाक्य राखिएका छन् । विषयवस्तुका शास्त्रीयतालाई सकेसम्म निर्वाह गरिएको छ । विषयगत स्वोपज्ञता मौलिकता यसमा कत्तिपनि छैन तर प्रस्तुतीकरणमा भने यो अवश्य पनि छ ।

प्रस्तुत ग्रन्थलाई षट्–पादिका चतुः साहस्रिका अक्षमाला भन्न मिल्छ जस्तो लाग्छ । यसमा छ वटा विषयक्षेत्रहरू निबद्ध छन्– तन्त्रका मूलभूत सिद्धान्त, तान्त्रिक देवताहरू, साधना वा उपासना, तन्त्रयोग, दैवी र लौकिक कामकलाका संकेतात्मक रहस्य, तन्त्रदर्शन, यी प्रस्तुत ग्रन्थका विषय सीमा हुन् । उपर्युक्त प्रत्येक विषयवस्तुको पूर्ण प्रकाश हुन त छुट्टाछुट्टै नै स्वतन्त्र ग्रन्थको आवश्यकता पर्न जाने हुंदा प्रस्तुत ग्रन्थमा केवल तिनीहरूको सारसंक्षेप वा परिचयात्मक संकेत मात्र दिने प्रयत्न गरिएको छ । आकारका दृष्टिले यो ग्रन्थ चार हजार भन्दा केही अधिक अनुष्टुप्हरूमा निबद्ध छ । यसले विषयको परिचय दिन्छ, तन्त्र जान्ने इच्छालाई अलिकति भएपनि शान्त गराउंछ, तर विशेषरूपमा अझ बढी जान्न कुत्कुत्याउंछ, आकाङ्क्षा जगाउंछ, परमेश्वरमा भक्ति–प्रवर्धन गर्दछ र यो ग्रन्थ संबद्ध जिज्ञासुका निमित्त संग्राह्य बन्नेछ भन्नेमा लेखक आशान्वित छ ।

हुन ता प्रस्तुत ग्रन्थ पद्यमा भन्दा गद्यमा निबद्ध गर्न खोजिएको भए, अझ स्पष्ट, आकारमा ठूलो, विश्लेषणात्मक भएर व्याकरण, छन्द संबन्धी रचनागत त्रुटिहरूमा पनि न्यूनता आउंथ्यो होला र साथै यो संपूर्ण गर्न धेरै समय पनि लाग्दैन थियो होला, तर भनि हालें प्राचीन तन्त्र ग्रन्थहरूको रचना–शैलीको अनुकरण गर्न मन लाग्यो विनोद पनि हुने भयो, शास्त्रीयता पनि ल्याउनु पऱ्यो, पछि स्मरणीय र उद्धरणीय बनोस्

भने इच्छा पनि भयो, अनुष्टुप् छन्द स्वयं–सिद्ध र सरल पनि भएको हुंदा त्यति गाहारो पनि भएन, धेरै के भनौं, ईश्वरेच्छा नै यही रहेछ, जो बन्यो, यस्तै बन्यो ! भाव पुष्पाञ्जलि हो, भावमा के नियन्त्रण ! ब्रह्मको उपासना हो । यसमा कुनै पनि बन्देजको अवसरै हुंदैन, भनिएको छ । जो बन्यो, जस्तो बन्यो परब्रह्म परमात्मामा अर्पित गर्ने अवसर पाइयो, त्यही ठूलो कुरो हो ।

ग्रन्थका विषयवस्तुहरूको प्रकृति र तिनीहरूको सन्निवेश के कस्ता छन् त्यो त समग्र ग्रन्थको अवलोकनबाटै स्पष्ट हुने कुरा हो, तैपनि सारांशमा भन्दा, शैव र शाक्त तन्त्रका मूल ग्रन्थहरूमा, विशिष्ट संग्रह ग्रन्थहरूमा भएका तन्त्र साधनासंग संबद्ध चर्या र ज्ञान खण्डका मुख्य मुख्य कुराहरू यहाँ एकत्रित र संग्रहित गरी शास्त्रका मर्ममा पनि विरोध नपर्ने गरी शास्त्रदृष्टि, गुरुवचन, स्वकीय अनुभवका आधारमा विश्लेषित गरिएका छन् । तान्त्रिक सिद्धान्तहरू उपासनामा उपयोग हुनेसम्मका सबै यहाँ संग्रहित छन् । तान्त्रिक देवताहरूको नाम र सामान्य परिचय यहाँ उपलब्ध छ । विशेष ध्यान–भेद र अन्य स्वरूप–विश्लेषणका लागि छुट्टै स्वतन्त्र ग्रन्थ नै आवश्यक हुने देखिएको र यो स्वयंमा ज्यादै संवेदनशील पक्ष भएकाले यहाँ यसलाई जानाजानी लिन सकिएको छैन । तान्त्रिक साधनाका निम्ति दीक्षा, पुरश्चरण, आह्निकी, नैमित्तिक र काम्य कर्म आदिका विधिहरू प्रकाशित गर्दा मन्त्र प्रत्यक्ष गर्नुपर्ने, मन्त्रहरू संस्कृतमै यथावत् प्रयोग गर्न सकिने गरी सन्निवेश गर्नुपर्ने समेत् हुंदा यसमा पनि छुट्टै प्रयास गर्नुपर्ने देखिन्छ । तन्त्रयोगलाई प्रायः परिचित गराउन प्रयास गरिएको छ । यसमा बारम्बार दुइ–तीन प्रसङ्गमा विवरण दिंदा पुनरुक्ति हो कि भन्ने जस्तो पनि देखिन्छ तैपनि प्रसङ्ग–भेदले स्वरूप भेद हुन जाने हुंदा यसो गर्न बाध्य हुनु परेको छ । कामकला निकै संवेदनशील विषय हो । यसमा निकै विवाद पनि लोकमा देखिने गर्छ । यसमा गोप्यताको निर्वाह गर्नुपर्ने शास्त्रको निर्देश पनि छ । यी सबै कुरालाई ध्यानमा राखी लौकिक कामकलाको संबन्ध देवी कामकलासंग जोडी यसको मूल तात्पर्य मात्र यहाँ प्रस्तुत गरिएको छ । तन्त्रसंग संबद्ध दर्शन–नकुलीश पाशुपत, वीरशैव

(शक्तिविशिष्टाद्वैत), सिद्धान्त शैव, प्रत्यभिज्ञा (स्पन्द), क्रम र कुलदर्शहरूको दिग्दर्शन मात्र यहाँ स्वरूप परिचयका लागि प्रस्तुत गरिएका छन् । अन्तमा संपूर्ण तन्त्र प्रक्रियाको सारभूत तत्त्व–ब्रह्मतत्त्व परिज्ञान र समस्त उपासनाको तात्त्विक स्वरूप ब्रह्मोपासनाको संकेत सुमेरुका रूपमा यहाँ भएको छ । संक्षेपमा ग्रन्थको सीमाबद्धता यही नै हो ।

यस ग्रन्थको उपलब्धि–

शैव तथा शाक्त तन्त्र ग्रन्थमा विश्रृङ्खलित चर्या र ज्ञानखण्डका तथ्यहरूको स्वरूप–परिचय गराउनु नै भएको हुंदा आफैंमा यो ग्रन्थ अपूर्ण छ जस्तो लेखकलाई लागेको छैन । तर यो ग्रन्थ हातमा लिएर तन्त्रसाधना थालिहाल्ने, योगका क्रियाहरू आरम्भ गरिहाल्ने, दर्शनका ग्रन्थिहरू फुकाउन बसिहाल्ने अवसर चाहिं यस ग्रन्थले दिन्छ भन्न सकिंदैन, यो यसको उद्देश्य पनि होइन । हो, यसले संबद्ध विषयमा अनेकौं विशिष्ट परवर्ती जिज्ञासाहरू उठाउनेछ र तिनलाई शान्त गर्न शोधकार्य गर्ने, विशिष्ट अध्ययन गर्ने आकांक्षा जाग्रत गर्नेछ यत्किञ्चित् सहायता पनि गर्नेछ, यो चाहिं अवश्य हो ।

यस ग्रन्थले नेपाली वाङ्मयमा यौटा अपरिचित पन्ना अवश्य थपेको छ र तन्त्रशास्त्रमा लुकेर रहेका महत्त्वपूर्ण विषयवस्तुहरूको सामान्य परिचय दिने प्रयत्न गरेको छ । तन्त्रविधामा नेपाली लोकभाषामा प्रायः ग्रन्थहरू लेखिएका छैनन् । श्री धनशंशेर ज.ब.रा. ले केही प्रयास अवश्य गरेका हुन्, पं. बुद्धिसागर पराजुली, पं. कृष्ण प्रसाद भट्टराई आदि विद्वान्‌हरूले पनि यस विधामा कलम चलाएका हुन् । उनीहरूको गुण बिर्सनु हुंदैन तर पर्याप्तता ज्ञानका क्षेत्रमा कहाँ, कहिले आउन सक्तछ र ! यस लेखकले पनि यसभन्दा पहिले तान्त्रिक लेखहरूको संग्रहका रूपमा 'तन्त्रविद्यालोक' ग्रन्थ र श्री नवमी सिंहद्वारा संग्रहित तन्त्र चिन्तामणिको विस्तृत नेपाली भाषाको भूमिका सहितको संपादित ग्रन्थ नेपाली साहित्यलाई अर्पित गरेको चर्चा भै नै सक्यो । भगवान् श्री पशुपतिकै असीम अनुकम्पाले प्रस्तुत ग्रन्थ, पुनः नेपाली वाङ्मयलाई समर्पण गर्न सकेको छ । लेखकका लागि यो गौरवको विषय हो ।

लेखकको तन्त्र परम्परा लम्बकर्ण भट्ट जस्ता सिद्ध तान्त्रिक महापुरुषको कुल परम्परा भएकाले कुलले अपेक्षा गरेको पनि हुन सक्छ । यस दृष्टिले लेखकले आफ्नो कुलको यौटा ऋण पनि तिरेको छ । तर यस्तो ऋणबाट को उर्ऋण हुन सक्छ र ! आफ्नो सामर्थ्य अनुसार नै सबैले गर्ने त हो नि ! तर प्रयासै नगर्नु, उपेक्षा गर्नु चाहिं कसैले पनि हुँदैन जस्तो लाग्छ ।

जन्मेपछि नमरुञ्जेलसम्मका जति पनि कर्म छन् ती सबै वस्तुतः यौगिक क्रिया हुन् त्यसै रूपमा यिनलाई लिनु पर्दछ भन्ने लाग्दछ । त्यसैले जगत् पनि सत्य नै हो र जगत्को भोग पनि योग नै हो, त्यसरूपमा लिंदा भोग पनि मोक्षको साधन बन्दछ । यो तन्त्रको दृष्टि हो ।

त्यस्तै प्रत्येक पिण्डमा विराजमान आत्मा नै समस्त ब्रह्माण्डमा विराजमान परब्रह्मका स्वरूपभूत देवता हुन् । जगत्का संपूर्ण क्रियाहरू यौगिक क्रिया हुन्– देवताका उपासना हुन् । समस्त विषयवस्तु उपासनाका उपचार हुन् । यो चराचर ब्रह्माण्ड नै परब्रह्मका दिव्य मन्दिर हो । यस दृष्टिले लेखकको यो सानो रचना उनै परब्रह्म परमात्माका उपासना क्रममा उनैलाई अर्पित गरिएको यौटा उपचार मात्र हो भन्ने लेखकलाई लागेको छ ।

तन्त्र साधना र ज्ञान सबन्धी अनेकौं प्रश्न सोधेर विषयगत शोध, खोज, अध्ययन गरी उत्तर दिने अवसर तैयार गरेर यत्रो गंभीर विषयमा ग्रन्थ तैयार गर्न उद्बोधन गरी प्रेरणा र उत्साह प्रदान गर्ने आफ्नै वामाङ्गी धर्मपत्नी श्रीमती अन्पूर्णालाई यो लेखक स्नेह सहितको शुभ आशीर्वाद प्रदान गर्दछ ।

अन्तमा, परब्रह्म परमात्मा श्री पशुपतिनाथ र जगज्जननी महामाया श्री गुह्यकाली जसका इच्छा मात्रले जगत्का सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह (पञ्चकृत्य) संपन्न हुन्छन् जसका अनुकम्पाबाटै शिवज्ञान अन्तर्गर्भित

यत्रो ग्रन्थ तैयार हुनसक्यो उनका चरणमा यो लेखक साष्टाङ्ग दण्डवत् प्रणाम गर्दै प्रस्तुत अक्षमाला प्रभुका चरणमा समर्पित गर्दछ ।

स्वयं श्री पशुपतिनाथको कृपामय प्रसादात्मक शुभ आशीष उहाँकै चरणमा सदा–सर्वदा रहेर प्रभुका पूजामा नित्य अनवरत संलग्न रहने विद्वान् रावल श्री महाबलेश्वर भट्टज्यूका माध्यमबाट यस ग्रन्थलाई प्राप्त भएकोछ, यसकालागि यो लेखक आफूलाई धन्य मानी श्री पशुपतिनाथका वेद, पुराण र तन्त्रका विज्ञ एवं कर्मकाण्डका विशिष्ट अनुभवी प्रधान अर्चक रावल श्री महाबलेश्वर भट्टज्यू समक्ष आभार प्रस्तुत गर्दछ । ग्रन्थलेखनमा सुझाव, सल्लाह, सहयोग, प्रेरणा, उत्साह प्रदान गर्ने मेरा परममित्र प्रा. डा. वेणीमाधव ढकालज्यू र समस्त अन्य मित्रवर्गमा यो लेखक हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवण–नयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत् क्षमस्व
जय जय करुणाब्धे श्री महादेव शम्भो !

ॐ तत् सत् ब्रह्मार्पणमस्तु ।

विनीत
विद्यानाथ उपाध्याय भट्ट



गुरु श्रीशिवबाट शिष्या श्रीउमालाई तन्त्र–विद्याको उपदेश



विद्यानाथ भट्टबाट धर्मपत्नी अन्नपूर्णालाई तन्त्रविद्याको प्रवचन

विषय सूची

अठतीसौं अक्ष–फ

उनन्चालीसौं अक्ष–ब

उपचार–समर्पण विधि

चालीसौं अक्ष–भ

नैमित्तिकी (पर्व) अर्चना

एकचालीसौं अक्ष-म

दुर्गोत्सव

पचासौं अक्ष–क्ष

प्रत्यभिज्ञा दर्शन

सुमेरु

ब्रह्मतत्त्वज्ञान

अक्षमाला

उपक्रम

अज्ञानतिमिरान्धघ्नं श्रीविष्णूरमणं गुरुम् ।
प्रणम्य देवं पशुपं पशुपाशहरं शिवम् ।।१।।
मातरं गुह्यकालीञ्च परां शक्तिं हरप्रियाम् ।
शिवज्ञानं परं पत्त्वं शिववक्त्राब्जसम्भवम् ।।२।।
श्रुतं गिरिजया वासुदेवस्य च सुसम्मतम् ।
स्वपत्न्या अन्नपूर्णायाः प्रश्मानामुत्तरं ददन् ।।३।।
अक्षमालाभिधं तन्त्रं विद्यानाथः प्रकाशते ।

बांधिएको छ यो जीव कर्मबन्धनले दृढ ।
यज्ञको पशु भैं बद्ध अज्ञानपाशले सदा ।।१।।
भक्ति ईश्वरको मात्र यसबाट छुटाउने ।
उपाय सजिलो राम्रो तन्त्रले नै बताउंछ ।।२।।
तन्त्रको ज्ञान पहिले रहेर गुरुभावमा ।
शिवले नै उमालाई सिकाई प्राप्त भो यहाँ ।।३।।
साधना यसको गर्दै उपासकहरू सबै ।
भोग–मोक्ष दुबै पाई शिव–सायुज्यमा पुगे ।।४।।
त्यही नै ज्ञानको अंश शिवकै करुणा भई ।
प्रेरणा मनमा आई प्रकाश गर्न खोज्दछु ।।५।।
ज्ञान हो शिवकै नै यो शिवबाटै प्रकाशित ।
इच्छाले उनकै लेखी यहाँ केही बताउंछु ।।६।।
जान्दिन कर्मको तत्त्व, विधि, आचार जान्दिन ।
शिवले नै भित्रबाट जो भन्छन्, लेख्न थाल्दछु ।।७।।

तन्त्रका ज्ञानको सिन्धु म कहाँ तर्न सक्तछु ।
शिवकै करुणा पाई हात पाउ चलाउंछु ।।८।।
जानी नजानी जे गर्छु तिम्रै पूजन गर्दछु ।
अपराध भए शम्भो, तिम्रै शरण पर्दछु ।९।।

विद्यानाथ अन्नपूर्णा पतिपत्नी दुबै बसी ।
कुराकानी गर्नथाले अध्यात्मधर्म–मार्गमा ।।१०।।

अन्नपूर्णा भन्छिन्–

अहो ! कस्तो भाग्य मेरो पाएं यस्तो महान् कुल ।
म माथि यो कृपा ठूलो परमेश्वरको भयो ।।११।।
विप्रका कुलमा जन्में पिता पण्डित नै थिए
राम्रो संस्कार पाएर बाल्यकाल बितेपछि ।।१२।।
विवाहको समय भो यहाँ संबन्ध जोडियो ।
पवित्र कुलमा आएं यशस्वी वंश पाइयो ।।१३।।
घर–सम्पत्ति राम्रै छ पुर्खाको कीर्ति उच्च छ ।
जुटेछ यस्तो संयोग पुण्यले पूर्वजन्मको ।।१४।।

विद्यानाथ भन्छन्–

हो तिमीले ठीक भन्यौ संयोग जुट्छ भाग्यले ।
भाग्य बन्छ कर्मले नै फल भोगिन्छ कर्मको ।।१५।।
श्रीकृष्णले पार्थलाई महाभारत युद्धमा ।
व्याख्या गर्नु भएको छ कर्माऽकर्मविकर्मको ।।१६।।
तीन छन् कर्मका भेद वर्तमान र संचित ।
प्रारब्ध तिनमा तेश्रो भनिन्छ भाग्य लोकमा ।।१७।।
सुखी पवित्र कुलमा जन्मनु फल पुण्यको ।
लिएर राम्रो संस्कार पुण्य कर्म गरेर नै ।।१८।।

बिताउनु जीवन यो उति उत्तम कार्य हो ।
यही हो शास्त्रको मर्म यही कर्तव्य उत्तम ।।१९।।

अन्नपूर्णा भन्छिन्–

कर्मका तीन भेद कर्माऽकर्मविकर्म हुन् ।
भन्नुभो, तिनको व्याख्या अलि विस्तार गर्नुहोस् ।।२०।।
कर्म के हो ? के गर्ने मान्छेले जन्मिए पछि ? ।
के हो अकर्म ? कसरी त्यस्लाई छोड्नु पर्दछ ? ।।२१।।
विकर्मको मर्म पनि प्रकाश गर्नुहोस् अब ।
मन भो जान्न यसको रहस्य शास्त्रमा छ के ? ।।२२।।

विद्यानाथ भन्छन्–

चराचर जगत् यो ता कर्मले नै त घुम्दछ ।
कर्म ता नियतै नै छ यो ता प्रकृतिसिद्ध छ ।।२३।।
तर यो कर्म नै छैन विद्वान्का दृष्टिमा भने ।
यज्ञका निम्ति जो कर्म गरिन्छ कर्म हो त्यही ।।२४।।
नियन्ता विश्वका ईश उनैले यो चलाउंछन् ।
उनकै लागि सबले जगत्मा कर्म गर्दछन् ।।२५।।
ईशकै निम्ति गरिने कर्म बन्दछ यज्ञ नै ।
यही हो असली कर्म सबै अरु अकर्म हुन् ।।२६।।
प्राणीका निम्ति तय छन् कर्तव्य कर्म शास्त्रमा ।
तिन्का विरुद्ध जो कर्म छन् सबै ती विकर्म हुन् ।।२७।।
धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थ हुन् ।
यिनैकै लागि गरिने सबै नै कर्म यज्ञ हुन् ।।२८।।
नगरी यिनको वास्ता स्वार्थकै वशमा परी ।
गरिन्छ कर्म जो, त्यो हो विकर्म, त्यो त हेय हो ।।२९।।

अन्नपूर्णा भन्छिन्–

बुझ्नें रहस्य यसको कर्माकर्मविकर्मको ।
विवेक कसरी गर्ने कुन कर्म, विकर्म हो ? ।।३०।।
कर्म ता मिसिएका छन् तिलचामल झैं यहाँ ।
कुन ग्राह्य कुन त्याज्य, के हो छुट्ट्याउने विधि ? ।।३१।।
आकर्षक सबै लाग्छन्, देखिन्छन् प्रिय नै सबै ।
कस्तो हो भुमरी यो ता भन्नुहोस् के रहस्य हो ? ।।३२।।

विद्यानाथ भन्छन्–

हो, तिमीले ठीक भन्यौ उस्तै नै सब कर्म छन् ।
सबै नै प्रियलाग्दा छन् हितकारक लाग्दछन् ।।३३।।
के सांच्चिकै कर्म हुन् ती अथवा ती विकर्म हुन् ? ।
विवेक नगरी कर्म गर्दा उल्टो हुने फल ।।३४।।
के गर्नु पर्छ, के हुन्न, राम्ररी जान यो कुरा ।
शास्त्रलाई हेर्नुपर्छ यही नै त प्रमाण हो ।।३५।।
जो बुझ्छ शास्त्रको मर्म त्यसले नै बताउंछ ।
सद्गुरु शास्त्रको ज्ञाता मार्ग दर्शन गर्दछन् ।।३६।।
पुर्खाले के गरे कर्म, महान् ती कसरी बने ।
आफ्नो परम्परा के हो राम्ररी बुझ्नु पर्दछ ।।३७।।
भेद गर्ने कसी यी हुन् गुरु, शास्त्र, परम्परा ।
देखाउंछन् मार्ग यिनै, यिनै आलोक छर्दछन् ।।३८।।
देखिंदा मात्र राम्रो हो, अथवा हित गर्दछ ।
नहेरी कर्म गर्दा ता पाइन्छ दुःख मात्र नै ।।३९।।

अन्नपूर्णा भन्छिन्–

हाम्रा पुर्खाहरू कस्ता थिए, कस्तो परम्परा ।
थियो हाम्रो, गरे कस्ता कर्म तिन्ले अतीतमा ? ।।४०।।
सुनेको त थिएं पैंल्है बुझ्न चाहन्छु यो पुनः ।
कसरी यो कुल बन्यो यशस्वी र प्रतिष्ठित ? ।।४१।।

विद्यानाथ भन्छन्–

भट्ट नारायण थिए हाम्रा ती कुलपूरुष ।
प्रसिद्ध तान्त्रिक थिए साधना उनले गरे ।।४२।।
उन्को ठूलो नाम थियो काशीमा बस्तथे उनी ।
थियो प्रतिष्ठा सम्मान देवीका भक्त ती थिए ।।४३।।
सपनामा एकपल्ट दिएर दिव्य दर्शन ।
देवीले नै दिइन् आज्ञा पुग्न नेपाल देशमा ।।४४।।
नेपाल हो सिद्ध पीठ देवीको छ कृपा त्यहाँ ।
उपासना त्यहाँ गर्दा सिद्धिमा हुन्छ शीघ्रता ।।४५।।
आज्ञानुसार देवीका ठूलो कष्ट सहेर नै ।
भरोसा उनकै गर्दै आए नेपाल भट्टजी ।।४६।।
शिवसिंह मल्ल राजा त्यसबेला थिए यहाँ ।
तन्त्रको साधना गर्थे देवीका भक्त ती थिए ।।४७।।
भट्टजीको सिद्धिगाथा राजाका कानमा पर्‍यो ।
उन्को सम्पर्क भो राम्रो प्रभावित उनी भए ।।४८।।
घनिष्ठता बढ्यो फेरी राजाका प्रिय ती बने ।
पाई प्रतिष्ठा सम्मान गुरुका पदमा पुगे ।।४९।।
लिएर तन्त्रको दीक्षा साधना नृपले गरे ।
देवताको प्रतिष्ठा र पूजाका क्रम थालिए ।।५०।।

भयो कृपा देवताको बढ्यो आदर तन्त्रमा ।
समाजमा हुनलाग्यो तन्त्रको नै समादर ।।५१।।
उनकै राय सल्लाह लिएर नृपले पुनः ।
ठूलो राम्रा कीर्ति राखे गुरु सत्कार झन् बढ्यो ।।५२।।
तन्त्र मात्र हैन अन्य राजनीतिक क्षेत्रमा ।
भट्टजीकै रायबाट धेरै कार्य भए अरु ।।५३।।
अभिलेखहरू धेरै त्यस्तै बंशावलिहरू ।
भट्टका यशगाथाका जल्दा बल्दा प्रमाण छन् ।।५४।।

अन्नपूर्णा भन्छिन्–

लम्बकर्ण भट्ट थिए हाम्रा ता कुलपूरूष ।
भन्ने मैले सुनेको हूँ भन्नुहोस् उनका कुरा ।।५५।।
कस्ता कर्म गरे उन्ले कसरी कीर्ति फैलियो ।
कसरी ती भए विद्वान् प्रसिद्ध इतिहासका ।।५६।।

विद्यानाथ भन्छन्–

नारायण भट्टका नै नाती हुन् लम्बकर्ण ता ।
लक्ष्मीनारायण थियो नाम उन्को, पछि उनै ।।५७।।
लामो कान हुनाले नै भनिए लम्बकर्ण ता ।
आफ्ना बाजे सरी लक्ष्मीनारायण पनी थिए ।।५८।।
ठूला, तान्त्रिक विद्यामा उनी निपुण सिद्ध छन् ।
भन्ने जानेर सबले उनको आदर गर्दथे ।।५१।।
प्रताप मल्ल नृपति नाती हुन् शिवसिंहका ।
उनी ठूला थिए विद्वान् भाषा साहित्यशास्त्रका ।।६०।।
कवि थिए संस्कृतका, धेरै भाषाहरू पनि ।
जान्दथे, लेख्तथे आफैं कविताहरू रच्तथे ।।६१।।

अभिलेखहरू धेरै उनका यत्रतत्र छन् ।
ज्यादै प्रसिद्ध राजा हुन् 'प्रताप' मल्ल वंशका ।।६२।।
लम्बकर्ण भट्टलाई गुरु थापे 'प्रताप' ले ।
दीक्षा गुरु बने भट्ट गराए तन्त्र–साधना ।।६३।।
लिई परामर्श उनकै साधना तन्त्रको गरी ।
देवता र मन्दिरका प्रतिष्ठा उनले गरे ।।६४।।
धेरै नै किंवदन्ती छन् भट्ट ती लम्बकर्णका ।
प्रसिद्ध वर्णनहरू पाइन्छन् अभिलेखमा ।।६५।।
उनी पछि पनि धेरै भट्टका वंशका भए ।
तन्त्र साधक र ज्ञाता इतिहास प्रसिद्ध छ ।।६६।।
उनले नै बसालेका रीति–थिति परम्परा ।
आजसम्म चलेकै छन्, कृपा छ इष्टदेवको ।।६७।।

अन्नपूर्णा भन्छिन्–

अहो कति धन्य हामी, हाम्रा यो कुल उच्च छ ।
देवीको प्राप्त छ दीक्षा, उन्कै पूजन गर्दछौं ।।६८।।
मान्छेको जुनि पाएर कुल धन्य हुने कुरा ।
पुर्खाले जो गरेका हुन् देवीकै नै कृपा थियो ।।६९।।
त्यस्पछि को भए फेरि, कसले साधना गरे ।
मन्त्र दीक्षा क्रम चल्यो, चलिआयो परम्परा ? ।।७०।।

विद्यानाथ भन्छन्–

लम्बकर्ण भट्टको नै शुभ वंशपरम्परा ।
आजसम्म त चल्दैछ, यो हो ईश्वरकै कृपा ।।७१।।
वागेश्वर भट्ट भए यिनकै कुलमा पछि ।
पूजा आजा सबै चल्थे हुन्थ्यो उन्कै निरीक्षण ।।७२।।

राजसी तन्त्रका पूजा उनकै रेखदेखमा ।
हुने गर्थे, तर पछि छुट्यो यस्तो परम्परा ।।७३।।
उन्का छोरा बाबुराम थिए विद्वान् उनै पनि ।
उनी पछि पुत्र उन्का विष्णूरमण भट्टजी ।।७४।।
थिए उनी तन्त्रज्ञाता साधना उनले गरे ।
फल्यो फुल्यो भट्टवंश सुख समृद्धि बढ्नगो ।।७५।।
उन्का छोरा वासुदेव भट्ट मेरै पिता थिए ।
चल्दै गयो साधना ता कुलका रीतिले त्यही ।।७६।।
उन्कै छोरा म छु आज भयो प्रारब्धले रुचि ।
तन्त्रकै नै साधनामा तन्त्रकै ज्ञान गर्नमा ।।७७।।
पाएं मैले तिमी पत्नी मलाई प्रेरणा भयो ।
दीक्षा पायौं दुबैले नै गर्छौं तान्त्रिक अर्चना ।।७८।।
रहेछ पुण्य नै हाम्रो कुल हाम्रो पवित्र छ ।
सेवा गर्ने मिल्यो मौका परमेश्वरको सधैं ।।७९।।
कहिल्यै नछुटोस् भक्ति प्रभुकै पाउमै रहौं ।
उनकै पाउको भक्ति अन्त्यसम्म पनि रहोस् ।।८०।।
पुस्तक यो अक्षमाला गलामा प्रभुको रहोस् ।
चढाउंछु प्रभुलाई कल्याण सबको हवोस् ।।८१।।

विद्यानाथ र अन्नपूर्णाका सम्बादद्वारा तन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको उपक्रम भाग सकियो ।

पहिलो अक्ष-अ
तन्त्र-परिचय

तन्त्रको परिभाषा

अन्नपूर्णा भन्छिन्-

हाम्रा पुर्खाहरू थिए तन्त्र साधक उत्तम ।
भन्नुभो, यो तन्त्र के हो, के हो यस्को विशेषता ।।१।।
मनमा खुल्दुली जाग्यो सुन्न चाहन्छु यो कुरा ।
आफ्नो परम्परा बुझ्ने उत्कण्ठा मनमा भयो ।।२।।

विद्यानाथ भन्छन्-

तिम्रो छ तन्त्रको दीक्षा पूजा गर्छयौ सधैं तिमी ।
श्रद्धा छ यसमा तिम्रो इष्टको नै कृपा छ यो ।।३।।
रहस्य तन्त्रको बुझ्न इच्छा तिम्रो छ यो सुनी ।
प्रसन्न छु म ता अन्नो, प्रश्न तिम्रो छ उत्तम ।।४।।
तन्त्र ता शास्त्र हो यस्मा धेरै विषय वस्तुको ।
विस्तार गरिएको छ, जस्ले अभ्यास गर्दछ ।।५।।
रक्षा यस्ले गर्छ उस्को यसैले तन्त्र नाम छ ।
साधनाको शास्त्र हो यो साधना नै सिकाउंछ ।।६।।

तन्त्र र आगमको अभेद

अन्नपूर्णा भन्छिन्-

तन्त्र आगम दुइटा नाम सुन्छु बराबर ।
के दुबैमा भेद छैन, अथवा भिन्न शास्त्र हुन् ? ।।७।।

विद्यानाथ भन्छन्–

शिवले नै सिकाएर उमाले जो सिकिन् त्यही ।
शास्त्र आगम हो अन्नो, विष्णुको पनि संमत ॥८॥
तन्त्र आगम हो यौटै, दुबै नै शिवशास्त्र हुन् ।
नामको भेद मात्रै हो, साधना शास्त्र हुन् दुबै ॥९॥

तन्त्र–आगमको लक्षण र विषय

अन्नपूर्णा भन्छिन्–

तन्त्र र आगम दुबै यौटै हुन् भन्नुभो यहाँ ।
के हो लक्षण यिनको के के विषय छन् यहाँ ॥१०॥

विद्यानाथ भन्छन्–

तन्त्र र आगम दुबै साधना शास्त्र हुन्, भनें ।
साधनाकै विषयहरू पाइन्छन् यस शास्त्रमा ॥११॥
सृष्टि र प्रलय दुबै, देवताको उपासना ।
द्यौताको साधना गर्ने नियमादि सबै कुरा ॥१२॥
विधि पुरश्चरणको, षट्कर्मसाधना अनि ।
चार प्रकारका योग व्याख्यान सातको जहाँ ॥१३॥
त्यही शास्त्र आगम हो, त्यस्को लक्षण हो यही ।
अभ्युदय र निःश्रेयस दुबैको छ निरूपण ॥१४॥
आगम शास्त्रमा त्यस्तै परमाद्वैत तत्त्वको ।
व्याख्यान छ, प्रतिष्ठा छ, लोकका व्यवहारको ॥१५॥
तन्त्रको लक्षण पनि त्यस्तै नै छ सबैकुरा ।
मिल्दा जुल्दा सबै नै छन् फरक् छैन कुनै कुरा ॥१६॥
जन्मदेखि मृत्युसम्म गर्नु पर्ने सबै कुरा ।
धर्म, अर्थ काम, मोक्ष कुरा जो पुरुषार्थका ॥१७॥

व्यवस्था शास्त्रले गर्ने कर्तव्य र अकर्तव्यको ।
तन्त्र वा आगम भनौं पाइन्छ यस शास्त्रमा ॥१८॥

तन्त्रको प्रयोजन

अन्नपूर्णा भन्छिन्–

तन्त्रका विषय बुझ्के के हो यस्को प्रयोजन ।
यस्को विशेषता के हो अलि विस्तार गर्नुहोस् ॥१९॥

विद्यानाथ भन्छन्–

तन्त्र ता शास्त्र हो यस्को प्रयोजन सिकाउनु ।
जे जे विषय छन् यस्मा सबै जान्ने बनाउनु ॥२०॥
यो हो सामान्य उद्देश्य यस्को, अर्को विशिष्ट छ ।
तन्त्र हो प्राप्तिको मार्ग धर्मादि पुरुषार्थको ॥२१॥
ब्रह्म नै हो मुख्य तत्त्व सारा विश्व प्रपञ्च हो ।
ब्रह्म सूर्य जगत् रश्मि ब्रह्मैबाट प्रकाशित ॥२२॥
यो निस्कन्छ ब्रह्मबाटै, ब्रह्मबाटै प्रसारित ।
विलीन ब्रह्ममै हुन्छ ब्रह्म नै परतत्त्व हो ॥२३॥
ब्रह्म सत् हो, ब्रह्म चित् हो, परमानन्द ब्रह्म हो ।
विश्व संपूर्ण ब्रह्मै हो परमाद्वैत सत्य हो ॥२४॥
यही नै हो मुख्य ज्ञान यही नै पुरुषार्थ हो ।
यही हो शास्त्रको सार तन्त्रको मुख्य लक्ष्य हो ॥२५॥
यो लक्ष्य प्राप्त गर्न साधना वा उपासना ।
अनिवार्य, नभै हुन्न तन्त्रैले यो सिकाउंछ ॥२६॥
प्रवृत्ति र निवृत्ति यी शास्त्रका हुन् प्रयोजन ।
शास्त्र नै हो तन्त्र पनि यही यस्को प्रयोजन ॥२७॥
अभ्युदय निःश्रेयस दुबै हुन् धर्म कारण ।
यस्बाटै ती दुबै हुन्छन् यसैले धर्मशास्त्र हो ॥२८॥

कुनै ता शास्त्र छन् यस्ता भोग मात्र सिकाउंछन् ।
कुनै ता शास्त्र छन् यस्ता मोक्ष मात्र बताउंछन् ।।२९।।
तन्त्र ता शास्त्र यस्तो छ योगमार्ग बताउंछ ।
दुबै नै भोग र मोक्ष योगले नै दिलाउंछ ।।३०।।

तन्त्रको अधिकारी

अन्नपूर्णा भन्छिन्–

उद्देश्य तन्त्रको के हो, के हो यस्को प्रयोजन ।
यो ता बुझें सबै मैले जान्ने इच्छा भयो अरु ।।३१।।
तन्त्रको अधिकारी को, कस्ताले बुझ्न सक्तछ ? ।
कस्ताले साधना गर्ने, कस्तो सफल बन्दछ ? ।।३२।।

विद्यानाथ भन्छन्–

तन्त्रको उद्देश्य बुझ्यौ, बुझ्यौ यस्को प्रयोजन ।
तन्त्रको अधिकारी जो हो त्यो म भन्दछु सुन ।।३३।।
जस्को छ मनमा श्रद्धा गुरु, द्यौता र शास्त्रमा ।
पवित्र मनको जो छ चित्तले योगयुक्त छ ।।३४।।
अर्काको दोष देख्तैन, जिज्ञासु छ र स्वस्थ छ ।
साधना गर्न चाहन्छ धर्ममा बस्न सक्तछ ।।३५।।
गुरु र देवता आत्मा यौटै मान्दछ जो त्यही ।
तन्त्रको अधिकारी हो साधना गर्न सक्तछ ।।३६।।
गुरु नै देवता मानी उनको वाक्य सुन्दछ ।
त्यस्मै विश्वास राखेर यथावत् कर्म गर्दछ ।।३७।।
मनमा लोभ राख्तैन कुतर्क नगरी कुनै ।
गुरुका वाक्यको मर्म बुझेर कर्म गर्दछ ।।३८।।
स्थिर छ, जो धैर्य गर्छ, डरबाट विमुक्त छ ।
अधिकारी त्यही हुन्छ त्यही सफल बन्दछ ।।३९।।

'मेरा उपास्य जो देव उनै हुन् परदेवता ।
उनै नै हुन् परब्रह्म चराचर जगत् उनै ॥४०॥
ब्रह्माका रूपमा उन्ले जगत्को सृष्टि गर्दछन् ।
विष्णुका रूपमा उन्ले जगत्–पालन गर्दछन् ॥४१॥
शिवका रूपमा उन्ले जगत् संहार गर्दछन् ।
उन्मै विलीन यो हुन्छ महाप्रलयका क्षण ॥४२॥
अनुग्रह भई उन्कै फेरि यो सृष्टि बन्दछ ।
पञ्च कृत्य उनै गर्छन् उनै हुन् विश्वविग्रह' ॥४३॥
यही नै भावना राख्तै उनैमा स्थिर चित्त भै ।
जसले साधना गर्छ त्यही सफल बन्दछ ॥४४॥
जो गई यसको उल्टो मनमा द्वेष राख्तछ ।
अर्काको कुभलो सोच्तै त्यस्तै नै फल खोज्दछ ॥४५॥
गुरु मानिस मात्रै हुन् मन्त्र अक्षर मात्र हो ।
भावना मनमा यस्तो राखी गर्छ उपासना ॥४६॥
'जगत्को सुख र शान्ति मैलाई प्राप्त हुन् सबै ।
मलाई द्वेष गर्ने जो मेरा शत्रु सबै मरून् ॥४७॥
म कर्ता हुं र भोक्ता हुं मेरै भोग्य सबै जगत्' ।
अपवित्र भई यस्तो राखी कुत्सित भावना ॥४८॥
आडम्बरी भई जस्ले साधना गर्न खोज्दछ ।
हुँदैहुन्न सफल त्यो रुष्ट हुन्छन् ती देवता ॥४९॥
सुख शान्ति सबै जान्छन् दुःख दारिद्र्य आउंछन् ।
देवताको शाप हो यो उसैले भोग्नुपर्दछ ॥५०॥
देवता ता विश्वका हुन् उन्कै सन्तान हुन् सबै ।
भलो भए सबैकै नै खुसी हुन्छन् सधैं उनी ॥५१॥

तन्त्रको माहात्म्य र फल

अन्नपूर्णा भन्छिन्–

माहात्म्य तन्त्रको के हो यस्को के छ विशेषता ? ।
तन्त्रको साधना गर्दा फल के हुन्छ ? भन्नुहोस् ॥५२॥

विद्यानाथ भन्छन्–

वेदको सत्ययुगमा त्रेतामा स्मृति शास्त्रको ।
पुराणको द्वापरमा कलिमा तन्त्र–शास्त्रको ॥५३॥
महत्त्व अति ठूलो छ यस्‌बाटै सिद्धि मिल्दछ ।
तन्त्र, मन्त्र, यन्त्र विना भुक्ति मुक्ति छ दुर्लभ ॥५४॥
घरमा जसले तन्त्र राखी अभ्यास गर्दछ ।
लक्ष्मी स्थिर त्यहाँ हुन्छिन् प्रसिद्धि हात पर्दछ ॥५५॥
तन्त्रले र आगमले बताएका कुराहरू ।
कल्याणकै निम्ति हुन्छन् निन्दा गर्नु निषिद्ध छ ॥५६॥
यस्मा शङ्का गर्नु हुन्न विश्वास लिनुपर्दछ ।
जस्ले यस्को गर्छ श्रद्धा भलो त्यस्को छ निश्चित ॥५७॥
विश्वासमा जगत् चल्छ यसमै व्यवहार छ ।
धर्ममा त सबैले नै विश्वास राख्नुपर्दछ ॥५८॥
शिवले नै स्वयं आफ्ना मुखबाट प्रकाशित ।
गरेका हुन् तन्त्रलाई यही ठूलो प्रमाण हो ॥५९॥
तीर्थले, मन्त्र जपले दान पूजादि कर्मले ।
के हुन्छ ! तन्त्रले हुन्छ तन्त्र ज्यादै छ उत्तम ॥६०॥
सत्य त्रेता द्वापरमा श्रुतिस्मृति विधानले ।
अर्चना हुन्छ कलिमा आगमोक्तविधानले ॥६१॥
जति छन् तन्त्रका मन्त्र फल दिन्छन् तुरुन्त ती ।
कलिमा ती सबै भन्दा सधैं जाग्रत बन्दछन् ॥६२॥

श्रुति स्मृति पुराणादि भोगका हुन् ती साधन ।
भोग–मोक्ष दुबै दिन्छन् तन्त्रका मन्त्रसाधन ।।६३।।
तन्त्रवक्ता गुरु साक्षात् शिव नै मान्नुपर्दछ ।
भव सागरका डुङ्गा तिन्लाई ठान्नुपर्दछ ।।६४।।
तन्त्रका गुरुको निन्दा जस्ले गर्दछ त्यो पशु ।
ठूलो नरकमा पर्छ यो ठूलो दोष हो बुझ ।।६५।।
पवित्र निर्मल भई निश्चयात्मक बुद्धिले ।
भक्तियुक्त भई नित्य चिताई हित विश्वको ।।६६।।
गुरु, यन्त्र, देवलाई यौटै मानेर चित्तमा ।
शब्द नै ब्रह्म मानेर विश्वास मनमा लिई ।।६७।।
जस्ले उपासना गर्छ तन्त्रका विधिले सधैं ।
भोग–मोक्ष दुवै उस्का हातमा नाच्न थाल्दछन् ।।६८।।
कलिमा सिद्धि नै छैन विना तन्त्रोक्त मार्गले ।
यसमै निर्भर भई साधना गर्नु श्रेष्ठ छ ।।६९।।
जसको तन्त्रमा निष्ठा छ र विश्वास गर्दछ ।
अभ्यास त्यसकै गर्छ मानी सर्वस्व नै त्यही ।।७०।।
बुझेर तन्त्रको मर्म जसले गर्छ साधना ।
द्यौताहरू सबै घुम्छन् त्यसकै नै अघि पछि ।।७१।।
राखेका हातमा वस्तु जस्तै सुलभ बन्दछन् ।
मुक्ति मुक्ति दुबै त्यस्तै सधैं सुलभ बन्दछन् ।।७२।।

तन्त्रको अवतरण

अन्नपूर्णा भन्छिन्–

यस्तो महत्त्वको शास्त्र रहेछ तन्त्र उत्तम ।
बुझें माहात्म्य यसको मेरो श्रद्धा बढ्यो अति ।।७३।।

रहेछ ज्ञान यो कस्तो जिज्ञासा बढ्न थाल्दछ ।
जानूं जानूं लाग्न थाल्छ सन्तोष लिन सक्तिन ।।७४।।
शिवका नै मुखबाट तन्त्र भो यो प्रकाशित ।
भन्नुभो, कसरी यस्को विश्वमा अवतार भो ? ।।७५।।
जगत्पिता जगन्मान्ता शिव र पार्वती स्वयम् ।
गुरु र शिष्य कसरी बन्नुभो भन्नु होस् न त ? ।।७६।।

विद्यानाथ भन्छन्–

जिज्ञासा धन्य हो तिम्रो कृपा ईश्वरको भयो ।
गरेकी रहिछ्यौ पुण्य धेरै नै पूर्वजन्ममा ।।७७।।
पुण्यले नै प्रश्न उठ्छन् जिज्ञासा बढ्न थाल्दछ ।
धर्मका मार्गमा चित्त अति नै लाग्न थाल्दछ ।।७८।।
पुण्यकै फल नै हो यो जिज्ञासा ब्रह्मको भयो ।
पवित्र मन बुद्धिले एकचित्त भई सुन ।।७९।।
शिव ता हुन् परब्रह्म पर भन्दा पनि पर ।
निर्गुण र निर्विशेष स्वप्रकाश, निराश्रय ।।८०।।
उन्को नाम रूप छैन न परिच्छिन्न छन् उनी ।
उन्मा कुनै भेद छैन ती छन् सर्वत्र व्यापक ।।८१।।
सुप्रकाश महाज्योति उन्को मुख्य स्वरूप हो ।
सत् चित् आनन्द हुन् ब्रह्म उनै ज्ञानस्वरूप हुन् ।।८२।।

शिवका निर्गुण र सगुण रूप

अन्नपूर्णा भन्छिन्–

शिव ता हुन् पर ब्रह्म सत् चित् आनन्दरूप हुन् ।
नाम रूप छदैछैन उनी निर्गुणरूप हुन् ।।८३।।
भन्नु भो, यो बुझ्कें मैले आश्चर्य मनमा भयो ।
शिवका रूप धेरै छन् चरित्र अनगिन्ति छन् ।।८४।।

निर्गुण रूप यो उन्को सगुण कसरी भयो ? ।
निर्गुण तत्त्वबाटै नै यो शास्त्र कसरी बन्यो ? ।।८५।।

विद्यानाथ भन्छन्–

शिव ता हुन् परब्रह्म अनादि अज अव्यय ।
उन्को स्वातन्त्र्य जो शक्ति पाइन्न अरुमा कुनै ।।८६।।
शक्तिमान् शिव हुन्, शक्ति शिवदेखि अभिन्न छिन् ।
शक्तिमान्–शक्तिको भेद हुँदैहुन्न ती एक हुन् ।।८७।।
स्वातन्त्र्य शक्तिले गर्दा शिव सर्वसमर्थ छन् ।
हुनैपर्दैन उनले पराधीन कतै पनि ।।८८।।
चितिशक्ति शिवैमा छ उनबाट अभिन्न छ ।
शक्तिले नै विश्व चल्छ, जड चेतन बन्दछ ।।८९।।
शिव स्वयं शक्तिले नै विश्व चालक बन्दछन ।
नभए शक्ति शिव ता शवको तुल्य बन्दछन् ।।९०।।
शिवाभिन्न शक्ति यौटै अद्वितीय समर्थ छ ।
कार्यका भेदले शक्ति तैपनि त अनेक छ ।।९१।।
इच्छा ज्ञान क्रिया शक्ति शक्तिका भेद मुख्य हुन् ।
सृष्टि, पालन, संहार यिनैले गर्दछन् तिनी ।।९२।।
ब्राह्मी लक्ष्मी र काली हुन् इच्छा ज्ञान क्रिया यिनी ।
सृष्टि पालन संहार यिनका मूल कारण ।।९३।।
एक्लै छु म बनूं धेरै भन्ने इच्छा उठेपछि ।
स्फुरत्ता शिवको हुन्छ यही नै शक्ति बन्दछ ।।९४।।
शिवता हुन् मूल ज्योति उन्को रूप प्रकाश हो ।
विश्व प्रपञ्चका हेतु शक्ति उन्कै विमर्श हो ।।९५।।
नाम रूप छदैछैन शिव ता ज्ञान मात्र हुन् ।
विश्वकल्याणका लागि स्वेच्छाले रूप धर्दछन् ।।९६।।

उन्को शरीर जो देख्छौं त्यो ता शाक्त शरीर हो ।
अनेकौं कार्यले गर्दा शक्तिको छ अनेकता ।।९७।।
अनेक शक्तिले गर्दा शिवरूप अनेक छन् ।
देखिने रूप उनको यो पनि ता प्रपञ्च हो ।।९८।।
रूपका भेदले नाम भिन्न भिन्न लिएर नै ।
शक्तिले युक्त शिवले विभिन्न कार्य गर्दछन् ।।९९।।
शिव ता हुन् स्वयं ज्योति प्रभामण्डल विश्व हो ।
शिव ता हुन् स्वप्रकाश हुन्छ विश्व प्रकाशित ।।१००।।
शिवले सिर्जना गर्छन्, उनै पालन गर्दछन् ।
उनै संहार गर्ने हुन् लयका क्षणमा पनि ।।१०१।।
विलीन हुन्छ यो विश्व शिवमै अनि त्यस्पछि ।
अनुग्रह भई फेरि उन्कै यो विश्व बन्दछ ।।१०२।।
यही पांच कृत्य गर्न शिवले देह धर्दछन् ।
भएर निर्गुण स्वयं आफैं सगुण बन्दछन् ।।१०३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्धारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा तन्त्रपरिचय नामक पहिलो अक्ष–अ सकियो ।

दोस्रो अक्ष-आ

तन्त्रको अवतरण र भेद

अन्नपूर्णा भन्छिन्–

शिवका छन् दुइ रूप सगुण अनि निर्गुण ।
हो निर्गुण तत्त्वरूप, सगुण विश्वकारण ॥१॥
सृष्टि आदि पाँच कृत्य शिवै सम्पन्न गर्दछन् ।
शिवाभिन्न शक्ति उन्की हुन्छिन् ती सहकारिणी ॥२॥
यो सबै ता बुझें मैले, कसरी तन्त्र आगम ।
शिवबाटै स्वयं निस्के प्रतिष्ठित भए यहाँ ? ॥३॥

विद्यानाथ भन्छन्–

आगम वा तन्त्रहरू शिवका मुखबाट नै ।
प्रकाशित भएका हुन् यसैले शिवशास्त्र हुन् ॥४॥
शिव स्वयं गुरु भई भएर शिष्य पार्वती ।
प्रश्नोत्तर हुँदै आए तन्त्र, आगम लोकमा ॥५॥
शिव ता हुन् ज्ञानरूप उन्मै ज्ञान सबै थियो ।
नछुट्टिई शब्द अर्थ रहेका उनमै थिए ॥६॥
वाक् पार्वती अर्थ शिव अभिन्न ती दुबै थिए ।
त्यही स्थिति **परावाक्** हो अन्तर्गर्भित त्यो थियो ॥७॥
शिव हुन् करुणासिन्धु उन्ले देखे सबैतिर ।
अज्ञानले बांधिएका जीवलाई पशुसरी ॥८॥
यिन्को पाशो छुटाएर मुक्त जीव गराउने ।
इच्छा भएर शिवको स्फुरत्ता उनमा भयो ॥९॥

पश्यन्ती यो अवस्था हो वाक् र अर्थ दुबै त्यहाँ ।
थिएनन् छुट्टिएका ती उन्मेष मात्र नै थियो ।।१०।।
शिवकी चिन्मयी शक्ति शिवदेखि अभिन्न जो ।
तिनलाई अलग्याई शिवशक्ति दुई भए ।।११।।
अलग्गिए वाक् र अर्थ ती भए कार्य कारण ।
मध्यमा यो अवस्था हो भएन स्फुट तै पनि ।।१२।।
ज्ञानात्मा निर्गुण शिव अद्वितीय भए पनि ।
स्वेच्छाले पाँच भए पञ्चमूर्ति स्वयं बने ।।१३।।
आफ्नै शक्ति चितिशक्ति स्वयं जो शब्दरूपिणी ।
पाँचै रूप दिए उन्ले अद्वितीय भए पनि ।।१४।।
शिवका जो पाँच मन्त्र पञ्च मान्त्रिक देह भो ।
पञ्चवक्त्र त्यहीं निस्के उन्कै लिङ्गशरीरमा ।।१५।।
उनको त्यो दिव्य देह पाञ्चभौतिक होइन ।
शक्तिले युक्त हो देह त्यसैले शाक्त देह हो ।।१६।।
यी पञ्च वक्त्र शिवका पाँचै नै दिव्य नाम छन् ।
यिनै हुन् तन्त्रका वक्ता यिनै नै गुरुमूर्त्ति हुन् ।।१७।।
सद्योजात, वामदेव, तत्पूरुष, अघोर र ।
ईशान यी पाँच नाम तन्त्रका गुरुरूप हुन् ।।१८।।
कुब्जेश्वरी र सिध्देशी, पूर्णेशी र निशेश्वरी ।
कामेश्वरी यिनै पाँच शक्तिका पनि मूर्त्ति हुन् ।।१९।।
पाँचै शिव पाँच शक्ति गुरु र शिष्य भावमा ।
प्रश्नोत्तर हुँदै तन्त्र लोकमा अवतीर्ण भो ।।२०।।
धेरै वर्णन पाइन्छ शिवका पाँच वक्त्रको ।
तीन नेत्र पाँच वक्त्र शिवको सिद्धरूप हो ।।२१।।
यी पाँच वक्त्र शिवको पञ्चाम्नाय प्रतीक हुन् ।
छैठौं वक्त्र पनि उन्को तन्त्रमा ता प्रसिद्ध छ ।।२२।।

कालाग्निरुद्र हो नाम उनको षष्ठ वक्त्रको ।
वज्रेश्वरी शक्ति उन्की, अधाराम्नाय हो यही ।।२३।।
सद्योजात गुरु भई कुब्जिका शिष्य भैकन ।
उपदिष्ट छ जो विद्या पश्चिमाम्नायका बुझ ।।२४।।
वामदेव गुरु भई सिद्धेशी शिष्य भैकन ।
उपदिष्ट छ जो विद्या उत्तराम्नायका बुझ ।।२५।।
तत्पूरुष गुरु भई पूर्णेशी शिष्य भैकन ।
उपदिष्ट छ जो विद्या पूर्वाम्नाय भनी बुझ ।।२६।।
अघोर शिव गुरु भै निशेशी शिष्य भैकन ।
उपदिष्ट छ जो विद्या दक्षिणाम्नायका बुझ ।।२७।।
ईशान शिव गुरु भै कामेशी शिष्य भैकन ।
उपदिष्ट छ जो विद्या ऊर्ध्वाम्नाय भनी बुझ ।।२८।।
कालाग्निरुद्र गुरु भै वज्रेशी शिष्य भैकन ।
उपदिष्ट छ जो विद्या अधराम्नायका बुझ ।।२९।।
शिवकै यी वक्त्रबाट उपदेश भएर नै ।
पाएका शक्तिले विद्या तन्त्र आगम हुन् बुझ ।।३०।।
दश शैवागम भए अठार भैरवागम ।
चौसट्ठी तन्त्र यी यिन्को शिवबाट प्रकाश भो ।।३१।।
द्वैत प्रधान दश हुन् शैवागमहरू भने ।
अठार रौद्रागम जो द्वैताद्वैत प्रधान हुन् ।।३२।।
चौसट्ठी तन्त्र जो छन् ती पराद्वैत प्रधान हुन् ।
प्रसिद्ध लोकमा आज छन् यिनै तन्त्र आगम ।।३३।।
यिनै विद्या मूल मानी गुरुका क्रमले पछि ।
बने विद्या उपविद्या व्याख्या विस्तार भैकन ।।३४।।
के हुन् शैवागमहरू कुन हुन् रौद्र आगम ।
चौसट्ठी तन्त्र कुन हुन् व्याख्या विस्तार यी सबै ।।३५।।

तन्त्रमा गरिएका छन् विस्तारभयले यहाँ ।
सकिदैन सबै भन्न यो अन्यत्र प्रसिद्ध छ ।।३६

तन्त्रभेद र संख्या

अन्नपूर्णा भन्छिन्–

तन्त्रावतार बारेमा विस्तार गर्नु भो यहाँ ।
यी तन्त्र आगमहरू शिवशास्त्र भनी बुझें ।।३७।।
यौटा शङ्का यहाँ उठ्छ अरू छन् देवताहरू ।
यिनका के तन्त्र छैनन् हुन्न तान्त्रिक साधना ? ।।३८।।
यो कुरा बुझ्न चाहन्छु तृष्णा जाग्दछ ज्ञानको ।
झन् झन् जान्न मन लाग्छ ज्ञानसीमा रहेनछ ।।३९।।

विद्यानाथ भन्छन्–

तिम्रो यो ज्ञानको भोक बढ्दैछ यो म बुझ्दछु ।
ज्ञानमा बांध नै छैन यस्को सीमा अनन्त छ ।।४०।।
ज्ञान हो प्रभुको रूप यस्मा आनन्द व्याप्त छ ।
यस्मा तृष्णा हुनु भन्नु प्रभुको नै प्रसाद हो ।।४१।।
सोध्यौ तिमीले यो प्रश्न देवता छन् अरु पनि ।
तिन्का के तन्त्र छैनन् छन् भने भन्नुहोस् भन्यौ ।।४२।।
हेर, तत्त्व त यौटै छ अर्को छैन कुनै पनि ।
त्यो तत्त्व हो परब्रह्म त्यसकै सब विग्रह ।।४३।।
शिवको रूप नै छैन नाम रूपविहीन छन् ।
उनी ता हुन् ब्रह्मतत्व ज्ञान उन्को स्वरूप हो ।।४४।।
पहिले यो भनि सकें तैपनि संझना गर ।
विश्वमा जे छ जो जो छ सबै उन्कै स्वरूप हुन् ।।४५।।
जति पनि देवता छन् सबैको तत्त्व एक हो ।
तात्त्विक दृष्टिले हेर्दा भिन्नता पो कहाँ छ र ! ।।४६।।

साधनाको मूल मर्म ब्रम्हकै साधना त हो ।
उद्देश्य हो ब्रह्मप्राप्ति यौटै फल त मोक्ष हो ॥४७॥
शिव नै हुन् सबै देव, सबै देव शिवै त हुन् ।
उपासना त यौटै हो त्यो हो ब्रह्मउपासना ॥४८॥
तत्त्वका दृष्टिले हेर्दा तन्त्र ता ब्रह्मशास्त्र हो ।
ब्रह्मबाटै प्राप्त शास्त्र सबैकै हितकारी छ ॥४९॥
तैपनि लोकको दृष्टि हेर्दा देव अनेक छन् ।
देवता–भेदले तन्त्र ती पनि त अनेक छन् ॥५०॥
शिवको अर्थ कल्याण तन्त्र जो शिवशास्त्र हो ।
कल्याणकारी त्यो हुन्छ साधना जसको हओस् ॥५१॥
तन्त्र ता ब्रह्मविद्या हो सबले ब्रह्मतत्त्वकै ।
विधि साधनका भन्छन् सबैको मर्म एक हो ॥५२॥
तन्त्रको गणना गर्न सक्तैन विज्ञले पनि ।
जति जानिन्छ त्यत्ति नै गरिन्छ व्यक्त लोकमा ॥५३॥
ब्रह्म आदि देवताले प्रत्येक कल्प–कल्पमा ।
उपदेश गरे तन्त्र सिद्धले ऋषिले पनि ॥५४॥
कल्पान्तमा शिवेच्छाले जो जो तन्त्र रहे अनि ।
नयां तन्त्र बने फेरि उन्कै इच्छा भएर नै ॥५५॥
तिनैको गणना गर्दै भन्छन् जो तन्त्र जान्दछन् ।
मोटामोटी सबै भन्छन्, सत्य ता शिव जान्दछन् ॥५६॥
वैष्णव तन्त्रको संख्या छ हजार भनी बुझ ।
तर शैव तन्त्रसंख्या जम्मा दश हजार छन् ॥५७॥
एकलाख शाक्त तन्त्र, छ हजार गणेशको ।
दुगुना सूर्यको तन्त्र, त्यस्तै सात हजार छन् ॥५८॥

तन्त्र भैरवको फेरि यक्ष भूतादिको पनि ।
दुई हजार छन् तन्त्र, यो ता केवल सार हो ।।५९।।
ब्रह्मा र विष्णु, शिवले भैरवादिकदेवले ।
मातृका, सिद्ध, ऋषिले अनेकौं गुरुले पनि ।।६०।।
उपदेश गरे तन्त्र अनेकौं कालखण्डमा ।
कति छन् तिनको संख्या यो ता को भन्न सक्तछ ! ।।६१।।
तर जो होस् बुझ्नु पर्ने कुरा यौटै छ त्यो सुन ।
उद्देश्य सबको यौटै भोग र मोक्ष साधन ।।६२।।
रूचिका भेदले साध्य बेग्लाबेग्लै हुने भए ।
साध्यका भेदले तन्त्र बेग्लाबेग्लै हुने भए ।।६३।।

साधनाको फल

अन्नपूर्णा भन्छिन्–

रहेछन् यत्तिका तन्त्र सकिन्न गन्न नै पनि ।
साधना कसरी गर्ने छान्ने पनि कसोगरी ? ।।६४।।
कस्ता प्रकृतिका ती छन् साधनाको छ के फल ? ।
संक्षेपमै भन्नुहोस् न मन भो जान्न यो कुरा ।।६५।।

विद्यानाथ भन्छन्–

सत्त्व गुणी तन्त्र केही केही छन् त रजोगुणी ।
तमो गुणी तन्त्र केही सबैका भिन्न छन् फल ।।६६।।
सात्त्विकी तन्त्रमा हेर मोक्षका छन् सबै कुरा ।
राजसी तन्त्रमा त्यस्तै भोगका छन् सबै कुरा ।।६७।।
तामसी तन्त्रमा फेरि सिद्धि प्राप्त गरेर नै ।
अरुलाई दिई दुःख गरिन्छ स्वार्थ पूरण ।।६८।।
सात्त्विकी तन्त्रले दिन्छ सुखलाभ र मोक्ष नै ।
रजोगुणी तन्त्रबाट सुख हुन्छ लोकमा ।।६९।।

तर दुःख बढ्न जान्छ कामना–वृद्धिले सदा ।
तमोगुणी तन्त्रबाट दुःख भोगेर लोकमा ॥७०॥
नरकैको वास हुन्छ,, स्वयं यो तन्त्र भन्दछ ।
दक्षिण, समय अनि अनुत्तम, वरामत ॥७१॥
अवधूत, कौलिक यी तन्त्र सात्त्विक हुन् बुझ ।
पूर्वकौल, मिश्रक र चामुण्ड, पीतवासस ॥७२॥
शाक्त र शुद्ध शाक्त तन्त्र राजस हुन् बुझ ।
दैगम्बर, वामन र कापाल, क्षपण अनि ॥७३॥
अघोर र वामकेश, नग्निकामत, कालक ।
वार्धुष यी नौवटा हुन् भेद तामसका बुझ ॥७४॥
सत्त्वगुणी पाँचवटा, छवटा छन् रजोगुणी ।
तमोगुणी नौवटा छन् तन्त्रका भेद बीस छन् ॥७५॥
शवसेवा, शवाहार, शवका पीठमा स्थिति ।
विष्टा, मूत्र र दुर्भास, दुर्द्रव्य, मांससेवन ॥७६॥
हाडमाला, हाडपात्र, रक्त दुर्गन्ध साधन ।
बाल–स्त्री–वृद्धको हत्या, जिब्रो र अङ्गछेदन ॥७७॥
अमेध्यसेवा, शौच र वर्णको विधित्याग र ।
स्त्रीहरूका भेद छोड्नु, छोड्नु वर्णाश्रमै पनि ॥७८॥
यिनै हुन् तामसी धर्म तामसी तन्त्रमा हुने ।
सिद्धि ता शीघ्र पाइन्छ तीबाट यस लोकमै ॥७९॥
तर त्यस्ता कर्म गर्दै सिद्धि चाहन्छ जो त्यही ।
पिशाच झैं यहाँ घुम्छ, पिशाचै हुन्छ त्यो पछि ॥८०॥
राजसी सात्त्विकी द्रव्य चढाई कामना गरी ।
चाहनाले विषयको जसले गर्छ साधना ॥८१॥

त्यस्को हुन्छ मति दुई कर्म राम्रो गरे सुख ।
नराम्राले हुन्छ दुःख राजसीको यही फल ।।८२।।
सात्त्विक द्रव्यले गर्ने मन देह पवित्र भै ।
साधनाले सुखै हुन्छ पाइन्छ मुक्ति नै पनि ।।८३।।
साधुसङ्ग साधुभाव दृढ श्रद्धा पवित्रता ।
देवतामा पराभक्ति यस्को हो फल सद्गति ।।८४।।

तन्त्रबाट लोककल्याण

अन्नपूर्णा भन्छिन्–

यसै सन्दर्भमा यौटा मनमा प्रश्न उठ्तछ ।
लोक कल्याणका लागि तन्त्रको अवतार भो ।।८५।।
भन्नु यो यस्कुरालाई अलि विस्तार गर्नुहोस् ।
हुने हो कस्तो कल्याण तन्त्रका अवतारले ।।८६।।

विद्यानाथ भन्छन्–

यज्ञका पशु झैं बद्ध प्राणी छन् लोकमा सब ।
त्यही पाशो छिनालेर मुक्त गर्छन् सदाशिव ।।८७।।
यज्ञलाई पूर्ण गर्न पशु ल्याइन्छ यज्ञमा ।
त्यो बांधिइन्छ डोरीले यसैले परतन्त्र छ ।।८८।।
अज्ञानले बांधिएको जीव त्यो परतन्त्र छ ।
शिवका हातमा डोरी; छिनाल्न सक्तछन् उनै ।।८९।।
पति, पशु, पाश तीन तत्त्व छन् शिवशास्त्रमा ।
पति ता शिव हुन्, जीव, पशु बद्ध छ पाशले ।।९०।।
पाशो यो ता मल नै हो यो छ तीन प्रकारको ।
आणव, कार्म र माया यिनैले बद्ध जीव छ ।।९१।।
अनादि माया अज्ञान यसैले जीव बद्ध छ ।
शिवकै नै कृपा मात्रै हो यस्बाट छुटाउने ।।९२।।

कर्म बन्धनले जीव स्वयं बांधिन्छ नित्यशः ।
शिवका अनुकम्पाले यस्बाट मुक्ति मिल्दछ ।।६३।।
अनात्मालाई आत्मा र आत्मालाई शरीर हो ।
भन्ने ठान्नु र मान्नु नै ठूलो अज्ञानपाश हो ।।६४।।
त्यो अस्त्र हो ज्ञान मात्र जो अज्ञान छुटाउंछ ।
शास्त्र नै हो ज्ञान दिने शास्त्रका स्रोत हुन् शिव ।।६५।।
अज्ञानले बाँधिएर खाल्टोमा दुःखका परी ।
दुःखले नै जेलिएका जीवको दीन–दुर्दशा ।।६६।।
मेट्नलाई कृपा गर्छन् शिव कारुण्यभावले ।
तन्त्र आगमको ज्ञान मलबाट छुटाउने ।।६७।।
ठूलो अस्त्र दिए उन्ले यही नै शिवशास्त्र हो ।
यसैले नै पशुपति शिवको नाम पर्नगो ।।६८।।
घृणा शङ्का डर लाज ईर्ष्या यी पाँच चीज र ।
कुल, शील र जाति यी आठ छन् पाश लोकमा ।।६९।।
आठ यी पाशले जीव बांधिएको छ नित्यशः ।
यिन्बाट छुट्न सक्तैन शिवकै नै कृपाविना ।।१००।।
शिवकै नै मुखबाट निस्केका तन्त्रशास्त्रले ।
बताएका ज्ञानबाट यस्को बन्धन छुट्तछ ।।१०१।।
अभ्युदय, निःश्रेयस दुबैको जो उपाय हो ।
तन्त्रका ज्ञानले यस्को राम्रो बाटो बताउंछ ।।१०२।।

पाश जाल

अन्नपूर्णा भन्छिन–

भन्नुभो पशुको पाश शिवले नै छुटाउंछन् ।
पशुका पति हुन् देव तन्त्रका गुरुरूप हुन् ।।१०३।।

फेरि अज्ञान हो पाश चर्चा भो यसको पनि ।
वस्तुतः पाश यो के हो ? अलि विस्तार गर्नुहोस् ।।१०४।।

विद्यानाथ भन्दछन्–

पशुत्व नै पाश हो यो त्यस्कै संयोगले पशु ।
त्यही संयोग छुट्नाले जीव यो मुक्त बन्दछ ।।१०५।।
पशुत्व अब यो के हो यहाँ यो प्रश्न उठ्तछ ।
अनादि मल हो पाश यही नै त पशुत्व हो ।।१०६।।
धानको भूस झैं यो हो तामाको कालिमासरी ।
हो अज्ञान अन्धकार यसका स्पर्शले पशु ।।१०७।।
मोह, मद, राग अनि विषाद, शोष पाँच र ।
वैचित्य, हर्ष यी सात मलका कार्य हुन् यिनै ।।१०८।।
जस्मा यी सात पाइन्छन्, मानिन्छन् बद्ध पाशले ।
जसमा सात यी छैनन् मानिन्छन् मुक्त जीव ती ।।१०९।।
माहेश्वरी शक्ति जो छिन् यिनैद्वारा सदाशिव ।
जीवलाई मुक्त गर्छन् मूलबाटै पशुत्वको ।।११०।।
दृक्शक्ति र क्रियाशक्ति स्वाभाविक छ जीवमा ।
ढाकी राख्ने शक्ति जो छ रोधिनी शक्ति भन्दछन् ।।१११।।
यो पनि पाश हो रोक्ने शिवानन्दाभिव्यक्तिको ।
यसबाट मुक्त गर्न सदाशिव समर्थ छन् ।।११२।।
पाशका भेदछन् पाँच– पहिलो पाश आणव ।
तिरोधायक शक्ति र बिन्दु, माया र कर्म यी ।।११३।।
बाँधिएर यिनैद्वारा रहुन्जेल पशु जीव हो ।
शिवकै अनुकम्पाले छुट्छन् यी पाश–बन्धन ।।११४
शिवकै नै कृपाबाट शिव दीक्षा भएपछि ।
ती सबै नै बन्ध छुट्छन् जीव बन्दछ निर्मल ।।११५।।

यी बन्धन हटाएर अनुग्रह गरेर नै ।
जीवलाई मुक्त गर्ने पशुका पति हुन् शिव ॥११६॥

पशुपतिको स्वरूप

अन्नपूर्णा भन्छिन्–

पाशबाट मुक्त गर्ने पशुका पति हुन् शिव ।
भन्नु भो यिनका रूप कस्तो छ भन्नु होस् अब ॥११७॥
पाँचवटा वा छवटा मूर्ति छन् प्रभुका भनी ।
भन्नुभो यसको व्याख्या अलि विस्तार गर्नुहोस् ॥११८॥

विद्यानाथ भन्छन्–

यौटै छन् शिव ता साक्षत् उनै निर्गुण ब्रह्म हुन् ।
जीव कल्याणका लागि उनै सगुण बन्दछन् ॥११९॥
अनेकौं शिवका मूर्ति देखिन्छन् कार्यभेदले ।
उनैको जो लिङ्गमूर्ति छ त्यो ज्यादै प्रसिद्ध छ ॥१२०॥
विश्वको सृष्टि जस्बाट हुन्छ जस्बाट पालन ।
संहार हुन्छ जस्बाट, जसमा लीन बन्दछ ॥१२१॥
अनुग्रह भई फेरी जस्ले विश्व बनाउंछ ।
पञ्चकृत्य कर्म गर्ने शिव यी हुन् सनातन ॥१२२॥
उनैको लिङ्गमूर्ति हो दुबै सगुण निर्गुण ।
उनैका पञ्च षण्मूर्ति यो पाशुपत मूर्ति हो ॥१२३॥
सद्योजात, वामदेव, तत्पूरुष, अघोर र ।
ईशान यी पाँच मूर्ति, छैठौं **कालाग्निरुद्र** हो ॥१२४॥
सत् सधैं रहने नित्य, आदिदेव अनादि र ।
नजन्मने अविनाशी यो **सद्योजात** मूर्ति हो ॥१२५॥
सृष्टि, स्थिति र संहार, तिरोभाव, अनुग्रह ।
जस्बाट यी पाँच कृत्य हुन्छन्, ती **वामदेव** हुन् ॥१२६॥

करुणा, शक्ति, अक्रोध, सुख सौन्दर्य विग्रह ।
अघोर मूर्ति शिवको भैरव गुरु मूर्ति हो ।।१२७।।
धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थ हुन् ।
यिनका स्रोत शिव हुन् यो **तत्पुरुष** मूर्ति हो ।।१२८।।
संपूर्ण दिव्य विद्याका ईश हुन् सब भूतका ।
ईशान मूर्ति हुन् धाता यिनै परमब्रह्म हुन् ।।१२९।।
कालाग्निरुद्र मूर्ति छ अर्को जो नाभिवक्त्र हो ।
आधार मूर्ति शिवको यसमै सबको लय ।।१३०।।
पाशुपत महाविद्या यो महान् अस्त्ररूप हो ।
अज्ञानको नाश गर्ने यो अस्त्र त अचूक छ ।।१३१।।
पाशुपत अस्त्र विद्या यसका तीन भेद छन् ।
लघु, मध्य, महाविद्या पाश छेदन गर्दछन् ।।१३२।।
चित् अचित् यो जगत्लाई जस्ले शासन गर्दछ ।
त्यही ईशान शिवको शिरःस्थानीय मूर्ति हो ।।१३३।।
अधिष्ठान तत्पुरुष, हृदय ता अघोर हो ।
जगत्को वमन गर्ने मुख नै वामदेव हो ।।१३४।।
कर्म प्रक्षयका लागि सद्योजात सुमूर्ति हो ।
कालग्निमा दहन गर्ने कालाग्निरुद्र मूर्ति हो ।।१३५।।
शिव ता चिन्तामणि हुन् उनैका रूप हुन् सबै ।
जस्तो साधक चाहन्छ त्यस्तै नै रूप बन्दछ ।।१३६।।
पञ्च ब्रह्म देह उन्को भुक्ति मुक्ति दिने उही ।
अनुग्रह सधैं गर्ने पशुका पति हुन् शिव ।।१३७।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा तन्त्रावतार नामक दोश्रो अक्ष–आ सकियो ।

तेश्रो अक्ष-इ
दीक्षा परिचय

अन्नपूर्णा भन्छिन्–
तन्त्र आगम यो के हो कसरी अवतीर्ण भो ।
विषय, संबन्ध के हुन् अधिकारी प्रयोजन ।।१।।
उपदेश गऱ्यो कस्ले गुरु र शिष्य को थिए ।
भन्नुभो यी सबै तथ्य यथावत् नै बुझें सबै ।।२।।
दीक्षाको अर्थ के हो त, यसको के प्रयोजन ? ।
कति छन् यसका भेद, यसको के विशेषता ? ।।३।।
यी सबै जान्न चाहन्छु जिज्ञासा छन् कति कति ।
जति जान्यो उत्ति जाग्छ जिज्ञासा मनमा अति ।।४।।

विद्यानाथ भन्छन्–
दीक्षा संस्कार हो एक जसमा गुरु देवको ।
कृपा प्राप्त गरी विद्या लिइन्छ विधिपूर्वक ।।५।।
यस्ले चित्त शुद्ध हुन्छ, मन, देह र इन्द्रिय ।
सबै पवित्र हुन्छन् यी प्रसन्न देव बन्दछन् ।।६।।
अधिकार प्राप्त हुन्छ साधना गर्नमा पनि ।
शास्त्रीय विधि जानिन्छ हट्तछन् विघ्न मार्गका ।।७।।
प्राप्त हुन्छ सफलता सिद्धि पाइन्छ कर्ममा ।
स्वास्थ्य, सौन्दर्य, ऐश्वर्य यी सबै हात लाग्दछन ।।८।।
दिव्यज्ञान गुरुबाट पाएर पाप राशिको ।
क्षय हुन्छ यसैले नै दीक्षा यो नाम पर्नगो ।।९।।

दीक्षाको आवश्यकता

अन्नपूर्णा भन्छिन्–

दीक्षाले पापको नाश हुन्छ माहात्म्य यो बुझें ।
के हुन्छ नलिए दीक्षा के यो नै अनिवार्य छ ? ।।१०।।

विद्यानाथ भन्छन्–

जप देवार्चन विधि गर्नु दीक्षा लिएर नै ।
नलिइकन जो गर्छ हुँदैन त्यसको फल ।।११।।
शिलामा छरिएको जो बीज उम्रन्न त्योसरी ।
दीक्षा विहीनले कर्म गरेको हुन्छ निष्फल ।।१२।।
स्वेच्छाले, छलले त्यस्तै बलपूर्वक नै पनि ।
दीक्षा नभै मन्त्र जप्ने व्यक्तिको श्रम व्यर्थ छ ।।१३।।
बलपूर्वक जो दिन्छ, जो लिन्छ बलले दुबै ।
पुरुषाधम हुन्, पर्छन् काली–खप्परमा सधैं ।।१४।।
अदीक्षित व्यक्तिदेखि पुण्य ता दूर भाग्दछ ।
त्यसैले यत्नले दीक्षा विधिले लिनुपर्दछ ।।१५।।
उपचार चढाएर हजारौं भक्तिपूर्वक ।
गरे पनि देव पूजा हुँदैन सब स्वीकृत ।।१६।।
दीक्षा नभै चढाएका सबै जो उपचार छन् ।
त्यागेर देवता हिंड्छन् हुन्छन् ती सब निष्फल ।।१७।।
लाखौं करौडौं जो पाप गरेको छ भनेपनि ।
दीक्षाले नै भस्म पार्छ लिएमा विधिपूर्वक ।।१८।।
दीक्षा विना कर्म हुन्न, ज्ञान पाइन्न त्यो विना ।
नभै ज्ञान मोक्ष हुन्न दीक्षा नै अनिवार्य छ ।।१९।।

दीक्षाका भेद

अन्नपूर्णा भन्छिन्–

बुझें माहात्म्य दीक्षाको, साधनाका निमित्त यो ।
अनिवार्य भनी जानें, जान्ने इच्छा बढ्यो अरु ॥२०॥
अब म जान्न चाहन्छु, दीक्षाका भेद छन् कति ? ।
कस्ता यिन्का प्रकृति हुन् ? यी सबै भन्नुहोस् अब ॥२१॥

विद्यानाथ भन्छन्–

शिवस्वरूपता दिन्छ मल क्षीण गराउंछ ।
दीक्षाले नै त्यसैले त सबैले लिनुपर्दछ ॥२२॥
मन, कर्म वचनले जस्तो पाप गरिन्छ नि ।
तिनलाई डढाएर भोग र मोक्ष दिन्छ त्यो ॥२३॥
कर्मको बन्ध नै छुट्छ जीव ता शिव बन्दछ ।
स्वयं देव बनाएर ब्रह्मज्ञान गराउंछ ॥२४॥
दिइन्छ ज्ञान दीक्षामा तपस्या नै यही त हो ।
यसैले दिन्छ संसिद्धि स्वयं सिद्ध बनाउंछ ॥२५॥
दीक्षाको यो सुन्यौ ठूलो माहात्म्य र विशेषता ।
दीक्षाका भेद कतिछन् अब संक्षेपमा सुन ॥२६॥
तीन प्रकारका दीक्षा **शाक्ती, मान्त्री** र **शाम्भवी** ।
लोकमा यी चलेका छन् भन्दछन् तन्त्रविद्हरू ॥२७॥
शक्तिले सिद्ध गुरुका कृपा र करुणा भई ।
शक्ति प्रवेशले शाक्ती, मान्त्री ता मन्त्रदानले ॥२८॥
विन्यासले चरणको दीक्षा मानिन्छ शाम्भवी ।
शक्तिले नै हुने शाक्ती शक्ति हो परकुण्डली ॥२९॥
त्यस्का चालनले चक्र गर्दै भेदन शम्भुमा ।
मिलाउने जो विद्या हो शाक्ती दीक्षा त्यही बुझ ॥३०॥

भएर पुण्यको वृद्धि कृपा सद्गुरुको भई ।
दिइने मन्त्रको दीक्षा मान्त्री हो शास्त्र भन्दछ ॥३१॥
शाम्भवी हुन्छ जो दीक्षा त्यस्का चरण छन् दुई ।
शिवशक्ति चरण यी तिनका चार रूप छन् ॥३२॥
शुक्ल, रक्त, मिश्र, पर यी चारै शम्भुमै त छन् ।
सत्व प्रधान हो शुक्ल, रक्त रज प्रधान हो ॥३३॥
तम प्रधान हो मिश्र गुणातीत त हो पर ।
यी साक्षात् शिवरूपै हुन् परमानन्द–निर्भर ॥३४॥
यस्तो चिन्तनले मुक्ति पाइन्छ, भवबन्धन ।
अवश्य छुट्छ, यो दीक्षा शाम्भवी विज्ञ भन्दछन् ॥३५॥
मान्त्री दीक्षा आणवी हो कसैका मतमा भने ।
जप ध्यानार्चना गर्ने दीक्षा हो मुक्तिदायिनी ॥३६॥
पहिलो शाम्भवी दीक्षा सद्यः ज्ञान गराउने ।
यहाँ जीवन्मुक्ति दिई अन्तमा मोक्ष नै दिने ॥३७॥
दोश्रो दीक्षा त शाक्ती हो शक्त्यावेश गराउने ।
शक्ति प्रवेशले नाश पाप–अज्ञानको गरी ।३८॥
ज्ञान उद्बोधन गरी मोक्ष प्राप्त गराउने ।
तेश्रो दीक्षा आणवी हो देवता–तुष्टिकारिणी ॥३९॥
देवता तुष्टिले ज्ञान, ज्ञानले मुक्ति पाइने ।
पाइन्छ आणवी दीक्षा शिवकै करुणा भए ॥४०॥
शिवको करुणा हुन्छ पुण्यले जन्म–जन्मको ।
आउंछन् शिव नै साक्षात् गुरुका रूपमा स्वयम् ॥४१॥
क्रियावती, कलावती, वर्ण, वेधमयी पुनः ।
दीक्षाका भेद छन् चार सर्वसम्पत्तिदायक ॥४२॥

सबैका रूप छन् भिन्न, बेग्लै, विधि–विधान छन् ।
फल ता तर यौटै छ त्यो हो मुक्ति, समान छ ।।४३।।
मान्त्री क्रियावती दीक्षा आणवी नै भनिन्छ जो ।
त्यसका छन् दश भेद तिनको सूक्ष्म भेद छ ।।४४।।
स्मार्ती, मानसिकी, योगी, चाक्षुषी, स्पार्शिकी अनि ।
वाचिकी, मान्त्रिकी, हौत्री, शास्त्री, र **अभिषेचिका** ।।४५।।

क्रमदीक्षा

अन्नपूर्णा भन्छिन्–

दीक्षा रहेछन् धेरै नै तिनूका विधि त्यसै गरी ।
धेरै होलान्, हेर्नु पर्छ ग्रन्थमा तन्त्रशास्त्रका ।।४६।।
यो ता बुझें, सुनेको छु क्रमदीक्षा रहेछ त ।
त्यो के हो, त्यसको के छ ? माहात्म्य भन्नु होस् न त ।।४७।।

विद्यानाथ भन्छन्–

सोध्यौ तिमीले, म भन्छु, ठूलो यस्को माहात्म्य छ ।
नभई यो सिद्धि हुन्न कलिमा यो विशिष्ट छ ।।४८।।
प्रभावले यसैको नै जीवात्मा शिव बन्दछ ।
यसैले क्रमदीक्षा यो लिइन्छ विधिपूर्वक ।।४९।।
कालीको पहिलो दीक्षा ताराको त्यस्पछि लिने ।
सुन्दरीको त्यसपछि, दीक्षाको क्रम हो यही ।।५०।।
पहिलो दिनमा शिष्य संयत र जितेन्द्रिय ।
रहेर दोश्रो दिनमा उपवास गरेर नै ।।५१।।
देह चित्त शुद्ध गरी तृतीय दिनमा गुरु ।
चेलोलाई बनाएर कुलीन कुलचक्रमा ।।५२।।

लिई मन्त्र दिनुपर्छ शिष्यलाई विधानले ।
एकाक्षरी वा त्र्यक्षरी त्यस्तै बाइस अक्षरी ।।५३।।
कालीको मन्त्र पहिले, ताराको त्यस्पछि अनि ।
सुन्दरीको मन्त्र दिनु क्रमशः यो विधान हो ।।५४।।
गुरुलाई खुसी पार्नु आफ्ना संपत्ति, शक्तिले ।
खुसी भए गुरु सिद्धि, न भए सब निष्फल ।।५५।।
क्रम मूल सबै विश्व, क्रममूल सबै तपः ।
क्रमदीक्षा छैन जस्को त्यस्को सिद्धि कहाँ छ र ! ।।५६।।
दीक्षाका त अरु पनि पाइन्छन् भेद शास्त्रमा ।
त्रिशक्ति, कालिका, मेधा, चीन र सुन्दरीक्रम ।।५७।।
सामाज्यमेधा, गन्धर्व यस्तै क्रम अनेक छन् ।
देवता र साधनाका भेदले क्रम भिन्न छन् ।।५८।।
मन्त्र यन्त्र, बीज भिन्न, भिन्न भिन्न प्रकार छन् ।
यिनैका भेदले दीक्षा भिन्न भिन्न प्रकारका ।।५९।।
उपदेश गरेकाछन् देवता गुरु सिद्धले ।
दीक्षाहरू यी सम्पूर्ण तिनैका भित्र पर्दछन् ।।६०।।
शिष्यका शिरमा हात राख्तैमा पाप भाग्दछ ।
अन्धकार हटाएर ज्ञानको ज्योति खुल्दछ ।।६१।।
त्यो दीक्षा शाम्भवी नै हो सर्वश्रेष्ठ भनी बुझ ।
शात्की दीक्षा त्यस्पछिको प्रवेश शक्तिको हुने ।।६२।।
मान्त्री वा आणवी दीक्षा त्यस्पछिको भनी बुझ ।
तिनै यी शिव दीक्षा हुन् सबैका हितकारिणी ।।६३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा दीक्षापरिचय नामक तेश्रो अक्ष–इ सकियो ।

चौथो अक्ष-ई

दीक्षागुरु

अन्नपूर्णा भन्छिन्

दीक्षाका ता भेद सुनें बुझें तिन्का विशेषता ।
देवता सिद्धिका लागि अनिवार्य रहेछ यो ।।१।।
कसबाट लिने दीक्षा कसबाट निषिद्ध छ ? ।
यस्को व्यवस्था कस्तो हो ? अब यो भन्नुहोस् न त ।।२।।

विद्यानाथ भन्छन्–

यस्मा विशेष सामान्य दुई विधि–निषेध छन् ।
सामान्य विद्या यौटा छ त्यसका लागि ता पृथक् ।।३
अर्को ता छ सिद्धविद्या अर्कै नियम लाग्दछ ।
पैले नियम सामान्य दीक्षाका भन्दछु, सुन ।।४।।
पिता, मातामहबाट दीक्षा लिनु निषिद्ध छ ।
एउटै पेटका दाजू, कान्छाबाट त्यसैगरी ।।५।।
त्यस्तै शत्रुपक्षबाट, दीक्षा लिनु छ वर्जित ।
वनवासी छ जो व्यक्ति, छैन जो आश्रमी पनि ।।६।।
त्यसबाट पनि दीक्षा न लिनु शास्त्र भन्दछ ।
छोरा छोरी अनि स्वास्नी भाईलाई पनि स्वयम् ।।७।।
दीक्षा दिनु वर्जित छ भन्दछन् तन्त्रविद्हरू ।
निषिद्ध दीक्षा जस्को छ दिंदैन त्यसले फल ।।८।।
तर जस्को सिद्धमन्त्र दिने नै छ परम्परा ।
त्यसमा ता नियम ती लाग्दैनन् माथिका सबै ।।९।।

पुर्खाले नै जगाएर पारेको सिद्धमन्त्र जो ।
त्यही नै हो सिद्धविद्या भाग्यले त्यो त मिल्दछ ।।१०।।
चलेको कुलमा दीक्षा लिंदामा सिद्धमन्त्रको ।
आफ्नै पति, पिताबाट दोष लाग्दैन त्यो कुनै ।।११।।
आफ्नो जेठो पुत्र जो छ त्यसैलाई दिनु भनी ।
शास्त्रको ता वचन छ यसमा छैन संशय ।।१२।।
वशिष्ठलाई ब्रह्माले, पुत्रलाई वशिष्ठले ।
दिएर यो सिद्धमन्त्र चलाएका हुन् परम्परा ।।१३।।
नारीबाट प्राप्त दीक्षा अति नै शुभ बन्दछ ।
आमाबाट प्राप्त दीक्षा त्यस्को आठ गुना शुभ ।।१४।।
त्यसैले नै सिद्धमन्त्र आमाबाटै सधैं लिनु ।
स्त्री गुरु र जगन्माता यौटै हुन् भेद छैन है ।।१५।।
दीक्षा लिन गुरु छान्दा वैष्णव, शैव, शाक्तका ।
वैष्णव, शैव, शाक्तै नै छानी गुरु बनाउनु ।।१६।।
जहाँ आचार राम्रो छ, जहाँ दीक्षित बस्तछन् ।
शक्तिको साधना हुन्छ जहाँ तान्त्रिक मन्त्रले ।।१७।।
शक्तिपीठ जहाँ हुन्छ जहाँको भूमि पुण्य छ ।
त्यसै पुण्य भूमिबाट गुरु ता छान्नुपर्दछ ।।१८।।

गुरु छान्ने व्यवस्था

अन्नपूर्णा भन्छिन्–

गुरु रोज्ने विषयमा कस्तो विधि निषेध छ ।
कस्तो दीक्षा फलवती हुन्छ त्यो त बुझ्कें अब ।।१९।।
नपाए गुरु के गर्नु ? के ग्रन्थै गुरु हुन्न र ? ।
लिएको स्वप्नमा दीक्षा दिने फल हुँदैन र ? ।।२०।।

यस्ता जिज्ञासु जो हुन्छन् हुन्छ के तिनको गति ? ।
के कुनै मार्ग विधि नै तिन्का लागि हुँदैन र ? ।।२१।।

विद्यानाथ भन्छन्–

जसको तीब्र श्रद्धा छ गर्ने नै तन्त्र–साधना ।
शिव स्वयं गुरु बनी त्यहीं सुलभ बन्दछन् ।।२२।।
अभिलाषा तीब्र यस्तो त्यसकै हुन सक्तछ ।
जस्को पुण्य तीब्र हुन्छ चित्त नै शुद्ध बन्दछ ।।२३।।
कसलाई दिउं दीक्षा, कहाँ श्रद्धालु भक्त छ ! ।
कस्को श्रद्धा देवमा छ, साधना गर्न सक्तछ ।।२४।।
तन्त्रका गुरु जो देव स्वयं शिव सनातन ।
उनै पनि यही सोच्छन् स्वयं सुलभ बन्दछन् ।।२५।।
जस्को छ मनमा पाप शुद्ध ता छैन चित्त नै ।
श्रद्धा देखावटी जस्को, लोभी, दुर्व्यसनी छ जो ।।२६।।
आडम्बर सदा गर्छ, ठग देखिन्छ साधक ।
गुरु भेट्टैन त्यस्ताले त्यस्बाट हुन्न साधना ।।२७।।
जस्को श्रद्धा छँदैछैन देवता, गुरु, मन्त्रमा ।
त्यस्को सिद्धि हुँदैहुन्न जति पूजा गरेपनि ।।२८।।
श्रद्धा छ जसको धेरै देवता गुरु मन्त्रमा ।
त्यसको हतकेलैमा रहन्छ सिद्धि उत्तम ।।२९।।
श्रद्धा छ, गुरु पाएन, त्यस्तै प्रारब्ध पर्नगो ।
त्यस्तो स्थिति परेमा ता दक्षिणामूर्ति श्री शिव ।।३०।।
थापी गुरु उनैलाई उनकै अर्चना गरी ।
ग्रन्थबाट लिई मन्त्र लिने दीक्षा विधान छ ।।३१।।
तर त्यस्मा सावधानी अति नै लिनुपर्दछ ।
अम्नाय, देवता, मन्त्र, विधि ता मिल्नुपर्दछ ।।३२।।

फेरी विघ्न पर्न सक्छ गर्नुपर्छ निवारण ।
नहुँदा गुरु सान्निध्य गाहारो हुन सक्तछ ।।३३।।
भए गुरु उनैले नै विघ्न बाधा हटाउन ।
सक्ने हुँदा साधकले गर्न सक्तछ साधना ।।३४।।
यस्तै प्रारब्धले गर्दा कसैका स्वप्नमा पनि ।
मन्त्र नै हुन्छ प्रत्यक्ष, जप्ने निर्देश पाउंछ ।।३५।।
त्यस्तो भयो भने फेरी गुरुकै पाउमा परी ।
आज्ञाले उनकै उस्ले साधना गर्नुपर्दछ ।।३६।।
न भए गुरु ता फेरि दक्षिणामूर्ति नै गुरु ।
मानी पूजा गरी उन्को साधना गर्नुपर्दछ ।।३७।।
यस्तो दीक्षा लिई मन्त्र जप्ता देखिन्छ लक्षण ।
त्यसले गर्छ संकेत शुभाशुभ विलक्षण ।।३८।।
सावधान भई त्यस्मा विचार गर्नुपर्दछ ।
देखि अशुभ संकेत गर्नुपर्छ निवारण ।।३९।।
प्रायश्चित्त, क्षमा पूजा, हवनादिक अर्चना ।
गरी वाधा शान्त गरी गर्नुपर्छ उपासना ।।४०।।
फलश्रुति ग्रन्थमा छ, लोभ लाग्दछ सिद्धिको ।
जानेकै छैन विधि ता मन्त्र नै जप्न थाल्दछ ।।४१।।
साधना यसरी गर्दा कर्म नै हुन्छ निष्फल ।
अश्रद्धा तन्त्रमा बढ्छ रुष्ट हुन्छन् ती देवता ।।४२।।
विघ्न बाधा पर्न जान्छ हानि नै हुन्छ सिद्धिको ।
यसैले नै गर्नु हुन्न निषिद्ध तन्त्र–साधना ।।४३।।

दीक्षा जुराउने विधि

अन्नपूर्णा भन्छिन्–

जस्को मन्त्र सिद्ध छैन जस्को छैन परम्परा ।
तर उस्को भयो श्रद्धा तन्त्रमा रुचि जाग्नगो ।।४४।।

त्यस्ताले जप चाहेमा लिने दीक्षा कसो गरी ? ।
जप्नै हुन्न कि त्यस्ताले ? दीक्षै पाउन्न क्यै गरी ? ।।४५।।

विद्यानाथ भन्छन्–

जस्को मन्त्र सिद्ध छैन जस्को छैन परम्परा ।
यदि श्रद्धा तीव्र भए गर्न पाउंछ साधना ।।४६।।
तर त्यस्को जन्म–राशि, लग्न र नाम आदिले ।
देवता र मन्त्र दुबै पर्ने हुन्छ जुराउनु ।।४७।।
यसका निम्ति ता धेरै चक्र छन् तन्त्रशास्त्रमा ।
विधि विधान पाइन्छन् विज्ञले हेर्न सक्तछन् ।।४८।।
जसको राशिले जुर्छ जुन मन्त्र र देवता ।
तिनकै साधना गर्दा सिद्धि पाइन सक्तछ ।।४९।।
नजुराइकन गर्नाले साधना सिद्धिहानि छ ।
इष्टहानि हुन सक्छ अनिष्टै हुन सक्तछ ।।५०।।
कुनै कुनै देवतामा तीव्र श्रद्धा भयो भने ।
तिन्कै उपासना गर्न सकिन्छ विधिपूर्वक ।।५१।।
दीक्षा ता लिनु नै पर्छ गुरुबाटै कसैगरी ।
गुरुविना सिद्धि छैन यो कुरा अनिवार्य छ ।।५२।।
चक्रहरू, विधिहरू, दीक्षाका कर्म छन् जति ।
तन्त्रमै छन् गुरुबाटै सिक्नु र लिनुपर्दछ ।।५३।।
तन्त्रले नै बताए झैं यथावत् पालना गरी ।
लिएको विधिले दीक्षा त्यही सफल बन्दछ ।।५४।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा दीक्षागुरु नामक चौथो अक्ष–ई सकियो ।

पाँचौं अक्ष-उ

गुरुका लक्षण र परीक्षा

अन्नपूर्णा भन्छिन्–

भन्नुभो, तन्त्र–दीक्षामा गुरुको छ विशेषता ।
गुरु नै ज्ञानका स्रोत गुरु हुन् शिव ईश्वर ॥१॥
लक्षण गुरुका के हुन् ? कस्ता गुरु बनाउने ? ।
परीक्षा कसरी गर्ने ? जिज्ञासा शान्त गर्नुहोस् ॥२॥

विद्यानाथ भन्छन्–

गुरु ब्रह्मा गुरु विष्णु गुरु देव महेश्वर ।
गुरु साक्षात् परब्रह्म ज्ञानका स्रोत हुन् गुरु ॥३॥
अज्ञानको अन्धकार ज्ञानद्वारा हटाउने ।
गुरु हुन् ज्ञानका दीप ती स्वयं स्वप्रकाश हुन् ॥४॥
चराचर जगत् जस्को विराट् विग्रहरूप छ ।
त्यस्तो त्यो ब्रह्मपदको गुरु हुन् मार्गदर्शक ॥५॥
चैतन्यरूपले जस्ले व्याप्त गर्दछ यो जगत् ।
ब्रह्मका पदमा लाने स्वयं नै ब्रह्म हुन् गुरु ॥६॥
तन्त्र हो मोक्षको शास्त्र यसलाई बुझाउने ।
गुरु मिल्न गाहारो छ गर्नुपर्छ परीक्षण ॥७॥
गुरुका लक्षणहरू पाइन्छन् तन्त्रशास्त्रमा ।
ती छन्, छैनन् सबै जांची स्वीकार गर्नुपर्दछ ॥८॥
पिता–माता दुबैबाट जन्मले जो विशुद्ध छ ।
जसको छ शुद्ध भाव जो छ सांच्चै जितेन्द्रिय ॥९॥

सबै आगमको सार जो जान्दछ, छ तत्त्ववित् ।
परोपकार गर्नलाई जो सधैं हुन्छ तत्पर ॥१०॥
जप–पूजा स्वयं गर्छ जसको कुल उच्च छ ।
खेरा वचन जादैन वेद–वेदाङ्ग जान्दछ ॥११॥
जो शान्त छ स्वयं लाग्छ योगका मार्गमा सधैं ।
उपासना सधैं गर्छ मन, वचन, कर्मले ॥१२॥
मीठो बोली सधैं बोल्छ, जो कुलीन छ सुन्दर ।
वर्णाश्रम धर्ममा छ, गृहस्थ छ, सुशील छ ॥१३॥
भाव आचारको ज्ञाता छ जो आचारवान् स्वयम् ।
बुद्धिमान् छ, अनुभवी, निर्णय दिन सक्तछ ॥१४॥
कडा छ, लोभ छैन, दयावान् छ, सुशील छ ।
बुझ्दछ शास्त्रको मर्म व्यवस्था दिन सक्तछ ॥१५॥
अहंकार छैन जस्को, नीरोगी, सच्चरित्र छ ।
विकार मनमा छैन, सधैं नै सत्य बोल्दछ ॥१६॥
दृढ आफ्नो धर्ममा छ, अर्काको मान गर्दछ ।
अर्काको दुःख देखेर सदा मद्दत गर्दछ ॥१७॥
यिनै हुन् गुरुका मुख्य स्वरूप र सुलक्षण ।
यिनै आधारमा हुन्छ गुरुको सुपरीक्षण ॥१८॥
वेद वेदाङ्ग जानेर तन्त्रको ज्ञान राख्तछ ।
दीक्षा लिई स्वयं गर्छ योगले तन्त्र–साधना ॥१९॥
वर्ण, कला, पद, तत्त्व, मन्त्र, भुवन छ वटा ।
बुझी रहस्य अध्वाको शिष्यलाई बुझाउंछ ॥२०॥
नौ द्वार, सोन्ह आधार, जाग्रत्, स्वप्न, सुषुप्तिको ।
तुरीय तत्त्वको ज्ञाता तन्त्रको गुरु बन्दछ ॥२१॥

स्वयम्भू लिङ्गमा बस्ने शक्ति कुण्डलिनी अनि ।
मूलाधार आदि चक्र सहास्रार शरीरका ।।२२।।
बुझ्री यो योगको मर्म शक्तिचालन गर्छ जो ।
त्यही हो तन्त्रको ज्ञाता, विज्ञ हो योग मार्गको ।।२३।।
अन्तर्याग, बहिर्याग, सबै विधि–विधान जो ।
बुझ्री, अभ्यास जो गर्छ, शिष्यलाई गराउंछ ।।२४।।
कुलकुल तत्त्वज्ञाता कुलदीक्षा–समन्वित ।
गुरु कुलीन नै हुन्छ तन्त्रविद्या–विशारद ।।२५।।

अन्नपूर्णा भन्छिन्–

गुरुका लक्षणहरू सुनें, यो त बुझें सबै ।
के यस्ता गुरु पाइन्छन् सबै लक्षण मिल्दछन् ? ।।२६।।
यस्ता लक्षणले युक्त गुरु ता हुन्छ दुर्लभ ।
कसरी चल्छ यो दीक्षा, कसरी हुन्छ साधना ? ।।२७।।

विद्यानाथ भन्छन्–

अनेकौं गुरु देखिन्छन् लोकका सब क्षेत्रमा ।
सिकाउन सिपालु छन् म नै जान्दछु भन्दछन् ।।२८।।
कोही त छन् जटाधारी, सन्यासी कोही छन् अनि ।
कस्ता कस्ता भेषमा छन् लोकमा घुम्दछन् पनि ।।२९।।
तर त्यस्ता गुरु जस्मा उक्त लक्षण मिल्दछन् ।
ती ता दुर्लभ नै हुन्छन् पसेर खोज्नुपर्दछ ।।३०।।
सबै नै गुण पाइन्नन् सबैमा यो छ निश्चित ।
भए राम्रा गुण केही त्यो पनि ग्राह्य बन्दछ ।।३१।।
सबै ग्राह्य गुण भए मिलेमा सब लक्षण ।
सुगन्ध सुनको त्यो हो तर त्यो हुन्छ दुर्लभ ।।३२।।

तन्त्रमा भनिएका ती गुण मध्ये कुनै गुरु ।
भएमा पनि मानिन्छ ग्राह्य आचार्य उत्तम ॥३३॥
विपरीत गुण छ कि राम्ररी हेर्नु पर्दछ ।
विरोधी गुणले तिन्को ग्राह्यता मिच्न सक्तछ ॥३४॥
असद् गुरु लिनै हुन्न त्यसले झन् डुबाउंछ ।
त्यस्तोले कसरी तार्ला असिद्ध छ स्वयं पनि ॥३५॥
बटुवा कसरी तर्ला ढुङ्गा बाँधेर देहमा ।
नदीमा त्यो डुब्छ डुब्छ यसमा छैन संशय ॥३६॥
नदीमा तर्न चाहिन्छ डुङ्गाको नै सहायता ।
त्यस्तै सद्गुरुले मात्र भवसागर तार्दछ ॥३७॥
जसको छ तीब्र श्रद्धा देवतामा र मन्त्रमा ।
साधना गर्न चाहन्छ सधैं उद्विग्न बन्दछ ॥३८॥
पुकार शिवको गर्छ भित्री हृदयले भने ।
आउंछन् त्यसका सामु गुरुकै रूपमा शिव ॥३९॥
शिव ता करुणानाथ आशुतोष दयामय ।
भक्तका प्रार्थना सुन्छन् विन्ति करुण क्रन्दन ॥४०॥
तर यस्मा न भै हुन्न अनन्यशरणागति ।
भक्तिले दिन्छ संसिद्धि यसैले पार तार्दछ ॥४१॥
ठग्ने बुद्धि हुनैहुन्न जस्ले गर्छ प्रतारणा ।
त्यसको इष्ट पूर्ण हुन्न बरु हुन्छ अनिष्ट नै ॥४२॥

देवताभेदले गुरुभेद

अन्नपूर्णा भन्छिन्–

देवता छन् भिन्न भिन्न मन्त्र नै पनि भिन्न छन् ।
सबै प्रकारका मन्त्र यौटैले दिन सक्तछ ? ॥४३॥

अथवा देवता, मन्त्र यिनका भेदले गुरु ।
भिन्न भिन्न हुनै पर्छ ? अब यो स्पष्ट गर्नुहोस् ॥४४॥

विद्यानाथ भन्छन्–

स्वयं दीक्षित व्यक्तिले सबै दीक्षा लिएपछि ।
पूर्णाभिषेक जो लिन्छ हुन्छ त्यो गुरु उत्तम ॥४५॥
देवता भेदले मन्त्र, तन्त्र, दीक्षा विधान ता ।
भिन्न हुन्छन् गुरु पनि भिन्न हुन्छन् त्यसैगरी ॥४६॥
शैव, शाक्त, वैष्णव र गणेश, सूर्य आदिका ।
दीक्षाका निम्ति त्यस्तै नै मानिन्छन् गुरु उत्तम ॥४७॥
शाक्तमा शाक्त गुरु नै, शैवमा शैव नै गुरु ।
वैष्णवमा वैष्णव नै यस्तै नै अरुमा पनि ॥४८॥
गुरु रोज्नु उत्तम हो तर यौटा विशेष छ ।
सबैमा कौल गुरुको अधिकार छ निश्चित ॥४९॥
कुलदीक्षा लिएकोछ कुलसाधन गर्दछ ।
त्यो कौल हो ब्रह्मविद् हो गुरु त्यो हुन्छ उत्तम ॥५०॥
कुलीन गुरु छानेर जुन दीक्षा लिए पनि ।
हुनेछ सिद्ध विद्या त्यो त्यसमा छैन संशय ॥५१॥
दीक्षाका निम्ति ता राम्रा कुलीन गुरु सद्गुरु ।
हुन्छन् ती भाग्यले मिल्छन् कृपाले शिवका स्वयम् ॥५२॥

कुलीन गुरुको लक्षण

अन्नपूर्णा भन्छिन्–

कुलीन गुरु छानेर दीक्षा ता लिनु पर्दछ ।
भन्नु भो ती गुरु कस्ता हुन्छन् के हो त लक्षण ॥५३॥

विद्यानाथ भन्छन्–

तन्त्रमा तीन छन् भाव पशु, वीर र दिव्य यी ।
पछिल्लो भाव जो दिव्य त्यही भाव त कौल हो ।।५४।।
पशु भन्दा वीर भाव, त्यसभन्दा दिव्य भाव नै ।
श्रेष्ठ भन्दा श्रेष्ठ हुन्छ, सबैमा कौल श्रेष्ठ छ ।।५५।।
सबै आचारमा श्रेष्ठ कुलाचार भनिन्छ जो ।
त्यसभन्दा कुनै छैन त्यही नै सर्वश्रेष्ठ हो ।।५६।।
पशु, वीर, हुँदै दिव्य भावमा चढ्छ साधक ।
सबैमा सिद्ध जो हुन्छ त्यही नै कौल बन्दछ ।।५७।।
कुल दीक्षा सर्वश्रेष्ठ त्यसमा सिद्ध जो बन्यो ।
त्यही साधक हो कौल देवता तुल्य हुन्छ त्यो ।।५८।।
स्वयं देव बनी आफ्नै कौल गर्दछ साधना ।
ऊ आफैंमा जगत् देख्छ आफैं देख्तछ विश्वमा ।।५९।।
'ब्रह्म सत्य जगत् मिथ्या' कौल प्रत्यक्ष गर्दछ ।
हुन्छ कौल ब्रह्ममय ऊ त बन्दछ ब्रम्ह नै ।।६०।।
विधि–निषेध नै छैन कौलका निम्ति यो जगत् ।
अस्तित्व मात्र हो यस्मा कौल निर्लिप्त बन्दछ ।।६१।।
जहाँ उस्को मन जान्छ त्यहीं नै त समाधि छ ।
बाँचेको छ, प्राण चल्छ, जीवितै मुक्त कौल छ ।।६२।।
कौललाई बन्ध छैन प्रवृत्ति र निवृत्तिको ।
उस्कालागि जगत् छैन कार्यकार्य विवेक के ! ।।६३।।
राग र द्वेषले छुन्न मलत्रय–विमुक्त छ ।
हिड्छ, डुल्छ सबै गर्छ तर कौल छ निस्पृह ।।६४।।
साँच्चिको कौल जो हुन्छ साक्षात् त्यो शिव नै त हो ।
साक्षात् सद्गुरु त्यो नै हो सर्वत्र अधिकार छ ।।६५।।

देवता ता सबै हिंड्छन् उसका नै पछि पछि ।
सिद्धि ता पाउमै हुन्छन् स्वयं ता हुन्छ निष्पृह ।।६६।।
शरीर मन्त्रमय छ शिवको शाक्त देह भैं ।
शिव कौल, कौल शिव शिवाद्वैत यही त हो ।।६७।।
कस्ता हुन्छन् कौल गुरु, के हो लक्षण कौलको ।
भन्ने प्रश्न थियो तिम्रो, भनें संक्षेपमा सबै ।।६८।।
जति जानें त्यति भनें हाम्रो बुद्धि छ सीमित ।
कौल ता शिव हुन् साक्षात् ती अनिर्वचनीय हुन् ।।६९।।
मन, वचन, कर्मको सीमाबाट छ त्यो पर ।
पुण्यका तीब्रताले नै पाइन्छ कौल सद्गुरु ।।७०।।
भाव, आचार के के हुन् त्यस्को वर्णन गर्नु छ ।
कुलाचार सबै के हुन् भन्ने छु त्यो प्रसङ्गमा ।।७१।।

त्याज्य गुरु

अन्नपूर्णा भन्छिन्–

तन्त्र दीक्षा गुरुबाट लिनु पर्छ भनी बुझें ।
कस्ता गुरु श्रेष्ठ हुन्छन् त्यो पनि त सबै बुझें ।।७२।।
अब यी जान्न चाहन्छु, कस्ता गुरु निषिद्ध छन् ।
त्याग्नु पर्ने गुरु कस्ता हुन्छन् ? वर्णन गर्नुहोस् ।।७३।।

विद्यानाथ भन्छन्–

हो केही गुरु छन् त्याज्य तिन्लाई चिन्नु पर्दछ ।
तिनबाट लिए दीक्षा अनिष्टै भोग्नु पर्दछ ।।७४।।
गुरुका लक्षणहरू माथि केही बताइए ।
ती लक्षणहरू ग्राह्य गुरुका जान्नु पर्दछ ।।७५।।
जस्मा ती लक्षणै छैनन् अथवा विपरीत छन् ।
त्यस्ता नै त्याज्य गुरु हुन् दीक्षामा वर्जनीय छन् ।।७६।।

अर्काको सुख देखेर चिन्ता गर्छ सधैं भरी ।
ईर्ष्याले हुन्छ सन्तप्त दुःखी बन्दछ जो सधैं ।।७७।।
रोगी छ, क्रूर पनि छ, पापी छ, जो छ हिंस्रक ।
पैसाकै लागि जो हिंड्छ, चोर छ, बुद्धिहीन छ ।।७८।।
सदाचारी छदैछैन सदा नै जो अशान्त छ ।
अर्काकी स्त्री सदा ताक्छ चित्त ज्यादै अशुद्ध छ ।।७९।।
जथाभावी सधैं बोल्छ, झूठो छ, गफ गर्दछ ।
ठूलाको मान गर्दैन गुरुको द्रोह गर्दछ ।।८०।।
गुरु यस्तो मान्नु हुन्न सदा त्यो त्याज्य बन्दछ ।
यस्ताबाट प्राप्त दीक्षा सधैं निष्फल बन्दछ ।।८१।।
गुरु सधैं ज्याज्य हुन्छ रहेको पशुभावमा ।
गुरु सधैं ग्राह्य हुन्छ रहेको वीरभावमा ।।८२।।
गुरु सर्वश्रेष्ठ हुन्छ पुगेको दिव्य भावमा ।
अझ श्रेष्ठतमै हुन्छ कुलीन गुरु भो भने ।।८३।।
जो आफैं तन्त्र जान्दैन, न बुझी मूल मर्म नै ।
मनूपरी गर्छ व्याख्यान हुन्छ त्यो गुरु निन्दित ।।८४।।
शिष्यको धन देखेर लोभले गुरु बन्दछ ।
अनेकौं भ्रममा पारी धन नै ठग्न खोज्दछ ।।८५।।
विपरीत तर्क गर्दै वेद र तन्त्र शास्त्रको ।
आफ्नै स्वार्थ पूर्ण गर्ने सधैं नै दाउ खोज्दछ ।।८६।।
यस्ताबाट लिंदा दीक्षा अनिष्ट फल मिल्दछ ।
देवताको शाप लाग्छ ऊंधो लाग्दछ साधक ।।८७।।
मन्त्रको मर्म जान्दैन योगमार्गविहीन छ ।
आचारमा स्वयं छैन अर्कालाई सिकाउंछ ।।८८।।

स्वरूप हेर्दा साधु छ, कपटी अनि धूर्त छ ।
त्यस्ता गुरु सधैं त्याग्नु जो स्वयं नै असिद्ध छ ॥८६॥

गुरुका कर्तव्य

अन्नपूर्णा भन्छिन्–

गुरुका लक्षणहरू भन्नुभो ती सबै सुनें ।
ग्राह्य को हुन्, त्याज्य को हुन् तिन्का रूप सबै बुझें ॥९०॥
कर्तव्य गुरुका के हुन् आफ्ना शिष्यहरू प्रति ?
यो कुरा सुन्न चाहन्छु यस्को विस्तार गर्नु होस् ॥९१॥

विद्यानाथ भन्छन्–

दीक्षा ता गोप्य विद्या हो बांडी हिंड्नु हुदैन त्यो ।
अधिकारी शिष्य जो छ त्यसैमा दिनुपर्दछ ॥९२॥
दीक्षा लिन्छु भनी आयो शिष्य कोही भने अनि ।
परीक्षा गुरुले गर्नु कस्तो संकल्प हो भनी ॥९३॥
उस्को चरित्र कस्तो छ, कुल, शील र सद्गुण ।
सबै जांची हेर्नु पर्छ कत्तिको विश्वसनीय छ ॥९४॥
शिष्यमा पाइनै पर्ने नम्रता शिष्टता छ के ।
छ उस्को कत्तिको श्रद्धा देवता, गुरु, मन्त्रमा ॥९५॥
के ऊ आचारमा बस्छ साधना गर्न सक्तछ ।
निष्ठा आस्था कत्तिको छ, के छ ऊ दृढनिश्चयी ॥९६॥
केही समय पर्खेर परीक्षा उसको गरी ।
भएमा आत्मसन्तोष शिष्यता दिनुपर्दछ ॥९७॥
कुलानुसार नै उस्को दीक्षा, मन्त्र र देवता ।
उपदेश गर्नुपर्छ तन्त्रकै विधिपूर्वक ॥९८॥
न भए कुलमा दीक्षा इच्छा तीब्र भए लिने ।
नाम, राशि जुराएर सुदीक्षा दिनुपर्दछ ॥९९॥

शिष्यलाई पुत्र सम्झी आफू रित्तै हुने गरी ।
निरीक्षण स्वयं गर्दै सुबुद्धि दिनुपर्दछ ॥१००॥
उस्का समस्या संझेर विघ्न बाधा पर्‍यो भने ।
आफैं ढाल बनी उस्को सुरक्षा गर्नुपर्दछ ॥१०१॥
धनको लोभ नगरी साधना र उपासना ।
सिकाई शास्त्र विधिले बनाएर सुशिक्षित ॥१०२॥
शिष्यको दिव्य आकाङ्क्षा संपूर्ण गर्नुपर्दछ ।
यही कर्तव्य गुरुको शिष्यमा हुनुपर्दछ ॥१०३॥
ज्ञानको दीप बालेर शिष्यका मनको भ्रम ।
हटाई शिव सायुज्य प्राप्त गर्न सिकाउने ॥१०४॥
यही हो गुरुको कार्य पुरुषार्थ दिलाउने ।
यसैले गु + रु यो शब्द सदा सार्थक बन्दछ ॥१०५॥

दीक्षाकाल र विधान

अन्नपूर्णा भन्छिन्–

कर्तव्य गुरुको के हो आफ्ना शिष्यहरू प्रति ।
बुझें यो त, अझै मेरा मनमा प्रश्न उठ्तछ ॥१०६॥
दीक्षाको काल कुन हो, कहिले शुभ हुन्छ त्यो ? ।
विधान त्यसको के हो कसरी लिनु पर्दछ ? ॥१०७॥

विद्यानाथ भन्छन्–

दीक्षा ग्रहणकालागि अत्यन्त शुभकाल हो ।
सूर्य ग्रहणको काल यस्मा सिद्धि प्रशस्त छ ॥१०८॥
चन्द्रग्रहणको काल हुन्छ यो पनि उत्तम ।
गुरुको पर्व जो त्यो हो गुरुपूजा हुने दिन ॥१०९॥
वासन्ती र शारदीय दुर्गा–उत्सव कालमा ।
अष्टमी नवमीकाल सबैभन्दा छ उत्तम ॥११०॥

सुखरात्री, मोहरात्री, शिवरात्री र दारुण ।
रात्रीहरू यिनै हुन्छन् दीक्षाका निम्ति उत्तम ।।१११।।
अरु समयका लागि जन्मका नाम राशिले ।
शुभकाल जुराएर सुदीक्षा लिनुपर्दछ ।।११२।।
पुण्यका तीब्रताले नै मन उद्विग्न भैकन ।
दीक्षाको अभिलाषा भो त्यस्तो स्थिति भयो भने ।।११३।।
देवताका मन्दिरमा, तीर्थमा, सिद्धपीठमा ।
दीक्षा लिंदा शुभै हुन्छ त्यसमा पनि सिद्धि छ ।।११४।।
त्यस्तै आतुर दीक्षा छ जो हुन्छ मृत्युकालमा ।
त्यो पनि शुभ हो दीक्षा त्यसमा छैन बन्धन ।।११५।।
स्वयं सद्गुरु आएर जुन्सुकै कालमा पनि ।
राखी मस्तकमा हात दिए दीक्षा भने त त्यो ।।११६।।
अत्यन्त शुभ दीक्षा हो शिवकै त्यो प्रसाद हो ।
त्यो दीक्षा विरलै हुन्छ पाइन्छ तीब्र पुण्यले ।।११७।।
विधिविधान जो सोध्यौ शास्त्रमै हेर्नु पर्दछ ।
मन्त्रले पूर्ण त्यो हुन्छ यहाँ विस्तार गर्दिन ।।११८।।
सोधिहाल्यौ तैपनि त्यो संकेत मात्र गर्दछु ।
प्रयोग गर्नकालागि पद्धति नै प्रशस्त छन् ।।११९।।
क्रियावती जो दीक्षा छ, **आणवी** नै भनिन्छ यो ।
त्यसको विधि विस्तार पाइन्छ तन्त्र–ग्रन्थमा ।।१२०।।
दीक्षा विधानका लागि चाहिन्छ शुभमण्डप ।
शास्त्रीय विधिले यस्को निर्माण गर्नु पर्दछ ।।१२१।।
भूमिको सुपरीक्षा र शल्योद्धार गरेर नै ।
वास्तुयाग गरी त्यस्मा हुन्छ निर्माण मण्डप ।।१२२।।

वास्तुपुरुषको पूजा बलि आदि समर्पण ।
गर्नु शास्त्रीय विधिले यस्को अति महत्त्व छ ।।१२३।।
शुभलक्षणको कुण्ड बनाई हवनादिक ।
अङ्कुरार्पणको कर्म यसमा गर्नुपर्दछ ।।१२४।।
पांच प्रकारका दीक्षाविधि छन् तन्त्रवर्णित ।
राजा, धनी र सामान्य, ब्राह्मण, यति भेदले ।।१२५।।
विधान पनि छन् पांच– उत्तमोत्तम, उत्तम ।
मध्यम र अल्पयुक्त, अत्यल्प उपचारले ।।१२६।।
शिष्यका देहको शुद्धि पहिले हुन्छ त्यस्पछि ।
दुइ वा एक दिनमा **अधिवास** गरेपछि ।।१२७।।
अनि मात्र हुन्छ दीक्षा चतुर्थ दिनमा पछि ।
पूर्वाङ्ग कर्म पहिले गरी पूजा गणेशको ।१२८।।
पुण्याहवाचन गरी श्राद्ध **नान्दीमुखी** अनि ।
गरी उत्सवका साथ प्रवेश हुन्छ मण्डप ।।१२९।।
प्रायश्चित्त आदि गरी शुभ संकल्पले पुनः ।
गुरुपूजा यथाशक्ति पहिले गर्नुपर्दछ ।।१३०।।
आत्म शुद्धि, स्थान शुद्धि, मन्त्रको शुद्धि त्यस्पछि ।
द्रव्यशुद्धि, देवशुद्धि पाँच शुद्धि प्रधान यी ।।१३१।।
गरेरै मात्र नै अर्का दीक्षाका कर्म चल्दछन् ।
सर्वतोभद्रको पूजा, भूतशुद्धि सबै गरी ।।१३२।।
तन्त्रका विधिले न्यास सबै नै गर्नुपर्दछ ।
त्यस्पछि जप–पूजादि गरिन्छन् सब देवको ।।१३३।।
आफ्ना आम्नाय विद्याको निमित्त गुरुपङ्क्ति छन् ।
दीक्षाका कर्ममा तिन्को अर्चना अनिवार्य छ ।।१३४।।

आफूले जसको दीक्षा दिने हो इष्ट देवको ।
पूर्ण कलशमा पूजा शास्त्रीय विधिले गरी ।।१३५।।
गुरुबाट मन्त्र दीक्षा यथावत् लिनु पर्दछ ।
हवनादि कर्म हुन्छन्, कुमारी अर्चना पनि ।।१३६।।
अभिषेक त्यहाँ हुन्छ गुरुले गर्दछन् पछि ।
दिएको यो मन्त्र दीक्षा साक्षात् शक्तिप्रवेश हो ।।१३७।।
शिष्यका शिरमा हात राखेर मूल मन्त्रको ।
पहिले गुरुले गर्छन् जप पूर्ण विधानले ।।१३८।।
दाहिने कानमा फेरि तीन पल्ट सुनाउंछन् ।
त्यस्पछि गुरुले गर्छन् पवित्र जलले अनि ।।१३९
अभिषेक हुन्छ पछि द्रव्यादि दान–दक्षिणा ।
जसरी गुरु सन्तुष्ट हुन्छन् पूजा त्यसै गरी ।।१४०।।
गुरुलाई गर्नुपर्छ प्रसन्न पार्नुपर्दछ ।
खुसी भए मात्र गुरु विद्या सफल बन्दछ ।।१४१।।
गुरु नै शिव हुन् साक्षात् उनी ज्योतिः स्वरूप हुन् ।
ज्योतिः प्रवेश हो मन्त्र–दान, दीक्षा त यज्ञ हो ।।१४२।।
अनि तीन दिनसम्म गुरुकै घरमै बसी ।
शिष्यले मन्त्र–अभ्यास गर्नुपर्छ विधानले ।।१४३।।
लिए पछि मन्त्र–दीक्षा कुनै समयमा पछि ।
तन्त्रोक्त विधिले गर्नु पुरश्चरण मन्त्रको ।।१४४।।
यस्ले मन्त्र सिद्ध हुन्छ समर्थ मन्त्र बन्दछ ।
प्रसन्न देवता हुन्छन् अनिष्ट दूर भाग्दछ ।।१४५।।
गुरुभक्ति शिष्यको र देवतामय मन्त्रको ।
अभ्यासले सिद्धि हुन्छ, यही तन्त्र रहस्य हो ।।१४६।।

अन्यदीक्षा–विधान

अन्नपूर्णा भन्छिन्–

क्रियावती यो दीक्षाको विधि संक्षेपमा सुनें ।
विधान अन्य दीक्षाको जान्न चाहन्छु भन्नुहोस् ।।१४७।।

विद्यानाथ भन्छिन्–

क्रियावती यो दीक्षाको विधान अति विस्तृत ।
छ, यो विधि गर्न सक्छ स्वस्थ संपन्न व्यक्तिले ।।१४८।।
जसले गर्न सक्तैन, सांच्चिकै असमर्थ छ ।
संक्षेपमा गरे हुन्छ त्यस्को छोटो विधान छ ।।१४९।।
राम्रो मुहूर्त हेरेर **सर्वतोभद्र**मा पनि ।
नयाँ कलश थापेर देवदेवादिको त्यहाँ ।।१५०।।
गरी पूजा, होम गरी, हुन्छ दीक्षा दिए पनि ।
गुरु–पूजा गर्नुपर्छ आफ्नो विभव शक्तिले ।।१५१।।
यति गर्दा पनि हुन्छ जस्को श्रद्धा छ मन्त्रमा ।
गुरु खुसी भए विद्या त्यसै सफल बन्दछ ।।१५२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रको रहस्यार्थका ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा दीक्षाविधान नामक पाँचौं अक्ष–उ सकियो ।

छैठौं अक्ष-ऊ

दीक्षाभेद

दीक्षाका अन्यभेद

अन्नपूर्णा भन्छिन्–

दीक्षा अर्को वर्णमयी, कला–वेधमयी पनि ।
कस्ता हुन् यी सबै दीक्षा ? अलि विस्तार गर्नुहोस् ।।१।।

विद्यानाथ भन्छन्–

मन्त्र हुन्छन् वर्णमय, वर्ण, देवस्वरूप हुन् ।
शिष्यका देहमा वर्ण सन्निवेश गराउने ।।२।।
दीक्षाले शिष्यलाई नै देवरूप बनाउंछ ।
यो हो **वर्णमयी दीक्षा** सर्वसिद्धिप्रदायिनी ।।३।।
यस्तै **कलामयी दीक्षा** शिष्यका ता शरीरमा ।
सबै कलाहरू वेध गुरुले नै गराउंछन् ।।४।।
कलामय देवता छन् यिनूको वेध भएपछि ।
शिष्य हुन्छ स्वयं देव पर्दछन् सिद्धि पाउमा ।।५।।
दीक्षा **वेधमयी** जो छ पाउनासाथ यो जन ।
संसार भाव नै छुट्छ जीविते मुक्त बन्दछ ।।६।।
कुण्डली नै उठाएर गरिन्छ चक्रभेदन ।
लगी सहस्रदलमा शिवसंग मिलाउने ।।७।।
विद्या **वेधमयी दीक्षा** साक्षात् शिव बनाउने ।
पुण्यका तीब्रताले नै यो ता पाइन्छ भाग्यले ।।८।।
गणेश र सूर्य, विष्णु, शिव, देवी यी पाँचका ।
पञ्चायतन दीक्षा हो यसैलाई लिइकन ।।९।।

अधिकार प्राप्त हुन्छ पूजाको पञ्चदेवका ।
सबै पाप नष्ट हुन्छन् यसैबाट शरीरका ॥१०॥
सूर्य, चन्द्र ग्रहणमा त्यस्तै नैं पर्व–पर्वमा ।
तीर्थादि स्थानमा दीक्षा हुने जो उपदेशले ॥११॥
उपदेश दीक्षा हो यो कलिमा यो विशिष्ट छ ।
नगरी गुरुचेलाको परीक्षा राम्ररी सबै ॥१२॥
अन्यायले वा बलले अथवा धन–लोभले ।
दिए, लिएमा यो दीक्षा हुंदैन इष्ट लाभ ता ॥१३॥
देवताले श्राप दिन्छन् विद्या नै हुन्छ निष्फल ।
सिद्धिको ता कुरै छैन दुःख हुन्छ पदे–पदे ॥१४॥

क्रमदीक्षा (विशेष)

अन्नपूर्णा भन्छिन्–

अर्को जो क्रम दीक्षा छ त्यससंबन्धमा पनि ।
म केही जान्न चाहन्छु अब बिस्तार गर्नुहोस् ॥१५॥

विद्यानाथ भन्छन्–

महत्त्व क्रम–दीक्षाको अत्यन्तै नै विशिष्ट छ ।
क्रमदीक्षा भनेको हो क्रमैले लिइने हुँदा ॥१६॥
सुन्दरी, तारिणी, काली, त्रिशक्ति अति मुख्य छन् ।
यिनको क्रमले दीक्षा लिएमा ऋद्धि–सिद्धि छ ॥१७॥
सुन्दरी, तारिणी, काली त्रिशक्ति–भित्रका पनि ।
उत्तरोत्तर क्रम छन्, तह छन् तिनका पनि ॥१८॥
भिन्न भिन्न अवस्था छन् तिनका भिन्न रूप छन् ।
शुरुका क्रमले दीक्षा लिएर बढ्नु पर्दछ ॥१९॥
मेधा, साम्राज्यमेधा यी दुइ दीक्षा लिएपछि ।
महासाम्राज्यमेधाको सुदीक्षा लिनुपर्दछ ॥२०॥

दिव्यसाम्राज्यमेधा छ, त्यसभन्दा पनि पर ।
छ **दिव्यसर्वसाम्राज्यमेधा** परम उत्तम ।।२१।।
उठाई कुण्डलीशक्ति चक्रभेद गरेर नै ।
सहस्रदलमा बस्ने शिवसंग मिलाउने ।।२२।।
शक्ति–चालनको ज्ञान दिने दीक्षा छ यौगिकी ।
मेधा दीक्षा भनी जान, त्यस्पछिका सबै अरु ।।२३।।
साम्राज्यादिक दीक्षा छन् भिन्नछन् मन्त्र–भेदले ।
महा, दिव्य, दिव्य–सर्व–साम्राज्य आदि नामका ।।२४।।
विशिष्ट कर्महरूले बढाई ज्ञानको तह ।
ब्रह्मज्ञानसम्म पुगी मोक्ष प्राप्त गराउने ।।२५।।
यी छन् दीक्षाहरू श्रेष्ठ क्रमशः लिनुपर्दछ ।
यिन्का विधान छन् गोप्य तन्त्रमा छन् सुविस्तृत ।२६।।
श्रीविद्या, कालिकाविद्या, ताराविद्या यिनीहरू ।
नलिई **क्रमदीक्षा** यो जो जप्छ हुन्छ निष्फल ।।२७।।
दरिद्री र महाघोरी, लक्ष्मीहीन र निन्दित ।
भई झन् कष्ट पाएर, अनिष्टकर बन्दछ ।।२८।।
शास्त्रका विधिले जस्ले **क्रमदीक्षा** लिएर नै ।
आफ्नो मन्त्र सिद्ध गर्छ सबै ऐश्वर्य पाउंछ ।।२९।।
आठै सिद्धि सधैं त्यस्का पाउमा सब पर्दछन् ।
सुखी भई यहाँ भोग भोगेर अन्तमा पछि ।।३०।।
जन्म मृत्यु पार गरी मोक्षको पद पाउंछ ।
गुरुका नै कृपाबाट यो सबै हुन्छ संभव ।।३१।।

षडाम्नायदीक्षा

अन्नपूर्णा भन्छिन्–

समर्थ हुन सक्तैनन् कलिमा सब साधक ।
नसक्नेले त के गर्ने, रहने के अदीक्षित ? ।।३२।।
कुनै उपाय अर्को छ भने त्यो भन्नु होस् अब ।
यो **षडाम्नायको दीक्षा** पाइन्छन् कसरी सबै ।।३३।।

विद्यानाथ भन्छन्–

अधिकारी सबै हुन्नन् कलिमा असमर्थ छन् ।
सबैको योग पुग्दैन, सत्य तै भन्दछ्यौ तिमी ।।३४।।
दैवका वशले कोही गर्न सक्तैन यो क्रम ।
त्यसका निम्ति अर्को छ महाक्रम त्यसै गरी ।।३५।।
अर्को लघुक्रम पनि छ नपाए कुनै गुरु ।
अवस्थाका भिन्नताले क्रम यी भिन्न भिन्न छन् ।।३६।।
गुह्यकाली र भुवना, कुब्जा, दक्षिणकालिका ।
तारा र सुन्दरीविद्या, चामुण्डाका नवार्ण छन् ।।३७।।
सबै दीक्षा दीप्त नै छन् सबै सिद्ध गराउने ।
यिनको क्रम अर्को छ सजिलो छ, सुसूक्ष्म छ ।।३८।।
पहिलो नौ बर्षसम्म विघ्न आउन सक्तछ ।
धेरै दुःख पर्न सक्छ धैर्य नै गर्नुपर्दछ ।।३९।।
दुःखका डरले धैर्य नछोडी गर्छ साधन ।
त्यही हुन्छ सर्वसिद्ध नवौं वर्ष वितेपछि ।।४०।।
तर यति वर्षसम्म मन, वच्न, कर्मले ।
कर्म गर्न छोड्नु हुन्न साधना गर्नुपर्दछ ।।४१।।

संपूर्ण दीक्षाका अधिकारी गुरु

अन्नपूर्णा भन्छिन्–

दिन सक्ने सबै दीक्षा पाइन्छन् गुरु नै कहाँ ।
सबैमा अधिकारी जो के यौटै हुन सक्तछ ? ॥४२॥

विद्यानाथ भन्छन्–

पूर्णाभिषेक जो दीक्षा जसले प्राप्त गर्दछ ।
त्यो सबै मन्त्रविद्याको गुरु नै हुन सक्दछ ॥४३॥
यो दीक्षा प्राप्त नगरी दीक्षा पूर्ण हुँदैन त ।
त्यसै मऱ्यो भने त्यो ता नराम्रो गति पाउंछ ॥४४॥
विद्याहरू सबैमा नै दीक्षा यो अभिषेकको ।
सिद्धिको चाहना गर्ने सबैले लिनुपर्दछ ॥४५॥
चन्द्र–सूर्य ग्रहणमा जन्म नक्षत्रमा पनि ।
विशेष पर्वमा दीक्षा लिनु पूर्णाभिषेकको ॥४६॥
शुभ मण्डमा दीक्षा गुरुपूजा गरेर नै ।
अङ्कुरारोपण, वास्तु–याग, होम सबै सकी ॥४७॥
दिव्य, सिद्ध, मानवौघ गुरुपङ्क्ति–प्रपूजन ।
गरी, मुख्य कलशमा अर्चना इष्टदेवको ॥४८॥
त्यसै पूर्ण–कलशले शिष्यका अङ्ग अङ्गमा ।
गर्छन् अभिषेक गुरु दिन्छन् नाम नयाँ पनि ॥४९॥
सोमसूर्याग्नि हो रूप पूर्ण कलशको जल ।
संपूर्ण मल दुःखादि नशिन्छन् अभिषेकले ॥५०॥
अभिषेक क्रिया जान्ने गुरुले वेदमन्त्रले ।
तन्त्रका मन्त्रले त्यस्तै गर्दछन् अभिषेक यो ॥५१॥
पूर्णाभिषिक्त त्यो शिष्य स्वयं नै गुरु बन्दछ ।
सबै नै मन्त्रको उस्ले दीक्षा ता दिन सक्तछ ॥५२॥

दक्षमार्ग, वाममार्ग, त्यस्तै नै कुलमार्गमा ।
घटका द्रव्य अर्कै नै हुन्छन् विधि–विधानले ।।५३।।
पूर्णाभिषेक त्यो हुन्छ नाम फेरिन्छ त्यस्पछि ।
त्यो देवता तुल्य हुन्छ शिव नै बन्दछ पछि ।।५४।।
पूर्णाभिषेक पाएर जहाँ मृत्यु भएपनि ।
त्यो देव–रूप हुन्छ देवकै पद पाउंछ ।।५५।।
पूर्णाभिषिक्तका लागि के देह ! सुखदुःख के ! ।
के हो जन्म ! मृत्यु के हो, सबै ब्रह्म स्वरूप हो ।।५६।।

विद्यानाथ र अन्नपूर्णाको संवादद्वारा शैवतन्त्रका रहस्यार्थ ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा दीक्षाभेद नामक छैठौं अक्ष–ऊ सकियो ।

सातौं अक्ष- ऋ

मन्त्रपरिचय

अन्नपूर्णा भन्छिन्–

दीक्षामा मन्त्र पाइन्छ सिद्धि पाइन्छ त्यस्पछि ।
भन्नु भो, यो बुझें मैले जिज्ञासा अझ बढ्नगो ॥१॥
'मन्त्र' के हो, किन लिने, यसका भेद छन् कति ? ।
भन्नुहोस् यसबारेमा जिज्ञासा शान्त गर्नुहोस् ॥२॥

विद्यानाथ भन्छन्–

जे को मनन गर्नाले त्राण पाइन्छ सर्वथा ।
त्यही नै मन्त्र हो विद्या देवताको स्वरूप हो ॥३॥
नारी पुरुषको योगदेखि मरणसम्मका ।
कर्ममा मन्त्रको योग हुन्छ यो हो विशेषता ॥४॥
अधिकारी हुनै पर्छ वेद र तन्त्र कर्ममा ।
मन्त्र ग्रहणले हुन्छ अधिकार सबैतिर ॥५॥
मन्त्र हुन्छन् वर्णमय वर्ण ता देवरूप हुन् ।
गुरु, मन्त्र, देवतामा भेद छैन कतै पनि ॥६॥
जसरी बीजमा हुन्छ वृक्ष फूल फलादिक ।
लुकेको हुन्छ पहिले, रोपेमा पछि फल्दछ ॥७॥
मन्त्रका बीजमा त्यस्तै देवताको स्वरूप नै ।
छिपेको हुन्छ पहिले दीक्षाले पछि खुल्दछ ॥८॥
मन्त्रमा ता शक्ति हुन्छ असरै मात्र होइन ।
प्रत्यक्ष हुन्छ दीक्षाले त्यसैले काम गर्दछ ॥९॥

राम्रा वचनले राम्रै फल पाइन्छ लोकमा ।
वाणी नराम्रो बोल्नाले नराम्रै फल फल्दछ ।।१०।।
सामान्य जनको बोली शब्दमा शक्ति छ भने ।
कत्रो शक्ति त्यहाँ हुन्छ दीक्षाले प्राप्त मन्त्रमा ।।११।।
ठूलो सामर्थ्य हो मन्त्र, मन्त्र शक्ति र वीर्य हो ।
अमोघ अस्त्र हो मन्त्र मन्त्र नै शब्द ब्रह्म हो ।।१२।।
धर्म, अर्थ, काम, मोक्ष यिनको हेतु मन्त्र हो ।
कहीं कुनै वस्तु छैन मन्त्रबाट नपाइने ।।१३।।
मन्त्रका भेद छन् तीन पुरुष, स्त्री, नपुंसक ।
'हुँ फट्' पद हुने मन्त्र यिन्को प्रकृति पूरुष ।।१४।।
'स्वाहा' पद हुने मन्त्र नारी प्रकृतिका बुझ ।
'नमः' पद हुने मन्त्र यिन्को प्रकृति क्लीब हो ।।१५।।
तीनै प्रकृतिका मन्त्र पुरुष, स्त्री र क्लीबले ।
दिन्छन् सबैले संसिद्धि सबै सामर्थ्य राख्तछन् ।।१६।।
अर्कै प्रकारले मन्त्र यिनका भाग छन् दुई ।
पुं–देवता 'सौर' मन्त्र स्त्री–देव सौम्य मन्त्र हुन् ।।१७।।
सौर, सौम्य यिनै मन्त्र भनिन्छन् अग्निसोम नै ।
आग्नेय मन्त्र ता हुन्छन् प्रयोग झूठ कर्ममा ।।१८।।
हुन्छ सौम्य कर्ममा ता प्रयोग सोम मन्त्रको ।
मन्त्र आविर्भूत हुन्छन् मातृका–भेदले सबै ।।१९।।

मन्त्रको आविर्भाव

अन्नपूर्णा भन्छिन्–

मन्त्र के हो बुझें मैले के हो यस्को विशेषता ।
मातृका–भेदले मन्त्र आविर्भूत भयो भनी ।।२०।।

भन्नुभो, मनमा मेरो जिज्ञासा अति नै भयो ।
मन्त्र आविर्भावबारे अलि विस्तार गर्नुहोस् ।।२१।।

विद्यानाथ भन्छन्–

शिव साक्षात् ब्रह्म नै हुन् अनादि अद्वितीय छन् ।
उन्का नाम रूप छैनन् निर्गुण निर्विशेष हुन् ।।२२।।
उनी नै हुन् शब्दब्रह्म परम ज्ञानरूप हुन् ।
समस्त मातृका उन्कै विराट् विग्रहरूप हुन् ।।२३।।
अज्ञानले बद्ध जीव भवसागरबीचमा ।
डुब्दो र उत्रंदो देखी ज्यादै कारुण्यभावले ।।२४।।
त्यसलाई मुक्त गरी आफ्नै सायुज्यमा लिन ।
मन्त्रका रूपमा देव आफैं प्रकट भैदिए ।।२५।।
यौटै भएपनि पांच भई मूर्ति सदाशिव ।
स्वयं गुरु भई आफ्नी अभिन्न शक्तिलाई नै ।।२६।।
उपदेश गरे मन्त्र त्यही नै श्री गणेशले ।
समाज्ञा शिवकै पाई स्वयं लिखितरूपमा ।।२७।।
सिद्धलाई बताएर त्यही गुरुपरम्परा ।
दिव्य, सिद्ध, मानवौघद्वारा आयो प्रकाशमा ।।२८।।
मातृका–भेदले मन्त्र अनेकौं प्राप्त छन् यहाँ ।
देवता–भेदले मन्त्र छन् भिन्न भिन्न लोकमा ।।२९।।
मन्त्र ता शिव हुन् साक्षात् मन्त्र होइन अक्षर ।
हुनाले यो स्वयं ब्रह्म हुन ता अक्षरै त हो ।।३०।।
त्यो मन्त्र–मन्त्र हुन्छ लिए तन्त्र विधानले ।
स्वयं गुरु भई आई साक्षात् दिन्छन् सदाशिव ।।३१।।
मन्त्र मनन गर्नाले ज्ञाता बन्दछ यो स्वयम् ।
यसैले 'मन्त्र' यो शब्द स्वयं सार्थक बन्दछ ।।३२।।

मन्त्र ता शिवरूपै हो शिवबाटै त शक्तिले ।
पाएर शक्ति यसमा अर्न्तगर्भित हुन्छ नै ।।३३।।
सद्गुरुबाट दीक्षामा लिई तन्त्र–विधानले ।
साधना गर्छ जसले मन्त्र जाग्रत बन्दछ ।।३४।।
तर मन्त्र सिद्ध गर्न संस्कार गर्नुपर्दछ ।
बिभिन्न दोषले गर्दा हुँदैन नत्र सिद्ध यो ।।३५।।
ॐ यो प्रणव पहिले ब्रह्माका श्वास मात्रले ।
आविर्भूत भयो यो नै पहिलो दिव्य मन्त्र हो ।।३६।।
अकार सृष्टिकर्ता हुन् ब्रह्मा प्रथम अक्षर ।
उकार स्थितिकर्ता नै दोश्रो अक्षर विष्णु हुन् ।।३७।।
मकार नाशकर्ता जो तेश्रो अक्षर रुद्र हुन् ।
तीनैको योग नै 'ओम्' हो यस्मै छन् सब देवता ।।३८।।
यही हो कुण्डलीरूप प्राणीका देहमा स्थित ।
मूलाधार चक्रबाटै निस्क्यो यो प्रथम स्वर ।।३९।।
यो 'तार' हो 'प्रणव' हो परात्पर यही त हो ।
यही हो मन्त्रको बीज स्वयं यो ब्रम्हबीज हो ।।४०।।
'सो ऽ हम्' – हंसः प्रणव कै बीज हो जीव जप्तछ ।
ह–सको लोपले यो नै स्वयं प्रत्यक्ष बन्दछ ।।४१।।
ओंकार नै हो पहिलो हृदय मन्त्र मात्रको ।
यो ब्रह्मको वाचक हो यसको ब्रह्म वाच्य हो ।।४२।।
सबै नै देंवता यस्मा निवास गर्दछन् सधैं ।
यसैले नै सबै मन्त्र समर्थ दिव्य बन्दछन् ।।४३।।
शिव नै हुन् ब्रह्म साक्षात् अव्यक्त बिन्दुरूप हुन् ।
यसैबाट नाद भयो यही हो पहिलो स्वर ।।४४।।

नादबाटै पुनः बिन्दु मन्त्रको सूक्ष्म मूल यो ।
भयो प्रकट, त्यो यौटै, पछि विस्तार भो त्यही ।।४५।।
बिन्दुकै भेदले मन्त्र स्वयं बन्दै गए पछि ।
यसैले बिन्दु हो मूल विश्वका सब मन्त्रको ।।४६।।
शिवशक्ति बिन्दु नै हो, यो प्रकाश–विमर्श हो ।
यही नै हो मूल ज्योति यो स्वयं स्वप्रकाश छ ।।४७।।
सबै मन्त्रहरू यस्कै प्रभामण्डल उज्ज्वल ।
यस्कै प्रकाशले मन्त्र बन्दछन् स्वप्रकाशित ।।४८।।
अनेकौं मलले ज्ञानलाई ढाकेसरी यहाँ ।
समावृत भई मन्त्र दिँदैनन् फल लोकमा ।।४९।।
दिई सद्गुरुले मन्त्र आगमोक्तविधानले ।
साधना जसले गर्छ ती आवरण हट्तछन् ।।५०।।
मन्त्र सिद्ध भई देव सुप्रसन्न भएर नै ।
भोग मोक्ष दुबै दिन्छन् कृतार्थ हुन्छ साधक ।।५१।।
मूलाधार चक्रमा छिन् शक्ति कुण्डलिनी परा ।
सर्व वर्णमयी ती छिन् शब्दब्रह्मस्वरूपिणी ।।५२।।
त्यसैबाट सबै बीज निस्केर मन्त्र बन्दछन् ।
हुनाले शक्तिकै रूप शक्तिले युक्त बन्दछन् ।।५३।।
संक्षेपमा भनें मैले मन्त्र उत्पत्तिको कुरा ।
अब के सुन्न चाहन्छ्यौ ? भन, वर्णन गर्दछु ।।५४।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमालातन्त्रको सिद्धान्तपादमा मन्त्रपरिचय नामक सातौं अक्ष–ॠ सकियो ।

आठौं अक्ष-ॠ

मन्त्र दोष र संस्कार

मन्त्रदोष

अन्नपूर्णा भन्छिन्–

मन्त्र के हो बुझें मैले यस्को के हो विशेषता ।
उत्पन्न कसरी भो यो, यसको ज्ञान भो सबै ॥१॥
संस्कार यसको गर्नुपर्छ भन्नु भयो पछि ।
किन के दोष छन् यस्मा कसरी हट्तछन् सबै ॥२॥
भन्नेहोस् मन्त्रका दोष विधि संस्कारका पनि ।
अब म जान्न चाहन्छु जिज्ञासा मनमा छ यो ॥३॥

विद्यानाथ भन्छन्–

हो, मन्त्रमा दोष हुन्छन् यिनलाई हटाउन ।
संस्कार नै गर्नुपर्छ, भन्दछु, ध्यानले सुन ॥४॥
केही मन्त्र दुष्ट हुन्छन् दिँदैनन् ती कुनै फल ।
न त्राण तिनले गर्छन् अनिष्टै बरु बन्दछन् ॥५॥
छिन्न, रुद्ध, शक्तिहीन, बधिर र **पराङ्मुख** ।
नेत्रहीन, कीलित र **स्तम्भित, दग्ध, स्रस्त** र ॥६॥
भीत र **मलिन** अनि, **भेदित** र **तिरस्कृत** ।
सुषुप्त र **मदोन्मत्त, मूर्च्छित, हृतवीर्य** र ॥७॥
बालक, हीन, प्रध्वस्त, कुमार र **युवा** अनि ।
निस्त्रिंशक, प्रौढ, बृद्ध, निर्वीर्य, सिद्धिहीन र ॥८॥
मन्द, कूट, सत्वहीन, बीजहीन र **केकर** ।
निरंश, धूमित अनि, **आलिङ्गित, क्षुधार्तक** ॥९॥

मोहित, अतिदृप्त र **अङ्गहीन** र **क्रुद्ध** र ।
अतिक्रूर र **सब्रीड, विकर, शान्तमानस** ।।१०।।
स्थानभ्रष्ट, सातिवृद्ध, निस्नेह अनि **पीडित** ।
यस्ता छन् दुष्ट मन्त्र सबका भिन्न लक्षण ।।११।।
तन्त्रले नै बताएका छन्, तिनमै हेर्नुपर्दछ ।
मन्त्रका दोष यी नै हुन् नहटाई जप्यो भने ।।१२।।
इष्टसिद्धि हुँदै हुन्न करोडौं कल्पमा पनि ।
यिनका लक्षणहरू तन्त्रमा छन् सुविस्तृत ।।१३।।
जानेर नै त्यहींबाटै गर्नुपर्दछ शोधन ।
अति गोप्य हुनाले नै रहस्य मन्त्र बीजको ।।१४।।
यहीं विस्तार नगरी भनें सङ्केत मात्रले ।
बुझेर मर्म यसको गुरुकै लिई मद्दत ।।१५।।
तन्त्रानुसार संशुद्धि गरेरै जप्नु पर्दछ ।
यसो गरेपछि मात्र मन्त्र संसिद्ध बन्दछ ।।१६।।

मन्त्र–दोष–शुद्धि

अन्नपूर्णा भन्छिन्–

दोष धेरै रहेछन् नि आश्चर्य अति नै भयो ।
तिनको दोष जानेरै जप्नु पर्दछ भन्नुभो ।।१७।।
दोष ता यी रहेछन् नै संशुद्धि कसरी हुने ।
उपाय ता भन्नुहोस् न जिज्ञासा मनमा छ यो ।।१८।।

विद्यानाथ भन्छन्–

उपाय यसको हेर, केही कठिन लाग्दछ ।
तैपनि यसको शुद्धि हुनसक्तछ यो सुन ।।१९।।
गुरु चाहिन्छ यसमा उनै गर्छन् सहायता ।
मन्त्रको ता सुसंस्कार राम्ररी गर्नु पर्दछ ।।२०।।

बसेर योनिमुद्रामा सास तानेर कुम्भक ।
प्राणायाम गरी मन्त्र गर्नुपर्दछ शोधन ।।२१।।
लिएका मन्त्रको ध्यान गरेर ब्रह्मरन्ध्रमा ।
प्राणायाम गरी जप्नु हजार पल्ट मानस ।।२२।।
यो योग मार्ग हो हेर यसमा योगको क्रिया ।
गरी छ चक्रमा आफ्नो देवताको सुचिन्तन ।।२३।।
पूजा, तर्पण, होमादि सबै नै गर्नुपर्दछ ।
मन्त्र संशुद्धि यसले हुन्छ र दोष हट्‌तछन् ।।२४।।
योनि मुद्रा नजानेमा तार ह्रीं, श्रीं र कामले ।
गरी संपुट र त्यो मन्त्र संख्या आठ हजार ता ।।२५।।
गरेमा जप त्यो मन्त्र दोष मुक्त भएर नै ।
साधनाको योग्य बन्छ, हुन्छ त्यो सिद्धिदायक ।।२६।।
मन्त्रका दश संस्कार गरेर मात्र मन्त्र ती ।
दोष मुक्त हुने हुन्छन् तिनको सुन वर्णन ।।२७।।
जनन, जीवन अनि **ताडन** अनि **शोधन** ।
अभिषेक र **विमलीकरण** र **आप्यायन** ।।२८।।
तर्पण, दीपन, गुप्ति यी हुन् संस्कार मन्त्रका ।
संक्षेपमा यिनैका नै विधि संकेत गर्दछु ।।२९।।
पवित्र पीठमा देवी मातृकाका विधानले ।
पूजा गरी जप गरी प्रत्येकाक्षर मन्त्रको ।।३०।।
गर्नु **जनन संस्कार** यो नै **संजननै** त हो ।
लिएका मन्त्रको आफ्नो आदि, मध्य र अन्तमा ।।३१।।
राखी प्रणव जप्नाले मन्त्रको हुन्छ **जीवन** ।
लेखी आफ्ना मन्त्रको नै प्रत्येकाक्षर पत्रमा ।।३२।।

उच्चारण वायुबीज गर्दै चन्दनको जल ।
हान्नु सय सयपल्ट यो हो **ताडन** मन्त्रको ।।३३।।
ताडनैले सिद्ध हुन्छन् विशेष मन्त्र शावर ।
पैल्हे कुण्ठित ती हुन्छन् सिद्धि पाइन्न त्योविना ।।३४।।
मन्त्रका अक्षर जति फूलले करवीरका ।
उच्चारण अग्निबीज गर्दै होम गर्‍यो भने ।।३५।।
सय सयपल्ट गर्दा मन्त्रको हुन्छ **बोधन** ।
आठ पत्रे पद्म लेखी पीठमा पहिले सरी ।।३६।।
कर्णिकामा मालतीले लेख्नु अक्षर मन्त्रका ।
अश्वत्थका पात लिई प्रत्येकाक्षर मन्त्रले ।।३७।।
'नमः' भन्दै सेक गर्नु **अभिषेक** यही त हो ।
एकसय आठपल्ट तर यो गर्नुपर्दछ ।।३८।।
ज्योतिःस्वरूपको मन्त्र आधार मूल पद्ममा ।
गरी चिन्तन त्यसका मल तीन प्रकारका ।।३९।।
डढेको भावना गर्नु मन्त्रका अग्निले त्यहाँ ।
त्यसैले नै मन्त्र हुन्छ मलले मुक्त निर्मल ।।४०।।
लेखी कुंकुमले मन्त्र पीठमा पहिले सरी ।
भरेर पात्र तामाको कपूर जलले अनि ।।४१।।
एकसय आठपल्ट मन्त्रेका जलले त्यहाँ ।
कुशद्वारा छर्कनाले हुन्छ **आप्यायनै** त्यही ।।४२।।
तामाका पात्रमा मन्त्र कस्तूरी युक्त द्रव्यले ।
लेखी भरी पात्र अर्को कस्तूरी जलले पुनः ।।४३।।
लिएर अर्घको पात्र पढ्दै मन्त्र 'नमः' भनी ।
गर्नु **तर्पण** यो नै हो मन्त्र–संस्कार **तर्पण** ।।४४।।

तार लज्जा र लक्ष्मीका मन्त्र जप्तै जगाउनु ।
यही मन्त्र **जीवन** हो यसैले मन्त्र जाग्दछ ।।४५।।
आफ्नो मन्त्र लुकाएर राख्नु हो मन्त्र **गोपन** ।
यिनै हुन् दश संस्कार यिनैले मन्त्र जाग्दछन् ।।४६।।
सबै मन्त्रहरूलाई गर्ने जो विधि जाग्रत ।
गुरुले नै गर्नुपर्छ शिष्यका सिद्धि हेतुले ।।४७।।
प्रबोध कालमा जप्ता मन्त्र ता हुन्छ जाग्रत ।
सुतेका कालमा हुन्न मन्त्र जागरण क्रिया ।।४८।।
क्रूर सौम्य दुबै मन्त्र अग्नि सोम स्वरूपका ।
गर्ने तिन्को जागरण छुट्टाछुट्टै विधान छन् ।।४९।।
प्रयोग यिनको गर्ने क्रिया मन्त्र विभिन्न छन् ।
संपन्न गुरुले गर्छन् उन्कै चाहिन्छ मद्दत ।।५०।।
दुष्ट मन्त्र लिनै हुन्न पहिले यो त मुख्य छ ।
लिनै पर्ने भए यस्को संस्कार गर्नुपर्दछ ।।५१।।
दीक्षाकै कालमा यस्को सुसंस्कार गरेर नै ।
लिएमा हुन्छ यो मन्त्र सर्वथा सिद्धिकारक ।।५२।।
मन्त्र जागर्तिका लागि आगमोक्तविधानले ।
छुट्टै विधि गर्नुपर्छ सिद्धि हुन्छ सुनिश्चित ।।५३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा मन्त्रदोष संस्कार नामक आठौं अक्ष–ॠ सकियो ।

नवौं अक्ष-लृ

मन्त्र, मन्त्रार्थ, मन्त्रशिखा, मन्त्रचैतन्य

मन्त्रार्थ

अन्नपूर्णा भन्छिन्–

मन्त्र र मन्त्रको अर्थ मन्त्रचैतन्य र शिखा ।
मन्त्रको सुन्न चाहन्छु तिनको के माहात्म्य छ ।।१।।

विद्यानाथ भन्छन्–

मन्त्र र मन्त्रको अर्थ मन्त्रचैतन्य र शिखा ।
मन्त्रको, न बुझी जप्ता जप नै हुन्छ निष्फल ।।२।।
मन्त्रको सिद्धिकालागि यिनको के महत्त्व छ ।
माहात्म्य यिनको के हो भन्दछु, ध्यानले सुन ।।४।।
मन्त्र के हो भनें मैले, उत्पत्ति यिनको पनि ।
कसरी भो सब भनें, बताएं भेद मन्त्रका ।।५।।
मन्त्रको अर्थ ता के हो जो म भन्दछु त्यो सुन ।
मन्त्रको अर्थ जानेमा हुँदैन जप निष्फल ।।६।।
मन्त्र ता वर्णमय छन् वर्णै–वर्ण त छन् त्यहाँ ।
तर मन्त्र वर्ण मात्र होइनन् दिव्य अर्थ छ ।।७।।
मन्त्र वाचक हो वाच्य देवताकै स्वरूप हो ।
मन्त्र एवं देवतामा भिन्नता छैन, यो बुझ ।।८।।
देवता ता दिव्य हुन्छन् ती ता ब्रह्मस्वरूप हुन् ।
उनका ता हुँदैहुन्नन् पञ्चभूत शरीर यी ।।९।।
उनका दिव्य गुणको कल्पना हुन्छ देवमा ।
त्यही नै मन्त्रले भन्छ मन्त्रको अर्थ देव हो ।।१०।।

मन्त्रमा देवतारूप लुके झैं वृक्ष–बीजमा ।
छिपेको हुन्छ त्यसमा शक्ति अव्यक्तरूपमा ॥११॥
मातृकाहरू जो जो छन् सबै मन्त्र स्वरूप हुन् ।
सबै नै देवतारूप सबै बीजस्वरूप हुन् ॥१२॥
भिन्न भिन्न देवता छन् देवताका स्वरूप छन् ।
ती सबै कै ब्रह्मरूप यौटै तात्त्विक रूप हो ॥१३॥
देवता भेदले त्यस्तै मन्त्र ता भिन्न भिन्न छन् ।
सबैले एउटै तत्त्व–ब्रह्मतत्त्व बुझाउंछन् ॥१४॥
ॐ यो प्रणव हो मुख्य बीज–मन्त्र सनातन ।
यो ब्रह्मको वाचक हो, हो बाच्य ब्रह्म निर्गुण ॥१५॥
यसैबाट सबै मन्त्र निस्कन्छन् देवभेदले ।
यसबाट भिन्न छैनन् जति मन्त्र भए पनि ॥१६॥
ब्रह्मबाटै सबै देव निस्कन्छन् ब्रह्म हुन् सबै ।
जति मन्त्रहरू जो छन् ब्रह्मैलाई बुझाउंछन् ॥१७॥
बाहिरी रूप छोडेर भित्री तात्त्विक दृष्टिले ।
ब्रह्मको रूप बुझ्नु नै मन्त्रको अर्थ बुझ्नु हो ॥१८॥

मन्त्रचैतन्य

अन्नपूर्णा भन्छिन्–

मन्त्रको अर्थ त बुझें– जतिछन् मन्त्र ती सबै ।
देवताकै वाचक हुन् देवता ब्रह्मरूप हुन् ॥१९॥
मन्त्रले देवताका नै गुण, रूप बुझाउंछन् ।
तत्त्वका दृष्टिले हेर्दा मन्त्रको अर्थ ब्रह्म हो ॥२०॥
यो ता बुझें अब अर्को **मन्त्रचैतन्य** भन्नुहोस् ।
रहस्य यसको के हो अब विस्तार गर्नु होस् ॥२१॥

विद्यानाथ भन्छन्–

मन्त्र–चैतन्यको हेर, रहस्य गोपनीय छ ।
जिज्ञासा तैपनि तिम्रो मेट्नलाई म भन्दछु ।।२२।।
मन्त्र–चैतन्य जानेमा मन्त्र नै सिद्ध बन्दछ ।
नजाने मन्त्रचैतन्य मन्त्र निष्फल बन्दछन् ।।२३।।
चैतन्यले युक्त मन्त्र हुन्छन् ती सिद्धिदायक ।
चैतन्यले हीन मन्त्र सबै निष्फल बन्दछ ।।२४।।
चैतन्य ब्रह्मको रूप शब्द–ब्रह्म जति सबै ।
चैतन्यरूप नै हुन्छन् मन्त्रचैतन्यरूप हुन् ।।२५।।
चैतन्य जसमा छैन त्यो ता शवस्वरूप हो ।
शव मन्त्र हुँदैहुन्न मन्त्र चैतन्य हो, बुझ ।।२६।।
ब्रह्मको शक्ति चित्शक्ति मातृकारूप हो त्यही ।
मातृका रूप हो मन्त्र मन्त्र चित्शक्तिरूप हो ।।२७।।
मन्त्र चैतन्य जो यो हो साधनाले जगाउंछ ।
जागेर **मन्त्रचैतन्य** मन्त्र सिद्ध गराउंछ ।।२८।।

मन्त्रचैतन्य–विधि

अन्नपूर्णा भन्छिन्–

भन्नुहोस् विधि त्यो के हो जसले सब मन्त्रको ।
चितिशक्ति जगाएर सिद्ध मन्त्र बनाउंछ ।।२९।।

विद्यानाथ भन्छन–

पूर्व वा उत्तर मुख गरी साधक पीठमा ।
बसी, प्राणायाम गरी मूलबन्ध लगाउनु ।।३०।।
छ चक्रको चिन्तन गरी पहिले देहमा सबै ।
मूलाधार चक्रमा जो त्रिकोण अति सुन्दर ।।३१।।

त्यसमा कुण्डली शक्ति सर्वमन्त्रस्वरूपिणी ।
रहेकी छिन् तिनै शक्ति सर्वदेवस्वरूपिणी ।।३२।।
आफ्नो मन्त्र तिनै संझी उठाई हंस–मन्त्रले ।
षट्चक्र भेदन गरी सहस्रार पुऱ्याउनु ।।३३।।
शिवसंग तिनैलाई मिलाई सामरस्यको ।
गरी ध्यान अक्षमाला वर्ण बीच लगाउँदै ।।३४।।
आफ्नो मन्त्र त्यहां जप्नु, त्यहीं चित्त लगाउनु ।
सामरस्यबाट प्राप्त जलले गर्नु तर्पण ।।३५।।
आफ्ना मूल देवताको, त्यही नै मार्गले पुनः ।
आधार चक्रमा ल्याई मन्त्र सिद्ध बनाउनु ।।३६।।
संक्षेपमा भनें मैले चितिशक्ति जगाउने ।
यो विधि गुरुले मात्र शिष्यलाई सिकाउंछन् ।।३७।।
यो विधि राम्ररी जान्न गुरुसंगै बसेर नै ।
सिक्नुपर्छ योग–विद्या गुरुले नै बताउंछन् ।।३८।।
यही हो मन्त्रचैतन्य जसको विधि योग हो ।
यस्ले आफ्नो मन्त्रलाई शीघ्रताले जगाउंछ ।।३९।।
कुण्डलीबाट नै मन्त्र निस्केका हुन्, सबै भनें ।
कुण्डली नै मुख्य शक्ति मन्त्रचैतन्यरूपिणी ।।४०।।
यही हो **मन्त्रनिर्वाण** यस्को ज्ञान भएपछि ।
सिद्ध मन्त्र भई इष्ट पूर्ण बन्दछ निश्चित ।।४१।।

मन्त्रशिखा

अन्नपूर्णा भन्छिन्–

मन्त्रचैतन्य के हो यो विधि के हो बुझें अब ।
भन्नोस् मन्त्रशिखा के हो जान्ने इच्छा छ यो अब ।।४२।।

विद्यानाथ भन्दछन्–

त्यही नै हो **मन्त्रशिखा** शिखाचैतन्यरूपिणी ।
यिन्मा खास भेद छैन केवल भेद सूक्ष्म छ ॥४३॥
मूल आधार जो चक्र त्यसका बीचमा स्थित ।
कुण्डली जो महाशक्ति साक्षात् चैन्यरूपिणी ॥४४॥
यो ता भनिसकें मैले प्राण यस्का वरिपरि ।
घुम्दछन् यिनले नै त्यो जगाइकन कुण्डली ॥४५॥
ब्रह्मरन्ध्र पुऱ्याएर सामरस्य गराउनु ।
त्यहाँको अमृत पिई फर्कनु मूल–चक्रमा ॥४६॥
मन्त्र जप्तै देवताको ध्यान गर्दै यही क्रिया ।
दोहऱ्याई सधैं गर्ने जाने र आउने क्रिया ॥४७॥
जबसम्म हुन्न आफ्नो शिवमा मनको लय ।
यही नै हो **मन्त्रशिखा** मन्त्रलाई जगाउने ॥४८॥
अंध्यारो घरमा केही देखिन्न दीपले विना ।
हुँदैन **मन्त्रचैतन्य** नबली मन्त्रको शिखा ॥४९॥
शिखा यो राख्नु नै पर्छ गोपनीय सधैं भरी ।
यो हो योगक्रिया हेर, तिमीले बुझ्नुपर्दछ ॥५०॥
शिव–शक्ति मन प्राण रहुन्जेल भिन्न स्थानमा ।
मन्त्र सिद्ध हुँदै हुन्न कल्पकोटि जपेपनि ॥५१॥
मन्त्रका दश संकेत अरू छन् त्यो पनि सुन ।
यस्को ज्ञान न भै मन्त्र जति जप्ता पनि सबै ॥५२॥
हुन्छन् निष्फल त्यो भन्छु तिमी यो ध्यानले सुन ।
मन्त्रका सूतक दुई छन् छुटाउनु पर्दछ ॥५३॥
कुल्लुका मन्त्र अर्को छ त्यस्लाई जप्नुपर्दछ ।
सेतु अनि **महासेतु मन्त्रचैतन्य,** मन्त्रको ॥५४॥

नवाङ्गन वासना र मन्त्रतत्त्व–विमर्शन ।
निर्वाण र सामरस्य दश संकेत यी बुझ ।।५५।।
यिनका विधि धेरै छन् देवता–भेदले पनि ।
विधि भिन्न हुँदै जान्छन् मन्त्र नै पनि भिन्न छन् ।।५६।।
प्रयोग यिनको गर्नु गुरुबाटै सिकेपछि ।
मन्त्र धेरै हुनाले नै यहाँ विस्तार गर्दिन ।।५७।।

मन्त्रमा शाप

अन्नपूर्णा भन्छिन्–

देवतारूप हुन् मन्त्र भन्नुभो त्यो बुझें सबै ।
मन्त्रमा शाप छन् भन्छन् यस्मा आश्चर्य लाग्दछ ।।५८।।
शापमुक्ति न भै मन्त्र जप्नाले हुन्छ निष्फल ।
कसरी यो शाप लाग्यो ? जिज्ञासा मनमा छ यो ।।५९।।

विद्यानाथ भन्छन्–

हो यो आश्चर्य लाग्दो छ मन्त्र हुन् देवता स्वयम् ।
तैपनि छन् शाप ग्रस्त मुक्त गर्ने विधान छन् ।।६०।।
देवताले शाप आफै मोहका वशमा परी ।
अर्कालाई दिएका छन् यसैले शापदग्ध छन् ।।६१।।
देवता र दानवले गरे मथन सिन्धुको ।
सुधा सुरा दुबै निस्के देवताले पिए दुबै ।।६२।।
भए उन्मत्त आफैंमा गर्न थाले विवाद यो ।
आफैंलाई सबैभन्दा भन्न थाले म श्रेष्ठ हुं ।।६३।।
मोहभङ्ग गर्न आए श्रीविष्णु बीचमा त्यहीं ।
भने जस्ले गर्न सक्छ दुबै शाप, अनुग्रह ।।६४।।
त्यही नै श्रेष्ठ हो देव त्यही नै पूज्य बन्दछ ।
एउटाले दिए शाप अर्कालाई त्यसैगरी ।।६५।।

दिई शाप भए शप्त सबै ती देवता स्वयम् ।
देवता ता मन्त्र नै हुन् यसैले मन्त्र शप्त छन् ॥६६॥
ब्रह्मा, वशिष्ठ र विश्वामित्रले पनि शाप ता ।
दिएका छन् मन्त्रलाई ती पनि शापग्रस्त छन् ॥६७॥
केही मन्त्रहरूलाई सराप सिद्धले पनि ।
दिएका छन्, ती पनि मन्त्र शापले ग्रस्त छन् सदा ॥६८॥
केही मन्त्र कीलित छन् उत्कीलन विना तिनी ।
जप गर्नु व्यर्थ हुन्छ सिद्धि पाइन्न सर्वथा ॥६९॥
देवताका मन्त्रहरू शापग्रस्त भए पनि ।
शापबाट मुक्त गर्ने मन्त्रका उपदेश छन् ॥७०॥
शापका मुक्तिको मन्त्र जप पूर्ण गरेपछि ।
अनि मात्र मूल मन्त्र जप्ता सफल बन्दछ ॥७१॥
त्यस्तै कीलित जो मन्त्र उत्कीलित नभैकन ।
जपेमा सिद्धि नै हुन्न हानि नै हुन्छ केवल ॥७२॥
मनुष्य देहमा जस्तै मन्त्रका देहमा पनि ।
भिन्न भिन्न अंग हुन्छन् त्यो पनि जान्नु पर्दछ ॥७३॥
गएर गुरुका सामु भक्तिले सोध्नु पर्दछ ।
उनैले यी सबै भन्छन् मन्त्रसिद्धि हुने कुरा ॥७४॥
मन्त्रका प्रणव–कान, मुख–रेफ अनि स्वर ।
आंखा हुन् वर्ण अरु–हृदय स्थान हुन् सबै ॥७५॥
यो जानी जसले जप्छ गराएर अकीलित ।
संपूर्ण विधिको सिद्धि हुन्छ यो छ सुनिश्चित ॥७६
यो नजानेर जो जप्छ पर्छ त्यो त विपत्तिमा ।
त्यसैले गुरुबाटै यो राम्ररी जान्नु पर्दछ ॥७७॥

मन्त्रसिद्धिको लक्ष्यण

अन्नपूर्णा भन्छिन्–

मन्त्र संबन्धमा धेरै भन्नुभो सब ती बुझें ।
कस्ता लक्षण देखिन्छन् मन्त्र सिध्दि भएपछि ।।७८।।

विद्यानाथ भन्छन्–

मनोरथ सबै आफ्ना सजिलै पूर्ण बन्दछन् ।
लोकमा दुःख देखिन्न परमेश्वरकै कृपा ।।७९।।
वर्षेको मात्र देखिन्छ, श्रद्धा लाग्दछ भक्तिमा ।
भोगमा मन जादैन इच्छा जाग्दछ मुक्तिमा ।।८०।।
दया जाग्दछ सर्वत्र, हुन्छ वैराग्य लोकमा ।
यौटै देखिन्छ सर्वत्र, यिनै हुन् फल सिद्धिका ।।८१।।
अनासक्त भई भोग भोगेर यसलोकमा ।
फेरि जन्मनु पर्दैन देहपात भएपछि ।।८२।।
शिवै भएर ऊ बस्छ मन्त्र सिद्ध भएपछि ।
भवसागरको दुःख सधैंका लागि छुट्टतछ ।।८३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा मन्त्र, मन्त्रार्थ, मन्त्रशिखा मन्त्रचैतन्य नामक नवौं अक्ष–लृ सकियो ।

दशौं अक्ष-ॡ

जपपरिचय

जप र जपभेद

अन्नपूर्णा भन्छिन्–

मन्त्र र मन्त्रका भेद, मन्त्र संस्कार, शोधन ।
मन्त्रार्थ, मन्त्रचैतन्य, शिखा नै मन्त्रको पनि ।।१।।
मन्त्रसंकेत, शापादि मन्त्रको देह यी सबै ।
सुनें संक्षेपमा फेरि जान्ने इच्छा बढ्यो अझै ।।२।।
जप र जपका भेद, जप गर्ने विधान के ।
अब यो सुन्न चाहन्छु जिज्ञासा मनमा भयो ।।३।।

विद्यानाथ भन्छन्–

मन्त्रका अक्षर जति आनुपूर्वी क्रमैसित ।
गर्दैरहनु आवृत्ति यही नै **जपयज्ञ** हो ।।४।।
दीक्षामा सद्गुरुबाट कुनै मन्त्र लिएपछि ।
गर्दैरहनु यसको आवृत्ति हो यही **जप** ।।५।।
जप ठूलो यज्ञ नै हो विशिष्ट सब यज्ञमा ।
यसैले देवता चाँडै प्रसन्न सब बन्दछन् ।।६।।
जपका तीन छन् भेद पहिलो मनले हुने ।
उच्चारण हुँदै हुन्न मन्मनै गर्नु पर्दछ ।।७।।
सुनिने ता हुँदैहुन्न यो आफ्नै कानले पनि ।
यो नै हो **मानस** जप अरू भन्दा विशिष्ट छ ।।८।।
उपांशु हो जप अर्को यसमा ओंठ चल्दछन् ।
स्वयंका कानले सुन्छ सुन्दैन अरुले कुनै ।।९।।

स्तरका दृष्टिले हेर्दा यस्को छ स्तर मध्यम ।
मानस जप जस्तो यो होइन अति उत्तम ॥१०॥
अर्को बोलेर नै गर्ने सबले सुनिने गरी ।
यो ता जप **वाचिक** हो सबैमा यो छ अन्तिम ॥११॥
उत्तम मानस जप, उपांशु जप मध्यम ।
अधम वाचिक जप तीन यी जप यज्ञ हुन् ॥१२॥
जपले देवता चाँडै प्रत्यक्ष हुन सक्तछन् ।
भई प्रसन्न धेरै नै दिन्छन् ऐश्वर्य उत्तम ॥१३॥
जप्ने नियम धेरै छन् सबै नै मान्नुपर्दछ ।
राम्ररी जप गर्नाले सिद्धि प्रत्यक्ष बन्दछ ॥१४॥
शुद्ध भै आचमनले प्राणायाम गरेर नै ।
न्यास, ध्यान गरी आफ्नो विनियोग सबै सकी ॥१५॥
कुनै माला लिई मन्त्र गरी संख्या सुनिश्चित ।
गरी जप ईशलाई गर्नुपर्छ समर्पण ॥१६॥
आचमन,प्राणायाम, न्यास फेरि गरेपछि ।
जप सिद्ध मानिइन्छ यसैले फल मिल्दछ ॥१७॥
यो हो साधारण विधि सबैमा मिल्न सक्तछ ।
विशिष्ट विधि ता आफ्ना अलग्गै हुन सक्तछन् ॥१८॥

अजपा

उठ्ना साथै सबेरै नै गर्नु पर्ने क्रिया छ जो ।
त्यस्मा आफैंआफ हुने अजपाको विधान हो ॥१९॥
सास चल्छ तल माथि श्वास प्रश्वास चल्दछ ।
प्रकृतिले स्वयं गर्ने अजपाको विधान यो ॥२०॥
जीवनिस्तारका लागि विधाताले कृपा गरी ।
स्वयं संचालित हुने अजपाको विधान हो ॥२१॥

सामान्य जनले सोच्छ श्वास प्रश्वास मात्र हो ।
तर विज्ञ भने सोच्छ **अजपा जप** हो यही ॥२२॥
यौटा दीक्षित व्यक्तिले विहानै प्रात–कृत्यमा ।
हंस मन्त्र मात्र जप्छ श्वास प्रश्वासमा सधैं ॥२३॥
सास बाहिर जांदामा हकार जप्तछ भने ।
तान्दा सास भित्रपट्टि सकार जप गर्दछ ॥२४॥
त्यसैले नै हंस मन्त्र श्वास प्रश्वासमा सधैं ।
जपेको हुन्छ उसले अजपा जप हो यही ॥२५॥
सोऽहं सः 'म त्यही नै हुं' जप्तै दीक्षितले सधैं ।
एकता ब्रह्मका साथ राख्ने कोशिश गर्दछ ॥२६॥
क्रम हो भूतशुद्धिको यसमा हंस–मन्त्रको ।
सधैं नै भावना हुन्छ यही हो जप उत्तम ॥२७॥
धर्म अर्थ काम मोक्ष पुरुषार्थ त चार छन् ।
पछिल्लो यिनमा मोक्ष परम पुरुषार्थ हो ॥२८॥
भव सागरको दुःख मोक्षले नै हटाउंछ ।
जन्म र मृत्युको बन्ध यसैले नष्ट गर्दछ ॥२९॥
अन्तर्याग बहिर्याग सबै नै तन्त्रकर्मको ।
मुख्य प्रयोजनै हो यो भोग ता गौण मात्र हो ॥३०॥
जपले देवता तुष्ट बनेर ज्ञान ब्रह्मको ।
दिन्छन् हुन्छ यसैले नै मोक्ष सुलभ बन्दछ ॥३१॥
यही हो जपको मर्म देवताको प्रसाद हो ।
यसैले नै इष्ट सिद्धि हुन्छ निश्चित यो बुझ ॥३२॥
जप गर्दा मुख्य भाव राख्नै पर्ने छ यो बुझ ।
त्यो भाव हो सदा ऐक्य गुरु आत्मा र मन्त्रको ॥३३॥

जपनियम

जप गर्ने नियमको गर्नुपर्दछ पालन ।
यसैले जपको सिद्धि शीघ्रताले गराउंछ ।।३४।।
पृथिवीमा सदा सुत्नु, पालना ब्रह्मचर्यको ।
धेरै नबोल्नु, मस्त बस्नु, गुरुको गर्नु सेवन ।।३५।।
नित्य पूजा, नित्य दान, देवता स्तुति कीर्तन ।
पूजा नैमित्तिकी गर्नु, विश्वास गुरु, देवमा ।।३६।।
निष्ठाले नै सधैं जप्नु कर्म हुन् मन्त्रसिद्धिका ।
पुरश्चरण गर्दा यी गर्नुपर्दछ पालन ।।३७।।
गुरुमा र देवतामा सधैं मन लगाउनु ।
हुनु पवित्र र मौन बस्नु, मन्त्रार्थ चिन्तन ।।३८।।
गर्नु, हुनु अनुद्विग्न जपका धर्म हुन् यिनी ।
देवता गुरु आत्मा र मन्त्रमा त अभेद छ ।।३९।।
यही चिन्तन हो मर्म जपको बुझ्न सर्वदा ।
अल्छि लाग्नु, हाइगर्नु, निद्रा लाग्नु, निदाउनु ।।४०।।
थुक्नु, डराउनु, नीचस्पर्श गर्नु, रिसाउनु ।
यिनै हुन् जपका विघ्न हुनै नदिनु यी सबै ।।४१।।
लोभ, क्रोध र मात्सर्य, काम, द्वेष र ताडन ।
दम्भ, उच्चाटन, अनि मिथ्या, अप्रिय भाषण ।।४२।।
गीत, वाद्य, नाटकादि, गरिष्ठ खान पान यी ।
जपका विघ्नकारी हुन् यी सदा त्याग्नु पर्दछ ।।४३।।
नखाई, नबसी, पल्टी, हिंड्दै, खाँदै र मार्गमा ।
अशुद्ध स्थानमा वस्त्र नै, मैलो र अपवित्र ।।४४।।
लाई गोडा पसारेर ब्यग्र खिन्न भएर ता ।
मन्त्र जप्नु हुन्न यस्ले बाधा पार्दछ सिद्धिमा ।।४५।।

यस्तो पर्‍यो भने फेरि प्रायश्चित्त गरेर नै ।
जप गर्नुपर्छ यो हो तन्त्रको अनुशासन ॥४६॥

जपविधान

अन्नपूर्णा भन्छिन्–

जप के हो, त्यो त बुझें, तिन्का भेदहरू सुनें ।
मन्त्र अक्षर आवृत्ति जप हो भन्नु भो यहाँ ॥४७॥
तर म जान्न चाहन्छु– के अक्षर पुनः पुनः ।
भन्दैमा देवता तुष्ट हुन्छन् र, भन्नुहोस् न यो ॥४८॥
एउटै बीज धेरैका भएका पनि देख्तछु ।
देवताका भेद किन यौटै बीज भएपछि ॥४९॥
यदि बाचक हो मन्त्र देवता वाच्य हुन् भने ।
सबै देव खुसी हुन्छन् ? एउटै बीजले पनि ॥५०

विद्यानाथ भन्छन्–

हो, मन्त्र ता वाचक हो, त्यसको वाच्य देवता ।
मन्त्रले देवताको नै सत्स्वरूप बुझाउंछन् ॥५१॥
प्रत्येक मातृका नै हो मन्त्र, यस्ले बुझाउने ।
देवता ता भिन्न हुन्छन् होइन मात्र अक्षर ॥५२॥
मन्त्र अक्षर हो भन्ने बुद्धि ता ठीक होइन ।
यो ता स्वयं देवता हो भन्ने नै मान्नु पर्दछ ॥५३॥
जप गर्दा त्यसैले नै अर्थको भावना गरी ।
गर्नु पर्छ देवताकै मनमा पूर्ण चिन्तन ॥५४॥
अग्निहीन खरानीमा गरिन्न होम ता कुनै ।
अर्थज्ञान हीन शब्द त्यस्तै हो हुन्छ निष्फल ॥५५
अर्थ हो देवता तत्त्व त्यसको ध्यान चित्तमा ।
गर्दै जप गर्नुपर्छ नत्र यो श्रम मात्र हो ॥५६॥

भिन्न भिन्न देवताका देखिने एक बीज ता ।
यौटै रूप देवताको हुन्छ भन्ने बुझाउनु ।।५७।।
मैले भनें सबै देव ब्रह्मका नै स्वरूप हुन् ।
तत्त्वका दृष्टिले हेर्दा तिनमा भिन्नता छ के ।।५८।।
सबै कल्याणकारी हुन् भक्तका इष्ट गर्दछन् ।
भोग र मोक्ष दाता हुन् रूचिले मात्र भिन्न छन् ।।५९।।
नदीहरू भिन्न भिन्न सबै सागरमा गई ।
मिलेपछि सबै सिन्धु, त्यस्तै नै सब मन्त्र हुन् ।।६०।।
भिन्न भिन्न देवताको मनमा भावना गरी ।
जपे पनि भिन्न मन्त्र सबैको लक्ष्य मुक्ति हो ।।६१।।
मलको नाश गर्नु र चित्त शुद्ध बनाउनु ।
आत्मज्ञान प्राप्त गर्नु जपको लक्ष्य हो यही ।।६२।।
स्थिर चित्त गराएर देवको दिव्य रूपमा ।
जप्तै ती देव हुन् मेरा आत्मा, मै देवता त हुं ।।६३।।
भन्ने भाव दृढ गरी जति छन् देवता सबै ।
आत्मामा नै लीन गर्नु जपको विधि हो यही ।।६४।।
जप ता हो स्वयं नाद मन्त्रात्मा जप्य ईश्वर ।
यही भाव सदा राख्नु यही जप विधान हो ।।६५।।
देवताको ध्यान गर्दै जप गर्नु छ उत्तम ।
अति नै बलियो हुन्छ संबन्ध जप–ध्यानको ।।६६।।
मूलाधार चक्रबीच रहेको कन्द लिङ्गमा ।
बेरिएर रहेकीछिन् शक्ति कुण्डलिनी परा ।।६७।।
तिनै हुन् मन्त्रकी शक्ति स्वयं मन्त्रस्वरूप हुन् ।
तिनैलाई जगाएर विभिन्न चक्रमा पनि ।।६८।।

देवताको ध्यान गरी मन्त्र जप्तै उठाउँदै ।
सहास्रारसम्म लानु शिवसंग मिलाउनु ।।६९।।
शिवशक्ति–सामरस्य भई अमृत बग्दछ ।
त्यसले देवतालाई अभिषेक गरेर नै ।।७०।।
स्वयं तृप्त भई फेरि फर्कनु मूल–चक्रमा ।
अन्तर्याग विधि यो हो माहात्म्य यसकै त छ ।।७१।।
जप र ध्यानको ठूलो यही नै याग योग हो ।
त्यसैले जपको स्थान ठूलो छ तन्त्र शास्त्रमा ।।७२।।
पहिले गरिने प्रातः अजपाको विधान जो ।
त्यसमा जप वैशिष्ट्य भनें त्यो त सुनिसक्यौ ।।७३।।
शौच स्नान गरी फेरि गायत्रीको विधान छ ।
त्यस्मा पनि जपै गर्ने, गर्ने पर्ने विधान छ ।।७४।।
त्यस्पछि शक्ति दीक्षाको प्रातः सन्ध्या विधान छन् ।
यहाँ पनि जपै गर्ने त्यसैकै छ विशेषता ।।७५।।
माला लिई गनी संख्या जप गर्नु छ उत्तम ।
नगनी ता गर्नु हुन्न संख्या ता राख्नु पर्दछ ।।७६।।
दाहिने हातमा माला लिएर भक्ति भावले ।
नमस्कार गरी जप्नु अत्युत्तम भनिन्छ त्यो ।।७७।।
धेरै छीटो, अति ढीलो नगरी सजिलैसंग ।
प्रत्येक मन्त्र जप्तै देवको भावना गरी ।।७८।।
मनमनै स्पष्ट मन्त्र जप्तै माला फिराउनु ।
जप्नु निश्चित संख्यामा यसैमा जप–सिद्धि छ ।।७९।।
एक हजार वा एक सय आठ, चवन्न वा ।
सत्ताइस न सक्नेले दशैं संख्या भए पनि ।।८०।।

सधैं सन्ध्या जप गरी देवतामा समर्पण ।
गर्नाले देवता तुष्ट बन्दछन् यो छ निश्चित ।।८१।।
गायत्री जप गर्दा ता त्रिसन्ध्या गर्नु पर्दछ ।
प्रातः कालिक सन्ध्या ता विहानै गर्नु उत्तम ।।८२।।
नहुँदै सूर्य उदय गर्ने जप विधान छ ।
मध्यान्ह सन्ध्या दिउँसो गर्नु पर्छ विधानले ।।८३।।
सांझ सूर्यास्त नहुँदै बेलुकी पखको जप ।
गर्नुपर्दछ यो कर्म यिन्मा जप प्रधान छ ।।८४।।
गायत्रीको जप पछि दीक्षाको जप गर्नु नै ।
हुन्छ उत्तम यी कर्म यही शास्त्र विधान हो ।।८५।।
नगरी जप गायत्री दीक्षा जप गऱ्यो भने ।
यसले सिद्धि पाइन्न भनै भङ्ग हुनेछ त्यो ।।८६।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा जपपरिचय र जपविधान नामक दशौं अक्ष–लू सकियो ।

एघारौं अक्ष-ए

ध्यान परिचय

अन्नपूर्णा भन्छिन्–

भन्नुभो– बलियो हुन्छ संबन्ध जप–ध्यानको ।
जप गर्दा देवताको ध्यान नै गर्नुपर्दछ ।।८७।।
ध्यान के, कसरी हुन्छ यसको के स्वरूप हो ।
प्रश्न यो मनमा उठ्छ जिज्ञासा शान्त गर्नुहोस् ।।८८।।

विद्यानाथ भन्छन्–

ध्यान ता योग हो साक्षात् अष्टाङ्गभित्र पर्दछ ।
माहात्म्य जपमा यस्को महात्मा सब गाउंछन् ।।१।।
मन्त्र वाचक हो शब्द देवता वाच्य अर्थ हो ।
ईशको भावना गर्दै जप गर्ने विधान छ ।।२।।
मात्र अक्षर बोलेर जतिपल्ट गरेपनि ।
अर्थको भावना छैन भने जप छ निष्फल ।।३।।
यही विषय पहिले तिमीलाई भनिसकें ।
प्रसङ्ग ध्यानको आयो यसैले यो भनें पुनः ।।४।।
मन्त्रका बीजले जस्को मूलरूप बुझ्भाउंछ ।
त्यसै स्वरूपको भाव मनमा लिनु ध्यान हो ।।५।।
दुईरूप देवताका हुन्छन् सगुण, निर्गुण ।
मन्त्रका बीजले तिन्कैं साक्षात् वर्णन गर्दछ ।।६।।
जप गर्दै देवताका दिव्य नाम स्वरूपको ।
भावना मनले गर्नु, गर्दै रहनु ध्यान हो ।।७।।

बाहिरी वस्तुको भाव हुनुहुन्न, छ वर्जित ।
यस्ले हुन्छ परिच्छिन्न जप नै हुन्छ खण्डित ॥८॥
जपमा देवको नित्य ध्यान गर्दै स्वयं पनि ।
'देवता हुं' भनी ऐक्य स्थापना गर्नुपर्दछ ॥९॥
मन्त्र हो देवतारूप, देवता आत्मरूप हो ।
मन्त्र, देव र आत्मामा तत्त्वको ता अभेद छ ॥१०॥
मन्त्र र त्यसको अर्थ देवता, आत्म–तत्त्वको ।
ऐक्यको भावना गर्नु यही नै **ध्यान–योग** हो ॥११॥
स्थूल ध्यान, ज्योति ध्यान, सूक्ष्म ध्यान यिनै त हुन् ।
भेद ध्यानयोगका ता यी छन् तीन प्रकारका ॥१२॥
सगुण मूर्ति जो हुन्छ हस्त–पादादि मस्तक ।
भएको ध्यान गर्नु नै यो स्थूल ध्यान योग हो ॥१३॥
यस्मा आकृतिको ध्यान हुन्छ त्यो मूर्तिमा हुने ।
आफ्ना स्वरूपको ऐक्य भावना गर्नुपर्दछ ॥१४॥
देवताका देह हुन्नन् वस्तुतः पाँच भूतका ।
तिनका देह ता हुन्छन् प्रकाशमय तेजका ॥१५॥
जप गर्दा देवताका तेजोमय शरीरको ।
भाव राखी त्यसैसंग आत्माको एकता हुनु ॥१६॥
दिव्य हो पहिलो भन्दा यो ज्योति ध्यान योग हो ।
सबैभन्दा उच्च्च अर्को ध्यान योग छ उत्तम ॥१७॥
त्यो सूक्ष्म ध्यान योग योगीले मात्र गर्दछन् ।
यो योग कुण्डलीयोग राजयोग भनिन्छ जो ॥१८॥
हुन ता यी सबै ध्यान ध्येय ब्रह्म स्वरूपको ।
प्रतिपादन नै गर्छन् तीनै यी राजयोग हुन् ॥१९॥

ध्यानभेद

अन्नपूर्णा भन्छिन्–

स्थूलध्यान, ज्योतिध्यान, सूक्ष्मध्यान त योगहुन् ।
भन्नुभो, यसको व्याख्या सुन्न चाहन्छु गर्नुहोस् ।।२०।।

विद्यानाथ भन्छन्–

हुन् ती तीनै **राजयोग** तिनको भेद सूक्ष्म छ ।
यो कुरा पछि नै स्पष्ट गर्ने छु योग–पादमा ।।२१।।
तैपनि ध्यानको व्याख्या गर्दा भेद बताउंदा ।
संक्षेप तिनको गर्छु तिमी यो ध्यानले सुन ।।२२।।
स्थूल हुन्छ **मूर्तिमय ज्योति तेजोमय** अनि ।
सूक्ष्म बिन्दुमय हुन्छ ध्यानको यो रहस्य हो ।।२३।।
जो स्थूल छ मूर्तिमय त्यस्को विस्तार गर्दछु ।
ध्यानको सार नै हो यो दत्तचित्त भई सुन ।।२४।।
आफ्ना हृदयमा संझी सुधासागर उत्तम ।
त्यसका बीचमा रत्नद्वीपको कल्पना गर ।।२५।।
त्यहाँ ता अति नै राम्रो वाटिका छ मनोहर ।
धेरै फूल फुलेकाछन् भरिएका सुगन्धले ।।२६।।
फल धेरै फलेका छन् स्वादिष्ट भिन्न जातका ।
पाकेका रसिला दिव्य सबै अमृततुल्य छन् ।।२७।।
त्यसैका बीचमा राम्रो महामाणिक्य मण्डप ।
यसको कल्पना गर्नु, त्यहीं आसन रत्नको ।।२८।।
त्यहीं आफ्ना इष्टदेव बसेको भावना गर ।
तिनैको ध्यान हो स्थूल ध्यान मूर्तिस्वरूपको ।।२९।।
त्यहाँका रूखका हाँगा सबै मन्त्र स्वरूप हुन् ।
चरा–चुङ्गी जो जो छन् सबै नै सिद्ध सन्त हुन् ।।३०।।

गीत तिन्का मन्त्रगान स्तुति कीर्तन हुन् सबै ।
त्यहाँको दिव्य आभा ता ज्ञानको सुप्रकाश हो ॥३१॥
जपकर्ता साधकले यसैको भावना गरी ।
जप गर्नु स्थूल ध्यान योग हो विज्ञ भन्दछन् ॥३२॥
अर्को प्रकारको स्थूल ध्यान योग छ तन्त्रमा ।
त्यो ता हो गुरुको ध्यान शक्तिले युक्त देवको ॥३३॥
मन्त्रका मातृका उन्को मुखबाट प्रवाहित ।
हुने गर्छन्, दिव्य आभा ज्ञानकै ती स्वरूप हुन् ॥३४॥
प्रतीक सत्व गुणका सेता वस्त्र लगाउंछन् ।
राजसी गुणका राता शक्तिका सब बस्त्र छन् ॥३५॥
गुरु हुन् मन्त्रका रूप उनी नै देवरूप हुन् ।
उन्की शक्ति मन्त्र–शक्ति यिनैको भावना गरी ॥३६॥
जसले साधना गर्छ मन्त्र फलित बन्दछ ।
यही नै हो **स्थूल ध्यान**, यो पनि योगरूप हो ॥३७॥
तेजोध्यान– ज्योतिध्यान त्यसको रूप भन्दछु ।
मूलाधार कन्दमा छ कुण्डली सूर्यरूपिणी ॥३८॥
त्यहीं छ हाम्रो जीवात्मा बलेको कोपिला सरी ।
त्यसैका **ज्योतिको ध्यान** भनिन्छ तेज ध्यान यो ॥३९॥
आंखीभौंबीचको चक्र आज्ञाचक्र भनिन्छ जो ।
त्यसका बीचमा ज्योति प्रणवात्मक दिव्य छ ॥४०॥
अखण्ड ज्वाला त्यसको बलेको छ निरन्तर ।
त्यसकै ध्यान गर्नु नै **ज्योतिको ध्यानयोग** हो ॥४१॥
अर्को सूक्ष्म ध्यानयोग त्यस्को रूप बताउंछु ।
योगीले मात्र यो रूप राम्ररी जान्न सक्तछ ॥४२॥

बडो भाग्यवशात् जस्को कुण्डली हुन्छ जाग्रत ।
त्यसका नेत्ररन्ध्रबाट आत्माका सहयोगले ।।४३।।
निस्की–कुण्डलिनी ब्रह्म नाडीमा खेल्न थाल्दछ ।
त्यस्को ध्यान **सूक्ष्म ध्यान** भनिन्छ योग मार्गमा ।।४४।।
सबैले यसको ध्यान गर्न सक्तैन यो बुझ ।
लिएर **शाम्भवी मुद्रा** योगीले जान्न सक्तछ ।।४५।।
गरेर **शाम्भवी मुद्रा** आत्मा प्रत्यक्षमा लागि ।
तादात्म्य त्यसको ब्रह्म बिन्दुसंग गरेर नै ।।४६।।
मन स्थिर गरी त्यस्मा अड्याई राख्नुपर्दछ ।
योगी यही चिन्तन गरी सधैं बस्छ समाधिमा ।।४७।।
यो यस्तो ध्यानमा बस्ता योगीका निम्ति यो जगत् ।
हुँदैहुन्न, ब्रह्मरूप ऊ स्वयं बन्छ निश्चित ।।४८।।

ध्यानविधि

अन्नपूर्णा भन्छिन्–

ध्यान के हो बुझें मैले यसको के महत्त्व छ ।
यसका भेद कति छन्, संबन्ध जप–ध्यानको ।।४९।।
यी सबै भन्नुभो मैले बुझें विषयमा यही ।
अर्को केही छ जिज्ञासा त्यो पनि शान्त गर्नुहोस् ।।५०।।
ध्यानका विधि के के हुन् ? कसरी ध्यान लाग्दछ ? ।
मन यो देवतामा भै कसरी स्थिर बन्दछ ? ।।५१।।

विद्यानाथ भन्छन्–

दीक्षामा सद्गुरुबाट इष्ट मन्त्र सुनेपछि ।
जप कार्य शुरु हुन्छ नित्य नै गर्नुपर्दछ ।।५२।।
गुरुबाट त्यसैबेला यथार्थ बुझ्नुपर्दछ ।
देवताको ध्यान कस्तो त्यो पनि बुझ्नुपर्दछ ।।५३।।

जपका विधि के के हुन् गुरुले नै सिकाउंछन् ।
ध्यानका लाभ के के हुन् त्यो पनि त बुझ्भाउंछन् ।।५४।।
गुरुले नै सिकाएका विधिले ध्यान र जप ।
गरेमा नै सिद्धि हुन्छ यसमा छैन संशय ।।५५।।
खुसी गुरु भए सारा देवता तुष्ट बन्दछन् ।
रिसाएमा गुरु सारा देवता रुष्ट बन्दछन् ।।५६।।
देवता ता रिसाएमा गुरुले नै बचाउंछन् ।
आफ्नै गुरु रिसाएमा कोही छैन बचाउने ।।५७।।
ध्यानका विधि ता सोध्यौ कसरी ध्यान लाग्दछ ।
यो पनि ता जान्न खोज्यौ, ध्यान देउ बताउंछु ।।५८।।
शौचस्नानादि सिध्याई लगाई शुद्ध वस्त्र नै ।
कम्बलासनमा बस्नु साधक सजिलो गरी ।।५८।।
धेरै बेर बस्नु पर्ने हुँदा यस्मा सुखासन ।
लिनु, बस्नु बेस हुन्छ अथवा बज्रआसन ।।६०।।
निधारमा शुद्ध भस्म पहिले पर्छ लाउनु ।
यो व्रत पाशुपत हो यस्को ठूलो महत्त्व छ ।।६१।।
आत्म–विद्या–शिव–सर्व शोधन चार तत्त्वको ।
गरेर आचमनले प्राणायाम गरेर नै ।।६२।।
न्यास गर्नु पर्छ फेरि **षडङ्गन्यास** उत्तम ।
अनि मात्र ध्यान हुन्छ मन्त्रका इष्ट देवको ।।६३।।
ध्यान गर्दा देवताको पहिले स्थूल ध्यान नै ।
गर्नुपर्छ दिव्य मूर्ति मनमा कल्पना गरी ।।६४।।
उन्को स्वरूप कस्तो छ, अङ्ग, आयुध, वांहन ।
सबैको चिन्तन गरी मनमा राख्नुपर्दछ ।।६५।।

त्यो स्थूल मूर्ति नै फेरि साक्षात् ज्योतिस्वरूप हो ।
त्यही नै हुन् परब्रह्म आफ्नो आत्मा पनि त्यही ।।६६।।
भन्ने मानेर नै ऐक्य दुबैमा स्थापना गरी ।
नित्य शुद्ध बुद्ध मुक्त सत् चित् आनन्द–रूप हुं ।।६७।।
भन्ने मानी मन्त्र जप्नु जप संकेत हो यही ।
यौटै नै हुन् भिन्न छैनन् मन्त्र आत्मा र देवता ।।६८।।
मूलाधार चक्रमा छिन् कुण्डली परदेवता ।
यिनै मेरा इष्ट देव यिनै मन्त्रस्वरूप हुन् ।।६९।।
यिनै मेरा आत्मतत्त्व भन्ने मानेर प्राणले ।
उठाई जाग्रत गरी सतस्रदलसम्म नै ।।७०।।
लगी त्यहाँ शिवसित सामरस्य गराउनु ।
यही चिन्तन हो ध्यान योग हो, जपसार हो ।।७१।।
फर्काइकन त्यो फेरि मूलाधार पुऱ्याउनु ।
त्यहीं समर्पण गरी जप त्यो इष्ट देवमा ।।७२।।
प्राणायाम न्यास गरी जप सिद्ध गराउनु ।
यही सामान्य विधि हो जप र ध्यानयोगको ।।७३।।
तर यो बिर्सनु हुन्न जपका शुरु, अन्तमा ।
प्रणाम स्वगुरुलाई गरी आज्ञा लिएपछि ।।७४।।
जप होस्, ध्यान पूजा होस् कुनै कर्म गरे पनि ।
सिद्धि निश्चित नै हुन्छ यसमा छैन संशय ।।७५।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमालातन्त्रको सिद्धान्तपादमा ध्यानपरिचय नामक एघारौं अक्ष–ए सकियो ।

बा-हौं अक्ष-ऐ

देवता बनेर देवपूजा गर्ने प्रक्रिया

अन्नपूर्णा भन्छिन्–

प्राणयाम न्यास गर्नु जप गर्नु अघिपछि ।
भन्नुभो किन गर्ने हो के हो यस्को प्रयोजन ? ।।१।।

विद्यानाथ भन्छन्–

प्राणायाम न्यास के हुन् के हुन् यिन्का प्रयोजन ।
भन्ने व्याख्या सबै गर्छु पछि यिन्कै प्रसङ्गमा ।।२।।
जान नजानी गरिने पापको मूर्त्ति बन्दछ ।
भिकी, बाली, पखालेर पापमुक्त हुने क्रिया ।।३।।
प्राणायाम भनी जान, देह यो देव मन्दिर ।
राखेर देवतालाई देहका अङ्ग अङ्गमा ।।४।।
स्वयं देव हुने कर्म न्यास यो हो भनी बुझ ।
देवताको याग गर्नु स्वयं देव बनेर नै ।।५।।
योग नै हुन् सबै कर्म जप, ध्यान, उपासना ।
स्वयं देव बनेरै नै गर्नु पर्छ सबै क्रिया ।।६।।

अन्नपूर्णा भन्छन्–

अचम्मको कुरा भो यो स्वयं देव बनेर नै ।
देवताको गर्नु पर्ने ध्यान पूजा उपासना ।।७।।
जीव अल्पज्ञ नै हुन्छ सर्वज्ञ हुन्छ देवता ।
उपासक जीव हुन्छ उपास्य देवता स्वयम् ।।८।।
जीव यो देवता बन्ने प्रक्रिया भन्नुहोस् न त ।
के हो रहस्य यसको जिज्ञासा शान्त गर्नुहोस् ।।९।।

विद्यानाथ भन्छन्–

धेरैपल्ट भनें मैले पहिले नै कुरा यिनै ।
जीव ता देवता नै हो यसमा छैन संशय ।।१०।।
जानी नजानी गरिने पापले मलले पनि ।
समावृत भई जीव देखिन्छ विश्वमा सधैं ।।११।।
त्यो पाप मूर्तिमय भै सदा बस्तछ देहमा ।
प्राणयाम गरी त्यस्को विनाश गर्नुपर्दछ ।।१२।।
वाम कुक्षिबाट पापमूर्ति पुरुषलाई नै ।
झिकी बाहिर त्यसको अमृत शोष्नुपर्दछ ।।१३।।
शोषी, जलाई त्यसको खरानी पनि जो छ त्यो ।
पखाली भावजलले निष्पाप बन्नुपर्दछ ।।१४।।
पूरक र कुम्भक अनि रेचक तीन कर्मले ।
पापपुरुषको अन्त्य गर्ने हो प्रक्रिया यही ।।१५।।
हावा, आगो र पानीका बीज मन्त्र जपेर नै ।
शोषण, दाहन अनि प्लावन गर्नुपर्दछ ।।१६।।
त्यसपछि हुन्छ न्यास त्यो छ धेरै प्रकारको ।
त्यस्को व्याख्या र विस्तार हुन्छ न्यास–प्रसङ्गमै ।।१७।।
तैपनि यो न्यास क्रिया आफ्नै यो देहलाई नै ।
बनाउने देवमय क्रिया हो भन्नु पर्दछ ।।१८।।
औंलाहरूमा करका, त्यस्तै नै हृदयादिमा ।
मन्त्र जप्तै न्यास–क्रिया जपमा गर्नुपर्दछ ।।१९।।
यसले देवता बस्छन् देहका अङ्ग–अङ्गमा ।
देवता साधक स्वयं यसले बन्न सक्तछ ।।२०।।
स्वयं बनी देवता नै गरी आत्मउपासना ।
जगत्‌बाट उठी माथि स्वयं ब्रह्म हुने क्रिया ।।२१।।

यही रहस्य पूजाको जपको ध्यानको अनि ।
यागको योगको हेर, न बिर्सनु कसैगरी ।।२२।।
हुन्छ जीव त अल्पज्ञ हुन्छन् सर्वज्ञ देवता ।
भन्यौ, यो ता सत्य हैन आत्मा ता ज्ञान मात्र हो ।।२३।।
यस्को सीमा छदैछैन स्वयं ब्रह्म बनेपछि ।
सत् चित् आनन्दको भाव आत्माले प्राप्त गर्दछ ।।२४।।
उपासक स्वयं बन्छ उपास्य पर देवता ।
यी दुबैमा भेदभाव हटी अद्वैत बन्दछ ।।२५।।
जबसम्म जगत् यो छ, त्यस्को भोग गरेर नै ।
मोक्ष प्राप्त गर्नु नै हो देहपात भएपछि ।।२६।।
उद्देश्य तन्त्र पूजाको यसमा जीवमात्रको ।
अधिकार छ सबको प्रवृत्ति हुनुपर्दछ ।।२७।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा देवता बनेर देवपूजा गर्ने प्रक्रिया नामक

बाह्रौं अक्ष–ऐ सकियो ।

तेह्रौं अक्ष-ओ

जपमालापरिचय

अन्नपूर्णा भन्छिन्–

जप गर्दा त्यसै हुन्न मालाले गन्नुपर्दछ ।
गणना नगरी गर्दा सिद्धि नै हुन्न भन्नुभो ।।१।।
मालाका भेद के के हुन् कसरी हो बनाउने ? ।
के त्यो सिद्ध गर्नुपर्छ ? बुझ्न चाहन्छु त्यो अब ।।२।।

विद्यानाथ भन्छन्–

माला ता हो गणनिका गन्ने यो काम गर्दछ ।
जप गर्दा मन्त्र–संख्या गन्नु यस्को प्रयोजन ।।३।।
जप संख्या हुनैपर्छ नगनी मन्त्रको जप ।
गर्दा निष्फल त्यो हुन्छ यो हो निर्णय तन्त्रको ।।४।।
विभिन्न देवतालाई खुसी पार्न गरिन्छ जो ।
जप त्यस्को गनी संख्या पूर्ण गर्ने विधान छ ।।५।।
देवताका भेदले र कर्मका भेदले पनि ।
जप संख्या भिन्न हुन्छ हुन्न एकै प्रकारको ।।६।।
नित्य गर्ने जप संख्या हुन्छ बेग्लै प्रकारको ।
पुरश्चरण गर्दाको जप संख्या त भिन्न छ ।।७।।
कुनै निश्चित संख्यामा सधैं जप गरेर नै ।
पुरश्चरण गर्ने ता सुनिश्चित विधान छ ।।८।।
मालाका पनि ता भेद देव र कर्म भेदले ।
हुन्छन्, जप गर्नुपर्छ आगमोक्तविधानले ।।९।।

भिन्न उद्देश्यले माला भिन्नै नै लिनुपर्दछ ।
कामना भेदले माला भिन्नै हुन्छन् त्यसै गरी ।।१०।।
स्थिर, अस्थिर मालाका प्रधान भेदछन् दुई ।
स्थिर चित्त भएकाकालागि हो पहिलो स्थिर ।।११।।
दोश्रो अस्थिर माला हो जस्को छ मन चञ्चल ।
स्थिर माला अक्षमाला यस्मा छन् वर्ण–मातृका ।।१२।।
अकार देखि क्ष– सम्म पचास मातृका भए ।
क्ष–कार देखि अ सम्म पचास यी भए अरु ।।१३।।
अ, क, च, ट, त, प, य श वर्गका आठ आदिका ।
सबै मिली एकसयआठ यी मातृकाहरू ।।१४।।
सबै यी मातृकालाई उनेर ब्रह्म सूत्रले ।
माला बनाउंदा बन्छ अक्षमाला, छ यो स्थिर ।।१५।।
मातृकाहरू हुन् मन्त्र स्वयं यी ब्रह्मरूप हुन् ।
यिनैलाई संगालेर उन्ने हो ब्रह्मसूत्रले ।।१६।।
प्रत्येक यी मातृकाका बीचमा ब्रह्मग्रन्थि छन् ।
अक्षमाला, मन्त्रमाला, सिद्धमाला भनिन्छ यो ।।१७।।
यो माला हो स्वयंसिद्धा सर्वसिद्धिप्रदायिनी ।
संस्कार यसको हुन्न, स्वयं नै यो छ संस्कृता ।।१८।।
यौटा मन्त्र जपी यौटा मालाको मातृका जपी ।
पुन मन्त्र जपी संख्या पूर्ण गर्ने छ जो क्रम ।।१९।।
ब्रह्मरूपी देवताको ध्यान यस्मा भयो भने ।
यसले सिद्धि चांडै नै पाइन्छ, छैन संशय ।।२०।।
यो माला त्यसका लागि जस्को मन छ सुस्थिर ।
ब्रह्मकै भावना गर्छ ब्रह्ममै छ अधिष्ठित ।।२१।।

जपमालाभेद र फल

अन्नपूर्णा भन्छिन्–

योे माला त्यसकै लागि जस्को मन छ सुस्थिर ।
भन्नुभो, अरू मालाका भेद के छन् बताउनोस् ।।२२।।
अनेकौं साधकहरू साधना गर्न खोज्दछन् ।
संसारी छन्, साधनामै सक्तैनन् लाग्न ती सधैं ।।२३।।
स्थिर चित्त पनि छैन, गर्नु छ जप मन्त्रको ।
तिनका लागि के हुन्छ कुन माला छ उत्तम ? ।।२४।।

विद्यानाथ भन्छन्–

अर्को अस्थिर माला छन् जसको मन छ अस्थिर ।
उसकै लागि ती माला सुग्राह्य हुन सक्तछन् ।।२५।।
रुद्राक्षले बनाएको अक्षमालै छ उत्तम ।
मालाका अरु छन् भेद तिन्को वर्णन गर्दछु ।।२६।।
देवताका भेदले र कर्मका भेदले पनि ।
माला हुन्छन् भिन्न भिन्न मैले त्यो भनि नै सकें ।।२७।।
अब तिन्का भेद भन्छु कर्मका भेद नै पनि ।
बताउंछु सुन तिमी गोपनीय रहस्य छ ।।२८।।
तन्त्रमा मानिएको छ – माला तीन प्रकारका ।
वर्णमाला, चरमाला, अर्को छ **करमालिका** ।।२९।।
वर्णमाला भनें मैले वर्णका मातृकाहरू ।
मिलाई तिनमा माथि लगाई ब्रह्म–बिन्दु नै ।।३०।।
माथि मैले भने जस्तै सय र आठ वर्णको ।
माला बन्छ – वर्णमाला त्यही हो सिद्धिदायिका ।।३१।।
अर्को अस्थिर माला छन्, भेद तिन्का अनेक छन् ।
कामना भेदले नै ती मानिन्छन् भिन्न भिन्न नै ।।३२।।

भिन्नताले कामनाका संख्यामा पनि भिन्नता ।
मालाका मणिको हुन्छ, विचार गर्नुपर्दछ ।।३३।।
अभिचार कर्म गर्दा जपकालागि सर्वदा ।
तिथि जस्तै सोन्ह संख्या भएको मालिका लिनु ।।३४।।
मुक्ति सन्तुष्टिकालागि संख्या पच्चीसकै शुभ ।
तीसले धर्मको बृद्धि, इष्टसिद्धि चवन्नले ।।३५।।
सयले सुख र एक सय आठ भए फल ।
सिद्धि हुन्छ, सफलता यसरी हुन्छ भिन्नता ।।३६।।
रुद्राक्षका मालिकाले जपेमा सब सिद्धिको ।
प्राप्ति हुन्छ र मणिका मालाले धन आउंछ ।।३७।।
भएका धनको प्राप्ति मालाले शङ्खको जपे ।
भोग स्फटिकमालाले पुत्र पौत्रादिको हुने ।।३८।।
पद्मका अक्षले जप्ता हृष्टि पुष्टि दुबै हुने ।
सबै नै वशमा पर्छन् मूंगाका मालिका भए ।।३९।।
मोतिका मालिकाले ता मुक्ति पाइन सक्तछ ।
कुशका ग्रन्थि–मालाले पापको नाश गर्दछ ।।४०।।
मालाले सुनको जप्ता इच्छा नै पूर्ण बन्दछ ।
ताडका फलको माला काम बृद्धि गराउंछ ।।४१।।
रुद्राक्ष जस्तै इन्द्राक्ष मालाले पद पाइने ।
हलेदोका मालिकाले स्त्री सदा वश पर्दछन् ।।४२।।
वशमा पार्न पुरुष काठमाला छ उत्तम ।
लाहाका मालिकाले ता जरो चांडै भगाउंछ ।।४३।।
गैंडाका खाकको माला पितृतृप्ति गराउंछ ।
उच्चाटन गर्न भने आंक माला छ उत्तम ।।४४।।

अमलाका मालिकाले ज्ञान सिद्ध गराउंछ ।
हात्तीका दांतको माला सर्वार्थ सिद्ध गर्दछ ।।४५।।
तामाका मालिकाले ता मोहकार्य गराउंछ ।
त्यस्तै फलामको माला काम गर्दछ मारण ।।४६।।
सेता कमलको माला धन प्राप्त गराउंछ ।
विष झार्न चन्दनको माला मानिन्छ उत्तम ।।४७।।
शान्ति प्राप्त गर्न सेता काठको मालिका शुभ ।
राता चन्दनको माला यक्षिणी सिद्ध गर्दछ ।।४८।।
हटाउन भूत बाधा माला चाहिन्छ नीमको ।
शमीका काठको माला जन स्तम्भित गर्दछ ।।४९।।
बकैनाले डाकिनीको, रोगको मुक्ति नीमले ।
तामसी कामको सिद्धि मालाले कृष्ण काठको ।।५०।।
इन्द्रवृक्ष मालिकाले ऋणको हुन्छ मोचन ।
कपिका हाडको माला कर्णमा अभिचारको ।।५१।।
सिद्धि गर्छ, वन्य सिद्धि भालुका अस्थिमाल्यले ।
सिंहका हाडको माला देवता सिद्ध गर्दछ ।।५२।।
मान्छेका हाडको माला वश गर्दछ राक्षस ।
घोडाका हाडको माला वीर नै वश पार्दछ ।।५३।।
गधाका हाडमालाले जपेमा क्षुद्रसिद्धि छ ।
हात्तीका अस्थिमालाले मान्यता बृद्धि गर्दछ ।।५४।।
कुशका ग्रन्थिमालाले विप्रले जप्नु पर्दछ ।
सुनका मणिमालाले राजाले जप्नु उत्तम ।।५५।।
पुत्रजीवक मालाले वैश्यले जप्नु हो शुभ ।
माला कमल गट्ठाको सबैको लागि उत्तम ।।५६।।

रुद्राक्ष फटिक माला त्यस्तै इन्द्राक्षको पनि ।
मालाका बीचमा अर्को कुनै वस्तु विजातको ।।५७।।
हुँदैन राख्न, त्यसले गर्‍यो जप भने अनि ।
काम, मोक्ष दुबै जान्छन् सिद्धि ता हुन्छ दुर्लभ ।।५८।।

देवताभेदले मालाभेद

अन्नपूर्णा भन्छिन्–

माला र यिनका भेद भन्नुभो ध्यानले सुनें ।
जप गर्नु श्रेय हुन्छ मालाले नै गनी गनी ।।५९।।
केका लागि कुन माला हुन्छ उत्तम त्यो सुनें ।
कुन कर्मलाई, कति जप संख्या छ उत्तम ।।६०।।
भन्नु भो त्यो बुझें मैले जान्ने इच्छा भयो अब ।
खुसी हुन्छन् सबै देव एउटै मालिका भए ।।६१।।
अथवा देवतै पिच्छै मालिका हुन्छ भिन्न नै ? ।
बताउनोस् यही सुन्ने जिज्ञासा मनमा उठ्यो ।।६२।।

विद्यानाथ भन्छन्–

सबै नै देवका लागि स्थिरमाला छ उत्तम ।
रुद्राक्षमाला त्यस्तै नै देवता प्रिय मान्दछन् ।।६३।।
ब्राह्मी माला, वैष्णवी र रौद्री, सौरी र गाणपी ।
ऐन्द्री, याक्षी र आग्नेयी, शाक्ती यी मालिका सबै ।।६४।।
भिन्न भिन्न हुने गर्छन्, सबका भिन्न भिन्न छन् ।
तर रुद्राक्षका माला सबले प्रिय मान्दछन् ।।६५।।
सिद्धि प्रदान यसले गर्दछ सब मन्त्रमा ।
देख्तै देव खुसी हुन्छन् सिद्धमाला भनिन्छ यो ।।६६।।

करमाला

अन्नपूर्णा भन्छिन्–

मालाका भेद धेरै रहेछन् त्यो बुझें सबै ।
न भए ती कुनै माला, के गर्ने, कसरी जप ।।६७।।
गर्ने, खण्डित हुन्छ र अथवा अन्य उपाय छ ? ।
भन्नुहोस् तन्त्रमा के छ जान्ने इच्छा छ त्यो अब ।।६८।।

विद्यानाथ भन्छन्–

नभएमा अन्य माला त्यस्तै स्थिति भयो भने ।
आफ्नै छ हातको माला त्यो ता सुलभ नित्य छ ।।६९।।
हाम्रा यी हातका औंला सबैमा तीन पर्व छन् ।
पहिले साहिंली औंला त्यसको बीच पर्व नै ।।७०।।
लिई मुन्तिरको पर्व अनि कान्छी तिरै गई ।
तीनै पर्व लिई त्यस्मा साहिंलीमा गई पुनः ।।७१।।
पछाडि माथिको पर्व माझीका मात्र माथिको ।
लिएर चोर औंलाका तीनै पर्व लिए पछि ।।७२।।
दश संख्या पूर्ण हुन्छ यही हो करमालिका ।
नभएमा अरु माला यसैले हुन सक्तछ ।।७३।।
एकसयआठपल्ट जप गर्नु पर्‍यो भने ।
दश पल्ट त्यही माला दोहर्‍याए सय भयो ।।७४।।
साहिंली तलको पर्व, कान्छीका तीन पर्व र ।
साहिंली माथिको पर्व, माझीका तीन पर्व यी ।।७५।।
मिलाएमा आठ हुन्छ संख्या पूर्ण भयो, अब ।
न हुंदामा अन्यमाला यसैले जप चल्दछ ।।७६

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा मालापरिचय नामक तेर्हौं अक्ष–ओ सकियो ।

चौधौं अक्ष-औ

देवता र आम्नायभेदले अन्य मालाभेद

अन्नपूर्णा भन्छिन्–

भिन्न भिन्न देवताका मन्त्रका मालिका पनि ।
भिन्दा भिन्दै हुनसक्छन् भन्नुभो सुनि नै सकें ।।१।।
विशिष्ट देवताका ती विशिष्ट मालिकाहरू ।
के के हुन् सुन्न चाहन्छु अब ता त्यो बताउनोस् ।।२।।

विद्यानाथ भन्छन्–

श्री विष्णुलाई तुलसी माला मानिन्छ उत्तम ।
हात्तीका दाँतको माला गणेशलाई छ प्रिय ।।३।।
इन्द्राक्ष र चन्दनले बनेको मालिका छ जो ।
त्रिपुराको जप गर्दा सिद्धिकारक बन्दछ ।।४।।
महाशङ्खमयी माला ताराको छ अति प्रिय ।
यो ता रहस्यमाला हो अत्यन्त गोपनीय छ ।।५।।
न भएमा महाशङ्ख माला फटिकको पनि ।
अत्यन्त शुभ मानिन्छ हुन्छन् ती देवता खुसी ।।६।।
भैरवी र कालिकाका स्वयम्भू–मालिका प्रिय ।
छिन्नमस्ता देवताका महाशङ्खास्थिमालिका ।।७।।
माला फटिकका देवी बाला र भुवनेश्वरी ।
प्रिय मान्छन्, गुञ्जमाला मातङ्गीले रुचाउंछिन् ।।८।।
गधाका दाँतको माला धूम्रा मन पराउंछिन् ।
बगलाले हलेदाको, लक्ष्मीले कमलाक्षको ।।९।।

माला रूचाउंछिन् यस्तै माला छन् भिन्न भिन्न नै ।
तर इद्राक्षका माला सबैले नै रुचाउंछन् ॥१०॥
अलग्गै मालिका हुन्छन् आम्नाय–भेदले पनि ।
पूर्व आम्नायका मन्त्र माला स्फटिकका भए ॥११॥
सिद्ध हुन्छन्, दक्षिणका माला रुद्राक्षका भए ।
पश्चिमाम्नायका मन्त्र मोतिका मालिका भए ॥१२॥
उत्तराम्नायका मन्त्र महाशङ्खास्थिमालिका ।
ऊर्ध्व आम्नायका मन्त्र स्वयम्भू मालिका भए ॥१३॥
अध आम्नायका मन्त्र रत्नका मालिका भए ।
सिद्धि चांडै हुने हुन्छ चाहन्छन् देवता तिनै ॥१४॥
भिन्न आम्नायका देव भिन्न भिन्न भएसरी ।
मन्त्र पनि भिन्न हुन्छन् देवताका प्रमेदले ॥१५॥
माला पनि मन्त्र जप्ने देवताका हुने प्रिय ।
भिन भिन्नै हुने गर्छन् साधना पनि भिन्न छन् ॥१६॥
त्यही मन्त्र जप्नु पर्छ जसको जुन मन्त्र छ ।
त्यही माला शुभ हुन्छ जसको जुन छ प्रिय ॥१७॥
आम्नाय, देवता, मन्त्र, माला, जप्ने विधान ता पनि ।
मिलेमा मन्त्रको सिद्धि चांडै ने हुन्छ निश्चित ॥१८॥

मालाभेदले फलभेद

अन्नपूर्णा भन्छिन्–

रहेछन् भेद धेरै नै मालाका भन्नुभो सबै ।
फलै पनि भिन्न होलान् माला नै भिन्न छन् भने ॥१९॥
प्रयोग कुन मालाको गर्दामा फल हुन्छ के ।
भन्नोस् संक्षेपमा यस्को जिज्ञासा मनमा भयो ॥२०॥

विद्यानाथ भन्छन्–

रुद्राक्षले बनाएका मालाले सब कार्यको ।
सिद्धि हुन्छ, शङ्खमाला धन कीर्ति दिलाउंछ ॥२१॥
माला कमल गट्टाको यसले जय गर्छ र ।
विनाश शत्रुको हुन्छ, लक्ष्मी र पुष्टि मिल्दछ ॥२२॥
पुत्र पशु धान्य, ऋद्धि मालाले पुत्रजीवको ।
दिन्छ, र मोतिमालाले सौभाग्य धन सम्पदा ॥२३॥
फटिक्का अक्षमालाले मन्त्र प्रत्यक्ष गर्दछ ।
सिद्धि, शान्ति, पुष्टि दिन्छ, मुक्ति नै दिन सक्तछ ॥२४॥
चांदी र सुनका माला दिन्छन् संपूर्ण कामना ।
त्यस्तै प्रबाल मालाले धेरै धन दिलाउंछ ॥२५॥
कुश रुद्राक्षको माला पापको नाश गर्दछ ।
कुशग्रन्थि र रुद्राक्ष यी माला त विचित्र छन् ॥२६॥
अरु मालाहरू जो छन् कामना सिद्ध गर्दछन् ।
कुशमाला र रुद्राक्ष माला हुन् मुक्तिदायक ॥२७॥
दीक्षामा सद्गुरुबाट लिएका मन्त्रको जप ।
गर्दा रुद्राक्ष मालाले अनन्त फल मिल्दछ ॥२८॥
कामनाहरूको सिद्धि जसले हुन् गराउने ।
त्यस्ता मालाहरू के हुन् तन्त्रमा हेर्नु पर्दछ ॥२९॥
माला रहस्य तिनका गुरुले नै बताउंछन् ।
लिएर उनकै माला प्रयोग गर्नुपर्दछ ॥३०॥
साधना–विधि–वैगुण्य भए त्यस्ता विकर्ममा ।
लाभ भन्दा हानि धेरै हुने नै हुन्छ संभव ॥३१॥
मात्र पुस्तक हेरेर लोभले लाभका गुण ।
लिनैका निम्ति गरिने प्रयोग हानिकारक ॥३२॥

हुन सक्छन्, विचारेर मनमा शुद्धभावले ।
गुरु आज्ञा लिएरै नै प्रयोग गर्नुपर्दछ ।।३३।।
अरुका हित कल्याण त्यस्मा बाधा र विघ्न ता ।
पार्नु यो ता हुँदैहुन्न आफ्नै अहित पर्दछ ।।३४।।
परोपकार हो पुण्य यसमै सबको हित ।
पाप हो परपीडा नै यस्ले अहित गर्दछ ।।३५।।
कहिल्यै बिर्सनु हुन्न, विशुद्ध चित्तले सधैं ।
कर्म गर्नु श्रेय हुन्छ त्यसैले हित गर्दछ ।।३६।।
अभिचारादि जो कर्म मारण मोहनादि छन् ।
मान्छेका लागि ती कर्म गरिने होइनन् कतै ।।३७।।
आफ्नै भित्र रहेका जो पाप कल्पष छन् तिनै ।
नष्ट होउन् भनेरै नै ती कर्म गर्नुपर्दछ ।।३८।।
भएर देवता आफैं देव साधन गर्नु नै ।
तन्त्रका मार्गको साँचो हो यही बुझ्नु पर्दछ ।।३९।।
औंलाका पर्वमा गर्ने जपको एउटै फल ।
दश गुणा फल दिने मालाले पुत्रजीवको ।।४०।।
सयूगुणा शङ्खको माला, हजार छ प्रबालको ।
छ दश हजार गुणा माला मणि र रत्नको ।।४१।।
त्यस्तै फटिकको माला मणि रत्न समान छ ।
फल लाख गुणा दिन्छ मालाले मोतिको भने ।।४२।।
दिन्छ पद्माक्ष मालाले दशलाख गुणा फल ।
चांदीका मालिकाको त छ करोड गुणा फल ।।४३।।
सुवर्णका मालिकाको त्यस्को छ द्वि–गुणा फल ।
कुश ग्रन्थि र रुद्राक्ष मालाको त अनन्त छ ।।४४।।

सेता कमलको गट्ठा त्यसको मालिका भए ।
त्यसका फलको गिन्ति कसले गर्न सक्तछ ॥४५॥
मातृका वर्णको माला त्यसको कति हो कति ।
फल ता गन्न सक्तैनन् देवताले पनि स्वयम् ॥४६॥
त्यसैले त सकेसम्म निरोध चित्तवृत्तिको ।
गरी मन स्थिर राखी मातृका वर्णको जप ॥४७॥
गर्ने साधकको मन्त्र चांडै नै सिद्ध बन्दछ ।
प्रसन्न देवता हुन्छन् कामना पूर्ण बन्दछ ॥४८॥
मन अस्थिर जस्को छ मातृका वर्णको जप ।
गर्न सक्तैन त्यसले रुद्राक्ष लिनु पर्दछ ॥४९॥
त्यस्तै नै अरु मालाले जप सिद्ध हुने कुरा ।
बताएं, अब के सुन्न मन गर्छ्यौ तिमी भन ॥५०॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैव तन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा मालाभेद नामक चौधौं अक्ष–औ सकियो ।

पन्ध्रौं अक्ष - अ

रुद्राक्षमाहात्म्य

अन्नपूर्णा भन्छिन्–

माला रुद्राक्षको श्रेष्ठ जपमा हुन्छ, भन्नुभो ।
सर्वसिद्धि यसैबाट हुन्छ यो पनि भन्नुभो ॥१॥
रुद्राक्षका भेद होलान् कस्तो रुद्राक्ष उत्तम ? ।
हुन्छ यो भन्नुहोस्, सुन्ने इच्छा जाग्रत भो अब ॥२॥

विद्यानाथ भन्छन्–

रुद्राक्षका भेद धेरै पाइन्छन् यो त सत्य हो ।
सेता, राता अनि काला विभिन्न मुखका पनि ॥३॥
यिनका भेदले यिन्को प्रयोग पनि भिन्न छन् ।
फलै पनि भिन्न हुन्छन् भिन्न भिन्न प्रयोगले ॥४॥
सेता रुद्राक्षका माला सात्विकी कार्यमा अनि ।
राता रुद्राक्षमा माला राजसी अनि तामसी ॥५॥
कार्यमा रुद्राक्ष काला प्रयोग गर्नुपर्दछ ।
रुद्राक्ष विप्रले सेता, राता छेत्री र वैश्यले ॥६॥
काला रुद्राक्षका माला लिने यो नै विधान छ ।
फल भिन्न हुने गर्छन् आकार–भेदले पनि ॥७॥
धेरै साना र ठूलाको माला भन्दा त बीचका ।
अमलाका फल जस्ता दाना रुद्राक्ष उत्तम ॥८॥
मालाका लागि मानिन्छन् श्रेष्ठ तिन्ले गरे जप ।
सिद्धि चांडै हुने हुन्छ यही हो तन्त्रको मत ॥९॥

माला रुद्राक्षका श्रेष्ठ लगाई कण्ठमा सधैं ।
जप पूजा कर्म गर्दा प्रसन्न देव बन्दछन् ॥१०॥

रुद्राक्षका फलभेद

अन्नपूर्णा भन्छिन्–

रुद्राक्षका मुख धेरै देखिन्छन् ती थरि थरि ।
फल के भिन्न हुन्छन् मुखका भेदले पनि ॥११॥

विद्यानाथ भन्छन्–

रुद्राक्षका मुख धेरै हुन्छन्, हो, यो त सत्य हो ।
फल भिन्न भिन्न हुन्छन् मुखका भेदले पनि ॥१२॥
रुद्राक्ष एक मुखको साक्षात् रुद्र समान हो ।
यस्का धारणले सिद्धि सधैं सुलभ बन्दछ ॥१३॥
ऋद्धि, सिद्धि र ऐश्वर्य यस्का पूजनले हुने ।
माहात्म्य यसको धेरै तन्त्रले नै बताउंछन् ॥१४॥
तर यो पाइन सक्तैन अत्यन्त हुन्छ दुर्लभ ।
कृपाले शिवकै यस्को प्राप्ति सुलभ बन्दछ ॥१५॥
ब्रह्म हत्या आदि पाप विनाश यसले गरी ।
इच्छा सिद्धि सबै गर्छ यो दिन्छ भोग मोक्ष नै ॥१६॥
दुइटा मुखको अक्ष स्वयं शिव र पार्वती ।
गो हत्या आदिका पाप यसले नाश गर्दछ ॥१७॥
घरमा सुख आनन्द प्रदान यसले गरी ।
दिन्छ दाम्पत्य आनन्द शिवशक्ति प्रसादले ॥१८॥
रुद्राक्ष तीन मुखको साक्षात् अग्नि स्वरूप हो ।
स्त्री हत्या आदि पाप यसले नाश गर्दछ ॥१९॥
धर्म, काम सिद्ध हुन्छन् सबै कल्मष छुट्दछन् ।
यसैको धारण गरी जप यस्ले गर्‍यो भने ॥२०॥

रुद्राक्ष चार मुखको साक्षात् ब्रह्मस्वरूप हो ।
भ्रूण हत्या भए पाप यसले नाश गर्दछ ।।२१।।
सबै विद्या फुर्न थाल्छन् वाक्सिद्धि हुन थाल्दछ ।
यसको धारण गरी जप्नाले हुन्छ यो फल ।।२२।।
रुद्राक्ष पांच मुखको पञ्च वक्त्र शिव स्वयम् ।
हुन्छन् धारणले यस्को समस्त पाप छुट्टतछन् ।।२३।।
शैव गणेश र शाक्त सबै देव र देवता ।
सबैका मन्त्रको सिद्धि यसले नै गराउंछ ।।२४।।
छ वटा मुखको अक्ष कार्तिकेय कुमार हुन् ।
चुकेका ब्रतको पाप यसले नष्ट गर्दछ ।।२५।।
दाहिने हातमा यस्को गर्दा धारण युद्धमा ।
हुन्छ जीत बढ्न जान्छ साहस र पराक्रम ।।२६।।
रुद्राक्ष सात मुखको महानाग अनन्त हो ।
मालाले यसको जप्ता विषको डर भाग्दछ ।।२७।।
रुद्राक्ष आठ मुखको मूर्ति हो श्री गणेशको ।
सबै विघ्न नाश हुन्छन् यस्का धारणले सदा ।।२८।।
मालाले यसको जप्ता कामक्रोधादि हट्टतछन् ।
रुद्राक्ष ता नौ मुखको स्वयं भैरव मूर्ति हो ।।२९।।
वाममार्गी देवता हुन् यसैका सिद्धिदायक ।
मन्त्र सिद्धि गर्छ यस्ले कार्यमा वाममार्गका ।।३०।।
दशवक्त्र भएका जो रुद्राक्ष ती त विष्णु हुन् ।
पिशाचादि दुष्टतत्व यिनैले नाश गर्दछन् ।।३१।।
एघार मुखको अक्ष साक्षात् नै रुद्ररूप हुन् ।
जप, धारणले यस्को यज्ञको फल मिल्दछ ।।३२।।

यो रुद्राक्ष लगाएर जप जो गर्न थाल्दछ ।
त्यसका कर्मको रक्षा एघारै रुद्र गर्दछन् ।।३३।।
रुद्राक्ष बान्ह मुखको स्वयं नै सूर्य रूप हुन् ।
त्यस्को धारण जो गर्छ तेजस्वी बन्छ त्यो स्वयम् ।।३४।।
मालाले यसको जस्ले जप गर्छ स्वयं पनि ।
भई प्रतापी गोमेध यज्ञको फल भोग्दछ ।।३५।।
रुद्राक्ष तेन्ह मुखको विश्वेदेवस्वरूप हो ।
लगाई जो श्राद्ध गर्छ त्यो कर्मपूर्ण बन्दछ ।।३६।।
यस्को धारणले हुन्छ अक्षय तृप्ति पितृको ।
रुद्राक्ष चौध मुखको त्यसका जपले सदा ।।३७।।
थालेको हुन्छ जो कर्म त्यो त संपूर्ण बन्दछ ।
त्यस्को रक्षा सधैं गर्छन् देवता र मनुष्यले ।।३८।।
रुद्राक्षका जो माला छन् तिन्का फल विशिष्ट छन् ।
समस्त देवताका ती मन्त्र सिद्ध गराउंछन् ।।३९
राखी रुद्राक्ष घांटीमा पशु तुच्छ मरे पनि ।
मान्छेले त के भन्नु त्यस्ले रुद्रत्व पाउंछ ।।४०।।
उच्छिष्ट होस् कुकर्मी होस् अथवा अति पातकी ।
पापी त्यो मुक्त हुन्छ रुद्राक्ष युक्त छ भने ।।४१।।
भक्ति छैन, पाप गर्छ तर रुद्राक्ष छ भने ।
तै पनि त्यो मुक्त हुन्छ रुद्रको लोक पाउँछ ।।४२।।
नलाइकन रुद्राक्ष कुनै वैदिक तान्त्रिक ।
कर्म गर्दा फल हुन्न यो हो रुद्राक्षको फल ।।४३।।

रुद्राक्षधारणको फल

अन्नपूर्णा भन्छिन्–

रुद्राक्षका भेद बुझें तिन्का फल पनि सुनें ।
फल तिन्का धारणको त्यो पनि भन्नुभो सबै ।।४४।।
कति रुद्राक्षका दाना देहका कुन अङ्गमा ।
लाउंदा फल के हुन्छ त्यो पनि भन्नुहोस् अब ।।४५।।

विद्यानाथ भन्छन्–

छब्बीस् रुद्राक्षको माला लगाउनु कपालमा ।
बत्तीस् रुद्राक्ष घांटीमा कुहिनामा त सोह्र ती ।।४६।।
नाडीमा त सोह्र सोह्र, गर्नु रुद्राक्ष धारण ।
एकसय आठकाले जनै लाउनु पर्दछ ।।४७।।
छातीमा त्यसको आधा, शिखामा एउटा अनि ।
छ छ वटा कानमा नै गर्नु रुद्राक्ष धारण ।।४८।।
संख्या थोरै गर्नु हुन्न धेरै बरु भएपनि ।
दोष लाग्दैन त्यसमा, बढीमै छ फलै बढी ।।४९।।
घांटीमा दश रुद्राक्ष चालीस त कपालमा ।
प्रत्येक कानमा छ छ नाडीमा बाह्र बाह्र र ।।५०।।
हातका बाजुमा सोह्र आंखामा एक एक र ।
शिखामा एक सय र आठ रुद्राक्ष लाउनु ।।५१।।
यसरी रुद्राक्ष जस्ले गर्छ धारण देहमा ।
उस्का कार्य सिद्ध हुन्छन् स्वयं शंकर बन्दछ ।।५२।।
देहमा जसले गर्छ सधैं रुद्राक्ष धारण ।
त्यसैलाई पुण्य हुन्छ भाग्यमानी उ बन्दछ ।।५३।।
स्नान, दान, जप, होम, वैश्वदेव, सुरार्चन ।
प्रायश्चित्त तथा श्राद्ध, दीक्षाका कालमा पनि ।।५४।।

रुद्राक्ष धारण गरी हो कर्म गर्नु उत्तम ।
गरेको त्यसले कर्म सधैं सफल बन्दछ ।।५५।।
घांटी, कपाल र हात, कान र काँधमा पनि ।
रुद्राक्ष धारण गरे हुन्छ रुद्र स्वयं पनि ।।५६।।
नीच कर्म गरी पाप कमाएको भए पनि ।
रुद्राक्षका धारणले त्यो सबै भस्म बन्दछ ।।५७।।
रुद्राक्ष धारण गरी जति पाप गरेपनि ।
हुन्छ, पाप गइहाल्छ, भनी जो पाप गर्दछ ।।५८।।
त्यो त आडम्बरी नै हो त्यसले पाप भोग्दछ ।
न जानीकन जो गर्छ, जानाजान भए पनि ।।५९।।
पश्चात्ताप पछि गर्छ, नगर्ने प्रण गर्दछ ।
रुद्राक्षका धारणले त्यसको पाप डढदछ ।।६०।।
निधारमा शुद्ध भस्म जस्ले धारण गर्नछ ।
रुद्राक्षमाला घाँटीमा लगाई कर्म गर्दछ ।।६१।।
यो व्रत पाशुपत हो शिवशास्त्र विधान हो ।
त्यस्तो व्यक्ति सदा हुन्छ शिवका प्रिय उत्तम ।।६२।।
त्यस्का कर्म सधैं हुन्छन् फलदायक निश्चित ।
फेरि जन्मनु पर्दैन मरेमा मुक्ति मिल्दछ ।।६३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा रुद्राक्षमाहात्म्य नामक पन्ध्रौं अक्ष–अं सकियो ।

सोऱ्हौं अक्ष - अः

रुद्राक्षमाला निर्माण र संस्कार

अन्नपूर्णा भन्छिन्–

कस्ता रुद्राक्ष मालाले जप गर्ने विधान छ ।
रुद्राक्ष देहमा कस्ता, कहाँ कहाँ लगाउने ।।१।।
त्यसको फल के हुन्छ सबै मैले सुनें अब ।
माला गाँस्ने विधि के हो कसरी हो बनाउने ? ।।२।।
माला संस्कार के के हुन् ? सुन्न चाहन्छु यो पुनः ।
जिज्ञासा मनको मेरो अब यो शान्त गर्नुहोस् ।।३।।

विद्यानाथ भन्छन्–

माला गाँस्नु चतुर्थीमा मन्त्र जप्तै गणेशको ।
सूर्यको ता सप्तमीका मध्यान्ह रविवारमा ।।४।।
माला गाँस्नु सूर्यको नै गर्दै त्यो मन्त्रको जप ।
द्वादशीमा विष्णुमाला गाँस्ने हो विष्णु मन्त्रले ।।५।।
त्रयोदशीका सन्ध्यामा शिवका मालिका भने ।
गाँस्नु पर्दछ गर्दै नै शिवका मन्त्रको जप ।।६।।
भौमबार अष्टमीमा, नवमी वा चतुर्दशी ।
यी तीन तिथिमा राती शक्तिका मन्त्रको जप ।।७।।
गरेर शक्तिको माला गांस्नु पर्दछ भक्तिले ।
गाँसेका यसरी माला द्योता मनपराउंछन् ।।८।।
धागोले रेशमी माला देवीको गांस्नु पर्दछ ।
देवीको प्रिय त्यो हुन्छ यसैले सिद्धि मिल्दछ ।।९।।

धागो कपासको हाली मालिका गांस्नु पर्दछ ।
श्री विष्णुको त्यसैले नै खुसी हुन्छन जनार्दन ।।१०।।
ऊन वा रुखको बोक्रा लिई धागो बनाउनु ।
रुद्राक्ष उन्नु त्यसमा हुन्छ यो तिनको प्रिय ।।११।।
प्रायः सबै देवताकालागि धागो छ उत्तम ।
पुण्यात्मा ब्राह्मण–स्त्रीले कातेको बलियो अनि ।।१२।।
तेहऱ्याई बनाएको पवित्र ग्रन्थिहीन र ।
जस्को छोरा छ बांचेको, सुन्दरी, पतिकी प्रिया ।।१३।।
पुण्यात्मा र भक्तिमती नारीका हातको पनि ।
कन्या केटी कुमारीका हातका अथवा लिनु ।।१४।।
धागो पवित्र त्यसमा मालिका उन्नु पर्दछ ।
त्यही नै जप–पूजामा हुनेछ सिद्धिदायक ।।१५।।
चांदी वा सुनका तार त्यस्ले माला बनाउनु ।
शुभ–पवित्र त्यो हुन्छ तन्त्र र वेद कार्यमा ।।१६।।

माला बनाउने विधि

अन्नपूर्णा भन्छिन्–

माला कस्ता शुभ हुन्छन्, भन्नुभो त्यो बुझें सबै ।
माला उन्ने विधि जान्ने इच्छा छ, भन्नुहोस् अब ।।१७।।

विद्यानाथ भन्छन्–

एक भक्त रही पूर्व दिनमा साधक स्वयम् ।
भक्तिले उन्छ जो माला रुद्राक्ष हुन्छ उत्तम ।।१८।।
घोटी आफैं बनाएको चन्दन अनि मालिका ।
गाँसी आफैं बनाएको हुँदैन लाउनु भनी ।।१९।।
शास्त्रले नै बताएको छ तर त्यो पुष्प मालिका ।
रुद्राक्षका मालिकामा लाग्दैन दोष त्यो कुनै ।।२०।।

स्नानादिले शुद्ध भई सबै नित्य क्रिया सकी ।
पाइने जति रुद्राक्ष बटुली ल्याउनु सबै ॥२१॥
बराबर आकृतिका मझौला र नयां चुनी ।
छुट्टा छुट्टै गरी राख्नु पखाली पञ्चगव्यले ॥२२॥
यौटा यौटा गरी दाना सुगन्धी जलले धुनु ।
पीपल्का पातमा राख्नु दाना र सूत्र ती दुबै ॥२३॥
ॐ ह्रीं र मातृकावर्ण उच्चारण गरी गरी ।
अभिमन्त्रित गर्नु ती रुद्राक्ष क्रमले सबै ॥२४॥
पूजा गर्नु सबैलाई शिवका पाँच मन्त्रले ।
तिल र घिउले फेरि गरी होम, सकी सबै ॥२५॥
यौटा यौटा गरी अक्ष धागोमा उन्नु पर्दछ ।
मुखमा मुख जोडेर पुच्छर पुच्छरैसंग ॥२६॥
मिलाई गाइको पुच्छ जस्तै माला बनाउनु ।
अलि ठूलो लिई दाना सुमेरु ता बनाउनु ॥२७॥
आवाहनादिका मुद्रा देखाई शिवमन्त्रले ।
फेरि धुनु अनि माला जपको योग्य बन्दछ ॥२८॥

पञ्चगव्य र निर्माणविधि

अन्नपूर्णा भन्छिन्–

धुन पर्दछ रुद्राक्ष भन्नुभो पञ्चगव्यले ।
के हो र त्यो पञ्चगव्य कसरी हो बनाउने ? ॥२९॥
मन्त्रने कुन हुन् मन्त्र ? सबै अब बताउनोस् ।
जिज्ञासा मनमा जाग्यो अब त्यो शान्त गर्नुहोस् ॥३०॥

विद्यानाथ भन्छन्–

सुनका वर्णकी गाई तिन्को दूध लिइकन ।
सेतो वर्ण भएकीको लिई गोबर् मिलाउनु ॥३१॥

तामाका वर्णकी गाई तिन्को मूत्र मिसाउनु ।
नीलो वर्ण भएकीको दही त्यस्मा मिलाउनु ॥३२॥
घिउ कालो वर्णकीको मिलाइकन ती सबै ।
पञ्चगव्य बनाएर मन्त्रनु मन्त्रले पुन ॥३३॥
विभिन्न वर्णका गाई ती नपाइन सक्तछन् ।
नपाए दोष ता छैन मात्रा ठीक मिलाउनु ॥३४॥
गोबर ता एक गुना, गोमूत्र दुगुना लिनु ।
घिउ चार गुना राखी दूध आठ गुना लिनु ॥३५॥
त्यत्तकै नै दही राखी पञ्चगव्य बनाउनु ।
कुशले मन्त्रित गरी त्यस्ले गर्नु पवित्रित ॥३६॥
गोमूत्रलाई गायत्री मन्त्रले मन्त्रनु अनि ।
'गन्धद्वारा'– मन्त्रद्वारा पछि गोबर मन्त्रनु ॥३७॥
'आप्यायस्व' मन्त्रले ता दूध मन्त्रनु र दही ।
'दधिग्राब्णा' मन्त्रद्वारा मन्त्री घिउ पछि अनि ॥३८॥
'तेजोऽसि शुक्र' द्वारा मन्त्री कुश लिइकन ।
अभिषेक गर्नु पर्छ मालाको पञ्चगव्यले ॥३९॥
गरी पवित्र यसरी उनी रुद्राक्ष सूत्रमा ।
माला बनाई विधिले जपेमा सिद्धि मिल्दछ ॥४०॥

रुद्राक्षमाला उन्ने विशेष विधि

अन्नपूर्णा भन्छिन्–

माला उन्ने विधि के हो, धागो कस्तो बनाउने ।
संस्कार कसरी गर्ने मलाई भन्नुहोस् अब ॥४१॥

विद्यानाथ भन्छन्–

माला उन्ने विधि भनें तुल्य आकृतिका लिई ।
मुखमा मुख जोडेर पुच्छर पुच्छरैसित ॥४२॥

उन्दै जानु एकसयआठ संख्या पुऱ्याउनु ।
यौटा राख्नु अलि ठूलो टुप्पो दुइवटै त्यहाँ ॥४३॥
जोड्नु त्यो नै सुमेरु हो, नाग जस्तो बनाउनु ।
दुई रुद्राक्षका दाना बीचमा ग्रन्थि उत्तम ॥४४॥
बनाउनु पर्छ त्यहाँ बलियो ब्रह्मग्रन्थि नै ।
जप गर्दा घोटिएमा जप हानि हुने हुँदा ॥४५॥
तीन पल्ट घुमाएर तीन वृत्त बनाउनु ।
आधा फेरि घुमाएर आधावृत्त बनाउनु ॥४६॥
गाँठो दृढ गरी कस्नु फुस्कनै नसकोस् पुनः ।
यही नै हो **ब्रह्मग्रन्थि** यस्को अति महत्त्व छ ॥४७॥
ठूलो आकृतिका अक्ष पहिले उन्नु पर्दछ ।
त्यस्पछि अलि साना, साना साना,त्यसै गरी ॥४८॥
उनेर नागको जस्तो बनाइकन आकृति ।
माला बनाई हालेर **सुमेरु** मालिका अनि ॥४९॥
बनाई विधिले माला गरेमा त्यसले जप ।
सिद्धि हुन्छ, नत्र हानि जपको हुन्छ निश्चित ॥५०॥

माला–संस्कारविधि

अन्नपूर्णा भन्छिन्–

माला उन्ने विधि के हो गांठो कस्तो बनाउने ।
भन्नुभो त्यो सुनें मैले अब संस्कारको विधि ॥५१॥
बताउननोस् त्यो जसले माला संस्कृत बन्दछ ।
जप सिद्ध हुने हुन्छ चाहन्छु जान्न त्यो सबै ॥५२॥

विद्यानाथ भन्छन्–

'सद्योजातं प्रपद्यामि'– मन्त्रले जलले धुनु ।
'भवे भवे नातिभवे'– भन्दै दल्नु सबै अनि ॥५३॥

'अघोरेभ्योऽथ घोरेभ्य'– भन्दै धूप दिनु पछि ।
'तत्पूरुष'– मन्त्र भन्दै गर्नु लेपन अक्षको ।।५४।।
'ईशान...'– मन्त्रले एकसयपल्ट जपेर नै ।
प्रत्येक अक्षको सिद्धि पहिले गर्नुपर्दछ ।।५५।।
सुमेरुको त्यसपछि **'ईशान'**... मन्त्रले पुनः ।
मन्त्री गरेर संस्कार प्रतिष्ठा प्राणको त्यहाँ ।।५६।।
गर्नु माला अनि पूर्ण हुन्छ संस्कृत उत्तम ।
यस्तो संस्कृत मालाले जप संसिद्ध बन्दछ ।।५७।।
जुन इष्ट देव जस्को, तिनको जुन मन्त्र छ ।
एक हजार र आठ पल्ट त्यो मन्त्रले पुनः ।।५८।।
संस्कार गरिएको त्यो मालाले जप्नु पर्दछ ।
न्यास ध्यान सबै गर्नु विधिपूर्वक मन्त्रले ।।५९।।
सके दशांश हवन, नसके जपले पनि ।
माला त्यो सिद्ध हुन्छ माला संस्कार हो यही ।।६०।।
'हेमाला, म तिमीलाई लिएर जप गर्दछु ।
तिमीले यसमा सिद्धि मलाई देउ उत्तम' ।।६१।।
भन्दै माया बीज जप्तै रातो फूल लिइकन ।
चढाई त्यसले गर्नु जप ता इष्ट मन्त्रको ।।६२।।
संस्कार जपमालाको गरी उक्त विधानले ।
गुरुकै नै हातबाट आशीर्वाद लिइकन ।।६३।।
माला ग्रहण गर्नाले त्यो हुन्छ सर्व उत्तम ।
मन्त्र सिद्धि हुँदैहुन्न गुरु आज्ञा नभैकन ।।६४।।
संस्कार गरिएको त्यो माला ता गोपनीय छ ।
गोमुखी खोलमा राखी लुकाई राख्नुपर्दछ ।।६५।।

जुन मन्त्र जप्नलाई माला सिद्ध गरिन्छ जो ।
त्यही मन्त्र जप्नलाई हुन्छ त्यस्कै प्रयोग नै ।।६६।।
माला अर्कै देवताको लिई अर्कै जप्यो भने ।
देवताको शाप लाग्छ सिद्ध मन्त्र नभैकन ।।६७।।
भई निर्बलियो धागो बीचमा नै छिन्यो भने ।
नयां धागो लिई फेरि उनी माला त्यसैगरी ।।६८।।
गरी संस्कार मालाको प्रतिष्ठा गर्नुपर्दछ ।
अथवा भूलले माला हातबाट खस्यो भने ।।६९।।
पुनः पखाली जलले शुद्ध ता गर्नु पर्दछ ।
अदीक्षित व्यक्तिले ता छोयो त्यो मालिका भने ।।७०।।
प्रायश्चित्त गर्नु पर्छ विशेष मन्त्रले पुनः ।
अनिमात्र योग्य हुन्छ फेरि ज्यो जप मालिका ।।७१।।

मालाले जपगर्ने विधि

अन्नपूर्णा भन्छिन्

माला जप्ने विधि के हो कसरी जप्नु पर्दछ ।
अब यो जान्न चाहन्छु यसको विधि भन्नुहोस् ।।७२।।

विद्यानाथ भन्छन्–

जप गर्नु अघि माला रखेर शुद्ध पात्रमा ।
पूजा अनि गर्नुपर्छ चन्दनाक्षतपुष्पले ।।७३।।
'ॐ मां माला महामाया सर्वसिद्धिविधायिनी ।
म हातमा तिमीलाई लिएर मन्त्र जप्तछु ।।७४।।
गराऊ मन्त्रको सिद्धि नमस्कार म गर्दछु' ।
भन्दै माला जप्नु पर्छ प्रार्थना यसको गरी ।।७५।।
दाहिने हातका माझी औंलामा मालिका लिई ।
माला घुमाउनु बूढी औंलाले तर तर्जनी ।।७६।।

औंलाले त छुनुहुन्न माला त्यो जपकालमा ।
गणना क्रम यो नै हो भुक्ति–मुक्ति दुबै दिने ।।७७।।
दाहिने हातको औंला साहिंलीमा लिएर नै ।
माला जपे सिद्ध हुन्छ मन्त्र उत्तम कर्ममा ।।७८।।
माला घुमाउनु बूढी औंलाले तर पर्दछ ।
देब्रे ता हातले माला छुनुहुन्न कसै गरी ।।७९।।
अक्षमाला, मन्त्र, मुख्य गोप्य नै राख्नु पर्दछ ।
देखाउनु कसैलाई हुन्न यी गोपनीय छन् ।।८०।।
जपगर्दा देखिएमा माला राक्षस आदिले ।
सिद्धिमा विघ्न पारेर जपको फल हर्दछन् ।।८१।।
माला संस्कार अर्कै छन् स्त्रीका र शूद्रका भने ।
त्यस्तै संस्कार अर्कै छन् मालाका अभिचारका ।।८२।।
माला संस्कारका अर्कै विधि छन् वाम–मार्गमा ।
विधि अर्कै हुने गर्छन् त्यस्तै कौलिक मार्गमा ।।८३।।
यी सबै विधिमा मन्त्र जप्ने अर्कै विधान छ ।
रहस्य त्यसको गोप्य गुरुले नै बताउंछन् ।।८४।।
शास्त्रमा विधि हेरेर सिद्धिका लोभले त्यसै ।
गुरु आज्ञाविना गर्नु हुन्न तन्त्र विधान यो ।।८५।।
यसैले गुरुकै आज्ञा लिई उन्कै सहायता ।
प्रयोग मन्त्रको गर्दा कर्ता सफल बन्दछ ।।८६।।
नभएमा कुनै माला करमाला लिनु भनी ।
मैले माथि भनिसकें त्यही नै हुन्छ उत्तम ।।८७।।
करमाला ठीक हुन्छ गर्नु पर्दा सधैं जप ।
नैमित्तिक कर्म गर्दा, त्यस्तै नै काम्य कर्ममा ।।८८।।

माला रुद्राक्ष आदिकै उत्तम मान्नु पर्दछ ।
अक्षमाला श्रेष्ठ हुन्छ पुरश्चरण कर्ममा ।।८६।।
कुनै माला नभएमा जप ता गर्नुपर्दछ ।
घर बाहिर यात्रामा अन्यत्र सब कर्ममा ।।९०।।
करमाला लिनै पर्छ यही अगतिका गति ।
जपलोप गर्नुहुन्न माला जस्तै भए पनि ।।९१।।
माला संबन्धमा मैले सुनाएं सब तथ्य यी ।
अब के सुन्न चाहन्छ्यौ ? भन त्यो म बताउंछु ।।९२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा मालानिर्माण, संस्कार, जपविधि नामक सोह्रौं अक्ष–अः सकियो ।

सत्रौं अक्ष - क

मुद्रापरिचय

अन्नपूर्णा भन्छिन्–

माला विषयमा धेरै भन्नुभो त्यो सबैं सुनें ।
अब मुद्रा विषयमा भन्नुहोस् त्यो सुनौं सबै ।।१।।
'मुद्रा' यस्को अर्थ के हो, के हो यस्को प्रयोजन ।
सन्ध्या पूजा दुबैमा छ यस्को के उपयोगिता ।।२।।

विद्यानाथ, भन्छन्–

प्रसन्न देवता हुन्छन् यस्ले पग्लाउँछ मन ।
देखाई सन्ध्या पूजामा पारिन्छन् देवता खुसी ।।३।।
समस्त देवतालाई खुसी पार्ने हुँदा अनि ।
पापका सन्ततिलाई पगालेर हटाउने ।।४।।
भन्छन् यसैले मुद्रा यो सबै इच्छा पुऱ्याउने ।
देखाई देवतालाई सकिन्छ शक्ति पाउन ।।५।।
जप, ध्यान, अर्चनामा, नैमित्तिक र काम्यमा ।
मुद्रा देखाउनै पर्छ हुन्छन् नजिक देवता ।।६।।
मुद्रा दीक्षितले मात्र प्रयोग गर्नुपर्दछ ।
देखाए नभई दीक्षा देवता रुष्ट बन्दछन् ।।७।।
दुइ हात मिलाएर विभिन्न आकृतिहरू ।
बनाई देवतालाई प्रदर्शन गराउनु ।।८।।
सबै नै कार्यमा यिन्को प्रयोग हुन सक्तछ ।
बेग्ला बेग्लै हुने गर्छन् कार्यका भेदले तर ।।९।।
देखाइकन जो मुद्रा सन्ध्या पूजादि गर्दछ ।
त्यस्कै पूजा देवताले सधैं स्वीकृत गर्दछन् ।।१०।।

मुद्राका भेद

अन्नपूर्णा भन्छिन्–

मुद्राको अर्थ के हो, के हो यस्को प्रयोजन ।
भन्नुभो यो बुझें मैले यसका भेद भन्नुहोस् ॥११॥

विद्यानाथ भन्छन्–

गायत्रीको जप गर्दा मुद्रा चौबीस आदिमा ।
अन्तमा ता आठ मुद्रा प्रदर्शन गराउनु ॥१२॥

(**आदिका चौबीस मुद्राहरू–** १. सुमुख, २. संपुट, ३. वितत, ४. विस्तृत, ५. द्विमुख, ६. त्रिमुख, ७. चतुर्मुख, ८. पञ्चमुख, ९. षण्मुख, १० अधोमुख, ११. व्यापक अञ्जलि, १२. शकट, १३. यमपाश, १४. ग्रथित, १५. सन्मुखोन्मुख, १६. प्रलम्ब, १७. मुष्ठिक, १८. मत्स्य, १९. कूर्म, २०. बराह, २१. सिंहाक्रान्त, २२. महाक्रान्त, २३. मुदगर, २४. पल्लव ।)

अन्तका आठ मुद्राहरू– (१. सुरभि, २. ज्ञान, ३. वैराग्य, ४. योनि, ५. शङ्ख, ६. पङ्कज, ७. लिङ्ग ८. निर्वाण ।)

आवाहन देवताको गर्ने छन् नव मुद्रिका ।
देखाउंदा ती नौ मुद्रा देव सम्मुख आउंछन् ॥१३॥

(**आवाहनादि नौ मुद्रा–** १. आवाहन, २. संस्थापन, ३. सन्निधापन, ४. सन्निरोध, ५. संमुखीकरण, ६. अवगुण्ठन, ७. सकलीकरण, ८. अमृतीकरण र ९. परमीकरण)

त्यस्तै षडङ्गमुद्राले हृदयादि षडङ्गको ।
गरेमा न्यास यसले देवता हृदयादिमा ॥१४॥

भई सुस्थिर ती बस्छन् कर्म साधक बन्दछन् ।
सबै कर्म पूर्ण हुन्छन् देवताका प्रसादले ।।१५।।
षडङ्गमुद्रा यी हुन्छ्न् सबै नै देवका प्रिय ।
प्रयोग यिनको हुन्छ समस्त मन्त्रमा बुझ ।।१६।।
मुद्रा उन्नाइस हुन्छन् पूजामा विष्णुदेवका ।
यिन्को प्रयोग गर्नाले खुसी हुन्छन् जनार्दन ।।१७।।

(**विष्णुका उन्नाइस मुद्रा–** (१. शङ्ख, २. चक्र,
३. गदा, ४. पद्म, ५. वेणु, ६. श्रीवत्स, ७. कौस्तुभ,
८. वनमाला, ९. ज्ञान, १०, बिल्व, ११. गरुड,
१२. नारसिंही, १३. वाराही, १४. हयग्रीवी, १५. धनु,
१६. वाण, १७. परशु, १८. जगन्मोहनिका, १९. सन्तोषवर्धिनी ।)

शिवका छन् दश मुद्रा उनका अति नै प्रिय ।
यिन्का प्रयोगले शंभु प्रसन्न बन्दछन् सधैं ।।१८।।

(**शिवका दश मुद्रा–** १. काम, २. परा,
३. लिङ्ग, ४. योनि, ५. त्रिशूल, ६. मृग, ७. खट्वाङ्ग,
८, कपाल, ९, डमरु र १०. माला ।)

सूर्यको छ एक मुद्रा त्यो हो कमल मुद्रिका ।
पद्मको आकृति गर्नु गर्दा भास्करपूजन ।।१९।।
गणेशका सात मुद्रा उन्का छन् अति नै प्रिय ।
देख्दैमा यी सात मुद्रा पूजा सफल बन्दछ ।।२०।।

(**गणेशका सात मुद्रा–** १. दन्त, २. पाश,
३. अङ्कुश, ४. परशु, ५. लड्डुक, ६. विघ्न, ७. बीजपुर)

शक्तिका दश मुद्रा छन् गरे यिन्को प्रर्दशन ।
शक्ति, ऐश्वर्य संपन्न बन्न सक्तछ साधक ।।२१।।

(**शक्तिका दश मुद्रा–** १. पाश, २. अङ्कुश,
३. वर, ४. अभय, ५. खड्ग, ६. चक्र, ७. धनुष,
८. वाण, ९. मुशल, १०. दुर्गा ।)

लक्ष्मीको अर्चना गर्दा लक्ष्मी मुद्रा छ उत्तम ।
वाग्वदिनी शारदाका प्यारा छन् चार मुद्रिका ।।२२।।

(वाग्वदिनीका चार मुद्रा– १. अक्षमाला, २. वीणा,
३. व्याख्या र ४. पुस्तक

अग्निको प्रिय मुद्रा हो सप्तजिह्वा तिमी बुझ ।
शक्तिका अर्चनामा ता पाँच मुद्रा विशेष छन् ।।२३।।

(**शक्तिका पाँच विशेष मुद्रा–** १. मत्स्य,
२. कूर्म, ३. लेलिहा, ४. मुण्ड, ५ महायोनि ।)

श्यामा आदि देवताका पूजामा पांच मुद्रिका ।
प्रयोग ता हुने गर्छन्, सामान्य रूपमा तिनै ।।२४।।

(**श्यामा आदि देवताका सर्वसाधारण पाँच मुद्रा–**
१. महायोनि, २. मुण्ड, ३. मत्स्य, ४. कूर्म र ५. लेलिहा ।)

त्रिपुरा शक्तिको अर्चा गर्दा यी दश मुद्रिका ।
देखाउनु श्रेष्ठ हुन्छ श्रीविद्यामा विशेषतः ।।२५।।

(**श्री–त्रिपुराका पूजामा प्रयोग हुने दश मुद्रा–**
१. संक्षोभण, २. द्रावण, ३. आकर्षण, ४. उन्माद,
५. महाङ्कुश, ६, खेचरी, ७. बीज, ८. योनि,
९. त्रिखण्डा, १०. वश्या ।)

अभिषेक कुम्भले र आसन पद्मले शुभ ।
कालकर्णी शुभ हुन्छ, विघ्न–प्रशमकर्ममा ।।२६।।
जल शोधन गर्दा ता गालिनी मुद्रिका शुभ ।
श्रीकृष्णका अर्चनामा वेणु मुद्रा छ उत्तम ।।२७।।

नृसिंहको नारसिंही, वराहास्या वराहको ।
धनुर्वाण रामका हुन्, पर्शु हो पर्शुरामको ।।२८।।
जगन्मोहन मुद्रा हो पूजामा वासुदेवको ।
कुम्भ मुद्रा रक्षणमा प्रयोग गर्नु उत्तम ।।२९।।
प्रार्थना मुद्रिका गर्नु गर्दा देव–समर्चना ।
आफ्ना आफ्ना मुद्रिकाले प्रसन्न देव बन्दछन् ।।३०।।
अङ्गुलीन्यास–मुद्राले औंलामा न्यास गर्दछन् ।
हृदयादि न्यास गर्ने मुद्रा छन् छ वटा यिनी ।।३१।।
हृदय, शिर र शिखा, बाजू र तीन नेत्रमा ।
हुने पाँच मुद्रिका र अस्त्रको एउटा गरी ।।३२।।
अरु पनि त छन् मुद्रा धेरै छन्, अनगिन्ति छन् ।
प्रत्येक कार्यमा मुद्रा प्रयुक्त हुनसक्तछन् ।।३३।।
अन्तर्याग, बहिर्याग, सन्ध्या–पूजा सबैतिर ।
गर्नुपर्ने अनुष्ठान तिनमा सब कार्यमा ।।३४।।
हुन्छन् मुद्रा भिन्न भिन्न प्रत्येक कार्यमा यिनी ।
प्रतीक नै हुने गर्छन् प्रयोग हुन सक्तछन् ।।३५।।
देवताका अर्चनामा जपमा ध्यानमा पनि ।
प्रयोग हुन्छ मुद्राको यसैले सिद्धि मिल्दछ ।।३६।।
सबै लक्षण मुद्राका यति छन् ती सबै यहाँ ।
ग्रन्थ बिस्तार भयले सकिदैन बताउनु ।।३७।।
यसका लागि गुरुकै पाउमा पर्नुपर्दछ ।
उन्कै निर्देशले सिक्नु, जान्नु र गर्नुपर्दछ ।।३८।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा
मुद्रापरिचय नामक
सत्रौं अक्ष–क सकियो ।

अठारौं अक्ष - ख

२. जल मन्त्रने तीन मुद्राहरू–

क. अमृत (धेनु–मुद्रा),

(क) अमृत मुद्रा– दुबै हातका हत्केला जोडेर अलिकति बंग्याई चोर+मांझी– चोर+माझी, साहिंली+कान्छी, साहिंली+कान्छी औंला सोझो सोझो जोड्दा (गाईको थुन) अमृत मुद्रा हुन्छ ।

ख. मत्स्य (माछो)–मुद्रा

(ख) देब्रे हात सोझो पारी त्यसको पृष्ठ भागमा दाहिने हातको हत्केला घोप्टो पारेर जोडी दुबै हातका बुढी औंलालाई अलि अलि हल्लाउनु मत्स्य (माछो) मुद्रा बन्छ ।

ग. योनि–मुद्रा

(ग) दुबै हातका हत्केला आफूतिर फर्काएर पछाडि पट्टि चोर औंलाहरूले साहिंला ओंलालाई अंठ्याएर समाती दुबै माझी औंलालाई अगाडि ल्याई तीन कुने पारेर जोड्ने र त्यसैमा बूढी औंला पनि दुबै त्यसै मुन्तिर जोड्ने महायोनि योनि मुद्रा हो । त्यसमा पनि तीन कुने गरी जोडिएको माझी औंलाको मुन्तिर कान्छी+कान्छी र त्यसका मुन्तिर बूढी+बूढी औंला जोडनु योनि मुद्रा हो ।

३. आचमन–मुद्रा–

दाहिने हातका चोर र कान्छी औंला सोझो पारेर माम्की र सांहिली औंला माथितिर खुम्च्याई हत्केलामा खाल्टो पार्नु आचमन मुद्रा हो ।

४. प्राणायाम–मुद्रा–

साहिंली र कान्छी औंलालो बायाँ नाकको प्वाल एवं बूढी औंलाले दाहिने नाकको प्वाल थिची पालैपालो सांस लिंदा र थुन्नु+खोल्नु एवं सांस रोक्दा दुबै थुन्नु प्राणायाम मुद्रा हो ।

५. अंगुलीन्यास–मुद्रा–

दुबै हातका प्रत्येकको चोर औंलाले बूढी औंलाको, बूढी औंलाले चोर, मांभी, साहिंली र कान्छीको तल्लो पर्व देखि टुप्पोसम्म छुनु र यौटा हातले अर्को हातको पृष्ठभागलाई छुनु छ वटा मुद्रा भएको अंगुली न्यास मुद्रा हो ।

६. हृदयादिन्यास–मुद्रा–

दाहिने हातका चारै औंलाले हृदयमा छुनु हृदय मुद्रा, तिनीहरूले नै हात घोप्टोपारी शिरमा छुनु शिर मुद्रा, बूढी औंलाले शिखामा छुनु शिखा मुद्रा, चोर औंलाले दाहिने, साहिंली औंलाले देब्रे, आँखाहरूमा र माभी औंलाले निधारको बीच भागमा छुनु त्रिनेत्र मुद्रा, दुबै हातले एक अर्को पाखुरामा छुनु कवच मुद्रा र चुट्की बजाउँदै तीन पल्ट शिखालाई घुमाएर चोर एवं माभी औंलाले देब्रे हात्केलामा तीन पल्ट हानी आवाज निकाल्नु अस्त्र मुद्रा गरी छ वटा मुद्रा भएको हृदयादि न्यास मुद्रा हो ।

७. आवाहन आदि कर्ममा प्रयोग हुने नौ मुद्राहरू–

(क) **आवाहनी–मुद्रा–** दुबै हातले अंजुलि बनाएर बूढी औंलाले साहिंली औंलाको मूल पर्वमा छुनु आवाहनी मुद्रा हो । यस मुद्राले देवताको आवाहन गरिन्छ ।

(ख) **स्थापनी–मुद्रा–** त्यही मुद्रा घोप्टो हातले बनाउनु स्थापनी मुद्रा हो । यसको देवताको स्थापना हुन्छ ।

(ग) **सन्निधापनी–मुद्रा–** दुबै हातका मुट्ठी जोडेर दुबै बूढी औंलालाई उठाएर सोभो राख्नु सन्निधापिनी मुद्रा हो । यसले देवतालाई अर्चकको नजीकमा ल्याउंछ ।

(घ) **सन्निरोधिका–मुद्रा–** दुबै हातका मुट्ठी जोडेर बूढी औंला दुइवटा मुट्ठीभित्र राख्नु सन्निरोधिका मुद्रा हो । यसले देवतालाई रोकेर राख्तछ ।

(ङ) **सम्मुखीकरणी–मुद्रा–** दुबै हातमा मुट्ठी उत्तानो पारेर दुबै बूढी औंला मुक्त राख्नु, सम्मुखीकरणी मुद्रा हो ।

(च)**सकलीकरणी–मुद्रा–** यो मुद्रा त्यही हो जो हृदयादि न्यास गर्दा गरिन्छ । यसलाई देवतामा संपूर्णता दिन्छ ।

(छ) **अवगुण्ठनी–मुद्रा–** देब्रे हातका मुट्ठी पारी चोर औंलालाई तल झारेर घुमाउनु अवगुण्ठनी मुद्रा हो । यसले देवतालाई चारैतिर स्थापना गरिन्छ ।

(ज) **अमृतीकरणी–मुद्रा–** यो अमृत मुद्रा वा गाईमुद्रा हो । यसले देवतालाई अमृततत्त्व बनाइन्छ ।

(झ)**परमीकरणी–मुद्रा–** दुबै हात जोडेर दुबै बूढी औंलालाई परस्परमा यौटाले अर्कालाई समात्नु परमीकरणी मुद्रा हो– यसले परमात्मतत्त्वका रूपमा देवतालाई प्रस्तुत गर्दछ ।

८. शङ्ख स्थापना गर्दा देखाइने **अमृत, मत्स्य** र **शङ्खमुद्रा** मध्ये शङ्खमुद्रा बायां हातको बुढी औंला दाहिने मुट्ठीभित्र बन्द गरी दायां बूढी औंलाले दाहिने अरु चार औंलाले छुनु **शङ्खमुद्रा** हो ।

९. अर्घ्य स्थापना गर्दा **अमृत, मत्स्य र योनि–मुद्रा** देखाइन्छन् ।

१०. मांझी+साहिंली र बूढी औंला जोड्यो भने **गन्ध–मुद्रा** हुन्छ ।

११. बूढी र चोर औंला जोडेमा **पुष्प–मुद्रा** बन्दछ ।

१२. बूढी औंलाले माझी र साहिंली औंलाको बीचमा पर्वमा हुंदा– **धूप–मुद्रा** बन्दछ ।

१३. बूढीर साहिंली औंला जोड्दा **दीप–मुद्रा** बन्दछ ।

१४. बूढी र चोर औंला जोड्दा **ज्ञान–मुद्रा** बन्दछ, यसले फूल चढाइन्छ ।

१५. बूढी र साहिंली औंला जोड्दा **तत्त्व–मुद्रा** बन्दछ । यसले नैवेत चढाइन्छ ।

गन्ध पुष्पादिमुद्रा यी पूजा सामान्यमा पनि ।
देखाइन्छन्, चढाएको देव स्वीकृत गर्दछन् ।।८।।
वीना मुद्रा चढाएमा उपचार कुनै पनि ।
हुँदैनन् स्वीकृत तिनी सबै निष्फल बन्दछन् ।।९।।
प्राण, अपान र **व्यान, उदान** र **समान** यी ।
नैवेद्य देवतालाई यिनले नै चढाउनु ।।१०।।
यी भनिन्छन् **ग्रास–मुद्रा** आफ्नै भोजनमा पनि ।
प्रयोग यिनको हुन्छ यसैले तृप्ति मिल्दछ ।।११।।
यस्तै अनेकौं मुद्रा छन् प्रत्येक कर्ममा हुने ।
प्रयोग यिनको गर्नु गुरुआज्ञा लिएर नै ।।१२।।

विविध विशिष्ट मुद्राहरू

अन्नपूर्णा भन्छिन्–

मुद्रा के हुन्, कति हुन्छन् तिनका भेद छन् कति ।
सामान्य मुद्रा कुन हुन् प्रयुक्त सबमा हुने ।।१३।।
भन्नुभो यो सुनें मैले, होलान् भेद पनि अरु ।
विशेष मुद्रा तिनको केही विस्तार गर्नुहोस् ।।१४।।

विद्यानाथ भन्छन्–

मुदा ता यति छन् धेरै सबैको गर्न वर्णन ।
हुँदैन सम्भव यहाँ ग्रन्थ–गौरव बन्दछ ।।१५।।
तन्त्र हो साधनाशास्त्र, यस्को सीमा अनन्त छ ।
अनेकौं कर्म विधि छन् सबैका निम्ति मुद्रिका ।।१६।।
भिन्ना भिन्नै हुने गर्छन् सबैको ज्ञान गर्न ता ।
छैन सम्भव, आफ्नै नै जो छ दीक्षा–परम्परा ।।१७।।

सम्बद्ध त्यसकै साथ हुने मुद्राहरू सबै ।
गुरुबाटै सिक्नु वेश यही नै हुन्छ उत्तम ।।१८।।
ग्रन्थ हेरी अन्यबाट लिन खोज्दा त्यही कुरा ।
दीक्षानुकूल बन्दैन सिद्धिमै विघ्न पर्दछ ।।१९।।
आम्नाय र देवताका भेदले मुद्रिका पनि ।
भिन्ना भिन्नै हुने गर्छन् सबै यो बुझ्नुपर्दछ ।।२०।।
मुद्रा बनाउंदा यौटा सूक्ष्म भेद भएपनि ।
प्रतिकूल देवताको हुन सक्तछ त्यो बुझ ।।२१।।
मुद्राका तैपनि केही नाम मात्रै बताउंछु ।
यो ता संकेत मात्रै हो, गुरु नै जान्दछन् सबै ।।२२।।
पूर्णचन्द्र, अर्धचन्द्र चन्द्रका भेद छन् दुई ।
त्यस्तै **अमृत–मुद्राका** पूर्ण र अर्ध भेद छन् ।।२३।।
द्विमुख, मुष्ठि र **बज्र, आबद्ध , विमल, घट** ।
तुङ्ग, पुण्ड्र, अङ्ग–मुद्रा विष्णुका अति छन् प्रिय ।।२४।।
स्वरूप **योनि–मुद्राको** बताएँ पहिले पनि ।
तर धेरै भेद अरु योनिका हुन सक्तछन् ।।२५।।
योनि र **खेचरी योनि, ग्राह्ययोनि, त्रिशाङ्करी** ।
योनि अर्को **महायोनि, योगिनी** योनि मुख्य छन् ।।२६।।
आवाहनादि नौ मुद्रा अर्चनाका सुनिसक्यौ ।
जलका स्थापना देखि पूजाका उपचार जो ।।२७।।
जति छन् तिनका मुद्रा बोला बेग्लै सबै पनि ।
हुन्छन्, प्रदर्शन गरे पूजा सफल बन्दछ ।।२८।।
प्रसन्न देवता हुन्छन् कामना पूर्ण बन्दछ ।
द्यौताका आयुध पनि गर्नुपर्दछ पूजन ।।२९।।

मुद्रा हुन्छन् भिन्न यिन्का सबै हुन्छन् प्रदर्शन ।
प्राणायाम गर्नु पर्दा **पूरक** अनि **कुम्भक** ।।३०।।
मुद्रा रेचक यी तीन गर्नु पर्छ प्रदर्शन ।
न्यास गर्दा अङ्गुलीका त्यस्तै नै हृदयादिका ।।३१।।
छ–छ वटा मुद्रिका छन् तिनको वर्णन भैसक्यो ।
ध्यान र अर्चना गर्दा हातका र शरीरका ।।३२।।
आकृति, स्थिति के हुन्छन् भिन्न छन् मुद्रिकाहरू ।
देवताको बलि दिंदा देवता बलि–भेदले ।।३३।।
मुद्रा बेग्लै हुने गर्छन् अति नै गोप्य छन् तिनी ।
नित्य, नैमित्तिक, काम्य, शान्तिका कर्ममा अनि ।।३४।।
अभिचार कर्म गर्दा सबै नै सिद्धि–कर्ममा ।
बलि कर्म मुख्य हुन्छन्, बलिका पनि भेद छन् ।।३५।।
सात्विक, राजस अनि तामस बलि तीन छन् ।
जसको बलि जो जो छ, जो मुद्रा जुन देवको ।।३६।।
प्रयोग त्यसको गर्दै बलि त्यो दिनुपर्दछ ।
त्यस्तै हवनको कर्म गर्दा मुद्रा छ अग्निको ।।३७।।
सप्तजिह्वा होम मुद्रा अग्निको छ अति प्रिय ।
त्यस्तै छन् पितृका मुद्रा श्राद्ध तर्पण कर्ममा ।।३८।।
प्रयोग तिनको हुन्छ **स्वधा–मुद्रा** भनिन्छ त्यो ।
यस्तै अनेक मुद्रा छन् हातका अंगुलीहरू ।।३९।।
विभिन्न विधिले जोडी बन्दछन् आकृतिहरू ।
योगका अरु मुद्रा छन् देहका अंग अंगको ।।४०।।
प्रयोग जसमा हुन्छ योग सिद्ध गराउंछन् ।
हठ, मन्त्र, राज, लय योग चार प्रकारका ।।४१।।

यिनका सिद्धिका लागि योग मुद्राहरू सबै ।
गर्छन् प्रयोग योगीले योग–आरूढ बन्दछन् ।।४२।।
भएर योग संसिद्ध भवसागर तर्दछन् ।
यस्तो महत्त्व मुद्राको तन्त्र साधन कर्ममा ।।४३
बुझेर राम्ररी यस्को प्रयोग गर्नुपर्दछ ।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको
ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा
विशेष मुद्रा र प्रयोग नामक
अठारौं अक्ष–ख सकियो ।

उन्नाइसौं अक्ष - ग

सन्ध्या परिचय

अन्नपूर्णा भन्छिन्–

ठूलो.महत्त्व मुद्राको बताउनु भयो सबै ।
सन्ध्या र अर्चनामा यो नभई नहुने भयो ॥१॥
सन्ध्या र अर्चना के हुन् जान्ने इच्छा भयो ममा ।
गरी विस्तार यसको जिज्ञासा शान्त गर्नुहोस् ॥२॥

विद्यानाथ भन्छन्–

सन्ध्या पूजा दुबै यी ता याग नै हुन् मनुष्यका ।
मुक्तिका प्राप्तिको मार्ग पुरुषार्थ प्रयोजक ॥३॥
अन्तर्याग बहिर्याग यागका भेद छन् दुई ।
हो **अन्तर्याग सन्ध्या** नै, हो **बहिर्याग अर्चना** ॥४॥
मनबाटै भित्र भित्रै हुने सन्ध्या भनिन्छ र ।
पूजा हो पूर्ण गरिने बाहिरी उपचारले ॥५॥
अन्तर्याग जो सन्ध्या हो पहिल्यै गर्नुपर्दछ ।
त्यस्पछि बाहिरी पूजा गरिन्छ उपचारले ॥६॥
अन्तः पूजा नभै बाह्य पूजा हुन्छ निरर्थक ।
अन्तः पूजा त्यसैले नै सबैभन्दा विशिष्ट छ ॥७॥
संसार यो बन्धन हो त्यस्बाट छुट्नु मोक्ष हो ।
मन नै यी दुबैको हो मुख्य परम कारण ॥८॥
श्रद्धा र भक्तिले पूजा सदा सम्पूर्ण बन्दछ ।
मनमै ती दुबै बस्छन् मनमै देव बस्तछन् ॥९॥

मनलागे सबै पूर्ण नलागे उपचार ती ।
पूजाका व्यर्थ नै हुन्छन् मन नै मुख्य हेतु हो ।।१०।।

अन्तर्यागविधि

अन्नपूर्णा भन्छिन्–

अन्तर्यजन सन्ध्या हो मनले नै गरिन्छ यो ।
बहिर्याग त पूजा हो गरिन्छ उपचारले ।।११।।
भन्नुभो, तर त्यो सन्ध्या कसरी गर्नुपर्दछ ? ।
त्यसमा गरिने कर्म कुन हुन् ? भन्नुहोस् न त ।।१२।।

विद्यानाथ भन्छन्–

शुरु अन्तर्याग हुन्छ प्रातःकृत्य विधानले ।
प्रधान कर्म त्यसको भन्दछु ध्यानले सुन ।।१३।।
उठी सबेरै पहिले प्रातः ब्राह्म मुहूर्तमा ।
सक्नु शौचादिका कर्म त्यस्पछि शुद्ध भैकन ।।१४।।
शुद्ध आसनमा बस्नु, वज्र वा सिद्ध आसन ।
त्यस्तै स्वस्तिक पद्मादि, नभए सुख आसन ।।१५।।
जुन आसनमा बस्ता धेरै बेर भए पनि ।
देहलाई कष्ट हुन्न त्यसमै बस्नु बेश छ ।।१६।।
प्राणायाम गरी पापबाट मुक्त भएर नै ।
न्यासले देवता आफू पहिले बन्नु पर्दछ ।।१७।।
त्यस्पछि गुरुको आफ्नो स्वरूप मनमा लिई ।
गुरु–आमा पनि संझी दुबै नै साथ–साथमा ।।१८।।
शुद्ध आसनमा राखी पाद्य आदि सबै गरी ।
उपचार सोह्र दिव्य चढाई भक्तिपूर्वक ।।१९।।
गुरु र गुरु–आमाको गर्नुपर्दछ अर्चना ।
यो पूजा भावले हुन्छ भावकै उपचारले ।।२०।।

प्रातःकृत्य विधि

अन्नपूर्णा भन्छिन्–

प्रातः कृत्य गर्नुपर्छ उठी ब्राह्म मुहूर्तमा ।
भन्नुभो, कहिले हुन्छ त्यो मुहूर्त ? त भन्नुहोस् ।।२१।।
त्यस्पछि स्नान कसरी गर्ने हो ? त्यो पनि कुरा ।
भन्नुहोस् सुन्न चाहन्छु अलि विस्तार गर्नुहोस् ।।२२।।

विद्यानाथ भन्छन्–

दुई प्रहर रातीको छोडी बांकी मुहूर्त जो ।
हुन्छ त्यो ब्राह्म हुन्छ त्यस्बेला उठ्नुपर्दछ ।।२३।।
शौचक्रिया त्यसपछि सकेर शुद्ध वस्त्रमा ।
बसी मन्त्रस्नान गर्नु तन्त्रमा यो विधान छ ।।२४।।
प्राणायाम गरी आफ्नो चिन्तन मूल मन्त्रको ।
गरी त्यस्मा देवताको एकता गर्नु स्थापना ।।२५।।
मन्त्रस्नान त्यही नै हो यो हुन्छ अति उत्तम ।
इडा–भगवती गङ्गा, पिङ्गला–यमुना नदी ।।२६।।
सरस्वती सुषुम्णा हुन् रहेकी देहभित्रका ।
यिनको सङ्गम हो तीर्थ यिनमा स्नान गर्नु नै ।।२७।।
यही मानसिकी स्नान मन्त्रस्नान यही त हो ।
यो भाव–स्नान गर्नाले मन नै शुद्ध बन्दछ ।।२८।।

गुरुपूजन

अन्नपूर्णा भन्छिन्–

त्यस्पछि गुरुको पूजा गर्नुपर्दछ भन्नुभो ।
गुरुको ध्यान, पूजाका उपचार त भन्नुहोस् ।।२९।।

विद्यानाथ भन्छन्–

पहिले नै भने जस्तै शुद्ध आसनमा बसी ।
श्रद्धा र भक्तिले ध्यान गुरुको गर्नुपर्दछ ।।३०।।

सेतो छ पद्म शिरमा त्यसमै गुरु बस्तछन् ।
तिनको वर्ण सेतो छ सेतै छ वस्त्र उत्तम ।।३१।।
वर र अभयः मुद्रा छन् दुई हातमा शुभ ।
सेतो माला गलामा छ सेतै चन्दन भालमा ।।३२।।
उनका काखमा वायाँ शक्ति छिन् रक्त वर्णकी ।
रातै श्रृङ्गार, रातै छ हातमा पद्म शोभन ।।३३।।
गुरु र गुरु–आमाको गरेर ध्यान भक्तिले ।
उपचार सबै दिव्य चढाई गर्नु अर्चना ।।३४।।
पृथिवी तत्त्वको गन्ध, फूल आकाश–तत्त्वको ।
पवन–तत्त्वको धूप, सुदीप तेज–तत्त्वको ।।३५।।
अमृत–तत्त्वको त्यस्तै नैवेद्य अति उत्तम ।
चढाएर नमस्कार दण्डवत् गर्नु त्यस्पछि ।।३६।।
जपेर गुरुको मन्त्र उनैलाई समर्पण ।
गर्नु भक्ति र श्रद्धाले देवता–भावले पुनः ।।३७।।
स्वगुरुको नाम लिई 'आनन्दनाथको' पनि ।
त्यस्तै नै गुरु आमाको नामका अन्तमा पनि ।।३८।।
'आमाको' यो शब्द जोडी भन्नु श्री पादुका म ता ।
'पूजा गर्दछु' यो भन्दै अर्चना गर्नुपर्दछ ।।३९।।
गुरु र गुरु आमाको गरी पूजा यसै गरी ।
खुसी पार्नु यही नै हो भावको अर्चना शुभ ।।४०।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा सन्ध्यापरिचय नामक उन्नाइसौं अक्ष–ग सकियो ।

बीसौं अक्ष - घ

भूतशुद्धि

अन्नपूर्णा भन्छिन्–

ब्राह्म मुहूर्तमा गर्ने मनका भावले हुने ।
गुरु र गुरु–आमाको पूजा गर्ने विधान यो ।।१।।
प्रातः कृत्य सधैं गर्नु, भन्नुभो यो सबै बुझें ।
गुरु मन्त्र देवता र आत्मा भिन्न रहेनछन् ।।२।।
यसै पछि हुनै पर्ने नभई नहुने क्रिया ।
भूतशुद्धि–योग कर्म गर्नुपर्दछ भन्नुभो ।।३।।
के हो यो भूतशुद्धि ? कसरी गर्नुपर्दछ ।
भन्नुहोस् सुन्न चाहन्छु यस्को विस्तार गर्नुहोस् ।।४।।

विद्यानाथ भन्छन्–

भूतशुद्धि क्रिया यो ता कर्म हो योग मार्गको ।
विस्तारमा त यो कर्म भन्नेछु योग–पादमा ।।५।।
तैपनि अहिले यस्को प्रसङ्ग त छँदैछ नि ।
जिज्ञासा पनि देखायौ भन्छु संक्षेपमा सुन ।।६।।
मनुष्य देहमा नाडी करोडौं विद्यमान छन् ।
बत्तीस् हजार तिनमा मुख्य छन् तिनमा पनि ।।७।।
एकसय आठ मुख्य, मुख्य तिन्मा पनि दश ।
भन् मुख्य तीन नाडी छन् ध्यानले सुन यो कुरा ।।८।।
इडा र **पिङ्गला** नाडी देब्रे र दाहिनेतिर ।
छन् रहेका बीचमा ता **सुषुम्णा** विद्यमान छ ।।९।।

सुषुम्णाकै बीचमा छन् छ वटा पद्म चक्र यी ।
विभिन्न स्थानमा यिन्को रहेको छ अवस्थिति ॥१०॥
गुदद्वार लिङ्गमूल यिनका बीच स्थानमा ।
मूलाधार कमल छ त्यसमा चार पात छन् ॥११॥
त्यसमा छ मूलयोनि इच्छा–ज्ञान–क्रियात्मिका ।
त्यसका बीचमा छ स्वयम्भू लिङ्ग उत्तम ॥१२॥
बेरी साढे तीन फन्का स्वयम्भू लिङ्गलाई नै ।
रहेकी छिन् **कुण्डलिनी** आकार सर्पको लिई ॥१३॥
बिजुलीको लता जस्तै कुण्डली परदेवता ।
छेकेर ब्रह्मको ढोका सुतेकी परमेश्वरी ॥१४॥
मूलाधार कमलमा रहेका चारपातमा ।
व, श, ष, स चार वर्ण छन्, यो छ रक्त वर्णको ॥१५॥
यो हो गोदावरी तीर्थ यसमा श्रीगणेश छन् ।
योगीले यसको ध्यान गरेर शुद्ध बन्दछ ॥१६॥
त्यसमाथि कमल जो **स्वाधिष्ठान** भनिन्छ त्यो ।
त्यसमा छ वटा पात तिनमा वर्ण छ वटा ॥१७॥
ब, भ, म, य, र, ल यी छन्, मूंगाको वर्णको छ यो ।
यस्मा पुष्कर छन् तीर्थ, देवता ब्रह्मदेव छन् ॥१८॥
त्यसमाथि नाइटोमा चक्र छ **मणिपूरको** ।
यस्मा दशवटा वर्ण ड, ढ, ण, त, थ, द, ध, न ॥१९॥
प, फ र यसको आभा, नीलो यो क्षेत्र गण्डकी ।
यसमा देवता विष्णु योगीले ध्यान गर्दछन् ॥२०॥
त्यसमाथि हृदयमा पद्म छ बाऱ्ह पातको ।
अनाहत नाम यसको यसका बाऱ्ह पातमा ॥२१॥

क, ख, ग, घ, ङ र च, छ, ज, झ, ञ, ट, ठ वर्ण यी ।
रहन्छन् यसको रूप कैलो छ, रुद्र वता ।।२२।।
रहन्छन्, काशिका तीर्थ योगीले ध्यान गर्दछन् ।
त्यसमै छ वाण लिङ्ग यही नै शब्दब्रह्म हो ।।२३।।
अनाहत शब्द सुन्छ योगीले सर्वदा यहीं ।
घांटी प्रदेशमा अर्को पद्म छ सोन्ह पातको ।।२४।।
विशुद्ध नाम हो यस्को यसका सोन्ह पातमा ।
अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ ॡ, ए, ऐ र त्यस्पछि ।।२५।।
ओ, औं, अं, अः वर्ण सोन्ह रहन्छन् स्वरका सबै ।
यो हो तीर्थ कुरुक्षेत्र यसका देव ईश्वर ।।२६।।
यो हो अद्‌भुत आकाश योगी रम्दछ योगमा ।
त्यस्माथि पद्म अर्को छ आंखाका बीचमा दुबै ।।२७।।
आज्ञा हो नाम यस्को यसमा दुइ पात छन् ।
ह, क्ष यी वर्ण दुई छन् यसका दुइ पातमा ।।२८।।
त्रिवेणी तीर्थ नै हो यो यसमा छन् सदाशिव ।
इतर नामको लिङ्ग यसमा सुन वर्णको ।।२९।।
रहेको देख्छ योगीले यसकै ध्यान गर्दछ ।
हुन्छ आज्ञा संक्रमण गुरुका यस चक्रमा ।।३०।।
यसैले नाम यसको आज्ञा हो, तन्त्र भन्दछ ।
त्यसमाथि पद्म अर्को हजार पातको छ त्यो ।।३१।।
सहस्रार चक्र, यस्मै रहेका शिव देव छन् ।
योगीले कुण्डलीलाई प्राणायाम गरेर नै ।।३२।।
माथि लान्छ उठाएर प्रत्येक चक्र भेदन ।
गर्दै सहस्रारसम्म पुऱ्याई शिवसंग नै ।।३३।।

सामरस्य गराएर आनन्द प्राप्त गर्दछ ।
शिवशक्ति सामरस्य यस्बाट रस बग्दछ ।।३४।।
त्यो दिव्य रसले योगी चक्रमा स्थित देवता ।
सबलाई तृप्त गरी आफै आनन्द भोग्दछ ।।३५।।
यही नै हो भूतशुद्धि यो ता हो योगको क्रिया ।
वस्तुतः यी सबै भित्री मनले नै हुने कुरा ।।३६।।
जप, पूजा, होम आदि भावैले पूर्ण बन्दछन् ।
भाव नै हो सर्वश्रेष्ठ भावकै नै महत्त्व छ ।।३७।।

भावअर्चना

अन्नपूर्णा भन्छिन्–

अन्तर्याग सबै भित्री मनले नै हुने कुरा ।
भावैले जप पूजादि हुन्छन् यो भन्नुभो बुझें ।।३८।।
कसरी भावले मात्र पूजा होम सबै कुरा ।
हुनसक्छन् भन्नुहोस् न अलि स्पष्ट गराउनोस् ।।३९।।

विद्यानाथ भन्छन्–

मनुष्यका हृदयमा यौटा कमल दिव्य छ ।
भन्ने संझेर त्यसमा कल्पना योगपीठको ।।४०।।
गरी त्यहाँ इष्टलाई प्रतिष्ठित गराउनु ।
उपचार सबै दिव्य मनले कल्पना गरी ।।४१।।
क्रमशः उनको पूजा श्रद्धा र भक्ति भावले ।
गरी संपूर्ण मनले हवनै गर्नुपर्दछ ।।४२।।
चतुष्कोण अग्निकुण्ड मूल आधार–चक्रमा ।
गरेर कल्पना त्यस्मा कुण्डलीरूप अग्निको ।।४३।।
ध्यान गर्दै मूल मन्त्र जप्तै आगो जलाउनु ।
आगो त्यो हो आत्मरूप त्यो बलेपछि बेसरी ।।४४।।

'सुरोले मनको त्यस्मा चरु धर्म अधर्मको ।
सुषुम्णा मार्गले नित्य सबै हवन गर्दछु ।।४५।।
कृत्या कृत्य, पुण्य–पाप, संकल्प र विकल्प नै ।
म होम गर्दछु स्वाहा' भन्दै सब डढाउनु ।।४६।।
सबै उपाधि यसरी डढाई मुक्त भैकन ।
आत्मालाई नित्य शुद्ध मुक्त चिन्मय संझनु ।।४७।।
यही अन्तर्याग भित्री मनका भावले हुने ।
पूजा र होम विधि हो, यस्भन्दा पहिले पनि ।।४८।।
अक्षमाला मातृकाको धागोले शिवशक्तिको ।
उनेको ग्रन्थिले युक्त कुण्डली परशक्तिको ।।४९।।
माला यो मनले संझी ध्यानले हातमा लिई ।
'हंस' मन्त्र जप्नु पर्छ भन्ने यो नै विधान छ ।।५०।।
अन्तर्याग यही सन्ध्या, यो सम्पन्न गरेपछि ।
अनि मात्र बाह्य पूजा गरे सफल बन्दछ ।।५१।।
'पूजा गर्नु देवताको स्वयं देव बनेर नै' ।
यही निर्देश सन्ध्याका क्रियाले पूर्ण गर्दछ ।।५२।।
अन्तर्याग गरी साक्षात् ब्रह्म साधक बन्दछ ।
रहन्न पाप र पुण्य त्यो जीवन्मुक्त बन्दछ ।।५३।।

अन्तर्यागको भाव

अन्नपूर्णा भन्छिन्–

अन्तर्याग बहिर्याग यागका भेद छन् दुई ।
अन्तर्याग त सन्ध्या हो मनका भाव मात्रले ।।५४।।
त्यसमा मनको भाव के कस्तो हुनुपर्दछ ।
के कस्ता भावले सिद्धि क्रियाको हुन सक्तछ ।।५५।।

विद्यानाथ भन्छन्-

अन्तर्याग भनें मैले मनका भावले हुने ।
यसको मर्म ता बुझ्न योगी नै हुनुपर्दछ ॥५६॥
अन्तर्याग–बहिर्याग भन्दा ज्यादै महत्त्वको ।
हुन्छ, यो ध्यानले मात्र सकिन्छ बुझ्न राम्ररी ॥५७॥
आफ्नै देह, मन, चित्त सर्वशुद्ध गरेर नै ।
आफैं नै देवता बन्ने अन्तर्यजन हो क्रिया ॥५८॥
अनिमात्र बहिर्याग गर्ने जो अधिकार छ ।
गरी प्राप्त देवताको अर्चना गर्नुपर्दछ ॥५९॥
त्यही पछि बहिर्याग गर्ने कर्म बताउंछु ।
सधैं यो गर्नु पर्ने हो नित्य आह्निकको क्रिया ॥६०॥
मुख्य जीवनका कार्य सबै नै याग कर्म हुन् ।
आत्मरूपी देवताका सबै यी हुन् उपासना ॥६१॥
चैतन्य रूपले आत्मा देह–मन्दिरमा बसी ।
चलाउंछन् जगद्‌यात्रा विर्सनै हुन्न यो कुरा ॥६२॥
क्षण–क्षण–प्रतिक्षण जति हुन्छन् क्रिया सबै ।
उन्कै उपासनाका यी सबै विधि–विधान हुन् ॥६३॥
उठी विहानै चांडै नै सकी शौचादिका क्रिया ।
प्रातः कृत्य गर्नुपर्ने कुरा संक्षेपमा भनें ॥६४॥
हाम्रो यो जीव आत्माले श्वास प्रश्वासले सधैं ।
'सोऽहं सः' मन्त्र जप्छ 'त्यही नै हुं म' भन्दछ ॥६५॥
नित्य शुद्ध बुद्ध मुक्त सच्चिदानन्द ब्रह्म हुं ।
परमात्मा त्यही म हुं अर्थ हो त्यसको यही ॥६६॥

गायत्री अजपा हो यो महामन्त्र सधैं हुने ।
यसको जीवले नित्य गर्नुपर्छ समर्पण ।।६७।।
व्यक्तिले एउटा स्वस्थ सत्ताइस हजार र ।
छ सय पल्ट सास फेर्दा यो मन्त्र जप्तछ ।।६८।।
शक्तियुक्त श्रीगणेशलाई यो छ सय जप ।
चढाउनु, छ हजार ब्रह्मालाई चढाउनु ।।६९।।
छ हजार विष्णुलाई त्यत्तिकै रुद्रलाई नै ।
चढाई, गुरु, जीवात्मा, परमात्मा यी तीनमा ।।७०।।
प्रत्येकलाई ता एक हजार मन्त्रको पनि ।
समर्पण गरी, 'म नै ब्रह्म हुं' भाव यो लिई ।।७१।।
म सत्य रूप हुँ, नित्य मुक्त हुं, शोकहीन छु ।
सत्‌चित् आनन्दको रूप म हुँ, छु सर्वव्यापक ।।७२।।
दिनभरि रातभरि कुनै नै क्षणमा पनि ।
म जे गर्दछु त्यो तिम्रै पूजाका रूपमा रहोस्' ।।७३।।
भन्दै आफ्नै हातमा नै ब्राह्मी, लक्ष्मी, सरस्वती ।
रहेको भावना गर्दै ढोग्नुपर्दछ सर्वदा ।।७४।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा प्रातः कृत्यविधि नामक बीसौं अक्ष–घ सकियो ।

एक्काइसौं अक्ष-ङ

तन्त्रको आह्निक

दन्तधावन, स्नान, वस्त्र, तिलक

अन्नपूर्णा भन्छिन्–

विहानी पख नै गर्ने प्रातः कृत्य सुनें सबै ।
भूतशुद्धि र अजपा विधान यसको बुझें ।।१।।
प्रातः कृत्य पछि गर्ने के हो आह्निकको क्रिया ? ।
भन्नुहोस् सुन्न चाहन्छु जिज्ञासा मनमा छ यो ।।२।।

दन्तधावन

विद्यानाथ भन्छन्–

उठी प्रातःकृत्यबाट आचमन गरेर नै ।
दाँत माझ्ने काम गर्नु गरिन्छ जसरी सधैं ।।३।।
दाँत माझ्दा **'काममन्त्र' 'कामदेव'** अनि पद ।
शब्द **'सर्वजन'**–पछि **'प्रियाय नम'** मन्त्र यो ।।४।।
उच्चारण गर्नुपर्छ, यसले शुद्धि दांतको ।
भई खांदा पुष्टि हुन्छ यो हो वचन तन्त्रको ।।५।।

स्नान

नुहाइकन नै गर्नु सन्ध्या पूजा सबै क्रिया ।
यसैले कर्ममा शुद्धि दिई पुष्टि दिलाउँछ ।।६।।
स्नानका छन् दुई भेद भित्री जो मन्त्रले हुने ।
बाहिरी जलले गर्ने गर्नुपर्दछ यी दुबै ।।७।।

आभ्यन्तर स्नान गर्दा शिरमा मूलदेवता ।
संझी चरण धोएर जल त्यो मूल चक्रमा ॥८॥
लगी भित्री पाप आफ्नो त्यसै अमृतले पुनः ।
पखाली देहको शुद्धि गराई बन्नु निर्मल ॥९॥
मन्त्रको स्नान हो यस्ता प्रयोग मूल मन्त्रको ।
हुने हुँदा यही स्थान सबैभन्दा छ उत्तम ॥१०॥
त्यसपछि हुन्छ अर्को बाहिरी स्नानको क्रिया ।
प्राणायाम न्यास गरी स्नानका जलमा पनि ॥११॥
मुद्रा अङ्कुश देखाई समस्त तीर्थको त्यहीं ।
गर्नु आवाहन अति **'वम्'** यो मन्त्र जपेर नै ॥१२॥
तीर्थका जलमा योग गराई शुद्ध भावले ।
प्रार्थना तीर्थको गर्दै चन्द्र–सूर्य र अग्निको ॥१३॥
मण्डल चिन्तन गरी मन्त्रेर मूल मन्त्रले ।
संझी इष्ट देवलाई गर्नु हो स्नान उत्तम ॥१४॥
पछि कलश मुद्राले सातपल्ट त्यही जल ।
अभिषेक गर्नु पर्छ आफ्ना मस्तक, देहमा ॥१५॥
त्यसमा छन् चार मन्त्र स्वयं शंकरले अघि ।
उपदेश गरेका हुन् भन्ने उक्ति छ तन्त्रको ॥१६॥
'सिर्जना विश्वको गर्ने ब्रह्माका पाउका जल ।
संपूर्ण जनकी माता पवित्र गर देह यो ॥१७॥
अलक्ष्मी मल भै बस्ने प्राणीका देहमा सधैं ।
यसलाई पखालेर पवित्र गर देह यो ॥१८॥
केशमा र मस्तकमा, निधार, कान, नेत्रमा ।
बस्ने दुर्भाग्य नाशेर पवित्र गर देह यो ॥१९॥

आयु, आरोग्य, ऐश्वर्य, विनाश शत्रुको, सुख ।
सन्तोष, शान्ति आस्तिक्य, सद्विद्या देउ उत्तम' ॥२०॥
यी चार मन्त्रले नित्य अभिषेक लिएर नै ।
देवता पितृ आदिको गर्नुपर्दछ तर्पण ॥२१॥
तीर्थमा स्नान गर्दा ता जलमा नै रहेर नै ।
सूर्य मण्डलमा आफ्ना संझेर इष्ट देवता ॥२२॥
एकसय आठ पल्ट मूलमन्त्र जपेर नै ।
गर्नु हुन्छ अति राम्रो उनैलाई समर्पण ॥२३॥
यसले देवता आफ्ना खुसी अत्यन्त भैकन ।
सुख, ऐश्वर्य–संपत्ति दिन्छन् वात्सल्य–भावले ॥२४॥
स्नान ता घरमै गर्दा हुन्छन् विधि सबै उही ।
घरकै शुद्ध जलमा तीर्थ संझनु पर्दछ ॥२५॥
भावमै ता तीर्थ बस्छन् भावमै सब देवता ।
भावले हुन्छ संसिद्धि भावकै नै महत्त्व छ ॥२६॥
गङ्गा आदि सबै तीर्थ टाढा टाढै भएपछि ।
भावले जलमै आफ्नो उन्को संगम बन्दछ ॥२७॥
देवता बस्तछन् आफ्नै बेग्लै भुवन, लोकमा ।
भावले तिनको योग यहीं सुलभ बन्दछ ॥२८॥
छैन भाव भने तीर्थ केवल जल मात्र हो ।
छैन भाव भने मूर्ति पाषाणखण्ड मात्र हो ॥२९॥
छैन भाव भने मन्त्र कालो अक्षर मात्र हो ।
छैन भाव भने हेर मानिसै मात्र हो गुरु ॥३०॥
यसैले भाव चाहिन्छ भावैले सब यी क्रिया ।
सिद्ध हुन्छन् यो नभए सबै निष्फल हुन् क्रिया ॥३१॥

अन्तर्याग बहिर्याग सबै सन्ध्या र अर्चना ।
भावले नै सिद्ध हुन्छन् क्रिया सफल बन्दछन् ॥३२॥

वस्त्र

सकेपछि स्नान आफ्नो धोती र उत्तरीयक ।
पवित्र वस्त्र धोएको सधैं पर्छ लगाउनु ॥३३॥
प्रतीक वस्त्र मानिन्छ सेतो सात्विक भावको ।
रातो राजसको, नीलो, कालो तामसको बुझ्न ॥३४॥
सत्वको भाव राखेर गर्दा पूजा लगाउनु ।
सेतो वस्त्र, यसैले नै शुद्ध भाव जगाउंछ ॥३५॥
कामना मनमा राखी गर्दा राजस अर्चना ।
रातो वस्त्र हुनु वेश राजसै भाव जाग्दछ ॥३६॥
अभिचारादि कर्म गर्दा कालो वस्त्र लगाउंदा ।
तामसी भाव जाग्छ वस्त्रको यो रहस्य हो ॥३७॥
धोतीका साथ यौटा उत्तरीयक नै पनि ।
राम्रो हुन्छ, दुई वस्त्र वेश हुन्छ लगाउनु ॥३८॥
भिजेका वस्त्रले सन्ध्या, पूजा गर्नु हुंदैन है ।
यो कुरा त वर्जित छ देवता क्रुद्ध बन्दछन् ॥३९॥

तिलक

शुद्ध वस्त्र लगाएर सन्ध्यामा वस्नुका अघि ।
निधारमा खरानीको तीन पुण्ड्र लगाउनु ॥४०॥
खरानी ता शुद्ध हुन्छ अग्निहोमादि कर्मको ।
अथवा यज्ञ गर्दाको त्यस्तै होमादिको पनि ॥४१॥
अशुद्ध भष्मले दोष लाग्छ, हुन्न लगाउनु ।
नपाएमा शुद्ध माटो तुलसीको लगाउनु ॥४२॥

त्यही पनि नपाएमा जलशुद्ध लिएर नै ।
भाव वा भस्मको राखी त्यही बरु लगाउनु ।।४३।।
यो व्रत पाशुपत हो तीन पुण्ड्र लगाउनु ।
खरानीको, यसैले नै प्रसन्न शिव बन्दछन् ।।४४।।
शिवका शक्तिको सन्ध्या पूजा गर्दा पनि यही ।
पहिले भस्मकै पुण्ड्र गर्नु पर्दछ धारण ।।४५।।
खाली निधार राखेर गर्दा सन्ध्या र अर्चना ।
बन्दछन् शिवजी रुष्ट कर्म बन्दछ निष्फल ।।४६।।
गर्दा ता विष्णुको पूजा अर्कै नै तिलकादि छन् ।
उनकै चिन्हका टीका भालमा हुनु पर्दछ ।।४७।।
सेतो, रातो चन्दनको बिन्दु वा चिह्न शक्तिको ।
शक्तिको अर्चना गर्दा वेश हुन्छ लगाउनु ।।४८।।
देवताका अस्त्रहरू हुन्छन् यी पनि उत्तम ।
हुनै पर्छ तिलकता रिक्त भाल छ वर्जित ।।४९।।
यी भन्दा तैपनि श्रेष्ठ हुन्छ तिलक भस्मको ।
सबै देव यसैले नै बन्दछन् तुष्ट सर्वदा ।।५०।।
गणेश, सूर्य, शिव र शक्ति, विष्णु सबै यिनै ।
प्रसन्न बन्दछन् देख्ता भस्म धारण भालमा ।।५१।।
निधारमा भस्म विना जसले गर्छ अर्चना ।
त्यो स्वीकृत हुँदै हुन्न व्यर्थ हुन्छन् सबै क्रिया ।।५२।।
भस्म स्नान, भस्म शैय्या, भस्मधारण यी सबै ।
व्रत हुन् पशुपतिका पशुपाश हटाउने ।।५३।।
पशु प्राणीहरू नै हुन् बद्ध छन् पाशले सबै ।
पाश अज्ञान मल हो यस्का मोचक हुन् पति ।।५४।।
पशुले पाश यो आफ्नो हटाई मुक्ति पाउन ।
प्रयत्न गर्नु नै पर्छ सन्ध्या पूजा यही त हो ।।५५।।

यो ता पूर्ण योग नै हो जीवात्म–परमात्मको ।
यसका विधि धेरै छन् यी हुन् पाशुपती विधि ॥५६॥
यसैले दुःखको अन्त्य हुन्छ र सुख मिल्दछ ।
यही उद्देश्य पूजाको सबैले बुझ्नु पर्दछ ॥५७॥

सन्ध्या र अर्चनाको फल

अन्नपूर्णा भन्छिन्–

स्नान, वस्त्र, तिलकका महत्त्व र सबै विधि ।
बताउनु भयो यस्को रहस्य ध्यानले सुनें ॥५८॥
भन्नु भो पशु हुन् प्राणी बद्ध छन् पाशले यिनी ।
यो बन्धन छिनालेर योगले मुक्त गर्दछ ॥५९॥
सन्ध्या पूजा योगकै नै विधि हुन् भन्नु भो बुझें ।
यस्को उद्देश्य के हो दुःखको अन्त्य मात्र हो ॥६०॥
अथवा सुखको प्राप्ति ? देवताको प्रसाद हो ? ।
प्रयोजन मुख्य के हो ? सुन्न चाहन्छु यो सबै ॥६१॥

विद्यानाथ भन्छन्–

दुबैवटा हुन् यसका उद्देश्य र प्रयोजन ।
दुःखको अन्त्य, सुखको प्राप्ति देव प्रसादले ॥६२॥
पाइने हो, यही सन्ध्या पूजाको फल उत्तम ।
संसारमा सुख दिने सिद्धि सर्वत्र पाइने ॥६३॥
दुःखान्त यो सात्मक हो, अनात्मक त मुक्ति हो ।
सन्ध्या र अर्चनाका यी दुबै नै फल हुन् बुझ ॥६४॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा तान्त्रिक आह्निक नामक एक्काइसौं अक्ष–ङ सकियो ।

बाइसौं अक्ष-च

सन्ध्या विधान

वैदिकी सन्ध्या

अन्नपूर्णा भन्छिन्–
वैदिकी तान्त्रिकी संध्या यिनमा के पृथक्त्व छ ? ।
सन्ध्याका कर्म के के हुन् ? यस्को, विस्तार गर्नु होस् ।।१।।
विद्यानाथ भन्छन्–
सकेर शौच स्नानादि रहेर शुद्ध वस्त्रमा ।
लाई निधारमा भस्म सन्ध्या ता गर्नु पर्दछ ।।२।।
सन्ध्याका भेद दुई छन् वैदिकी अनि तान्त्रिकी ।
गायत्री वैदिकी सन्ध्या वेदका मन्त्रले हुने ।।३।।
तन्त्र दीक्षा लिएकाले तन्त्रकै बीज मन्त्रले ।
गर्ने संध्या तान्त्रिकी हो दुबै यी गर्नुपर्दछ ।।४।।
यी मध्ये वैदिकी सन्ध्या गायत्रीको उपासना ।
वेदोक्त विधिले हुन्छ गरिन्छ वेद–मन्त्रले ।।५।।
ब्राह्मण, क्षत्रिय, वैश्य यिनका व्रतबन्धमा ।
दिइन्छ मन्त्र गायत्री धर्म शास्त्र–विधानले ।।६।।
जसको गान गर्नाले गाताको त्राण गर्दछ ।
गायत्री हो त्यही मन्त्र यस्ले कल्याण गर्दछ ।।७।।
तीनैवटा वेदबाट ब्रह्माले पाउ पाउको ।
गरी दोहन गायत्री दिए ती तीन पाउमा ।।८।।

गायत्रीको यही मन्त्र जसले जप गर्दछ ।
त्यसैलाई प्राप्त हुन्छ वेदको पुण्य उत्तम ॥९॥
ओंकार व्याहृतियुक्त गायत्री त्रिपदा सधैं ।
जपकर्ता हुँदैहुन्न पापले लिप्त लोकमा ॥१०॥
मन्त्रको अर्थ जानेरै जप ता गर्नुपर्दछ ।
यस्ले जाग्छ शुद्ध भाव नत्र निष्फल बन्दछ ॥११॥
लिएर मन्त्र गायत्री सधैं यो जप्नुपर्दछ ।
यसले नै ज्ञान खुल्छ वेदोक्त फल मिल्दछ ॥१२॥
लिएर मन्त्र गायत्री जसले जप्न छोड्दछ ।
त्यो ता नरकमै पर्छ लोकनिन्दित बन्दछ ॥१३॥
'देवताको दिव्य तेज सधैं म ध्यान गर्दछु ।
बनाई बुद्धि तेजस्वी यसले प्रेरणा गरोस्' ॥१४॥
गायत्री मन्त्रको भाव यही हो, देवतासंग ।
गरिन्छ प्रार्थना यस्मा बन्ने प्रखर बुद्धिमान् ॥१५॥
ओमूले प्राणायाम गरी गायत्री मन्त्र त्यो जपी ।
न्यास यस्मा गर्नुपर्छ औंला, हृदयमा दुबै ॥१६॥
आवाहन त्यसपछि गायत्री शक्तिको गरी ।
ध्यान पुष्पाञ्जलि फेरि उनलाई चढाउनु ॥१७॥
त्यस्पछि सूर्यमा अर्घ्य गायत्री मन्त्रले दिनु ।
उपस्थान गरी फेरि सूर्यका ज्योतिमा सबै ॥१८॥
पापको हवन गरी स्वयं निर्मल भैकन ।
शाप–मोचन गर्ने नै त्यस्पछिको विधान छ ॥१९॥
पञ्चोपचारले पूजा त्यस्पछि गर्नुपर्दछ ।
मुद्रा चौबीस देखाई जप गर्ने विधान छ ॥२०॥

आठ मुद्रा त्यसपछि प्रदर्शन गरी अनि ।
समर्पण गर्नुपर्छ देवीलाई सबै जप ।।२१।।
प्रणायाम न्यास फेरि गरी सब कुरा अनि ।
विश्राम यसको हुन्छ विधि सामान्य हो यही ।।२२।।

सन्ध्याविधि

अन्नपूर्णा भन्छिन्–

सन्ध्या यो वैदिकी गर्ने विधान भन्नु भो यहाँ ।
कतिपल्ट हुने सन्ध्या बेला हो कुन उत्तम ।।२३।।
हुन् कि देवी सबै यौटै अथवा भिन्न भिन्न छन् ।
हवन पापको आफ्नो गर्नु पर्ने विधान जो ।।२४।।
बताउनु भयो त्यस्को रहस्य पनि भन्नुहोस् ।
गायत्री मन्त्रमा शाप कस्का छन् भन्नुहोस् सबै ।।२५।।
मुद्राका नाम के के हुन् मन्त्रका आदि अन्तमा ।
प्रदर्शन हुने यिन्को रहस्य अलि खोल्नुहोस् ।।२६।।

विद्यानाथ भन्छन्–

प्रातः मध्याह्न सायाह्न सन्ध्याका तीन काल छन् ।
तीनै पटक यसले सन्ध्या गर्ने विधान छन् ।।२७।।
सन्ध्या उत्तम मानिन्छ तारा आकाशमै छदै ।
अस्ताएपछि ती तारा सन्ध्याको काल मध्यम ।।२८।।
सूर्योदयपछि सन्ध्या कनिष्ठ काल भन्दछन् ।
बिहानी पखको यो हो सन्ध्याको काल–निर्णय ।।२९।।
सन्ध्या उत्तम त्यो नै हो सूर्य आकाशमै छदै ।
तारा नदेखिदै सन्ध्या गरेमा हुन्छ मध्यम ।।३०।।
उदाएपछि तारा ता सन्ध्या अधम बन्दछ ।
बेलुकी पखको यो हो सन्ध्याको काल निर्णय ।।३१।।

ब्राह्मीका रूपमा हुन्छिन् गायत्री प्रातकालमा ।
मध्यान्हमा ता **सावित्री**, सांझमा ती **सरस्वती** ।।३२।।
ब्राह्मी, रौद्री, वैष्णवी यी गायत्रीकै स्वरूप हुन् ।
गरिन्छ यिनकै ध्यान प्रातः मध्याह्न, सांझमा ।।३३।।
जानी नजानी जो पाप हुन्छ रात परेपछि ।
त्यस्को होम गर्नु पर्छ प्रातः भास्कर ज्योतिमा ।।३४।।
जानी नजानी जो पाप गरिन्छ दिनमा ।
त्यस्को होम गर्नु पर्छ साँझमा सत्य ज्योतिमा ।।३५।।
ब्रह्मा, विश्वामित्रको र **वशिष्ठ ऋषिको** पनि ।
गायत्री मन्त्रमा शाप गर्नु पर्दछ मोचन ।।३६।।
चौबीस मुद्रा देखाई गायत्री मन्त्रको जप ।
गरेर अन्तमा आठ प्रदर्शन गराउनु ।।३७।।
विधान यो शास्त्रको छ मुद्राका सब वर्णन ।
मुद्रा प्रसङ्गमै मैले गरेका संझनु तिनै ।।३८।।
गायत्री शक्तिदेवीका मुख छन् पाँच वर्णका ।
मोतीका वर्णको यौटा मूंगाका वर्णको अनि ।।३९।।
स्वर्णका वर्णको अर्को नीलो र श्वेतवर्णको ।
उन्का नेत्र तीन हुन्छन्, शिरमा अर्धचन्द्र छन् ।।४०।।
हात ता दश उन्का छन् पद्म छ शुभ आसन ।
वराभय अनि अन्य विभिन्न आठ आयुध ।।४१।।
गायत्रीले लिएकी छिन् मनमा दिव्य ध्यान यो ।
गरी पूजा सकी मात्र जप गर्ने विधान छ ।।४२।।

गायत्रीसन्ध्याको आनिवार्यता

अनपूर्णा भन्छिन्

महत्त्व के छ सन्ध्याको, कुन हो काल उत्तम ।
विधान के हुन् सन्ध्याका सबै संक्षेपमा सुनें ।।४३।।
जिज्ञासा मनमा यौटा उठ्तछ यसमा पनि ।
के हुन्छ नगरे सन्ध्या यसका ठीक कालमा ? ।।४४।।
के सन्ध्या गर्नु नै पर्छ आशौच कालमा पनि ? ।
सन्ध्या नै नगरी रोके के हुन्छ त्यसले पनि ? ।।४५।।

विद्यानाथ भन्छन्–

रात र दिनको सन्धि त्यस्तै नै दिन रातको ।
अर्को तेश्रो छ जो सन्धि पूर्वाह्न अपराह्नको ।।४६।।
सन्ध्या गर्ने तीन काल हुँदैनन् यी बिताउनु ।
प्राणायाम गर्नु पर्छ भएमा काल व्यत्यय ।।४७।।
सन्ध्यालोप गर्नु हुन्न गरेमा पाप लाग्दछ ।
यो ता हो नित्यको कर्म हो कर्तव्य द्विजातिको ।।४८।।
आशौच कालमा मन्त्र मात्र संझनु पर्दछ ।
सूर्यार्ध्य दिनु नै पर्छ गर्नु हुन्न विधि अरु ।।४९।।
ओं यो प्रणव हो ब्रह्म वेदको सार मन्त्र हो ।
गायत्रीको आदि, अन्त्य, मध्यमा यो लगाउनु ।।५०।।
यस्ले विहीन गायत्री सदा निष्फल बन्दछ ।
यस्को जप सधैं हुन्छ अवस्था जेसुकै रहोस् ।।५१।।
वाणीले **'ओम्'** सधैं भन्नु मनले संझनु त्यही ।
देहले गर्नु अभ्यास मन्त्र सर्वस्व हो यही ।।५२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा वैदिकी सन्ध्या विधान नामक बाइसौं अक्ष–च सकियो ।

तेइसौं अक्ष - छ

सन्ध्यारहस्य

गायत्री मन्त्रको अर्थ रहस्य

अन्नपूर्णा भन्छिन्–

गायत्री मन्त्र कसरी जप्ने यो विधि भन्नुभो ।
तर यस्को अर्थ के हो सुन्न चाहन्छु यो अब ।।१।।
नजानी मन्त्रको अर्थ जप्नाले मन्त्र केवल ।
सिद्धि हुन्न कहीं केही सबै नै हुन्छ निष्फल ।।२।।

विद्यानाथ भन्छन्–

जानेरै मन्त्रको अर्थ गर्नुपर्दछ, हो, जप ।
अनि मात्र प्राप्त हुन्छ मन्त्रका जपको फल ।।३।।
गायत्री मन्त्रको अर्थ यद्यपि सब गुप्त छ ।
संकेत तैपनि गर्छु ध्यानले सुन राम्ररी ।।४।।
गायत्री मन्त्रमा सात आदि व्याहृति छन् बुझ ।
परम ब्रह्मलाई नै सबै यिन्ले बुझाउंछन् ।।५।।
गायत्रीको मन्त्र भन्दा पहिले सात व्याहृति ।
लगाएरै जप्नु पर्छ यस्को नियम हो यही ।।६।।
व्याहृतिका पूर्वमा र मन्त्रका पूर्वमा पनि ।
मन्त्रका अन्तमा फेरि तीन प्रणव लगाउनु ।।७।।
सात व्याहृतिले युक्त गायत्री मन्त्रलाई नै ।
गरी पुटित यसले जप गर्ने विधान छ ।।८।।
'सन्मात्र' अर्थ हो **'भू'**– को **'चिन्मात्र'** भुवको अनि ।
'स्व'– को अर्थ **'तेजरूप'** **'मह'**– को **'पूजनीय'** हो ।।९।।

'सबैको जनन गर्ने' अर्थ हो **'जन'** शब्दको ।
'तप' – को अर्थ हो **'ताप'** देह तप्त गरेर नै ।।१०।।
भई निष्कल्मष स्वयं हुनु ज्ञान स्वरूप नै ।
ताप हो, यसले ब्रह्म ज्ञानरूप बुझाउंछ ।।११।।
पर छ, सर्वात्मक छ, अनन्त, ज्ञान, सत्य छ ।
यही नै सत्य पदले ब्रह्मलाई बुझाउंछ ।।१२।।
ओंको पनि परब्रह्म हो वाच्यार्थ यसैसित ।
सात व्याहृतिको अर्थ एकात्मक गराउंछ ।।१३।।
अथवा यी व्याहृतिले सात लोक जनाउंछन् ।
ब्रह्मको नै व्यापकता यसैले स्पष्ट गर्दछ ।।१४।।
प्रणवैका सात मात्रा सात व्याहृति हुन् यिनै ।
वाच्यार्थ यी दुबैको नै यौटै हो मन्त्र भन्दछ ।।१५।।
प्रपञ्च विश्वमा जो छ सबैको उपदेशक ।
'सवितु' पदको अर्थ त्यही नै **तत्पदार्थ** हो ।।१६।।
सर्वानन्दरूप, सर्ववरणीय र **सेव्य** हो ।
'वरेण्य' शब्दको अर्थ, यही **भर्ग** पदार्थ हो ।।१७।।
पाप भर्जन जर्नाले **'भर्ग'** सार्थक बन्दछ ।
'देवस्य' पदको अर्थ सबैको हो प्रकाशक ।।१८।।
'सवितु'– को यही अर्थ दुबैको सम अर्थ छ ।
यस्ता यी ब्रह्मको हामी ध्यान गर्छौं यिनै सधैं ।।१९।।
मोक्षका मार्गमा बुद्धि लागोस् यो प्रेरणा दिउन् ।
यही नै अर्थ गायत्री मन्त्रको मनमा गुन ।।२०।।
गायत्री मन्त्रको अर्थ शास्त्रमा ता अनेक छन् ।
'सत्कर्ममा बुद्धि लागोस्' सबैको मर्म हो यही ।।२१।।

गायत्री त्रिपदा यो हो अर्को पद चतुर्थ छ ।
'आयो ज्योती रसः' यस्को सोमाग्नितेज अर्थ हो ।।२२।।
जगत् हो अग्निसोमीय यसैले विश्व अर्थ हो ।
अर्को शब्द छ जो ब्रह्म त्यसको अर्थ स्पष्ट छ ।।२३।।
अनादि अविनाशी छ बृहत् व्यापक नित्य छ ।
सत्य, ज्ञान र आनन्द सधैं यो मुक्तरूप छ ।।२४।।
यस्तो ब्रह्म **'भू र्भुवः स्वः'** तीनै लोक–स्वरूप हो ।
'त्यो हुं म', 'ब्रह्म मैं नै हुं' यसको अर्थ हो यही ।।२५।।
'यसरी विश्वमा जे छ त्यो सबै ब्रह्मरूप हो ।
त्यो ब्रह्म म स्वयं नै हुं' यही बोध गराउने ।।२६।।
गायत्री मन्त्र हो साक्षात् यसैले भव तार्दछ ।
यही नै मुख्य हो त्राण, गायत्री हुन्छ सार्थक ।।२७।।

गायत्रीजप–नियम

अन्नपूर्णा भन्छिन्–

गायत्री त्रिपदा जो हो त्यसमा जति, अक्षर ।
छन् तिनका अर्थ के हुन्, तिनका के प्रयोजन ।।२८।।

विद्यानाथ भन्छन्–

त्रिपदा जो छ गायत्री त्यस्मा चौबीस अक्षर ।
कुनै निष्फल त्यो छैन सबैका छन् प्रयोजन ।।२९।।
सबै अक्षरका बेग्लै देवता अनि वर्ण छन् ।
सबैका फल बेग्लै छन् व्यर्थ ता छैन अक्षर ।।३०।।
बेग्ला–बेग्लै वर्णका ती देव सम्भेर ज्यो जप ।
गर्नाले फल पाइन्छ, बढी विस्तार के गरुं ।।३१।।
ऋषि, छन्द, देवता र प्रयोजन सबै भनी ।
विनियोग गरी जप्नु, नत्र यो बन्छ निष्फल ।।३२।।

गायत्रीको मन्त्र जप्ता त्यसका आदि अन्तमा ।
गायत्री मन्त्रको न्यास सधैं नै गर्नुपर्दछ ।।३३।।
गायत्री मन्त्रमा फेरी जति अक्षर छन् सबै ।
तिनको न्यास बेग्लै छ गर्दा सुफल मिल्दछ ।।३४।।
प्रातः मध्याह्न सायाह्न गायत्री जप्नुपर्दछ ।
जसले जप यो गर्छ खरानी पाप बन्दछ ।।३५।।
गायत्री अनि जीवात्मा यिनमा ता अभेद छ ।
गायत्री हुन् ब्रह्मरूपा मोक्षकै स्रोत हो यही ।।३६।।
गायत्री मन्त्रको न्यास गर्नाले हुन्छ जापक ।
साक्षात् स्वयं ब्रह्मरूप यसैले मोक्ष मिल्दछ ।।३७।।
गायत्रीको जप पछि उनको हुन्छ पूजन ।
आठ आवरणले युक्त पूजा त्यो गर्नुपर्दछ ।।३८।।
सावित्री जसले लिन्छ त्यसले यिनको जप ।
त्रिसन्ध्या गर्नु नै पर्छ नगरे पाप लाग्दछ ।।३९।।
गायत्री मन्त्रको सिद्धि जस्ले चाहन्छ गर्न ता ।
पुरश्चरण गर्नु पर्छ शास्त्रका नै विधानले ।।४०।।
यसभन्दा महान् मन्त्र विश्वमा छैन भन्दछन् ।
सबै भन्दा त्यसैले नै यही नै जप्नुपर्दछ ।।४१।।
गायत्रीको जप पछि अनिमात्र अरु जप ।
गर्नुपर्ने विधि हुन्छ यसैले सिद्धि मिल्दछ ।।४२।।

तान्त्रिकसन्ध्या–विधि

अन्नपूर्णा भन्छिन्–

गरेरै बैदिकी सन्ध्या अनिमात्र त तान्त्रिकी ।
तन्त्रोक्त विधिले सन्ध्या गर्नुपर्ने विधान छ ।।४३।।

भन्नुभो पहिले यस्को विधान अब भन्नुहोस् ।
गर्ने हो कसरी सन्ध्या तान्त्रिकी त्यो सुनौं अब ।।४४।।

विद्यानाथ भन्छन्–

बैदिकी तान्त्रिकी सन्ध्या दुबै विधि–विधानमा ।
केही फरक पाइन्छ दुबै नै गर्नुपर्दछ ।।४५।।
गायत्रीको त्यही संध्या तन्त्रका मन्त्रले हुने ।
अर्कै छ, विधि भिन्नै छ भन्दछु सुन त्यो पनि ।।४६।।
आत्म, विद्या, शिवतत्त्व यी तीनै मन्त्रवाक्यले ।
गरी आचमन पाप विनष्ट पार्नु पर्दछ ।।४७।।
जानी नजानी जो पाप गरेको हुन्छ त्यो सबै ।
मिली संचित भै लिन्छ पाप–पुरुष आकृति ।।४८।।
झिकी बाहिर त्यस्लाई प्राणायाम गरेर नै ।
वायुका मन्त्रले त्यस्को गरी शोषण त्यस्पछि ।।४९।।
अग्निका मन्त्रले फेरी गरेर दाह भस्मको ।
जलका मन्त्रले फेरी आप्लावन गरेर नै ।।५०।।
पाप उन्मूलन गरी शुद्ध भै देवता बनी ।
जीवात्मा ब्रह्मको ऐक्य भएको भावना लिई ।।५१।।
गायत्रीका मन्त्र जप्नु तेजस्तत्त्व म हुं भनी ।
आफ्नो लय त्यहीं गर्नु भएर देवता स्वयम् ।।५२।।
गायत्री मन्त्रको न्यास, न्यास अक्षरको पनि ।
देवता नै स्वयं बन्ने विधि अद्वैत भावको ।।५३।।
चौबीस देवता छन् जो प्रति अक्षरका सबै ।
तिन्को पनि न्यास हुन्छ देहका अङ्ग–अङ्गमा ।।५४।।
तन्त्रोक्त संध्या पूजाको एउटै नै रहस्य छ ।
त्यो ता स्वयं देव बनी आफ्नै यजन गर्नु हो ।।५५।।

'म स्वयं देवता हुं आफ्नै पूजन गर्दछु ।
आत्मा देखि भिन्न केही म ता होइन विश्वमा ।।५६।।
म ब्रह्म हुं, राग द्वेष ममा छैन कुनै पनि ।
सत् चित् आनन्द नै मेरो हो स्वरूप विलक्षण ।।५७।।
एउटै छु अद्वितीय सबै मेरै स्वरूप हुन् ।
न स्त्री हुं, न पुरुष हुं, न नपुंसक लिङ्ग हुं ।।५८।।
म शरीर हुंदैहैन विश्व माया प्रपञ्च हो ।
मायातीत, गुणातीत, उपाधिले विहीन हुं ।।५९।।
सर्वज्ञ हुं, ज्ञान नै हुं, आनन्दघनरूप हुं ।
नित्य प्रकाश मै नै हुं विश्व मेरै प्रकाश हो ।।६०।।
मबाटै विश्व निस्कन्छ, ममै हुन्छ विलीन यो ।
शिव मै हुं, शक्ति मैं हुँ, परब्रह्म म नै त हुं' ।।६१।।
यही भाव जगाएर आत्मा र परमात्मको ।
एकीभाव बनाएर ब्रह्म नै हुनु तन्त्रका ।।६२।।
सन्ध्या–पूजा, होम आदि सबै विधिविधानको ।
उद्देश्य हो यसैबाट मोक्ष पाउंछ साधक ।।६३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा सन्ध्यारहस्य नामक तेइसौं अक्ष–छ सकियो ।

चौबीसौं अक्ष - ज

तान्त्रिक सन्ध्याका अङ्ग

स्नानपरिचय र स्नानभेद

अन्नपूर्णा भन्छिन्–

मुख्य तान्त्रिक संध्याका विधि भन्नुभयो सुनें ।
तन्त्रमा स्नानका भेद सुन्न चाहन्छु भन्नुहोस् ।।१।।

विद्यानाथ भन्छन्–

श्रुतिका, स्मृतिका एवं तन्त्रका जति छन् क्रिया ।
सबैको मूल हो स्नान, यो गर्नु अनिवार्य छ ।।२।।
देहले नै कर्म गर्छ त्यो शुद्ध हुनुपर्दछ ।
स्नानले नै शुद्ध पार्छ यसैले अनिवार्य छ ।।३।।
आयु र पुष्टि, आरोग्य दिई शुद्ध गरेर नै ।
देवताको वास गर्ने शुभ स्थान बनाउंछ ।।४।।
अशुद्ध देह र स्थान, वस्त्र, माला र चन्दन ।
रूचाउन्नन् देवहरू शुद्धै नै हुनुपर्दछ ।।५।।
गङ्गा आदि तीर्थलाई बोलाई मन्त्रले पुनः ।
तिन्कै पवित्र जलले हो स्नान गर्नु उत्तम ।।६।।
मान्त्र, भौम र **आग्नेय, वायव्य, दिव्य, वारुण** ।
मानस यी सात भेद स्नानका भन्दछु सुन ।।७।।
तीर्थ आवाहन गरी मन्त्र जप्तै नुहाउनु ।
हो **मान्त्र** स्नान, र **भौम** देह मार्जन गर्नु हो ।।८।।
खरानी देहमा घस्नु **आग्नेय** स्नान गर्नु हो ।
गाईका पाउको धूलो घस्नु **वायव्य** स्नान हो ।।९।।

देहमा घामको वर्षा गर्नु नै **दिव्य** स्नान हो ।
तीर्थका जलमा डुब्नु स्नान **वारुण** हो अनि ।।१०।।
देवताको दिव्य मूर्ति मनमा भावना गरी ।
तीर्थका जलले उन्का धोई चरण त्यो जल ।।११।।
आफ्ना मस्तकमा थापी सर्वाङ्गस्नान गर्नु नै ।
मानस स्नान हो यो ता मानिन्छ अति उत्तम ।।१२।।
जलले ता देह मात्र शुद्ध बन्दछ निर्मल ।
मानस स्नानले तीन मलकै नाश गर्दछ ।।१३।।
भित्री र बाहिरी स्नान, स्नानका दुइ भेद छन् ।
माहात्म्य यिनमा ठूलो भित्रैका स्नानको त छ ।।१४।।
संसार बन्धको नाश गरेर पुरुषार्थको ।
गराई प्राप्ति यसले मोक्ष प्राप्त गराउंछ ।।१५।।
आफ्नै इष्ट देवता हुन् सत् चित्त् आनन्द–विग्रह ।
उन्कै दिव्य पाउबाट धारा बग्दछ ज्ञानको ।।१६।।
संवित् धारा यही नै हो यहीं नै तीर्थ बस्छन् ।
यसकै भाव धाराले योगी नित्य नुहाउंछन् ।।१७।।
सूर्य मण्डलमा तीर्थ रहन्छन् तिनलाई नै ।
मुद्रा अंकुश देखाई बोलाई शुद्ध पात्रमा ।।१८।।
मुद्रा कलश देखाई गरेर तीर्थ स्थापना ।
अमृत, मीन र **योनि** मुद्राले गर्नु मन्त्रित ।।१९।।
स्नान गर्नु अनि आफ्ना मूल मन्त्र जपेर नै ।
गर्नु मार्जन यो नै हो स्थानको विधि तान्त्रिक ।।२०।।
सबैभन्दा मुख्य मन्त्र इष्ट कै मूल मन्त्र हो ।
त्यस्कै प्रयोग गर्नाले क्रिया सफल बन्दछ ।।२१।।

मानसस्नान

अन्नपूर्णा भन्छिन्–

स्नानका सात छन् भेद भन्नुभो त्यो सुनें सबै ।
तिनमा मानस स्नान श्रेष्ठ छ, भन्नुभो बुझें ।।२२।।
सबै भन्दा मन्त्र–स्नान किन श्रेष्ठ छ भन्नु भो ।
के मन्त्रस्नानले मात्र अरु स्नान गतार्थ छन् ।।२३।।

विद्यानाथ भन्छन्–

सबै इन्द्रियका मूल मन नै मान्नु पर्दछ ।
यही कारण हो बन्ध, मोक्षको बुझ्नु पर्दछ ।।२४।।
भएमा विषयासक्त मनले बन्ध ल्याउंछ ।
भएमा निर्विषय यो मुक्तिकै हेतु बन्दछ ।।२५।।
मन यस्तो चञ्चल छ, यस्लाई वशमा लिन ।
योगीलाई पनि हेर, अत्यन्त कष्ट पर्दछ ।।२६।।
यस्लाई वशमा राखी हठले बुद्धिपूर्वक ।
देवतामा लगाएमा क्रिया सफल बन्दछ ।।२७।।
स्नानमा पनि त्यस्तै छ मन नै लाग्नुपर्दछ ।
मनले गरिने स्नान मानिन्छ अति उत्तम ।।२८।।
जलले शुद्ध भो देह मन चाहिं अशुद्ध छ ।
क्रिया सफल बन्दैन जति कर्म गरेपनि ।।२९।।
मदिरा पात्रमा गङ्गा जल राखेपनि कतै ।
हुंदैन शुद्ध त्यो पानी सर्वथा हुन्छ वर्जित ।।३०।।
सकिन्न गर्न जलले पाइदैन भनेपनि ।
मनले गरिने स्नान क्रिया सफल पार्दछ ।।३१।।
वस्तुतः शुद्ध यो चित्त सधैं नै हुनुपर्दछ ।
शुद्ध चित्त भएकाको सबै नै तीर्थ तीर्थ छ ।।३२।।

यो तीर्थ, यो पनि तीर्थ भन्दै मानिस घुम्दछन् ।
आत्मै हो तीर्थ जान्दैनन् कसरी मुक्ति पाउंछन् ।।३३।।
आफ्नै हृदय हो तीर्थ ज्ञानको जल बग्दछ ।
त्यसैका जलले स्नान गर्नाले पाप छुट्‌तछ ।।३४।।
इडा भागीरथी गङ्गा, पिङ्गला यमुना नदी ।
तिनका बीचको नाडी सुषुम्णा हुन् सरस्वती ।।३५।।
जहाँ यी तीन जोडिन्छन् त्यही हो पुण्य सङ्गम ।
यही हो तीर्थको राजा यही नै योग तीर्थ हो ।।३६।।
छवटा चक्र छन् आफ्नै देहमा तीर्थराज हुन् ।
तिनमै विश्वका तीर्थ निवास गर्दछन् सधैं ।।३७।।
त्यहीं सारा देवता छन् न बुझेर रहस्य यो ।
हातको रत्न छोडेर कहाँ मानिस भाग्दछन् ।।३८।।
उठी विहानै योगीले सकी शौचादिका क्रिया ।
बसी बज्र–आसनमा मानस स्नान गर्दछ ।।३९।।
मूलाधार चक्रदेखि आज्ञाख्य चक्रसम्ममा ।
भावना तीर्थका राखी तिनमै स्नान गर्दछ ।।४०।।
सहस्रार सबै भन्दा माथि छ शिव मन्दिर ।
शुद्ध चित्त भई योगी शिवको गर्छ दर्शन ।।४१।।
क्रिया यो योगको नै हो यसले शिवसंग नै ।
तादात्म्य स्थापना गर्छ स्वयं शिव बनाउंछ ।।४२।।

वस्त्रपरिचय र भेद

अन्नपूर्णा भन्छिन्–

सकेर शौच स्नानादि शुद्ध वस्त्र लगाउनु ।
आवश्यक हुने हो त्यो वस्त्र के हुन्छ उत्तम ? ।।४३।।

तन्त्रको साधना गर्दा कस्तो वस्त्र लगाउने ? ।
भन्नुहोस् के व्यवस्था छ ? सुन्न चाहन्छु त्यो अब ।।४४।।

विद्यानाथ भन्छन्–

सबै किसिमका कर्म श्रौत, स्मार्त र तान्त्रिक ।
गर्दा पवित्र नै वस्त्र गर्नुपर्दछ धारण ।।४५।।
शौच गर्दा, शयनमा, गर्दा भोजन जो लुगा ।
लाएको हुन्छ, त्यो पूजा गर्दा हुन्न लगाउनु ।।४६।।
धोएका वस्त्र दुइटा धोती र उत्तरीयक ।
लगाएर गर्नु पर्छ त्यही नै हुन्छ उत्तम ।।४७।।
चीसो भिजेको जो वस्त्र गर्नु नै हुन्न धारण ।
देह अस्वस्थ पारेमा पूजामा विघ्न पार्दछ ।।४८।।
मैलो लुगा नधोएको पूजामा त्याग्नु वेश छ ।
सफा सेतो सधैं राम्रो सत्वभाव बढाउंछ ।।४९।।
रातो, नीलो र कालो सकेसम नलाउनु ।
सात्विकी कर्ममा सेतो शुद्ध वस्त्र लगाउनु ।।५०।।
राजसी कर्ममा रातो, कालो तामस कर्ममा ।
लगाएमा भाव त्यस्तै जागेर सिद्धि मिल्दछ ।।५१।।
वस्त्रका वर्णका भेद देवता–भेदले पनि ।
बेग्ला बेग्लै हुने गर्छ त्यसैमा पनि सिद्धि छ ।।५२।।
मुक्तिको लक्ष्य राखेर ज्ञान पाउनु छ भने ।
सेतो वस्त्र लगाएर अर्चना गर्नुपर्दछ ।।५३।।
देवी भवानीको पूजा शक्ति ऐश्वर्य पाउन ।
रातो वस्त्र लगाएर अर्चना गर्नु उत्तम ।।५४।।
अभिचार कर्म गर्दा रातो, नीलो र श्यामल ।
वस्त्र–धारण गर्नाले सिद्ध बन्दछ साधक ।।५५।।

शिवको अर्चना गर्दा सेतो वस्त्र छ उत्तम ।
श्री विष्णुका अर्चनामा पहेंलो हुन्छ उत्तम ॥५६॥
शक्तिको अर्चना गर्दा रातोले सिद्धि मिल्दछ ।
यक्ष पिशाच आदि ता कालो मन पराउंछन् ॥५७॥
ऊनी र रेशमी वस्त्र पूजाका निम्ति श्रेष्ठ छन् ।
बनेको ऊनले वस्त्र हुन्छ त्यो पनि उत्तम ॥५८॥
न सिएको सकेसम्म वस्त्र लाउनु उत्तम ।
शुद्ध चाहिं हुनै पर्छ सिएकै त्यो भए पनि ॥५९॥
कसिएको लुगा लाई हुंदैन गर्नु अर्चना ।
यसले ध्यानमा बाधा पुऱ्याई विघ्न पार्दछ ॥६०॥
खुकुलो र देह ढाक्ने शीत ताप बचाउने ।
हलुका र फिका वस्त्र पूजाका निम्ति श्रेष्ठ छन् ॥६१॥
सेता, राता, पहेंला र काला यी वर्णका लुगा ।
ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रका निम्ति ठीक छन् ॥६२॥
पाएसम सकेसम्म यही नै हुन्छ उत्तम ।
नाङ्गै पूजा गर्नु हुन्न वस्त्र ता हुनुपर्दछ ॥६३॥
कहीं वचन अर्कै छ त्यस्को संक्षेप गर्दछु ।
जसले मोक्ष चाहन्छ लुगा राता लगाउनु ॥६४॥
जसले भोग चाहन्छ सेता लुगा लगाउनु ।
मारणको मन्त्र जप्ता कालो नै उपयुक्त छ ॥६५॥
वशीकरण गर्दा ता रातो नै वस्त्र श्रेष्ठ छ ।
उच्चाटन कर्म गर्दा व्याघ्रचर्म छ उत्तम ॥६६॥
स्तम्भन कर्म गर्दा ता बोक्रा श्रेष्ठ छ वृक्षको ।
कर्मानुसार नै वस्त्र सिद्धिदायक बन्दछन् ॥६७॥

काटेको कृमिले वस्त्र सदैव त्याग्नु उत्तम ।
सेतो कीरा भए फेरि अति नै हुन्छ उत्तम ॥६८॥

तिलक धारण

अन्नपूर्णा भन्छिन्–

वस्त्रको ता कुरा यो भो कस्तो तिलक लाउने ।
यो पनि भन्नुहोस् सुन्न चाहन्छु, तन्त्रमा छ के ? ॥६९॥

विद्यानाथ भन्छन्–

शैवले धारणा गर्नु त्रिपुण्ड्र श्वेत भस्मले ।
ऊर्ध्व पुण्ड्र बैष्णवले, शाक्तले चन्द्रबिन्दु नै ॥७०॥
अथवा एउटा बिन्दु गर्नु धारण उत्तम ।
विना तिलकको कर्म सदा निष्फल बन्दछ ॥७१॥
त्रिपुण्ड्र ता खरानीको अति नै हुन्छ उत्तम ।
ऊर्ध्व पुण्ड्र, चन्द्रबिन्दु रातो कुंकुम द्रव्यको ॥७२॥
यस्तो तिलक लाएर जसले कर्म गर्दछ ।
संपूर्ण त्यसका कर्म सदा सुफल बन्दछन् ॥७३॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा तान्त्रिक सन्ध्याका अङ्ग–स्नान, वस्त्र र तिलक परिचय नामक चौबीसौं अक्ष–ज सकियो ।

पच्चीसौं अक्ष - क्ष

आसन–परिचय

आसन, आसनभेद

अन्नपूर्णा भन्छिन्–

शौच स्नान सकी वस्त्र लगाई शुद्ध भैकन ।
सन्ध्या गर्न आसनमा बस्नु पर्दछ साधक ।।१।।
तर आसन के कस्तो हुनु पर्दछ भन्नुहोस् ? ।
कुन कर्म गर्नु पर्दा शुभ छ कुन आसन ? ।।२।।

विद्यानाथ भन्छन्–

सन्ध्या पूजा कर्म गर्दा चाहिन्छ शुभ आसन ।
यस्ले दिन्छ कर्मसिद्धि, बन्छ सफल साधक ।।३।।
भेद आसनका धेरै हुन्छन् वर्णित तन्त्रमा ।
फल भिन्न हुने गर्छन् यसका भेदले पनि ।।४।।
भेद आसनका हुन्छन् कर्मका भेदले पनि ।
कर्मानुरूप नै आफ्नो आसन छान्नु पर्दछ ।।५।।
कुनै कर्म गर्नु हुन्न बनाई भूमि आसन ।
यस्तो कर्म व्यर्थ हुन्छ जस्तो श्रम गरेपनि ।।६।।
सन्ध्या पूजा गर्नु हुन्न काठमा, बाँसमा बसी ।
यसले कर्ममा बाधा सर्वथा पार्न सक्तछ ।।७।।
सबै भन्दा हुन्छ राम्रो कुशको शुद्ध आसन ।
मुख्य वैदिक सन्ध्यामा यो हुन्छ शुभ उत्तम ।।८।।
मृग चर्म अति राम्रो श्रौत, तान्त्रिक कर्ममा ।
छाला ता कृष्णमृगको दीक्षाका कर्ममा शुभ ।।९।।

तन्त्र दीक्षा लिएकैले प्रयोग यसको गरे ।
भाव संशुद्धि जागेर कर्म सफल बन्दछ ।।१०।।
ऊनी, कपासको वस्त्र, छाला मृग र बाघको ।
अभ्र कम्बलको, त्यस्मा रातो कम्बल भो भने ।।११।।
पूजाका लागि मानिन्छ अत्यन्त शुभ आसन ।
साधना गर्नका लागि यी हुन्छन् अति उत्तम ।।१२।।
छाला कृष्ण हरिणको ज्ञानसिद्धि गराउँछ ।
बाघ वा सिंहको छाला मोक्षदायक बन्दछ ।।१३।।
छाला कृष्ण हरिणको गृहस्थीलाई वर्जित ।
वानप्रस्थ, ब्रह्मचारी यिनका निम्ति उत्तम ।।१४।।
वस्त्र आसनले व्याधि विनाश गर्दछ भने ।
त्यो कुशासनका माथि रहेको हुनु पर्दछ ।।१५।।
वस्त्र आसनले मात्र पूजामा हानि गर्दछ ।
कम्बलासनले दुःख सर्वथा नाश गर्दछ ।।१६।।
शान्तिका लागि सेतो, सबैका लागि कम्बल ।
पुष्टिका लागि कौशेय सिद्धिकानिम्ति रक्तिम ।।१७।।
अभिचार कर्ममा ता कालो वा छिर्‍विरे पनि ।
हुन्छन् आसन यी राम्रा चाहना सिद्ध गर्दछन् ।।१८।।
तीन अंगुल भन्दा ता उठेको हुनुहुन्न यो ।
लामो दुई हात भन्दा हुनुहुन्न भनिन्छ यो ।।१९।।
तीन अंगुलले ऊंचा, लामो ता दुइ हातको ।
कुना चार परेको नै हुन्छ आसन उत्तम ।।२०।।
कछुवाका आकृतिको यतिका लागि आसन ।
हुन्छ उत्तम अरुका लागि ता चतुरस्त्र हो ।।२१।।

आसनमा बस्ने विधि र विशेष आसन

अन्नपूर्णा भन्छिन्–

यो त आसन भो बस्ने पूजाका लागि, भन्नु भो ।
यसमा कसरी बस्ने त्यो पनि आसनै त भो ।।२२।।
बस्ने आसनमा रीति कुन हुन् भन्नुहोस् अब ? ।
जसले साधना गर्दा सर्वथा सिद्धि मिल्दछ ।।२३।।

विद्यानाथ भन्छन्–

सबभन्दा हुन्छ राम्रो पद्म आसनमा बसी ।
सन्ध्या पूजा सबै गर्नु यो हुन्छ सिद्धिकारक ।।२४।।
बायां तिघ्रा माथि दायां पाउ राखी त्यसै गरी ।
दायां तिघ्रा माथि बायां राखे जो बन्छ आसन ।।२५।।
पद्मासन त्यही नै हो त्यो हुन्छ देवता–प्रिय ।
यसले दिन्छ संसिद्धि पूजा सफल बन्दछ ।।२६।।
तर यो सजिलो छैन सक्तैन बस्न साधक ।
धेरै नै बेर यसमा, पूजा रोकिन सक्तछ ।।२७।।
बीचमा रोक्न पूजा ता हुन्न यो शास्त्र भन्दछ ।
विच्छेद विघ्न मानिन्छ देवता रुष्ट बन्दछन् ।।२८।।
पद्मासन त्यसैले नै योगमा उपयुक्त छ ।
पूजामा सजिलो जो छ त्यही नै लिनु पर्दछ ।।२९
अर्को आसन छ **सिद्ध** यो ज्यादै उपयुक्त छ ।
यस्ले उद्वेग नाशेर चित्त स्थिर गराउंछ ।।३०
कामको वेग यसले चांडै शान्त गराउंछ ।
गराई मन एकाग्र भाव शुद्ध बनाउंछ ।।३१।।
लिङ्गका मूलमा बायां कुर्कुच्चो रहने गरी ।
कुर्कुच्चो दाहिने लिङ्गमाथि राखी दबाउने ।।३२।।

सोभ्रो बसी स्थिर भई आंखी भौ बीचमा मन ।
लगाए बन्ध जो हुन्छ **सिद्ध–आसन** हो त्यही ।।३३।।
सिद्ध आसनमा बस्ता ध्यानमा मन लाग्दछ ।
एकाग्रता बृद्धि भई पूजा सफल बन्दछ ।।३४।।
बज्र–आसन अर्को छ ध्यानका निम्ति योग्य छ ।
यस्ले चञ्चलता रोक्छ काम वेग हटाउंछ ।।३५।।
चित्तलाई बनाएर एकाग्र अनि सुस्थिर ।
इष्ट आराधनामा नै सधैं बल पुर्याउंछ ।।३६।।
दुबै आफ्ना घुंडा मारी कुर्कुच्चामा बसी स्वयम् ।
गुदद्वार दबाएर सोभ्रो भै बस्नु पर्दछ ।।३७।।
तिघ्रा जोडी टम्म पारी लिङ्गलाई दबाउनु ।
मन आज्ञा चक्रमा नै लगाई बस्नु सुस्थिर ।।३८।।
इष्टको ध्यान गर्नाले यस आसनमा बसी ।
द्यौतामा चित्त लागेर ध्यान सफल बन्दछ ।।३९।।
रोग लागी अन्य कुनै परी कारण क्यै गरी ।
तीनै आसनमा बस्न नसके छ **सुखासन** ।।४०।।
बसी पलेटी मारेर सोभ्रो र स्थिर चित्त भै ।
आज्ञामा इष्टको ध्यान गर्नु हो **सुख–आसन** ।।४१।।
सबैकै लागि यो राम्रो सजिलो हुन्छ कर्ममा ।
थोरै अभ्यासले हुन्छ सिद्ध यो सुख–आसन ।।४२।।

कर्मभेदले आसन (बन्ध) भेद

कपडा, कुश, छालाको, उठेको चार अंगुल ।
चारकुने, दुइ हाते, सुन्दर, मृदु, निर्मल ।।४३।।
यस्ता आसनमा नित्य कसी आदि आसन ।
सन्ध्या पूजा गर्छ जस्ले त्यो चांडै सिद्ध बन्दछ ।।४४।।

यो आसन नित्यको हो धेरै छन् अरु काम्यका ।
आ–आफ्ना कर्म हेरेर छान्नु पर्दछ आसन ।।४५।।
ध्यान प्राप्त गर्नेलाई मृग छाला छ उत्तम ।
सर्वार्थ सिद्धिका लागि छाला छ बाघको शुभ ।।४६।।
कम्बल पुष्टिका लागि, बेतले श्री बढाउंछ ।
सेतो कम्बलले धर्म चांडै सिद्ध गराउंछ ।।४७।।
रातोले अर्थको सिद्धि शीघ्र प्राप्त गराउंछ ।
पहेंलो कामको सिद्धि प्राप्तिमा हेतु बन्दछ ।।४८।।
कालो कम्बल वा मोक्ष दिने कारण बन्दछ ।
रंगाएको भए दुःख मुक्ति कारण बन्दछ ।।४९।।
नीलो रंग हुँदैहुन्न मानिन्न शुभ आसन ।
यसमा साधना गर्दा सिद्धिमा बिघ्न पर्दछ ।।५०।।
अभिचार कर्म कालो, रातो ता वश्य कर्ममा ।
शान्तिका कर्ममा सेतो, सबैमा छिर्बिरे शुभ ।।५१।।
अभिचार कर्ममा ता विभिन्न पशुचर्मका ।
शुभ आसन मानिन्छन् तिनैले सिद्धि मिल्दछ ।।५२।।
काठ, बाँस, वस्त्र मात्र, ढुंगा, माटो र पातका ।
बाँस, ईंटा र पृथ्वीका यी आसन निषिद्ध छन् ।।५३।।
काठ–आसनमा बस्ता शोक नै भोग्नु पर्दछ ।
दारिद्रय वंशासनमा, वस्त्र आसनमा भने ।।५४।।
स्थानको नै नाश हुन्छ, मात्र वस्त्र भयो भने ।
ढुंगामा हुन्छ उच्चाट, माटोमा ज्वर आउंछ ।।५५।।
पृथिवी मात्रमा बस्ता पीडा हुन्छ र पातमा ।
चित्तको नै भ्रान्ति हुन्छ, तृण आसनमा भने ।।५६।।

पीडा हुन्छ, निषिद्धै छ सधैं नै ईंट आसन ।
सन्ध्या र अर्चना गर्दा यिनी आसन त्याज्य छन् ।।५७।।
ब्रह्मचारी, वनवासी, सन्यासी तीनले भने ।
कृष्णसार मृग चर्म लिनु आसन उत्तम ।।५८।।
गृहस्थले त्यो लिनु हुन्न चित्त नै क्षुब्ध बन्दछ ।
शुभाशुभ दुबै हेरी रोज्नु आसन उत्तम ।।५९।।
शरीरका बन्ध पनि धेरै नै छन् शुभाशुभ ।
तिनमा शुभ छानेर पूजामा बस्नु पर्दछ ।।६०।।
स्वस्तिक, भद्र, वीर, कूर्म यी चार आसन ।
सन्ध्या र अर्चना गर्दा हुन्छन् यी अति उत्तम ।।६१।।
धेरै छन् योग बन्ध चौरासी मुख्य मुख्य छन् ।
ती ता हुन् योगकै लागि योगी नै लिन सक्तछन् ।।६२।।
सामान्य अरुले छान्दा गाहारो न हुने गरी ।
धेरै बेर बस्न सक्ने बन्ध नै छान्नु पर्दछ ।।६३।।
हठ धेरै गर्नु हुन्न खुलेमा बन्ध बीचमा ।
कर्ममा नै विघ्न पर्छ सजिलै हुनु पर्दछ ।।६४।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा आसन परिचय नामक पच्चीसौं अक्ष–भ्क सकियो ।

छब्बीसौं अक्ष - ज

सन्ध्या र अर्चनाका नियम

अन्नपूर्णा भन्छिन्–

सन्ध्या र अर्चना गर्दा कुन आसन उत्तम ।
निषिद्ध कुन छन् धेरै भन्नुभो सब यी बुझें ।।१।।
सन्ध्या र अर्चना गर्दा के के नियम छन् अरु ।
सबैले पालना गर्ने ? भन्नुहोस् त्यो सुनौं अब ।।२।।

विद्यानाथ भन्छन्–

सन्ध्या पूजा कुनै कर्म गर्दा नियम पालन ।
गरेमा मात्र पाइन्छन् कर्मका फल उत्तम ।।३।।
गर्दा नियम नाघेर फल पाइन्न कर्मका ।
पदे पदे विघ्न पर्छन् अनिष्ट पर्न सक्तछन् ।।४।।
शास्त्रले नै बताए भैं सबै विधि–विधानले ।
गरेमा कर्म पाइन्छ फल त्यस्ता विधानको ।।५।।
जप होम अर्चना यी सबै नै विधिपूर्वक ।
गर्नाले नै खुसी हुन्छन् देवता, फल मिल्दछ ।।६।।
प्रातःकाल उठी चांडै संभेर गुरु–पादुका ।
प्रातःकृत्य गरी शौच सबै नै सक्नुपर्दछ ।।७।।
दन्तधावन र स्नान गरी सन्ध्या सकेपछि ।
विधिले देवता, पितृ गर्नु पर्दछ तर्पित ।।८।।
यथाशक्ति त्यसपछि गरेर दान, मौन भै ।
जप आदि नित्य पूजा नित्य होम सकी सबै ।।९।।

कुनै नैमित्तिकी पूजा भएमा गर्नुपर्दछ ।
यही नियम सामान्य पालना हुनुपर्दछ ।।१०।।
नित्य, नैमित्तिक, काम्य कर्म सापेक्ष छन् सबै ।
सबै नै गर्नुपर्छ शास्त्रकै विधिपूर्वक ।।११।।
दीक्षा लिए पछि नित्य कर्म ता गर्नुपर्दछ ।
नगरेमा पाप लाग्छ गर्नै पर्दछ त्यो सदा ।।१२।।
गर्नुपर्ने कर्महरू हुन्छन् जो पर्व पर्वमा ।
नैमित्तिक कर्म हुन् ती गरेमा पुण्य फल्दछ ।।१३।।
कुनै पनि कामनाले गरिने काम्य कर्म हुन् ।
चाहेको फल पाइन्छ गरे विधि–विधानले ।।१४।।
नित्य, नैमित्तिक, काम्य जस्ले गर्छ विधानले ।
प्रसन्न देवता बन्छन् ऋद्धि र सिद्धि मिल्दछ ।।१५।।
तीन सन्ध्या, दुई सन्ध्या, एकैपल्ट भएपनि ।
नुहाई तीन सन्ध्या जप गर्ने विधान छ ।।१६।।
पूजे पनि तीन पल्ट वस्तुतः गर्नु उत्तम ।
अथवा दुइपल्टै नै नभए एकपल्ट वा ।।१७।।
पूजा इष्ट देवताको गर्नैपर्दछ निश्चित ।
जपका अन्तमा पूजा, पूजाका अन्तमा जप ।।१८।।
गरेमा नै साधनाको यथेष्ट फल मिल्दछ ।
अन्यथा व्यर्थ नै हुन्छ दीक्षा, निष्फल बन्दछ ।।१९।।
जप, पूजा साथ साथ गर्नुपर्दछ नित्यशः ।
नसके अर्चना गर्न सामग्रीका अभावले ।।२०।।
पुरश्चरण ता गर्नु जप मात्र गरेपनि ।
यस्ले पनि सिद्धि मिल्छ मिथ्या ता हुन्छ वर्जित ।।२१।।

धेरै यी नियमहरू नारीका लागि होइनन् ।
पालना यी सबै गर्न सक्तैनन् स्त्रीहरू कतै ।।२२।।
सकेमा गर्नु नै राम्रो नसके जप मात्रले ।
उन्का कार्य सिद्ध हुन्छन् मन्त्र सफल बन्दछ ।।२३।।
चित्तमा देवतालाई सधैं स्थिर गराउनु ।
हृदय सिंहासनमा सधैं राज गराउनु ।।२४।।
श्रद्धा र भक्तिका साथ एकचित्त भएर नै ।
समर्पित सधैं बन्नु उन्मै लीन गराउनु ।।२५।।
भए सामर्थ्य ता आफ्नो सबै विधि–विधानले ।
नित्य, नैमित्तिक, काम्य सबै कर्म गराउनु ।।२६।।
गुरु र देवता, आत्मा तीनैमा एक भावले ।
अभेद भावना राख्नु पूजाको मर्म हो यही ।।२७।।
दीक्षा लिएपछि एकपल्ट मात्र भए पनि ।
पुरश्चरण ता गर्नु मन्त्र सिद्ध गराउन ।।२८।।
त्यस्मा केही नियम छन् त्यस्को पालन राम्ररी ।
गर्नु पर्दछ, यसले मन्त्र सक्रिय पार्दछ ।।२९।।
भूशैय्या, ब्रह्मचर्य, मौन, आचार्यसेवन ।
नित्यपूजा, नित्यदान, देवतास्तुति, कीर्तन ।।३०।।
नैमित्तिक अर्चना र विश्वास गुरुदेवमा ।
जप निष्ठा बान्ह धर्म मन्त्रसिद्धि गराउंछन् ।।३१।।
मन लाग्नु देवतामा, पवित्र हुनु, मौन भै ।
मन्त्रको अर्थ सोच्नु, व्यग्रता नै हटाउनु ।।३२।।
कहिल्यै खिन्न नहुनु प्रसन्न हुनु सर्वदा ।
जप संपत्तिका लागि हुन्छन् यी मुख्य कारण ।।३३।।

पुरश्चरण ता गर्दा केही वर्जित कर्म छन् ।
ती कर्म त्याग्नु नै पर्छ गरेमा विघ्न पर्दछ ।।३४।।
हाई हाई र आलस्य, निद्रा, देह कन्याउनु ।
थुक्नु अनि, डर लाग्नु, नीचको स्पर्श गर्नु र ।।३५।।
रिसाउनु आठ यी हुन् जपका विघ्नकारक ।
पुरश्चरणमा त्याग्ने यिनै निन्दित कर्म हुन् ।।३६।।
पुरश्चरण गर्ने हो मन्त्र सिद्ध गराउन ।
यसकै निम्ति जप हो, यही नै मुख्य कर्म हो ।।३७।।
मन, चित्त, देह, बुद्धि दशै इन्द्रियले पनि ।
जपमा नै विघ्न पार्ने कर्म ता त्याग्नुपर्दछ ।।३८।।
आसुरी भाव त्यागेर रहेर दैव–भावमा ।
देवताको गरी ध्यान जप गर्ने विधान हो ।।३९।।
मुख्य ता मन हो यस्मा सिद्धिको मूल कारण ।
मनलागे सिद्धि हुन्छ, नलागे श्रम मात्र हो ।।४०।।
मानिसै हो, नियमको सधैं नै हुन्छ पालन ।
सकिदैन सदा भन्न हुनसक्तछ लङ्घन ।।४१।।
शास्त्रमा यसका निम्ति प्रायश्चित विधान छन् ।
प्रायश्चित्त गरी फेरी उही शास्त्र–विधानले ।।४२।।
जप आदि कर्म गर्नु यही नै हुन्छ उत्तम ।
यसैले नै लक्ष्य आफ्नो सदा सिद्ध गराउंछ ।।४२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा सन्ध्या र अर्चनाका नियम नामक छब्बीसौं अक्ष–ञ सकियो ।

सत्ताइसौं अक्ष - ट

आचमनपरिचय

अन्नपूर्णा भन्छिन्–

गर्नुपर्छ आचमन कर्मका आदिमा सधैं ।
भन्नुभो, त्यसको के हो माहात्म्य ? भन्नुहोस् अब ॥१॥
आचमन तत्त्व के हो, कसरी गर्नु पर्दछ ? ।
महत्त्व त्यसको के हो सन्ध्या पूजादि कर्ममा ? ॥२॥

विद्यानाथ भन्छन्–

सन्ध्या पूजा आदि कर्म गर्दा आरम्भमा सधैं ।
आचमन हुनै पर्छ यसले शुद्धि गर्दछ ॥३॥
तीनपल्ट जलपान गरेर क्रमले पुनः ।
आठ अङ्ग स्पर्श गरी शुद्ध देह बनाउने ॥४॥
क्रिया नै आचमन हो, त्यसको विधि बन्दछु ।
आचमन क्रिया गर्नु पवित्र युक्त हातले ॥५॥
हुँदैन पवित्र जूठो गर्दा आचमन–क्रिया ।
पिई बांकी रहेको ता जूठो हो जल त्याज्य छ ॥६॥
औंला बूढी अनि कान्छी छोडेर शेष हातका ।
लिई जल तीनपल्ट गर्नु आचमन–क्रिया ॥७॥
त्यस्पछि मुख र नाक, आंखा, कान र नाइटो ।
हृदय शिरको भाग विधिले छुनु पर्दछ ॥८॥
शिर, घांटी, दुबै ढाकी खोलेर अथवा शिखा ।
नाङ्गै रहेर वा गोडा नधोई जलमै बसी ॥९॥
घुंडा बाहिर राखेर हात त्यस्तै उठी उठी ।
गर्नु हुन्न आचमन शुद्धि हुन्न कसैगरी ॥१०॥

गाईको कान झैं खाल्टो बनाई हातले जल ।
तीनपल्ट लिई गर्नु पर्छ आचमन क्रिया ।।११।।
त्यतिमात्र जल लिनु नपुगोस् पेटमा कतै ।
भिजोस्, घाँटी र हृदय त्यही यस्को विधान हो ।।१२।।
आचमन गर्नु पर्दा जलभित्र रही कहीं ।
घुंडा माथिसम्म पानी रहोस् यो हेर्नुपर्दछ ।।१३।।
जल बाहिर निस्केर गर्दा आचमन भने ।
भिजेको कपडालाई गर्ने हुन्न निषिद्ध छ ।।१४।।
सन्ध्या पूजा मात्र हैन अरू कार्य हुंदा पनि ।
आचमन गर्नुपर्छ देह–शुद्धि हेतुले ।।१५।।
अशुद्ध छ कुनै कर्म गर्ने पर्ने भयो भने ।
आचमन त्यसपछि गर्नु पर्ने विधान छ ।।१६।।
जल पाइन्न कहिले त्यस्तो स्थिति भयो भने ।
दाहिने कानमा स्पर्श गर्नाले शुद्धि मिल्दछ ।।१७।।
सूर्य–दर्शन गर्नाले गाईका पृष्ठ स्पर्शले ।
छुनाले दाहिने कान शरीर शुद्ध बन्दछ ।।१८।।
तीर्थमा स्नान गर्दा जलभित्रै रही पनि ।
आचमन गर्नुपर्छ त्यसले दोष हट्तछ ।।१९।।
पुनः बाहिर निस्केर वस्त्र फेरी सकेपछि ।
गर्नुपर्छ आचमन यही यस्को विधान हो ।।२०।।
सन्ध्या, पूजा, हवनमा पितृका कर्ममा पनि ।
अनिवार्य छ यो कर्म सधैं यो गर्नुपर्दछ ।।२१।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा आचमन परिचय नामक सत्ताइसौं अक्ष–ट सकियो ।

अट्ठाइसौं अक्ष - ठ

प्राणायामपरिचय र विधि

अन्नपूर्णा भन्छिन्–

आचमन क्रिया के हो भन्नुभो त्यो सुनें सबै ।
अब प्राणायाम बारे जान्न चाहन्छु भन्नुहोस् ॥१॥
प्राणायाम क्रिया के हो यसको के महत्त्व छ ? ।
यो क्रिया कसरी हुन्छ ? सबै बिस्तार गर्नु होस् ॥२॥

विद्यानाथ भन्छन्–

योगका छन् आठ अङ्ग योग शास्त्र बताउंछ ।
हो प्राणायाम त्यस्मा चतुर्थ अङ्ग योगको ॥३॥
अत्यावश्यक मानिन्छ सन्ध्या पूजन–कर्ममा ।
यस्को महत्त्व धेरै छ कर्मका आदि अन्तमा ॥४॥
मन चञ्चल हाम्रो छ स्थिर हुन्न कसै गरी ।
कर्मको फल नै छैन नभए मन सुस्थिर ॥५॥
मन सुस्थिर यो बन्छ प्राणायाम भयो भने ।
भई एकाग्र पूजामा कर्मको फल मिल्दछ ॥६॥
वायु विकारले लाग्छन् अनेकौं रोग देहमा ।
निवृत्ति तिनको हुन्छ प्राणायाम गऱ्यो भने ॥७॥
प्राणायाम विना पूजा सर्वथा हुन्छ निष्फल ।
यसैले गर्नु नै पर्छ पूजाका आदि अन्तमा ॥८॥
मनुष्य देहमा नाडी अनेकौं कर्म गर्दछन् ।
प्राणायाम क्रियाले नै तिनको हुन्छ शोधन ॥९॥

भए शोधन नाडीको हुन्छन् कर्म व्यवस्थित ।
व्यवस्थित भए मात्र कार्य सफल बन्दछ ।।१०।।
यसका चार छन् वृत्ति पहिलो **बाह्य–वृत्ति** हो ।
यो हो **रेचक**, यसमा छोडिन्छ सास बाहिरै ।।११।।
दोश्रो **आभ्यन्तर–वृत्ति** यस्को **पूरक** नाम हो ।
यसमा सास तानिन्छ नाकले भित्र सुस्तरी ।।१२।।
तेश्रो ता **स्तम्भवृत्तिको** यस्को हो नाम **कुम्भक** ।
भित्रै वा बाहिरै सास रोक्नाले हुन्छ कुम्भक ।।१३।।
सास, रोक्ने र छोड्ने यी तीनै कर्म हुंदा पनि ।
कुनै विषयको ध्यान नहुनु **अन्य–वृत्ति** हो ।।१४।।
दुइटा भेद छन् यस्का पहिलो ता **सगर्भ** हो ।
मन्त्र प्रयोग यसमा हुँदा हुन्छ **सगर्भक** ।।१५।।
मन्त्र प्रयोग नहुने अर्को भेद **विगर्भ** हो ।
ज्योतिको मात्र यसमा ध्यान हुन्छ सधैं भरी ।।१६।।
पूरक कुम्भक अनि **रेचक** तीन भेदमै ।
काल नापिन्छ मात्राका संख्याले बुझ्नु पर्दछ ।।१७।।
दाहिने हातले बायां घुंडा छोई घुमाउंदा ।
जति समय लाग्ने हो एक मात्रा त्यही बुझ ।।१८।।
यस्तो मात्रा सोव्ह गन्दै तान्नु हो सास **पूरक** ।
गनेर मात्रा चौसट्ठी रोक्नु हो सास **कुम्भक** ।।१९।।
गन्दै बत्तीस मात्रा छोड्नु हो सास **रेचक** ।
यी तीनै प्रक्रिया गर्दा यौटा संपूर्ण बन्दछ ।।२०।।
पहिले नाकले बायां तानेर सास **पूरक** ।
गरी रोकी भित्र राख्नु यो हो **आन्तर कुम्भक** ।।२१।।

रोकेको सास त्यो दायाँ नाकले छोड्नु **रेचक** ।
यसै गरी पुनः दायाँ नाकले गर्नु **पूरक** ।।२२।।
भित्र रोकेर त्यो राख्नु गर्नु आन्तर **कुम्भक** ।
रोकेको सास त्यो बायाँ नाकले छोड्नु **रेचक** ।।२३।।
प्रयोग मन्त्रको गर्दा बेग्ला बेग्लै विधान छन् ।
कहीं प्रणवले हुन्छ, गायत्री मन्त्रले कहीं ।।२४।।
कहीं ता यसमा हुन्छ प्रयोग मूल मन्त्रको ।
वायु, आगो र जलका बीजले हुन्छ प्रायशः ।।२५।।
वायुको बीज हो **'यँ'** यो यसले हुन्छ **पूरक** ।
आगोको बीज हो **'रं'** यो यसले हुन्छ **कुम्भक** ।।२६।।
जलको बीज हो **'वँ'** यो यसले हुन्छ **रेचक** ।
यिनले प्राणायाम गर्दा नष्ट हुन्छन् ती पातक ।।२७।।
अनेकौं पाप हुन्छन् गर्दा जीवन यापन ।
तीनै सबै संचित भई बन्छ त्यो पापपूरुष ।।२८।।
त्यस्को विनाश नभई गरेका कर्म निष्फल ।
हुने हुँदा, गर्नुपर्छ विनाश पापमूर्तिको ।।२९।।
पापपुरुष त्यो बस्छ मान्छेका वाम कुक्षिमा ।
झिकी बाहिर त्यो मूर्ति विनष्ट पार्नुपर्दछ ।।३०।।
वायुका बीजले त्यस्को शोष्छ अमृत भित्रको ।
आगोका बीजले त्यस्को खोस्टो सब जलाउंछ ।।३१।।
जलका बीजले फेरी खरानी त्यो बगाउंछ ।
पाप मूर्ति भई नष्ट क्रिया सफल बन्दछ ।।३२।।

प्राणायामका अन्य भेद

अन्नपूर्णा भन्छिन्–

प्राणायाम क्रिया के हो, यसका मुख्य भेद के ।
महत्त्व यसको के हो भन्नुभो त्यो बुझें सबै ।।३३।।
अरू पनि भेद छन् कि ? अलि बिस्तार गर्नुहोस् ।
महत्त्व यसको धेरै अर्चनामा रहेछ त ।।३४।।

विद्यानाथ भन्छन्–

योगको परिभाषा हो निरोध चित्तवृत्तिको ।
बहिर्मुखी चित्तवृत्ति अन्तर्मुख गराउनु ।।३५।।
योग साधन हो ठूलो नभई नहुने क्रिया ।
योग नै मुख्यतः सन्ध्या, अर्चना मान्नु पर्दछ ।।३६।।
यसका भेद धेरै नै पाइन्छन् योगशास्त्रमा ।
हुने प्रयोग पूजामा सुनाएं त्यत्तिकै यहाँ ।।३७।।
यम, नियम आदि यी योगका आठ अङ्ग जो ।
तिन्को विस्तार गर्ने छु पछि नै योग–पादमा ।।३८।।
ब्रह्मकै भावना गर्दै चित्तादि सब भावमा ।
समस्त वृत्ति नै रोक्नु प्राणायाम यही त हो ।।३९।।
'ब्रह्म नै हुं म' यो वृत्ति भनिन्छ वायु–पूरक ।
त्यसैको नै निश्चलता कुम्भक–प्राणसंयम ।।४०।।
विश्वमै ब्रह्म नै देख्नु भनिन्छ वायु रेचक ।
सास तान्नु र रोक्नु, छोड्नु ता विधिमात्र हुन् ।।४१।।
गर्दा पूरक ता सोच्नु श्रीविष्णु नाभिस्थानमा ।
गर्दा कुम्भक ता सोच्नु ब्रह्मा हृदय–स्थानमा ।।४२।।
अनि रेचक गर्दा ता सोच्नु रुद्र निधारमा ।
संपूर्ण पापको राशि विनष्ट गर्दछन् यिनै ।।४३।।

योगका अरु छन् भेद मुख्यतः चार भेद छन् ।
मन्त्र, लय, हठ, राज यी चार तन्त्र योग हुन् ।।४४।।
मातृकादियुक्त मन्त्र बाह्र वर्ष जपेपछि ।
मन्त्र–योग सिद्ध हुन्छ विधि पूर्ण भयो भने ।।४५।।
कर्म गर्दा जुनसुकै ध्यान निष्कल ब्रह्मको ।
गर्दै गर्नु चित्तलाई यही नै **लय–योग** हो ।।४६।।
यमादि योगका अङ्ग गरी संपूर्ण साधना ।
निरोध वृत्तिको गर्नु यही नै **हठ–योग** हो ।।४७।।
यसैमा हुन्छ धेरै नै प्राणायाम प्रयोग यो ।
यसैले चित्त एकाग्र भएर सिद्धि मिल्दछ ।।४८।।
कुण्डली योगले सिद्ध **राज–योग** भएपछि ।
त्यो ता ब्रह्म स्वयं बन्छ अद्वैत तत्त्व निष्कल ।।४९।।
यी चारै योगमा प्राण हुनुपर्दछ संयत ।
भए सिद्ध योग हुन्छ नभए निष्फल बन्दछ ।।५०।।
बिहान, दिउँसो, साँझ, प्राणायाम निरन्तर ।
संपूर्ण विधिले गर्दा हुनेछ प्राण संयत ।।५१।।
मुख्य कुम्भक हो त्यस्मा सबैभन्दा प्रधान नै ।
गर्छ कुम्भक जो सिद्ध त्यसैका सब सिद्धि छन् ।।५२।।
यस्को बिस्तार गर्ने छु योगका नै प्रसङ्गमा ।
संक्षेपमा भनें मैले पूजाका क्रममा यहाँ ।।५३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा प्राणायामपरिचय र विधि नामक अट्ठाइसौं अक्ष–ठ सकियो ।

उनन्तीसौं अक्ष - ड

न्यास परिचय, भेद र विधि

न्यासको स्वरूप

अन्नपूर्णा भन्छिन्–

सन्ध्या पूजा दुबै गर्दा न्यास गर्ने विधान छ ।
यस्को चर्चा गर्नु भयो प्रातःकृत्य प्रसङ्गमा ।।१।।
स्वयं देव बनी आफ्नै पूजा गर्ने विधान नै ।
न्यासको प्रक्रिया हो त्यो भन्नुभो पहिले पनि ।।२।।
न्यासका भेद कति छन् के के यस्का विधान छन् ? ।
भन्नुहोस् सुन्न चाहन्छु बिस्तार गर्नुहोस् अब ।।३।।

विद्यानाथ भन्छन्–

स्वयं देव बनी आफ्नै पूजा गर्ने विधानको ।
प्रक्रिया योगको साक्षात् न्यासले पूर्ण गर्दछ ।।४।।
न्यासका अर्थ धेरै छन् पूजामा 'राख्नु' अर्थ हो ।
अङ्गमा देवता राखी देवतै बन्नु न्यास हो ।।५।।
तन्त्रोक्त मार्गले न्यास जसले नित्य गर्दछ ।
देवता–भाव पाएर मन्त्र नै सिद्ध बन्दछ ।।६।।
नगरी न्यास विधि यो जसले जप गर्दछ ।
ब्याधाले मृग बाँधे झैं विघ्नले बाँध्न थाल्दछ ।।७।।
न्यास कवचले ढाकी जसले जप गर्दछ ।
भागे झैं सिंह देखेर हात्ती यी, विघ्न भाग्दछन् ।।८।।
द्यौतै बनेर द्यौताको अर्चना गर्नुपर्दछ ।
जो देवता स्वयं छैन, नगर्नु देव–अर्चना ।।९।।

देवता नै बनाएर न्यासले गर्छ त्यो क्रिया ।
जप पूजा अनि मात्र सधैं सफल बन्दछ ॥१०॥
न्यासका भेद धेरै छन् षडङ्ग न्यास मुख्य छ ।
त्यस्मा पनि दुइ भेद – औंला र हृदयादि छ ॥११॥
षडङ्गन्यास गर्दा औंला र हृदयादिको ।
ॐकार वा मूल बीज प्रयोग हुनु पर्दछ ॥१२॥
पहिले मन्त्रको बीज उच्चारण गरेर नै ।
औंलाको नै नाम लिई 'नमः' पद लगाउनु ॥१३॥
दुइटै हातका आफ्ना प्रत्येक अंगुली अनि ।
हातका मूल र पृष्ठ छवटै अङ्ग हुन् यिनै ॥१४॥

(ॐ अंगुष्ठाभ्यां नमः,ॐ तर्जनीभ्यां नमः,
ॐ मध्यमाभ्यां नमः,
ॐ अनामिकाभ्यां नमः, ॐ कनिष्ठिकाभ्यां नमः,
ॐ करतल–करपृष्ठाभ्यां नमः)

अंगुलीको न्यास पछि हृदयादि षडङ्गको ।
न्यास ता गर्नु नै पर्छ मन्त्रोच्चारण पूर्वक ॥१५॥
हृदय र शिर, शिखा, कवच, तीन नेत्र र ।
अस्त्र अंग छ वटा यी हृदयादि षडङ्ग हुन् ॥१६॥
नमः, स्वाहा, बषट्, हुम् र वौषट्, फट् यिनको पनि ।
उच्चारण हुनै पर्छ पछाडि हृदयादिको ॥१७॥

(ॐ हृदयाम नमः, ॐ शिरसे स्वाहा,
ॐ शिखायै वषट्, ॐ कवचाय हुम्,
ॐ नेत्रत्रयाय बौषट्, ॐ अस्त्राय फट्)

छ वटा अंगको न्यास यी सामान्यतया सबै ।
सन्ध्या पूजा हुँदा गर्ने अनिवार्य विधान हो ॥१८॥

तर मन्त्र भने यस्मा बेग्लै नै हुन सक्तछन् ।
मूल मन्त्र बीज पनि प्रयोग हुन सक्तछ ।।१९।।
बीजका छ वटा दीर्घ मन्त्रले पनि न्यास यो ।
गर्ने विधान धेरै छन् यो पनि हुन सक्तछ ।।२०।।
अथवा मन्त्रका बीज बेग्ला बेग्लै जपी पछि ।
छुनु तिनै अङ्गहरू अर्को यस्को विधान हो ।।२१।।
गायत्रीको मन्त्र जप्ता सबै व्याहृतिको अनि ।
गायत्री मूलको यस्मा न्यास गर्ने विधान छ ।।२२।।

(षड्दीर्घ न्यास– मूलबीजको, आ, ई, ऊ, ऐ औ, अः छ वटा दीर्घ स्वर अन्तमा राखी न्यास हुन्छ)

गरेर मन्त्रको योग न्यास गर्दा अरु पनि ।
अङ्गमा मन्त्रको न्यास गर्ने विधि–विधान छन् ।।२३।।
शिरदेखि पाउसम्म अंगमा स्थान छन् जति ।
सबै नै मन्त्रको न्यास गर्ने पनि विधान छन् ।।२४।।
षडङ्ग न्यास अथवा अरु नै अङ्गमा पनि ।
हुने प्रयोग ती मन्त्र अति नै गोपनीय छन् ।।२५।।
मन्त्रका बीज कुन हुन् प्रयोग तिनको कहाँ ।
कसरी गर्नुपर्ने हो गुरुले नै बताउंछन् ।।२६।।
मन्त्रका बीज छन् गोप्य प्रयोग विधि गोप्य छ ।
गुरुबाटै सिक्नु पर्छ यसैले सिद्धि मिल्दछ ।।२७।।
ग्रन्थबाट अन्यबाट लिई जति गरेपनि ।
यसमा ता सिद्धि छैन गुरु नै मूल स्रोत हुन् ।।२८।।

न्यासका भेद

अन्नपूर्णा भन्छिन्–

न्यासको रूप माहात्म्य यसको मुख्य भेदमा ।
षडङ्ग न्यास के हो भन्नु भो त्यो सुनें सबै ।।२९।।

न्यासका अरु के के छन् ? भेद विस्तार गर्नुहोस् ।
आकाङ्क्षा मनमा जान्ने तीब्र भो शान्त गर्नुहोस् ॥३०॥

विद्यानाथ भन्छन्–

यौटा छ मातृका न्यास त्यो छ धेरै महत्त्वको ।
समस्त पाप नाशिन्छन् गरे संपूर्ण न्यास यी ॥३१॥
यसका दुइ छन् भेद भित्रै भित्र हुने **परा** ।
दोश्रो छ **अपरा** अर्को बाहिरी अंगमा हुने ॥३२॥
भित्रै भित्र भावनाले हुने न्यास **परा** यहाँ ।
भन्दछु म यथाशक्ति सुन है ध्यानपूर्वक ॥३३॥
योगीले भावना गर्छन् भित्रै आफ्नै शरीरमा ।
छ वटा योगका तन्त्र, देवता मातृकाहरू ॥३४॥
मूलाधार, अधिष्ठान, मणिपूर, अनाहत ।
विशुद्ध, आज्ञा यी छ र यिनका मातृकाहरू ॥३५॥
अकार देखि क्ष सम्म पचास मातृकाहरू ।
सबै मन्त्र–देवमय रहन्छन् सब चक्रमा ॥३६॥
मातृका कुन छन् कस्ता चक्रमा यी कुराहरू ।
संक्षेपमा भनिसकें भूत शुद्धि प्रसङ्गमा ॥३७॥
मूलाधार चक्रमा जो देवी छिन् कुण्डली परा ।
गर्दै उत्थान दिनको गरिन्छ चक्रभेदन ॥३८॥
सहास्रारसम्म लगी शिवकासंगमा तिनै ।
कुण्डलीको सामरस्य योगीले नै गराउंछन् ॥३९॥
यसै प्रसङ्गमा भित्री चक्रमा मातृकाहरू ।
जो जो छन् तिनको न्यास गरिन्छ विधिपूर्वक ॥४०॥
यसैलाई परा न्यास भनिन्छ यो त योग हो ।
यो अन्तर्मातृकान्यास पहिले गर्नुपर्दछ ॥४१॥

अर्को छ बाहिरी न्यास हुन् उनै मातृकाहरू ।
विभिन्न अङ्गमा यिन्को गरिन्छ न्यास उत्तम ।।४२।।
निधार र मुख वृत्त, दुबै आंखा दुबै श्रुति (कान) ।
नाकका दुइटा प्वाल, दुबै गाला र ओंठका ।।४३।।
दुबै भाग, तलमाथि दाँतका पंक्ति र शिर ।
मुख सोन्ह अंगमा यी स्वरका न्यास गर्नु र ।।४४।।
हातका सन्धि दशमा तिनका अग्रभागमा ।
मातृका दशको न्यास गर्नु 'क'–र 'च'–वर्गका ।।४५।।
गोडाका सन्धिमा त्यस्तै तिनका अग्रभागमा ।
मातृका दशको न्यास गर्नु 'ट'–र 'त'–वर्गका ।।४६।।
पछाडि, पार्श्व त्यस्तै नै नाभिमा दुइ कुक्षिमा ।
प–वर्गको न्यास गर्नु, 'य' आदि चार वर्णको ।।४७।।
हृदयांश कमरमा, शादि छ वर्णको अनि ।
हृदय, दुइटा हात, दुइ गोडा र पेटमा ।।४८।।
पूरा शरीरमा न्यास गर्नुपर्ने विधान हो ।
घटी बढी भएकाको यसैले पूर्ण गर्दछ ।।४९।।
सृष्टि, स्थिति र संहार भेद छन् यिनका पनि ।
शुरुदेखि अन्त्यसम्म गरिने **न्यास सृष्टि** हो ।।५०।।
अन्त्यबाट शुरु गरी शुरुमा आउनु भने ।
संहार न्यास हो त्यस्तै बीचैबाट शुरु गरी ।।५१।।
अन्त्यसम्म गई फेरि शुरुबाट गरी शुरु ।
बीचमा आउनु फेरि **स्थिति न्यास** भनिन्छ यो ।।५२।।
पहिले उच्चारण गरी विसर्गयुक्त मातृका ।
'नमः' पद लगाएर पूर्वोक्त स्थानमा छुनु ।।५३।।

यो सृष्टि क्रममा, फेरी संहार क्रममा भने ।
विसर्ग छोडी श्रीबिन्दु लाउने ता विधान छ ।।५४।।
दुबै विसर्ग श्रीबिन्दु स्थितिका क्रममा भने ।
मातृकामा लगाएर न्यास यो गर्नुपर्दछ ।।५५।।
सृष्टि, स्थिति र संहार यी तीन क्रमले यिनै ।
मातृका न्यास गर्नाले मन्त्र सफल बन्दछ ।।५६।।
मातृका मन्त्र हुन् साक्षात् मन्त्र नै देवता सबै ।
गरेमा मातृका न्यास देह नै मन्त्र बन्दछ ।।५७।।
मन्त्र र देवतामा ता भिन्नता नहुने हुंदा ।
न्यासकर्ता स्वयं साक्षात् देवता बन्न पुग्दछ ।।५८।।
अ–कारादि क्ष–कारान्त वर्ण हुन् मातृका सबै ।
प्रजापति ऋषि यिन्का, गायत्री छन्द हो अनि ।।५९।।
सरस्वती देवता हुन् सर्वप्राप्ति प्रयोजन ।
हल बीज, स्वर शक्ति, विनियोग गरेर नै ।।६०।।
मातृका न्यास गर्दा संपूर्ण फल मिल्दछ ।
मातृका न्यास भन्दा पहिले न्यास एउटा ।।६१।।
षडङ्गको न्यास पनि हुनुपर्ने विधान यो ।
क,च,ट,त,प,य– वर्ग यिनले पूर्ण बन्दछ ।।६२।।
मातृकाकी अधिष्ठात्री परा देवी सरस्वती ।
यिनको यहाँ ध्यान हुन्छ इष्ट देवी स्वरूपकी ।।६३।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा न्यासपरिचय र भेद नामक उनन्तीसौं अक्ष–ड सकियो ।

तीसौं अक्ष - ढ

षोढान्यास, प्रणाम

षोढान्यासपरिचय

अन्नपूर्णा भन्छिन्–

मातृका न्यासको रूप विस्तार गर्नुभो, सुनें ।
अब **षोढा न्यास** के हो ? सुन्न चाहन्छु, भन्नुहोस् ॥१॥

विद्यानाथ भन्छन्–

गणेश, ग्रह, नक्षत्र, योगिनी, राशि, पीठ यी ।
छवटा यिनकै न्यास षोढा न्यास भनिन्छ नि ॥२॥
मातृका न्यास नै हुन् यी प्रयोग यिनकै हुने ।
दिने मुक्ति पापबाट पूर्णकाम सदा हुने ॥३॥
षोढान्यास गरी मात्र पूजा गर्ने सुसाधक ।
स्वयं पूज्य हुने गर्छ शिवसायुज्य पाउंछ ॥४॥
षोढा न्यास सदा गर्ने जहाँ बस्तछ साधक ।
त्यो पुण्यक्षेत्र नै बन्छ देवता बस्तछन् त्यहीं ॥५॥
देख्नासाथै सूर्यलाई अन्धकार हराउंछ ।
षोढा न्यास सधैं गर्दा पापराशि हराउंछ ॥६॥

षोढान्यास विधि

अन्नपूर्णा भन्छिन्–

माहात्म्य यसको ठूलो धेरै वर्णन गर्नुभो ।
यो न्यास कसरी हुन्छ त्यस्को बिस्तार गर्नुहोस् ॥७॥

विद्यानाथ भन्छन्–

उच्चारण मातृकाको शिर बिन्दु समेतको ।
गरी गणेशका नाम शक्तियुक्त लिनु अनि ॥८॥

'नमः' पद लगाएर न्यास यो गर्नुपर्दछ ।
यो हो **गणेशको न्यास** यो षोढा भित्र पर्दछ ।।९।।
सबै विघ्न अर्चनाको यसैले नै हटाउंछ ।
सिद्धि प्रदान यो गर्छ गणेशका प्रभावले ।।१०।।
चन्द्रबिन्दु लगाएर उद्धार स्वरको गरी ।
सूर्यादि ग्रहको नाम 'नमः' शव्दसंगै लिई ।।११।।
छुनु हृदय आदिमा **ग्रहको न्यास** हो यही ।
ग्रह रक्षा सधैं गर्छन् यसकै सत्प्रभावले ।।१२।।
चन्द्रबिन्दु लगाएर यस्तै नक्षत्रका पनि ।
लिंदै नाम 'नमः' भन्दै देहका अंगमा छुनु ।।१३।।
सबै नक्षत्रले रक्षा गर्छन् साधकको सधैं ।
नक्षत्र न्यास गर्नाले यसैमा ऋद्धि–सिद्धि छ ।।१४।।
योगिनी सबका ध्यान देहका चक्रमा गरी ।
त्यहींकै मातृका जप्तै 'स्वाहा' पद लगाउनु ।।१५।।
योगिनी न्यास यो नै हो यो ता वज्रसमान हो ।
यस्ले साधकको रक्षा गर्छ तत्पर भै सदा ।।१६।।
यस्तै बान्है राशि सबै देहका बान्ह अंगमा ।
राख्नु हो **राशिको न्यास** यस्को हो प्रक्रिया उही ।।१७।।
राशिको न्यास गर्नाले सबै नै देवदेवता ।
अनुकूल सदा बन्छन् बाधा र विघ्न हट्तछन् ।।१८।।
कामरूप महापीठ, पीठ वाराणसी अनि ।
नेपालको महापीठ यस्तै पीठ अनेक छन् ।।१९।।
पूर्ववत् मातृका जप्तै पीठका नामले पुनः ।
'नमः' भन्दै न्यास गर्नु **पीठको न्यास** हो यही ।।२०।।

अन्नपूर्णा भन्छिन्–

यो षोढा–न्यास बारेमा चर्चा संक्षिप्त गर्नुभो ।
विधि जानिन्छ कसरी यो पनि भन्नुहोस् अब ।।२१।।

विद्यानाथ भन्छन्–

हो षोढा–न्यास बारेमा चर्चा संक्षेपमै गरें ।
यस्को विस्तारमा जान गुरुमै जानुपर्दछ ।।२२।।
गणेशका भिन्न भिन्न नाम एवं स्वरूप छन् ।
प्रत्येकका शक्ति पनि छन् भिन्नै नाम, रूपका ।।२३।।
ती सबैका नाम लिई न्यास गर्ने विधान छ ।
कृपाले गुरुकै मात्र सकिन्छ जान्न विस्तृत ।।२४।।
योगिनी पनि धेरै छन् डाकिनी, राकिणी तथा ।
शाकिनी, काकिनी त्यस्तै हाकिनी अनि याकिनी ।।२५।।
तन्त्रमा यिनको ध्यान पाइन्छ भिन्न भिन्न नै ।
प्रत्येकको ध्यान गर्दै न्यास गर्ने विधान छ ।।२६।।
त्यस्तै पीठहरू धेरै तन्त्र वर्णन गर्दछन् ।
सबैका ती नामहरू न्यासमा लिनुपर्दछ ।।२७।।
सबैको पूर्ण विस्तार हुन सक्तैन त्यो यहाँ ।
यो ता संकेत मात्रै हो गुरु यस्मा प्रमाण हुन् ।।२८।।
आम्नाय–भेदले गर्दा देवता, मन्त्र भिन्न छन् ।
तिन्का पनि भेदले नै न्यासमा भेद आउंछन् ।।२९।।
मन्त्रका भेदले न्यास भिन्न–भिन्नै प्रकारका ।
हुनु स्वाभाविकै नै हो हुँदैन एउटै कतै ।।३०।।
यहाँ ता सबकै लागि प्रायः मिल्ने गरी सबै ।
भनें संक्षेपले मात्र विशेष गुरु जान्दछन् ।।३१।।

यौटै आम्नायका देव भएतापनि मन्त्रका ।
भेद हुन्छन् देवताका स्वरूप–भेदले पनि ।।३२।।
यसो भएपछि न्यास बेग्ला–बेग्लै हुने भयो ।
सबैको पूर्ण विस्तार हुने सक्तैन त्यो यहाँ ।।३३।।
यसैले साधना गर्दा सबै विधि–विधान ती ।
गुरुबाटै सिक्नु पर्छ हुँदैनन् नत्र पूर्ण ती ।।३४।।
धेरै अरु पनि न्यास पूजाका हुन सक्तछन् ।
नित्य, नैमित्तिक, काम्य पूजाका भेद भिन्न छन् ।।३५।।
प्रयोग मातृकाको नै हुने न्यास अनेक छन् ।
यस्का रहस्य र मर्म गुरुले नै बताउंछन् ।।३६।।
तन्त्रमा तत्त्व छत्तीस मानिन्छन् यिनको पनि ।
न्यास हुन्छन् अर्चनामा यस्को विधि विशिष्ट छ ।।३७।।
त्यस्तै सोन्ह कलाको छ न्यास वर्णित तन्त्रमा ।
तिन्को पनि न्यास हुन्छ यस्को आफ्नै प्रकार छ ।।३८।।
यो त संकेत मात्रै हो सबै नै सिक्न ता यहीं ।
संभवै छैन, डर छ ग्रन्थ गौरवको यहाँ ।।३९।।
जे होस्, षडङ्गमा न्यास यो त़ सर्वप्रसिद्ध हो ।
मातृका र मन्त्र न्यास सर्वत्र अनिवार्य छ ।।४०।।

सन्ध्याका अङ्गहरू

अन्नपूर्णा भन्छिन्–

तन्त्रानुसारको सन्ध्या गर्दा गर्ने सबै क्रिया ।
भन्नुभो न्याससम्म भए अरु पनि सुनौं ।।४१।।

विद्यानाथ भन्छन्–

स्नान देखि न्याससम्म गरिने प्रक्रियाहरू ।
संक्षेपमा गरें चर्चा यी नै यस्का प्रधान हुन् ।।४२।।

ध्यान हुन्छ यसपछि स्वयंका इष्ट देवको ।
त्यस्पछिको मूल कर्म जप हो इष्ट मन्त्रको ॥४३॥
मालाले जप गर्ने हो यिन्को विस्तृत वर्णन ।
यथास्थान गरेकै छु त्यहींबाट सबै बुझ ॥४४॥
गरेपछि जप अनि उनैलाई समर्पण ।
गरी सानो स्तोत्र पाठ गर्नु पर्ने विधान छ ॥४५॥
प्रणाम अन्तमा गर्दै गरी आचमनै पुनः ।
प्राणायाम, न्यास गरी सन्ध्या त्यो सक्नु पर्दछ ॥४६॥

प्रणाम–माहात्म्य, भेद र विधि

अन्नपूर्णा भन्छिन्–

सबै कुरा अरु सुनें यौटा बांकी रह्यो यहाँ ।
प्रणाम कसरी गर्ने यस्को केही विधान छ ? ॥४७॥

विद्यानाथ भन्छन्–

श्रद्धा र भक्तिका साथ देवता,गुरु, पूज्यमा ।
गर्नुपर्ने नमस्कार यही नै त प्रणाम हो ॥४८॥
गुरु र देवतालाई संभनासाथ बीचमा ।
भित्रभित्रै नमस्कार गर्नु पर्दछ नित्यशः ॥४९॥
देखेपछि त झन् उन्का तुरुन्तै पाउमा परी ।
ढोग्नु पर्दछ श्रद्धाले मन वाणी र देहले ॥५०॥
गुरु र देवतालाई नगरी अभिवादन ।
उपेक्षाले जो त्यसै हिंड्छ त्यो हुन्छ पातकी सदा ॥५१॥
त्यस्को पुण्य नष्ट हुन्छ ज्ञान ऐश्वर्य भाग्दछ ।
उस्ले सम्मान पाउन्न उपेक्षा हुन्छ लोकमा ॥५२॥
गर्दा सन्ध्या र पूजा ता पहिले गुरु–देवकै ।
प्रणाम गर्नु नै पर्छ पहिला देवता उनै ॥५३॥

देवताको त्यसपछि सन्ध्या र अर्चना पछि ।
नमस्कार गर्नु पर्छ श्रद्धा र भक्तिपूर्वक ॥५४॥
यस्ले कृपा देवताको प्राप्त गर्दछ निश्चित ।
त्यस्को कर्म सधैं हुन्छ अत्यन्त फलदायक ॥५५॥
प्रणामका तीन भेद मन, वाणी र कायका ।
हुन्छन् तीनै भए राम्रो यौटा ता हुनुपर्दछ ॥५६॥
मनमा देवताको नै मूर्ति संभेर भक्तिले ।
उनका पाउमा पर्नु यो **मानस प्रणाम** हो ॥५७॥
अति उत्तम यो हुन्छ हुनै पर्दछ यो सधैं ।
आंशु बगे भनै वेश बन्दछन् देवता खुसी ॥५८॥
देवको गुण गाएर वाणीले भक्तियुक्त भै ।
अभिवादन गर्नु नै यो पनि हुन सक्तछ ॥५९॥
भए भक्ति चित्तमा यो भनिन्छ अतिउत्तम ।
भए वचनमा मात्र देखौवा हुन सक्तछ ॥६०॥
प्रणाम देहले गर्ने, यसका भेद तीन छन् ।
अष्टाङ्ग अनि **पञ्चाङ्ग**, हातका **अभिवादन** ॥६१॥
हात, गोडा, घुंडा, छाती, शिर, आंखा र त्यस्पछि ।
मन, वचन यी आठ, यिनका योगले हुने ॥६२॥
प्रणाम हो अष्टाङ्ग घोप्टेर भूईंमा हुने ।
भनिन्छ दण्डवत् हो यो कायको सर्वउत्तम ॥६३॥
घुंडाले, हात, शिरले, वाणीले, बुद्धिले पनि ।
गर्ने प्रणाम पञ्चाङ्ग पूजामा हुन्छ उत्तम ॥६४॥
घुंडा टेकी, हात जोडी, निहुर्‍याई शिरै पनि ।
नमः भन्दै वचनले बुद्धिले भक्तियुक्त भै ॥६५॥

सन्ध्या पूजा दुबैमा यो प्रणाम गर्नु पर्दछ ।
यस्ले देव खुसी हुन्छन् क्रिया सफल बन्दछ ॥६६॥
दुइटा हात जोडेर यसले मात्र नै पनि ।
'नमः' वचनले भन्दै प्रणाम हुन सक्तछ ॥६७॥
तर यो बुद्धि लागेमा हुन सक्तछ उत्तम ।
नलागे यो अधम हो मिथ्या आचार मात्र हो ॥६८॥
प्रणाम देवताका ता भेदले भिन्न छन् पनि ।
उनैलाई खुसी लाग्ने प्रणाम गर्नु वेश हो ॥६९॥
अमृत लिङ्ग मुद्राले शिवको अभिवादन ।
गर्दा शिव खुसी हुन्छन् योनिले ता झनै अझ ॥७०॥
दीक्षा लिई शक्तिपूजा गर्ने साधकले सधैं ।
योनि मुद्रा लगाएर प्रणाम गर्नु पर्दछ ॥७१॥
दाहिने हातले देब्रे, देब्रेले दाहिने दुबै ।
समाती कान शिरले ढोग्नु यो पनि एक हो ॥७२॥
पञ्चाङ्ग दण्डवत् गर्दा फल पाइन्छ जो यहाँ ।
दण्डवत् पनि त्यस्तै हो फल यस्को समान छ ॥७३॥
प्रणामका निकै भेद त्यस्तै नै हुन सक्तछन् ।
प्रणाम हो नमस्कार प्रकृष्ट खालको तर ॥७४॥
गर्दा सधैं नमस्कार हुनुपर्छ प्रपन्नता ।
यही प्रकर्ष यस्को हो, यही नै हो विशेषता ॥७५॥
यसै प्रणतिले गर्दा प्रसन्न देवता भई ।
फलसिद्धि सदा दिन्छन् गति नै छैन अन्यथा ॥७६॥
सबै भन्दा भाव यस्मा कस्तो छ हेर्नुपर्दछ ।
बाणी र देह भन्दा मन लाउनुपर्दछ ॥७७॥

दुइटा छ भाव पनि पहिलो पशुभाव हो ।
यस्मा आफू दीन भई दासका रूपमा हुनु ।।७८।।
सर्वोच्च प्रभुको स्थान मानी सेवा पुऱ्याउनु ।
यस्मा छ भक्ति प्राधान्य सेव्य–सेवक भाव छ ।।७९।।
अर्को छ वीरको भाव आफैं भैकन देवता ।
द्यौताको अर्चना गर्नु यसमा ऐक्य–भाव छ ।।८०।।
भिन्न भिन्न क्रियाद्वारा हटाई मल भित्रको ।।८१।।
तन्त्रले अर्चना गर्दा वीर नै बन्छ साधक ।
यसैबाट दिव्य भाव सदैव प्राप्त गर्दछ ।।८२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा षोढान्यास, प्रणामपरिचय नामक तीसौं अक्ष–ढ सकियो ।

एकतीसौं अक्ष - ण

भाव–माहात्म्य र पशुभाव–परिचय

अन्नपूर्णा भन्छिन्–

प्रणाम देवतालाई गर्ने पूर्व प्रसङ्गमा ।
भावको गर्नु भो चर्चा कस्तो यो भावतत्त्व हो ॥१॥
यसको भूमिका कस्तो रहन्छ साधना हुंदा ? ।
यसका भेद के के हुन् ? सब विस्तार गर्नुहोस् ॥२॥

विद्यानाथ भन्छन्–

देवताको साधनामा भाव हेरिन्छ तत्त्वतः ।
भावैले भूमिका ठूलो यसमा खेल्छ मुख्यतः ॥३॥
मनको स्थिति हो भाव मनै यस्मा प्रधान छ ।
मनले नै भित्र–भित्रै अनेकौं भाव रच्तछ ॥४॥
ढुंगा पनि भए भाव देवता पूज्य बन्दछन् ।
नभए भाव त्यो ढुंगो लत्याई सब हिंड्छन् ॥५॥
भए भाव वर्णहरू मातृका मन्त्र बन्दछन् ।
नभए अक्षरै काला धर्का ती मात्र बन्दछन् ॥६॥
भए भाव देव गुरु देवता मन्त्ररूप हुन् ।
नभए ती मात्र मान्छे देहका हाड मासु हुन् ॥७॥
देवता गुरु आत्मा र मन्त्रमा एक–तत्त्वता ।
बनाउने भावले नै, यो हो तान्त्रिक मान्यता ॥८॥
देवता ब्रह्म हुन् साक्षात् विश्व नै ब्रह्मरूप हो ।
आत्मा र ब्रह्मको ऐक्य भावले नै बनाउँछ ॥९॥

भाव युक्त क्रिया नै हुन्, सन्ध्या पूजा उपासना ।
भावैले यी योग बन्छन् सिद्ध बन्दछ साधना ।।१०।।
पशु, वीर दिव्य यिनी भावका भेद तीन छन् ।
सोपान यी साधनाका क्रियाका क्रम तीन हुन् ।।११।।
वेदोक्त जति छन् कर्म यज्ञ–यागादि पूजन ।
अज्ञानी जीवले गर्ने यी सबै पशु–कर्म हुन् ।।१२।।
उठेपछि विहानीमा अरुणोदयदेखि नै ।
रातीसम्म कार्य जति गरिन्छन् पशुकार्य हुन् ।।१३।।
जति कार्य गरिन्छन् ती पशुका भावमा रही ।
पशुकार्य तिनै हुन्छन् हुन्छ गर्ने पनि पशु ।।१४।।
अज्ञान ता पशुता नै हो अज्ञानी पशु जीव हो ।
क्रिया अज्ञानावस्थाका भनिन्छन् पशुका क्रिया ।।१५।।
पशु यो नामले मात्र पर्दैन झस्कनु कतै ।
प्रारम्भको भाव हो यो अति आदरणीय छ ।।१६।।
हुनसक्छ सिद्धि–प्राप्ति पशुका भावमा पनि ।
प्रकर्ष भक्तिको हुन्छ प्रसन्न देव बन्दछन् ।।१७।।
पहिले देवतालाई राखी सर्वोच्च स्थानमा ।
आफूलाई दीन–हीन उनको दास संझनु ।।१८।।
उन्को सेवा सधैं गर्नु सेव्यसेवक भावले ।
उन्को कृपा प्राप्त गरी आफू धन्य हुनु पनि ।।१९।।
यो सेवा, यो भक्तिभाव यी दुबै पशुभाव हुन् ।
त्यस्तै अरू सबै भक्ति भनिन्छन् नौ प्रकारका ।।२०।।
द्वैत भाव त्यहाँ हुन्छन् उपास्य र उपासक ।
त्यसैले यी सबै नै हुन् साधना पशुभावका ।।२१।।

पशु–आचार

अन्नपूर्णा भन्छिन्–

विशेषता भावको र माहात्म्य पशुभावको ।
भन्नुभो त्यो बुझें मैले अरू उत्सुकता बढ्यो ।।२२।।
उपासना देवताको जसले पशुभावको ।
गर्छ आचार त्यसका अब वर्णन गर्नु होस् ।।२३।।
कसरी साधना हुन्छ रहेर पशुभावमा ? ।
के हुन् लक्षण यसका ? के हुन् त यसका फल ? ।।२४।।

विद्यानाथ भन्छन्–

लिएर पशुको विद्या भावले विधिपूर्वक ।
पहिले गुरुको सेवा यत्नले गर्नुपर्दछ ।।२५।।
न गर्नु जीवको हिंसा कुनै हालतमा पनि ।
नखानु मत्स्य, मांसादि नछुनु मदिरा पनि ।।२६।।
अर्काका धनमा लोभ नगरी भोगमा मन ।
नदिनु, परनारीमा कतै चित्त नलाउनु ।।२७।।
तीर्थ, पर्वत, वनमा, देव मन्दिरमा अनि ।
बेलका फेद, एकान्त स्थलमा पुण्य क्षेत्रमा ।।२८।।
स्वयंका घरमा नित्य रहनु शुद्ध भावमा ।
देवताको ध्यान गर्दै गर्नु पूजन सर्वदा ।।२९।।
तीन सन्ध्या जप गर्नु नित्य एकान्तमा बसी ।
हुँदैन रातमा जप्नु पशुलाई निषिद्ध छ ।।३०।।
खाए पछि मन्त्र जप्नु सर्वथा यो छ वर्जित ।
धेरै मौन बसी ध्यानमा लाग्नु पर्दछ ।।३१।।
नगर्नु संगम स्त्रीको सर्वथा पर्वकालमा ।
गर्भाधानादिको कर्म गर्ने हो ऋतुकालमा ।।३२।।

चोखो पानी, गन्ध, पुष्प स्वयं ल्याउनु पर्दछ ।
पूजाको सब संभार आफैं नै गर्नुपर्दछ ।।३३।।
पुराणादि श्रवणमा सदा श्रद्धा गरेर नै ।
साधु सज्जनकोसंग सधैं नै गर्नु उत्तम ।।३४।।
नखानु सांझको खाना कसै रात परेपछि ।
परमेश्वरकै ध्यान गरी सांझ बिताउनु ।।३५।।
अस्पृश्य वस्तुको स्पर्श, अभक्ष्य वस्तु-भक्षण ।
निषिद्ध कर्ममा लाग्नु सदा नै त्याग्नुपर्दछ ।।३६।।
वस्तु अस्पृश्य अश्लील छोइयो देखियो भने ।
खाएर पञ्चगव्य विशुद्ध बन्नुपर्दछ ।।३७।।
भई देवी भक्त पनि रातो वस्त्र नलाउनु ।
वैष्णवका कर्म गर्नु, नगर्नु वीरका क्रिया ।।३८।।
नित्यश्राद्ध, गयाश्राद्ध, तीर्थमा स्नान, तर्पण ।
देवता धामको यात्रा पूजा आदि सबै क्रिया ।।३९।।
विशुद्ध मनले गर्नु पुण्यको गर्नु अर्जन ।
त्यसैबाट सुखं स्वर्गादि पाइन्छन् छैन संशय ।।४०।।
बिहान स्नान सन्ध्यादि, दिउंसो जप, पूजन ।
साँझ कीर्तनका साथ पुराण श्रवणादि यी ।।४१।।
पशुका हुन् नित्य कर्म यसैले सिद्धि मिल्दछ ।
प्रारम्भको भाव हो यो यही नै पशुभाव हो ।।४२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा भाव-माहात्म्य र पशुभाव परिचय नामक एकतीसौं अक्ष-ण सकियो ।

बत्तीसौं अक्ष - त

वीरभाव र वीराचार

वीरभाव

अन्नपूर्णा भन्छिन्–

पशुभाव र आचार पशुको भन्नुभो, सुनें ।
यो हो प्रारम्भको भाव, यो पनि भन्नुभो यहाँ ॥१॥
त्यस्पछिका भाव के हुन् ? तिनको के महत्त्व छ ? ।
कस्तो आचार त्यस्को हो ? विस्तार गर्नुहोस् अब ॥२॥

विद्यानाथ भन्छन्–

भावका तीन छन् भेद पशु, वीर र दिव्य यी ।
यिनमा पशुको भाव, पहिलो भाव हो, भनें ॥३॥
प्रारम्भमा यही भाव चाहिन्छ, यसबाट नै ।
चित्तको शुद्धि हुन्छ मनमा स्थैर्य आउंछ ॥४॥
आफ्ना आफ्ना संप्रदाय तिनका मान्यताहरू ।
यिन्को राम्रो ज्ञान हुन्छ यही नै पशुभावमा ॥५॥
तर तन्त्र साधनामा यो ता आधार भाव हो ।
यो ता सोपान मात्रै हो, होइन पूर्ण भाव यो ॥६॥
यौटा साधक संभन्छ जो छ यो पशुभावमा ।
'म भिन्न छु देवभन्दा देवता ता विशिष्ट छन् ॥७॥
स्वामी हुन् देवता मेरा म ता सेवक मात्र हुं ।
उनै ऐश्वर्यका दाता म ता भिक्षुक मात्र हुं' ॥८॥
तन्त्रको साधक तर मान्दैन पूर्ण भाव यो ।
माथि उक्लन चाहन्छ यसै सोपानमा चढी ॥९॥

तन्त्र साधकको भाव माथिको वीरभाव हो ।
वीरभाव बन्छ मानी आधार पशुभावकै ।।१०।।
यौटा साधक जो गर्छ साधना पशुभावको ।
साध्यको दास संझन्छ आफूलाई प्रतिक्षण ।।११।।
अधीनतामा अर्काको रहंदा हुन्न त्यो सुख ।
स्वतन्त्रतामा जो हुन्छ जति हीन भए पनि ।।१२।।
परतन्त्र हुँदैहुन्न मुक्त, यस्मा छ के सुख ! ।
पराधीन रही मुक्ति कसरी हुनसक्तछ ! ।।१३।।
शुरुमा जन्मँदा एक्लै अन्तमा मृत्यु आउंदा ।
कसैले रोक्न सक्तैन यो नै हो नित्य शाश्वत ।।१४।।
जो गरेको छ आफैंले कर्म त्यो पाप–पुण्यले ।
त्यसैले भूमिका खेल्छ अर्काको जोर के यहाँ ! ।।१५।।
अन्तमा साधना गर्ने रहेर पशुभावमा ।
त्यसले मुक्ति पाउन्न रहन्छ परतन्त्र ऊ ।।१६।।
माथि उक्लेर त्यो भन्दा रहेर वीरभावमा ।
जसले साधना गर्छ रहन्न परतन्त्र ऊ ।।१७।।
वीर साधक संझन्छ 'म नै ब्रह्म समातन ।
म साध्य देवता नै हुं आफ्नै साधन गर्दछु ।।१८।।
पराधीन छँदैछैन स्वतन्त्र सर्वदा म छु ।
जन्म मृत्यु हुँदैहुन्न आत्मा हुं पूर्ण नित्य छु ।।१९।।
अनित्य जन्मने मर्ने बदलिरहने सधैं ।
त्यो ता शरीर मात्रै हो बरु त्यो परतन्त्र छ ।।२०।।
अनित्य वस्तु जो हुन्छ त्यही नै परतन्त्र छ ।
आनन्द त्यसमा छैन हुँदैन नित्य त्यो कतै ।।२१।।

यौटै छु म अद्वितीय, पुरुष स्त्री नपुंसक ।
म होइन, लिङ्ग भेद ममा छैन कतै पनि ।।२२।।
म शरीर, जगत् हैन यो ता मायिक मात्र हो ।
मायाले नै देखिएको जगत्को यो प्रपञ्च हो ।।२३।।
त्यसदेखि भिन्न छु म मायाबाट अलग्ग छु ।
गुणका तीन डोरीले बांधिएको छ यो जगत् ।।२४।।
त्यसदेखि भिन्न छु म गुण देखि अतीत छु ।
उपाधियुक्त यो विश्व, म यस्बाट विमुक्त छु ।।२५।।
ज्ञानवान् म हुँदैहैन ज्ञानकै म स्वरूप हुं ।
घनीभूत चिदानन्द सत् चित् आनन्द–रूप हुं ।।२६।।
स्वप्रकाश म हुं आत्मा विश्व मेरै प्रकाशले ।
प्रकाशित सदा हुन्छ म नै चिन्मय ब्रह्म हुं ।।२७।।
सबै देवी देवताका समष्टि रूप हुं म नै ।
म हुं संपूर्ण सर्वज्ञ म नै केवल ब्रह्म हुं' ।।२८।।
यही हो वीरको भाव यही साधक सोच्तछ ।
आफू र देवतामा ऊ देख्तैदेख्तैन भिन्नता ।।२९।।
ऊ स्वतन्त्र सधैं हुन्छ हुँदैन परतन्त्र ऊ ।
यसै अभ्यासले हुन्छ मुक्त ऊ भव तर्दछ ।।३०।।
ज्ञान, शक्ति र ऐश्वर्य सबै उत्कृष्ट रूपमा ।
रहेका देवता हुन्छन्, तिनैदेखि अभिन्नता ।।३१।।
आफैंमा नै सदा देख्ने वीर साधक नै सदा ।
मुक्तिको अधिकारी हो अरु को हुन सक्तछ ।।३२।।

वीर–आचार

अन्नपूर्णा भन्छिन्–

वीर साधकको भाव भन्नुभो अति उत्तम ।
अब आचार के के हुन् वीरका सब भन्नुहोस् ।।३३।।

विद्यानाथ भन्छन्–

सोध्यौ तिमीले यो प्रश्न उत्तर अति गोप्य छ ।
रहस्य यसको आज यथाशक्ति बताउंछु ।।३४।।
पशुको भावभन्दा ता वीरभाव छ उत्तम ।
साधक देवतै बन्छ सिद्धिले वीरभावको ।।३५।।
यस्को संकेत माथि नै गरें त्यो सुनि नै सक्यौ ।
त्यसैको अलि विस्तार गर्ने कोशीश गर्दछु ।।३६।।
'दासोऽहम्' पशुले भन्छ त्यस्को सिद्धि भएपछि ।
'दा'–को ता हुन्छ विलय, **'सोऽहम्'** बांकी रहन्छ यो ।।३७।।
साध्य साधकको भेद रहन्न वीरभावमा ।
वीर साधकले गर्छ अभ्यास यसकै सदा ।।३८।।
प्रपञ्च विश्वको जो छ त्यस्मा संघर्ष, द्वन्द्व छ ।
वीर साधकका लागि यो द्वन्द्व तथ्यहीन छ ।।३९।।
जगत् ईश्वरको लीला देखिने भ्रम मात्र हो ।
त्यस्को विलय ईशैमा हुने गर्दछ सर्वदा ।।४०।।
देवता ब्रह्म हुन् साक्षात् त्यो स्वयं विश्वरूप छ ।
विश्वमा त्यो छ त्यसमा विश्व यो समव्याप्त छ ।।४१।।
अर्को दृष्टि गरी फेरि हेरेमा ऊ अलक्क छ ।
विश्वमा छैन निर्लिप्त विश्वदेखि अतीत छ ।।४२।।
बलेका अग्निमा वस्तु शुद्ध होस् वा अशुद्ध होस् ।
जे पनि भस्म नै हुन्छ भेद गर्दैन अग्निले ।।४३।।

राम्रो नराम्रो जो जे छ सबै यो ब्रह्म मात्र हो ।
ब्रह्ममा भेद नै छैन अद्वितीय छ सर्वथा ॥४४॥
वीर साधक जो हुन्छ **'ब्रह्म नै'** मान्छ सर्वदा ।
यसमा पनि त्यो भेद कसरी हुन सक्तछ ! ॥४५॥
जगत्मा लोकले हेर्दा वीरका कर्ममा सदा ।
नदेख्ता त्यो लौकिकता वीर आलोच्य बन्दछ ॥४६॥
तर त्यो वीरका लागि विश्व यो एक रूप छ ।
लोकको यो भेदभाव उस्का निम्ति अग्राह्य छ ॥४७॥
प्राणायाम, न्यास, ध्यान, जप, पूजा र पाठ ती ।
आफ्नै लागि सधैं गर्छ स्वयं नै देवता भई ॥४८॥
चित्तको स्थैर्य चाहन्छ त्यही अभ्यास गर्दछ ।
त्यसैका निम्ति ऊ द्रव्य प्रयोग पनि गर्दछ ॥४८॥
मनको जो विकलता छोड्न चाहन्छ ऊ सदा ।
त्यसैका लागि ऊ द्रव्य प्रयोग पनि गर्दछ ॥५०॥
लोकका दृष्टिमा द्रव्य शुद्ध होस् वा अशुद्ध होस् ।
वीरका निम्ति त्यो द्रव्य सदा नै ग्राह्य बन्दछ ॥५१॥
साधना सिद्ध होस् भन्ने सधैं ऊ लक्ष्य राख्तछ ।
त्यस्मा साधन जस्तो होस् उसका निम्ति ग्राह्य छ ॥५२॥
गर्दा प्रयोग प्रत्यक्ष मकार पांचको पनि ।
उस्को चित्त शुद्ध हुन्छ, साधना हेतु मान्दछ ॥५३॥
ज्योति ता ज्योति मात्रै हो त्यहाँ तम कहां छ र ! ।
अन्धकार भए ज्योति, किन ज्योति भनिन्छ र ! ॥५४॥
भए ज्योति अन्धकार हुनै सक्तैन सर्वथा ।
ज्योति ता सत्य हो ग्राह्य, त्यही ज्ञान स्वरूप हो ॥५५॥

त्यस्तै आनन्दको रूप आनन्दै मात्र हो सदा ।
त्यसमा दुःखको लेश हुनै सक्तैन सर्वथा ॥५६॥
आनन्द ता ब्रह्म नै हो त्यो सत् हो चित् स्वरूप हो ।
त्यस्मा दोष छँदैछैन हुन्छ त्यो ग्राह्य सर्वदा ॥५७॥
शुद्धाऽशुद्धि हेर्नु हुन्न लक्ष्य नै हेर्नुपर्दछ ।
लक्ष्य आनन्द मात्रै हो यही पाउनुपर्दछ ॥५८॥
आनन्द त्यो सर्वशुद्ध वीरले नित्य खोज्दछ ।
अभ्यास त्यसकै गर्छ, जे गर्नुपर्छ, गर्दछ ॥५९॥
शुद्धाऽशुद्धि र कर्तव्य अकर्तव्य त शास्त्रका ।
ऊ यो बन्धन मान्दैन लक्ष्यमै दृष्टि राख्तछ ॥६०॥
ऊ आफैं देवता बन्छ सबैमा देव देख्तछ ।
सबै कर्म देवताकै पूजा हो वीर मान्दछ ॥६१॥
बाहिरी देहका कर्म भित्री इन्द्रियका अनि ।
चित्तका सब ती वृत्ति देवता मै लगाउंछ ॥६२॥
'म नै हुं देवता साक्षात् त्यस्देखि भिन्न होइन ।
ब्रह्मै हुं, शोक नै छैन सत्‌चित् आनन्द रूप हुं' ॥६३॥
यसै आचारमा हुन्छ साधक वीर भावको ।
संकेत हो यो, विस्तार गुरुले नै बताउंछन् ॥६४॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको
ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा
वीरभाव र वीराचार नामक
बत्तीसौं अक्ष–त सकियो ।

तेत्तीसौं अक्ष - थ

दिव्यभाव र दिव्य–आचार

अन्नपूर्णा भन्छिन्–

योता भयो वीरभाव वीरका नै विशेषता ।
वीरकै जो छ आचार बताउनु भयो सबै ॥१॥
अब दिव्य भाव के हो ? यसको के विशेषता ? ।
अब यो सुन्न चाहन्छु सबै विस्तार गर्नुहोस् ॥२॥

विद्यानाथ भन्छन्–

वीरको भाव जो जो हो त्यही त दिव्य भाव हो ।
यिनमा भेद नै छैन दिव्य ता सिद्धभाव हो ॥३॥
वीर साधक मात्रै हो साधनामा रहन्छ ऊ ।
स्वयं नै देवता बन्ने क्रिया अभ्यास गर्दछ ॥४॥
यौटै मात्र लक्ष्य राखी त्यस्तै आचारमा रही ।
सबै क्रिया वीर गर्छ त्यसैमा सिद्धि खोज्दछ ॥५॥
दृढ अभ्यासले फेरी भई तन्मय लक्ष्यमा ।
भए पछि वीर सिद्ध पुग्छ ऊ दिव्य–भावमा ॥६॥
जो दिव्य–भावमा पुग्छ उस्को लक्षण भन्दछु ।
ऊ हुन्छ देवता तुल्य, तुल्य के ! देव बन्दछ ॥७॥
सदा ऊ शान्त हुन्छ, नम्र, मधुर बन्दछ ।
विकार उसमा हुन्न रहन्छ स्व–स्वभावमा ॥८॥
देह ता उसको हुन्छ मान्छेको तर ऊ सदा ।
देवता तुल्य भै हिंड्छ भेदभाव नभैकन ॥९॥

कतै आसक्त ऊ हुन्न दुबै हर्ष विषादमा ।
समान रसमा हुन्छ प्रभाव हुन्न विश्वको ॥१०॥
सबै कर्म गर्नुपर्छ मान्छे जन्म लिएपछि ।
यो ता स्वाभाविकै हुन्छ प्रकृतिले नै गराउंछ ॥११॥
'गर्दैगर्दिन म कर्म, सबै ती अब छोड्दछु' ।
भनी चूप भई बस्न को सक्तछ र विश्वमा ॥१२॥
तर सत्कर्ममा लाग्न असत्कर्म हटाउन ।
आसक्ति सर्वथा त्यागी निःसङ्ग बस्न सक्तछ ॥१३॥
प्रयत्न यसकै गर्न वीर साधक खोज्दछ ।
दिव्य निःसङ्ग नै हुन्छ भाव सिद्ध भएपछि ॥१४॥
दिव्य साधकका कर्म जति हुन्छन् स्वभावतः ।
सिद्धिका साधनै हुन्छन् सबै ती सिद्ध बन्दछन् ॥१५॥
उस्का कर्म योग बन्छन् युक्त बन्दछ ऊ स्वयम् ।
उस्का लागि कुनै कर्म हुंदैन हेय विश्वमा ॥१६॥
उस्को चित्त शुद्ध हुन्छ, रहन्छ सर्वथा स्थिर ।
वशमा उसको हुन्छ सर्वदा मन चञ्चल ॥१७॥
उसबाट सधैं हुन्छन् सन्ध्या, पूजा, उपासना ।
स्वभावतः हुँदै जान्छन् प्रकृतिस्थ रहन्छ ऊ ॥१८॥
प्रयोग वीरले गर्छ सबै नै उपचारका ।
तर उद्धत ऊ हुन्छ रहन्छ लिप्त वस्तुमा ॥१९॥
प्रयोग दिव्यले गर्दा सबै ती उपचारका ।
नरही वस्तुमा लिप्त रहन्छ शान्त ऊ सदा ॥२०॥
मकार–पंचक पनि दिव्यका निम्ति ती सबै ।
सर्बशुद्ध बस्तु हुन्छन् क्षोभ हुन्न कतै पनि ॥२१॥

दुइटा पुण्य र पाप यी हुन् अज्ञानका फल ।
पशुत्व नै हो अज्ञान पुण्य र पाप हुन् पशु ।।२२।।
ज्ञानका खड्गले काटी यिनको भोग गर्नु नै ।
दिव्य साधकका लागि यो नै हो मांसभोजन ।।२३।।
दिव्य साधक गर्दैन प्रत्यक्ष पशु–मारण ।
गर्दैगर्दैन ऊ हिंसा के गर्नु **मांसभक्षण** ।।२४।।
इडा र पिङ्गला नाडी गङ्गा र यमुना नदी ।
देब्रे र दाहिने बग्छन् प्राणीका देहमा सदा ।।२५।।
संचार त्यसमै हुन्छ श्वास–प्रश्वासरूपले ।
प्राणको जो त्यही माछा दिव्य साधकले सदा ।।२६।।
योग गर्दा भोग गर्छ त्यही हो **मत्स्यभक्षण** ।
प्राणधारी मत्स्य मारी कहाँ गर्दछ भोजन ! ।।२७।।
मूलाधार भित्र हुन्छ स्वयम्भू–लिङ्ग कन्दमा ।
त्यहीं हुन्छिन् कुण्डलिनी सुतेकी जगदम्बिका ।।२८।।
दिव्य साधकले तिन्को निद्रा–भङ्ग गराउंछ ।
छ चक्र भेदन गरी सहस्रार पुऱ्याउंछ ।।२९।।
त्यही हुन्छन् पर शिव तिनकैसाथ भावले ।
कुण्डलीको सामरस्य योगले नै गराउंछ ।।३०।।
शिव–शक्ति–सामरस्य हुंदा जो रस बग्दछ ।
दिव्य साधकले गर्छ त्यसकै पान नित्यशः ।।३१।।
यही हो **मदिरा–पान** दिव्य साधकको बुझ ।
यसैमा नित्य ऊ रम्छ यही साधन गर्दछ ।।३२।।
दिव्य साधकका निम्ति जगतै हुन्छ देवता ।
जगत्का जति छन् कार्य दैवी संपत्ति मान्दछ ।।३३।।

जगत्‌मा सर्वदा देख्छ आफैंलाई जगन्मय ।
आफैंमा ऊ जगत् देख्छ भेद–बुद्धि हराउंछ ।।३४।।
शरीर रहंदासम्म देहले गर्छ कर्म जो ।
उपासना त्यही हुन्छ दिव्य साधकको सदा ।।३५।।
मुखका आकृति जो छन् त्यस्तै नै हात पाउका ।
ती हुन्छन् साँच्चिका मुद्रा यिन्कै हुन्छ प्रदर्शन ।।३६।।
चाहिन्न देहको मुद्रा कुनै ती अरु द्रव्यको ।
भावको, योगको **मुद्रा** त्यही नै हुन्छ दिव्यको ।।३७।।
कुण्डली शक्ति हुन् माया पराम्बा जगदम्बिका ।
आधार चक्रमा उन्को निवास हुन्छ देहमा ।।३८।।
मारी साढे तीन फन्का स्वयम्भू लिङ्गलाई ती ।
सुतेकी कन्दमा हुन्छिन् योगी यो भाव गर्दछ ।।३९।।
दिएर प्राणको धक्का ब्यूंझाई शक्ति कुण्डली ।
दिव्य साधकले नित्य चक्र–भेदन गर्दछ ।।४०।।
मूलाधार, अधिष्ठान, मणिपूर, अनाहत ।
विशुद्ध, आज्ञा चक्र हुंदै **सहस्रार** पुऱ्याउंछ ।।४१।।
त्यहीं छ शिवको वास त्यही नै शिव–शक्तिको ।
गराई योगले मेल दिव्य भोग गराउंछ ।।४२।।
यही हो दिव्य **संभोग** परमानन्द श्रोत हो ।
पाँचौं मकार यो नै हो यसैमा दिव्य रम्दछ ।।४३।।
शरीर भोगायतन हो भोगकै निम्ति योग हो ।
शरीर रहंदासम्म भोग नै गर्नु पर्दछ ।।४४।।
अरुले ता भोग गर्छन् आसक्तिपूर्णभैकन ।
भोग ता गर्नु नै पर्छ दिव्य साधकले पनि ।।४५।।

हुँदैन तर आसक्ति दिव्यको भोग्य वस्तुमा ।
अनासक्त भई भोग्छ प्रकृतिस्थ भएर नै ।।४६।।
दिव्य र वीरको भेद यही हो, नत्र भिन्नता ।
यिनमा केही नै छैन दुबै यी ता समान छन् ।।४७।।
सिद्धावस्था दिव्यको हो साधना वीरको स्थिति ।
युक्तावस्था दिव्यको हो योग हो वीरको स्थिति ।।४८।।
अनासक्त दिव्य हुन्छ वीर ता हुन खोज्दछ ।
विरक्त नै हुन्छ दिव्य अभ्यास वीर गर्दछ ।।४९।।
उपासना नित्य गर्छ वीर साधकले पनि ।
गर्नै पर्छ भनी गर्छ कुनै स्वार्थ नभैकन ।।५०।।
'नित्य शुद्ध बुद्ध मुक्त सत् चित् आनन्द देवता ।
म नै हुं त्यो भिन्न हैन' भन्ने ऊ नित्य मान्दछ ।।५१।।
सधैं स्वतन्त्र त्यो हुन्छ दुःख ता पारतन्त्र्यको ।
उसलाई भान हुन्न देववत् घुम्छ सर्वदा ।।५२।।
कामना मनमा हुन्न पूर्ण निष्काम बन्दछ ।
हुँदैन कर्ममा लिप्त जति कर्म गरे पनि ।।५३।।
दिव्य जीवन्मुक्त हुन्छ रहुञ्जेल देह लोकमा ।
पुनर्जन्म हुँदैहुन्न देहपात भएपछि ।।५४।।
माहात्म्य भावको ठूलो साधनामा रहन्छ नै ।
भावैले साधना सिद्धि भई सफल बन्दछ ।।५५।।
भावले सब पाइन्छ भावले देवदर्शन ।
भावले परम ज्ञान हुने हो सब यो बुझ ।।५६।।
कृपाले नै ईश्वरको मनमा भाव जाग्दछ ।
कृपा दृढ हुँदै जांदा भाव त्यो दृढ बन्दछ ।।५७।।

पशु, अनि वीर, दिव्य यी तीन भावको क्रम ।
बढ्दै जांदा साधनाको उठ्तै जान्छ तहै पनि ।।५८।।
मनमा भाव नै छैन हुन्न उद्रेक भावको ।
निष्फलै सब ती हुन्छन् जति कर्म गरेपनि ।।५९।।
पुण्यले नै भाव उठ्छ, यसैबाट अनुग्रह ।
हुन्छ ईश्वरको, यस्ले देवता तुष्ट बन्दछन् ।।६०।।
भएमै देवता तुष्ट मन्त्र संसिद्ध बन्दछ ।
यसैबाट भोग मोक्ष सबै सुलभ बन्दछ ।।६१।।
सोपान साधनाका हुन् पशु, वीर र दिव्य यी ।
पशुबाटै वीर हुन्छ, त्यस्बाटै दिव्य बन्दछ ।।६२।।
पशुभाव सिद्ध नभै उद्रेक वीरभावको ।
हुँदैन त्यो नभै फेरी दिव्य सिद्ध कहाँ हुने ।।६३।।
यसैले पशुको भाव पशु आचारमै बसी ।
साधनाले सिद्ध गरी वीरमा उठ्नुपर्दछ ।।६४।।
अनि वीराचारमा नै बसेर वीर–साधना ।
गरी भाव सिद्ध भए दिव्यको भाव जाग्दछ ।।६५।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको
ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा
दिव्यभाव र दिव्याचार शीर्षक
तेत्तीसौं अक्ष–थ सकियो ।

चौंतीसौं अक्ष - द

पशु, वीर र दिव्यका विशेष आचार

पशु–आचार

अन्नपूर्णा भन्छिन्–

पशु, वीर, दिव्यभाव यिन्का माहात्म्य ता सुनें ।
यिन्कै आचारका नाम लिनु भो त्यो सुनौं अब ।।१।।
पशु आचार के के हुन् ? के हुन् आचार वीरका ? ।
दिव्य आचार कस्ता छन् ? यिन्कै विस्तार गर्नुहोस् ।।२।।

विद्यानाथ भन्छन्–

वेद वेदाङ्गमा जो छन् आचार सब वर्णित ।
ती आचार सबै नै हुन् आचार पशुभावका ।।३।।
पशुका आचार के हुन् के उन्ले गर्नुपर्दछ ।
संकेत ता गरिसकें पशुभाव प्रसङ्गमा ।।४।।
तैपनि पशु–आचार के हुन् संक्षेपमा सुन ।
यो त सान्दर्भिकै हुन्छ यो आचार प्रसङ्गमै ।।५।।
रात बांकी छँदै उठ्नु प्रातः ब्राह्म मुहूर्तमा ।
शौच क्रिया सबै सक्नु, शुद्ध वस्त्र लगाउनु ।।६।।
एकान्तमा शान्त भई बज्र आसनमा बसी ।
सोझो शरीर राखेर, देहका चक्र संभ्रनु ।।७।।
दुइ आंखा बीचमा छ आज्ञा चक्र सुशोभन ।
दुइ पाते कमल छ ह–क्ष वर्ण समन्वित ।।८।।
त्यसै भित्र पद्म सेतो अत्यन्तै स्वच्छ पातको ।
गरी ध्यान त्यसै माथि गुरुको मूर्ति संभ्रनु ।।९।।

गुरुको वर्ण सेतो छ सेतै छन् वस्त्र देहमा ।
उन्को आभा सूर्यका भैं फैलिएको दिगन्तर ।।१०।।
संभी उन्का काखमा नै गुरुपत्नी सुशोभना ।
संभनु उनको आभा रातो अरुणको सरी ।।११।।
रातो छ उनको वर्ण रातै छन् वस्त्र उत्तम ।
आभूषण पनि रातै रातै कमल हातमा ।।१२।।
प्रसन्न शान्त उनका मुखको दिव्य रूप छ ।
करुणा अति वात्सल्य उनको मुखभाव छ ।।१३।।
श्रद्धाले उनका पाउ पर्दै पञ्चोपचाारले ।
तत्त्वका, अर्चना गर्नु गुरुकै दिव्य मन्त्रले ।।१४।।
त्यहीं पर परात्पर परमेष्टी गुरु पनि ।
संभेर अर्चना गर्नु भाव पञ्चोपचारले ।।१५।।
दिव्यौघ अनि **सिद्धौघ, मानवौघ** सबै **गुरु** ।
पङ्क्तिको ध्यान गर्दै अर्चना गर्नु पूर्ववत् ।।१६।।
त्यसपछि गर्नुपर्ने गुरुका मन्त्रको जप ।
समर्पण गरी उन्का आज्ञाले **'हंस'** मन्त्रको ।।१७।।
जप गर्दै, ध्यान गर्दै प्रकाशमय देवको ।
आफैसंग एकताको स्थापना गर्नुपर्दछ ।।१८।।
हकारले सास जान्छ स-ले ता भित्र पस्तछ ।
'हंस' मन्त्र पूर्ण बन्छ श्वास-प्रश्वास एकले ।।१९।।
संपूर्ण एक दिनमा एउटा स्वस्थ व्यक्तिले ।
'हंसोऽहं' यो मन्त्र जप्छ एक्काइस हजार र ।।२०
छसयपल्ट यस्लाई गणेश, ब्रह्म, विष्णु र ।
रुद्र, जीव, परमात्मा, गुरुलाई समर्पण ।।२१।।

गरी स्नान आदि गर्नु अनि सन्ध्या र वन्दना ।
सन्ध्यामा पनि गायत्री वैदिकी त्यस्पछि पुनः ।।२२।।
तान्त्रिकी मन्त्रले सन्ध्या गर्ने आफ्नै विधान यो ।
त्यसैभित्र **भूतशुद्धि,** जप ध्यानादिका क्रिया ।।२३।।
माथि नै जो भनें मैले सबै ती विधिपूर्वक ।
हुन्छन् यी मानस क्रिया त्यस्पछि बाह्य अर्चना ।।२४।।
मन्त्र मूर्ति आदि पूजा सबै बाह्योपचारले ।
हुनुपर्ने सबै भन्छु प्रसङ्ग अनुसार नै ।।२५।।
सदा यी गर्नु नै पर्ने क्रिया नित्य भए सबै ।
त्यस्तै नैमित्तिक क्रिया हुने छन् पर्व पर्वमा ।।२६।।
त्यस्तै नै छन् काम्य क्रिया गर्नाले कामनाहरू ।
पूर्ण गर्छन् देवताले, यी सबै विधिपूर्वक ।।२७।।
गर्नु अनि जीवनमा बस्नु नियमपूर्वक ।
व्यवहारहरू आफ्ना त्यस्तै नै राख्नुपर्दछ ।।२८।।
जस्तो शास्त्रहरू भन्छन् श्रुति स्मृति पुराण र ।
तन्त्रका ता धर्मशास्त्र योग–योगाङ्ग ग्रन्थमा ।।२९।।
मुख्य ता देवतालाई मानी सर्वोच्च लोकमा ।
आफूलाई दीनहीन कृपाको पात्र संझनु ।।३०।।
पूर्ण ऐश्वर्यको स्रोत मानेर देवलाई नै ।
नवधा भक्तिले तुष्ट उनलाई गराउनु ।।३१।।
सिद्धि प्राप्त गरी आफ्ना सबै नै मनकामना ।
गरी संपूर्ण सुखमा यो जीवन बिताउनु ।।३२।।
हिंसा नगर्नु अर्काको मन, इन्द्रिय, देहले ।
वाणी नबोल्नु कहिल्यै अर्कालाई बिझाउने ।।३३।।

ढुङ्गा र बालुवा देख्नु अर्काका धनमा सधैं ।
नगर्नु लोभ तिनमा उपेक्षा तिनमा लिनु ॥३४॥
देखि स्त्री सुन्दरी त्यस्को कामना नगरी मन ।
रोकेर संयत हुनु आमा झैं सब संझनु ॥३५॥
आफ्नी विवाहिता स्त्रीमा सन्तुष्ट सर्वदा हुनु ।
त्यस्मै जन्माई सन्तति प्रसन्न सर्वदा हुनु ॥३६॥
आफ्नै सत्य कर्मबाट कमाई धन लोकमा ।
प्रयोग त्यसकै गर्दै सन्तोष त्यसमै लिनु ॥३७॥
तीर्थाटन गरी देव गर्नु दर्शन पूजन ।
श्राद्ध आदि कर्म गर्नु, गर्नु संचय पुण्यको ॥३८॥
धनधान्य नाम कीर्ति कमाई यसलोकमा ।
आनन्दले जीवन यो बिताई छोड्नु जीवन ॥३९॥
मरेपछि पुण्यलोक बैकुण्ठादि मिलोस् भनी ।
कामनाले कर्म गरी त्यही नै सुख स्वर्गका ॥४०॥
प्राप्त गर्नु, भोग गर्नु पश्वाचार यही त हुन् ।
यही चाहन्छ पशुले, पशुसाधकले सदा ॥४१॥
यसमा भिन्नता हुन्छ उपासक उपास्यको ।
यसबाट ज्ञान हुन्न सब हुन् भावका क्रिया ॥४२॥
यसबाट जन्म मृत्यु कर्मका सब बन्धन ।
छुट्टैनन् मुक्ति पाइन्न, भोगमै घुम्नु पर्दछ ॥४३॥
पशु आचारका भेद तीन छन् ती पनि बुझ ।
पहिलो वेद–आचार अनि आचार वैष्णव ॥४४॥
तेश्रो हो **शैव–आचार** पशु–आचार हुन् यिनै ।
बुझी आचारको मर्म कर्ममा लाग्नु श्रेय छ ॥४५॥

वेदाचार र वैष्णवाचार

अन्नपूर्णा भन्छिन्–

के हुन् वेदोक्त आचार वैष्णवाचार छन् कति ? ।
तिनको भाव कुन हो ? सुन्न चाहन्छु त्यो अब ।।४६।।

विद्यानाथ भन्छन्–

वेद र वेदका अङ्ग प्रमाण तिनलाई नै ।
मानेर चल्ने जो शास्त्र पुराण, धर्मशास्त्र छन् ।।४७।।
बताए तिनले जो जो आचार कर्मकाण्डका ।
तिनैलाई पूर्ण मानी यथावत् चल्नु नै त हो ।।४८।।
वेदाचार यसैलाई पशु–आचार भन्दछन् ।
यस्मा नियम छन् धेरै गर्नु पर्ने छ पालन ।।४९।।
अधिकारी हुनैपर्छ, जात–पात विभेद छ ।
विधि–निषेधका मर्म बुझेर चल्नुपर्दछ ।।५०।।
थोरै चुके पनि यस्को प्रायश्चित्त विधान छ ।
वेदोक्त कर्म जति छन् गर्नाले विधिपूर्वक ।।५१।।
सुख, स्वर्गादि पाइन्छ यसको फल हो यही ।
त्यस्तै वैष्णव आचार यसका पनि भेद छन् ।।५२।।
विष्णु प्राप्ति लक्ष्य राखी कर्मकाण्ड हुने कुरा ।
यसमा मुख्य छन् यो हो हिंसाले मुक्त दर्शन ।।५३।।
यस्का आचार छन् शुद्ध **पाञ्चरात्र** भनिन्छ यो ।
यस्मा बढी ध्यान हुन्छ शुद्धता शौच आदिको ।।५४।।
स्वदेहमा देवताको गरिन्छ न्यास देहमा ।
तिलक, तुलसी माला गोपीचन्दन आदिको ।।५५।।
गरी धारण श्रीविष्णु सेवामा दिन बित्दछ ।
वैष्णवाचारमा विष्णु तिनका सब मूर्तिको ।।५६।।

पूजा उपासना हुन्छ, नित्य र पर्वपर्वमा ।
एकादशी, पूर्णिमा र अन्य वैष्णव पर्वमा ।।५७।।
व्रतोपवास र पूजा गरिन्छन् विधिपूर्वक ।
विष्णुको लोक वैकुण्ठ गोलोकादिकधामको ।।५८।।
प्राप्ति नै मुख्य उद्देश्य हुन्छ वैष्णवको सदा ।
अशुद्ध वस्तुको त्यस्तै हिंसाजन्य पदार्थको ।।५९।।
प्रयोग यसमा हुन्न वैष्णवाचार हो यही ।
वैष्णवाचार पनि हो आचार पशुभावको ।।६०।।
यस्मा पनि भेद हुन्छ उपासक–उपास्यको ।
यौटा साधक संझन्छ वैष्णवाचारमा पनि ।।६१।।
श्री विष्णुलाई नै स्वामी आफू ता दास मान्दछ ।
यस्मा स्वतन्त्रता छैन स्वामी र दासभावको ।।६२।।
अस्तित्व यसमा हुन्छ हैन यो पद अन्तिम ।
आफूलाई दास मान्ने देवताकै भएपनि ।।६३।।
त्यो मुक्त कहिल्यै हुन्न स्वतन्त्रै हुनुपर्दछ ।
स्वातन्त्र्य नै ईश्वरको ऐश्वर्य बुझ्नुपर्दछ ।।६४।।

शैव आचार

अन्नपूर्णा भन्छिन्–

पशु आचारका भेद वेदाचार र वैष्णव ।
आचार, शैव आचार भन्नुभो पहिले पनि ।।६५।।
वेदोक्त जो छ आचार वैष्णवाचारको पनि ।
चर्चा गर्नुभयो, शैव अब आचार भन्नुहोस् ।।६६।।

विद्यानाथ भन्छन्–

शैव–आचार जो जो छन् पाइन्छन् शिवशास्त्रमा ।
संकेत तिनको गर्छु पश्वाचार प्रसङ्गमा ।।६७।।

शिव साक्षात् स्वयं ईश अनादि अविनश्वर ।
म हुं दीन भक्त उन्को अनित्य र विनश्वर ।।६८।।
भन्ने दीन भाव राखी शिवको भक्ति गर्नु नै ।
पशुभाव भनी जान यसमा शुद्ध द्वैत छ ।।६९।।
शिव हुन् कारण ब्रह्म म कार्य विश्व भिन्न छु ।
शिवबाटै जगत् हुन्छ शिवमै लिन बन्दछ ।।७०।।
विश्वको योग शिवमा कार्यकारणभाव नै ।
भक्तिको लक्ष्य हो भन्ने मानेर यसलाई नै ।।७१।।
अनेकौं विधिले भक्ति गर्दै आचारमा बसे ।
दुःखान्त प्राप्त हुन्छ यही यो शिवभाव हो ।।७२।।
जगत्लाई तुच्छ मानी यसबाट अलग्ग भै ।
एकान्त वासमा बस्नु शिवको गर्नु चिन्तन ।।७३।।
भस्मको धारण गरी भस्मैमा रहनु सदा ।
ब्रह्मचर्य आश्रयमा रही शिव चिताउनु ।।७४।।
भिक्षाले जीविका गर्नु हिंड्नु सांढे समान भै ।
शैवाचार यही नै हो पश्वाचार भनिन्छ जो ।।७५।।
अज्ञानी पाशले बद्ध आफूलाई सदा पशु ।
मानी शिव ईशलाई आफ्ना पति अधीश्वर ।।७६।।
पशुत्वको नाश गरी त्यस्बाट मुक्ति पाउन ।
शैव आचारमा बस्नु पश्वाचार यही त हो ।।७७।।
यसै शैवाचारभित्र शक्ति, सूर्य, गणेश र ।
अरु कुनै देवताको गरिने जो उपासना ।।७८।।
तिनका लागि जो जो छन् विधि आचार शास्त्रमा ।
सबै हुन् पशु–आचार सबैमा द्वैतभाव छ ।।७९।।

दक्षिणाचार

अन्नपूर्णा भन्छिन्–

वेद, वैष्णव र शैव तीन आचार यी सबै ।
भन्नुभो पशु–आचार यो ता संक्षेपमा सुनें ॥८०॥
तर दक्षिण–आचार कस्तो यो हुन्छ भन्नुहोस् ।
रहस्य यसको के हो ? सुन्ने इच्छा भयो अब ॥८१॥

विद्यानाथ भन्छन्–

दक्षिणाचारको अर्थ आचार अनुकूल हो ।
पश्वाचार भित्र पर्छ यसमै पनि द्वैत छ ॥८२॥
दक्षिणाचार के हो भन्छु संक्षेपमा अब ।
वामाचार कुलाचार भन्दा यो छ पृथक् बुझ ॥८३॥
अहङ्कार त्याग गरी छोडेर कामनाहरू ।
आफ्ना धर्म सधैं मानी चल्नु आचार दक्षिण ॥८४॥
नसके यो सबै गर्न निषिद्ध कर्म भन्दछु ।
देवस्थान गुरुस्थान चौबाटो र मसानमा ॥८५॥
शौचादि कर्म, संभोग यस्ता कर्म निषिद्ध हुन् ।
कन्या र स्त्रीहरूलाई भोगका वस्तु मात्र हुन् ॥८६॥
भन्ने दृष्टि नराखेर गर्नु नित्य समादर ।
प्रमत्ता, पुष्पिता, कन्या, कामार्ता पतितस्तनी ॥८७॥
नग्ना, विरूपा कहिल्यै नहेर्नु यो छ वर्जित ।
अर्काका धनमा लोभ परस्त्रीमा स्वकीयता ॥८८॥
पर ऐश्वर्यमा ईर्ष्या नगर्नु यो छ निन्दित ।
गाई, धान, गुरु, देव, पिता, माता र पुस्तक ॥८९॥

यिनलाई नाघ्नु हुन्न, ती छुनै हुन्न पाउले ।
आलस्य, मद, मात्सर्य, छुल्याहापनलाई र ॥९०॥
परनिन्दा सधैं त्यागी आफैंमा रम्नुपर्दछ ।
सन्यासी र व्रती, विप्र, वेद–वेदाङ्ग, आगम ॥९१॥
पुराण, धर्मशास्त्रादि यिन्को निन्दा छ वर्जित ।
तीर्थ मन्दिर पूजाका स्थानमा रहने जति ॥९२॥
पूजाका वस्तुलाई ता हुँदैन छुनु पाउले ।
आफैं भोग गर्न भनी लिनु हुन्न प्रतिग्रह ॥९३॥
अरुलाई दुःख दिने गर्नुहुन्न कुनै कुरा ।
कमाएको धनबाट देवता अनि पाहुना ॥९४॥
यिनलाई नअर्पेर स्वयं भोग निषिद्ध छ ।
बताएका कुरा जो छन् वेद आगमशास्त्रले ॥९५॥
उपेक्षा नगरी नित्य गर्नुपर्दछ पालन ।
ईश्वर गुरुको निन्दा जहाँ हुन्छ त्यहाँ कतै ॥९६॥
बस्नु हुन्न सदा आफ्नो इष्ट संझनुपर्दछ ।
सिद्धि प्राप्ति गरी थोरै आफ्नो र अरुको पनि ॥९७॥
रक्षाका निम्ति यसको प्रयोग हुन्छ वर्जित ।
मन, कर्म, वचनले कसैको कुभलो कतै ॥९८॥
भएमा, ईश्वरैबाट क्षमा नै माग्नुपर्दछ ।
गुरु मन्त्र देवतामा अनादर कसै गरी ॥९९॥
हुनै हुन्न भएमा ता क्षमाको गर्नु याचना ।
द्यौता र गुरुको नाम नलाई त्यसको अघि ॥१००॥
‘श्री’, केवल नाम मात्र लिनु हुन्न छ वर्जित ।
मकार पाँचको स्पर्श यस्मा गर्नु निषिद्ध छ ॥१०१॥

साक्षात्प्रयोग यसको हुँदैन यसकारण ।
दाहिने हातले पूजा गरिन्छ दक्षिणाचारमा ॥१०२॥
शुद्ध वैदिक–आचार **दक्षिणाचार** हो यही ।
पृथिवीतत्त्वको गन्ध फूल आकाश–तत्त्वको ॥१०३॥
धूप **वायुतत्त्व**को र प्रदीप **तेजतत्त्व**को ।
अमृततत्त्व नैवेद्य चढाई हुन्छ अर्चना ॥१०४॥
चन्दनाक्षत पुष्पादि पूजाका उपचार जो ।
हुन्छन् ती सब नै यस्मा पञ्चतत्त्वोपचारमा ॥१०५॥
अर्चना देहले गर्छ मिलेको **पञ्चतत्त्व**ले ।
द्यौतालाई त्यही तत्त्व चढाई हुन्छ पूजन ॥१०६॥
यसको अर्थ– पूजाको देह नै उपचार हो ।
देहका जति छन् कर्म अर्चना कै विधान हुन् ॥१०७॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको
ज्ञान गराउने अक्षमाला तन्त्रको
सिद्धान्तपादमा पशुआचार नामक
चौंतीसौं अक्ष–द सकियो ।

पैंतीसौं अर्थ - ध

वीर–आचार (विशेष)

अन्नपूर्णा भन्छिन्–

अरु आचार के के छन् वीरका दिव्यका पनि ।
रहस्य तिनका के हुन् अब वर्णन गर्नुहोस् ॥१॥

विद्यानाथ भन्छन्–

पशु, वीर, दिव्य–भाव संक्षेप यिनको गरें ।
पशु–आचार के के हुन् विस्तार तिनको गरें ॥२॥
त्योसंगै वीर–आचार संकेत पहिल्यै गरें ।
पशु–आचार भन्दा यो श्रेष्ठ छ त्यो पनि भनें ॥३॥
वीर–आचारको प्रश्न तिमीले अहिले गर्‍यौ ।
यो प्रसङ्ग उठेकाले अलि विस्तार गर्दछु ॥४॥
वीर–आचार भित्रै नै वाम–आचार पर्दछ ।
यस्तै सिद्धान्त–आचार धेरै आचार छन् अरु ॥५॥
वाम–आचारमा बायाँ हातले हुन्छ पूजन ।
वामको अर्थ हो राम्रो यो हुन्छ श्रेष्ठ पूजन ॥६॥
गुरु, मन्त्र, देवता र आत्मामा छैन भिन्नता ।
यौटै देखेर चारै यी एउटै भाव राख्तछ ॥७॥
गुरु ता देवता नै हुन्, आएर गुरुरूपमा ।
देवता नै मन्त्र दिन्छन् उनै उद्धार गर्दछन् ॥८॥
त्यसैले गुरुलाई नै मानेर देवता स्वयम् ।
वीर दीक्षितले गर्छ सधैं नै गुरु–अर्चना ॥९॥

सेवा र वन्दना गर्छ देवताभावले सदा ।
उपासक बनी उन्को सदा सम्मान गर्दछ ।।१०।।
पांचै मकारको यस्मा प्रयोग हुन सक्तछ ।
कसैका कुलमा यौटा, दुइटा, तीन, चारको ।।११।।
गर्ने परम्परा हुन्छ अधिकारानुरूप नै ।
प्रयोगको भेद हुन्छ साक्षात् वा अनुकल्पमा ।।१२।।
वीर हुन्छन् दुइथरी वाम दक्षिण भेदले ।
पाँचै मकारको साक्षात् प्रयोग वाम–वीरले ।।१३।।
गर्छ, तर अनुकल्प लिन्छ दक्षिण–वीरले ।
साक्षात् प्रयोग गर्दैन तर त्यो भाव राख्तछ ।।१४।।
वीरले अर्चना गर्दा **'सोऽहं'**– को भाव राख्तछ ।
उपास्य देवतामा र आफूमा ऐक्य मान्दछ ।।१५।।
संसारको भावलाई उसले छोड्नुपर्दछ ।
यही छोडी चित्तलाई योगमा स्थिर पार्न नै ।।१६।।
पाँचै मकारको त्यस्मा प्रयोग गर्छ साधक ।
आफ्नो खुसीलाई मात्र प्रयोग गर्नु हुन्न त्यो ।।१७।।
जस्तै देह जीवहीन कर्म गर्दैन लोकमा ।
त्यस्तै पाँच तत्त्वविना हुन सक्तैन अर्चना ।।१८।।
तर यी तत्त्वको साक्षात् पूजामै हुन्छ योजना ।
अन्यत्र यिनको योग हुँदैन इष्टकारक ।।१९।।
पूजामा देवतामा नै स्थिर गर्न स्वचित्त जो ।
गरिन्छ पान हो पान नत्र त्यो **पशुपान** हो ।।२०।।
पशुपान सदा हेय **वीरपान** त श्रेष्ठ हो ।
यसले चित्तमा क्षोभ हटाई स्थिर पार्दछ ।।२१।।

पुण्य पाप दुबै कर्म अज्ञान बीजबाट नै ।
हुने हुंदा जन्म तिन्को ती हुन् कारण बन्धका ।।२२।।
ज्ञानका खड्गले तिन्को गरी छेदन देवमा ।
समर्पण गरी खानु मांस हो मांस–भक्षण ।।२३।।
जिभ्राका स्वादले खाने मांस पापिष्ट जो सबै ।
हिंसाका दोषले ग्रस्त भई नरक पर्दछन् ।।२४।।
स्वयंभूले पशुसृष्टि यज्ञका निम्ति नै गरे ।
यज्ञकै निम्ति तिनको हुनुपर्छ समर्पण ।।२५।।
पूजा हो योग नै साक्षात् यस्मा प्राण–समर्पण ।
गर्ने योगी सदा गर्छ मत्स्य–भक्षण योगमा ।।२६।।
नसंझी योगको मर्म स्वादले मत्स्य–भक्षण ।
गर्ने हिंसक मानिन्छ त्यसको छैन निष्कृति ।।२७।।
प्रसन्न देवतालाई पार्ने जो मुद्रिकाहरू ।
हात वा देहले रच्नु मुद्रा–भक्षण हो त्यही ।।२८।।
देवता आउंछन् जान्छन् पूजा ग्रहण गर्दछन् ।
मुद्रादर्शनले नृत्य गर्दछन् देवताहरू ।।२९।।
प्रकृति हुन् महामाया विश्वकी योनि हुन् स्वयम् ।
स्वयं शिव परब्रह्म बीज–दाता पिता महान् ।।३०।।
महाभोग सदा चल्छ जन्मन्छ दृश्य यो जगत् ।
परमानन्दको स्रोत यही नै सामरस्य हो ।।३१।।
यही भाव सदा राखी मकार पांचको सबै ।
प्रयोग वीरले गर्छ वीर–आचार हो यही ।।३२।।
वीरले चक्रको पूजा सदा गर्दछ भावले ।
स्वयं भैरव भै यस्मा भैरवीसंग मिल्दछ ।।३३।।

उंच, नीच, जात–पात वर्णको भेद चक्रमा ।
रहँदैन त्यहाँ यौटै समाज सब बन्दछ ।।३४।।
चक्रमा शिव हुन्.सारा लोग्नेमान्छेहरू भने ।
सारा नारी शक्ति मात्र चक्र नै शिवशक्ति हो ।।३५।।
हुंदा प्रवृत्त यो चक्र सर्ववर्ण द्विजाति हुन् ।
हुंदा निवृत्त यो चक्र सबै वर्ण अलग्ग छन् ।।३६।।
खान पान त्यहां चल्छन् सबैमा समभावले ।
रहँदैन त्यहाँ दृष्टि भेदको समभाव छ ।।३७।।
संसारका रागद्वेष हुने हुन् भेद–भावले ।
यसैले दुःख उब्जिन्छ यही हो मोक्ष–बाधक ।।३८।।
राग हुन्न, द्वेष हुन्न चक्रमा हुन्छ मङ्गल ।
संविद् आनन्दको भोग चक्रमै हुन्छ संभव ।।३९।।
नारी होस् वा पुरुष होस् सबै नै देवरूप हुन् ।
चक्रमा तिनका कार्य सबै नै देव कार्य हुन् ।।४०।।
म बेग्लै देवता बेग्लै भन्ने जो ज्ञान भेद हो ।
यही हो दोष यसले दुःखमा नै डुबाउंछ ।।४१।।
आफू र देवमा ऐक्य मात्र वास्तव ज्ञान हो ।
यसैले भवको चक्र सदाका लागि छुट्टतछ ।।४२।।
यही हो वीरको कर्म सबै संक्षेपले भनें ।
बुझी रहस्य यसको वीर आचार गर्दछन् ।।४३।।

दिव्य–आचार (विशेष)

अन्नपूर्णा भन्छिन्–

दिव्य आचार के के हुन् सुन्ने इच्छा छ यो अब ।
वीर र दिव्यको भेद के छ ? आचारमा सुनौं ।।४४।।

विद्यानाथ भन्छन्–

कस्तो हुन्छ दिव्यभाव के हो लक्षण दिव्यको ।
यस्को संक्षेप पहिल्यै गरें भाव–प्रसङ्ग मै ।।४५।।
वीर र दिव्यको ठूलो भेद छैन भने पनि ।
वीर हो साधनावस्था अवस्था सिद्ध दिव्य हो ।।४६।।
युञ्जान योगमा लाग्ने भक्त जो कर्मशील छ ।
त्यही हो वीर त्यसले वीरको कर्म गर्दछ ।।४७।।
यो गर्नु हुन्छ, त्यो हुन्न वीर आचारमा बस ।
भनी राखी वीरलाई गुरु कर्म गराउंछन् ।।४८।।
तन्त्रोक्त मार्गले वीर, वीर–आचारमा बसी ।
योगको साधना गर्छ गुरुका दृष्टिमा रही ।।४९।।
यिनै अभ्यासले योगी बिस्तारै सिद्ध बन्दछ ।
वैराग्य मनमा जाग्छ जगत् नै तुच्छ लाग्दछ ।।५०।।
म हुं शिव भनी सोच्ने शिवै त्यो पछि बन्दछ ।
सोच्नै पर्दैन पछि ता स्वयं त्यो भाव जाग्दछ ।।५१।।
कर्म गर्छ, प्रकृतिले स्वभावैले गराउँछ ।
त्यसमा राग र द्वेष रहदैन हराउंछ ।।५२।।
के पूजा, ध्यान कसको, सिद्धलाई स्वयं शिव ।
गरे झैं शिवले ध्यान आत्मैभित्र रमाउंछ ।।५३।।
देख्ता अरुले ऊ गर्छ सन्ध्या, पूजा र साधना ।
त्यो साधना सबै आफ्नै आत्माकैनिम्ति बन्दछ ।।५४।।
कर्तव्य र अकर्तव्य उस्कानिम्ति समान छन् ।
अकर्तव्य हुंदै हुन्न सबै कर्तव्य बन्दछन् ।।५५।।
रहुञ्जेल् देह यो स्थूल उसका कर्म जे जति ।
उपचार सबै हुन्छन् आत्माकै हुन्छ साधना ।।५६।।

मन्त्र हुन्छन् महावाक्य देवता पूर्ण–ब्रह्म नै ।
उपचार सबै हुन्छन् जगत्का वस्तु छन् जति ।।५७।।
शिवका जति छन् भोग्य तिनको भोग अर्चना ।
संविद् आनन्द पूजाको फल मिल्दछ अन्तमा ।।५८।।
दिव्य यौटा सिद्ध हुन्छ सिद्धि पर्दछ पाउमा ।
वास्तै हुंदैन उस्लाई अनासक्त रहन्छ ऊ ।।५९।।
भोग्य हुन्छ, भोग हुन्छ, हुन्न आसक्ति भोगको ।
अनासक्त कर्म–योग यही आचार दिव्य हो ।।६०।।
आचारमा पशु श्रेष्ठ त्यस्भन्दा वीर श्रेष्ठ छ ।
सबैभन्दा श्रेष्ठ दिव्य परमाचार हो यही ।।६१।।
सबै आचार यिनमै अन्तर्भूत हुने हुंदा ।
यी तीनैको सूक्ष्म भेद योगीले मात्र जान्दछ ।।६२।।
दिव्य–आचार यो नै हो **कुल–आचार** उत्तम ।
कुलाकुल शिव शक्ति यही नै श्रेष्ठ मार्ग हो ।।६३।।
यसै आचारमा बस्ने भनिन्छ **कौल** उत्तम ।
कौल भन्दा कुनै छैन सबैमा श्रेष्ठ कौल हो ।।६४।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको
ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा
दिव्य–आचार नामक
पैंतीसौं अक्ष–ध सकियो ।

छत्तीसौं अक्ष - न

अन्तरङ्ग र बहिरङ्ग पूजा

अन्नपूर्णा भन्छिन्–

भाव आचार के के हुन् के छ यस्को विशेषता ।
भन्नुभो त्यो सुनें मैले यथाशक्ति बुझें पनि ।।१।।
पूजा के हो ? भेद यस्का कति छन् ? भन्नुहोस् अब ।
इच्छा छ मनमा सुन्ने यस्को विस्तार गर्नुहोस् ।।२।।

विद्यानाथ भन्छन्–

द्यौतालाई खुसी पार्न अनुष्ठान गरिन्छ जो ।
पूजा त्यही हो यसले ती अनुकूल बन्दछन् ।।३।।
पूजाका दुइ छन् भेद भन्दछु ध्यानले सुन ।
अन्तरङ्ग, बहिरङ्ग अर्थात् भित्री र बाहिरी ।।४।।
भित्री पूजा अन्तरङ्ग सन्ध्या हो पहिल्यै भनें ।
अन्तर्याग त्यही नै हो मनले नै हुने सबै ।।५।।
मन नै हो मानिसका कारण बन्ध, मोक्षको ।
नलागे मन पूजामा व्यर्थ हुन्छन् सबै क्रिया ।।६।।
त्यसैले चित्तवृत्तिको निरोध योग भन्दछन् ।
नभई नहुने हो यो कष्ट साध्य भएपनि ।।७।।
मन बाह्य विषयमा भाग्ने गर्छ प्रतिक्षण ।
त्यहींबाट खिंची ल्याई इष्टमा नै लगाउनु ।।८।।
लगाई रहनु नित्य, नजाओस् फेरि त्यो छुटी ।
त्यही पूजा अन्तरङ्ग रमोस् त्यहीं रमीरहोस् ।।९।।

यसैकै लागि हो सन्ध्या यही नै ध्यान योग हो ।
यही उत्तम पूजा हो यसकै लागि हुन् अरु ॥१०॥
संपूर्ण विश्वलाई नै आफैंमा आफुलाई ता ।
संपूर्ण विश्वमा देखी त्यो आफू ब्रह्मरूप नै ॥११॥
मानेर ब्रह्मलाई नै आफूलाई चढाउने ।
प्रक्रिया यो अन्तरङ्ग अर्चनाको रहस्य हो ॥१२॥

पूजाका उपचार

अन्नपूर्णा भन्छिन्–

यो कुरा ता सुनेकै हुं सन्ध्याका नै प्रसङ्गमा ।
यहाँ पनि सुनें फेरि झनै दृढ भयो यही ॥१३॥
अब अर्को बहिरङ्ग अर्चनाका प्रसङ्गमा ।
उपचारहरू यस्का के हुन् विस्तार गर्नुहोस् ॥१४॥

विद्यानाथ भन्छन्–

शरीरले इन्द्रियले गर्ने पूजा छ बाहिरी ।
बहिरङ्ग अर्चना हो त्यही बिस्तार गर्दछु ॥१५॥
ईश्वरैले बनाएका विश्वका चीजबीज हुन् ।
उनैलाई चढाएर मान्छेले लिनु पर्दछ ॥१६॥
कृपाले जसको वस्तु बन्यो यो त्यसलाई नै ।
देखाउँदै न देखाई भोग गर्नु अनर्थ हो ॥१७॥
तिम्रै वस्तु तिमीलाई चढाएर प्रसाद यो ।
भोग गर्छु यसबाट हाम्रो कल्याण होस् प्रभो ॥१८॥
भनी यही भाव राखी जति उत्तम वस्तु छन् ।
सबै नै देवतालाई चढाई उनकै कृपा ॥१९॥
प्राप्त गर्ने भाव राख्नु पूजा यो बहिरङ्ग हो ।
उपचारहरू यस्का अब वर्णन गर्दछु ॥२०॥

आफू नै देवतारूप भने भित्री रहस्य हो ।
आफैंलाई चाहिने जो, जस्ता वस्तु सबै तिनी ।।२१।।
उपचार हुन सक्छन् पूजाकानिम्ति देवका ।
पवित्र र मनपर्ने सबै नै उपचार हुन् ।।२२।।
पहिले ऋष्यादिन्यास, करशुद्धि त्यसैपछि ।
अङ्गुली व्यापक न्यास हृदादि न्यास त्यसपछि ।।२३।।
तीनताल र दिग्बन्ध प्राणायाम त्यसैगरी ।
ध्यान पूजा अनि जप विधि छन् तन्त्रशास्त्रमा ।।२४।।
शक्तिको अर्चना गर्दा **चौसट्ठी** उपचार छन् ।
त्यस्तै **छत्तीस, अठार, दश, सोन्ह** र **पाँच** छन् ।।२५।।
यी मध्ये नित्यपूजामा प्रायः सोन्ह चढाउने ।
नसक्ता पांच मात्रै ता अवश्यै गर्नुपर्दछ ।।२६।।
पाद्य, अर्घ्य, आचमन, स्नान, वस्त्र र **भूषण** ।
गन्ध, पुष्प, धूप, दीप, नैवेद्य अनि **पान** र ।।२७।।
नीराजन अनि **पुष्प, अञ्जलि** र **परिक्रमा** ।
वन्दना यी अर्चनाका सोन्ह नै उपचार हुन् ।।२८।।
गन्ध, पुष्प, धूप, दीप नैवेद्य पाँच यी भने ।
सबैका अर्चना गर्दा सबैले यी चढाउंछन् ।।२९।।
गन्ध, पुष्प र **नैवेद्य** तीनै मात्र पनि तथा ।
गन्ध र **पुष्प** मात्र दुई वा **पुष्प** मात्रले ।।३०।।
अथवा **पुष्प, जल**ले, केवलै जलले पनि ।
हुन्छ पूजा देवताको भाव चाहिन्छ केवल ।।३१।।
अपवित्र वस्तुले ता पूजा गर्नु निषिद्ध छ ।
पवित्रता मुख्य हुन्छ मन, इन्द्रिय देहको ।।३२।।

अत्यन्त भक्तिले युक्त भएर मन्त्रको जप ।
गर्दै पूजा गरेमा नै यसको फल मिल्दछ ।।३३।।

पूजाका भेद

अन्नपूर्णा भन्छिन्–

बहिरङ्ग अर्चनाका उपचारहरू सुनें ।
पूजाका भेद कति छन् ? अब त्यो पनि भन्नुहोस् ।।३४।।

विद्यानाथ भन्छन्–

नित्य, नैमित्तिक, काम्य पूजाका तीन भेद छन् ।
नित्य पूजा सधैं गर्ने नगरे पाप लाग्दछ ।।३५।।
नैमित्तिक पर्व–पूजा विशेष तिथिमा हुने ।
गरे विशिष्ट फल छ, नसके छैन पाप ता ।।३६।।
कुनै पनि कामनाले गरिने **काम्य अर्चना** ।
बहिरङ्ग अर्चनाका यी तीनै मुख्य भेद हुन् ।।३७।।
कुनै कुनै अर्चना ता यी तीनै हुन सक्तछन् ।
जस्तो हो **शारदी पूजा** यो हो तीनै प्रकारको ।।३८।।
नित्य हो, गर्नु नै पर्ने नगरे पाप लाग्दछ ।
शरत्कालीन पूजा हो विशिष्ट कालमा हुने ।।३९।।
गर्दा विशिष्ट फल छ, त्यस्तै हो काम्य अर्चना ।
ज्ञान, शक्ति र ऐश्वर्य यस्बाटै सिद्ध बन्दछन् ।।४०।।
पूजा लोप हुनैहुन्न भएमा दोष लाग्दछ ।
संक्षेप नसके हुन्छ, रोक्नु पूर्ण निषिद्ध छ ।।४१।।

नैमित्तिक पूजा

अन्नपूर्णा भन्छिन्–

के हो नैमित्तिकी पूजा विशिष्ट पर्वमा हुने ।
त्यो सुन्न अब चाहन्छु प्रधान पर्व पूजन ।।४२।।

विद्यानाथ भन्छन्–

नैमित्तिकी अर्चना हो विशिष्ट पर्वमा हुने ।
नित्य पूजा सकेरै नै यो पूजा गर्नुपर्दछ ।।४३।।
नगरी शौच स्नानादि सन्ध्या गर्नु छ वर्जित ।
नित्यपूजा विना त्यस्तै पर्व–पूजा निषिद्ध छ ।।४४।।
पर्वका दिन परे दिनमा रातमा पनि ।
गर्ने नैमित्तिकी पूजा तन्त्रमा ता विधान छ ।।४५।।
अकस्मात् गुरु आएमा तीर्थ–भ्रमणमा अनि ।
व्रतका काल आएमा गरिन्छ पर्व–पूजन ।।४६।।
संक्रान्ति, पूर्णिमा, कृष्णा अष्टमी र चतुर्दशी ।
शक्तिका रातमा त्यस्तै शरत्काल, वसन्तमा ।।४७।।
गुरुका जन्मदिनमा, आफ्नैमा पनि अर्चना ।
नैमित्तिकी हुने गर्छ यस्तै नै अरु काल छन् ।।४८।।
चैत्र शुक्ल प्रतिपदा यसमा नीम फूलले ।
पूजा गर्नु, **चैत्रका नै पूर्णिमा**मा त्यसै गरी ।।४९।।
दमनारोपण हुन्छ त्यस्मा दमन गुच्छले ।
शिवको, रतिको काम देवको हुन्छ पूजन ।।५०।।
वैशाखमा शीत जल पंखाले शीत द्रव्यले ।
जेठमा आंप, केराले ऋतुका फलले अनि ।।५१।।
आषाढमा पञ्च गन्ध चढाई हुन्छ पूजन ।
पवित्रले **श्रावण**मा हो पूजा गर्नु उत्तम ।।५२।।
छयान्नब्बे ग्रन्थियुक्त यौटा र सोह्र ग्रन्थिका ।
दुइ अनि एकग्रन्थि भएको एक चार यी ।।५३।।
पवित्र सुन, तामाका वस्त्र शाटन र कुश ।
कपासले बनेका यी चढाई हुन्छ पूजन ।।५४।।

असोजको शुक्ल पक्ष यस्का पन्ध्र दिनै भरी ।
सधैं योटी कुमारीको गरिन्छ नित्य अर्चना ॥५५॥
असोजकै शुक्ल पक्ष यस्मा नौ दिनसम्म नै ।
दुर्गाको अर्चना हुन्छ धेरै छन् यसका फल ॥५६॥
असोजकै पूर्णिमामा लक्ष्मीको हुन्छ पूजन ।
दिई नरिवल जल पिइन्छ जल नै त्यही ॥५७॥
औंसीमा नै **कार्तिक**को गरेर दीपमालिका ।
लक्ष्मीको अर्चना हुन्छ दीपाराधन हो यही ॥५८॥
कार्तिकैका पूर्णिमामा दीपकै हुन्छ पूजन ।
यसैले धन धान्यादि ऐश्वर्य फल मिल्दछ ॥५९॥
मार्गमा मासको बारा जलले नारिकेलको ।
पौषमा फूल फलले, **माघ**मा तिल द्रव्यले ॥६०॥
आंपका फूल, महुवा यिनूले **फाल्गुन**मासमा ।
त्यस्तै सबै देवताका विशिष्ट दिन पर्वमा ॥६१॥
नैमित्तिकी समभ्यर्चा गरिन्छन् पर्व पर्वमा ।
आफ्ना इष्ट देवताको छन् यिन्का फल उत्तम ॥६२॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा पूजा–भेद, नित्य, नौमित्तिकपूजा नामक छत्तीसौं अक्ष–न सकियो ।

सैंतीसौं अक्ष - प

पूजाका आधार

अन्नपूर्णा भन्छिन्–

के हुन् आधार पूजाका केमा हुन्छ प्रपूजन ।
अब यो सुन्न चाहन्छु यस्को विस्तार गर्नुहोस् ।।१।।

विद्यानाथ भन्छन्–

श्रेष्ठ आधार पूजाको **पूर्ण कलश** हो सुन ।
त्यस्मै आवाहन गरी गर्नु पूजन श्रेष्ठ छ ।।२।।
कलश स्थापना गर्न नसक्ने जनलाई ता ।
यन्त्र आदि श्रेष्ठ हुन्छन् देवपूजन कर्ममा ।।३।।
देवताको अधिष्ठान श्रेष्ठ मन्दिर यन्त्र हो ।
गरेको यसमा पूजा द्यौता मन पराउंछन् ।।४।।
संपूर्ण देवको पूजा हुदैन एक यन्त्रमा ।
देवताको मूल बीज यन्त्रका बीच भागमा ।।५।।
राखी प्रतिष्ठा त्यसमै गरिन्छ इष्ट देवको ।
आवाहनादि त्यसमै गरेर उपचारले ।।६।।
पूजा गरिन्छ द्यौताको त्यसैले यन्त्र श्रेष्ठ छ ।
देवता गणको फेरि यन्त्रकै अरु भागमा ।।७।।
आवाहन आदि गरी गरिन्छ पूर्ण पूजन ।
निर्माण यन्त्रको गर्न नसक्ने जनले भने ।।८।।
प्रतिमाको गर्छ पूजा मुख नेत्रादि युक्तको ।
यन्त्रको पूजन सरी प्रतिमा अर्चना भने ।।९।।

हुँदैन त्यत्तिको श्रेष्ठ **यन्त्र** नै हुन्छ उत्तम ।
यन्त्र नै हो मन्त्रमय मन्त्रात्मा देवता त हो ।।१०।।
आत्मा र देहको भेद जस्तै हो यन्त्र देवता ।
यन्त्र मन्त्र देवता र आत्मामा ता अभेद छ ।।११।।
यसैले देह हो यन्त्र आत्मा हुन् देवता स्वयम् ।
दुःख र कष्ट उब्जन्छन् काम–क्रोधादि दोषले ।।१२।।
ती नियन्त्रण गर्नाले **'यन्त्र'** बन्दछ सार्थक ।
नभए यन्त्र पूजामा हुँदैनन् देवता खुसी ।।१३।।
त्यसैले यन्त्रमै पूजा गर्नुपर्ने विधान छ ।
कलश, यन्त्र, प्रतिमा नपाए यी पनि कतै ।।१४।।
अरु पनि त आधार पूजाका हुन सक्तछन् ।
शिवलिङ्ग, मणि, शालग्राम र **सूर्य, स्थण्डिल** ।।१५।।
आगो, आफ्नै शिर फेरि **हृदय** हुन सक्तछन् ।
तर केही नराखेर भूइमा मात्र पूजन ।।१६।।
गर्नुहुन्न, गरेमा ता अनिष्ट पर्न सक्तछ ।
गणेश, सूर्य र विष्णु, शिव, देवी यिनीहरू ।।१७।।
शिवलिङ्गादिमा पूजा गर्दा हुन्छन् सदा खुसी ।
शिवका लिङ्गमा पूजा गर्दा पुण्य अनन्त छ ।।१८।।
सूर्यप्रत्यक्ष देवै हुन् तिनमै हुन्छ पूजन ।
समस्त देवको आगो मुख हो यज्ञ आश्रय ।।१९।।
शालग्राम शिलामा ता विष्णुको हुन्छ पूजन ।
आफ्नो शिर हृदयमा सबै देव र देवता ।।२०।।
बस्छन् त्यहाँ हुँदा पूजा हुन्छन् ती देवता खुसी ।
बुझी पूजन आधार गर्नुपर्दछ अर्चना ।।२१।।

यन्त्र आधार, सामग्री, विधि र फल

अन्नपूर्णा भन्छिन्–

पूजाको मुख्य आधार यन्त्र हो भन्नुभो यहाँ ।
के मा र कसरी बन्छन् ? यन्त्र यी भन्नुहोस् अब ॥२२॥

विद्यानाथ भन्दछन्–

सुन, चांदी र **तामाका, पीठमा, भोजपत्र**मा ।
अष्टधातु र **ढुंगा**मा, **कपडा** आदिमा पनि ॥२३॥
मणिका, सुन, चांदीका **तामाका खण्ड**ले पनि ।
चन्दनादि लगाएका पातामा लेख्नुपर्दछ ॥२४॥
बेग्ला बेग्लै यन्त्रले यी फल दिन्छन् पृथक् पृथक् ।
त्यसैले यन्त्र आधार छानेर लेख्नु पर्दछ ॥२५॥
कपडा, काठ, भित्तामा सीसा र कांसमा पनि ।
यन्त्र लेख्नु हुंदैहुन्न लेखेमा सिद्धि–हानि छ ॥२६॥
केही नपाए भूमिमै सिन्दूर चूर्णले बरु ।
बनाई यन्त्र पूजेमा कामना सिद्ध बन्दछ ॥२७॥
सुनका यन्त्र पूजेमा राजा नै वश पर्दछन् ।
चाँदीका यन्त्रले आयु, आरोग्य पूर्ण गर्दछ ॥२८॥
तामाका यन्त्रले सारा ऐश्वर्य दिन सक्तछ ।
फटिक्का यन्त्रले इच्छा सदा पूर्ण गराउंछ ॥२९॥
माणिक्य यन्त्रले राज्य पाइन्छ भोग मोक्ष यी ।
श्रीखण्डले लेखिएका यन्त्रले शक्ति मिल्दछ ॥३०॥
रक्तचन्दनले लेखे पुष्टि दिन्छ सधैं भरी ।
गोरोचना आदि भए सर्वत्र लाभ गर्दछ ॥३१॥

यन्त्र–संस्कार र प्रतिष्ठा

अन्नपूर्णा भन्छिन्–

यी भए यन्त्र आधार, लेख्ने रीति पनि सुनें ।
प्रतिष्ठा यिनको गर्दा गर्ने संस्कार भन्नुहोस् ।।३३।।

विद्यानाथ भन्छन्–

तिमीले, हो, ठीक भन्यौ, यन्त्र लेखेर मात्र ता ।
हुँदैन, यिनको राम्रो संस्कार गर्नुपर्दछ ।।३३।।
होइन मात्र संस्कार प्रतिष्ठै पनि यन्त्रको ।
गरेरै विधिले यस्को अर्चना गर्नुपर्दछ ।।३४।।
नित्य पूजा गर्नलाई सधैं लेखिन्छ यन्त्र जो ।
धेरै संस्कार त्यसको गर्नु पर्दैन नित्यशः ।।३५।।
सुन, चांदी र तामाका पातामा चन्दनादिले ।
गरी लेपन त्यसमा लेखिन्छ यन्त्र देवका ।।३६।।
आवाहनादि द्यौताको विधिले त्यसमै गरी ।
प्रतिष्ठित गराएर सधैं नै हुन्छ अर्चना ।।३७।।
अस्थायी यन्त्र हो यो ता नित्य लेखिन्छ, नित्य नै ।
पूजा भए पछि यस्को फेरि हुन्छ विसर्जन ।।३८।।
तर मन्दिरमा स्थायी रूपले राख्न सुस्थिर ।
लेखिदैन सदा यन्त्र हुन्न नित्य विसर्जन ।।३९।।
सुवर्ण, चांदी, तामा वा ढुङ्गा, स्फटिक आदिमा ।
कुंधेर यन्त्र विधिले संस्कार गर्नु पर्दछ ।।४०।।
यस्ता यन्त्र कुंध्नु पर्दा चार प्रस्तार रूपका ।
भू–कूर्म–पद्म–मेरु हुनुपर्ने विधान छ ।।४१।।
पातामा धातुका रेखा कोरेमा गाढिने गरी ।
हुन्छ **भूप्रस्तार** यन्त्र, माथि रेखा उठ्यो भने ।।४२।।

हुन्छ त्यो **कूर्मप्रस्तार** कछुवाको पिठ्यूँसरी ।
आकार पद्मको जस्तो दिई रेखा बन्यो भने ।।४३।।
त्यो हुन्छ **पद्मप्रस्तार** यन्त्र, अर्को छ उत्तम ।
पहाडको शिखर झैं उठेको बिन्दु बीजमा ।।४४।।
त्रिकोणाकारको यन्त्र मेरु पर्वतरूपको ।
हुन्छ त्यो **मेरुप्रस्तार** यन्त्र जो सर्वश्रेष्ठ छ ।।४५।।
यन्त्रका जति छन् रेखा सोझा ती हुनुपर्दछ ।
बाङ्गा रेखा भएमा ता हुन्छ दीन दरिद्रता ।।४६।।
लाखौं गुना फल मिल्छ तामाका यन्त्र पूजिए ।
चांदीका यन्त्र पूजाले अनन्त फल मिल्दछ ।।४७।।
मणिका यन्त्र पूजाले कति हो कति हो फल ।
धन, पुत्र, कीर्ति, पत्नी ऐश्वर्य मणि यन्त्रको ।।४८।।
पूजाले नै प्राप्त हुन्छन् यन्त्र पूजा छ उत्तम ।
यन्त्र देव–अधिष्ठान यन्त्र नै मन्त्र देवता ।।४९।।
यही मानेर विधिले अर्चना हुनुपर्दछ ।
पञ्चामृत पञ्चगव्य तीर्थका जलले पनि ।।५०।।
गराई, स्नान, आगोले तपाई, अभिमन्त्रित ।
मन्त्रेर यन्त्र गायत्री हुनुपर्दछ त्यसपछि ।।५१।।
प्रतिष्ठा हुन्छ यसको त्यसमै हुन्छ पूजन ।
प्रतिष्ठा कसरी हुन्छ यन्त्रको प्रश्न यो थियो ।।५२।।
प्रतिष्ठा–विधि पाइन्छ, **वामकेश्वर तन्त्र**मा ।
न्वाएर संकल्प गरी गुरुको अर्चना गरी ।।५३।।
पञ्चगव्य बनाएर मन्त्रेको शिवमन्त्रले ।
पखाली यन्त्र त्यसमा स्थापना गर्नु पीठमा ।।५४।।

पवित्र कुशले छोई गायत्री मन्त्रराजको ।
जपी मन्त्र मन्त्रनु र देवता भावसिद्धिका ।।५५।।
निम्ति आत्मशुद्धि गर्नु षडङ्ग देव–अर्चना ।
गरी त्यहाँ महादेवी आवाहन गरी पुनः ।।५६।।
जीवन्यास गर्नुपर्छ षोडश उपचारले ।
यथोक्त विधिले पूजा, जप, पाठ सबै गरी ।।५७।।
बलि पूजा गरी होम अग्निस्थापन कर्मले ।
होम गर्नु नसक्नेले जप गर्नु दुई गुना ।।५८।।
गाई दान सिङ्गारेकी गरेर गुरु–दक्षिणा ।
दिई यन्त्र प्रतिष्ठा यो देव मन्दिरमा गरी ।।५९।।
पूजा गर्नु श्रेय हुन्छ, संस्कार नगरी त्यसै ।
असंस्कृत यन्त्रमा त पूजा गर्नु निषिद्ध छ ।।६०।।
देवताको वास हुन्न त्यसै पूजा गर्‍यो भने ।
‘यन्त्रराजाय विद्महे महायन्त्राय धीमहि ।।६१।।
तन्नो यन्त्रः प्रचोदयात्’ गायत्री मन्त्र हो यही ।
यसैले यन्त्र संस्कार प्रतिष्ठा यन्त्रको पनि ।।६२।।
तन्त्रोक्त विधिले हुन्छ यन्त्र संपूज्य बन्दछ ।
यन्त्र–संस्कार नगरी गर्नुहुन्न प्रपूजन ।।६३।।

एकयन्त्रमा सर्व देवपूजा–निषेध

अन्नपूर्णा भन्छिन्–

भिन्ना भिन्नै यन्त्र हुन्छन् देवता भेदले पनि ।
भन्नुभो, के सबै पूजा हुन्न र एक यन्त्रमा ।।६४।।

विद्यानाथ भन्छन्–

हो, देवता भिन्न हुंदा यन्त्र नै भिन्न बन्दछन् ।
सबैका यन्त्र भिन्नै छन् आफ्नैमा हुन्छ पूजन ।।६५।।

अर्काका यन्त्रमा अर्के देवको हुन्न अर्चना ।
यौटैमा सबको पूजा त्यो पनि हुन्छ वर्जित ।।६६।।
बिन्दु, त्रिकोण र वृत्त, पद्मका आठ यन्त्र ता ।
सबै नै यन्त्रमा हुन्छन् सामान्य रूप हो यही ।।६७।।
यसका बिन्दुका बीच मुख्य बीज रह्यो भने ।
जसको. बीज त्यो हुन्छ त्यसैको यन्त्र बन्दछ ।।६८।।
सामान्यरूपको त्यस्तो यन्त्रका बीच बिन्दुमा ।
आफ्नो मुख्य बीज राखी गरिन्छ **देव–पूजन** ।।६९।।
त्रिकोणमा तीन शक्ति इच्छा ज्ञान क्रिया अनि ।
मातृका आठ र **आठ भैरव आठ पत्रमा** ।।७०।।
आठ श्मसान र **आठ मुण्ड, आठ त्रिशूल** यी ।
विशेष रूपले हुन्छन् सबै नै देव–यन्त्रमा ।।७१।।
विशेष रूपले भिन्नै देवता भिन्न भिन्नका ।
गुरुबाटै सिक्नु पर्छ पद्धति तन्त्रशास्त्रका ।।७२।।

यन्त्र धारण माहात्म्य

अन्नपूर्णा भन्छिन्–

यन्त्रको धारण पनि गर्दछन् देहमा जन ।
महत्त्व यसको के हो के हो यस्को प्रयोजन ।।७३।।

विद्यानाथ भन्छन्–

विभिन्न कामना–सिद्धि गर्ने उद्देश्यले जन ।
यन्त्रको धारणा गर्छन् घाँटी, नाडी र बाहुमा ।।७४।।
अभिचार कर्म गर्न, आफूलाई बचाउन ।
रोगको नाश गर्न दुःख कष्ट हटाउन ।।७५।।
बाधाहरू शान्त गर्न इष्ट–सिद्धि गराउन ।
यन्त्रको धारणा गर्ने तन्त्रमा नै विधान छन् ।।७६।।

यन्त्र धारण गर्दा ता देवता देहमा बसी ।
बाधा धारकका सारा हटाएर बचाउंछन् ।।७७।।
धातु वा भोजपत्र, वस्त्र, कागत वा लिई ।
यन्त्रमा मन्त्र लेखेर संस्कार गर्नुपर्दछ ।।७८।।
त्यसमा नै देवताको प्रतिष्ठा विधिले गरी ।
शुभ साइतमा त्यस्को धारणा गर्नुपर्दछ ।।७९।।
त्यस्ता यन्त्रहरू आफ्ना घरमा नै रहेपनि ।
रक्षा सबैको त्यसले गर्छ कवच भै सदा ।।८०।।
यन्त्रको जल खानाले देहका रोग दोष नै ।
नष्ट हुन्छन् यसैले हो, यस्को ठूलो महत्त्व छ ।।८१।।
यसलाई जगाएर विशेष दिन पर्वमा ।
पूजा गर्नु, धूप दिनु तन्त्रमा यो विधान छ ।।८२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञानं गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा यन्त्र–माहात्म्य, आधार, निर्माण, संस्कार, धारण नामक सैतीसौं अक्ष–प सकियो ।

अठतीसौं अक्ष - फ

पूजाका उपचार

अन्नपूर्णा भन्छिन्–
उपचार अर्चनाका भन्नुभो पहिले अब ।
कस्तो के हुन सक्छन् ? तिन्को विस्तार गर्नुहोस् ॥१॥
विद्यानाथ भन्छन्–
उपचारहरू धेरै पूजाका हुन सक्तछन् ।
तिनमा पांच र सोन्ह उपचार प्रसिद्ध छन् ॥२॥
पृथ्वी, जल, तेज, वायु, आकाश पांच भूत यी ।
तत्त्वोपचार मानिन्छन् यी मुख्य उपचार हुन् ॥३॥
यो विश्व नै बनेको हो माथिका पांच तत्त्वले ।
चढाउंदा देवतामा विश्व नै हुन्छ अर्पित ॥४॥
गन्ध हो **पृथिवीतत्त्व, फूल आकाशतत्त्व** हो ।
धूप वायुतत्त्व हो र **तेजस्तत्त्व** त **दीप** हो ॥५॥
नैवेद्य जलतत्त्वै हो **त्यही अमृततत्त्व** हो ।
यी पांच तत्त्वले पूजा गर्दा नै हुन्छ उत्तम ॥६॥
पाद्य, अर्घ्य, आचमन, स्नान, वस्त्र र भूषण ।
गन्ध, पुष्प, धूप, दीप, नैवेद्य र आचमन ॥७॥
ताम्बूल र स्तोत्रपाठ, अनि तर्पण, वन्दना ।
उपचारहरू सोन्ह यी नै ज्यादै प्रसिद्ध हुन् ॥८॥
पाद्य, अर्घ्य, आचमन, स्नानीय चार यी अनि ।
गन्ध, पुष्प, धूप, दीप, नैवेद्य र आचमन ॥९॥

यी जो उपचार दश मानिन्छन् ग्राह्य सर्वदा ।
यिन्ले गर्दा देव–पूजा खुसी हुन्छन् ती देवता ।।१०।।
आसन, स्वागत, पाद्य, अर्घ्य, आचमनीय र ।
स्नान, वस्त्र, उपवीत, त्यस्तै दिव्य विभूषण ।।११।।
गन्ध, पुष्प, धूप, दीप, नैवेद्य अनि तर्पण ।
माला अनि नमस्कार सबै पछि विसर्जन ।।१२।।
गरिने नित्य–पूजा यी अठार उपचारले ।
ज्यादै नै श्रेष्ठ मानिन्छ, देवता बन्दछन् खुसी ।।१३।।
उपचार अनि छत्तीस् अर्का जो भन्न् विशिष्ट छन् ।
तिनले अर्चना गर्दा सन्तुष्ट देव बन्दछन् ।।१४।।
उपचारहरू दिव्य प्रयोग सबकै गरी ।
अर्चना गर्न चाहन्छन् समस्त भक्त अर्चक ।।१५।।
जसको भक्ति, श्रद्धा छ प्रेम र अनुराग छ ।
समर्पण सबै गर्ने इच्छा गर्दछ भक्तले ।।१६।।
देवता त देवता हुन् विश्वका मालिकै त हुन् ।
उनलाई कमी के छ उन्लाई के चढाउने ।।१७।।
सबै छन् उनकै वस्तु उनैलाई चढाउने ।
भक्तको भाव मात्रै हो त्यसकै छ विशेषता ।।१८।।
नपुगेमा कुनै वस्तु सकिन्न ल्याउनै भने ।
गरेर मनमा ध्यान चढाए पुष्प मात्र नै ।।१९।।
चढाए जल मात्रै वा प्रसन्न देव बन्दछन् ।
नभएमा कुनै वस्तु **'भावले नै चढाउंछु'** ।।२०।।
भन्दै पूजा गर्नु पर्छ सामग्री पूर्ण बन्दछ ।
सामग्री ता भए राम्रो भाव नै सर्वश्रेष्ठ हो ।।२१।।

उपचार–समर्पणविधि

अन्नपूर्णा भन्छिन्–

उपचारहरू धेरै सबै वर्णन गर्नुभो ।
भन्नुहोस् न विधि पनि गर्ने तिन्को समर्पण ।।२२।।

विद्यानाथ भन्छन्–

पूजामा देवतालाई देखाई मुद्रिकाहरू ।
बोलाई यन्त्रमा राखी, त्यहीं स्थिर गराउने ।।२३।।
तिन्का स्वरूपको बोध गरी आफ्नो तिनैसित ।
एकता स्थापना गर्ने अनि उन्कै प्रसादले ।।२४।।
अमृतत्व प्राप्त गर्ने पूजाको प्रक्रिया यही ।
पूजाका विधिले पूरा गर्छन् यो योग नै त हो ।।२५।।
आवाहनी मुद्रिकाले देवता डाक्नुपर्दछ ।
तिनलाई **स्थापनीले** यन्त्रमा राख्नुपर्दछ ।।२६।।
राख्ने नजिकमा मुद्रा जो छ त्यो **संनिधापनी** ।
संरोधिनी रोकिराख्ने, **संमुखीकरणी** भने ।।२७।।
आफ्नै संमुखमा राख्ने, अर्को छ **अवगुण्ठनी** ।
देवता तत्व हो ब्रह्म सत् चित् आनन्दरूप छ ।।२८।।
त्यसैले व्याप्त यो विश्व भन्ने सोचिन्छ यो भने ।
अवगुण्ठन यो नै हो यही यस्को महत्त्व हो ।।२९।।
सकलीकरणी मुद्रा जसले विश्वलाई नै ।
देवताका साथमा नै ऐक्यबोध गराउंछ ।।३०।।
अमृतीकरणी मुद्रा देवमा ब्रह्मबोधको ।
गराउँदै अनुभव अमृतत्व दिलाउंछ ।।३१।।
मन्त्र हो अङ्ग, अङ्गी ता देवतातत्त्व हो स्वयम् ।
यी दुबैको एकता नै अमृतीकरणै त हो ।।३२।।

परमीकरणी मुद्रा त्यसले परमत्त्वको ।
देवतामा भाव राख्छ यही हो पहिलो क्रिया ॥३३॥
यिन्को विस्तारमा चर्चा मुद्राका नै प्रसङ्गमा ।
भएकै छ, त्यसैबाट सबै यो बुझ्नु श्रेय छ ॥३४॥
मुद्राका लक्षणहरू गुरुले नै बताउंछन् ।
दीक्षा लिंदा अर्चनाको यी पनि सिक्नुपर्दछ ॥३५॥
यी मुद्रा गोप्य नै हुन्छन् गुरुका मुखबाट नै ।
सिक्छन् दीक्षितले मात्र अरुलाई निषेध छ ॥३६॥
यन्त्रमा देवताको ता आवाहन गरेपछि ।
प्रतिष्ठा प्राणको गर्ने तन्त्रमा नै विधान छ ॥३७॥
देखाएर **मृगी** मुद्रा देवका प्राण, जीव र ।
सबै नै इन्द्रियहरू गरिन्छन् सुप्रतिष्ठित ॥३८॥
अनि मात्र हुन्छ पूजा सबै ती उपचारले ।
निष्प्राण देवतामा त हुनसक्तैन अर्चना ॥३९॥

गन्ध (चन्दन) समर्पण

अन्नपूर्णा भन्छिन्–

आवाहन सुप्रतिष्ठा देवताको गरेपछि ।
उपचारहरू उन्मा जे जे अर्पण गर्नुछ ॥४०॥
ती कस्ता श्रेष्ठ हुन्छन् ? कसरी हुन्छ अर्पण ? ।
अब त्यो सुन्न चाहन्छु अलि विस्तार गर्नुहोस् ॥४१॥

विद्यानाथ भन्छन्–

उपचार त धेरै छन् तिनमा पांच मुख्य छन् ।
गन्ध, पुष्प, धूप, दीप, नैवेद्य पांच हुन् यिनी ॥४२॥

यिनमा पहिलो गन्ध यो छ पांच प्रकारको ।
घोटिएको चन्दनादि पहिलो गन्ध हो यही ।।४३।।
दोश्रो **सुगन्धी** हो वस्तु माडेर गन्ध बन्छ जो ।
गोरोचन आदि चूर्ण तेश्रो हो गन्ध उत्तम ।।४४।।
यो ता **कस्तूरिका** नै हो पांचौं अत्तर आदि हो ।
सुगन्धी काठ घोटेर बन्ने चन्दन आदि जो ।।४५।।
भनिन्छ **संघर्षज** यो, श्रीखण्ड, रक्तचन्दन ।
सुगन्धी जो जडीबूटी माडेर गन्ध बन्दछ ।।४६।।
भनिन्छ त्यो **परिमल** अगुरु केशरादिक ।
गोरोचन आदि चूर्ण भनिन्छन् गन्ध **क्षोदण** ।।४७।।
कस्तूरिका आदि गन्ध यी ता हुन् **प्राणिसंभव** ।
भिन्न भिन्न अत्तरहरू **कृष्णसाराभिधान** हुन् ।।४८।।
सबै अरु चन्दनहरू यिनैका भित्र पर्दछन् ।
यक्ष, दैव र गन्धर्व हुन्छन् यी तीन कर्दम ।।४९।।
चढाउंदा देवतामा प्रसन्न देव बन्दछन् ।
धर्म, अर्थ, काम, मोक्ष चारैको लाभ मिल्दछ ।।५०।।

पुष्प (फूल) समर्पण

अन्नपूर्णा भन्छिन्–

यी भेद हुन् चन्दनका फूलका भेद भन्नुहोस् ।
कुन फूल कसलाई प्रिय हुन्छ बताउनोस् ।।५१।।

विद्यानाथ भन्छन्–

फूलका भेद छन् पांच, **पर, अपर, उत्तम** ।
मध्य र **हीन** यिनका भन्छु लक्षण लौ सुन ।।५२।।
सुनका फूल पर हुन् सदाकै लागि योग्य छन् ।
शरीरमा लगाइन्छन्, चढाइन्छन् पुनः पुनः ।।५३।।

चांदीका अनि तामाका यी ता **अपर** फूल हुन् ।
यी सधैं वा तीन वर्ष अथवा एकवर्ष नै ।।५४।।
प्रयोग यिनको हुन्छ चढाइन्छन् पुनःपुनः ।
चढाइन्छन् नित्य धोई यी दुबै फूल धातुका ।।५५।।
तुलसी, केतकी, पद्म, करवीर र मालती ।
उत्तम फूल हुन् पाँच, दश छन् फूल **मध्यम** ।।५६।।
मल्लिका, कुन्द, मन्दार, तगर अनि अर्जुन ।
किंशुक र पारिजात, अशोक, बेल, चाँप यी ।।५७।।
यी भन्दा भिन्न जो फूल गन्धले हीन **हीन** हुन् ।
यी फूल विहित छन् विभिन्न मन्त्र–कर्ममा ।।५८।।
जो फूल देवतालाई निषिद्ध मानिंदैन त्यो ।
चढाउनु देवलाई यही नै हुन्छ **उत्तम** ।।५९।।
दूबो श्रीगणेशको ता अत्यन्त प्रिय फूल हो ।
तुलसी मन पर्दैन उन्लाई नचढाउनु ।।६०।।
मालती, कुन्द, मन्दार शारदा प्रिय मान्दछिन् ।
करवीर, जपापुष्प सूर्यका प्रिय फूल हुन् ।।६१।।
तर बिल्व पत्र भने सूर्य अप्रिय मान्दछन् ।
जाई, सेवन्तिका, द्रोण पुष्प र नील उत्पल ।।६२।।
करवीर, अपामार्ग, शमी र बेलपत्र यी ।
फूल हुन् शिवका प्यारा बेल ता अति नै प्रिय ।।६३।।
केतकी र जपापुष्प शिवलाई निषिद्ध छन् ।
मालती, कुन्द, मन्दार, कदम्ब, करवीर र ।।६४।।
अमलाको पात शमी, दूबो र शतपत्रिका ।
आँपका मञ्जरी त्यस्तै तुलसी हरिका प्रिय ।।६५।।

ज्यादै रातो र निर्गन्ध, अति उत्कट गन्धका ।
मन पर्दैन उन्लाई कहिल्यै नचढाउनु ॥६६॥
रातो फूल, बेलपत्र नृसिंह प्रिय मान्दछन् ।
केतकी फूल उन्लाई कहिल्यै नचढाउनु ॥६७॥
धेरै प्रकारका राम्रा फूलले, बलि आदिले ।
अपामार्ग पत्रले ता देवी हुन्छिन् सदा खुसी ॥६८॥
तुलसी ता हुँदैहुन्न देवी ता प्रिय मान्दिनन् ।
करवीर, जपापुष्प, फूल राम्रा सुगन्धका ॥६९॥
सेवन्ती, मालती, जाई, धतूरो, अपराजिता ।
चांप, बेलपत्र अनि, बन्धूक र प्रियंवदा ॥७०॥
देवीका प्रिय मानिन्छन् अष्टमीमा विशेषतः ।
गर्दा पूजा फूलले यी देवी हुन्छिन् खुसी अति ॥७१॥
राता फूल कमल हुन् सबै नै देवका प्रिय ।
सेता, काला फूल भने कालिका नै रुचाउंछिन् ॥७२॥
तुलसी र अपामार्ग, धतुरो, अर्कपुष्पले ।
देवीपूजा गर्नुहुन्न यी अत्यन्त निषिद्ध छन् ॥७३॥
चाँप, बकुल, मन्दार, जाई र सयपत्रिका ।
मल्लिका र जपापुष्प, किंशुक, नील उत्पल ॥७४॥
करवीर, पारिजात, करम्ब, अपराजिता ।
द्रोणपुष्प, बिल्वपत्र देवीका प्रिय फूल हुन् ॥७५॥
बेलपत्र, बेलफल, बेलैका फूल यी भने ।
अत्यन्त प्यारा देवीका यत्नले यी चढाउनु ॥७६॥
तीनपाते बेलपत्र यो समान कुनै अरु ।
देवीलाई हुँदैहुन्न सकेसम्म जुराउनु ॥७७॥

जलका, थलका, राम्रा सुगन्धी फूल छन् जति ।
देवीका प्रिय नै हुन्छन् राता फूल विशेषतः ।।७८।।
जपापुष्प, बेलपत्र, रातो कमल, मल्लिका ।
यिनले नै सधैं पूजा गर्नेका सब पाप नै ।।७९।।
डढेर नष्ट नै हुन्छन् डढे झैं खर अग्निले ।
तिनका घरमा लक्ष्मी सधैं नै स्थिर बस्तछिन् ।।८०।।
दुःख कष्ट नष्ट हुन्छन् सर्वदा सुख आउंछन् ।
धर्म अर्थ काम मोक्ष सब यी वश पर्दछन् ।।८१।।
विभिन्न रंगका ताजा, राम्रा, धेरै सुगन्धका ।
उनी फूल बनाएर माला दिव्य चढाउनु ।।८२।।
यस्ले भगवती देवी प्रसन्न अति बन्दछिन् ।
कृपाले उनकै इच्छा सिद्ध हुन्छन् प्रपन्नका ।।८३।।
फूलमा देवता बस्छन् हुन्छन् ती यसले खुसी ।
नामैले फूलको देव प्रसन्न बन्दछन् त्यसै ।।८४।।
फूलमा छ परज्योति फूलैले ती सदा खुसी ।
धर्म, अर्थ, कामका नै फूलै हो मुख्य साधन ।।८५।।
पुष्टि, श्री, स्वर्ग र मोक्ष फूलैले दिन्छ चार यी ।
फूलैमा छ इष्टसिद्धि फूलैमा भोग मोक्ष छ ।।८६।।
फूलका मूलमा ब्रह्मा बीचमा विष्णु देवता ।
टुप्पोमा बस्तछन् शम्भु पातमा सब देवता ।।८७।।
त्यसैले फूलले नित्य गर्नुपर्दछ अर्चना ।
फूल ता हुनु नै पर्छ, भक्ति झन् अनिवार्य छ ।।८८।।
देवीलाई फूल ता झन् अत्यन्त प्रिय लाग्दछन् ।
जस्तोसुकै फूल हुन् ती भक्तिले नै चढाउनु ।।८९।।

नपाइए फूल कुनै फूलका पात मञ्जरी ।
नभए फल मात्रैले अथवा तृणले पनि ॥६०॥
फूलका भावले पूजा गर्नुपर्दछ भक्तिले ।
प्रसन्न देवता हुन्छन् भावका फूलले पनि ॥६१॥
फूलले, अक्षताले, नभए जलले पनि ।
पूजा गरिन्छ नभए मनैले हुन सक्तछ ॥६२॥
बेल, खयर, अमला, पद्मका पत्र छन् भने ।
अग्राह्य हुन सक्तैनन् छिन्न भिन्न भए पनि ॥६३॥
फूल भिन्न भिन्न हुन्छन् देवता–भेदले पनि ।
तर फूल सबैलाई पूजामा प्रिय लाग्दछन् ॥६४॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा उपचार, समर्पण विधि नामक अठ्तीसौं अक्ष–फ सकियो ।

उनञ्चालीसौं अक्ष - ब

उपचार-समर्पणविधि

धूप, धूपभेद

धूप आघ्रापन

अन्नपूर्णा भन्छिन्–

फूलका ता भेदहरू तिन्का सब विशेषता ।
भन्नुभो फूल नै श्रेष्ठ पूजाको उपचार हो ॥१॥
अब अर्को धूप के हो ? किन यो उपचार भो ? ।
यस्को विशेषता के हो ? अब वर्णन गर्नुहोस् ॥२॥

विद्यानाथ भन्छन्–

दुई अक्षरले बन्छ **'धू'** र **'प'** **धूप** शब्द यो ।
'धू'– ले दुर्गन्ध र दोष धुने संकेत गर्दछ ॥३॥
'प'–ले परम आनन्द दिने कार्य बताउंछ ।
दोष शान्ति र आनन्द दिनु हो काम धूपको ॥४॥
देवता भेदले धूप हुन्छन् धेरै प्रकारका ।
जस्लाई जुन चाहिन्छ त्यो दिनु हुन्छ उत्तम ॥५॥
सबैलाई सबै बास्ना मन पर्दैन लोकमा ।
त्यस्तै सबै धूपहरू हुदैनन् सबलाई नै ॥६॥
षडङ्ग अनि **अष्टाङ्ग, दशाङ्ग, द्वादशाङ्ग** र ।
षेडशाङ्ग धूप हुन्छन् हेरिन्छ रुचि देवको ॥७॥
गोकुल धूप प्यारो छ अति नै श्री गणेशको ।
देवीको सर्ज, शिवको धूलो हो देवदारुको ॥८॥

कृष्णागुरु विष्णुको हो, कपूर सूर्यको प्रिय ।
दशाङ्ग धूप देवी र विष्णुको अति नै प्रिय ॥९॥
गुग्गुलु, अगुरु त्यस्तै कोशीर, मह, सख्खर ।
धूलो श्रीखण्डको घ्यूमा मिसेको धूप उत्तम ॥१०॥
गोकुल धूप, अगुरु, श्रीखण्ड र कपूर यी ।
घिउ मह मिसाएको धूप हो सबको प्रिय ॥११॥
नभए गोकुल धूप कुनै धूप भएपनि ।
दिएमा यसको बास्ना देवता बन्दछन् खुसी ॥१२॥
अथवा घिउ नै मात्र, कपूरै मात्र नै पनि ।
देवताका प्रिय हुन्छन् धूप ता दिनुपर्दछ ॥१३॥
नभएमा धूप कुनै सकिँदैन जुराउन ।
यस्तो अवस्था आएमा मुद्रैले काम चल्दछ ॥१४॥
सुघांउदा धूप बास्ना शुद्ध प्रकृति बन्दछ ।
विशुद्ध वातावरण हुन्छ र दोष हट्‌तछ ॥१५॥
माथि राखी बुढी औंला तल माझी र साहिंली ।
समाती यिनले धूप दिनुपर्दछ भावले ॥१६॥

दीप–दर्शन

अन्नपूर्णा भन्छिन्–

भन्नुभो धूपका भेद, अनि यस्को विशेषता ।
भन्नोस् अब दीप के हो ? यसको के महत्त्व छ ॥१७॥

विद्यानाथ भन्छन्–

पहिलो **घिउको दीप**, **दोश्रो** हो **तील तेलको** ।
सर्स्यूँका तेलको तेश्रो, **तेलको फलबीजका** ॥१८॥
चौथो, **कमल गट्टाका तेलको**, **नवनीतको** ।
सातौं ता **अन्न पेलेर निस्कोका तेलको** पनि ॥१९॥

दीपका भेद छन् सात तेलका भेदले हुने ।
अर्को यस्का भेद पाँच बत्तीका भेदले पनि ।।२०।।
पद्म र **कुशका रेसा पानीका फल**का अनि ।
बयेर फलका त्यस्तै बत्ती हुन्छन् **कपास**का ।।२१।।
सबभन्दा श्रेष्ठ बत्ती **रेसा**को **पद्मका** छ र ।
बत्ती कपासका ज्यादै लोकमा नै प्रसिद्ध छन् ।।२२।।
बत्ती सेता अनि राता मानिन्छन् अति उत्तम ।
पहेंला अथवा काला हुनुहुन्न कसैगरी ।।२३।।
बत्ती कपासको राम्रो नभएको बियां जति ।
अथवा तिनको धागो अथवा कपडा नयाँ ।।२४।।
बत्तीलाई हुन्छ राम्रो सेतो र स्वच्छ सुन्दर ।
च्यातिएको र मैलो ता हुदैहुन्न कसैगरी ।।२५।।
आरती पात्र ता राम्रो सुन, चांदी, फलामको ।
बोक्राको नरिवलका माटाको अरु धातुको ।।२६।।
दीप स्वयं हुन्छ ज्योति त्यो प्रकाश स्वरूप हो ।
देवता हुन् पर ज्योति उन्को रूप प्रकाश हो ।।२७।।
चन्द्र सूर्य र आगोमा जो प्रकाश स्वभाव छ ।
ब्रह्मरूप देवताको प्रकाशरूप हो त्यही ।।२८।।
ज्योतिमा ज्योति देखाई त्यही ज्योति स्वरूप ता ।
आफूमा प्राप्त गर्नु दीपदर्शन हो त्यही ।।२९।।
भित्र बाहिरको दोष अन्धकार स्वरूप छ ।
दीपदर्शनले त्यस्को सबै दोष हटाउंछ ।।३०।।
देवताको त्यो प्रकाश भित्री हृदयमा पनि ।
फैलिएर अन्धकार त्यस्ले नष्ट गराउंछ ।।३१।।

अज्ञान हो अन्धकार त्यो अहङ्कार रूप हो ।
विनाश त्यसले गर्छ परतत्त्व प्रकाशले ।।३२।।
दीपको ज्योति हो ज्ञान अज्ञान नष्ट गर्दछ ।
अन्धकार नष्ट हुन्छ प्रकाश फैलिए पछि ।।३३।।
अहङ्कार नष्ट गर्ने यौटै मात्र उपाय छ ।
त्यो हो आत्मज्ञान–ज्योति दीप त्यस्को प्रतीक हो ।।३४।।
बायां पट्टि धूप राख्नु दीप दक्षिण भागमा ।
दाहिने घिउको बत्ती बायां पट्टि त तेलको ।।३५।।
सेतो बत्ती दाहिने र रातो ता वाम भागमा ।
राखी घण्टा बजाएर दिने बत्ती विधान छ ।।३६।।
घिउ वा तेलको बत्ती मिसाएर कपूर ता ।
देखाएमा उठाएर प्रसन्न देव बन्दछन् ।।३७।।
घिउ तेल मिसाएर बत्ती बाल्नु निषिद्ध छ ।
बोसोले ता हुदैहुन्न अपवित्र छ त्यो अति ।।३८।।
पक्षी उडी घुमे जस्तै घुमाइकन आरति ।
देखाउनु देवलाई उनका सब देहमा ।।३९।।
'सुप्रकाश महादीप अन्धकार हटाउने ।
भित्री र बाहिरी ज्योति बत्ती ग्रहण गर्नुहोस्' ।।४०।।
यो मन्त्र जप्तै द्योताको गर्नुपर्दछ आरति ।
पृथ्वीमा दीप नदिनु कुनै आधारमा दिनु ।।४१।।
बत्तीबाट बाल्नु बत्ती सर्वथा हुन्छ वर्जित ।
निभाउनु हुन्न बत्ती लक्ष्मीले साथ छोड्दछिन् ।।४२।।

नैवेद्य–निवेदन

अन्नपूर्णा भन्छिन्–

गन्ध पुष्प, धूप, दीप यिन्का विषयमा सुनें ।
कस्ता नैवेद्य द्यौताका प्रिय हुन्छन् बताउनोस् ।।४३।।

विद्यानाथ भन्छन्–

लगाई पहिले गन्ध अनि फूल चढाउने ।
सुंघाउने धूप अनि बत्ती देखाउने पछि ।।४४।।
अनि नैवेद्यको पालो यी पांच उपचार हुन् ।
प्रायः सबैले यिनले पूजा सामान्य गर्दछन् ।।४५।।
नैवेद्य देवतालाई पाकेका घिउ दूधमा ।
चढाउनु श्रेष्ठ हुन्छ हुनसक्छन् अरु पनि ।।४६।।
पकाउनै नपर्ने जो आगोमा फलफूल छन् ।
नैवेद्य ती पनि हुन्छन् स्वतः प्रकृति–प्राप्त हुन् ।।४७।।
आफैलाई रुचि लाग्ने स्वदिष्ट र पवित्र जो ।
हुनसक्छ त्यही वस्तु नैवेद्य बन्न सक्तछ ।।४८।।
द्यौताका दाहिने पट्टि, अगाडि अथवा रहोस् ।
देब्रे पट्टि, पछाडी वा नैवेद्य नरहोस् कतै ।।४९।।
अथवा जो नपाकेको अन्न नैवेद्य छ भने ।
दायाँ राख्नु देवताको, पाकेको वाम भागमा ।।५०।।
सुन, चांदी र तामाका, ढुङ्गाका, पात्रमा अनि ।
केराका वा कमलका पातमा यज्ञ–काठमा ।।५१।।
नभएमा कुनै पात्र आफ्नै अंजुलिमा पनि ।
नैवेद्य ता चढाइन्छ विना आधार हुन्न यो ।।५२।।
कुनै ती पात्रमा राखी संस्कार मन्त्रले गरी ।
मुद्रा अमृत देखाई नैवेद्य दिनुपर्दछ ।।५३।।

प्राण, अपान र **व्यान, उदान** र **समान** यी ।
पांच यी **गाँस मुद्रा** हुन् देखाई यी खुवाउनु ।।५४।।

धूप, दीप, नैवेद्य समर्पण मुद्रा

अन्नपूर्णा भन्छिन्–

धूप, दीप र नैवेद्य दिने मुद्रा बताउनोस् ।
बनाउने तिनी मुद्रा कसरी हो ? सिकाउनोस् ।।५५।।

विद्यानाथ भन्छन्–

बूढी–कान्छी दुई औंला जोड्ने हो धूप–मुद्रिका ।
माँझी र साहिंली औंला यिनका बीच पर्वमा ।।५६।।
बूढी औंला स्पर्श गर्दा मुद्रिका–दीप बन्दछ ।
हतकेला दुबै जोडी औंला चोर र मांझका ।।५७।।
कान्छी र साहिंली औंला जोडेमा दुइ हातका ।
बन्छ अमृतको मुद्रा यस्ले नैवेद्य चढ्दछ ।।५८।।
बूढी, कान्छी साहिंलीले बन्दछ प्राण–मुद्रिका ।
बूढी, माझी, तर्जनीले अपान बन्छ मुद्रिका ।।५९।।
बूढी, माझी, साहिलीले मुद्रा बन्दछ व्यान र ।
कान्छी औंला विना चार जोडे उदान बन्दछ ।।६०।।
सबै औंला मिलाएमा समान बन्छ मुद्रिका ।
पांच हुन् ती गाँस मुद्रा देखाइन्छन् खुवाउंदा ।।६१।।
खानु खुवाउनु यी ता यज्ञमा होम गर्नु हो ।
'स्वाहा' शब्द लगाएको यहाँ यो मन्त्र बन्दछ ।।६२।।
कुनै अरु तन्त्रमा ता ही मुद्रा अलि भिन्न छन् ।
तिमीले प्रश्न यो सोध्यौ भन्दछु ध्यानले सुन ।।६३।।
बूढीले चोर औंलामा छोएमा धूप–मुद्रिका ।
बूढी माझी साहिंलीका स्पर्शले दीप–मुद्रिका ।।६४।।

बुढीले साहिंली मात्रै छोए नैवेद्य मुद्रिका ।
यो अर्को मत हो हेर दुबै यी उपदेश छन् ।।६५।।
'नैवेद्य यो तिमीलाई तत्त्व अमृत–रूप जो ।
चढाउंछु तृप्त होऊ प्रसन्न बन सर्वदा' ।।६६।।
यति भनी जल चीसो द्यौतालाई चढाउनु ।
संझेर तृप्त उन्लाई त्यसैबाट अलिकति ।।६७।।
झिकी निर्माल्य खाने त्यो द्यौतालाई चढाउनु ।
आफैले त्यस्पछि केही अन्तमा लिनुपर्दछ ।।६८।।
नैवेद्य देवतालाई चढाएपछि त्यो स्वयम् ।
प्रसाद नलिए उन्को अपमान ठहर्छ त्यो ।।६९।।
छुट्टाछुट्टै देवताका नैवेद्य पनि भिन्न छन् ।
चढाउंदा त्यो नैवेद्य विचार गर्नुपर्दछ ।।७०।।
नैवेद्यका तीन भेद **सात्विकी** अनि **राजसी** ।
तमोगुणी हुने गर्छन् अवस्था भेदले पनि ।।७१।।
उपासक पनि त्यस्तै जस्को जो अधिकार छ ।
नैवेद्य देवतालाई चढाए हुन्छ उत्तम ।।७२।।
पशु, वीर, दिव्य–भाव पूजा छ जुन भावको ।
हुनुपर्दछ नैवेद्य भावका अनुसारको ।।७३।।

उपचार समर्पण विधि

अन्नपूर्णा भन्छिन्–

पञ्चोपचारः पूजाका उपचारहरू सबै ।
तिन्का स्वरूप र गुण, वैशिष्ट्य पनि भन्नुभो ।।७४।।
उपचारहरू सोह्र, दश छन् जो अरु पनि ।
तिन्का स्वरूप र गुण सुन्न चाहन्छु भन्नुहोस् ।।७५।।

विद्यानाथ भन्छन्–

उपचारहरू के हुन् कति छन् मुख्य मुख्यका ।
नाम संख्या भनेकै हुं स्वरूप तिनका सुन ।।७६।।
तर संक्षेपमा भन्छु उपचार अनेक छन् ।
विस्तार सब यो गर्दा ग्रन्थको भार बढ्दछ ।।७७।।
उपचार सोन्हमा ता पहिलो **पाद्य** पर्दछ ।
त्यो हो पाउ छुने काम द्यौताका पाउमा दिने ।।७८।।
'चढाउंछु म यो पाद्य' भन्दै शुद्ध दिनु जल ।
आफ्नो, बायां अर्घ्य थाप्नु त्यसका जलमा अनि ।।७९।।
गन्ध, पुष्प, जौ र तिल, अक्षता, पञ्च अमृत ।
दूबो, सर्स्यूं र अमला फल राखेर मन्त्रनु ।।८०।।
यस्मा गङ्गा र यमुना, गोदावरी, सरस्वती ।
नर्मदा, सिन्धु, काबेरी बोलाई राख्नु सुस्थिर ।।८१।।
अग्नि, सूर्य, चन्द्रमाका तीन मण्डललाई र ।
अर्घ्यका छ अङ्गलाई लज्जा षड्दीर्घ बीजले ।।८२।।
पूजा गरी तीन मुद्रा मत्स्य, धेनु र योनि यी ।
देखाउनु तीन मुद्रा त्यस्ले यो पूर्ण बन्दछ ।।८३।।
बायां हात पसारेर घोप्ट्याई त्यसमाथि नै ।
दायां राखी बुढी औंला चलाए मत्स्य मुद्रिका ।।८४।।
बन्छ, अमृत मुद्रा ता यस्भन्दा पहिले भनें ।
दुइटै चोर औंलाले पक्रेर साहिंली दुबै ।।८५।।
माझका दुइटै औंला जोड्नु तीन कुने गरी ।
त्यस्का मुनि बुढी औंला जोड्नु फेरि त्यसै गरी ।।८६।।
योनि मुद्रा बन्छ यिनले अर्घ्यको पात्र मन्त्रनु ।
दाहिने पट्टि ता आफ्नो **शङ्ख पात्र** त्यसैगरी ।।८७।।

राखी अर्घ्य पात्र जस्तै मन्त्रने विधि हो त्यही ।
शङ्खका मूलमा ब्राह्मी, लक्ष्मी ता जलमा त्यही ।।८८।।
टुप्पामा संभ्रुनु रौद्री शङ्खको यो विशेष हो ।
पूजाका लागि चाहिन्छन् यी दुबै पात्रका जल ।।८९।।
'स्वाहा' यो मन्त्र जप्तै द्योताका शिरमा जल ।
अर्घ्य र शङ्खको नित्य पूजा गर्दा चढाउनु ।।९०।।
'नमः' यो मन्त्रले पाद्य **'स्वाहा'** ले अर्घ्य ता दिनु ।
'स्वधा' ले ता आचमन दिनु पर्ने विधान हो ।।९१।।
स्नान, वस्त्र, अलंकार **'नमः'** यो मन्त्रले दिनु ।
'नमः'– ले नै गन्ध दिनु **'बौषट्'**– ले दिनु फूल ता ।।९२।।
'निवेदन गर्छु' भनी सबै अरु चढाउनु ।
'चढाउंछु म नैवेद्य **'नमः स्वाहा'** भनेर नै ।।९३।।
देवतालाई नैवेद्य उन्का सामु चढाउनु ।
त्यस्कै पछि आचमन पर्छ फेरि चढाउनु ।।९४।।
अलैंची र पानबीरा चढाई गर्नु तर्पण ।
अनि स्तोत्रपाठ गर्दै वन्दना गर्नुपर्दछ ।।९५।।
गोडा, हात, घुंडाले र आंखाले, शिर, छातिले ।
वाणीले र मनले बन्दना हुन्छ आठले ।।९६।।
पृथिवीमा परी घोप्टो साष्टाङ्ग दण्डवत्. गरी ।
'वन्दना देवको गर्दा सबै बन्धन छुट्तछन् ।।९७।।
प्रणाम लिङ्ग–मुद्राले शिवको गर्नुपर्दछ ।
शक्तिको योनि–मुद्राले गर्नुपर्दछ वन्दना ।।९८।।
अमृत, लिङ्ग र योनि देखाई तीन मुद्रिका ।
शिवशक्ति भैरवको गरिन्छ नित्य वन्दना ।।९९।।

देवीको योनि मुद्राले गर्दा दर्शन नित्यशः ।
पहिले तल फर्काई पुनः छुनु निधारमा ॥१००॥
नदेखाई योनि-मुद्रा तन्त्र दीक्षितले भने ।
वन्दना शक्तिको गर्नु हुन्न यो बुझ्नुपर्दछ ॥१०१॥
कवच, हृदय, स्तोत्र, माहात्म्य, सय नाम र ।
सहस्रनामको पाठ श्रद्धाले गर्नुपर्दछ ॥१०२॥
यिनी पाठहरू गर्दा आदि र अन्त्यमा पनि ।
प्राणायाम, न्यास, ध्यान जप गर्ने विधान छ ॥१०३॥
पूजा गर्नु अगाडि र पछाडि पनि सर्वदा ।
यथाशक्ति जप गरी गर्नुपर्छ समर्पण ॥१०४॥
द्यौताका हातमा वायां जप गर्नु समर्पण ।
अनि मात्र अर्चनाको पूर्णता हुन सक्तछ ॥१०५॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा धूप, दीप, नैवेद्यादिसमर्पण–विधि नामक उनन्चालीसौं अक्ष–ब सकियो ।

चालीसौं अक्ष - भ

नैमित्तिकी (पर्व) अर्चना

नैमित्तिकी अर्चना भेद र विधि

अन्नपूर्णा भन्छिन्-

नित्य पूजा विषयमा धेरै चर्चा भयो अब ।
नैमित्तिकी अर्चनाको अब वर्णन गर्नुहोस् ॥१॥

विद्यानाथ भन्छन्-

नैमित्तिकी अर्चना हो विशेष पर्वमा हुने ।
विशिष्ट फल छन् यस्का देवता बन्दछन् खुसी ॥२॥
बैशाखको शुरुदेखि चैत्रका अन्तसम्म नै ।
धेरै पर्वहरू हुन्छन् गरिन्छन् देव-पूजन ॥३॥
पर्वका भेदले भिन्न प्रकार हुन सक्तछन् ।
पूजाका, अनि सामग्री विधान पनि भिन्न छन् ॥४॥
केही नैमित्तिकी पूजा तिन्का जो उपचार छन् ।
तिन्को चर्चा गर्छु अब, तर संक्षेपले सुन ॥५॥
गएमा मेषमा सूर्य वैशाख मासमा अनि ।
देवतालाई अमला गर्नुपर्छ समर्पण ॥६॥
चढाउनाले अमला अथवा दानले पनि ।
दश अश्वमेध यज्ञ गरेको फल मिल्दछ ॥७॥
महाविषुव संक्रान्ति बैशाख मासमा घडा ।
छाता, जुत्ता दान गर्नु हुन्छिन् काली खुसी सदा ॥८॥
त्यस्तै तृतीया अक्षय दानको शुभकाल हो ।
चांदी र सुन, तामाका, माटाका वा घडा भरी ॥९॥

त्यो दिन जलको दान गर्नु नै सुनदान हो ।
हुन्छ ठूलो फल यस्को यो ता अक्षय बन्दछ ॥१०॥
जेठका महिनामा त पाकेका अन्नदानले ।
कटहर चढाएर महिनामा असारको ॥११॥
महिनामा श्रावणको परमान्न प्रदानले ।
पीठोले भाद्र–पदमा हुन्छ पूजन देवको ॥१२॥
आश्विन महिनामा ता मनाई शारदोत्सव ।
नौ रातको शक्तिपूजा यो हुन्छ अति उत्तम ॥१३॥
यो पूजा हो महापूजा दुर्गोत्सव भनिन्छ यो ।
नित्य, नैमित्तिक, काम्य यो हो तीनै प्रकारको ॥१४॥
लक्ष्मीपूजा आश्विनैमा गरिन्छ नसुती बसी ।
यो पूजा हो कोजाग्रत यो छ अत्यन्त जाग्रत ॥१५॥
पूजा कार्तिकमा हुन्छ चढाई शीत वस्त्रले ।
नयां न्वांगी चढाएर मार्गमा हुन्छ पूजन ॥१६॥
पूषमा अर्चना हुन्छ चढाई मूंग नूतन ।
माघमा र फागुनमा दूधले घिउले पनि ॥१७॥
दहीले चैतमा पूजा सब दुःख हटाउंछ ।
यसरी वर्षभरिको पूजाले कष्ट हट्तछ ॥१८॥
आफूलाई प्रिय लाग्ने जे जे छ लोकमा सबै ।
चढाई देवतालाई गर्नुपर्दछ अर्चना ॥१९॥
यसरी वर्षभरि नै गर्नाले देव–पूजन ।
सबै इष्ट सिद्ध हुन्छन् बाधा र विघ्न हट्तछन् ॥२०॥
शक्ति प्रादुर्भाव हुन्छ ऐश्वर्य बढ्दछ सदा ।
सबै कार्य सिद्ध हुन्छन् देवता दाहिने भई ॥२१॥

देवीका सोऱ्ह यात्रा छन् यिनले भवबन्धन ।
छिनाल्छन् नैमित्तिकी यी पूजा हुन् वर्षमा हुने ।।२२।।
यही हो षोडशी यात्रा देवीको पुण्य अर्चना ।
जसले यो पूर्ण गर्छ उनको पाउंछ कृपा ।।२३।।
वर्षका बाऱ्ह औंसी छन् तिन्मा जो गर्छ पूजन ।
त्यस्ले मोक्ष प्राप्त गर्छ यसमा छैन संशय ।।२४।।
कुलबाट कुलतिथि यिन्मा पूजन रातमा ।
गर्दा देवी खुसी हुन्छिन् चाहना पूर्ण गर्दछिन् ।।२५।।

कुलवार, कुलतिथि र सोऱ्हयात्रा

अन्नपूर्णा भन्छिन्–

कुलबार कुलतिथि कुन हुन् भन्नुहोस् अब ।
विधान सोऱ्ह यात्रा को अब वर्णन गर्नुहोस् ।।२६।।

विद्यानाथ भन्छन्–

कुलबार भनी जान **शनि, मङ्गलबार** यी ।
चतुर्दशी, अष्टमी र **अमावास्या** र **पूर्णिमा** ।।२७।।
नवमी यी पांच तिथि यिनै हुन् कौलिकी तिथि ।
परे संक्रान्ति तिनमा योग नै बन्दछ महान् ।।२८।।
बैशाखमा मञ्चयात्रा पूर्णिमा तिथिमा भने ।
देवीका प्रतिमा राखी मञ्चमा गर्नु पूजन ।।२९।।
दिव्योपचारले पूजा गरी होम, दिई बलि ।
कुमारी पूजन गरे देवी हुन्छिन् सदा खुसी ।।३०।।
जेठमा ता महास्नान यात्राले हुन्छ पूजन ।
एक सय आठ घडा भरेर तीर्थको जल ।।३१।।
देवीको तिनले स्नान गराई गर्नु पूजन ।
धूप, दीप, बलि, होम सबै दिव्योपचारले ।।३२।।

देवीलाई खुसी पार्नु कुमारी गरी पूजन ।
पूजा संपन्न गर्नाले चाहेको सिद्धि मिल्दछ ।।३३।।
असारमा तीन दिन देवीको हुन्छ पूजन ।
उन्लाई गुप्त कोठामा राख्नु ढाकेर वस्त्रले ।।३४।।
आधा रात हुंदा उन्को पूजा पञ्चोपचारले ।
विधानले गर्नुपर्छ, द्वितीया शुक्ल पक्षमा ।।३५।।
देवीको रथमा यात्रा गराई नाच गीतले ।
पूजाका घरमा ल्याई होमादि बलिले पुनः ।।३६।।
पूजा गरी कुमारी र स्त्री ब्राह्मण आदिको ।
विधानले गरे पूजा देवी सन्तुष्ट बन्दछिन् ।।३७।।
पुनः श्रावणमा डुङ्गा सिंगारी ध्वजपुष्पले ।
देवतालाई त्यसमा राखी यात्रा गराउनु ।।३८।।
पूजाका घरमा ल्याई तिनको गर्नु अर्चना ।
यस्ले देवी तुरुन्तै नै खुसी भै नाच्न थाल्दछिन् ।।३९।।
त्रयोदशी भाद्रदेखि औंसी वा पूर्णिमातक ।
क्रिया धूननको अर्थात् गर्नुपर्दछ कम्पन ।।४०।।
धेरै किसिमका वस्तु कुमारी, स्त्री र ब्राह्मण ।
यिनलाई दिई पूजा देवीको अर्चना गरे ।।४१।।
देवी कृपाले मनका अभिलाषाहरू सबै ।
पूर्ण हुन्छन् भनी तन्त्र वामकेश्वर भन्दछ ।।४२।।
आश्विनका मासमा त दुर्गाको हुन्छ उत्सव ।
प्रतिपत् देखि नवमीसम्म नौ दिन शक्तिको ।।४३।।
विशिष्ट अर्चना हुन्छ महापूजा भनिन्छ यो ।
सप्तमी देखि नवमी यी तीन दिनसम्म नै ।।४४।।
अथवा नवमी एक दिनमा नै भए पनि ।
वेद, पुराण वा तन्त्र यिनका शक्ति–मन्त्रले ।।४५।।

आराधना गरी पूजा विशिष्ट विधिले गरे ।
शक्ति ऐश्वर्य र विद्या दिन्छिन् देवी खुसी भई ।।४६।।
दुर्गा उत्सवमा खास पूजाका अङ्गरूपले ।
बलिदान मुख्य हुन्छ कुमारी अर्चना पनि ।।४७।।
यिनमा शक्तिका मूर्ति, सबै तान्त्रिक देवता ।
शक्तिका स्रोत सबको हुन्छ पूजा उपासना ।।४८।।
असोजकै पूर्णिमामा लक्ष्मीको हुन्छ अर्चना ।
राती बसेर जाग्राम लक्ष्मीको साधना गरे ।।४९।।
सुप्रसन्न भई लक्ष्मी सुख ऐश्वर्य छर्दछिन् ।
यस्मा जल नरिवल अक्षक्रीडा प्रधान छ ।।५०।।
औंसीमा कार्तिकको दीपयात्रा प्रसिद्ध छ ।
देवीको अर्चना गर्ने घरमा दीप दीपले ।।५१।।
प्रकाशित गरी पूजा देवीको गर्नुपर्दछ ।
घृतदीप छैन भने तेलको हुन सक्तछ ।।५२।।
रातमा ता त्यसदिन अन्धकार कुनै कुना ।
घरको राख्नु हुन्न त्यस्ले ऐश्वर्य बढ्दछ ।।५३।।
मार्गका महिनामा त पूजा गर्नु नवान्नले ।
भित्र्याएको नयां अन्न समर्पण गरेपछि ।।५४।।
अनिमात्र स्वयं भोग गर्नुपर्ने विधान हो ।
मत्स्य, मांस, पायस र दहि, दूध, घिउ, मह ।।५५।।
दाल, साग, मिठाई र तिलको लड्डु, चामल ।
मीठो बस्तु नरिवल सबै नै यी नयाँ नयाँ ।।५६।।
देवीलाई चढाएर परिवार सबै भई ।
प्रसाद खाने विधिले सधैं नै सुख मिल्दछ ।।५७।।
पूसमा ता नयां वस्त्र, गहना, अङ्गराग र ।
श्रृङ्गारका वस्तुहरू देवीलाई चढाउनु ।।५८।।

चतुर्दशी कृष्ण पक्ष माघका दिनमा भने ।
जानी नजानी जो पाप भएका छन् स्वयं पनि ।।५९।।
तिनको नाश गर्नाका लागि नै हुन्छ प्रार्थना ।
देवीलाई खुसी पारे भएर उनकै कृपा ।।६०।।
सारा पाप नष्ट हुन्छन् मोक्षको मार्ग खुल्दछ ।
अन्न वस्त्र धन–धान्य गरिन्छन् दान माघमा ।।६१।।
पूर्णिमामा फागुनको बनाई मञ्च सुन्दर ।
देवीलाई आसनमा राखेर दिव्य वस्तुले ।।६२।।
देवीको अर्चना गर्नु परिवार सबै भई ।
नाच गीत गरी उन्को बढाउनु प्रसन्नता ।।६३।।
काली भगवती यस्ले खुसी अत्यन्त बन्दछिन् ।
यसले सुख सन्तुष्टि सबैको हुन्छ लोकमा ।।६४।।
चतुर्दशी चैत्रकृष्ण यसमा शक्तिपूजन ।
ल्याएर नौवटी कन्या वस्त्र–भूषण सुन्दर ।।६५।।
दिई पूजा गरी राम्रो दूतीयाग विधानले ।
रातमा, होम र बलि, दिएर गर्नु अर्चना ।।६६।।
कुलपूजा यही नै हो दूतीयाग भनिन्छ यो ।
रहस्य पूजा अति नै मानिन्छ गोपनीय यो ।।६७।।
पूर्णिमामा रासयात्रा देवीको अर्धरातमा ।
मानेर दम्पतिलाई स्वयं भैरव–भैरवी ।।६८।।
पारी हृदय आनन्द नाच गान गरी सबै ।
देवीलाई खुसी पार्नु यसले सिद्धि मिल्दछ ।।६९।।
संवित् नैवेद्य यसमा चढाइन्छ शिवाबलि ।
गरिन्छ, यसले मोक्ष हातकै वस्तु बन्दछ ।।७०।।
महाकालसंगै यस्मा कालीको हुन्छ अर्चना ।
यसमा अर्चना गर्ने दम्पति हुनु पर्दछ ।।७१।।

उपचार सबै यस्मा कुल आचारमा रही ।
चढाउने व्यवस्था छ कुलपूजा भनिन्छ यो ॥७२॥
हुँदैन गर्न यो पूजा पशु आचारमा बसी ।
वीर आचारले हुन्छ अथवा दिव्यले पनि ॥७३॥
यसरी बर्ष भरिनै गरेमा देव अर्चना ।
अभिलाषा पूर्ण हुन्छ गर्नु पर्दैन संशय ॥७४॥
अष्टसिद्धि सदा हुन्छन् वशमा यसलोकमा ।
देवीका पदको प्राप्ति हुनेछ परलोकमा ॥७५॥

कुलपूजा, कुलपूजाधिकारी

अन्नपूर्णा भन्छिन्

कुल पूजा गर्नुपर्छ भनिन्छ तन्त्र शास्त्रमा ।
कुल के हो ? र यो पूजा कसरी हुन सक्तछ ? ॥७६॥
कुल पूजा गर्न सक्ने अधिकारीहरू पनि ।
भनिन्छन् कौलिक तिनी कस्ता हुन्छन् ? बताउनोस् ॥७७॥

विद्यानाथ भन्छन्–

गम्भीर प्रश्न यो सोध्यौ यस्को उत्तर गोप्य छ ।
गुरुले मात्र यसको रहस्य भन्न सक्तछन् ॥७८॥
जो आफैं छ कुल गुरु, जो ता छ कुल–दीक्षित ।
त्यसले मात्र यसको दिन सक्तछ उत्तर ॥७९॥
सुन्ने शिष्य पनि त्यस्तै अधिकारी सुदीक्षित ।
भए पछि मात्र यस्को रहस्य जान्न सक्तछ ॥८०॥
बाहिरी दृष्टिले हेर्दा यस्का जो छन् सबै क्रिया ।
व्यवहार विरोधी हुन् भन्ने लाग्दछ यो तर ॥८१॥
यस्को रहस्य संपूर्ण जान्न त्यो तहमा स्वयम् ।
पुग्नुपर्दछ र यस्को प्रतीक बुझ्नु पर्दछ ॥८२॥

सर्वसाधारण जन सबैमा गोप्य हुन्छ यो ।
आफैं भित्र पसी त्यस्मा डुब्नेले बुझ्न सक्तछ ।।८३।।
तैपनि प्रश्न यो सोध्यौ भन्छु संक्षेपमा सुन ।
केही प्रच्छन्न राखेर मर्यादा राख्तछु यहाँ ।।८४।।
सबै कुरा स्पष्ट बुझ्न आफैं नै साधना गर ।
अधिकारी बन अनि रहस्य खुल्दछ स्वयम् ।।८५।।
वेद, वैष्णव र शैव, दक्षिण अनि वाम र ।
सिद्धान्त, कौल आचार यिनमा श्रेष्ठ **कौल** हो ।।८६।।
वैदिक धर्म भन्दा ता वैष्णव धर्म श्रेष्ठ हो ।
त्यसभन्दा शैव श्रेष्ठ, त्यस्भन्दा अनि दक्षिण ।।८७।।
त्यसभन्दा पनि श्रेष्ठ वाम धर्म भनिन्छ जो ।
वामभन्दा श्रेष्ठ धर्म सिद्धान्त–धर्म त्यस्पछि ।।८८।।
सबैभन्दा श्रेष्ठ धर्म कौल हो भन्छ तन्त्रले ।
कौलभन्दा श्रेष्ठ भने छैन, त्यो परधर्म हो ।।८९।।
वेद आगमको सिन्धु मथेर शिवबाट नै ।
नौनीका रूपमा कौल धर्मको उपदेश भो ।।९०।।
सोभ्का, बाङ्गा, ठूला, साना सबै खोला नदीहरू ।
एक आपसमा मिल्दै समुद्रसंग मिल्दछन् ।।९१।।
त्यस्तै सबै धर्महरू मिल्छन् ती कुल धर्ममा ।
त्यस्तै नै **कुल यो श्रेष्ठ धर्म हो** भन्दछन् शिव ।।९२।।
कुल ता योग हो साक्षात् योगैका लागि भोग हो ।
भोगबाट योगद्वारा दिने मोक्ष कुलै त हो ।।९३।।
धेरै पुण्य गरे मात्र त्यस्कै पुण्य प्रभावले ।
कौल धर्मप्राप्त हुन्छ गुरु पाएर कौलिक ।।९४।।
खड्गका धारमा हिंड्नु बाघको दांत पक्रनु ।
यो जस्तै सजिलो हुन्न रहनु कुलधर्ममा ।।९५।।

माहात्म्य कुलको ठूलो वर्णनै गर्न सक्तिन ।
शिव नै स्रोत हुन् यस्का कुलका गुरु हुन् उनै ।।९६।।

कुल, अकुल, कुलाकुल

अन्नपूर्णा भन्छिन्–

यो ता माहात्म्य भो यस्को अति गोप्य छ यो बुझें ।
कुल के हो यो त भन्नोस्, उत्कण्ठा तीव्र भो अब ।।९७।।

विद्यानाथ भन्छन्–

कुल शक्ति स्वयं साक्षात् अकुल शिव नै स्वयम् ।
कुलाकुल मिली बन्ने कुल ता शिवशक्ति हुन् ।।९८।।

आफैं शिव शक्तियुक्त बनी त्यस्मै रही स्थिर ।
विश्वको भोग सामग्री योगका रूपमा लिई ।।९९।।
भोगबाटै योगद्धारा मोक्षका बिन्दुमा पुगी ।
परमानन्दमा पुग्नु यही हो कुल पूजन ।।१००।।
पशु दीक्षा लिएरै नै रहेर पशुभावमा ।
साधना भक्तिले गर्दै पुग्नुपर्दछ योगमा ।।१०१।।
अनि मिल्छ वीरभाव वीर आचार खुल्दछ ।
त्यसमा देवता–भाव आफैंमा खुल्न थाल्दछ ।।१०२।।
त्यहाँ यो विश्वको भोग योगकै रूपमा लिई ।
साधना योगको गर्ने मार्गमा बढ्नुपर्दछ ।।१०३।।
बिस्तारै योग यो सिद्ध हुँदै जान्छ र साधक ।
योगी बन्दछ त्यो दिव्य–भोग नै योग बन्दछ ।।१०४।।
यो हो दिव्य–भाव श्रेष्ठ त्यस्मा जो स्थित बन्दछ ।
त्यसको भोग नै योग मोक्षको हेतु बन्दछ ।।१०५।।
त्यही योगी कौलिक हो त्यसका सब कर्म नै ।
धर्म बन्छन् देवताका पूजा साधन बन्दछन् ।।१०६।।

पशुसाधकको भाव रहन्छ नित्य अस्थिर ।
भोगले उसको भाव बन्न सक्तछ विकृत ॥१०७॥
उसैलाई मुक्त भोग हुन्छ यो प्रतिबन्धक ।
यसैले पशुका लागि योग सोपान बन्दछ ॥१०८॥
पशु सोपानमा हुन्छ वीरको मार्ग खोज्दछ ।
वीरका तहमा देव–भावको लक्ष्य पाउंछ ॥१०९॥
त्यो पनि साधनाकै नै तह हो तर उच्च हो ।
योगारूढ हुने सींढी त्यही नै वीर–भाव हो ॥११०॥
विश्वका भोगलाई नै योगका रूपमा लिने ।
यो तह साधनाको हो बन्नु पर्छ यहीं स्थिर ॥१११॥
दिव्यता प्राप्तिको मार्ग यहीं खुल्दछ भावको ।
यही नै तह हो उच्च योगको कुलधर्मको ॥११२॥
यौटा कौलिककले आफ्नो आत्मा नै शिव ठान्दछ ।
आफ्ना शक्ति सबै शक्ति शिवकै सब मान्दछ ॥११३॥
ती विश्वका भोग सबै योग–साधन बन्दछन् ।
सबै नै भोग–रचना पूजा–साधन बन्दछन् ॥११४॥
त्यस्ले भोग गर्छ सबै हुंदैन मन विकृत ।
मकार–पञ्चक पनि बन्दछन् सब अमृत ॥११५॥
यो ता हुन्छ यो हुंदैन भन्ने विधि निषेध यी ।
अभ्यासका भाव हुन् ती माथि उठ्तछ कौलिक ॥११६॥
समाजका भेद भाव नमानेपनि ऊ सदा ।
हुंदैनन् उसका कर्म लोकमा ती विगर्हित ॥११७॥

पवित्रारोहणादि नैमित्तिक पूजा

अन्नपूर्णा भन्छिन्–

कुलबाट कुलपूजा यिनमा अर्चना हुने ।
नैमित्तिकी, काम्यपूजा, सोन्ह यात्रा सबै सुनें ।।११८।।
अरु नैमित्तिकी पूजा पवित्रारोहणादि छन् ।
तिनको वर्णन पनि गर्नोस् संक्षेपमा पुनः ।।११९।।

विद्यानाथ भन्छन्–

यज्ञोपवीतलाई नै पवित्र पनि भन्दछन् ।
पवित्रारोहणविधि जनै नै हो चढाउने ।।१२०।।
श्रावणको शुक्ल पक्ष द्वादशी तिथिमा यही ।
पवित्रारोहण हुन्छ यो हो उत्सव देवको ।।१२१।।
पूजा नै वर्ष भरिको यस्ले सफल पार्दछ ।
नत्र निष्फल नै हुन्छ यो विना सब पूजन ।।१२२।।
पूजा पवित्र पारेर छिनाल्छ भवबन्धन ।
रक्षा साधकको गर्छ यसैले यो पवित्र हो ।।१२३।।
पवित्रका तीन सूत्र ब्रह्मा, विष्णु, महेश्वर ।
ऋक् यजुः सामवेद अ, उ, म प्रणवै त हो ।।१२४।।
सुन चांदी र तामाका रेशम, पद्मका अनि ।
कपासका वा धागाका अथवा कुशका पनि ।।१२५।।
राम्रो पवित्र यो बन्छ गर्नुपर्दछ मन्त्रित ।
पहिले विधिले यस्को गरिन्छ अधिवासन ।।१२६।।
यसको र देवताको गरी पूजा विधानले ।
हुन्छ आरोहण अनि प्रसन्न देव बन्दछन् ।।१२७।।
पवित्रारोहणतिथि देवताका प्रभेदले ।
भिन्न भिन्न हुने गर्छन् त्यस्तै नै विधि भिन्न छन् ।।१२८।।

त्यस्तै मन्त्रहरू बेग्लै पवित्र मन्त्र नै पनि ।
बेग्लै छन् शास्त्र विधिले यस्को हुन्छ समर्पण ।।१२९।।
यसको मुख्य फल हो संवत्सरभरी हुने ।
पूजा सफल पार्नु नै, विधि छन् तन्त्रमा सबै ।।१३०।।
चैत्र शुक्ल द्वादशी र त्यस्तै फागुनको पनि ।
एकादशीमा दमन हुन्छ उत्सव उत्तम ।।१३१।।
अशोकमा कामदेव रतीको हुन्छ पूजन ।
त्यसको अर्पण गरे कामना सिद्ध बन्दछ ।।१३२।।
यस्तै नैमित्तिकी पूजा विभिन्न पर्वमा हुने ।
धेरै छन्, तिनका पूर्ण तन्त्रमा छन् सबै विधि ।।१३३।।
सुखरात्री, मोहरात्री, महारात्री र **दारुणा** ।
रात्री र **कालरात्री**मा हुने छन् भिन्न पूजन ।।१३४।।
सूर्य र चन्द्रका त्यस्तै हुने ग्रहण कालमा ।
हुन्छन् नैमित्तिकी पूजा विशिष्टफलदायिनी ।।१३५।।
केही नैमित्तिकी पूजा हुन्छन् नित्य र काम्य ती ।
गर्नै पर्ने हुँदा नित्य, गरेमा कामनाहरू ।।१३६।।
पूर्ण गर्ने हुँदा काम्य विशेष पर्वमा हुने ।
हुँदा नैमित्तिकी, यिन्ले पूजा पूर्ण बनाउंछन् ।।१३७।।
जस्ले दीक्षा लिएको छ तन्त्रको त्यसले सबै ।
तन्त्रोक्त विधिले गर्छ अर्चना इष्ट देवको ।।१३८।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा कुलपूजा र नैमित्तिकी पूजा नामक चालीसौं अक्ष–भ सकियो ।

एकचालीसौं अक्ष - म
दुर्गोत्सव

दुर्गोत्सव–माहात्म्य र विधान

अन्नपूर्णा भन्छिन्–

नित्य, नैमित्तिक, काम्य हो दुर्गोत्सव भन्नुभो ।
यस्को संक्षेपमा मात्र चर्चा भो तर यो त्यति ।।१।।
भएन स्पष्ट दुर्गाको कसरी हुन्छ उत्सव ? ।
महत्त्व यसको के हो ? विधान पनि भन्नुहोस् ।।२।।

विद्यानाथ भन्छन्–

शरत्कालिक यो पूजा **दुर्गोत्सव** प्रसिद्ध छ ।
आश्विनको शुक्ल पक्ष यसमा हुन्छ उत्सव ।।३।।
यो पूजा नित्य हो, त्यो ता गर्नै पर्दछ वर्षमा ।
नैमित्तिक पनी हो यो शरत्कालिक पर्व हो ।।४।।
काम्य हो यसले इच्छा मनको पूर्ण गर्दछ ।
यो पूजा हो महापूजा योसरी छैन अर्चना ।।५।।
यसका छन् तीन कल्प रम्भा हो पहिलो सुन ।
यसमा सोन्ह दिनको गरिन्छ दिव्य पूजन ।।६।।
आश्विन कृष्ण नवमी तिथिमा हुन्छ यो शुरु ।
आश्विन शुक्ल नवमीसम्म हुन्छ प्रपूजन ।।७।।
अर्को कल्प भद्रकाली यस्मा नौ दिनसम्म यो ।
प्रतिपत् देखि नवमीसम्म आश्विन शुक्लमा ।।८।।
दुर्गाको अर्चना हुन्छ ठूलो विधि–विधानले ।
नौ रातसम्मको पूजा हुने यो नवरात्र हो ।।९।।

अर्को तेश्रो कल्प हुन्छ नीललोहित नामको ।
सप्तमी देखि नवमीसम्म नै हुन्छ अर्चना ।।१०।।
नौ दिनसम्मको पूजा यिन्का आधार भिन्न छन् ।
आधार नौ वटा नै छन् म भन्छु राम्ररी सुन ।।११।।
दुर्गाको अर्चना गर्नु पहिलो दिन कुम्भमा ।
दोश्रो दिन पुस्तकमा तेश्रोमा खड्गमा अनि ।।१२।।
चौथो दिन कांगियोमा पांचौमा सूर्य विम्बमा ।
छैठौंमा बेलको फेद रुखमा अनि पातमा ।।१३।।
सातौंमा, प्रतिमामा ता आठौं र दिनमा नवौं ।
दशौं दिन गर्नुपर्छ देवताको विसर्जन ।।१४।।
यो हो तर प्रतिपदा कुम्भ मै पहिल्यै दिन ।
दुर्गा आवाहन गरी नौ दिनै त्यसमै सबै ।।१५।।
उनको अर्चना गर्ने शास्त्रीय विधिले सधैं ।
निर्देश शास्त्रले दिन्छ यस्तै नै छ परम्परा ।।१६।।
शारदीय महापूजा यसका चार कर्म छन् ।
स्नान, पूजा, बलिदान, होम हुन् यी प्रधान छन् ।।१७।।
प्रति वर्ष गर्नुपर्ने स्थापना र विसर्जन ।
दुर्गाको, नगरे दुर्गा रिसाई इष्ट हर्दछिन् ।।१८।।
नौ नै दिन, तीन दिन, अथवा अष्टमी तिथि ।
अथवा नवमी मात्र आफ्नो शक्ति र स्रोतले ।।१९।।
दुर्गा पूजा गर्नुपर्छ शरद्मा अनिवार्य छ ।
जानेर वा नजानेरै नगर्नु लुप्त पूजन ।।२०।।
थाले पछि महापूजा आशौच पर्न गो भने ।
तैपनि छोड्नु यो हुन्न हुँदैन प्रतिबन्धक ।।२१।।

शारदी चण्डिका पूजा यसका भेद तीन छन् ।
सात्विकी, राजसी र तामसी तीन अर्चना ।।२२।।
सात्विकी अर्चना हुन्छ जप र यज्ञ आदिले ।
यसमा हुन्छ नैवेद्य शुद्ध स्वच्छ निरामिष ।।२३।।
देवी माहात्म्यको पाठ, आगोमा हुन्छ होम र ।
दिव्योपचारले पूजा दुर्गाको हुन्छ तर्पण ।।२४।।
राजसी अर्चनामा ता नैवेद्य हुन्छ सामिष ।
जप यज्ञ सबै हुन्छन् दिइन्छ पशुको बलि ।।२५।।
जस्को परम्परा छैन गर्दैन पशु–मारण ।
अनुकल्प चढाएर पूजा संपूर्ण गर्दछ ।।२६।।
तामसी हुन्छ जो पूजा त्यस्मा पञ्च–मकारको ।
प्रयोग हुन्छ, मन्त्रादि प्रयोग हुन्न त्यो त्यहाँ ।।२७।।
आफ्नो सामर्थ्य श्रद्धाले दुर्गाको हुन्छ पूजन ।
यस्मा जाति, लिङ्ग, वर्ण यिनको हुन्न भेद ता ।।२८।।
वेदाधिकारवालाले वेदका शक्ति–मन्त्रले ।
गर्छन् पूजन दुर्गाको, अरुले ता पुराणका ।।२९।।
मन्त्रले, बीजले त्यस्तै तन्त्र दीक्षितले पनि ।
गर्छन् पूजन देवीको सबैको अधिकार छ ।।३०।।
जसको जो इष्ट देव जो जो शक्ति स्वरूप छ ।
त्यही स्वरूप दुर्गाको मानेर हुन्छ अर्चना ।।३१।।
दुर्गा ता हुन् ब्रह्म शक्ति विश्व उन्कै स्वरूप हो ।
श्रद्धा छ जसको जस्मा दुर्गाको रूप हो त्यही ।।३२।।

दुर्गा अर्चनाका उपचार र विधि

अन्नपूर्णा भन्छिन्–

दुर्गाको अर्चना गर्दा हुन्छन् जो उपचार ती ।
भन्नुहोस् र विधि पनि अर्चनाको बताउनोस् ।।३३।।

विद्यानाथ भन्छन्–

आफूलाई मन पर्ने छन् जो वस्तु सबै तिनी ।
उपचार सबै हुन्छन् तिनले गर्नु पूजन ॥३४॥
अठार, सोऱ्ह र दश, पांच जो उपचार छन् ।
जस्को सामर्थ्यमा जो छ दुर्गालाई चढाउनु ॥३५॥
उनले नै दिएकी हुन् विश्वका सब संपदा ।
उनैलाई चढाएर प्रसादरूपमा त्यही ॥३६॥
आफूले भोग गर्नु कृतज्ञ उनकै भई ।
मनमा उनलाई नै राखेमा हुन्छ उत्तम ॥३७॥
राम्रा बनाउने केश जो छन् साधन उत्तम ।
प्रतिपद् दिनमा गर्नु दुर्गालाई समर्पण ॥३८॥
द्वितीया तिथिमा धागो चुल्ठो बाट्न कपालको ।
चढाउनु पर्छ भने, ऐना, सिन्दूर, आलता ॥३९॥
तृतीया तिथिमा गर्नु दुर्गालाई समर्पण ।
मधुपर्क चतुर्थीमा टीका गाजल अर्पण ॥४०॥
गर्नुपर्छ, पन्चमीमा अङ्गराग र भूषण ।
षष्ठीका सांझमा बेल–रुखका सामुमा गई ॥४१॥
दुर्गाबोध गराएर सप्तमीमा बिहान नै ।
पूजाका घरमा ल्याई गर्नुपर्दछ पूजन ॥४२॥
सप्तमी मै **फूलपाती** जो जो छन् नवपत्रिका ।
भित्र्याई घरमा पूजा गर्नुपर्दछ भक्तिले ॥४३॥
बेल, केरा, दाडिम र **हलेदो** र **जयन्तिका** ।
अशोक, धान, माने र **कसूर नव पत्रिका** ॥४४॥
यिनका छन् अधिष्ठात्री नौ वटी शक्तिरूपिणी ।
यिनको स्नान र पूजा सप्तमीमै गरिन्छ त्यो ॥४५॥

शारदा ज्ञानकी देवी, भद्रकाली परेश्वरी ।
यिनको अर्चना हुन्छ रातमा नै त्यसै दिन ॥४६॥
अष्टमीमा हुने पूजा रातमा गर्नुपर्दछ ।
कालरात्री गर्नुपर्छ निशापूजा भनिन्छ यो ॥४७॥
नवदुर्गा, योगिनी र **मातृका, भैरवादि**को ।
दुर्गाका शस्त्रको त्यस्तै उन्का वाहन सिंहको ॥४८॥
हुन्छ पूजा अष्टमीमा होम हुन्छ त्यसैदिन ।
नवमीमा **शूलिनी**को हुन्छ पूजा विधानले ॥४९॥
दुबै यी दिनमा धेरै गरिन्छन् पशुका बलि ।
जस्को परम्परा छैन अनुकल्प चढाउंछन् ॥५०॥
दशमीमा हुन्छ पूजा देवीको **अपराजिता** ।
त्यसपछि हुन्छ दुर्गाको भावपूर्ण विसर्जन ॥५१॥
नृत्य, गीत आदि हुन्छ मनाइन्छ महोत्सव ।
यसले वर्षभरि नै हुन्छ कल्याण उत्तम ॥५२॥
शरत्कालिक पूजाको विधि संक्षेपमा भनें ।
सबै बिस्तार यसको तन्त्रमै हेर्नुपर्दछ ॥५३॥

चण्डीपाठ माहात्म्य र विधि

अन्नपूर्णा भन्छिन्–

शरत्कालिक पूजामा चण्डीको पाठ गर्दछन् ।
के हो महत्त्व यसको ? विधान पनि भन्नुहोस् ॥५४॥

विद्यानाथ भन्छन्–

चण्डी ता हो सप्तशती मार्कण्डेय पुराणको ।
अंश हो यसमा देवी–माहात्म्य हुन्छ वर्णित ॥५५॥
मधु–कैटभको घात, महिषासुरको बध ।
दानव सैन्यका साथ बध शुम्भ–निशुम्भको ॥५६॥

देवीको महिमा गान सुरथ र समाधिको ।
मोहनाश वर–प्राप्ति चण्डीमा छन् यिनै कुरा ।।५७।।
नित्य, नैमित्तिक, काम्य पूजामा पाठ यो गरे ।
मन वाञ्छा पूर्ण हुन्छ पूजा सफल बन्दछ ।।५८।।
शरत्कालिक पूजामा सकेमा यी सबै दिन ।
नसके प्रतिपत्‌मा र अष्टमी, नवमी दिन ।।५९।।
चण्डीको पाठ संपूर्ण गरे विधि–विधानले ।
अर्चनामा सफलता हुन्छ देवी कृपा भई ।।६०।।
तर यौटा सावधानी लिनुपर्दछ पाठमा ।
यसका नियम छन् तिन्को गर्नुपर्दछ पालन ।।६१।।
देवी पूजा र संकल्प, मन्त्रको शापमोचन ।
कवच, अर्गला–पाठ, कीलक, देवीसूक्तको ।।६२।।
गरी पाठ, न्यास, ध्यान, नवार्ण मन्त्रको जप ।
सकेपछि अनि पाठ चण्डीको हुनुपर्दछ ।।६३।।
पाठ गर्दा पदहरू सबै स्पष्ट हुने गरी ।
सके अर्थ बुझी तिन्को श्रद्धाले गर्नुपर्दछ ।।६४।।
चरित्रका बीचमा ता विच्छेद हुन्छ वर्जित ।
'अथ', 'इति' भन्नुहुन्न एउटै मान्नु पर्दछ ।।६५।।
शाप–मुक्ति, न्यास, ध्यान, नवार्ण–मन्त्रको जप ।
पहिले झैं गर्नुपर्छ चण्डी पाठ सकेपछि ।।६६।।
अनि फेरि सूक्तपाठ, पाठ तीन रहस्यको ।
गरी क्षमा माग्नुपर्छ कुनै दोष छ कि भनी ।।६७।।
सप्तशती पाठको यो विधि संक्षेपमा भनें ।
विधानले भए पाठ चण्डी जाग्रत बन्दछिन् ।।६८।।

विद्या, बुद्धि, शक्ति, धन सबकी स्वामिनी उनै ।
दुर्गा हुन् करुणा उन्कै भएमा सब मिल्दछ ॥६९॥

कुमारी–पूजन, माहात्म्य र विधि

अन्नपूर्णा भन्छिन्–

कुमारी पूजन पनि यसमा गर्दछन् सबै ।
महत्त्व यसको के हो ? विधान पनि भन्नुहोस् ॥७०॥

विद्यानाथ भन्छन्–

शरीरमा कुमारीका सबै नै शक्ति बस्तछन् ।
कुमारीको गरे पूजा सबै शक्तिहरू पनि ॥७१॥
हुन्छन् पूजित, यो पूजा गर्नेपर्ने विधान छ ।
यो पूजा सफलै हुन्न कुमारी अर्चना विना ॥७२॥
सक्नेले नौ दिनैसम्म एक एक गरी दिनौं ।
पूजा गर्छन्, नसक्नेले, एउटै मात्र गर्दछन् ॥७३॥
कन्या दुई बर्ष देखि पुगेकी दश बर्ष की ।
कन्यासम्म नौवटीको कुमारी हुन्छ पूजन ॥७४॥
दुई वर्ष पुगेकीको ***कुमारी*** नाम हो भने ।
तीनकी ता ***त्रिमूर्ति*** हुन्, ***कल्याणी*** चार वर्षकी ॥७५॥
पाँचकी ता ***रोहिणी*** हुन् ***कालिका*** षष्ठ वर्षकी ।
सातकी ***चण्डिका*** नै हुन्, ***शाम्भवी*** आठ वर्षकी ॥७६॥
दुर्गा नौ वर्षकी कन्या ***सुभद्रा*** दश वर्षकी ।
यी नौ कुमारी–पूजाले दुर्गा हुन्छिन् सधैं खुसी ॥७७॥
नौवटी यी कुमारीको नौ दिनैसम्म पूजन ।
गर्नुपर्दछ सक्नेले, एकैदिन सबै यिनी ॥७८॥
नसक्नेले गर्नुपर्छ, नसके त्यो पनि भने ।
नवमी तिथिमा, मात्र कुमारी हुन्छ पूजन ॥७९॥

श्रृङ्गार, वस्त्र, गहना, भेटी, नैवेद्य द्रव्यले ।
पूजा गरी कुमारीको सन्तुष्ट पार्नुपर्दछ ॥८०॥
खुसी भए कुमारी यी चाहेको सब मिल्दछ ।
रोए, रिसाए श्री देवी अनिष्ट पर्न सक्तछ ॥८१॥
कुमारीको पूजनमा जात र वर्णको कुनै ।
भेदभाव हुँदै हुन्न सबै नै अर्चनीय छन् ॥८२॥
अझ तल्ला जातका त मानिन्छन् झन उत्तम ।
यसमा भेद गर्नेले अनिष्ट भोग्नु पर्दछ ॥८३॥
बालिका जति छन् ती ता कुमारीकै स्वरूप हुन् ।
तिन्को आदर गर्नाले दुर्गा हुन्छिन् सदा खुसी ॥८४॥

नवरात्रभेद र विधि

अन्नपूर्णा भन्छिन्–

नवरात्र कतिवटा हुन्छन् त्यो भन्नुहोस् अब ।
तिनमा के भिन्नता छ के के गर्ने विधान छ ॥८५॥

विद्यानाथ भन्छन्–

नौवटी शक्तिले युक्त यही हो नवरात्र त ।
एउटै शक्तिको रूप भएको हो नवैवटा ॥८६॥
नवरात्र चारवटा हुन्छन् यो सब मान्दछन् ।
असोजमा माघमा र **चैतमा**, र **असारमा** ॥८७॥
असोजमा ता दुर्गाको जागा हुन्छ र भोजन ।
माघमा हुन्छ, शयन चैतमा परिवर्तन ॥८८॥
असारमा, चारवटै सकेसम्म मनाउनु ।
नसके दुइटै मात्र **असोज** अनि चैतमा ॥८९॥
त्यो पनि नसके यौटै असोज मात्रमा पनि ।
दुर्गोत्सव गरी पर्व सबैले यो मनाउंछन् ॥९०॥

निराहारी, फलाहारी, एकभक्त , जलव्रती ।
रात्रीभोजी, हविष्याशी भएर गर्नु पूजन ।।९१।।
भक्तिभाव गरी दुर्गा पूजा गर्ने विधानले ।
कल्याण सबको हुन्छ पर्व हो अति उत्तम ।।९२।।
अठार हातकी दुर्गा उग्रचण्डा महेश्वरी ।
यिन्को पूजा सोन्ह दिन गरी हुन्छ विसर्जन ।।९३।।
असोज कृष्ण नवमी त्यसमा हुन्छ बोधन ।
असोज शुक्ल नवमीसम्म हुन्छ प्रपूजन ।।९४।।
सोन्ह हात भएकी ता भद्रकाली महेश्वरी ।
प्रतिपत्‌देखि नवमीसम्म हुन्छ प्रपूजन ।।९५।।
कात्यायनी भगवती जसका हात छन् दश ।
सप्तमीदेखि नवमीसम्म हुन्छ प्रपूजन ।।९६।।
अठार, सोन्ह, दश वा पाँच दिव्योपचारले ।
पूजागरी नाच–गान यिनका साथ उत्सव ।।९७।।
गर्दा दुर्गा खुसी हुन्छिन् सधैं कल्याण गर्दछिन् ।
विघ्न बाधा कुनै हुन्न सबै ती कष्ट हर्दछिन् ।।९८।।
गर्ने हुँदा दैत्यनाश दुर्गामा त दकार छ ।
विघ्नको नाश गर्नाले त्यस्पछिको उकार छ ।।९९।।
रोगको नाश गर्ने ता रेफ छ अनि ग-भने ।
पापको नाश गर्ने हो आकार त्यस्‌पछि छ जो ।।१००।।
भय र शत्रुको नाश त्यसले नै जनाउंछ ।
दुर्गाको अर्चना गर्दा यी सबै फल मिल्दछन् ।।१०१।।
दुर्ग जो दैत्य हो दुःख दुर्गाले नाश गर्दछिन् ।
त्यसैले उनको नाम **दुर्गा** हो शास्त्र भन्दछन् ।।१०२।।

शक्तिले युक्त शिव नै कल्याण गर्न सक्तछन् ।
शक्तिले शून्य शिव ता शिवत्वहीन बन्दछन् ॥१०३॥
आराधना शक्तिकै ने गरेरै देवताहरू ।
विनाश दैत्यको गर्न समर्थ हुन सक्तछन् ॥१०४॥
शक्ति, बुद्धि र ऐश्वर्य प्राप्तिका निम्ति लोकमा ।
साधना हुन्छ दुर्गाको उक्ति हो तन्त्रको यही ॥१०५॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको सिद्धान्तपादमा दुर्गोत्सव नामक एकचालीसौं अक्ष–म सकियो ।



श्री पञ्च वक्त्र शिव



महायोगेश्वरी श्री दशवक्त्रा गुह्यकाली

बयालीसौं अक्ष - य

देवतापाद

तान्त्रिक देवताहरू

आम्नाय भेदले देवताभेद

गुरु

अन्नपूर्णा भन्छिन्–

तन्त्रका मुख्य सिद्धान्त धेरै वर्णन गर्नुभो ।
प्रसङ्ग द्यौताहरूको धेरै चर्चा भयो यहाँ ॥१॥
तन्त्रोक्त–देवका नाम तिन्का मुख्य स्वरूपको ।
इच्छा भयो ज्ञान गर्ने तिन्को वर्णन गर्नुहोस् ॥२॥
सबै आम्नायहरूका कुन हुन् देवताहरू ? ।
तिनका नाम र रूप सुन्न चाहन्छु भन्नुहोस् ॥३॥

विद्यानाथ भन्छन्–

पूर्व, दक्षिण आम्नाय उत्तर अनि पश्चिम ।
ऊर्ध्व र अध आम्नाय तन्त्रले गर्छ वर्णन ॥४॥
भिन्न आम्नायका बेग्ला–बेग्लै छन् देवताहरू ।
तिनका नाम र रूप भन्दछु राम्ररी सुन ॥५॥

गुरु

गुरु ब्रह्मा, गुरु विष्णु, गुरु देव महेश्वर ।
गुरु साक्षात् परब्रह्म गुरु नै सब देवता ॥६॥
देवताले सिद्धि दिन्छन्, गुरु बाटो बताउंछन् ।
गुरुले नै दृष्टि दिन्छन् त्यसैले गुरु उच्च छन् ॥७॥

गुरुबाटै हुन्छ दीक्षा अनि यो मार्ग खुल्दछ ।
नत्र ढोका बन्द हुन्छ साँचो छ गुरुमै सदा ।।८।।
रिसाए देवता रक्षा गुरुले गर्न सक्तछन् ।
गुरु क्रुद्ध भए त्यस्को हुँदैन कोही रक्षक ।।९।।
तर गुरु हुनै पर्छ सिद्ध र पूर्ण दीक्षित ।
असिद्ध गुरुको दीक्षा सर्वदा हुन्छ निष्फल ।।१०।।
गुरु पनि भिन्न हुन्छन् भावका भेदले बुझ ।
पशु, वीर, दिव्य, कौल गुरुका चार भेद छन् ।।११।।
जति आम्नाय मानिन्छन् तिनै आम्नायका गुरु ।
त्यसैले गुरुका भेद छ वटै छन्, छ निश्चित ।।१२।।
तन्त्रका हुन् आदि गुरु महादेव सदाशिव ।
उन्कै परम्पराका हुन् सबै अरु गुरुहरू ।।१३।।
दिव्यौघ, अनि **सिद्धौघ, मानवौघ** गुरुहरू ।
परात्पर गुरु त्यस्तै परमेष्टिगुरु पनि ।।१४।।
त्यस्तै आफ्ना गुरु हुन्छन् जस्ले दीक्षित पार्दछ ।
सबै यी देवता तुल्य, देवताकै स्वरूप हुन् ।।१५।।
ईश्वर, गुरु र आत्मा मूर्तिले मात्र भिन्न हुन् ।
ज्ञानका दृष्टिले भिन्न छैनन् यी, हुन् स्वयं शिव ।।१६।।
गुरुलाई नमस्कार, गुरुकै नै प्रपूजन ।
गुरु कै नै सुसम्मान पहिले हुन्छ यागमा ।।१७।।
लोकमा जतिछन् मान्य भनिन्छन् ती पनि गुरु ।
माता पिता गुरु हुन्छन् पिता ता झन् महागुरु ।।१८।।
सबैभन्दा श्रेष्ठ गुरु जसले भव तार्दछ ।
त्यो हुन्छ मन्त्र दाता नै त्यही नै सर्वपूज्य छ ।।१९।।

त्यसैले पहिलो देव गुरु नै मान्नु पर्दछ ।
सबै आम्नायमा हुन्छन् गुरु नै आदि पूजित ॥२०॥

गणेश

अन्नपूर्णा भन्छिन्–

महत्त्व गुरुको के हो गुरु नै देवता किन ।
गुरु पूजन गर्नाको फल के हुन्छ भन्नुभो ॥२१॥
गणेशको आद्य पूजा देख्तछु सब कर्ममा ।
किन यस्को व्यवस्था भो उनका भेदछन् कति ? ॥२२॥
भन्नुहोस् सुन्न चाहन्छु उन्का कस्ता स्वरूप छन् ? ।
कुन आम्नायमा के के नाम छन् श्री गणेशका ? ॥२३॥

विद्यानाथ भन्छन्–

संपूर्ण याग पूजामा देवता श्री गणेशको ।
वन्दना, अर्चना हुन्छ कर्म प्रारम्भ कालमा ॥२४॥
सबै आम्नयमा यिन्को अर्चना गर्नुपर्दछ ।
यिन्कै प्रसादले मात्र कर्म संपूर्ण बन्दछ ॥२५॥
श्रीगणेश ता यौटै छन् तर नाम अनेक छन् ।
आम्नाय भेदले यिन्को नाम र रूप–भेद छन् ॥२६॥
साथै मन्त्र पनि बेग्लै भनिएको छ तन्त्रमा ।
आफ्नो आम्नाय हेरेर नाम, रूप र मन्त्रको ॥२७॥
प्रयोग यागमा हुन्छ, नत्र सफल अर्चना ।
हुँदैन, तन्त्रले भन्छ, विघ्न पर्दछ यागमा ॥२८॥
ऊर्ध्व आम्नायमा हुन्छन् **महागणपति** प्रभु ।
शक्ति हुन्छिन् साथमा नै यिनका अङ्कमालमा ॥२९॥
गणेश **विरिविघ्नेश विरिञ्चि गणनायक** ।
शक्ति गणेश र अनि **वक्रतुण्ड गणेश** यी ॥३०॥

पूर्वाम्नायभित्र पर्छन् यिन्का मन्त्र अनेक छन् ।
मन्त्रका भेदले हुन्छ पूजाको फल–भिन्नता ।।३१।।
पश्चिमाम्नायमा पूज्य धेरै नै नाम, रूप छन् ।
गणेशका, मुख्य तिन्मा केही वर्णन गर्दछु ।।३२।।
पञ्चवक्त्र गणपति जसका पांच छन् मुख ।
एकदन्त, विघ्नराज, त्यस्तै छन् **मोदकप्रिय** ।।३३।।
स्थूलदन्त र **हेरम्ब कुपिताक्ष** गजानन ।
चिन्तामणि, चतुर्दन्त त्यस्तै अरु अनेक छन् ।।३४।।
नाम, रूप, भिन्न हुँदा मन्त्र भिन्न हुँदा पनि ।
गणेशका अर्चनाका भिन्न हुन्छन् फलै पनि ।।३५।।
उत्तराम्नायमा पूज्य **उच्छिष्ट श्रीगणेश** हुन् ।
सबै सम्पत्ति यिनले दिन्छन् जो हुन्छ पूजक ।।३६।।
यिनका मन्त्र धेरै छन् भिन्न भिन्न प्रकारका ।
यिनको अर्चना हुन्छ सत्व, राजस, तामस ।।३७।।
तीनै प्रकारका वस्तु यिन्मा हुन्छन् समर्पित ।
जस्का जस्ता कामना छन् यिनले पूर्ण गर्दछन् ।।३८।।
दक्षिणाम्नायमा **लक्ष्मी श्रीगणेश** प्रपूज्य छन् ।
लक्ष्मीका साथमा यिन्को हुन्छ नित्य प्रपूजन ।।३९।।
त्यस्तै **शक्ति श्रीगणेश,** अर्का **ऋषि गणेश** छन् ।
छन् **पञ्चवक्त्र हेरम्ब, सुब्रह्मण्य गणाधिप** ।।४०।।
हरिद्रा गणपति अर्का पूजिन्छन् वाममार्गले ।
विघ्न विनाशका लागि अनि बुद्धि बढाउन ।।४१।।
गणेशको हुन्छ पूजा समस्त शुभ कर्ममा ।
सिद्धि, बुद्धि दुई शक्ति साथमा छन् गणेशका ।।४२।।

कृपाले उनकै मात्र सिद्धि पाइन्छ कर्ममा ।
अग्रपूजा सदा गर्ने शिवको वरदान छ ।।४३।।

गायत्री

अन्नपूर्णा भन्छिन्–

गणेशका नाम रूप आम्नाय–भेदका सुनें ।
अब म सुन्न चाहन्छु गायत्रीको विशेषता ।।४४।।
प्रातः, मध्याह्न, सायाह्न गायत्रीको उपासना ।
हुन्छ त्यो तिनको रूप अब वर्णन गर्नुहोस् ।।४५।।

विद्यानाथ भन्छन्–

गायत्री हो ब्रह्म विद्या स्रोत हो ब्रह्म प्राप्तिको ।
ब्रह्म प्राप्ति मार्ग हो यो गायत्रीको उपासना ।।४६।।
ब्राह्मण, क्षत्रिय, वैश्य त्रैवर्णिकहरू सबै ।
गर्छन् ग्रहण सावित्री यो हो शास्त्र–परम्परा ।।४७।।
जस्ले यस्को गान गर्छ अर्थात् यो जप गर्दछ ।
यस्ले उस्को त्राण गर्छ पदको अर्थ हो यही ।।४८।।
गायत्री हुन् वेदमाता ज्ञानको मुख्य स्रोत हो ।
धर्म, अर्थ, काम, मोक्ष यस्बाटै सिद्ध बन्दछन् ।।४९।।
यो यस्तो मन्त्र–विद्या हो जस्का सेवन मात्रले ।
प्रसन्न देवता हुन्छन् मोक्षको मार्ग खुल्दछ ।।५०।।
यो विद्या ज्योति हो दिव्य प्रकाश नित्य छर्दछ ।
जस्ले यो नित्य जप्छ उस्को अज्ञान हट्तछ ।।५१।।
यस्का मुख्य देवता हुन् **सूर्य** प्रत्यक्ष देवता ।
उनै हुन् ज्ञानका दाता अन्धकार निवर्तक ।।५२।।
गायत्रीका अधिष्ठात्री देवीका तीन रूप छन् ।
ब्राह्मी, रौद्री, वैष्णवी हुन् त्रिशक्ति ज्ञानकी परा ।।५३।।

प्रातःकालिक सन्ध्यामा **ब्राह्मी**को ध्यान हुन्छ र ।
मध्याह्नमा ता रौद्रीको, **वैष्णवी**को त सांझमा ॥५४॥
ब्रह्मा, रुद्र, विष्णुका यी शक्ति हुन् ब्रह्मरूपिणी ।
यिन्का उपासनाले नै तरिन्छ भवसागर ॥५५॥
पूर्व आम्नायकी देवी गायत्री ब्रह्मशक्ति हुन् ।
यिन्कै ग्रहण गर्नाले ग्रहीता शाक्त बन्दछन् ॥५६॥
सप्त व्याहृति यसमा लाग्दछन् अग्रभागमा ।
त्यस्पछि मातृका चौबीस् गायत्री त्रिपदा यही ॥५७॥
यसमा तेजका देव **सविता**संग प्रार्थना ।
गरिन्छ, मनको ठूलो अन्धकार भगाउन ॥५८॥
मोक्षका मार्गमा लाग्न मागिन्छ प्रेरणा यहाँ ।
बाहिरी ज्योतिले भित्री अन्धकार भगाउन ॥५९॥
वेदका मन्त्रले नित्य गायत्रीको उपासना ।
गरिन्छ, साधना यस्को तन्त्रोक्त–विधिले पनि ॥६०॥
सबै नै देव–देवीका गायत्री हुन्छ तन्त्रमा ।
तिनको साधना गर्दा हुन्छ साधक रक्षित ॥६१॥
'सत्स्वरूप देवताका सधैं म ध्यान गर्दछु ।
तिनै प्रभु ईश्वरले मलाई प्रेरणा दिउन्' ॥६२॥
गायत्रीमा यही भाव सर्वत्र पाइने हुंदा ।
यसैका साधनाले नै देवता त्राण गर्दछन् ॥६३॥
गायत्री त्रिपदा मात्र हुन्न, हुन्छ चतुष्पदा ।
यस्मा चौबीस र पन्ध्र हुन्छन् उन्तीस अक्षर ॥६४॥
भावार्थ, सम्प्रदायार्थ, निगमोक्ति र **कौलिक** ।
अर्को **सर्वरहस्यार्थ, महत्तत्वार्थ** मन्त्रको ॥६५॥

अर्थ हो, तन्त्रले भन्छ गायत्री पापनाशनी ।
तीन सन्ध्या गर्नुपर्ने हुँदैन लोप गर्नु ता ॥६६॥
गायत्री **भर्ग** हो तेज त्यो ता तारक ब्रह्म हो ।
जसले जप्छ गायत्री त्यो हुन्छ ब्रह्म नै स्वयम् ॥६७॥
गायत्री सबका हुन्छन् सबै तान्त्रिक देवका ।
तिनका साधना गर्ने मुक्तिका पात्र बन्दछन् ॥६८॥

शिव

अन्नपूर्णा भन्छिन्–

अभिन्न रूपले तन्त्र शिवमै ज्ञान रूपले ।
थियो, उन्ले स्वयंलाई उतारे ज्ञान रूपमा ॥६९॥
भन्नुभो– शिवका रूप कस्ता छन् ? त्यो पनि अब ।
भन्नुहोस् उनको ध्यान गर्ने हो कुन रूपमा ? ॥७०॥

विद्यानाथ भन्छन्–

मुख्य ता शिव हुन् ब्रह्म न उन्का नाम रूप छन् ।
न ध्यान हुन्छ उनको न नाम रूपवर्णन ॥७१॥
जब कल्याणको भाव मनमा हुन्छ जाग्रत ।
प्राकट्य शिवको हुन्छ त्यही उन्को स्वरूप हो ॥७२॥
शिव, शम्भु, शङ्कर यी नामको अर्थ हो यही ।
उन्को मूर्ति भाव मूर्ति हितमै व्यक्त बन्दछ ॥७३॥
जगत्को दुःख देखेर जगत्लाई बचाउन ।
कालकूट पिए उन्ले हित संसारको भयो ॥७४॥
तैपनि उनको पूजा चलोस् संसारमा भनी ।
उनले लिङ्गको रूप लिए जलहरीसंगै ॥७५॥
शिव ता हुन् लिङ्गरूप शक्ति जलहरी बुझ ।
शिव शक्ति समायोग भई पूजिन्छ लोकमा ॥७६॥

जसबाट विश्व–सृष्टि हुन्छ जानिन्छ त्यो अनि ।
जस्मा फेरी लीन हुन्छ त्यही हो लिङ्ग उत्तम ॥७७॥
धेरै प्रकारका लिङ्ग हुन्छन् पूजित विश्वमा ।
बालुवाका लिङ्गदेखि पारोका रत्नका पनि ॥७८॥
अर्को छ शिवको मूर्ति त्यसमा पांच वक्त्र छन् ।
उन्को छ रूप ता सेतो शिरमा अर्धचन्द्र छ ॥७९॥
वञ्चरो, मृग र वर, अभय चार हातमा ।
कटिमा बाघको छाला उन्को आसन दिव्य छ ॥८०॥
सद्योजात, वामदेव, तत्पूरुष, अघोर र ।
ईशान यी पांच वक्त्र शिवका छन् शरीरमा ॥८१॥
पश्चिम, उत्तर, पूर्व, दक्षिण, ऊर्ध्व भागमा ।
ती छन्, ऊर्ध्व मुख हुँदैन दृश्य लोकमा ॥८२॥
अधोमुख पनि अर्को **कालाग्निरुद्र** नामको ।
शिवको मूर्तिमा नै छ देखिन्न यो पनि मुख ॥८३॥
शिवको देह यो शास्त्र विद्यामय शरीर हो ।
अरु प्राणीसरी उन्को देह होइन भौतिक ॥८४॥
अर्को छ मूर्ति शिवको जसका चार हात छन् ।
शूल, कपाल र वर, अभय विद्यमान छन् ॥८५॥
उन्का बायां काखमा छिन् उन्की शक्ति प्रिया उमा ।
शक्तिको देह शिवका हातले दृढबद्ध छ ॥८६॥
मूर्ति अर्को छ शिवको त्यो पनि पांच वक्त्रकै ।
यिनका छन् दश भुजा जस्मा छन् दश आयुध ॥८७॥
त्रिशूल, टङ्क र खड्ग वज्र, आगो र नाग र ।
घण्टा, अङ्कुश र पाश, अभय हुन् यिनी दश ॥८८॥

यिनका मुख जो पाँच तिनका वर्ण भिन्न छन् ।
पशु पाश हरी यिन्ले भवको कष्ट मेट्‌तछन् ।।८६।।
सृष्टि, पालन संहार, तिरोभाव, अनुग्रह ।
पञ्चकृत्य यिनैले नै सदा संपन्न गर्दछन् ।।९०।।
शिवका छन् आठ मूर्ति यिनका नाम भिन्न छन् ।
सर्व, भव, रुद्र, उग्र, भीम, पशुपति अनि ।।९१।।
महादेव र **ईशान** तिनका नाम आठ छन् ।
पृथ्वी, जल, तेज, वायु, आकाश, यजमान र ।।९२।।
सोम, सूर्य मूर्ति हुन् यी यिनको अर्चना गरे ।
धर्म, अर्थ, काम, मोक्ष चारै यी फल मिल्दछन् ।।९३।।
सद्योजात, वामदेव, तत्पूरुष अघोर र ।
ईशान, कालाग्निरुद्र शिवका छ वटा मुख ।।९४।।
यिनैले छवटी शक्ति बनाई शिष्यभावले ।
आफू गुरु भई तन्त्र उपदेश गरे सबै ।।९५।।
पशु नै हुन् सबै जीव अज्ञान पाशले सबै ।
बद्ध छन् ती यिनैले नै ज्ञानका तरवारले ।।९६।।
पाशो अज्ञानको काटी जीव मुक्त गरे सबै ।
यसैले यी **पशुपति** नामले छन् सुपूजित ।।९७।।
शिवका देहमा बस्छन् ब्रह्मा, विष्णु, र ईश्वर ।
सबै अन्य देवदेवी उनैबाट अभिन्न भै ।।९८।।
शिवको अर्चना गर्दा सबै नै देवताहरू ।
हुन्छन् पूजित अर्को के गर्नुपर्दछ पूजन ।।९९।।
शिव हुन् ज्ञानका स्वामी शिव नै ज्ञान हुन् स्वयम् ।
ज्ञान दुर्लभ नै हुन्छ शिवको अर्चना विना ।।१००।।

विशेषतः पशुपति पशुका पाशमोचक ।
मुक्ति दाता परब्रह्म सत् चित् आनन्द रूप हुन् ॥१०१॥
पञ्च वक्त्र पशुपति साक्षात् अस्त्र स्वरूप हुन् ।
महा, मध्य, लघु गरी तीन **पाशुपतास्त्र** छन् ॥१०२॥
यो अस्त्र हो ज्ञान अस्त्र यस्ले अज्ञान हट्तछ ।
पाशुपातस्त्र विद्याले ज्ञानको स्रोत फुट्तछ ॥१०३॥

भैरव

अन्नपूर्णा भन्छिन्–

अर्को रूप भैरवको शिवको हुन्छ भन्दछन् ।
के यी सांच्चै शिवै नै हुन् ? यसमा के रहस्य छ ॥१०४॥

विद्यानाथ भन्छन्–

भैरव पदको अर्थ दुइटा हुन्छ यो बुझ ।
यौटा दिव्य ज्ञान रूप अर्को अति भयानक ॥१०५॥
विश्व, ब्रह्माण्डका वस्तु जसमा छन् समाहित ।
इच्छाले जसको हुन्छ विश्वको सृष्टि र लय ॥१०६॥
विश्वको भरितावस्था यही भैरव–रूप हो ।
सबैका मुक्तिका दाता यी हुन् **विज्ञान भैरव** ॥१०७॥
अर्को भैरवको मूर्ति ज्यादै नै छ भयानक ।
दुष्ट दानवका लागि हुन्छ यो भयदायक ॥१०८॥
ब्रह्माण्डका वस्तु जो छन् सबैलाई चपाउने ।
दांत तीखा उनका छन् आंखा राता भयानक ॥१०९॥
कटाक्षले विश्वलाई भस्म गर्न तयार छन् ।
संहाररूप शिवको यो नै **भैरव**–रूप हो ॥११०॥
यिनको तामसी पूजा तामसी उपचारले ।
वीरले र कौलिकले गर्नुपर्दछ चक्रमा ॥१११॥

नाम र रूप धेरै नै हुन्छन् वर्णित तन्त्रमा ।
भैरवी शक्तिका साथ उन्को हुन्छ उपासना ।।११२।।
भैरव–भैरवी आफैं उपासक स्वयं बनी ।
आत्मरूप दुबै उन्को गर्दछन् कुल–साधना ।।११३।।
भैरवी चक्रमा हुन्छ विशेष कुलपूजन ।
त्यहाँ कुनै भेद हुन्न लिङ्ग, वर्ण र जातमा ।।११४।।

भैरव–भेद

अन्नपूर्णा भन्छिन्–

शिवकै तामसी रूप उग्र संहारकारक ।
रूप भैरवको हुन्छ भन्नुभो त्यो बुझ्रें कुरा ।।११५।।
अब भैरवका भेद कति छन् ? तिनको पनि ।
नाम र रूपका साथ विस्तार गर्नुहोस् अब ।।११६।।

विद्यानाथ भन्छन्–

करोडौं छन् भैरवहरू जति छन् दुष्ट दानव ।
संहार तिनको गर्ने तत्त्व हुन् सब भैरव ।।११७।।
एकसय आठ अनि एकाउन्न पनि तिनै ।
मुख्य भैरवका नाम पाइन्छन् तन्त्रशास्त्रमा ।।११८।।
सबै विद्या, महाविद्या, सिद्ध विद्याहरू पनि ।
सबैका भैरवहरू हुन्छन् पूजित साथमा ।।११९।।
तर आठ भैरवहरू ती ता ज्यादै प्रसिद्ध छन् ।
सबै नै यन्त्रमा तिन्को गर्नुपर्दछ अर्चना ।।१२०।।
असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त भैरव ।
कपाली, भीषण अनि **संहार** आठ भैरव ।।१२१।।
स्वरूप तिनका प्रायः हुन्छन् एकै प्रकारका ।
तर वर्ण, भुजा बेग्लै, त्यस्तै आयुध भिन्न छन् ।।१२२।।

ब्राह्मी, रौद्री, र **कौमारी, वैष्णवी** मातृका अनि ।
वाराही अनि **इन्द्राणी, चामुण्डा** र **रमा** पनि ॥१२३॥
यी आठ मातृकासाथ अष्ट भैरवको पनि ।
प्रत्येक यन्त्रमा पूजा गर्नुपर्ने विधान छ ॥१२४॥
यिनैले यन्त्र पूजाको पूर्ण रक्षण गर्दछन् ।
गरेरै यिनको पूजा बिन्दुमा हुन्छ पूजन ॥१२५॥
विद्याराज, कामराज, नागराज र त्यस्पछि ।
स्वच्छन्दराज र अनि **लम्बितराज** भैरव ॥१२६॥
देवराज, उग्रराज, विघ्नराज यिनी पनि ।
आठ भैरवका नाम भेटिइन्छन् पुराणमा ॥१२७॥
दैत्यले विष्णुका छाती गदा हानी फुटाउंदा ।
यी भैरव बनेका हुन् विष्णुका रक्तधारले ॥१२८॥
महाभैरव, संहारभैरव, असिताङ्ग र ।
रुरु, काल, क्रोध, ताम्रचूड र **चन्द्रचूड** यी ॥१२९॥
आठ भैरव पूजिन्छन् दुर्गोत्सव हुँदा पनि ।
ताम्रचूड, चन्द्रचूड यिनका स्थानमा भने ॥१३०॥
पूजिन्छन् अन्यमतमा **कपालरुद्र** भैरव ।
तर गर्दा शक्ति–पूजा पूजिन्छन् आठ भैरव ॥१३१॥
क्षेत्रपालभैरव र **सिद्धिभैरव** यी पनि ।
शक्तिका नित्यपूजामा हुन्छन् पूजित सर्वदा ॥१३२॥
विघ्न–बाधा हटाएर शत्रुपीडा भगाउन ।
देवी पुत्र **वटुक**को साधना सुप्रसिद्ध छ ॥१३३॥
मृत्युञ्जय भैरवको साधना रोग हर्दछ ।
साधना ता **शरभ**को शत्रुजय गराउंछ ॥१३४॥

वीरभद्र साधनाले हुन्छ विजय युद्धमा ।
महाकाल साधनाले विघ्न बाधा हटाउंछ ।।१३५।।
आनन्दभैरव अनि शिखा **स्वच्छन्दभैरव** ।
त्रिशिरोभैरव अनि **आकाश, कालभैरव्** ।।१३६।।
यी मुख्य भैरवहरू नाम मैले लिएं सबै ।
यिनको अर्चना गर्ने निर्बाध सुख पाउंछ ।।१३७।।

अष्टमातृका

अन्नपूर्णा भन्छिन्–

तन्त्रमा गरिने पूजा नाम भैरवका सुनें ।
अब अष्ट मातृकाका नाम र रूप भन्नुहोस् ।।१३८।।
आठ भैरवका शक्ति आठ छन् त्यो त भन्नुभो ।
ती शक्ति मातृकाको अब वर्णन गर्नुहोस् ।।१३९।।

विद्यानाथ भन्छन्–

ब्राह्मी, रौद्री र **कौमारी, वैष्णवी** अनि त्यस्पछि ।
वाराही अनि **इन्द्राणी, चामुण्डा** र **रमा** यिनी ।।१४०।।
आठ छन् मातृका–शक्ति यिनको हुन्छ अर्चना ।
प्रत्येक कर्ममा नित्य नैमित्तिक र काम्यमा ।।१४१।।
काम, क्रोध, लोभ, मद, मोह र डाह त्यस्पछि ।
छुल्याहापन र निन्दा यिनका आठ रूप छन् ।।१४२।।
मातृकाका अर्चनाले कामादि शत्रु लोकका ।
नष्ट हुन्छन् शान्ति सुख, समृद्धि सब मिल्दछन् ।।१४३।।
असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त पाँच यी ।
कपाली, भीषण अनि **संहार** आठ भैरव ।।१४४।।
यिनका साथ पूजिन्छन् क्रमशः मातृकाहरू ।
यिन्को संयुक्त यो पूजा हुन्छ प्रारम्भमै सदा ।।१४५।।

महालक्ष्मी महाशक्ति तिनका देहबाट नै ।
भई उत्पन्न संहार यिनैले दैत्यका गरी ॥१४६॥
देवी कै देहमा लीन भएका ती विभूति हुन् ।
देवी माहात्म्यमा यस्को पाइन्छ पूर्ण वर्णन ॥१४७॥
शिवदूती, नारसिंही, कौशिकी सब यी पनि ।
मातृका हुन्, **महालक्ष्मी** यिनकी मूल नायिका ॥१४८॥
जल, स्थल, घर, द्वार, जीवमा मातृकाहरू ।
हुन्छन् रहेका तिनले सबैको त्राण गर्दछन् ॥१४९॥
षोडश मातृका, अष्ट मातृका, षष्ठिका पनि ।
यिनको अर्चना हुन्छ सबै नै शुभ कर्ममा ॥१५०॥
'अ'- देखि 'क्ष'- वर्णसम्म पचास मातृका पनि ।
सबै हुन् शक्तिकै रूप तिनैको हुन्छ पूजन ॥१५१॥
मातृका वर्णको न्यास हुन्छ पूजन कर्ममा ।
यस्ले साधकको देह मन्त्रले पूर्ण बन्दछ ॥१५२॥
मातृकाहरू बाटै नै संपूर्ण मन्त्र बन्दछन् ।
ती मन्त्र देवता हुन्छन् यिनकै हुन्छ पूजन ॥१५३॥
मातृकाले बीज मन्त्र बन्छ त्यो देव रूप हो ।
यन्त्रका बीचमा यस्को सधैं हुन्छ प्रपूजन ॥१५४॥
यही मन्त्र त विद्या हो विशिष्ट विधिले यही ।
देवताको रूप बन्छ, पूजाले बन्छ जाग्रत ॥१५५॥
शारदाका वदनमा मातृका सब लीन छन् ।
कृपाले उनकै खुल्छन्.समस्त मातृकाहरू ॥१५६॥
वेद पुराण र तन्त्र, धर्मशास्त्र र दर्शन ।
समस्त मन्त्र र विद्या मातृकामय नै त छन् ॥१५७॥

देहका छ चक्रहरूमा योगीले योगमा सधैं ।
मातृकाकै ध्यान गर्छन् देवताका स्वरूपमा ।।१५८।।
अष्टसिद्धि, नवनिधि, पुष्टि, तुष्टि सबै कुरा ।
मातृका ध्यानले मिल्छन् माताकै यी स्वरूप हुन् ।।१५९।।
मातृकाले ज्ञान खुल्छ नभए अन्धकार छ ।
मोक्षको स्रोत हो ज्ञान यसका स्रोत मातृका ।।१६०।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको देवतापादमा गुरु, गणेश, गायत्री, शिव, भैरव, मातृका–परिचय नामक बयालीसौं अक्ष–य सकियो ।

त्रितालीसौं अक्ष - र

महाविद्या

आद्याविद्या काली

अन्नपूर्णा भन्छिन्–

महाविद्या सिद्धविद्या अरू विद्याहरू पनि ।
अब म सुन्न चाहन्छु तिन्को वर्णन गर्नुहोस् ॥१॥
पहिले कालिका शक्ति तिनका नाम, रूपको ।
गर्नुहोस् वर्णन सबै सुन्न चाहन्छु त्यो अब ॥२॥

विद्यानाथ भन्छन्–

काली, तारा महाविद्या **षोडशी, भुवनेश्वरी** ।
भैरवी, छिन्नमस्ता र विद्या **धूमावती** अनि ॥३॥
बगला सिद्धविद्या र **मातङ्गी, कमला** दश ।
यिनै विद्या, महाविद्या सिद्धविद्या प्रसिद्ध छन् ॥४॥
काली हुन् कालकी शक्ति, काल श्री शिव हुन् स्वयम् ।
आकाली यिनै नै हुन् विद्यामा मुख्य हुन् यिनी ॥५॥
यिनका रूप छन् धेरै ती मध्ये आठ मुख्य छन् ।
चिन्तामणि, स्पर्शमणि त्यस्पछि **सन्ततिप्रदा** ॥६॥
सिद्धि र **दक्षिणा, कामकला, हंस** र **गुह्य** ती ।
यी आठ कालिका भन्दा तीन छन् अरु नै पनि ॥७॥
भद्र, श्मशान र **महाकाली** यी सुप्रसिद्ध छन् ।
यी मध्ये **दक्षिणाकाली** सबै भन्दा प्रधान हुन् ॥८॥
गुह्यकाली, भद्रकाली, श्मशानकालिका, महा ।
कालिका यी चार शक्ति दक्षिणाकै प्रभेद हुन् ॥९॥

स्वरूप यिनका भिन्न छन् मन्त्र पनि भिन्न छन् ।
तैपनि यिनका पूजा धेरै जसो समान छन् ।।१०।।
यी सबै कालिका मध्ये महाविद्या त **दक्षिणा** ।
विद्यारानी यिनै नै हुन् सिध्द्धविद्या अरु सबै ।।११।।
दिशा दक्षिणका स्वामी धर्मराज यमै पनि ।
कालीको नाम सुन्दैमा भाग्छन् भन्ने सदुक्ति छ ।।१२।।
कर्म सिद्ध हुनासाथै कालीले कर्मको फल ।
दक्षिणा रूपमा दिन्छिन् सद्यः फल दिने हुंदा ।।१३।।
कालीको जसले गर्छ भक्तिपूर्वक पूजन ।
त्यसलाई वर दिन काली तत्पर बन्दछिन् ।।१४।।
काली आराधना गर्ने **दक्षिणामूर्ति भैरव** ।
पहिला हुन् यसैले नै दक्षिणा नाम पर्नगो ।।१५।।
सबै वर्णहरू लीन कालोमा नै भएसरी ।
कालीमा नै सबै जीव अन्तमा लीन बन्दछन् ।।१६।।
चितिशक्ति परब्रह्म निर्गुणा कालिका स्वयम् ।
भक्त इष्ट सिद्ध गर्न रूप सगुण धर्दछिन् ।।१७।।
वीर कौलिकले यिन्को कुल आचारमा रही ।
उपासना सदा गर्दा हुन्छिन् काली त्यसै खुसी ।।१८।।
दक्षिणाम्नाय उन्को साधना वाममार्गले ।
गरे वशिष्ट ऋषिले पाए सिद्धि त्यसै गरी ।।१९।।
उत्तराम्नायको दीक्षा पाएका जनले भने ।
आद्याकाली गुह्यकाली उन्को गर्छ उपासना ।।२०।।
एउटा मुखकीदेखि मुख दशहजारकी ।
गुह्यकाली दीक्षितले पूज्दछन् वाम–मार्गले ।।२१।।

देव, दानव र दैत्य, सिद्ध, गन्धर्व, मानिस ।
उपासना गरी उन्को सबैमा सिद्धिलाभ भो ।।२२।।
विशेषतः **गुह्यकाली** साक्षात् हुन् **गुह्ययोगिनी** ।
यिन्को उपासना हुन्छ विशिष्ट योग–मार्गले ।।२३।।
योगेश्वरी नाम उन्को **महायोगेश्वरी** अनि ।
चिच्चण्डगुह्यकाली र **कालसंकर्षिणी** पनि ।।२४।।
यिनका नाम र रूप धेरै छन् मन्त्र–भेदले ।
सबै नै सिद्धविद्याहुन् दक्षिणाकालिकासरी ।।२५।।
गुह्यकाली महाविद्या सिद्धविद्या पनि यिनी ।
विशेषतः मुक्तिदात्री मानिन्छिन् कालिका यिनी ।।२६।।
सबै छन् उनका मूर्ति त्यत्तिकै सिद्धिदायिका ।
तैपनि तिनमा मुख्य दशवक्त्रा विशिष्ट छ ।।२७।।
रामले र भरतले गरेका जो उपासना ।
दशवक्त्रा गुह्यकाली प्रसन्न शीघ्र बन्दछिन् ।।२८।।
गुह्येश्वरी, योगिनी र **महायोगेश्वरी** अनि ।
चिच्चण्डगुह्यकाली यी उनका सिद्ध नाम हुन् ।।२९।।
चितिरूपा ब्रह्मरूपा सत् चित् आनन्द विग्रहा ।
गुह्यकाली मोक्षदात्री विद्या हुन् सिद्धिदायिनी ।।३०।।
कालीले भोग मोक्ष दुबै दिन्छिन् विशेषतः ।
भोगद्वारा मोक्ष दिन्छिन् गुह्य आचारमा बसे ।।३१।।

महाविद्या–तारा

अन्नपूर्णा भन्छिन्–

दोश्रो अब महाविद्या ताराका रूपभेदको ।
वर्णन सुन्न चाहन्छु माहात्म्य उनको पनि ।।३२।।

विद्यानाथ भन्छन्–

सबै प्राणी डुबेका छन् दुःखसागरमा सदा ।
तार्ने हुंदा दुःखबाट 'तारा' यो नाम पर्नगो ।।३३।।
अविद्या, अस्मिता, राग, द्वेष अभिनिवेश यी ।
यिनै पाँच क्लेशबाट ताराले नै उतार्दछिन् ।।३४।।
'ॐ' यो तारक हो ब्रह्म तारा रूप त्यही त हो ।
सकल, निष्कल ब्रह्म दुबै उन्कै स्वरूप हुन् ।।३५।।
तारिणी र **एकजटा** त्यस्तै **नीलसरस्वती** ।
उग्रतारा उनैका नै स्वरूप–भेद हुन् सबै ।।३६।।
सबै आम्नायमा यिन्का विभिन्न नाम रूपले ।
उपासना हुने गर्छ यिनैले भव तार्दछिन् ।।३७।।
विद्याका निम्ति ताराको हुन्छ ठूलो उपासना ।
चीन अनि **महाचीन** मार्गले हुन्छ पूजन ।।३८।।
यिनी सात्विक पूजाले हुंदिनन् सिद्धिदायिनी ।
वाम मार्गबाट तुष्ट हुन्छिन् यी क्रम चीनले ।।३९।।
वशिष्ठ विश्वामित्रादि ऋषिले पनि त्यो क्रम ।
लिएर नै सिद्धि पाए यो गाथा सुप्रसिद्ध छ ।।४०।।

महाविद्या षोडशी

अन्नपूर्णा भन्छिन्–

तेश्रो विद्या षोडशी हो श्रीविद्या नामको छ यो ।
भन्नुभो, यो महाविद्या कस्तो छ ? भन्नुहोस् अब ।।४१।।

विद्यानाथ भन्छन्–

षोडशी हो महाविद्या **श्रीविद्या** नै भनिन्छ यो ।
सोन्ह अक्षरको दिव्य मन्त्र यिन्को छ उत्तम ।।४२।।

यिनका देहमा नित्या, कला सोन्है सुभूषित ।
रहन्छन्, यिनको आभा सोम सूर्याग्नि–तेज हो ॥४३॥
ब्रह्मा, विष्णु रुद्र अनि ईश्वर र सदाशिव ।
यिनैका नै आसन छन् यिनकै छन् अधीनमा ॥४४॥
सृष्टि, पालन, संहार, तिरोभाव, अनुग्रह ।
गर्छिन् यिनूले पाँचकृत्य विश्वकै हितमा सधैं ॥४५॥
श्रीविद्या, ललिता, बाला, राजराजेश्वरी अनि ।
पञ्चदशी, षोडशी र **महात्रिपुरसुन्दरी** ॥४६॥
यी हुन् यिन्का मुख्य नाम अर्को कामेश्वरी पनि ।
यिनकै नाम हो साक्षात् यी ता ब्रह्म–स्वरूप हुन् ॥४७॥
शिवकी हार्दशक्ति यी सर्ब सौन्दर्यभावकी ।
सर्वानन्दमयी देवी शिवकी अतिप्रेयसी ॥४८॥
त्रिपुरा हो नाम यिन्को त्रिगुणातीत छिन् यिनी ।
यी हुन् कुण्डलिनी शक्ति, प्राणशक्ति त्यसैगरी ॥४९॥
इच्छा, ज्ञान, क्रिया शक्ति यिनका नै स्वरूप हुन् ।
गन्धर्व–क्रमले हुन्छ यिन्को दिव्य उपासना ॥५०॥
कुवेर, मनु र चन्द्र, लोपामुद्रा र मन्मथ ।
अगस्ति, अग्नि र सूर्य, इन्द्र, स्कन्द अनि शिव ॥५१॥
दुर्वासा ऋषि हुन् यिन्का मुख्य मुख्य उपासक ।
यिनकै नामले विद्या षोडशी यो प्रसिद्ध छ ॥५२॥
कादिविद्या–कामराज, लोपामुद्रा त हादि हो ।
यिनै पञ्चदशी विद्या लोकमा सर्वमान्य छन् ॥५३॥
पूजा आधार यिनको श्रीयन्त्र चक्रराज हो ।
यसमा पांच शिव र चार ता शक्तिचक्र छन् ॥५४॥

यसै श्रीचक्रमा उन्को सबै आवरणैसंगै ।
पूजा हुन्छ यही पूजा महापूजन भन्दछन् ।।५५।।
श्रीविद्याकै भित्र पर्छन् **बाला, गोपालसुन्दरी** ।
यिनका मन्त्र छन् भिन्न अर्चना पनि भिन्न छन् ।।५६।।
उर्ध्व आम्नाय हो यिन्को तर श्री चक्रराजमा ।
सबै आम्नायको पूजा गर्ने विधि–विधान छन् ।।५७।।
सृष्टि, स्थिति र संहार क्रमले चक्रराजमा ।
ब्रह्मचारी, गृहस्थी र यति पूजन गर्दछन् ।।५८।।
काली, तारा, षोडशी यी एकै हुन् भिन्न होइनन् ।
नाम, रूप मात्र भेद, यौटै हुन् तत्त्वदृष्टिमा ।।५९।।
जसले यो भेद गर्छ जानेकै छैन तत्त्व नै ।
तीन शक्ति यिनैमा छन् भोग र मोक्षदायिनी ।।६०।।

महाविद्या भुवनेश्वरी

अन्नपूर्णा भन्छिन्–

भुवनेश्वरी महाविद्या अब वर्णन गर्नुहोस् ।
यिनको नाम र रूप, वैशिष्ट्य अब भन्नुहोस् ।।६१।।

विद्यानाथ भन्छन्–

चौधै भुवनको सृष्टि भयो यो विश्वमा जब ।
त्यस्को रक्षा गर्ने भनी इच्छा शङ्करको भयो ।।६२।।
त्यही इच्छा शक्तिरूपा भइन् **श्रीभुवनेश्वरी** ।
शिवेच्छाले त्यसै बेला उन्को अभ्यर्थना भयो ।।६३।।
शिवैका वरले उन्को नाम भो भुवनेश्वरी ।
स्वामिनी ती भुवनकी रक्षा गर्छिन् सधैं भरी ।।६४।।
आभा बाल सूर्यको छ शिरमा अर्धचन्द्र छ ।
कुच तुङ्ग, तीन नेत्र, हंसीलो मुख सर्वदा ।।६५।।

भक्तलाई वर दिने सबै डर हटाउने ।
दुष्टलाई नाश गर्ने देवी हुन् **भुवनेश्वरी** ॥६६॥
उन्को सुन्दर आभाले सबै नै मोहमा परी ।
विश्व संसारमा घुम्छन्, उनैले नै छुटाउंछिन् ॥६७॥
पूर्व आम्नायमा पूजा उन्को हुन्छ विधानले ।
भुवना, भुवनेशी र **श्यामा श्रीभुवनेश्वरी** ॥६८॥
आद्या श्रीभुवनेशी र त्यस्तै **भुवनसुन्दरी** ।
यी नामले हुन्छ पूजा यी ज्यादै सुप्रसिद्ध छिन् ॥६९॥

महाविद्या भैरवी

अन्नपूर्णा भन्छिन्–

अर्को विद्या भैरवीको नाम र रूप भेदको ।
अव वर्णन गर्नोस् न सुन्न चाहन्छु त्यो अब ॥७०॥

विद्यानाथ भन्छन्–

त्रिपुरा भैरवी विद्या षोडशीकै स्वरूप हो ।
कार्यका भेदले गर्दा विद्याको भेद भो यहाँ ॥७१॥
यी उग्रविद्या मानिन्छिन् अनिष्ट नाश गर्दछिन् ।
विद्या, शक्ति र ऐश्वर्य यिनैले पूर्ण गर्दछिन् ॥७२॥
त्रिगुणात्मक छिन् देवी त्यसदेखि अतीत छिन् ।
तीन देव, तीन शक्ति, उनैका ती स्वरूप हुन् ॥७३॥
इडा र पिङ्गला नाडी सुषुम्णामा पनि उनी ।
गर्ने विचरण प्राण–शक्ति उन्कै स्वरूप हो ॥७४॥
सृष्टि, पालन, संहार तीन कृत्य पनि उनै ।
गर्दछिन् त्रिपुरा ती हुन् **भैरवी**रूप हुन् स्वयम् ॥७५॥
जगत्मा जन्मने वस्तु प्रत्येक क्षण मर्दछ ।
नित्य प्रलयमा पुग्छ त्यसकी स्वामिनी उनी ॥७६॥

उनकै शक्ति पाएर ब्रह्मा, विष्णु र रुद्रले ।
सृष्टि, पालन, संहार गर्ने हुन् नत्र के गति ।।७७।।
मूलमा भैरवी शक्ति अव्यक्तरूपले उनै ।
रहन्छिन् शक्ति चिति हुन् उनैले विश्व चल्दछ ।।७८।।
सम्पत्प्रदा र **षट्कूटा, भैरवी भुवनेश्वरी** ।
अन्नपूर्णा भैरवी र त्यस्तै **त्रिपुरभैरवी** ।।७९।।
चैतन्य भैरवी उन्कै भिन्न भिन्न स्वरूप हुन् ।
यौटै छिन् तर बेग्लै छिन् प्रपञ्च रूपले उनै ।।८०।।
उन्को उपासना हुन्छ सधैं नै वाममार्गले ।
त्यस्मै प्रसन्न हुन्छिन् ती विश्व कल्याण गर्दछिन् ।।८१।।

महाविद्या छिन्नमस्ता

अन्नपूर्णा भन्छिन्–

छिन्नमस्ता महाविद्या यिन्का विषयमा अब ।
सुन्नचाहन्छु तिनको रूप वर्णन गर्नुहोस् ।।८२।।

विद्यानाथ भन्छन्–

छिन्नमस्ता सिद्धविद्या यिनी अत्यन्त उग्र छिन् ।
प्रचण्डचण्डिका उन्को **प्रचण्डचण्डचण्डिका** ।।८३।।
उनकै नाम हुन् अर्का शत्रुको नाश गर्दछिन् ।
एक्काइस् कुल छेत्रीका नाश भार्गवले गरे ।।८४।।
यिनका नै कृपाले हो सेवा परशुरामले ।
गरेका छिन्नमस्ताको थिए कौलिकमार्गले ।।८४।।
स्नान गर्न भगवती **डाकिनी वर्णिनी** लिई ।
जाँदा उन्का सहेलीले मागे खान उनैसित ।।८६।।
आफैं आफ्ना शिर काटी आफ्नै रगतधारले ।
सहेलीका भोक मेटिन् त्यस्ती भगवती थिइन् ।।८७।।

तीन धारा रगतको निस्क्यो त्यो रक्तधारले ।
डाकिनी र वर्णिनीको बुभूक्षा पनि शान्त भो ॥८८॥
तेश्रो धारा रगतको आफ्नै नै मुखमा पर्‍यो ।
दयाकी शक्ति चण्डी यी विश्व नै तृप्त गर्दछिन् ॥८९॥
छिन्नमस्ता भगवती जति छिन् उग्र बाहिर ।
त्यत्तिकै भित्र उनको वात्सल्यपूर्ण चित्त छ ॥९०॥
अष्टसिद्धि प्राप्त गर्न त्यस्तै नै अभिचारमा ।
उनकै साधनाबाट पूर्ण साफल्य मिल्दछ ॥९१॥
वज्रवैरोचनी उन्को नाम सर्वप्रसिद्ध छ ।
उन्ले दिन्छिन् सर्वसिद्धि समस्त उग्र कर्ममा ॥९२॥
सातौं अर्को महाविद्या धूम्रा हुन् सिद्धिदायिनी ।
ज्यादै उग्र महाविद्या धूमा हुन् इष्टकारिणी ॥९३॥

महाविद्या धूमावती

अन्नपूर्णा भन्छिन्–

धूमावती महाविद्या यिनको के स्वरूप हो ? ।
यिन्को माहात्म्य कस्तो छ ? अब वर्णन गर्नुहोस् ॥९४॥

विद्यानाथ भन्छन्–

धूवाँले ती बनेकी हुन् विधवाको स्वरूप छ ।
आगोमा फाल हालेर पिताका यज्ञमा सती ॥९५॥
मरिन् त्यसैका धूवाँले शक्ति **धूमावती** भइन् ।
अथवा शिवका साथ थिइन् शक्ति प्रिया उमा ॥९७॥
उनलाई भोक लाग्यो मागिन् खाना उनैसित ।
शिवले पर्खन भने भोक अत्यन्त तीब्र भो ॥९७॥
उमाले शिवलाई नै खाइन् भोक समाप्त भो ।
पतिभक्षण गर्नाले विधवाको स्वरूप भो ॥९८॥

धूवाँ निस्क्यो शंभुबाट त्यसैबाट बनिन् उनी ।
अभिचार सबै कर्म पूर्ण गर्न उपासना ॥९९॥
धूमाको नै गर्नुपर्छ त्यसैले सिद्धि मिल्दछ ।
आठौं अर्को महाविद्या सिद्धा हुन् **बगलामुखी** ॥१००॥

महाविद्या बगलामुखी

अन्नपूर्णा भन्छिन्–

भन्नुभो–बगला विद्या अत्यन्त सुप्रसिद्ध छ ।
यिन्को माहात्म्य कस्तो छ ? अब वर्णन गर्नुहोस् ॥१०१॥

विद्यानाथ भन्छन्–

विनाश दुःखको हुन्छ उन्का साधनले सदा ।
बोल्नै दिन्नन् शत्रुलाई जिभ्रो पक्रेर हातले ॥१०२॥
गर्छिन् विनाश उसको गदाका तीब्र घातले ।
त्रैलोक्य स्तम्भिनी विद्या बगला सिद्धिदायिनी ॥१०३॥
उनकै वरले विष्णु रक्षा गर्न समर्थ छन् ।
पीताम्बरा हुन् बगला पहेंला उपचारले ॥१०४॥
प्रसन्न हुन्छिन् रिपुको जिभ्रो स्तम्भन गर्दछिन् ।
द्विभुजा बगला देवी दक्षिणाम्नाय–शक्ति हुन् ॥१०५॥
चतुर्भुजा भने ऊर्ध्व आम्नायात्मक बन्दछिन् ।
बगलाका सबै विद्या हुन्छन् विघ्नविनाशिनी ॥१०६॥

महाविद्या मातङ्गी

अन्नपूर्णा भन्छिन्–

मातङ्गी यी महाविद्या कस्ती हुन् भन्नुहोस् अब ।
तिन्को महात्य र भेद के हुन् ? ती अब भन्नुहोस् ॥१०७॥

विद्यानाथ भन्छन्–

मातङ्गी हुन् महाविद्या वाणी–सिद्धिप्रदायिनी ।
उनको सेवन गर्नाले मूर्ख पण्डित बन्दछ ॥१०८॥

लाटो पनि बोल्न थाल्छ बहिरो सुन्न थाल्दछ ।
पर मूर्ख पनि विद्वान् वक्ता प्रखर बन्दछ ॥१०९॥
उनका नाम र रूप धेरै छन् मन्त्र भेदले ।
उन्का साधनले राज्य सधैं सुस्थिर बन्दछ ॥११०॥
उच्छिष्ट र **संमोहिनी, लघुश्यामा** र त्यस्पछि ।
राज, वश्य, कर्ण, चण्ड मातङ्गी छन् सुपूजित ॥१११॥
मातङ्गीका भेद धेरै हुन्छन् ती सब सिद्ध छन् ।
दुइ आम्नायमा पूजा दक्षिण अनि पश्चिम ॥११२॥
मातङ्गीको प्राय हुन्छ, **मातङ्गी सुमुखी** भने ।
सबै आम्नायमा पूज्या हुन्छिन् यी ता प्रसिद्ध छिन् ॥११३॥

महाविद्या कमला

अन्नपूर्णा भन्छिन्–

कमला यी महाविद्या माहात्म्य यिनको अब ।
रूप वर्णनका साथै सुन्न चाहन्छु भन्नुहोस् ॥११४॥

विद्यानाथ भन्छन्–

दशौं यी हुन् महाविद्या **लक्ष्मी** ऐश्वर्यदायिनी ।
गर्नाले साधना यिन्को सुख सौभाग्य मिल्दछ ॥११५॥
लक्ष्मीका भेद धेरै छन् भिन्न छन् मन्त्र नै पनि ।
उपासना गरे यिन्को भिन्न नै फल मिल्दछन् ॥११६॥
लक्ष्मी पद्मप्रभा विद्या यिनै हुन् **पद्मसुन्दरी** ।
यो विद्या भक्तहरूको इच्छा सिद्धि गराउने ॥११७॥
अर्को **साम्राज्य लक्ष्मी** हो **सर्वसाम्राज्यदायिनी** ।
राजा उपासना गर्छन् राज्य समृद्ध होस् भनी ॥११८॥
अर्की **रमा** अनि **ज्येष्ठा** साधना यिनको गरे ।
वंश संपत्ति पाएर वैकुण्ठ–वास मिल्दछ ॥११९॥

अर्की छिन् **सिद्धिलक्ष्मी** उत्तराम्नायमा यिनी ।
संपूजित हुने गर्छिन् सुख–समृद्धि मिल्दछ ॥१२०॥
सौभाग्यलक्ष्मी, कमला, महालक्ष्मी र **श्री** अनि ।
राज्यलक्ष्मी, गृहलक्ष्मी, स्वर्गलक्ष्मी सबै यिनी ॥१२१॥
त्रिशक्तिलक्ष्मी अर्की छन् ब्रह्मा विष्णु महेशकी ।
जति हुन्छन् फल राम्रा यिनकै नै अधीन छन् ॥१२२॥
महाकाली, महालक्ष्मी अनि **महासरस्वती** ।
यिनै हुन् **त्रिशक्तिलक्ष्मी** अनिष्ट नष्ट गर्दछिन् ॥१२३॥
महाविद्या, सिद्धविद्या, विद्या यी युग भेदले ।
भिन्न भिन्न हुने गर्छन् यिन्मा फरक पर्दछ ॥१२४॥

महाविद्या, सिद्धविद्या र विद्याको भेद

अन्नपूर्णा भन्छिन्–

महाविद्या, सिद्धविद्या, विद्या यी तीन भन्नुभो ।
यिनमा कुन के के हुन् अब वर्णन गर्नुहोस् ॥१२५॥

विद्यानाथ भन्छन्–

महाविद्या, सिद्धविद्या, विद्या यी युगभेदले ।
बेग्लाबेग्लै हुने गर्छन् म भन्छु ध्यानले सुन ॥१२६॥
काली, तारा, छिन्नमस्ता, श्रीविद्या, भुवनेश्वरी ।
कमला सिद्धविद्या हुन् त्रिशक्ति बगला भने ॥१२७॥
महाविद्या भैरवी र धूमा, मातङ्गिनी यिनी ।
विद्या हुन् सत्ययुगमा त्रेतामा हुन्छ अन्तर ॥१२८॥
काली, तारा, सुन्दरी यी सिद्धविद्या त्यहाँ पनि ।
हुन्छन् अनि महाविद्या मातङ्गी, भुवना, रमा ॥१२९॥

धूमा अनि भैरवी ता विद्या केवल बन्दछन् ।
द्वापर युगमा काली, तारा, छिन्ना र भैरवी ॥१३०॥
सिद्धविद्या भनिन्छन् ती सुन्दरी, भुवना, रमा ।
धूमावती महाविद्या, मातङ्गी, भैरवी भने ॥१३१॥
विद्या हुन्छन्, तर काली कलिमा त विशिष्ट छिन् ।
कलिमा सिद्धविद्या हुन् काली, छिन्ना र तारिणी ॥१३२॥
सुन्दरी, भैरवी, लक्ष्मी, मातङ्गी, भुवनेश्वरी ।
महाविद्या, अनि विद्या धूमा र बगला त हुन् ॥१३३॥
विद्याकी नै महारानी काली हुन् कलि–कालमा ।
चिताएको पूर्ण गर्ने चिन्तामणि यिनै त हुन् ॥१३४॥
कलिका दोषको नाश गर्नाले नाम कालिका ।
त्यस्तै नाम दक्षिणा हो वरदान दिने हुँदा ॥१३५॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रको रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको देवतापादमा महाविद्या, सिद्धविद्या, विद्या नामक त्रितालीसौं अक्ष–र सकियो ।

चवालीसौं अक्ष - ल

महाविद्याका भैरवहरू

अन्नपूर्णा भन्छिन्–

महाविद्याहरू को हुन् माहात्म्य तिनको पनि ।
भन्नुभो, भैरवहरू तिनका अब भन्नुहोस् ।।१।।

विद्यानाथ भन्छन्–

कालिकाको **महाकाल**, ताराका तर भैरव ।
अक्षोभ्य हुन्, षेडशीका **ललितेश्वर** भैरव ।।२।।
भुवनाका **महादेव**, छिन्नाका **विकरालक** ।
भैरवीका **वटुक** हुन्, धूमा हुन् विधवा तर ।।३।।
हुन् **नारायण** लक्ष्मीका मातङ्गीका **मतङ्ग** हुन् ।
मृत्युञ्जय बगलाका यिनै हुन् दश भैरव ।।४।।
कसैका मतमा हुन्छन् धूमाका **कालभैरव** ।
कुनै विद्या सिध्द हुन्नन् विना भैरव साथमा ।।५।।
ललितेश्वरकै अर्को नाउँ **त्रिपुरभैरव** ।
भैरव छिन्नमस्ताको अथवा **क्रोधभैरव** ।।६।।
कालभैरव हुन् **घोर**, अनि **अक्षोभ्यभैरव** ।
सद्योजात भनिन्छन् ती त्यस्तै नै अरु नाम छन् ।।७।।
शक्तिका मन्त्रले मात्र विद्या सिध्द हुँदैन त ।
शिवको साथ चाहिन्छ मन्त्र सम्पूर्ण बन्दछ ।।८।।
स्त्रीमन्त्रले भोग दिन्छ मोक्ष पुरुष मन्त्रले ।
उपासना दुबैकाले भोग र मोक्ष मिल्दछन् ।।९।।

विना शक्ति शुष्क शिव न नाम न त धाम छ ।
विना शिव चित्कलामा कलात्व छैन सम्भव ॥१०॥
शिव यो शब्दमा 'इ' नै शक्तिको नै प्रतीक हो ।
शक्तियुक्त शिवले नै जगत् कल्याण गर्दछन् ॥११॥
हो चिति–शक्ति, कला, शिव यौटा नभैकन ।
चित्कला नै पूर्ण हुन्न, पूर्णतामै त सिध्दि छ ॥१२॥
बीजाङ्कुर-न्याय जस्तै शिव, शक्ति दुबै मिले ।
अनि मात्र जगत् बन्छ विश्वको सृष्टि चल्दछ ॥१३॥

महाविद्याका भिन्नताहरू

अन्नपूर्णा भन्छिन्–

महामाया भगवती यौटै छिन् ब्रह्मरूपिणी ।
कसरी ती दश भइन् भिन्न–भिन्न पनि भइन् ॥१४॥
विद्या ता छन् अरु पनि कसरी दश मात्र भो ।
विधा भए अरु पनि त्यस्को विस्तार गर्नुहोस् ॥१५॥

विद्यानाथ भन्छन्–

देवता ब्रह्म हुन् साक्षात् सत् चित् आनन्दरूप हुन् ।
उन्का छैनन् नाम, रूप यौटै छन् अद्वितीय छन् ॥१६॥
जसको देह नै छैन त्यस्ता निष्कल ब्रह्मको ।
सबैका हितका लागि कल्पना हुन्छ रूपको ॥१७॥
कामनाका भेद हुँदा देवता–रूप नै पनि ।
भिन्न हुन्छन् मन्त्र पनि प्रयोग तिनका पनि ॥१८॥
भिन्न हुन्छन्, फल पनि हुन्छन् भिन्नै र देवता ।
देखिन्छन् सब नै भिन्न तर यौटै छ देवता ॥१९॥
एउटै हुन् महामाया निर्गुण ब्रह्मरूपिणी ।
तिनै नै हुन् महाविद्या दश वा तेन्ह, सोह्र नै ॥२०॥

महाविधा दश तिनै जस्को वर्णन भैसक्यो ।
अरु छन् जो सिध्दविद्या तिन्को वर्णन गर्दछु ।।२१।।
विद्या अनन्त छन् तिन्को सकिन्न गर्न वर्णन ।
सबैको, तैपनि मुख्य जो छन् ती भन्दछु सुन ।।२२।।
काली, तारा, छिन्नमस्ता, सुन्दरी बगला रमा ।
मातङ्गी भुवना, धूमावती र **भैरवी** दश ।।२३।।
चण्डेश्वरी, लघुश्यामा अनि **त्रिपुरनायिका** ।
यी तेन्ह छन् महाविद्या, कसैका मतमा भने ।।२४।।
काली, तारा, छिन्नमस्ता, सुन्दरी, बगला, रमा ।
मातङ्गी, भुवना, धूमावती र **भैरवी** अनि ।।२५।।
जयदुर्गा, शूलिनी र **त्रैलोक्यविजया** अनि ।
अश्वारूढा र **वाराही, अन्नपूर्णा** यिनै भए ।।२६।।
काली, नीला, महादुर्गा, ललिता, छिन्नमस्तका ।
वाग्वादिनी, अन्नपूर्णा त्यस्तै **प्रत्यङ्गिरा** अनि ।।२७।।
कामाख्या, वशिनी, बाला, मातङ्गी, शैलवासिनी ।
इत्यादि विद्या धेरै छन् सबै हुन् फलदायिका ।।२८।।
महामाया त यौटै छिन् नाम, रूप अनेक छन् ।
लक्ष्मी, भवानी, गिरिजा, दुर्गा, चण्डी, महेश्वरी ।।२९।।
भद्रकाली र **कौमारी, वाराही, वैष्णवी**, अनि ।
ऐन्द्री, ब्राह्मी र **चामुण्डा, विद्या, माया** तथा **परा** ।।३०।।
महामाया र **प्रकृति** अरु नाम कति कति ।
अनन्त उनका नाम अनि रूप अनन्त छन् ।।३१।।
तर समष्टि सबको यौटैमा हुन्छ ब्रम्हमा ।
यौटै महासागरमा नदी धेरै मिले सरी ।।३२।।

अनन्त रूपमा यौटै योगीले तत्त्व पाउंछन् ।
यौटै तत्त्व विश्वभरि व्याप्त संपूर्ण रूपले ।।३३।।
अभेद ज्ञान हुनु नै वस्तुतः तत्त्वज्ञान हो ।
सबैलाई भिन्न मान्नु हेय अज्ञान मात्र हो ।।३४।।

दुर्गा–नवदुर्गा

अन्नपूर्णा भन्छिन्–

दुर्गाको रूप कस्तो छ, तिनका भेद छन् कति ।
नवदुर्गा सबै भन्छन् गर्नुहोस् अब वर्णन ।।३५।।

विद्यानाथ भन्छन्–

प्रकृष्ट सृष्टि प्रकृति चल्यो जस्का प्रभावले ।
महामाया तिनै दुर्गा हुन् सबै शक्तिरूपिणी ।।३६।।
सृष्टि चालनमा बाधा दुर्गमासुर दैत्य हो ।
त्यसको बध गर्नाले दुर्गा यो नाम पर्नगो ।।३७।।
दुर्गामै छन् सबै शक्ति, सबै विद्या र मन्त्र छन् ।
तिन्को पूजन गर्नाले सबैको हुन्छ पूजन ।।३८।।
शारदीय उत्सवमा त्यसैले सब देवता ।
दुर्गाकै रूपमा हुन्छन् तिनैमा हुन्छ पूजन ।।३९।।
दुर्गाकै मन्त्रले आफ्नो इष्ट र कुलदेवता ।
सबैको अर्चना गर्ने पूरा विधिविधान छन् ।।४०।।
सबै देव–देवताका बनेकी दिव्य तेजले ।
दुर्गा हुन्, उनमै हुन्छन् देवी शक्ति सबै त्यहीं ।।४१।।
समष्टि रूप हुन् दुर्गा सर्वशक्तिस्वरूपिणी ।
यौटी छिन् तर उनले नौवटै रूप धर्दछिन् ।।४२।।
त्यसैले नै नवदुर्गा उनको नाम पर्नगो ।
नवदुर्गा पनि त्यस्तै भिन्न छन् कल्पभेदले ।।४३।।

उग्रचण्डा, भद्रकाली, नीललोहित कल्पमा ।
नवदुर्गा तीनमा यी बेग्ला बेग्लै स्वरूप छन् ॥४४॥
उग्रचण्डा कल्पका ती नवदुर्गाहरू सुन ।
रुद्रचण्डा, प्रचण्डा र **चण्डोग्रा, चण्डनायिका** ॥४५॥
चण्डा, चण्डवती, चण्डरूपा र **अतिचण्डिका** ।
महोग्रचण्डा यी नौ नै दुर्गाका नौ स्वरूप छन् ॥४६॥
भद्रकाली कल्पका ती नवदुर्गाहरू सुन ।
पहिलो **शैलपुत्री** हुन् दोश्रो हुन् **ब्रह्मचारिणी** ॥४७॥
तेश्रो हुन् **चन्द्रघण्टा** र **कुष्माण्डा** चाहिँ त्यस्पछि ।
चारौँ, पाचौँ **स्कन्दमाता**, छैठौँ **कात्यायनी** भइन् ॥४८॥
सातौँ हुन् **कालरात्री** र **महागौरी** त आठवाँ ।
नवौँ दुर्गा **सिध्दिदात्री** नवदुर्गा यिनै भए ॥४९॥
ब्राह्मी, रौद्री र **कौमारी, वैष्णवी** अनि त्यस्पछि ।
वाराही अनि **इन्द्राणी, चामुण्डा** र रमा अनि ॥५०॥
नारसिंही नौ जना यी दुर्गाका नै स्वरूप हुन् ।
नवदुर्गा रूपमा नै यिनको हुन्छ पूजन ॥५१॥
अठार हातकी दुर्गा **उग्रचण्डा** भयानका ।
यिनले नै बध गरिन् पहिले महिषासुर ॥५२॥
फेरि जन्म्यो त्यही दैत्य अर्को कल्प वितेपछि ।
दुर्गादेवी **भद्रकाली** जसका सोऱ्ह हात छन् ॥५३॥
दोश्रो पल्ट यिनैले नै मारिन् त्यो महिषासुर ।
फेरि पनि त्यही दैत्य जन्म्यो र त्यसलाई ता ॥५४॥
मारिन् **कात्यायनी**ले नै जसका दश हात छन् ।
अत्यन्त सुन्दरी दुर्गा तिनै बाट मरुँ भनी ॥५५॥

मागेका वरले गर्दा उन्को त्यो अवतार भो ।
दुर्गाका यी तीन रूप विशेष पूजनीय छन् ॥५६॥
महाकाली, महालक्ष्मी, महासरस्वती
अन्नपूर्णा भन्छिन्–
महाकाली, महालक्ष्मी, अनि महासरस्वती ।
यी को हुन् यिनका रूप कस्ता छन् अब भन्नुहोस् ॥५७॥
विद्यानाथ भन्छन्–
महाकाली, महालक्ष्मी अनि महासरस्वती ।
यी ता त्रिशक्ति दुर्गा हुन् यिनको छ विशेषता ॥५८॥
शरत् उत्सवमा खास वासन्तीमा त्यसैगरी ।
अर्चना सबले गर्छन् पाठ चण्डी सधैं गरी ॥५९॥
चरित्र तीन चण्डीका यिनै हुन् मुख्य देवता ।
यी तीनै नवदुर्गाका समष्टि एक रूप हुन् ॥६०॥
दशभुजा दशमुखी **महाकाली**–स्वरूप र ।
अठार हातकी दुर्गा **महालक्ष्मी**–स्वरूप हुन् ॥६१॥
महासरस्वती दुर्गा जसका आठ हात छन् ।
नवार्ण मन्त्रले यिन्को गरिन्छ पूर्ण अर्चना ॥६२॥
शरत्कालिक पूजामा ल्याएर नवपत्रिका ।
तिनमा अर्चना हुन्छ नवदुर्गा स्वरूपका ॥६३॥
ब्रह्माणी, कालिका, दुर्गा, कार्तिकी र **शिवा** पछि ।
श्रीरक्तदन्तिका, शोकहारिणी र **रमा** अनि ॥६४॥
चामुण्डा नौवटी देवी **कात्यायनी** स्वरूप हुन् ।
नौवटी जो कुमारी छन् नवदुर्गा यिनै पनि ॥६५॥
शरत्कालिक पूजामा हुन्छन् नित्य सुपूजित ।
यिनका नाम पहिले भनें दुर्गा प्रसङ्गमा ॥६६॥

नन्दा, **रक्तदन्तिका** र, **दुर्गा**, **शाकम्भरी** अनि ।
भीमा र **भ्रामरी** देवी दुर्गाका अङ्ग हुन् यिनी ।।६७।।
दुर्गाले यी रूप लिई विनाश दैत्यको गरी ।
कल्याण भक्तको गर्छिन् यसैले पूज्य बन्दछन् ।।६८।।
दुर्गा ता ब्रह्म हुन् साक्षात् यिनैले ब्रह्मरूपता ।
आफैंलाई बताएको प्रसङ्ग मननीय छ ।।६९।।

कुमारी

अन्नपूर्णा भन्छिन्–

साधना हुन्न सम्पन्न कुमारी अर्चना विना ।
भन्नुभो ती कुमारीका नाम वर्णन गर्नुहोस् ।।७०।।

विद्यानाथ भन्छन्–

कुमारीका नाम भिन्न हुन्छन् ती कल्पभेदले ।
सबमा नौ कुमारी छन् ती हुन्छन् सर्व पूजित ।।७१।।
श्रध्दा, **बाला**, **कालिका** र **मालिनी** र **बसुन्धरा** ।
सरस्वती, **रमा**, **गौरी**, **दुर्गा** नौ हुन् कुमारिका ।।७२।।
कुमारी र **त्रिमूर्ति** र **कल्याणी** अनि **रोहिणी** ।
कालिका, **चण्डिका**, त्यस्तै **शाम्भवी** अनि त्यसपछि ।।७३।।
दुर्गा, **सुभद्रा** यी नै हुन् **कुमारी** अन्य कल्पका ।
हृल्लेखा, **गगना**, **रक्ता**, **महोच्छूष्मा**, **करालिनी** ।।७४।।
इच्छा, **ज्ञान**, **क्रिया**, **दुर्गा** नौ अरु अन्य कल्पमा ।
तर नौ नौ कुमारी छन् कल्प जो जो भए पनि ।।७५।।
दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ, दश ।
वर्षका बालिका हुन्छन् कुमारी नौवटी सुन ।।७६।।
हुन्छिन् **सुवासिनी** पूज्या शक्ति साधनकालमा ।
यिनको पूजनविना हुँदैन पूर्ण अर्चना ।।७७।।

विभिन्न आम्नायका देवता

अन्नपूर्णा भन्छिन्–

विभिन्न आम्नायहरू तिनका अरु देवता ।
मुख्य मुख्य तिनी को हुन् ? सुन्न चाहन्छु भन्नु होस् ।।७८।।

विद्यानाथ भन्छन्–

व्याहृति र **ब्रह्मविद्या गायत्री श्रीगणेशजी** ।
मृत्युञ्जय, नीलकण्ठ बाला अनि **मतङ्गिनी** ।।७९।।
भुनेशी, अन्नपूर्णा श्रीविद्या देवता यिनी ।
पूर्व आम्नायमा पूज्य यिनै हुन् मुख्य देवता ।।८०।।
बगला अनि **वाराही**, **लक्ष्मी**, **महिषमर्दिनी** ।
त्वरिता, **वशिनी** त्यस्तै **भैरव**, **वटुकत्रय** ।।८१।।
अघोर, शरभ, खड्ग रावण, वीरभद्र र ।
शैव, पाशुपतास्त्र र **स्वर्णभैरव** देवता ।।८२।।
दक्षणामूर्ति मन्त्रादि शैव–आगमका सबै ।
अवरणदेवता यी दक्षिणाम्नायका बुझ ।।८३।।
लोपामुद्रा, अन्नपूर्णा, अम्बा र **भुवनेश्वरी** ।
प्रत्यङ्गिरा भवानी र **वाग्वादिनी सरस्वती** ।।८४।।
चौसठ्ठी योगिनी, सिध्दा विष्णु र **सर्व देवता** ।
पश्चिमाम्नायमा पूज्य हुन्छन् यी देवता सबै ।।८५।।
दुर्गा, कात्यायनी, चण्डी, तारा र **कालिका** पनि ।
सबै **तिन्का भेदहरू, मातङ्गी**, अनि **भैरवी** ।।८६।।
धूमावती, छिन्नमस्ता, यिन्का भेदहरू सबै ।
महाकाली, कामकला काली प्रत्यङ्गिरा अनि ।।८७।।
गुह्यकाली भेद उन्का सिध्दिलक्ष्मी र **भैरवी** ।
उत्तराम्नायमा पूज्य हुन्छन् विद्याहरू यिनी ।।८८।।


समस्त भेदले युक्त **काली** बाइस अक्षरी ।
श्रीप्रासाद परा मन्त्र यिन्की **परा अधीश्वरी** ।।८९।।
परापरा भगवती सबै शाम्भवपीठका ।
दिने चतुर्विधा मुक्ति ऊर्ध्व आम्नायदेवता ।।९०।।
नाग शक्तयादि जो मन्त्र, सबै नै **बौध्ददेवता** ।
अध–आम्नायका हुन्छन् त्यस्तै विद्याहरू अरु ।।९१।।
शिवका छ वटा वक्त्र सबै आम्नायस्रोत हुन् ।
जोबाट विद्या जो निस्क्यो त्यसै आम्नायको भयो ।।९२।।
चारै दिशामा छन् चार माथि र तल छ भए ।
वक्त्र यी छवटाबाटै सबै विद्याहरू भए ।।९३।।
कुनै विद्या एउटैमा, कुनै विद्या अनेकमा ।
कुनै विद्या छवटैमा पूज्य छन् सब यो बुझ ।।९४।।
आम्नाय छवटा मात्र सर्वत्र सुप्रसिध्द छन् ।
तर अनुत्तराम्नाय अर्को छ यो रहस्य हो ।।९५।।
सामीप्य, सार्ष्टी, सारूप्य, सायुज्य चार मुक्तिको ।
प्रयोजन सिध्द गर्ने विद्या अतिविशिष्ट छन् ।।९६।।
ती शिवका हार्दवक्त्र जस्मा वक्त्रहरू सबै ।
अन्तर्लीन भई बस्छन् ती बाटै उपदिष्ट हुन् ।।९७।।
राजराजेश्वरी विद्या, कालसंकर्षिणी अनि ।
कुल पञ्चदशी विद्या श्रीका जो जति छन् सबै ।।९८।।
परा निष्कलविद्या र सबै नै गुरुपादुका ।
अनुत्तराम्नायमा ती हुन्छन् सर्वउपासित ।।९९।।
आनन्द र **रहस्य** गरी दुइ आम्नाय अन्य नै ।
कोही मान्छन् यसैभित्र यसमा मतभेद छ ।।१००।।
कसैले आम्नायहरू छ वा सात र आठ यी ।
मान्दछन् तर छ आम्नाय सबमा सुप्रसिद्ध छन् ।।१०१।।

सबै छ आम्नायहरू सबै विद्या र देवता ।
श्री विद्याका चक्रराज त्यसैमा विद्यमान छन् ।।१०२।।
त्यसैले यो चक्रराज सर्वाम्नायविशिष्ट छ ।
सर्वविद्यामय छ यो छ सर्व देवतामय ।।१०३।।
विद्याका सब शाखा र उपविद्याहरू पनि ।
यस्मै उपासिता हुन्छन्, शिवशिक्तस्वरूप छ ।।१०४।।
संबद्ध देवता मात्र अरुमा हुन्छ पूजित ।
श्रीचक्रमा त सबकै अर्चना हुनसक्तछन् ।।१०५।।
विश्व नै हो **श्रीचक्र** जे छ यो विश्वमा सबै ।
यसमै भावना हुन्छ यसमै सब देवता ।।१०६।।
श्रीचक्रराज पनि हो यसमा अयनादिको ।
गरेर भावना पूजा हुन्छ, यो ब्रम्हाण्डस्वरूप हो ।।१०७।।
विश्व पुरुषको रूप यसमा हुन्छ कल्पना ।
देहका योग चक्रादि हुन्छन् अन्तर्भूत यहीं ।।१०८।।
गणेश, सूर्य र विष्णु, शिव, शक्ति सबै अरु ।
यिन्का सबै भेदहरू, यक्ष, गन्धर्व, योगिनी ।।१०९।।
सबै शस्त्र–अस्त्रहरू देवतारूपमा सबै ।
गर्ने पूजन मन्त्रादि पाइन्छन् तन्त्रशास्त्रमा ।।११०।।
दीक्षा लिई गुरुबाट जगाई बीज मन्त्र ती ।
तिन्को साधन गर्नाले चाहेको सब मिल्दछ ।।१११।।
नाना ऐश्वर्यको भोग भोगेर यस लोकमा ।
देवता पद वा मोक्ष पाइने यो विधान हो ।।११२।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको देवतापादमा भैरव, दुर्गा, आदि देवता नामक चवालीसौं अक्ष–ल सकियो ।



सिद्ध श्री नारायण भट्ट र उनकी सहधर्मिणी तन्त्र साधनामा



विद्यानाथ भट्ट र सहधर्मिणी अन्नपूर्णा भट्ट साधनामा

पैंतालिसौं अक्ष - व

साधनापाद

पुरश्चरण

अन्नपूर्णा भन्छिन्-

देवताहरूको चर्चा जो भयो त्यो सुनें सबै ।
यिनको साधनाबारे जान्ने इच्छा भयो अब ॥१॥
साधनाका कुरा केही हुन त पहिले पनि ।
भन्नुभो, त्यो सुनकै हुं, तर सामान्य यो भयो ॥२॥
विशेष साधना केही भन्नुहोस् तन्त्रका अब ।
जो सुसम्पन्न गर्नाले विशिष्ट फल मिल्दछ ॥३॥

विद्यानाथ भन्छन्-

तन्त्रको साधना गर्न नभई न हुने कुरा ।
दीक्षा हो त्यो सद्गुरुबाट पहिले लिनुपर्दछ ॥४॥
यो कुरा पहिले मैले भनें धेरै प्रसङ्गमा ।
यो बिर्सनु हुँदैहुन्न नत्र ता विघ्न पर्दछ ॥५॥
शास्त्रीय विधिले दीक्षा लिई आसनमा बसी ।
अन्तर्याग बहिर्याग सबै विधि-विधानले ॥६॥
गर्नुपर्छ भनें मैले सबै त्यो सम्झना गर ।
विशेष साधनाबारे अब केही बताउँछु ॥७॥
कुनै मन्त्र सिध्द गर्न संस्कार त्यसको गरी ।
शास्त्रीय विधिले गर्नु पुरश्चरण राम्ररि ॥८॥

यसमा जप नै मुख्य तत्त्व हो त्यसमा पनि ।
संख्या निश्चित जो हुन्छ पुग्नुपर्दछ त्यो सबै ॥९॥
देवता र मन्त्रभेद यसले तन्त्र–शास्त्रमा ।
जपसंख्या तोकिएको हुन्छ त्यो बुझ्नु पर्दछ ॥१०॥
एउटै हुन्न त्यो संख्या देवता, मन्त्रभेदले ।
भिन्नाभिन्नै हुन सक्छन् पुग्नुपर्दछ त्यो सबै ॥११॥
पुरश्चरणमा खास हुन्छन् नियम–बन्धन ।
राम्ररि पालन गरे क्रिया सफल बन्दछ ॥१२॥
शुध्द आचारमा बस्नु, हविष्य गर्नु भोजन ।
देवतामा मन दिनु, मौन बस्नु विशेषतः ॥१३॥
काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य र अनि ।
छुल्याहापन र निन्दा यी बाट बच्नुपर्दछ ॥१४॥
नपुगेसम्म नै संख्या एकनास गरी सधैं ।
जप गर्ने अर्चना र होम, तर्पण यी सबै ॥१५॥
गरेमा मन्त्रको सिद्धि हुन्छ यो मुख्य साधना ।
हो, यो विना मन्त्रले ता काम गर्दैन क्यै गरी ॥१६॥
पुरश्चरणका भेद धेरै छन् बुझ्नुपर्दछ ।
पशु, वीर, दिव्य, कौल मन्त्रका विधि भिन्न छन् ॥१७॥
भिन्न आचार छन् यिनका भिन्नभिन्न विधान छन् ।
उपचार पनि भिन्न, क्रिया छन्, भिन्न यो बुझ ॥१८॥
जस्तो आचार जस्को छ त्यसै आचारमा बसी ।
त्यही क्रिया गर्नुपर्छ त्यस्तै नै उपचारले ॥१९॥
म–पञ्चक छुनैहुन्न पशुले, तर वीरले ।
कौलले साधना गर्दा न भई हुन्न त्यो बुझ ॥२०॥

दिव्यको ता कुरै छैन सबै साधन दिव्य छन् ।
अरु मन्त्र साधनामा देश, काल र साधन ॥२१॥
पुग्नपर्छ, महामन्त्र साधना गर्नुछ भने ।
यस्को नियम नै छैन जप नै मुख्य बन्दछ ॥२२॥
सामान्य मन्त्रको सिद्धि भएको गुरुले बुझी ।
उनैबाट महामन्त्र पाइन्छ भाग्यले पुनः ॥२३॥

मन्त्रसिद्धिको विघ्न–अपसारण

अन्नपूर्णा मन्छिन्–

मन्त्रको पूर्ण संसिध्दि पुरश्चरणले पनि ।
नभए अनि के गर्ने अर्को केही उपाय छ ? ॥२४॥
मन्त्रसिध्दि हुनै पर्ने कुनै पनि उपायले ।
नत्र ता इष्टको सिध्दि न हुने तथ्य भन्नुभो ॥२५॥

विद्यानाथ भन्छन्–

धेरै नै पाप छ भने, प्रतिबन्ध भए अरु ।
असिध्द गुरुको मन्त्र लिएको छ भनेपनि ॥२६॥
अथवा दैवको इच्छा विरोधी सिध्दिको भए ।
हुँदैन मन्त्रको सिध्दि यस्को अर्को उपाय छ ॥२७॥
बिन्दुयुक्त मातृकाको अनुलोम विलोमले ।
संपुटित गरी मन्त्र सयपल्ट जप्यो भने ॥२८॥
दिनहुँ, एक महिमा सम्म यस्का प्रभावले ।
सबै हटी विध्नबाधा मन्त्र संसिध्द बन्दछ ॥२९॥
त्यस्मा पनि कुलमन्त्र भएन सिध्द त्यो भने ।
संपुटित गरी **भूतलिपिले** मन्त्र त्यो क्रिया ॥३०॥
गरे सम्पूर्ण त्यो मन्त्र चाँडै नै सिध्द बन्दछ ।
देवता उग्र ज्यादै नै भएमा जप–पूजन ॥३१॥

गर्दै तीनकाल राती मकार–पांचले पनि ।
कुल पूजा गरे मन्त्र चाँडै संसिध्द बन्दछ ।।३२।।
तैपनि मन्त्रको सिध्दि नभए अरु उपायले ।
प्रतिबन्ध हटाएर सिध्दि ता लिनु पर्दछ ।।३३।।
तन्त्रका योगले मन्त्र चाँडै नै सिध्द बन्दछ ।
हुन्छन् धेरै विध्न–बाधा पन्छाई बढ्नुपर्दछ ।।३४।।

दूतीयाग (शक्तिपूजा)

अन्नपूर्णा भन्छिन्–

दूती याग भनी नाम लिनु भो शक्ति पूजन ।
यस्मा हुन्छ भन्नु भो यो अलि विस्तार गर्नुहोस् ।।३५।।

विद्यानाथ भन्छन्–

दूतीयाग साधना यो रहस्यमय गोप्य छ ।
नारीका अङ्गमा बस्छन् समस्त शक्ति–देवता ।।३६।।
प्रत्यक्ष शक्ति हुन् नारी यो पूजा हुन्छ उत्तम ।
कुल दीक्षा लिएकाले गर्दछन् यो प्रपूजन ।।३७।।
कुलाधिकार यसमा पहिले लिनुपर्दछ ।
नारीका देहमा काम–कलाको हुन्छ अर्चना ।।३८।।
समस्त न्यास ध्यानादि यसमै गर्नुपर्दछ ।
सम्पूर्ण देवको ता ती नारीका अङ्ग–अङ्गमा ।।३९।।
गरी पूजा उनैलाई देवता–रूप मान्दछन् ।
स्वयं पनि देवरूप भएर आत्मपूजन ।।४०।।
गरेर शक्तिका साथ गर्दछन् योग–उत्तम ।
देवताले दिएका हुन् समस्त योग–साधन ।।४१।।
योग गर्ने पनि देव योग हो देव–पूजन ।
योगले हुन्छ आनन्द त्यो ता देव–स्वरूप हो ।।४२।।

आनन्द हो स्वयं ब्रह्म योग आनन्द–ब्रह्म हो ।
समस्त यो भूत–सर्ग योगैले हुन्छ सम्भव ॥४३॥
योग हो देवको कार्य मोक्षकै लागि हुन्छ यो ।
रहस्य यो लुकेको छ **दूतीयाग** विधानमा ॥४४॥

वीरसाधना

अन्नपूर्णा भन्छिन्–

वीर साधनको नाम लिनुभो के महत्त्व छ ? ।
यसको भन्नुहोस् आज यसको के विधान हो ? ॥४५॥

विद्यानाथ भन्छन्–

चिता–साधन हो **वीर साधना** सिध्दिदायिनी ।
मशानमा हुन्छ पूजा, जप, न्यास सबै कुरा ॥४६॥
भूत, प्रेत, पिशाचादि धेरै हुन्छन् मशानमा ।
पवित्र भयले मुक्त हुनुपर्दछ साधक ॥४७॥
चतुर्दशी, अष्टमीमा विशेष कृष्णपक्षमा ।
मशान–साधना हुन्छ चाँडै सिध्दि दिलाउँछ ॥४८॥
मशान–साधना गर्ने बलियो, वीर, साहसी ।
दयावान् र स्वच्छ, शुचि, सबैको हित चाहने ॥४९॥
हुनुपर्छ त्यसैले नै यस्तो कठिन साधना ।
गर्न सक्छ साधनामा त्यसैको अधिकार छ ॥५०॥
मशानका अधिपति काल भैरव, कालिका ।
उनका गणका साथ यिनको हुन्छ अर्चना ॥५१॥
दिई बलि सबैलाई पारेर तृप्त साधना ।
शवको मशानमा हुन्छ यसले सिध्दि मिल्दछ ॥५२॥
म–कार पाँचको योग यस्मा हुन्छ विशेषतः ।
कुलद्रव्य देवलाई ज्यादै नै मन पर्दछ ॥५३॥

वीर–साधनले भक्त चाँडै नै सिध्द बन्दछ ।
साधना यो गोप्य हुन्छ गर्ने हो साधिकारले ।।५४।।

महाविद्या–साधना

अन्नपूर्णा भन्छिन्–

महाविद्या दशवटा जस्को वर्णन गर्नुभो ।
तिनका साधनाको विधि र फल भन्नुहोस् ।।५५।।

विद्यानाथ भन्छन्–

काली, तारा, षोडशी र भैरवी, भुवनेश्वरी ।
छिन्ना, धूमा र बगला, मातङ्गी, कमला दश ।।५६।।
महाविद्याहरू यिन्को साधना विधिपूर्वक ।
गर्नाले भोग र मोक्ष दुवै सुलभ बन्दछन् ।।५७।।
साधनाका तीन भेद हुन्छन् सात्विक, राजस ।
तामस यी तीनका नै हुन्छन् भिन्नै प्रयोजन ।।५८।।
ज्ञान र मोक्षका लागि साधना हुन्छ सात्विकी ।
जगत्कल्याणका लागि साधना हुन्छ राजसी ।।५९।।
परपीडा गर्नलाई साधना हुन्छ तामसी ।
तीनका नै भिन्न भिन्न सबै विधि–विधान छन् ।।६०।।
देवता ता सर्वरूप, सर्वशक्तिसमन्वित ।
चिन्तामणि कल्पवृक्ष परब्रह्म–स्वरूप छन् ।।६१।।
भक्तले जुन उद्देश्य लिई साधन गर्दछ ।
त्यो उद्देश्य पूर्ण गर्न देव तत्पर बन्दछन् ।।६२।।
संकल्पमा, भावनामा, कर्ममा भर पर्दछ ।
जस्ले जस्तो कर्म गर्छ त्यस्तै नै फल मिल्दछ ।।६३।।
महाविद्या पनि त्यस्तै तिनका तीन रूप छन् ।
सात्विकी, राजस, अनि तामसी गुणले युत ।।६४।।

जस्तो रूप साधकले चिताई गर्छ साधन ।
त्यस्तै रूप लिई देव साधना पूर्ण गर्दछन् ।।६५।।
वस्तुतः ती दशै विद्या एउटै ब्रह्मरूप हुन् ।
यिन्को कुनै रूप छैन, सबै तिन्कै स्वरूप हुन् ।।६६।।
विभिन्न रूपमा तिन्को हुन्छ भिन्न उपासना ।
उपासना भेदले नै फलमा हुन्छ भिन्नता ।।६७।।
कसैले भावना शुध्द राखी शुध्दोपचारले ।
देवताको दिव्यरूप मानी साधन गर्दछ ।।६८।।
खुसी होउन् देवता र ज्ञान र मोक्ष पाइयोस् ।
भनी साधन गर्नेले त्यस्तै नै फल पाउँछ ।।६९।।
जगत्को भोगकालागि जस्ले साधन गर्दछ ।
त्यस्लाई भोग नै मिल्छ भोगमै डुब्न थाल्दछ ।।७०।।
भोगमा ता तृप्ति छैन भोगले भोग तान्दछ ।
अनेकौं जन्मको भोग भोग्दै त्यस्मै उ रम्दछ ।।७१।।
काम क्रोधादिले युक्त भएर अरुलाई नै ।
दुःख कष्ट दिनानिम्ति जसले अभिचारको ।।७२।।
कर्म सिध्द गर्न देव साधना गर्न थाल्दछ ।
सिध्दि ता मिल्न सक्छ तर आफैं उ फँस्तछ ।।७३।।
राम्रो फल हुँदैहुन्न नराम्रो कर्मको फल ।
दुष्ट साधन गर्नाले आफैं साधक गिर्दछ ।।७४।।
काम–क्रोधदिको नाश फल हो अभिचारको ।
आफ्ना अप्रियको नाश यसको फल होइन ।।७५।।
आठै सिध्दि सिध्द हुन्छन् मन्त्र सिध्द भए भने ।
तर यी ज्ञानमा बाधा हुन्छन् यो बुझ्नु पर्दछ ।।७६।।

सिध्दि हुन् शक्ति यिनको सधैं सदुपयोग होस् ।
यस्को ध्यान हुनैपर्छ यो मुख्य मननीय छ ।।७७।।

शरभ–साधना

अन्नपूर्णा भन्छिन्–

पीक्षराज शरभको स्वरूप, साधना अनि ।
त्यसको फलबारेमा सुन्न चाहन्छु, भन्नुहोस् ।।७८।।

विद्यानाथ भन्छन्–

पक्षिराज शरभ हुन् कालाग्निरुद्र देवता ।
यिनका तीन आँखा छन् चन्द्र, सूर्य र अग्निका ।।७९।।
दुर्गा काली पखेटामा छातीमा भैरव स्वयम् ।
बस्तछन्, तिनको जिभ्रो विद्युत्–अग्नि समान छ ।।८०।।
चार हात, चार पाउ, आधा मृग–शरीर छ ।
उन्का हुंकारले आगो निस्कन्छ सब बल्दछ ।।८१।।
उनको ध्यान गर्नाले जप, पूजन कर्मले ।
पुरश्चरण गर्नाले, होमले सिध्दि मिल्दछ ।।८२।।
शरभ–रुद्रको मन्त्र यदि सिध्द भयो भने ।
सारा शत्रु नष्ट हुन्छन् विपत्ति सब हट्तछन् ।।८३।।

वटुक–साधना

अन्नपूर्णा भन्छिन्–

साधनाले वटुकका मन्त्रको हुन्छ के फल ? ।
उन्को स्वरूप कस्तो छ ? सुन्न चाहन्छु, भन्नुहोस् ।।८४।।

विद्यानाथ भन्छन्–

बाल भैरवको रूप हुन्छ वटुकको सुन ।
देवी पुत्र भनिन्छन् ती सर्वआम्नाय–पूज्य छन् ।।८५।।

सबै अम्नायमा यिन्को विशेष बलि–कार्यमा ।
पूजा हुन्छ वटुकको उन्लाई बलि चढ्दछ ॥८६॥
सात्विक, राजस, अनि तामस तीन ध्यान छन् ।
उन्का, यी ध्यानले पूजा हुन्छन् भिन्न प्रकारका ॥८७॥
सात्त्विकी ध्यान पूजाले अकाल मृत्यु टर्दछ ।
बढ्छ आयु र आरोग्य मोक्षको फल मिल्दछ ॥८८॥
राजसी ध्यान पूजाले धर्म र काम मिल्दछ ।
तामसी ध्यान, पूजाले कृत्या, भूतादि हट्तछन् ॥८९॥
सबै नै शक्ति पूजामा यिनको हुन्छ पूजन ।
यिन्को साधन गर्नाले सब आपत्ति टर्दछन् ॥९०॥
भैरव श्री वटुकको दीपाराधनको क्रिया ।
एक्काइस दिनसम्म गरे विधिविधानले ॥९१॥
आपत्तिबाट उध्दार हुन्छ यो सब मान्दछन् ।
यिन्कै उपासनाले नै विघ्नबाधा हराउँछन् ॥९२॥

कार्तवीर्य अर्जुन (सहस्रार्जुन)–साधना

अन्नपूर्णा भन्छिन्–

कार्तवीर्य साधनाको विधान अब भन्नुहोस् ।
माहात्म्य यसको के हो ? फल के हो ? बताउनोस् ॥९३॥

विद्यानाथ भन्छन्–

कार्तवीर्य अर्जुन हुन् सहस्रार्जुन नाम हो ।
हजार हातले उन्ले शत्रुको नाश गर्दथे ॥९४॥
हजार हातले वाण हजार हान्दथे उनी ।
सबै शत्रुहरू काम्थे उनका नामले पनि ॥९५॥

ऊर्ध्व दक्षिण आम्नाय दुवैमा हुन्छ साधना ।
यिनको, यसले टार्छ सम्पूर्ण दुःख, आपत ।।९६।।
दक्षिणाचारले यिन्को सबै हुन्छन् उपासना ।
वामीका लागि यिनको यो प्रयोग छ वर्जित ।।९७।।

हनुमान्–साधना

अन्नपूर्णा भन्छिन्–

हनुमत्साधना गर्दा भन्नोस् के फल मिल्दछ ? ।
माहात्म्य तिनको के हो ? कसरी गर्नुपर्दछ ? ।।९८।।

विद्यानाथ भन्छन्–

हनुमान् हुन् रामभक्त वायुका पुत्र, वीर हुन् ।
तन्त्रमा उनका मन्त्र साधनाको विधान छ ।।९९।।
हनुमान् हुन् रुद्रमूर्ति बलशाली जितेन्द्रिय ।
नाश राक्षसको गर्ने रामका कार्य–साधक ।।१००।।
जितेन्द्रिय भई यिन्को गरे जप विधानले ।
सबै रोगहरू हट्छन् ज्यादै उग्र भएपनि ।।१०१।।
उन्का चरित्रको ध्यान गर्दै विधिविधानले ।
जप पूजा आदि गर्दा विपत्ति सब हट्तछन् ।।१०२।।
अर्को छ साधना ठूलो हनुभैरव–साधना ।
नरसिंह, गरुड र सिंह, घोडा, बंदेलका ।।१०३।।
पाँच वक्त्र, पन्ध्र आँखा, रूप ज्यादै भयङ्कर ।
छन् तीखा दाँत जसका राता आँखा भयानक ।।१०४।।
छन् दश हात जसमा विभिन्न हतियार छन् ।
हनु–भैरवको यस्तो साधना हुन्छ तन्त्रमा ।।१०५।।
डर, रोग, शुत्रहरू, विपत्ति सब नाशिई ।
ज्ञान ऐश्वर्य र मोक्ष दिन्छ यो सिद्धिले स्वयम् ।।१०६।।

हनुमान्‌को साधना यो ज्यादै शुध्द पवित्र र ।
ब्रम्हचर्य–पालनले गर्नुपर्ने विधान हो ।।१०७।।
दक्षिणाचारले सिध्द हुन्छन् यी हनु–भैरव ।
वामाचार हुँदैहुन्न यस्बाट बच्नुपर्दछ ।।१०८।।

सप्तशती–साधना

अन्नपूर्णा भन्छिन्–

दुर्गा सप्तशती चण्डी यस्को माहात्म्य भन्नुभो ।
के यस्को साधना हुन्छ, भन्नुहोस् त्यसको विधि ।।१०९।।

विद्यानाथ भन्छिन्–

दुर्गा सप्तशती चण्डी मार्कण्डेय पुराणको ।
हो सिध्द अंश, यसको साधनाको विधान छ ।।११०।।
देवी माहात्म्य हो ठूलो यस्को ठूलो विधान छ ।
शास्त्रोक्तविधिले यस्को साधना हुनुपर्दछ ।।१११।।
एक चण्डी, नित्य चण्डी, चण्डी–पुटित मन्त्रको ।
शत, सहस्र, अयुत चण्डीपाठ–विधान छ ।।११२।।
रात्री वैदिक सूक्तादि, रहस्यत्रय पाठ र ।
नवार्ण मन्त्र–जप यी न्यास ध्यानादिका सँगै ।।११३।।
पुरश्चरण गर्ने र हवनादि सबै यिनी ।
चण्डीको साधनाका नै अङ्ग हुन् पुग्नुपर्दछ ।।११४।।
यस्को माहात्म्य ठूलो छ यसले राज्य देशको ।
महामारी पनि शान्त हुन्छ यो सिध्द तथ्य हो ।।११५।।
नित्य, नैमित्तिक, काम्य तीनै पूजन–कर्ममा ।
चण्डीका पाठले दिन्छ सिध्दि साफल्य उत्तम ।।११६।।
चण्डी जस्तो सिध्दि दिने कलिमा छैन साधना ।
हुन सक्छ साधना यो वाम, दक्षिण मार्गले ।।११७।।

तर यस्का प्रक्रिया छन्, धेरै विधि–विधान छन् ।
पालना गर्नु नै पर्छ सिध्दि पाइन्छ निश्चित ।।११८।।
चण्डी जस्तो पाठ छैन, नदिने यसले फल ।
विश्वमा ता छदैछैन यो हो चिन्तामणिसरी ।।११९।।

भैरव, योगिनी, कृत्या, वीरभद्र, अप्सरा आदि साधन

अन्नपूर्णा भन्छिन्–

प्रधान साधना केही भन्नुहोस् अरू छन् भने ।
ती पनि सुन्न चाहन्छु ज्यादै उत्सुक्ता भयो ।।१२०।।

विद्यानाथ भन्छन्–

अनगिन्ति साधना छन् कामना–भेदले हुने ।
सीमा छैन कामनाको साधना कति छन् कति ।।१२१।।
माथि भनिसकें केही अरु केही बताउँछु ।
यी ता संकेत मात्रै हुन् विस्तार गर्न सक्तिन ।।१२२।।
साधना छ भैरवको वीर साधन झैं छ यो ।
यो ता हुन्छ मशानैमा भैरवै नै बनाउंछ ।।१२३।।
योगिनीको साधना छ वामै आचारले हुने ।
यस्ले सिध्दि सबै दिन्छ तर ज्यादै कठीन छ ।।१२४।।
कृत्याको साधना अर्को, त्यस्तै कर्णपिशाचिनी ।
अभिचार कर्ममा ता सिध्दि यस्ले दिलाउँछ ।।१२५।।
वीरभद्र साधना छ रुद्रका उग्र अंशको ।
यसले युध्दमा हुन्छन् सबै शत्रु पराजित ।।१२६।।
काम र अप्सराका साधनाले त्यसै गरी ।
पत्नी मनोरमा मिल्छिन् दाम्पत्य सुख मिल्दछ ।।१२७।।
महाविद्या, सिध्दविद्या, उपविद्या कति कति ।
सबैका साधना हुन्छन् बेग्ला बेग्लै विधान छन् ।।१२८।।

जस्तो साधकको भाव त्यस्तै नै फल मिल्दछ ।
तर यौटा निश्चित छ राख्नु हुन्न कुभावना ॥१२९॥
कुभावका साधनाले क्षणको सुख मिल्दछ ।
परिणाम तर त्यस्को हुँदैहुन्न निरापद ॥१३०॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका
रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको
साधनापादमा विशेष साधना अन्तर्गत
पुरश्चरण, दूतीयाग, वीर आदि
साधना नामक
पैंतालिसौं अक्ष–व सकियो ।

छयालीसौं अक्ष - श

योगपाद


तन्त्रयोग–योगभेद र योगफल

अन्नपूर्णा भन्छिन्–


योगको वर्णन सुनें धेरै अन्य प्रसङ्गमा ।
सन्ध्या पूजा योग नै हो, पूर्ण जीवन योग हो ॥१॥
भन्नुभो यो योग के हो ? यसका भेद छन् कति ? ।
यसको माहात्म्य कस्तो छ ? सुन्न चाहन्छु, भन्नुहोस् ॥२॥

विद्यानाथ भन्छन्–

योगको अर्थ हो जोड्नु जोडमै सब भाव छन् ।
सन्ध्या पूजा सबै कर्म यसैमा पूर्ण बन्दछन् ॥३॥
तत्त्वतः ब्रह्म यौटै छ त्यो हो पूर्ण सनातन ।
स्वप्रकाश ज्ञानरूप, अनादि, अज, अव्यय ॥४॥
त्यसैका अंश हुन् जीव चैतन्यांश स्वरूप हुन् ।
यही जानी दुवै एक भन्ने मान्नु त योग हो ॥५॥
ब्रह्ममा जीवको ऐक्य मानेर यसमै स्थिति ।
हुनु नै योग हो भन्ने मान्दछन् योगविद्हरू ॥६॥
शिव शक्ति दुइवटा देखिन्छन् बाह्य दृष्टिले ।
वस्तुतः ती दुवै एकै हुन् दुबैमा अभेद छ ॥७॥
यही ठान्नु, मान्नु, जान्नु वस्तुतः योग हो भनी ।
योगीहरू सबै भन्छन् यही हो तन्त्रको मत ॥८॥



विद्यानाथ भट्ट योगसाधनामा



मानव शरीरमा योग चक्रहरूको स्थिति

निष्कल र अप्रमेय जो छ ब्रह्म सनातन ।
त्यसैको पूर्ण सन्धान यही योग रहस्य हो ॥९॥
जीवात्मा परमात्मा र ब्रह्म ब्रह्माण्ड एक हो ।
यौटै तत्त्व ब्रह्म-तत्त्व हो भन्ने जान्नु योग हो ॥१०॥
वस्तुः दुइटा भन्नु छँदैछैन कतै पनि ।
ब्रह्म नै हो एक तत्त्व यसैको ज्ञान योग हो ॥११॥
योग के हो भनें मैले यसका भेद भन्दछु ।
यो बुझ्न सजिलो छैन दत्तचित्त भई सुन ॥१२॥
मन्त्र-योग, लय-योग, राज-योग अनि हठ- ।
योग यस्का चार भेद भन्दछन् योगविद्हरू ॥१३॥
आसन, प्राणसंरोध, ध्यान एवं **समाधि** यी ।
माथिका योग चारैमा चारै तत्त्व समान छन् ॥१४॥
स्वस्तिकादि आसनमा स्थिर भै प्राणलाई नै ।
सबै योगिक नाडीमा संचालन गराउनु ॥१५॥
पूर्ण ब्रह्म तत्त्वको नै गरेर ध्यान नित्यशः ।
समाधिमा लीन हुनु यही योग रहस्य हो ॥१६॥
यस्ले दिई ब्रह्मज्ञान जीवन्मुक्त बनाउँछ ।
कैवल्य यसले दिन्छ देहपात भए पछि ॥१७॥
जबसम्म **कुण्डलिनी** सुत्तछिन् मूलपद्ममा ।
तबसम्म सिद्ध हुन्नन् मन्त्र र जप, अर्चना ॥१८॥
जब हुन्छ पुण्यवृध्दि गरिन्छन् योगका क्रिया ।
प्राणसंरोधले हुन्छ कुण्डली जब **जाग्रत** ॥१९॥
अनिमात्र मन्त्र, यन्त्र अर्चना सिध्द बन्दछन् ।
विना योग मन्त्रसिध्दि हुँदैन यो छ निश्चित ॥२०॥

मन्त्रयोग

अन्नपूर्णा भन्छिन्–

योग के हो, भेद यस्का कति छन् के महत्त्व हो ।
भन्नुभो, मन्त्रको योग के हो ? विस्तार गर्नु होस् ।।२१।।

विद्यानाथ भन्छन्–

जस्को मनन गर्नाले सबको त्राण सम्भव ।
हुन्छ त्यो मन्त्र हो यो ता विधिले लिनुपर्दछ ।।२२।।
दीक्षा हुन्छन् भिन्नभिन्न विधान पनि भिन्न छन् ।
दीक्षा सद्गुरुले दिन्छन् तन्त्रशास्त्र–विधानले ।।२३।।
संस्कार मन्त्रका हुन्छन् पहिले गर्नुपर्दछ ।
पुरश्चरण नै फेरि यसको हुनुपर्दछ ।।२४।।
यस्तो मन्त्र बाह्र वर्ष जपेमा सिध्द बन्दछ ।
अनि साधकको इच्छा यसले सिध्द गर्दछ ।।२५।।
मंकारको अर्थ मन, त्रको ता अर्थ प्राण हो ।
मनको प्राणका साथ योग नै **मन्त्र–योग** हो ।।२६।।
यस्लाई राम्ररी बुझ्न देह नै बुझ्नुपर्दछ ।
देहका चक्रका साथ र नाडी संजाल नै पनि ।।२७।।
यिन्का सबै कर्महरू तिन्को संचालनै पनि ।
जाने पछि अनि मात्र बुझिन्छ **मन्त्र–योग यो** ।।२८।।

देहमा चक्रहरूको स्थिति

अन्नपूर्णा भन्छिन्–

कति छन् देहमा चक्र तिनका के स्वरूप हुन् ? ।
कहाँ छन् ती ? नाम के हुन् ? सुन्न चाहन्छु भन्नुहोस् ।।२९।।

विद्यानाथ भन्छन्–

मनुष्य देहमा चक्र छ वटा मुख्य मुख्य छन् ।
तिनका स्थान र रूप म भन्छु ध्यानले सुन ।।३०।।

हुन ता यिनका नाम, रूप र स्थान नै पनि ।
सन्ध्या कै क्रममा मैले संकेत यिनको गरें ।।३१।।
यही कुरा भूतशुध्दि कर्म गर्ने प्रसङ्गमा ।
इशारा भै सक्यो यस्को अब विस्तार गर्दछु ।।३२।।
मूलाधार अधिष्ठान, मणिपूर, अनाहत ।
विशुध्द, आज्ञा छ चक्र देहमा पद्मरूप छन् ।।३३।।
गुदद्वार, अण्डकोष यिनका बीच भागमा ।
चार पाते कमल छ मूलाधार यही त हो ।।३४।।
व, श, ष, स चारवर्ण छन् तिनै चार पातमा ।
बीचमा छ चारकुने पृथ्वी मण्डल माझमा ।।३५।।
पृथ्वी बीज 'लँ' छ त्यस्मा इन्द्र छन् पीत वर्णका ।
त्यही नै छन् ब्रह्मदेव, डाकिनी शक्ति छिन् त्यहीं ।।३६।।
पद्केशरका बीच त्यहीं यौटा त्रिकोण छ ।
'क्लीँ' काम बीज छ त्यस्मा स्वयम्भू-लिङ्ग बीचमा ।।३७।।
साढे तीन पल्ट फन्का मारेर लिङ्गलाई नै ।
सुतेकी छिन् कुण्डलिनी त्यहीं छ चित्कला पनि ।।३८।।
छ चक्रहरूको यो नै मूल आधार चक्र हो ।
सुनका वर्णको पद्म **मूलाधार** भनिन्छ यो ।।३९।।
त्यसमाथि पद्म अर्को छ यसमा दल छ वटा ।
ब, भ, म, य, र, ल वर्ण छन् ती छ पातमा सुन ।।४०।।
अर्धचन्द्राकार पद्म छ त्यस्का बीच भागमा ।
'वँ' बीज छ र त्यसमा राकिणीयुक्त विष्णु छन् ।।४१।।
स्वाधिष्ठान चक्र हो यो यस्मा स्व-परलिङ्ग छ ।
त्यसकै यो अधिष्ठान आगोको तेज-रूप छ ।।४२।।

त्यस्माथिका नाइटोमा पद्म छ दश पातको ।
छन् यस्का पात दशमा ड ढ ण त थ द ध न ।।४३।।
प फ दशवटा वर्ण, मणि झैं तेजिलो छ यो ।
यसका बीचमा अर्को द्वारयुक्त त्रिकोण छ ।।४४।।
माझमा अग्नि 'रँ' बीज त्यसमा शिव–देव छन् ।
यसको वर्ण रातो छ यो चक्र **मणिपूर** हो ।।४५।।
त्यस्माथिका हृदयमा अर्को पद्म अनाहत ।
यसमा छन् बाऱ्ह पात क, ख, ग, घ, ङ, च, छ, ज ।।४६।।
झ ञ ट ठ बाऱ्ह वर्ण यसमा विद्यमान छन् ।
यस्को वर्ण अरुण छ षट्कोण माझ भागमा ।।४७।।
त्यस्भित्र वायु 'यँ' बीज त्यसमा ईश–देव छन् ।
काकिनी–शक्तिले युक्त यो **अनाहतचक्र** हो ।।४८।।
घाँटीमा त्यसको माथि पद्म छ सोऱ्ह पातको ।
यिनमा सबै सोऱ्ह वर्ण स्वरका विद्यमान छन् ।।४९।।
धूवाँको वर्ण यसको बीचमा त त्रिकोण छ ।
आकाश बीज 'हँ' यस्मा हंस ब्रह्म समान छ ।।५०।।
सकिनी–शक्तिले युक्त यस्मा देव सदाशिव ।
सदा रम्छन् जीवले त 'हंस' दर्शन गर्दछन् ।।५१।।
हंस दर्शनले जीव हुने शुध्द हुँदा यही ।
विशुध्दचक्र यसको पर्नगो नाम उत्तम ।।५२।।
त्यस माथि स्थान मूर्धा बीचमा दुइ नेत्रका ।
दुइ पाते कमलमा 'हँ' 'क्षँ' यी दुई बीज छन् ।।५३।।
माझमा 'ॐ' प्रणव छ त्यसमा शम्भु–देव छन् ।
हाकिनी शक्तिले युक्त यो आज्ञा चक्र हो बुझ ।।५४।।

यसमा गुरुको आज्ञा संक्रमित हुने हुँदा ।
आज्ञा यस्को नाम भयो आत्मा यस्मा छ आश्रित ।।५५।।
यी छ चक्रहरू माथि मस्तिष्क भागमा पनि ।
यौटा अर्को कमल छ यस्का पात हजार छन् ।।५६।।
यस्मा 'हंस' बीज हुन्छ, यस्मै छन् गुरु–पादुका ।
कामेश्वर शक्ति उन्की कामेशी देवता त्यहाँ ।।५७।।
गर्छन् निवास यो नै हो शिवको मूल आश्रय ।
चन्द्र मण्डल यस्मै छ ब्रह्मको स्थान हो यही ।।५८।।

नाडीहरू

अन्नपूर्णा भन्छिन्–

छ वटा चक्रको नाम, स्थान रूप सबै सुनें ।
सहस्रार चक्र पनि सबै वर्णन गर्नुभो ।।५९।।
अब नाडीहरू के के कस्ता छन् मुख्य मुख्य ती ? ।
नाम, स्थान, क्रिया तिन्का सुन्न चाहन्छु भन्नुहोस् ।।६०।।

विद्यानाथ भन्छन्–

बहत्तर् हजार नाडी देहमा छन् मनुष्यका ।
एकसय आठ तिनमा, तिन्मा दश प्रधान छन् ।।६१।।
कसैले बाह्र वा तेह्र प्रधान मान्दछन् भने ।
सबैका मतमा तीन नाडी सर्वप्रधान छन् ।।६२।।
सबैको गर्न विस्तार सम्भवै छैन त्यो यहाँ ।
तीनको गर्छु विस्तार दश संकेत गर्दछु ।।६३।।
योगको क्षेत्र गहिरो डुबेको यसमा छ जो_ ।
जस्ले नित्य क्रिया गर्छ त्यसैले बुझ्न सक्तछ ।।६४।।
सुनेर मात्र यो बुझ्न गाहारो अति पर्दछ ।
तैपनि प्रश्न यो सोध्यौ एकाग्र चित्तले सुन ।।६५।।

इडा र पिङ्गला नाडी सुषुम्णा यी प्रधान हुन् ।
योगीले नित्य यिनकै परिचालन गर्दछन् ।।६६।।
चित्रिणी, ब्रह्म र **बज्रा, हस्तिजिह्वा, अलंबुषा** ।
शङ्खिनी, कुहु, गान्धारी, पूषा अनि **यशस्विनी** ।।६७।।
यिनै जो दश नाडी छन् मुख्य छन् यिनका क्रिया ।
संचालन गरी यिन्कै योगीले योग गर्दछन् ।।६८।।
नाम यिन्को भनें मैले स्थान र यिनका क्रिया ।
संक्षेपमा सबै भन्छु मनमा धारणा गर ।।६९।।
इडा यो **चन्द्र नाडी** हो देब्रेतिर छ देहको ।
सेतो छ वर्ण यसको धनुषाकार भैकन ।।७०।।
मूलधारबाट निस्की यो आज्ञासम्म पुग्दछ ।
सबै चक्रहरू बेह्री प्राणसंचार गर्दछ ।।७१।।
इडा गङ्गा तीर्थ नाडी योगीले स्नान गर्दछन् ।
नाडी यो **शीतला** भन्छन् यसले शान्त राख्तछ ।।७२।।
अर्को छ **पिङ्गला** नाडी दाहिनेतिर देहको ।
रातो छ वर्ण यसको सूर्य–नाडी भनिन्छ यो ।।७३।।
मूलाधार चक्रबाटै निस्केर पिङ्गला पनि ।
आज्ञाचक्रसम्म पुग्छ धनुषाकार भैकन ।।७४।।
वायाँपट्टिबाट **इडा** दाहिनेबाट **पिङ्गला** ।
सबै चक्रहरू बेरी प्राण–संचार गर्दछन् ।।७५।।
पिङ्गला नाडी यमुना योगीको मुख्य तीर्थ हो ।
सूर्य जस्तै तेजिलो छ देह तप्त गराउँछ ।।७६।।
जल र तेजको भाग दुवै चाहिन्छ देहमा ।
चाहिन्छन् देहकालागि शान्ति उत्तेजना दुवै ।।७७।।

इडा र पिङ्गला नाडी दुवैका मध्यभागमा ।
नाडी अर्को **सुषुम्णा** छ उज्यालो रूपको छ यो ।।७८।।
सोभ्कै मूल कन्दबाट निस्केर ब्रह्मरन्ध्रमा ।
यो पुग्छ, छ चक्रहरू छन् यसकै बीच–बीचमा ।।७९।।
सबै तेजहरू मिल्दा उज्यालो हुन्छ जे जति ।
त्यत्तिकै यो उज्यालो छ आगोसरी प्रदीप्त छ ।।८०।।
सबै भन्दा मुख्य नाडी तीन यी योग–मार्गका ।
प्रयोग यिनकै गर्छन् योगीले योग कर्ममा ।।८१।।
अर्को नाडी दशवटा नाम ता पहिल्यै भनें ।
तिनका स्थान र कार्य अब संकेत गर्दछु ।।८२।।
सुषुम्णाका माभ्कमा छ **बज्रा** र त्यसकै पनि ।
बीचमा **चित्रिणी** नाडी, त्यसकै पनि बीचमा ।।८३।।
ब्रम्हनाडी छ, यी तीन उत्थान **कुण्डली** हुँदा ।
यिनैलाई स्पर्श गर्दे **कुण्डली** माथि उठ्तछिन् ।।८४।।
कुण्डली हुन् शब्दब्रह्म यसैले तीन यी पनि ।
शब्दब्रह्मै भनिन्छन् ती **चित्रिणी** ब्रह्मद्वार हो ।।८५।।
यस्तै नाडीहरू अन्य विभिन्न भाग देहका ।
जोडेर देहको गर्छन् अंग–चालन राम्ररि ।।८६।।
मन्त्र **योग, हठयोग, लय** र **राज योगमा** ।
प्रयोग सबको हुन्छ योगीले गर्न सक्तछन् ।।८७।।

वायुहरू

अन्नपूर्णा भन्छिन्–

महत्त्व वायुको के छ देहमा भेद छन् कति ? ।
योगमा यिनका काम के छन् ? ती भन्नुहोस् अब ।।८८।।

विद्यानाथ भन्छन्–

पृथ्वी जल वेज वायु आकाश पाँच भूतले ।
प्राणीको देह यो बन्छ तिनमा वायु श्रेष्ठ छ ॥८९॥
रहुञ्जेल् देहमा वायु सबै इन्द्रिय चल्दछन् ।
वायुले देह यो चल्छ यो विना शव बन्दछ ॥९०॥
एउटै वायुका भेद स्थान र कार्य–भेदले ।
पाँच छन्, यिनले गर्दा प्राणी बाँच्तछ लोकमा ॥९१॥
प्राण, अपान र **व्यान, उदान** र **समान** यी ।
वायुका भेद हुन् पाँच यिनका काम भिन्न छन् ॥९२॥
प्राण हो श्वास–प्रश्वास यस्ले जीवित राख्तछ ।
यो सबैको नायक हो यसैले जीव बाँच्तछ ॥९३॥
दिसा, पिशाप र शुक्र जस्ले त्याग गराउँछ ।
अपान वायु हो यस्ले देह शुध्द गराउँछ ॥९४॥
व्यान वायु सदा बस्छ प्राणीका सब अङ्गमा ।
यसले रक्त–संचार नशामा नित्य गर्दछ ॥९५॥
उदान वायु हो अर्को ऊँभो चल्दछ यी सधैं ।
वाणी गीतादि यसले निकाल्ने काम गर्दछ ॥९६॥
हिक्का, डकार र हाछ्यूँ यसले नै गराउँछ ।
यसको गति हो माथि यसैले यो उदान हो ॥९७॥
समान वायुको काम खान पान पचाउने ।
कफवाट पित्तलाई सधैं यो सम राख्तछ ॥९८॥
यसैले नाम यसको **समान** विज्ञ भन्दछन् ।
यस्‌ले सबै अङ्गलाई समान राख्दछ सदा ॥९९॥
हृदय **प्राण**को स्थान गुदा स्थान **अपान**को ।
घाँटी **उदान**को स्थान, **व्यान**का सब अङ्ग हुन् ॥१००॥

नाभि समानको, स्थान सबैका भिन्न भिन्न छन् ।
वस्तुतः वायु यौटै छ स्थान र काम भिन्न छन् ॥१०१॥
नाग, कृकल र **कूर्म, देवदत्त, धनञ्जय** ।
यी पनि पाँच छन् भेद वायुका विज्ञ भन्दछन् ॥१०२॥
डकार आउँदा **नाग**, आँखा हेर्दा र चिम्लंदा ।
कूर्म, कृकल छयूँ गर्दा, हाईमा **देवदत्त** र ॥१०३॥
मरे पछि पनि केही बेरसम्म **धनञ्जय** ।
रहने पाँच यी वायु यसका दश भेद छन् ॥१०४॥
नाग आदि पाँच वायु प्राणादि पाँच वायु मै ।
पर्दछन् भिन्न ती छैनन् भन्ने छ मत–भिन्नता ॥१०५॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको योगपादमा योग, योगभेद, योगफलनामक छयालीसौं अक्ष–श सकियो ।

सच्चालीसौं अक्ष-ष

प्राणायाम

अन्नपूर्णा भन्छिन्–

चक्र, नाडी, वायु भेद सबै यी भन्नभो सुनें ।
अब प्राणायाम के हो यस्को विस्तार गर्नुहोस् ॥१॥

विद्यानाथ भन्छन्–

प्राणको गति आफ्नै छ श्वास–प्रश्वासरूपको ।
स्वाभाविक गति त्यस्को रोकी आफ्नै हिसावले ॥२॥
सास तान्नु, रोक्नु भित्रै, विस्तारै छोड्नु बाहिर ।
बाहिरै रोक्नु त्यो फेरि भित्रै तान्नु विधानले ॥३॥
प्राणायाम यही नै हो योगीको प्राणमाथि नै ।
नियन्त्रण हुने कर्म, यसले शक्ति जाग्दछ ॥४॥
रोग व्याधि सबै हट्छन् चित्त नै शुध्द बन्दछ ।
ज्ञान फुर्छ, शक्ति जाग्छ मोक्षको द्वार खुल्दछ ॥५॥
पूरक, स्तम्भक अनि रेचक तीन अङ्ग यी ।
प्राणायाम योगका छन् तीनै यी पुग्नु पर्दछ ॥६॥
सास तान्नु **पूरक** हो रोक्नु **कुम्भक** हो अनि ।
छोड्नु **रेचक** हो यस्का सामान्य अङ्ग–भेद छन् ॥७॥
दुई वृत्ति कुम्भकका भित्री र बाहिरी गरी ।
भित्रै रोक्नु सास तानी **भित्री वृत्ति** भनी बुझ ॥८॥
बाहिर सास छोडेर बाहिरै रोक्नु यो भने ।
बाहिरी वृत्ति हो यस्को दुबै यी जान्नु पर्दछ ॥९॥

मन्त्र जप्तै क्रिया गर्नु प्राणायाम **सगर्भ** हो ।
मन्त्रहीन क्रिया गर्नु प्राणायाम **विगर्भ** हो ॥१०॥
यसका यी भेद दुई मुख्य भेद भनी बुझ ।
यसका भेद धेरै छन् क्रियाका अन्य भेदले ॥११॥
देब्रे र दाहिने प्वाल नाकका चन्द्र, सूर्य हुन् ।
नाडी इडा, पिङ्गला यी पहिल्यै भनि नै सकें ॥१२॥
इडा जो चन्द्र नाडी छ यसले गर्नु **पूरक** ।
पिङ्गला सूर्य नाडीले यसको गर्नु **रेचक** ॥१३॥
फेरि यस्को क्रिया उल्टो सूर्यले गर्नु **पूरक** ।
सास तानेपछि भित्रै गर्नु पर्दछ **कुम्भक** ॥१४॥
त्यस्पछि चन्द्रले फेरि गर्नु पर्दछ **रेचक** ।
सास छोडेपछि फेरी बाहिरै गर्नु **कुम्भक** ॥१५॥
सोह्र पल्ट मन्त्र जप्तै गर्नु पर्दछ **पूरक** ।
चौसट्ठी पल्ट जप्तै गर्नु पर्दछ **कुम्भक** ॥१६॥
बत्तीस पल्ट जप्तै गर्नु पर्दछ **रेचक** ।
अभ्यास यसको गर्दा यो क्रिया पूर्ण बन्दछ ॥१७॥
धेरै चाँडो अति ढीलो नगरी एकनासको ।
लिनु पर्छ समय ता सजिलैसँग होस् भनी ॥१८॥
प्राणायाम क्रिया यो नै दोहोऱ्याई पुन पुनः ।
गरेमा शुध्दि नाडीको भएर सिध्दि मिल्दछ ॥१९॥
दशवायु जो भनि सकें नाडीमा चल्दछन् तिनै ।
राम्ररी, यसका धेरै फल छन् उत्तमोत्तम ॥२०॥
प्राणायाम सिध्द हुँदै जाँदा देखिन्छ लक्षण ।
पसीना पहिले हुन्छ त्यस्पछि हुन्छ कम्पन ॥२१॥

योगीले भूमि नै छोड्छ ज्यादै सिध्द भएपछि ।
योग उत्तम हो यो नै यसैमा लाग्नु श्रेष्ठ छ ॥२२॥
अभ्यास यसको गर्दा आचार व्यवहारमा ।
खान, पान, शयनमा गर्नु पर्दछ संयम ॥२३॥
विस्तारै सजिलै सँग गाहारो नहुने गरी ।
बढाउँदै काल र संख्या अभ्यास गर्नुपर्दछ ॥२४॥
यसका विघ्न धेरै छन् अनिष्ट हुनसक्तछ ।
गुरुको विज्ञको शिक्षा यसमा लिनुपर्दछ ॥२५॥

अष्टाङ्ग–योग

अन्नपूर्णा भन्छिन्–

अष्टाङ्ग योग के हुन् ? योगका अङ्गमा पनि ।
केही प्रकाश पार्नोस् न सुन्न चाहन्छु यो पनि ॥२६॥

विद्यानाथ भन्छन्–

योगका अङ्ग छन् आठ पहिलो **यम** भन्दछन् ।
अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्याऽ परिग्रह ॥२७॥
यी पाँच यमका भेद भनिन्छन् व्रत उत्तम ।
यिनको पालन सधैं सबैले गर्नु पर्दछ ॥२८॥
शौच, सन्तोष र **तप स्वाध्याय** अनि **ईश्वर** ।
प्रणिधान नियम हुन् यो दोश्रो योग अङ्ग हो ॥२९॥
जुन आसनमा बस्ता सन्ध्या र अर्चना दुवै ।
हुन्छन् निर्विघ्न सम्पूर्ण त्यही **आसन** उत्तम ॥३०॥
स्वस्तिक, वीर र पद्म, सिध्द, वज्रादि आसन ।
बसेर जसमा कर्म गरिन्छ स्थिर भैकन ॥३१॥
जसमा वस्ता कष्ट हुन्न त्यही आसन श्रेष्ठ छ ।
योगको अङ्ग यो तेश्रो मान्दछन् योगविद्हरू ॥३२॥

प्राणायाम त चौथो हो योगको अङ्ग त्यो भन्नें ।
भर्खरै, यसको धेरै महत्त्व सब मान्दछन् ॥३३॥
विषयासक्त जो वृत्ति चित्तको त्यसलाई नै ।
तानेर ल्याई आत्मामा तदाकार गराउनु ॥३४॥
प्रत्याहार हो, पाँचौं यो योगको अङ्ग हो बुझ ।
चित्तका वृत्तिलाई नै देवताका स्वरूपमा ॥३५॥
अड्याई त्यसमाथि नै पूर्ण स्थिर बनाउनु ।
यही हो **धारणा**, छैठौं योगको अङ्ग यो बुझ ॥३६॥
नाइटो, हृदय, छाती घाँटी, मुख र नाकको ।
टुप्पो, आँखा आँखीभौंका माझ, शिर अनि शिखा ॥३७॥
यिनमाथि चित्तलाई एकनास अड्याउनु ।
यही नै ता **धारणा** हो, छैठौं योगाङ्ग **ध्यान** हो ॥३८॥
ध्येयमा चित्तको वृत्ति भई अटल सुस्थिर ।
सबै चञ्चलता हट्नु, ध्येयाकार स्वयं हुनु ॥३९॥
समाधि हो, दशामा यो जीवमा ब्रह्मरूपता ।
आएर नित्य आनन्द हुन्छ यो नै **समाधि** हो ॥४०॥
आठौं योगाङ्ग यो नै हो यस्का भेद अनेक छन् ।
यस्को सच्चा अनुभव योगीले मात्र गर्दछन् ॥४१॥

तन्त्रयोग–भेद

अन्नपूर्णा भन्छिन्–

मन्त्र, हठ, राज, लय योगका चार भेद यी ।
भन्नुभो यिनका रूप भन्नु होस् अनि लक्षण ॥४२॥

विद्यानाथ भन्छन्–

दीक्षामा सद्गुरुबाट लिएका मन्त्रलाई नै ।
गरेर पूर्ण संस्कार पुरश्चरण नै पनि ॥४३॥

सकी त्यसै मन्त्र बीज जप्तै प्राणायाम गरी ।
गरिन्छ जो ध्यान योग त्यही नै **मन्त्र–योग** हो ॥४४॥
मूलाधार चक्रबाट उठाई शक्ति कुण्डली ।
प्रत्येक चक्रमा लग्दै मन्त्रको जपपूर्वक ॥४५॥
सहस्रार पुऱ्याएर परम शिवसंग नै ।
कुण्डलीको सामरस्य त्यहीं सब गराउने ॥४६॥
फेरि फर्की मूलस्थान त्यसमै ल्याउने यही ।
मन्त्रको योग हो भन्छन् मनका योगविद्हरू ॥४७॥
मन्त्रका बीजमा हुन्छ देव साक्षात् गराउने ।
सामर्थ्य बीज–जपले देव तुष्ट गराउँछ ॥४८॥
मन्त्र शुध्द, सिध्द बन्छ, सामर्थ्य–युक्त बन्दछ ।
देवताको शक्ति बोकी इष्टपूर्ण गराउँछ ॥४९॥
मन्त्र साधकको इष्ट पूर्ण गर्ने हुँदा यही ।
मन्त्रको मन्त्रता यस्मा पूर्ण सार्थक बन्दछ ॥५०॥
मूलाधार चक्रमा छ पृथिवी–तत्त्व उत्तम ।
जल स्वाधिष्ठानमा छ, तेज छ मणिपूरमा ॥५१॥
छ अनाहतमा वायु, आकाश (वि) शुध्दि–चक्रमा ।
आज्ञामा जीव छन् साक्षात्, सहस्रदलमा अनि ॥५२॥
परमात्मा परब्रह्म साक्षात् बस्छन् सदाशिव ।
उत्थान कुण्डली गर्दे प्राणायाम क्रिया गरी ॥५३॥
पृथ्वीको जलमा त्यस्को तेजमा, तेजको पनि ।
वायुमा, वायुको फेरि आकाश–तत्त्वमा लय ॥५४॥
गरी त्यस्को लय अनि जीवमा, जीवको लय ।
परमात्मा तत्त्वमा नै गर्नु यो **लय–योग** हो ॥५५॥

सबे प्रपञ्च यो स्थूल, सूक्ष्म हुन् आत्मतत्त्व नै ।
त्यो तत्त्व हो ब्रह्मतत्त्व त्यही नै एक तत्त्व हो ॥५६॥
यो पूर्ण सत्य यस्मा साक्षात् बन्दछ योगले ।
लय–योग यही नै हो भन्दछन् योगविद्हरू ॥५७॥
ब्रह्म सत्य जगत् मिथ्या ब्रह्म नै एक तत्त्व हो ।
विश्व यो ब्रह्म हो, ब्रह्म विश्व सारा प्रपञ्च हो ॥५८॥
यो तथ्य अनुभवमा पूर्ण साक्षात् गराउने ।
योग हो यो **लय–योग** मोक्षको द्वार हो यही ॥५९॥
अष्टाङ्ग योगका तत्त्व संकेत पहिल्यैं गरें ।
यमदेखि शुरु गरी समाधिसम्मकै सबै ॥६०॥
क्रमले पालना गर्दै तिनकै हठपूर्वक ।
सिध्द गर्दै माथि माथि उक्लदै जानु योग जो ॥६१॥
हठ–योग त्यही नै हो क्रियाले **हठ–योग**का ।
योग सिध्द हुँदै जान्छ यो तेश्रो योग–भेद हो ॥६२॥
मूलधार चक्रभित्र स्वयम्भू लिङ्ग वेष्ठित ।
शक्ति कुण्डलिनीलाई प्राणसंरोधपूर्वक ॥६३॥
उठाई यत्नले योगी लग्दछ चक्र–चक्रमा ।
त्यहाँका देवतालाई भावले तृप्त गर्दछ ॥६४॥
हटाउँदै विध्न बाधा गर्दै ध्यान उपासना ।
प्रत्येक चक्रको सिध्दि लिंदै ऊ अघि बढ्दछ ॥६५॥
प्रत्येक चक्रमा हुन्छन् यन्त्र, मन्त्र र देवता ।
शक्ति, तत्त्व, तत्त्वबीज, प्रत्येक तीर्थ विश्वका ॥६६॥
योगीले चक्रको तीर्थ त्यसमा स्नान भावले ।
गरेर चक्रका देव भावैले तुष्ट पार्दछ ॥६७॥

त्यहाँको शक्ति उसले देवताका प्रसादले ।
प्राप्त गर्दै, सिध्द बन्दै माथि सोपान चढ्दछ ।।६८।।
यस्तै नै क्रमले योगी माथि पुग्दछ योगले ।
सहस्रारसम्म पुग्छ शिवका संग मिल्दछ ।।६९।।
अष्टाङ्ग योगको प्राप्ति त्यहीं साधन बन्दछ ।
हठले नै यो प्राप्त हुन्छ यही नै **हठ–योग** हो ।।७०।।
अर्को हुन्छ **राज–योग** योगमा यो प्रधान हो ।
तीन योग सिध्द भए यसको मार्ग खुल्दछ ।।७१।।
सहस्रार चक्रमाथि ठूलो पुञ्ज छ तेजको ।
त्यस्मा छन् सात भूमि तिनमा सात चक्र छन् ।।७२।।
ती चक्र अति छन् सूक्ष्म क्रियाले सूक्ष्म योगका ।
योगी ती भूमिमा पुग्छन् त्यहीं गर्छन् उपासना ।।७३।।
त्यहाँका देवता तुष्ट गराई भूमि–भूमिका ।
सिध्दि प्राप्त गरी योगी कैवल्य प्राप्त गर्दछन् ।।७४।।
सहस्रार चक्रमा छ बिन्दु त्यस्मा सदाशिव ।
कुण्डली–शक्तिका साथ विहार नित्य गर्दछन् ।।७५।।
बैन्दव चक्र यो नै हो शिवशक्ति–समन्वय ।
यसमै हुन्छ यो चक्र हुन्छ कामकलात्मक ।।७६।।
यसका माथिको चक्र भनिन्छ **अर्धचन्द्रिका** ।
त्यसमाथि **रोधिनी** छ, **नाद**, **नादान्त** चक्र छन् ।।७७।।
त्यस्माथि **शक्तिचक्र** त्यस्माथि **व्यापिका** अनि ।
त्यस माथि छ **समना** यी अति **सूक्ष्मचक्र** हुन् ।।७८।।
शिवशक्ति–सामरस्य बिन्दुमा नै भए पनि ।
योगीले साधना गर्दै यी सात भूमि तर्दछन् ।।७९।।

यहीं छ मन साम्राज्य मनैले काम गर्दछ ।
मनका नै उच्च–उच्च अवस्था भूमि हुन् यिनै ॥८०॥
क्रमैले वासनाजाल भूमिमा ती हराउंछन् ।
समनामा पुग्न जाँदा रहन्छ लेश वासना ॥८१॥
त्यहींसम्म मात्र मन रहन्छ, हुन्छ सीमित ।
त्यसपछि **उन्मना** छ मनको गति हट्तछ ॥८२॥
समस्त वासना–शक्ति शिवमै पूर्ण मिल्दछ ।
त्यसमाथि महाबिन्दु **महाबैन्दव चक्र** यो ॥८३॥
यसमा शिव मात्रै हुन् विलीन शक्ति बन्दछन् ।
शिवशक्ति–सामरस्य हटी तादात्म्य बन्दछन् ॥८४॥
स्फुरत्ता तैपनि हुन्छ यस बैन्दव–चक्रमा ।
त्यसमाथि अकुल छन् ती हुन् ब्रह्म सनातन ॥८५॥
सत् चित् आनन्द जो ब्रह्म अद्वितीय अनन्त छन् ।
सम्पूर्ण तिनकै बोध त्यहीं सुस्थिर बन्दछ ॥८६॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको
ज्ञान गराउने अक्षमाला तन्त्रको योगपादमा
प्राणायाम र अष्टाङ्गयोग नामक
छयालीसौं अक्ष–ष सकियो ।

अठचालीसौं अक्ष - स

कामकलापाद

कामकला

अन्नपूर्णा भन्छिन्–

तन्त्र र देवता मूर्ति, मुद्रा, मन्दिरको कला ।
जड चेतनमा धेरै पाइन्छ कामको कला ।।१।।
काम के हो ? कला के हो ? यसको के महत्त्व छ ? ।
लोकमा किन देखिन्छ ? यस्को विस्तार गर्नुहोस् ।।२।।

विद्यानाथ भन्छन्–

गम्भीर प्रश्न यो सोध्यौ के हो कामकला भनी ।
समस्त सृष्टिको स्रोत यही हो, यो अचम्म छ ।।३।।
दैवी र **लौकिक** दुई भेद छन् यसका बुझ ।
देवी कामकला के हो भन्दछु ध्यानले सुन ।।४।।
अकार वर्ण हो मूल पहिलो सब वर्णको ।
यिनै परम शिव हुन् स्वप्रकाश स्वरूप हुन् ।।५।।
भगवान् शिव हुन् साक्षात् परब्रह्म सनातन ।
एउटै छन् अद्वितीय अनादि अज, अव्यय ।।६।।
निरस्त हुन्छन् उनमै प्रपञ्च विश्वका सबै ।
यसैले हुन् शून्य रूप, प्रकाश परमार्थ हुन् ।।७।।
समस्त विश्वको सृष्टि चराचर स्वरूपको ।
स्फुरत्ता हो, मूल रूप स्रोत हुन् यी स्वयं शिव ।।८।।



श्री शिवशक्ति लीला ताण्डवमा



श्री शिवशक्ति सामरस्य–कामकलामा

इच्छा नै मात्र प्रभुको हुनाले सृष्टि विश्व यो ।
उन्को इच्छा भयो सृष्टि प्रकाशित गरुँ भनी ॥९॥
कामरूप बिन्दुचक्र भयो उत्पन्न तत्क्षण ।
शिवशक्ति–सामरस्य यसको मूलरूप हो ॥१०॥
'अ' यो प्रकाश हो 'ह' ता विमर्श सृष्टिरूप हो ।
अ + ह–को सामरस्य स्वयं बिन्दु स्वरूप हो ॥११॥
'अहं' यो शब्दको वाच्य आत्मा हो ब्रह्मरूप छ ।
यसैबाट दुई बिन्दु अग्नि र सोमरूपका ॥१२॥
सेतो, रातो वीर्य, रज पुरुष-स्त्रीस्वरूपका ।
ब्रम्हाण्ड यो यसैबाट भयो स्फुरण तत्क्षण ॥१३॥
जोड्नु हैन सामरस्य यस्को अर्थ अभेद हो ।
अभिन्न छन् शिव-शक्ति यौटै तिन्को स्वरूप हो ॥१४॥
अभिन्न शक्ति निस्कन्छ स्वेच्छाले शिवकै स्वयम् ।
यही हो सृष्टिको स्फार बिन्दुचक्र यही त हो ॥१५॥
कामकला चक्र हो यो शिवबाटै प्रसार भो ।
छत्तीस तत्त्वको विश्व यसकै लहरी बन्यो ॥१६॥
शिवकी जो पराशक्ति प्रकृति सब विश्वको ।
बीजाङ्कुर प्रक्रियाले जगत्को सृष्टि रच्तछिन् ॥१७॥
यस्मा कारण अव्यक्त शिवशक्ति समागम ।
पृथ्वीसम्म यसैबाट उद्भूत व्यक्त बन्दछ ॥१८॥
शिवकी ती पराशक्ति तिनको अणुरूप छ ।
सूक्ष्म भन्दा पनि सूक्ष्म वर्णनातीत रूप छ ॥१९॥
अनुत्तरलिपि **'अ'** र विमर्श **'ह'** मिलेर नै ।
'अहम्' म–को भाव बन्छ यही नै बिन्दुरूप हो ॥२०॥

यसै यो बिन्दुभित्रै नै जगत्को यो प्रपञ्च छ ।
शिवले शक्तिद्वारा नै यो विश्व व्यक्त गर्दछन् ।।२१।।
शिवले नै सृष्टि गर्छन् उनै पालन गर्दछन् ।
उनै विनाश यो गर्छन्, उनैमा लीन बन्दछ ।।२२।।
फेरि पनि शिवेच्छाले भई उन्कै अनुग्रह ।
यो विश्व व्यक्त हुन्छ यी उन्कै पञ्चकृत्य हुन् ।।२३।।

अहन्ता–बिन्दुचक्र

अन्नपूर्णा भन्छिन्–

पहिलो जो ब्रह्मतत्व त्यही नै शिवतत्त्व हो ।
त्यो ता प्रकाश मात्रै हो शक्ति तिन्की विमर्श हुन् ।।२४।।
शिवशक्ति–सामरस्य हुन्छ बैन्दवचक्रमा ।
यही नै हो कामकला विश्वको स्रोत हो यही ।।२५।।
भन्नुभो त्यो बुझें मैले **'अहन्ता'** कसरी भयो ।
'अहं' र त्यो बिन्दुचक्र एकै ती कसरी भए ।।२६।।

विद्यानाथ भन्छन्–

'अहं' यसै शब्दमा **'अ'** पैलो अक्षर भै गयो ।
यस्का वाच्यार्थ शिव हुन् पहिला देव अव्यय ।।२७।।
उनको आदि नै छैन उनको न विनाश छ ।
प्रकाश मात्र उनको ज्योतिर्मय शरीर छ ।।२८।।
उनै हुन् ज्ञानका रूप ज्ञानका स्रोत मातृका ।
अव्यक्त रूपमा हुन्छन् उन्कै दिव्य शरीरमा ।।२९।।
'एक्लै छु म' 'बनुं धेरै' 'गरुँ यो विश्व सिर्जना' ।
भन्ने इच्छा हुना साथै उन्बाट शक्ति निस्किइन् ।।३०।।
तिनै शक्ति हुन् विमर्श **'ह'** को वाच्यार्थ हुन् तिनी ।
शिव देखि भिन्न छैनन् शिवैकी स्वस्वरूप हुन् ।।३१।।

शिवेच्छाले **'बिन्दु'** बन्यो चनाको यो स्वरूप हो ।
यस्मा छन् दुइ फक्लेटा तर यौटै स्वरूप छ ।।३२।।
चनाका दुइ फक्लेटा बेग्ला बेग्लै भए भने ।
हुँदैन अङ्कुरोत्पत्ति दुबै नै मिल्नुपर्दछ ।।३३।।
शिव–शक्ति पनि त्यस्तै एक्का–एक्लै भए भने ।
सृष्टि यो सम्भवै छैन सामरस्य हुनै पर्‍यो ।।३४।।
स्वप्रकाश परब्रह्म स्वयं हुन् परम शिव ।
स्वयं उनै ज्ञानरूप ज्ञाता, ज्ञेय पनि उनै ।।३५।।
उनैलाई जान्न सके जान्नु पर्ने कुनै अरु ।
हुदैनन् सब जानिन्छन्, उनी ता अद्वितीय छन् ।।३६।।
उनै नैसर्गिकी शक्ति स्फुरत्ता नै विमर्श हुन् ।
शिव गर्छन् पाँच कृत्य उनकै सहयोगले ।।३७।।
अर्थ–शब्द–चक्रमयी त्यस्तै **देहमयी** पनि ।
चारै प्रकारका सृष्टि शक्ति कै परिणाम हुन् ।।३८।।
हल्लेखा हो शक्तिबीज त्यही **हार्दकला** त हो ।
त्यस्मा **'ई'** हो **कामकला** जगत्को योनि हो त्यही ।।३९।।
'ह'–कार शिव हुन् साक्षात् 'ई'- कार शक्ति हुन् स्वयम् ।
शिव–शक्ति समायोग 'ह्रीँ' मै छ, यसबाट नै ।।४०।।
जगत्प्रादूर्भूत हुन्छ यही नै विश्व–योनि हो ।
गरिन्छ योनि मुद्राले यिनैको अभिवादन ।।४१।।
मन्त्र हुन्छ **बिन्दुचक्र** त्यसमै शिव-शक्ति छन् ।
तिनको छ सामरस्य यस्बाटै हुन्छ सिर्जना ।।४२।।
मन्त्र वाचक हो, वाच्य देवता यी दुबै पनि ।
भिन्न छैनन्, एउटै हुन् सूर्य र घामझैँ बुझ ।।४३।।

मन्त्र हो शब्दब्रह्म देवता पनि ब्रह्म हुन् ।
दुई ब्रह्म हुँदैहुन्न एउटै तत्त्व हुन् यिनी ॥४४॥
देवताको तेज शक्ति मन्त्रका बीजमै त छ ।
मन्त्र सिद्ध भए शक्ति त्यसै उद्भूत बन्दछ ॥४५॥
मातृकामय हो मन्त्र ज्ञानको स्रोत हो त्यही ।
मन्त्रले नै ज्ञान दिन्छ, दिन्छ कैवल्य ज्ञानले ॥४६॥
षोडशी जो महाविद्या उनका मन्त्रराजमा ।
छन् नौं त्रिकोण ती ता परस्पर प्रविष्ट छन् ॥४७॥
तीमध्ये पाँच जो माथि फर्केका **शिवचक्र** हुन् ।
चार जो तल फर्केका **शक्तिचक्र** भनी बुझ ॥४८॥
शिवशक्ति दुवै चक्र परस्पर प्रविष्ट भै ।
स्वयं कामकला चक्र विश्वको बीज बन्दछ ॥४९॥
अरु चक्र पनि त्यस्तै संघट्ट शिवशक्तिका ।
स्वरूप हुन् **कामकला** यस्मै विश्व प्रपञ्च छ ॥५०॥
कुण्डलीको रूप मैले भने योगप्रसङ्गमा ।
पूर्ण चित्तत्त्व शिवकी विसर्ग शक्ति हुन् तिनी ॥५१॥
तिनै उन्की स्फुरत्ता हुन् ज्ञान–इच्छा–क्रियात्मिका ।
उनको रूप श्रृङ्गाट हुन्छ कामकलात्मिका ॥५२॥
भेद, भेदाऽभेद अनि अभेदरूप सिर्जना ।
उनैबाट सबै हुन्छन् जगत्स्फुरित बन्दछ ॥५३॥
सिद्ध हुन्छ कामकला **'अहम्'** आकारबाट नै ।
अ–यो काम शिव हुन् ह–विसर्ग त शक्ति हुन् ॥५४॥
दुवैको सामरस्य मिल्दा **कामकला** बन्यो ।
समस्त विश्वको काम शिवैले पूर्ण गर्दछन् ॥५५॥

क - आकाश, ल - पृथिवी सर्वत्र व्याप्त छिन् **कला** ।
ती शक्ति हुन् **कामकला** विश्वमै पूर्ण व्याप्त छ ॥५६॥
'अहंता' यसको भाव यही कामकला त हो ।
सवै आम्नायमा यस्को भिन्न भिन्न स्वरूप छन् ॥५७॥
बिन्दुबाट हुने सृष्टि यसकै प्रक्रिया सबै ।
काम–कामेश्वरी यिन्को लीला हो कामको कला ॥५८॥

दैवी र लौकिक कामकलाको सम्बन्ध

अन्नपूर्णा भन्छिन्–

दैवी कामकला के हो झल्को देखाउनु भयो ।
यसको नै परिणति कसरी हुन्छ लोकमा ॥५९॥
मनुष्य पशुपक्षीमा कीटादि सब जीवमा ।
सर्वत्र यो कामकला किन देखिन्छ यस्तरी ? ॥६०॥
दैवी कामकलासंग यस्को संबन्ध के छ त ? ।
विभिन्न बन्ध जो हुन्छन् तिनी के का प्रतीक हुन् ? ॥६१॥

विद्यानाथ भन्छन्–

लौकिकी जो कामकला देखिन्छ सर्वव्यापक ।
दैवी कामकलाको नै यस्मा दृढ प्रभाव छ ॥६२॥
जरायुज, अण्डज र उद्भिज्ज सब योनिमा ।
व्याप्त कामकला नै छ यसैले सृष्टि चल्दछ ॥६३॥
सृष्टि, स्थिति र संहार, तिरोभाव, अनुग्रह ।
शिव गर्छन् पांच कृत्य यसमा सृष्टि मुख्य छ ॥६४॥
भए सृष्टि सबै कृत्य पूर्ण सार्थक बन्दछ ।
नभए सृष्टि नै अन्य उद्देश्यहीन बन्दछन् ॥६५॥
यसैले सृष्टिको स्थान पहिलो पांच कृत्यमा ।
रहेको हुन्छ यसकै निम्ति कामकला त हो ॥६६॥

यौटै स्त्री, पुरुषबाट हुँदैन सृष्टि सम्भव ।
सामरस्य दुबैकै नै यसमा हुनुपर्दछ ।।६७।।
विधाताकै नियम हो मैथुनी सृष्टिको क्रम ।
यस्कै निम्ति कामकला विधिले नै रचे सबै ।।६८।।
प्रेरणा लोकमा यस्ले सबैलाई मिलोस् भनी ।
विधि दैवी कामकला तन्त्रमा हुन्छ वर्णित ।।६९।।
दुवै स्त्री र पुरुषको हुँदा संयोग सृष्टिमा ।
त्यस्को रक्षा पनि हुन्छ दुबैकै पूर्ण योगले ।।७०।।
नारीकै भूमिका मुख्य हुनाले सृष्टि कर्ममा ।
मानिन्छन् देवता नारी माताकै रूपमा सधैं ।।७१।।
नारीले गर्भमा राख्छन् प्राण-पोषण गर्दछन् ।
दिई वासल्य हुर्काई प्राणी पूर्ण बनाउँछन् ।।७२।।
नारीको देह ता हुन्छ अति कोमल निर्बल ।
अत्यन्त नै तीब्र हुन्छ तर उस्को मनोबल ।।७३।।
सम्पत्ति आसुरी सारा भाव दानवका सबै ।
नारीले नै सदा हर्छन् दैवी सम्पत्ति अस्त्रले ।।७४।।
त्यसैले शक्तिको रूप नारी मानेर अर्चना ।
शक्तिको कुलपूजामा गरिन्छ विधिपूर्वक ।।७५।।
गरिंदा कुलको पूजा पूजाकै भावले सदा ।
गरिन्छ जो कामकला मानिन्छ देवकै क्रिया ।।७६।।
कामेश्वर र कामेशी भैरव-भैरवी भई ।
देवता भावले कामकला ता हुन्छ चक्रमा ।।७७।।
सारा पुरुष हुन् देव नारी नै सब शक्ति हुन् ।
संसारका कामकला देवताकै त कार्य हुन् ।।७८।।

पूजामा मात्र यो हैन सबैका घरमा पनि ।
हुने हुन् जो कामकला ती पनि देवकार्य हुन् ॥७९॥
विवाह, यौनसंबन्ध, सन्तानोत्पत्ति, पालन ।
देवताकै कार्य हुन् यी यही नै मान्नुपर्दछ ॥८०॥
मनुष्य पशु पक्षीमा कीटमा सब जन्तुमा ।
सृष्टिको यो कामकला सदा प्रकृतिप्राप्त छ ॥८१॥

भोग–दैवीकार्य

अन्नपूर्णा भन्छिन्–


भोग आनन्दका निम्ति विवाह हुन्छ लोकमा ।
त्यो दैवी कार्य कसरी हुन सक्तछ ? भन्नुहोस् ॥८२॥

विद्यानाथ भन्छन्–

धर्म, सन्तान, आनन्द तीन नै हुन् प्रयोजन ।
विवाहका भोग, सुख यिनै मात्र त होइनन् ॥८३॥
ठूलो हो धर्म त्यसमै व्यवहार सब गर्दछन् ।
सन्तान, भोग, आनन्द यी पनि धर्मभित्र छन् ॥८४॥
राखेर देवता साक्षी गरी कर्म विवाहको ।
स्वपत्नीसितको कामकला नै पनि धर्म हो ॥८५॥
कुण्डलीको शिवसित हुने जो सामरस्य छ ।
लोकको यो कामकला त्यसैको प्रतिरूप हो ॥८६॥
शिव-शक्ति सामरस्य त्यसबाट हुने सुख ।
स्वपत्नीसितको कामक्रियाको सुख हो त्यही ॥८७॥
आनन्द ता हो आनन्द त्यो ता ब्रह्मस्वरूप हो ।
त्यो ता निर्दुष्ट हो शुद्ध आफैँमा त्यो पवित्र छ ॥८८॥
अशुद्धिले भावको ता अशुद्ध कर्म पार्दछ ।
अशुद्ध कर्मले मात्र अशुद्ध फल ल्याउँछ ॥८९॥

रहस्य मन्त्रको यस्मा लुकेको हुन्छ भन्दछन् ।
गुरुकै मुखले सुन्नु बुझ्नु नै हुन्छ उत्तम ॥११३॥
तर सृष्टि देवकार्य, आनन्द देवरूपको ।
प्रतीक हो कामकला स्वयं यो द्वेष्य होइन ॥११४॥
सबै आचारमा श्रेष्ठ कुल–आचार भन्दछन् ।
त्यस्मा हुने कामकला कसरी हुन्छ गर्हित ॥११५॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको कामकलापादमा दैवी र लौकिक कामकला नामक अठचालीसौं अक्ष–स सकियो ।



शिवज्ञानका उपदेशक श्री शिव ज्ञानमुद्रामा

ॐ



तन्त्रदर्शनका आलोकबाट प्रकाशित विश्व

उनञ्चासौं अक्ष-ह
तन्त्रदर्शन-सार

अन्नपूर्णा भन्छिन्-

तन्त्र सिद्धान्त, आचार, सपर्या, योगका कुरा ।
भन्नुभो ती सुनें मैले, तर त्यो तन्त्र धर्मको ॥१॥
आधार जो बन्ध-मोक्ष व्यवस्था के छ तन्त्रमा ? ।
सुन्न चाहन्छु अब ता तत्त्वबोधक दर्शन ॥२॥

विद्यानाथ भन्छन्-

तन्त्र सिद्धान्त, आचार, सपर्या, योगका कुरा ।
त्यस्तै अर्को कामकला त्यस्को पनि विवेचना ॥३॥
तत्त्वका दृष्टिले हुन्छन् तन्त्र दर्शनमा सबै ।
तिन्को संक्षेपमा दिन्छु सार मात्र यथामति ॥४॥
नकुलीश पाशुपत मत, सिद्धान्त शैव र ।
वीरशैव, प्रत्यभिज्ञा, क्रम र **कौलदर्शन** ॥५॥
यिन्का तत्त्वहरू के हुन्, के हुन् यिन्का प्रयोजन ।
सार संक्षेप तिनको दिन्छु व्याख्या म गर्दिन ॥६॥
यौटै दर्शनको दृष्टि, विचार बन्ध मोक्ष यी ।
सबै दिंदा पूर्ण यौटा स्वतन्त्र ग्रन्थ बन्दछ ॥७॥
यस्तै यो संभवै छैन, संकेत मात्र गर्दछु ।
पूर्णता तत्त्वको प्राप्त गर्न त्यो सम्प्रदायको ॥८॥
मूल ग्रन्थ दर्शनकै पढ्नुपर्दछ मौलिक ।
प्रबन्धको यो उद्देश्य दिशा निर्देश गर्नु हो ॥९॥

यसमा प्रविविक्षुको चाख मात्र बढाउन ।
संकेत मात्र नै हुन्छ यसैबाट कुरा बुझी ।।१०।।
विशेष तथ्य ती बुझ्न मूल नै लिनुपर्दछ ।
त्यसैले मात्र संस्पष्ट हुन्छन् दर्शनका कुरा ।।११।।

नकुलीश–पाशुपत–दर्शन

अन्नपूर्णा भन्छिन्–

नकुलीश पाशुपत कस्तो छ शिव-दर्शन ? ।
यसको सार संक्षेप सुन्न चाहन्छु भन्नुहोस् ।।१२।।

विद्यानाथ भन्छन्–

भगवान् रुद्रले आफैं बसेर गुरुभावमा ।
आफ्ना शिष्यहरूलाई भन्दछन् शिवदर्शन ।।१३।।
भगवान् श्री शङ्करका अठार अवतार छन् ।
नकुलीश ता तिनमा पहिला अवतार हुन् ।।१४।।
कार्य, कारण र **योग, विधि, दुःखान्त** पांच यी ।
मानिन्छन् तत्त्व यसमा, **पञ्चार्थी शास्त्र** भन्दछन् ।।१५।।
जो स्वतन्त्र छदैछैन पहिलो तत्त्व **कार्य** हो ।
सूत्रका रूपमा तिन्ले यो **पाशुपत दर्शन** ।।१६।।
उपदेश गरे तिन्कै नाममा त्यो चल्यो पछि ।
पराधीन कारणको सर्वदा नै रहन्छ यो ।।१७।।
विद्या, कला अनि **पशु कार्यका** तीन भेद छन् ।
तिन्का राम्रो ज्ञानबाट निवृत्त हुन्छ संशय ।।१८।।
कार्यको भेद पहिलो विद्याका दुइ भेद छन् ।
पैलो **बोधात्मिका विद्या** त्यसको नाम **चित्त** हो ।।१९।।
बोधात्मक भएकैले जाड चेतन यी सबै ।
प्रकाश यसले गर्छ ज्ञान साधन हो यही ।।२०।।

अबोधात्मक अर्को छ विद्या जो **जीवको गुण** ।
धर्माधर्म, त्यसैमा जो पशुता प्राप्त गर्दछ ।।२१।।
चेतनाधीन जो कार्य **कला** त्यो परतन्त्र छ ।
स्वयं अचेतन छ त्यो कार्य, कारणरूप छ ।।२२।।
पृथ्वी, जल, तेज, वायु, आकाश पाँच भूत र ।
रूप, रस, गन्ध, स्पर्श, शब्द यी तिनका गुण ।।२३।।
दश हुन् यी **कार्य–कला**, तर **कारण रूप** को ।
कला तेऱ्ह इन्द्रिय हुन् जसमा दश इन्द्रिय ।।२४।।
आँखा, जिब्रो, नाक, छाला, कान इन्द्रिय पाँच र ।
मुख, हात, पाउ, लिङ्ग, गुदा इन्द्रिय पाँच यी ।।२५।।
बुध्दि, अहङ्कार, मन यी मिलेर तेऱ्ह इन्द्रिय ।
पशुरूप कार्य यो ता जीव हो परतन्त्र छ ।।२६।।
देह इन्द्रियले युक्त पशु **साञ्जन** हो भने ।
देह इन्द्रियले हीन पशु हो त्यो **निरञ्जन** ।।२७।।
अस्वतन्त्र, अनैश्वर्य, अनादि जो पशुत्व हो ।
त्यही हो बन्ध जसले संयुक्त पशु कार्य हो ।।२८।।
जगत्‌को सृष्टि, संहार, जस्ले गर्छ अनुग्रह ।
महेश्वर स्वयं यिन्का हुन्छन् कारण, ती पति ।।२९।।
निरतिशय दृक्क्रिया शक्तिमत्त्व पतित्व जो ।
ऐश्वर्य हो तिनैमा छ, तिनैले पशुको सधैं ।।३०।।
रक्षा गर्छन्, त्यसैले नै **पशुका पति** हुन् तिनै ।
विभुशक्ति, ज्ञानशक्ति शिवमा ता अनन्त छ ।।३१।।
शिवले **ज्ञानशक्ति**ले सबै प्रत्यक्ष गर्दछन् ।
उनैले **विभुशक्ति**ले सबै पालन गर्दछन् ।।३२।।

सबै कुरा जान्न सक्ने **दृक्शक्ति** शिवमै त छ ।
जहाँ पनि पुग्न सक्ने गर्न सक्ने पनि सबै ॥३३॥
क्रियाशक्ति शिवैमा छ, उनै सर्वस्वतन्त्र छन् ।
उनै कर्ता जगत्का हुन् कारणै पनि हुन् उनै ॥३४॥
अविर्भाव, तिरोभाव जगत्का शिव गर्दछन् ।
उनै देव, शर्व, सर्व, सर्वकामिक हुन् उनै ॥३५॥
आत्माको ईश्वरसित हुने सम्बन्ध **योग** हो ।
यो ता हुन्छ चित्तद्वारा यसका दुइ भेद छन् ॥३६॥
क्रियात्मक योग त्यस्मा जप पूजादि पर्दछन् ।
क्रियोपरम त्यसमा क्रिया निवृत्त बन्दछ ॥३७॥
ऐकान्तिकी भक्ति हुन्छ शिवमा, ज्ञान जाग्दछ ।
शिवमा नै सदा हुन्छ भक्ति अव्यभिचारिणी ॥३८॥
यसले नै दुःख जान्छ पारमैश्वर्य मिल्दछ ।
सबै यी फल पाइन्छन् महेश्वर प्रसादले ॥३९॥
महेश्वर प्राप्त गर्ने जति छन् काम ती सबै ।
विधि हुन् यिनले मात्र योग प्राप्त गराउँछन् ॥४०॥
ती क्रिया हुन् मुख्य चर्या तिनका भेद छन् दुई ।
ती ता हुन् **व्रत** र **द्वार**, व्रत छन् छ प्रकारका ॥४१॥
भस्मले नै स्नान गर्नु भस्ममै सुत्नु सर्वदा ।
हाँस्नु, गाउनु र नाच्नु, बैल भैंँ शब्द गर्नु र ॥४२॥
नमस्कार, जप गर्नु यी अङ्ग उपहार हुन् ।
यस्ता क्रिया गरी, जप्नु, अनि गर्नु प्रदक्षिणा ॥४३॥
यी हुन् व्रत अनि **द्वार** यस्कै पनि षडङ्ग छन् ।
ऊँघे सरी सधैं बस्नु, काम्नु र लङ्गडो हुनु ॥४४॥

युवति देखिनासाथै स्वयं कामुक देखिनु ।
काम घृणितको गर्नु बोल्नु बचन निन्दित ॥४५॥
यी द्वार विधिका छ हुन्, लोकबाट अलक्क भै ।
साधना गर्ने यी कर्म गर्छन् साधक सत्तम ॥४६॥
दुःखान्त तत्त्व हो पाँचौं दुःखको अन्त्य हो यही ।
मिथ्याज्ञान, अधर्म र **सक्तिहेतु**, तथा **च्युति** ॥४७॥
पशुत्वधर्म यी पाँच दोषले बध्द छन् पशु ।
विधिबाट हुने योग यसले दोष ती सबै ॥४८॥
सर्वथा नष्ट नै हुन्छन् महेश्वर प्रसादले ।
प्रसाद उनको हुन्छ जब हुन्छ प्रपन्नता ॥४९॥
दुखान्तका भेद दुई **सात्मक** र **अनात्मक** ।
सात्मक जो छ **दुखान्त पारमैश्वर्य–प्राप्ति** हो ॥५०॥
निवृत्ति दुःखको जो छ त्यो **दुःखान्त अनात्मक** ।
भएको दुःख जानु र आउनु सुख मोक्ष हो ॥५१॥
दृक्शक्ति र क्रियाशक्ति पारमैश्वर्य प्राप्ति नै ।
प्राप्त हुन्छन् साधकमा अनि ऊ सिध्द बन्दछ ॥५२॥
सबै कुरा देख्न सक्छ, सब ऊ सुन्न सक्तछ ।
सबै कुरा जान्न सक्छ चाहेको सिध्द बन्दछ ॥५३॥
तुरुन्त कार्यको सिध्दि गर्ने सामर्थ्य आउँछ ।
जुन रूप लिने इच्छा हुन्छ त्यो लिन सक्तछ ॥५४॥
जे पनि ऊ गर्न सक्छ ऐश्वर्यपूर्ण बन्दछ ।
यही नै हो क्रियाशक्ति, यो उस्को सिध्द बन्दछ ॥५५॥
यस्मा कारण चाहिन्न यो सधैं निरपेक्ष छ ।
स्वतन्त्र शिव हुन् ब्रह्म पशुपाश हटाउने ॥५६॥

वीरशैव–दर्शन

अन्नपूर्णा भन्छिन्–

नकुलीश पाशुयत के हो दर्शन भन्नुभो ।
वीर शैव दर्शन अब सुन्न चाहन्छु भन्नु होस् ।।५७।।

विद्यानाथ भन्छन्–

वीर शैव दर्शन हो **विशिष्टाऽद्वैत** दर्शन ।
द्वैताद्वैत, शिवाद्वैत, विशेषाद्वैत यी पनि ।।५८।।
नाम पर्यायवाची हुन् यसै दर्शनको बुझ ।
शक्तिविशिष्टाद्वैत ता नाम धेरै प्रसिध्द छ ।।५९।।
शक्ति–विशिष्ट शिव र जीव शक्ति–विशिष्ट छ ।
यी दुवैको सामरस्य यही अद्वैत तत्त्व हो ।।६०।।
निष्काम कर्मको बाटो यसले नै बताउँछ ।
यसैले यो **वीर–धर्म, वीर–मार्ग** भनिन्छ यो ।।६१।।
प्रधान देवता यस्मा **शिव** नै छन् सनातन ।
यसैले यसको नाम वीर शैव प्रसिध्द छ ।।६२।।
शक्ति, विश्व, जीव, सृष्टि, शिव यी पाँच तत्त्वको ।
यस्मा विवेचना हुन्छ यसको सार भन्दछु ।।६३।।
अद्वैत तत्त्व हो ब्रह्म त्यही नै शिवतत्त्व हो ।
त्यसैमा नै शक्ति हुन्छ भेदभिन्न विशेषण ।।६४।।
शिव र शक्तिको भेद छैन ती ता अभिन्न छन् ।
औपचारिक हो भाव विशेषण विशेष्यको ।।६५।।
विशेष परम शिव हुन् शक्ति तिन्कै विशेषण ।
दुवै हुन् नामले भिन्न वस्तुतः ती अभिन्न छन् ।।६६।।
चिदचिद्विशिष्ट शक्ति सूक्ष्म र **स्थूल**–भेदले ।
शक्तिका भेद दुइ छन् शिव र जीव हुन् तिनै ।।६७।।

चिदचिद्विशिष्ट शक्ति सूक्ष्म हुन् शिव नै स्वयम् ।
स्थूलता जीव हो यस्को शिवका साथ ऐक्य छ ।।६८।।
परमात्मा, शक्ति बीच भिन्नता छैन, एक छन् ।
आगो र दाहको शक्ति अलग्ग नभएसरी ।।६९।।
विमर्शरूपिणी शक्ति शिवमा नै अभिन्न छिन् ।
स्वेच्छाले शिवकै शक्ति विमर्शरूपिणी भइन् ।।७०।।
शिवैबाट शक्ति भइन्, पृथ्वीसम्म पनि बन्यो ।
समस्त सृष्टिको हेतु शक्ति नै शिवकी भइन् ।।७१।।
अविनाभाव सम्बन्ध शिव र शक्तिबीच छ ।
सत् चित् आनन्द यी शक्ति सर्वथा नित्य रूप छिन् ।।७२।।
चित् अचित् शक्ति दुइटै शिवकै दुई शक्ति हुन् ।
सर्वज्ञता हो चित् शक्ति अचित् हो सर्व कर्तृता ।।७३।।
दुवै यी शक्तिको इच्छा आधार शक्ति रूप हो ।
विमर्श हो यही शक्ति चराचर जगत्मयी ।।७४।।
यही माया शक्ति पनि हो प्रकृति त्रिगुणात्मिका ।
यही नै चित्त पनि हो यो पनि शक्तिरूप हो ।।७५।।
शिव प्रकाश रूप अंश विशिष्ट चित्त शक्तिले यो ।
शिवको अंश हो जीव शिवदेखि अभिन्न छ ।।७६।।
संक्षेपतः भन्नु पर्दा शिव नै शक्तिरूप हुन् ।
शिवैबाट जगत् बन्छ विमर्श शक्ति हो यही ।।७७।।
शिव र जीव दुइटै विशिष्ट शक्तिले त छन् ।
दुवै भिन्न छदै छैनन् यही नै शक्तिरूप हो ।।७८।।

जगत्‌को सृष्टि

अन्नपूर्णा भन्छिन्–

वीरशैव दर्शनमा शक्तिको रूप यो बुझें ।
जगत् र सृष्टिका रूप सुन्न चाहन्छु भन्नुहोस् ।।७९।।

विद्यानाथ भन्छन्–

शक्ति विशिष्ट शिवले दिएको जन्म यो जगत् ।
मिथ्या हैन सत्य नै छ चराचर स्वरूप छ ।।८०।।
शिव सत्य रूप तिन्कै शक्ति नै पनि सत्य छ ।
तिनबाटै समुत्पन्न जगत् नै पनि सत्य छ ।।८१।।
कछुवाले पाउ आफ्नो पसार्छ र लुकाउँछ ।
त्यस्तै परम शिवले जगत्‌को पनि त्यैसरी ।।८२।।
विकास अनि संकोच स्वेच्छैले सब गर्दछन् ।
प्रादुर्भाव तिरोभाव सृष्टिको हो यही बुझ ।।८३।।
शिवकै नै आत्मशक्ति विकास सृष्टि हो भने ।
उनैको शक्ति संकोच संहार सृष्टिको त हो ।।८४।।
शिव सत्य, शक्ति सत्य, जगत् नै पनि सत्य हो ।
सत्यको नाश नै हुन्न उनमै लीन बन्दछ ।।८५।।

जीव र शिव

अन्नपूर्णा भन्छिन्–

जगत् र सृष्टिको रूप भन्नुभो त्यो सुनें सबै ।
जीव र शिवको रूप सुन्न चाहन्छु भन्नुहोस् ।।८६।।

विद्यानाथ भन्छन्–

शिवका अंश हुन् जीव यिनका जीवका संग ।
छ भेदाभेद सम्बन्ध फिलिङ्गो अग्निकासरी ।।८७।।

आगो अनि फिलिङ्गो छ भिन्नाऽभिन्न त्यसै गरी ।
शिव र जीव दुइटा भिन्न अनि अभिन्न छन् ।।८८।।
पाक्छ भोजन आगाले फिलिङ्गा असमर्थ छन् ।
यसैले भिन्न दुइ छन् तर यी ता अभिन्न छन् ।।८९।।
दुवैले पोल्दछन् देह, त्यस्तै शिव र जीव छन् ।
सर्वज्ञता छ शिवमा जीवमा छैन भिन्न छन् ।।९०।।
तर **जीव शिव** दुवै ज्ञाता हुन् ती अभिन्न छन् ।
यसरी **जीव** र **शिव** भिन्न अनि अभिन्न छन् ।।९१।।
सत् चित् आनन्द शिव हुन् अनादि अज नित्य हुन् ।
संपूर्ण शक्ति र ज्ञान यिनमै छ सनातन ।।९२।।
शिवकै जो ज्ञानशक्ति त्योसँगै एक भैकन ।
सर्वत्र छु म भन्ने नै अभिमान भयो भने ।।९३।।
शिवतत्त्व त्यही नै हो सर्वज्ञ र सनातन ।
आफ्नै जो छ क्रियाशक्ति त्यसमै लीन भैकन ।।९४।।
सबैको हूँ म नै कर्ता भन्ने जो अभिमान छ ।
हुँदा त्यो नै **शक्तितत्व** भन्दछन् तन्त्रविद्हरू ।।९५।।
विमर्श रूपको स्फार शिवैबाट भएर नै ।
छत्तीस तत्त्वको विश्व बन्छ त्यो नै प्रपञ्च हो ।।९६।।
शिवबाटै स्फुरित भै शिवमै लीन हुन्छ त्यो ।
यसैले शिवको नाम **'लिङ्गस्थल'** प्रसिध्द भो ।।९७।।
त्यस्तै नै जीवको नाम **'अङ्गस्थल'** प्रसिध्द छ ।
दुवैको यो सामरस्य **'लिङ्गाङ्ग–सामरस्य'** हो ।।९८।।
परतत्त्व एक मात्र परम शिव नै त हुन् ।
पूर्णाहन्ता र स्वातन्त्र्य उनको नै स्वरूप हो ।।९९।।

अंशी चैतन्य जो रूप शिवको छ सनातन ।
त्यो हो **शिव** र उनका अंश नै **जीव**रूप हुन् ।।१००।।
शिवाभिन्न शक्तिको नै क्षोभले शिवका स्वयम् ।
उपास्य **लिङ्ग शिव** र **अंश जीव** उपासक ।।१०१।।
दुइटा रूप बन्छन् र त्यस्तै नै शक्तिका पनि ।
कला र **भक्तिका** रूप दुइटै बन्दछन् अनि ।।१०२।।
कला जो लिङ्गको शक्ति **प्रवृत्ति** त्यसले स्वयम् ।
उत्पन्न गर्छ, **निवृत्ति** अङ्गका शक्ति भक्तिले ।।१०३।।
कला यो शक्तिले ब्रह्म–शिवजी मूर्त्त बन्दछन् ।
जगत् यो भक्तिले एक शिवका साथ बन्दछ ।।१०४।।
भाव, प्राण, इष्ट तीन लिङ्गका तीन रूप छन् ।
प्राज्ञ, तैजस र **विश्व** अङ्गका तीन रूप छन् ।।१०५।।
योगाङ्ग–कारण **प्राज्ञ**, भोगाङ्ग सूक्ष्म **तैजस** ।
त्यागाङ्ग देह यो **विश्व** अंगका तीन रूप हुन् ।।१०६।।
शिवरूप लिङ्ग जो छ त्यसका साथ एकता ।
जीवरूप अङ्गको नै हुनु हो **मुक्ति** जीवको ।।१०७।।
जगत् र जीव दुइटै शिवकै रूप हुन् स्वयम् ।
शिव सत्य भएकैले जगत् र जीव सत्य हुन् ।।१०८।।
अविद्या मलले गर्दा शिवकै जीवभाव छ ।
भक्तिले मल यो छुट्छ जीव नै शिव बन्दछ ।।१०९।।
वेध, मन्त्र, क्रियारूप दीक्षाले भक्ति जाग्दछ ।
शिवमा, भै कृपा उन्कै सबै ती मल हट्तछन् ।।११०।।
'वी' यस्को अर्थ हो विद्या शिव र जीव एकता ।
बुझ्झाउने यो विद्या हो, यस्मै शैव रमाउँछन् ।।१११।।

वीरशैव यसैले नै यसको नाम पर्नगो ।
यसमा ता मूलतत्त्व **शिव नै ब्रह्मरूप** हुन् ॥११२॥

शैव सिध्दान्त दर्शन

पतितत्त्व

अन्नपूर्णा भन्छिन्

पदार्थ तीन र चार पाउको तन्त्र दर्शन ।
सिध्दान्तशैव शिवले स्वयं विस्तार गर्नुभो ॥११३॥
पति, पशु, पाश तीन यसले तत्त्व मान्दछ ।
विद्या, क्रिया, योग, चर्या यसका चार पाउ छन् ॥११४॥
पति नै हो मुख्य तत्त्व जसको नाम हो शिव ।
स्वातन्त्र्य यसमा जो छ छैन त्यो अरु तत्त्वमा ॥११५॥
पतिदेखि भिन्न तत्त्व **पशु** र **पाश** हुन् दुबै ।
अधीन पतिका हुन्छन् ती दुवै परतन्त्र छन् ॥११६॥
विद्येश्वर अक्ति जो छन् मुक्तात्मा हुन् तिनै पनि ।
शिवत्व ता छ तिनमा तैपनि परतन्त्र छन् ॥११७॥
पर र **अपर** गरी **मुक्ति**का भेद छन् दुई ।
विद्येश्वरादि जो आत्मा तिन्को अपरमुक्ति छ ॥११८॥
परमुक्ति हुन्छ जस्को त्यो स्वयं शिव बन्दछ ।
त्यो ता स्वतन्त्र नै हुन्छ अरु ता परतन्त्र छन् ॥११९॥
पारमैश्वर्य, स्वातन्त्र्य, सर्वतत्त्व सबै गुण ।
पति मै छन्, अरुहरू पति कै छन् अधीनमा ॥१२०॥
शिव वा छन् नित्य मुक्त, स्वभावसिध्द नित्य छन् ।
निर्मल र निरतिशय, क्रिया–ज्ञान–समन्वित ॥१२१॥
वेदका जो पाँच मन्त्र शिवकै अङ्ग हुन् सबै ।
ईशानादि शक्तियुक्त उन्को शाक्त शरीर हो ॥१२२॥

अंशी चैतन्य जो रूप शिवको छ सनातन ।
त्यो हो **शिव** र उनका अंश नै **जीव**रूप हुन् ।।१००।।
शिवाभिन्न शक्तिको नै क्षोभले शिवका स्वयम् ।
उपास्य **लिङ्ग शिव** र **अंश जीव** उपासक ।।१०१।।
दुइटा रूप बन्छन् र त्यस्तै नै शक्तिका पनि ।
कला र **भक्तिका** रूप दुइटै बन्दछन् अनि ।।१०२।।
कला जो लिङ्गको शक्ति **प्रवृत्ति** त्यसले स्वयम् ।
उत्पन्न गर्छ, **निवृत्ति** अङ्गका शक्ति भक्तिले ।।१०३।।
कला यो शक्तिले ब्रह्म–शिवजी मूर्त्त बन्दछन् ।
जगत् यो भक्तिले एक शिवका साथ बन्दछ ।।१०४।।
भाव, प्राण, इष्ट तीन लिङ्गका तीन रूप छन् ।
प्राज्ञ, तैजस र **विश्व** अङ्गका तीन रूप छन् ।।१०५।।
योगाङ्ग–कारण **प्राज्ञ**, भोगाङ्ग सूक्ष्म **तैजस** ।
त्यागाङ्ग देह यो **विश्व** अंगका तीन रूप हुन् ।।१०६।।
शिवरूप लिङ्ग जो छ त्यसका साथ एकता ।
जीवरूप अङ्गको नै हुनु हो **मुक्ति** जीवको ।।१०७।।
जगत् र जीव दुइटै शिवकै रूप हुन् स्वयम् ।
शिव सत्य भएकैले जगत् र जीव सत्य हुन् ।।१०८।।
अविद्या मलले गर्दा शिवकै जीवभाव छ ।
भक्तिले मल यो छुट्छ जीव नै शिव बन्दछ ।।१०९।।
वेध, मन्त्र, क्रियारूप दीक्षाले भक्ति जाग्दछ ।
शिवमा, भै कृपा उन्कै सबै ती मल हट्तछन् ।।११०।।
'वी' यस्को अर्थ हो विद्या शिव र जीव एकता ।
बुझाउने यो विद्या हो, यस्मै शैव रमाउँछन् ।।१११।।

वीरशैव यसैले नै यसको नाम पर्नगो ।
यसमा ता मूलतत्त्व **शिव नै ब्रह्मरूप** हुन् ।।११२।।

शैव सिध्दान्त दर्शन

पतितत्त्व

अन्नपूर्णा भन्छिन्

पदार्थ तीन र चार पाउको तन्त्र दर्शन ।
सिध्दान्तशैव शिवले स्वयं विस्तार गर्नुभो ।।११३।।
पति, पशु, पाश तीन यसले तत्त्व मान्दछ ।
विद्या, क्रिया, योग, चर्या यसका चार पाउ छन् ।।११४।।
पति नै हो मुख्य तत्त्व जसको नाम हो शिव ।
स्वातन्त्र्य यसमा जो छ छैन त्यो अरु तत्त्वमा ।।११५।।
पतिदेखि भिन्न तत्त्व **पशु** र **पाश** हुन् दुबै ।
अधीन पतिका हुन्छन् ती दुवै परतन्त्र छन् ।।११६।।
विद्येश्वर अक्ति जो छन् मुक्तात्मा हुन् तिनै पनि ।
शिवत्व ता छ तिनमा तैपनि परतन्त्र छन् ।।११७।।
पर र **अपर** गरी **मुक्ति**का भेद छन् दुई ।
विद्येश्वरादि जो आत्मा तिन्को अपरमुक्ति छ ।।११८।।
परमुक्ति हुन्छ जस्को त्यो स्वयं शिव बन्दछ ।
त्यो ता स्वतन्त्र नै हुन्छ अरु ता परतन्त्र छन् ।।११९।।
पारमैश्वर्य, स्वातन्त्र्य, सर्वतत्त्व सबै गुण ।
पति मै छन्, अरुहरू पति कै छन् अधीनमा ।।१२०।।
शिव वा छन् नित्य मुक्त, स्वभावसिध्द नित्य छन् ।
निर्मल र निरतिशय, क्रिया–ज्ञान–समन्वित ।।१२१।।
वेदका जो पाँच मन्त्र शिवकै अङ्ग हुन् सबै ।
ईशानादि शक्तियुक्त उन्को शाक्त शरीर हो ।।१२२।।

ईशान मन्त्र शिर हो, हो **तत्पुरुष** ता मुख ।
घोर उन्को हृदय हो, **वामदेव** त गुह्य हो ।।१२३।।
पाउ **सद्योजात** नै हो सबै मन्त्र मिलेर नै ।
उन्को शाक्त देह बन्छ योगीले ध्यान गर्दछन् ।।१२४।।
सृष्टि, पालन, संहार, तिरोभाव, अनुग्रह ।
यी पाँच कृत्य गर्ने शिव नै हुन् सनातन ।।१२५।।
उन्का दुई अवस्था छन् **लय** र **भोग** हुन् तिनी ।
सृष्टिमा उन्मुख हुँदा अवस्था हुन्छ भोगको ।।१२६।।
क्रियाको पूर्ण विश्रान्ति अवस्था लयको त हो ।
जस्को आकार नै छैन निराकार छ निष्कल ।।१२७।।
कसरी ध्यान र पूजा के मा हुन्छ उपासना ।
कस्ले गर्छ पाँच कृत्य भएन देह नै भने ।।१२८।।
यसैले शिवले लिन्छन् स्वेच्छाले देह उत्तम ।
जस्ले उपासना गर्छ गर्छन् त्यस्मै अनुग्रह ।।१२९।।

पशुतत्त्व

अन्नपूर्णा भन्छिन्–

पति, पशु, पाश तीन यी मध्ये पति तत्त्वको ।
विस्तार गर्नुभो अर्को पशु तत्त्व बताउनोस् ।।१३०।।

विद्यानाथ भन्छन्–

क्षेत्रज्ञ जो छ जीवात्मा त्यही **पशु** पदार्थ हो ।
अणु ता त्यो छदै छैन सर्वत्र त्यो छ व्यापक ।।१३१।।
क्षेत्र आफ्नो देहलाई भोगायतन हो भनी ।
जान्ने हुनाले **क्षेत्रज्ञ** प्रकाश रूपको छ त्यो ।।१३२।।
देह रूप होइन त्यो, प्रकाश पनि होइन ।
अव्यापक र क्षणिक, अकर्ता, एक होइन ।।१३३।।

पशुका तीन छन् भेद **विद्यानाकल** एक हो ।
प्रलयाकल दोश्रो हो तेश्रो **सकल** हो पशु ।।१३४।।
विज्ञान, योग, सन्यास, भोगले कर्मको क्षय ।
भई शरीरको बन्ध हुँदैन पहिलो त्यही ।।१३५।।
विद्यानाकल हो, यस्को रहन्छ मल केवल ।
प्रलयकालमा जस्को देह नै नहुने हुँदा ।।१३६।।
हुँदैन मल मायाको तर कार्म र आणव ।
मल शेष हुन्छ जस्को त्यही हो **प्रलयाकल** ।।१३७।।
मल, माया, कर्मबन्ध जस्का छन् तीन यी मल ।
त्यो हो **सकल** जीवात्मा पशुका भेद हुन् यिनै ।।१३८।।
मल जस्को पाक हुन्छ **विज्ञानाकल** त्यो पशु ।
कृपाले शिवका त्यस्को विषेश पद मिल्दछ ।।१३९।।
मल जस्को पाक हुन्न **विज्ञानाकल** त्यो पशु ।
मन्त्रको रूप त्यस्लाई शिवले नै दिलाउँछन् ।।१४०।।
विज्ञानाकलका भेद यिनै छन् दुइ नै भने ।
प्रलयाकलका भेद दुइ नै छन् त्यसैगरी ।।१४१।।
मल जस्को पाक हुन्छ त्यस्लाई मुक्ति मिल्दछ ।
मन्त्र जस्को पक्व हुन्न त्यस्ले संसार घुम्दछ ।।१४२।।
त्यस्तै **सकल** पशुका दुइटै भेद छन् सुन ।
जस्को मल पाक हुन्छ त्यो **मन्त्रेश्वर** बन्दछ ।।१४३।।
जस्को मल पाक हुन्न त्यो ता विषय भोगदछ ।
तीनका छ वटा भेद भिन्न हुन्छन् यसैगरी ।।१४४।।

पाशतत्त्व

अन्नपूर्णा भन्छिन्–

पशु के हो भेद तिन्का कति छन् भन्नुभो सबै ।
अब **पाश** भेद यस्का सुन्न चाहन्छु भन्नुहोस् ।।१४५।।

विद्यानाथ भन्छन्–

पाश त्यस्तो बन्धन हो जसले जीवलाई नै ।
पशुत्वले युक्त पार्छ शिवरूप भए पनि ।।१४६।।
मल, कर्म, अनि **माया, रोधशक्ति** र **बिन्दु** यी ।
पाशका पाँच छन् भेद बिना विन्दु त चार छन् ।।१४७।।
शिवका पदको प्राप्ति **परमा मुक्ति** जीवको ।
नभए पनि **विद्येश** पद प्राप्त गराउने ।।१४८।।
मायाको रूप हो बिन्दु त्यसलाई पाशरूपमा ।
नलिंदा पाशका भेद हुन्छन् ती चार माथिका ।।१४९।।
आत्माका दृक्–क्रियाशक्ति जसले खूब ढाक्दछ ।
त्यही प्रवृत्ति **मल** हो त्यो ज्यादै अपवित्र छ ।।१५०।।
आत्मामा रहने दुष्ट भाव नै **मल** हो बुझ ।
धानका भूसले जस्तै ढाकेर राख्छ चामल ।।१५१।।
तर त्यो अङ्कुरोत्पत्ति यस्को कारण बन्दछ ।
त्यसरी नै **मल** पनि देहको बन्छ कारण ।।१५२।।
फलार्थीका कार्य जो छन् धर्माधर्म स्वरूपका ।
तिनैका नाम हुन् **कर्म** फल यिन्ले दिलाउँछन् ।।१५३।।
प्रलयकालमा जीव जसमा लीन बन्दछ ।
सृष्टिमा जीव उत्पत्ति जसले नै गराउँछ ।।१५४।।
माया पाश त्यही नै हो मूल प्रकृति हो त्यही ।
माया हो वस्तुकै रूप त्यो अनादि अनन्त छ ।।१५५।।

परमेश्वरको शक्ति जसले रूप जीवको ।
तिरोधान गर्छ भने त्यही नै **रोधशक्ति** हो ॥१५६॥

अन्नपूर्णा भन्छिन्–

पति पशु पाशतत्त्व के हुन् ती भन्नुभो सुनै ।
पर्दो रहेछ यो जीव बन्धमा मलले गरी ॥१५७॥
परिपक्व भई हट्ता मोक्ष मिल्ने रहेछ त ।
तर त्यो कसरी हट्छ, उपाय भन्नुहोस् अब ॥१५८॥

विद्यानाथ भन्छन्–

अनदिकालदेखि नै माया, कार्म र आणव ।
मलले ढाकिई पूरा नाना योनि घुमी–घुमी ॥१५९॥
जीवले क्लेश भोगेर दीक्षा प्राप्त भयो भने ।
भक्तिले, पुण्यले हुन्छ भगवान्को अनुग्रह ॥१६०॥
उन्को हुन्छ शक्तिपात समस्त मल हट्तछन् ।
उध्दार जीवको हुन्छ शिवत्व प्राप्त गर्दछ ॥१६१॥
क्रियाशक्ति ज्ञानशक्ति आविर्भूत भएपछि ।
सबै कुरा जान्न सक्ने गर्न सक्ने सबै कुरा ॥१६२॥
सामर्थ्य नै पुरुषमा प्राप्त हुन्छ तुरुन्त नै ।
यही हो मुक्ति यसमा पारमैश्वर्य हो यही ॥१६३॥
आत्माको देहमा जो छ अभिमान त मोह हो ।
यस्बाटै हुन्छ संकोच आत्माको मूलरूपमा ॥१६४॥
यही नै हो मूल गाँठो यो फुकेपछि जीवमा ।
स्वाभाविकी आत्मशक्ति आफैं स्फुरित बन्दछ ॥१६५॥
अप्रमेय, अनिर्देश्य, अनौपम्य, अनामय ।
सूक्ष्म, सर्वगत, नित्य, ध्रुव र सत्य छन् शिव ॥१६६॥

शिवको अन्त्य नै छैन यसैले अप्रमेय छन् ।
शिव छन् ती अनिर्देश्य अलक्षित हुने हुँदा ।।१६७।।
उपमै छैन शिवको अनौपम्य भए उसै ।
मल नै छैन शिवमा यसैले छन् अनामय ।।१६८।
सकिंदैन प्राप्त गर्न यसैले सूक्ष्म छन् शिव ।
शिवता छन् सर्वगत उन्को रूप छ व्यापक ।।१६९।
शिवको कारणै छैन यसैले नित्य छन् शिव ।
हुनाले नै स्थिर सधैं शिव छन् ध्रुव सर्वदा ।।१७०।।
ॐकार रूपले नित्य शिव हुन्छन् प्रकाशित ।
शिव ता छन् सदा मुक्त परम तत्त्व हुन् उनी ।।१७१।।
मुक्तात्मा छन् अरु पनि ती पनि शिव नै त हुन् ।
होइनन् ती सदा मुक्त शिवका नै प्रसादले ।।१७२।।
तिनी मुक्त भएका हुन् विद्येश्वर भए तिनी ।
जीवन्मुक्त तिनै नै हुन् अपरा मुक्ति हो यही ।।१७३।।
आत्म माया कर्मबन्ध यिनैबाट छुटाउनु ।
शिवत्व प्राप्त गर्नु हो शिवज्ञान प्रयोजन ।।१७४।।
अचेतन छ जो माया पति त्यस्का प्रवर्तक ।
सिध्द, सर्वार्थवित् कर्ता व्यापक शिव नित्य छन् ।।१७५।।
उन्को शरीर नै छैन पञ्चकृत्य गराउन ।
तर उन्ले रूप लिन्छन् त्यो नै मन्त्र शरीर हो ।।१७६।।
यसै शरीरले उन्ले तीनै बन्ध छुटाउँछन् ।
शिवत्वको दिई ज्ञान उनै मुक्ति दिलाउँछन् ।।१७७।।

शक्तिपात

अन्नपूर्णा भन्छिन्–

शक्तिको पात त्यो के हो अनि के हुन्छ त्यसपछि ।
अवस्था मुक्तिको कस्तो हुन्छ त्यो भन्नुहोस् अब ।।१७८।।

विद्यानाथ भन्छन्–

भएर कर्मको नाश मलको परिपाकमा ।
अनुग्रह हुने शक्ति शिवको पशु–जीवमा ।।१७९।।
जो पर्दछ त्यही नै हो शक्तिपात भनी बुझ ।
मुक्तिमा हुन्छ उत्कण्ठा अनि वैराग्य जाग्दछ ।।१८०।।
जगत् देखि, भक्ति जाग्छ शिवमा, शिवभक्तमा ।
तन्त्र आगममा श्रध्दा, चिन्ह हुन् शक्तिपातका ।।१८१।।
यसले शिवको ज्ञान गर्ने जाग्दछ कामना ।
शिवसँगै ऊ जोडिन्छ मोक्षको द्वार खुल्दछ ।।१८२।।
शिव दीक्षा प्राप्त हुन्छ सम्पूर्ण मल हट्तछ ।
सायुज्य शिवको मिल्छ यही नै शैव मुक्ति हो ।।१८३।।
परा र अपरा मुक्ति, मुक्तिका दुइ भेद छन् ।
हटेपछि बन्ध दुई माया र कर्मका मल ।।१८४।।
कृपाले शिवले दिन्छन् **विद्येश** पद उत्तम ।
शिव ता ऊ पनि हुन्छ अपरा मुक्ति पाउँछ ।।१८५।।
आत्माको नै मल पनि हट्तछ जब आणव ।
मिल्दछ शिवसायुज्य भई उन्को अनुग्रह ।।१८६।।
परा मुक्ति यही नै हो यस्बाटै भव–बन्धन ।
हटेर जीव शिव नै बन्दछ पूर्ण निष्कल ।।१८७।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा शैवतन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको दर्शन पादमा नकुलीश पाशुपत, वीरशैव, सिद्धान्त शैवदर्शन नामक उनन्चासौं अक्ष–ह सकियो ।

पचासौं अक्ष - क्ष

प्रत्यभिज्ञादर्शन

प्रत्यभिज्ञा

अन्नपूर्णा भन्छिन्–

प्रत्यभिज्ञा दर्शनको पहिले नाम भन्नुभो ।
के हो यो प्रत्यभिज्ञा सिद्धान्त यसको पनि ? ।।१।।
भन्नुहोस् तत्त्व यसका बन्ध मोक्ष पनि सबै ।
त्रिकदर्शन यसको कसरी नाम पर्नगो ? ।।२।।

विद्यानाथ भन्छन्–

प्रत्यभिज्ञा दर्शन यो शाक्त दर्शन हो सुन ।
त्रिकदर्शन यसको अर्को शास्त्रीय नाम हो ।।३।।
आध्यात्मिक दृष्टि यस्को **पूर्ण अद्वैतवाद** हो ।
प्रधान तत्त्व यसमा परमेश्वर हो बुझ ।।४।।
कामेश्वर र कामेशी यिनको सामरस्य नै ।
जो स्वयं नै शिवशक्ति–सामरस्य भनिन्छ यो ।।५।।
हेर्दा, सुन्दा दुई शक्ति अथवा द्वैध रूपमा ।
बुझिने हुन्छ यो तत्त्व तर यो हुन्छ एउटै ।।६।।
शिव नै हुन् शक्तितत्त्व शक्ति नै शिव–तत्त्व हुन् ।
भेद शक्ति–शक्तिमान्मा हुँदै नै हुन्न तत्त्वतः ।।७।।
चैतन्य तत्त्व हो यो ता यही नै आत्मतत्त्व हो ।
यो सबैमा व्यापक छ अनुस्यूत रहन्छ यो ।।८।।
चैतन्य र **परा संवित्**, **परमेश**, **अनुत्तर** ।
परशिव पराशक्ति भिन्न छन् नाम मात्रले ।।९।।

विश्वात्मक रूप यस्को विश्वमै यो छ व्यापक ।
तैपनि यो विश्वबाट उत्तीर्ण हुन्छ तत्त्वतः ॥१०॥
मालाका फूल सबमा अनुस्यूत छ तन्तु ता ।
तर यो तत्त्व बेग्लै छ यसैले सब उन्दछ ॥११॥

अन्नपूर्णा भन्छिन्–

शिवशक्ति–सामरस्य परमेश्वर तत्त्व नै ।
प्रत्यभिज्ञा दर्शनको मूल हो भन्नु भो बुझें ॥१२॥
तर त्यो शब्दको अर्थ के हो सुस्पष्ट गर्नुहोस् ।
प्रत्यभिज्ञा दर्शनका मूल सिद्धान्त भन्नुहोस् ॥१३॥

विद्यानाथ भन्छन्–

अभिज्ञा शब्दको अर्थ परमेश्वर तत्त्वको ।
ज्ञान हो त्यो परा संवित् पूर्णाहन्ता स्वरूपको ॥१४॥
अभिमुख्येन त्यसको संवित् अनुभवात्मक ।
'शिवोऽहम्'–'म शिव नै हुं' भन्ने अनुभव स्वयम् ॥१५॥
भनिन्छ त्यो प्रत्यभिज्ञा स्मरणात्मक होइन ।
शिवत्व–लाभमा यो नै मुख्य साधन बन्दछ ॥१६॥
परमेश्वरमै हुन्छ विश्व अव्यक्त रूपमा ।
सृष्टिका कालमा यस्को उनैले व्यक्त गर्दछन् ॥१७॥
परमेश्वरकै रूप वस्तुतः विश्वरूप हो ।
आफ्नै उन्को स्फुरण हो उनैदेखि अभिन्न छ ॥१८॥
आफ्नै अभिन्न शक्तिले आफ्नै स्वातन्त्र्यले जगत् ।
बनाए झैं चित्र राम्रो, रच्तछन्, चित्रकारले ॥१९॥
परमेश्वरमै विश्व हुन्छ यो प्रतिविम्बित ।
शक्ति–स्वातन्त्र्यले उन्कै हुन्छ उत्पन्न भिन्न झैं ॥२०॥

तर यो विश्व जस्तो छ, झूठो होइन, सत्य हो ।
हुनाले शिवकै रूप सबै सत्य सनातन ।।२१।।
आभासन जगत्को यो महेश्वर स्वभाव हो ।
स्वेच्छाले विश्व यो बन्छ स्वेच्छैले लीन बन्दछ ।।२२।।

जगतत्स्फुरण

अन्नपूर्णा भन्छिन्–

विश्वको रूप कस्तो छ के के हुन् तत्त्व विश्वका ।
सुन्ने इच्छा भयो भन्नोस् जगत् स्फुरणको क्रिया ।।२३।।

विद्यानाथ भन्छन्–

शिव, विद्या, आत्मतत्त्व, तीन छन् भेदतत्त्वका ।
तिनैभित्र सबै पर्छन् छत्तीस तत्त्व विश्वका ।।२४।।
शिवतत्त्व भित्र पर्छन् शिव र **शक्तितत्त्व** यी ।
मुख्य तत्त्व यिनै नै हुन् जगत्का मूलकारण ।।२५।।
विद्यातत्त्वभित्र पर्छन् सदाशिव र ईश्वर ।
शुद्धविद्या–शिवविद्या शिव सायुज्यकारण ।।२६।।
आत्मतत्त्वभित्र पर्छन् एकतीस सबै अरू ।
माया, कला राग, विद्या, काल, नियति, पूरूष ।।२७।।
प्रकृति, बुद्धि र अहङ्कार र मन सोऽह यी ।
कान, छाला, नेत्र, जिभ्रो, नाक यी ज्ञान इन्द्रिय ।।२८।।
बोली, हात, पाउ, लिङ्ग, गुदा इन्द्रिय कर्मका ।
पृथ्वी, जल, तेज, वायु, आकाश प्रंच भूत र ।।२९।।
गन्ध, रस, रूप, स्पर्श, शब्द विषय पांच यी ।
यस दर्शनले मान्छ तत्त्व छत्तीस पूर्णत् ।।३०।।
छत्तीस तत्त्वको विश्व यही स्फुरित बन्दछ ।
शिवबाट शक्तिद्वारा, भोगायतन हो यही ।।३१।।

शिवबाट भिन्न विश्व देखिन्छ मोहले गरी ।
हटेपछि यही पर्दा विश्व नै शिव बन्दछ ।।३२।।
दीक्षालिए पछि हुन्छ शिवको ज्ञान निर्मल ।
यसैले मलको पर्दा सदाका लागि हट्तछ ।।३३।।

छत्तीस तत्त्वका स्वरूप र कार्य

अन्नपूर्णा भन्छिन्–

छत्तीस तत्त्वका नाम भन्नुभो यो सुनें तर ।
यिन्का स्वरूप र कार्य भन्नोस् संक्षेपमा अब ।।३४।।

विद्यानाथ भन्छिन्–

छत्तीस तत्त्वमध्येको पहिलो तत्त्व हो **शिव** ।
त्यही नै हो मूल तत्त्व त्यही नै परतत्त्व हो ।।३५।।
महेश्वर नाम उन्को प्रकाश–रूप हुन् उनी ।
पूर्णाहन्ता छ शिवमा स्वतन्त्र शिव छन् सधैं ।।३६।।
पूर्ण स्वातन्त्र्य उनको पारमैश्वर्य हो बुझ ।
अहन्ताको **'अहं'** भाव शिवमै छ सनातन ।।३७।।
अर्को तत्त्व **शक्तितत्त्व** शिव देखि अभिन्न छ ।
शिवदेखि भिन्न हुन्छ सृष्टि उन्मेषकालमा ।।३८।।
विमर्श नाम हो यस्को स्फुरत्ता शिवकै यही ।
विश्वाकार यही हुन्छ सृष्टिका कालमा भने ।।३९।।
विश्व प्रकाश यो हुन्छ सृष्टि पालन कालमा ।
विश्व संहरणै हुन्छ संहारकालमा यही ।।४०।।
चिति, चैतन्य, स्वातन्त्र्य, कर्तृत्व र **स्फुरत्व** यी ।
यसकै भिन्न हुन् नाम **'अहं'** को इदमंश हो ।।४१।।
ऐनाले मुखको रूप प्रकाशित गरेसरी ।
शक्तिले शिवको रूप गर्छ नित्य प्रकाशित ।।४२।।

शिवको शिवता जो छ त्यही चेतनता त हो ।
प्रकाशित सधैं गर्छ शक्तिले शिवका गुण ॥४३॥
शिव र शक्ति दुइको–प्रकाश र विमर्शको ।
सामरस्य मुख्य तत्त्व मान्दछन् तन्त्रविद्हरू ॥४४॥
पूर्णाहं–तत्त्व शिव नै स्वतन्त्र र समर्थ छन् ।
तर त्यस्तो **'म छु'** भन्ने हो प्रतीति विमर्श नै ॥४५॥
शिवको शिवता जो छ अहंभाव, प्रकाश हो ।
त्यही नै हो **विमर्शांश** यसैले सब खुल्दछ ॥४६॥
शिवको नै स्फुरत्ताको **सदाशिव** निमेष हुन् ।
भित्री र बाह्य उन्मेष तत्त्व **ईश्वर** हुन् बुझ ॥४७॥
शिवको जो **'अहं'** अंश त्यसको इदमंशमा ।
अभेद बोधको भूमि हुन् सदाशिव, ईश्वर ॥४८॥
अर्को तत्त्व **शुद्ध विद्या** यसमा त **'अहं'**, **'इदम्'** ।
समभाव दुबैको नै यस्मा हुन्छ प्रधानता ॥४९॥
अर्को तत्त्व छ जो **माया** यसले त **'अहंम्'**,**'इदम्'** ।
दुबैलाई पृथक गर्छ ढाकेर स्वस्वभाव नै ॥५०॥
'अहं' को अंश पुरुष स्त्री **'इदम्'** अंश बन्दछ ।
कला, विद्या, राग, काल, नियति पांच कञ्चुक ॥५१॥
शक्तिलाई परिच्छिन्न गर्ने यी पांच तत्त्व हुन् ।
जीवमा शिवको भाव यिन्ले सीमित गर्दछन् ॥५२॥
जीवमा शिवका शक्ति सबै छन् उनका गुण ।
तर कञ्चुकले गर्दा सबै सीमित बन्दछन् ॥५३॥
अनि ऊ हुन्छ पुरुष प्रकृतिसित नै मिली ।
विश्वको यो सृष्टि गर्छ कर्ता भोक्ता उ बन्दछ ॥५४॥

अरू बांकी तत्त्व जो छन् जगत्का रूप बन्दछन् ।
तिन्को समष्टि हो विश्व जीवको भोग साधन ।।५५।।

बन्धमोक्ष र साधना–मार्ग

अन्नपूर्णा भन्छिन्–

बन्ध र मुक्तिको रूप यसमा के छ भन्नुहोस् ।
साधनाको मार्ग के हो उपाय के छ मुक्तिको ।।५६।।

विद्यानाथ भन्छन्–

अज्ञानले बन्ध हुन्छ त्यसको अर्थ हो मल ।
मलका भेदछन् तीन **माया, कार्म** र **आणव** ।।५७।।
यी तीन मलले गर्दा जीवमा शिवका गुण ।
परिच्छिन्न भई जीव ज्यादै सीमित बन्दछ ।।५८।।
आणव मलले गर्दा अणु नै जीव बन्दछ ।
मायाका मलले गर्दा जीवमा भेद आउंछ ।।५९।।
शुभाऽशुभ वासना नै मायाका मल हुन् भने ।
प्रवृत्ति र निवृत्ति नै कर्मका मल हुन् बुझ ।।६०।।
अज्ञान ता एउटै छ तर चित्को स्वरूप नै ।
नबुझेरै तीन भेद यसका बन्दछन् त्यसै ।।६१।।
शक्ति–स्वातन्त्र्य शिवको जान्नु नै **पूर्ण–ज्ञान** हो ।
मलका बन्धन यिनै ज्ञानले सब हट्तछन् ।।६२।।
यथार्थ रूप शिवको ज्ञान जो छ गराउने ।
सम्यग् ज्ञान त्यही विद्या पाउनु हो प्रयोजन ।।६३।।
पाएपछि यही ज्ञान **'अहम्'**– यो पूर्ण बन्दछ ।
लेश नै रहने हुन्न यसमा इदमंशको ।।६४।।
जाने र आउने हैन मोक्ष पाए पछि कतै ।
अज्ञान–ग्रन्थिको भेद **मुक्ति** हो राम्ररी बुझ ।।६५।।

पहिले जीवले भन्थ्यो **'विश्वबाट म भिन्न छु'** ।
भएपछि मुक्त भन्छ **'मेरै रूप जगत् त हो'** ।।६६
उपाय मुक्तिको सोध्यौ यसका चार भेद यी ।
आणव, शाक्त र अनि **शाम्भव, अनुपाय** हुन् ।।६७।।
क्रिया हो पहिलो, ज्ञान दोश्रो, इच्छा र त्यस्पछि ।
तेस्रो, आनन्द हो चौथो उपाय यी पनि बुझ ।।६८।।
आणवोपायमा जीव प्राण, व्यापार रूप यी ।
बाहिरी वस्तुमाथि नै आफ्नो अस्तित्व मान्दछ ।।६९।।
यसमा मन्त्र जप र ध्यानादि मनका क्रिया ।
मुख्य हुन्छन् यसैले नै **क्रियोपाय** भनिन्छ यो ।।७०।।
शाक्तोपाय छ जो अर्को त्यस्मा साधकले स्वयम् ।
बाहिरी वस्तु त्यागेर आफैंमा नै शिवत्वको ।।७१।।
गरी ऊ भावना राख्छ **'शिव हुं म सनातन'** ।
अद्वैत ज्ञानको भाव हुने **ज्ञान उपाय** यो ।।७२।।
अर्को छ **शाम्भवोपाय** यस्मा इच्छा प्रधान छ ।
पारखीले चिने जस्तै रत्न ऊ शिव चिन्दछ ।।७३।।
समस्त शक्ति शिवका आफैंमा पूर्ण देख्तछ ।
अनि आफैं शिवै हुन्छ **इच्छोपाय** यही त हो ।।७४।।
अनुपाय छ जो अर्को त्यसमा हुन्न भावना ।
गुरुबाट महावाक्य सुन्दैमा शिव बन्दछ ।।७५।।
सधैं आनन्दमा रम्छ अपरोक्षानुभूतिले ।
यही नै हो परामुक्ति **आनन्दोपाय** हो यही ।।७६।।
बन्ध र मोक्षको रूप उपाय यसका सबै ।
भनें यही **प्रत्यभिज्ञा** ज्ञानको सार हो बुझ ।।७७।।

क्रमदर्शन

अन्नपूर्णा भन्छिन्–

क्रम दर्शनको नाम भन्नुभो पहिले सुनें ।
यसका तत्त्व सिद्धान्त सुन्न चाहन्छु भन्नुहोस् ।।७८।।

विद्यानाथ भन्छन्–

क्रम–दर्शन हो हेर अद्वैतवाद दर्शन ।
यसमा परम तत्त्व काली हुन् अद्वितीय छिन् ।।७९।।
यसैले यसको नाम **कालीनय** प्रसिद्ध छ ।
शिवको उत्तर वक्त्र वामदेव भनिन्छ जो ।।८०।।
शिवशक्ति सामरस्य मूर्तिको यो स्वरूप हो ।
उनैबाट समुत्पन्न भएको नय हो हुँदा ।।८१।।
उत्तराम्नाय यसको मान्दछन् तन्त्रविद्हरु ।
अथवा साधना यस्को गरिन्छ वाममार्गले ।।८२।।
समस्त अर्थको स्रोत बोध कालीबाटै हुने हुँदा ।
कालीलाई कामधेनु भन्दछन् विज्ञ तन्त्रका ।।८३।।
काली हुन् गति र ज्ञान, प्राप्ति सर्व–पदार्थको ।
उन्कै उपासनाले नै ज्ञान ऐश्वर्य मिल्दछ ।।८४।।
कालीतत्त्व निर्विकल्प उनकै ज्ञानले हुने ।
मुक्ति हो त्यसको हेतु हो संस्कार विकल्पको ।।८५।।
त्यो ता हुँदैन सहसा क्रमशः त्यो हुने हुँदा ।
क्रमदर्शन नै नाम यसको पर्नगो बुझ ।।८६।।
क्षेप, ज्ञान प्रसंख्यान, गति र नाद पांच यी ।
कालीले नै पांचकृत्य सबै सम्पन्न गर्दछिन् ।।८७।।

कालीका पञ्चकृत्य

अन्नपूर्णा भन्छिन्–

भन्नुभो जो पांचकृत्य तिनका अर्थ नै पनि ।
भनुहोस् कसरी काली ती कृत्य गर्दछिन् स्वयम् ॥८८॥

विद्यानाथ भन्छन्–

कालीका भित्र नै हुन्छन् जगत्मा जे पदार्थ छन् ।
कालीले नै व्यक्त गर्छिन् यही **भेदन–क्षेप** हो ॥८९॥
भएको व्यक्त त्यो विश्व आफैंसित अभिन्न नै ।
रूपमा ती पुनः लिन्छिन् यही **ज्ञान–विकल्प** हो ॥९०॥
आफैंबाट व्यक्त जो छन् पदार्थ तिनमा पनि ।
कालीले नै भेद गर्छिन् **प्रसंख्यान** यही त हो ॥९१॥
आफैंबाट व्यक्त विश्व आफ्नो त्योसित नै सधैं ।
संबन्ध राख्छिन् कालीले यही हो उनको **गति** ॥९२॥
कालीबाटै व्यक्त जो छन् पदार्थ तिनको लय ।
आफैंमा नै उनै गर्छिन् त्यही नै **नादतत्त्व** हो ॥९३॥
कालीका यी पांचकृत्य नामले **पञ्चवाहक** ।
प्रसिद्ध छन् यिनै रूप स्फुरत्ताका प्रभेद हुन् ॥९४॥
परा, सूक्ष्मा र **पश्यन्ती, मध्यमा** अनि **बैखरी** ।
वाणीका हुन् पांचरूप स्फुरत्ता क्रम हो यही ॥९५॥
श्रीपीठ र **पञ्चवाह, नेत्रत्रय** र **बृन्दको** ।
चक्र एवं गुरुपङ्क्ति ध्यानका क्षेत्र छन् यहाँ ॥९६॥
चिति, आानन्द र **इच्छा, ज्ञान** एवं **क्रिया** यिनी ।
परमेश्वरकी शक्ति हेतु हुन् पाँच कृत्यमा ॥९७॥

कली–साक्षात्कारको उपाय

अन्नपूर्णा भन्छिन्–

क्रम दर्शनमा काली तत्त्व हो मुख्य भन्नुभो ।
साक्षात्कार हुने तिन्को उपाय, भन्नुहोस् अब ॥९८॥

विद्यानाथ भन्छन्–

राजयोग, मन्त्रयोग यिनका निम्ति श्रेष्ठ छन् ।
पूजाले हुन्छ कालीको साक्षात्कार सुनिश्चित ॥९९॥
तर अन्तर्याग पूजा यस्का निम्ति छ उत्तम ।
बाह्योपचारको पूजा हुन्न पर्याप्त त्यो यहाँ ॥१००॥
स्वस्वरूप परामर्श = आत्माको जो स्वरूप छ ।
त्यस्को ग्रहणको पूजा यथार्थ रूपको बुझ ॥१०१॥
संविद्रूपा भगवती तिनका साथ नै स्वयम् ।
तादात्म्यरूपले बस्नु यही हो मुख्य अर्चना ॥१०२॥
स्वातन्त्र्यशक्ति काली हुन् यौटै छिन् अद्वितीय छिन् ।
जीवको मुक्तिकालागि अनेक रूप धर्दछिन् ॥१०३॥
यथार्थ यिनकै ज्ञान गर्नुपर्दछ योगले ।
साक्षात्कार त्यसैबाट भएर मुक्ति मिल्दछ ॥१०४॥
सृष्टिकाली, रक्तकाली, स्थितिकाली र त्यस्पछि ।
यमकाली र **संहारकाली** र **मृत्युकालिका** ॥१०५॥
रुद्रकाली र **मार्तण्डकालिका परमार्क** जो ।
काली, कालानलकाली महाकालकरालिका ॥१०६॥
महाभैरव चण्डोग्रघोरकाली सबै गरी ।
कालीका बाह्र छन् रूप तर तत्त्व छ एउटै ॥१०७॥

कुलदर्शन

अन्नपूर्णा भन्छिन्–

कुलदर्शनको नाम लिनुभो पहिले पनि ।
कुलदर्श यो के हो यस्का सिद्धान्त भन्नुहोस् ॥१०८॥

विद्यानाथ भन्छन्–

कुल शक्ति र अकुल शिव हुन् र कुलाकुल ।
शिवशक्ति–सामरस्य यो कुरा पहिले भनें ॥१०९॥
कुलाचार, कुलधर्म संकेत यसको गरें ।
कुलदर्शनको मर्म अव संक्षेप गर्दछु ॥११०॥
स्वातन्त्र्य शिवको शक्ति सबै भन्दा छ उच्च जो ।
त्यही तेज त्यही वीर्य संवित् नै कुल हो बुझ ॥१११॥
शिवशक्तिसामरस्य नित्या पनि कुलै त हो ।
उत्पत्ति लयको स्थान कुल हो तन्त्र भन्दछ ॥११२॥
छत्तीस तत्त्वका नाम तिनको स्फुरण–क्रिया ।
सुनाएं ती सबै मैले सैंतीसौं तत्त्व हो **कुल** ॥११३॥
शिवशक्ति–सामरस्य हेतु हो सब तत्त्वको ।
यसैबाट सबैतत्त्व निस्केर विश्व बन्दछ ॥११४॥
शिवशक्ति सामरस्य, यसको पनि हेतु हो ।
कुलतत्त्व यही संवित् ज्योति ब्रह्म स्वरूप हो ॥११५॥
महाप्रकाश शिव नै तत्त्व हुन् ती **अनुत्तर** ।
उनकै जो स्फुरत्ता छ पहिलो **कुलतत्त्व** हो ॥११६॥
हो **स्पन्दशक्ति** शिवको **विमर्शशक्ति** हो यही ।
त्रैलोक्योत्पत्तिको हेतु यही नै बीज–शक्ति हो ॥११७॥
अग्नि र दाहिका शक्ति विभिन्न नभएसरी ।
शिवकी यी **कुलशक्ति** शिवदेखि अभिन्न छिन् ॥११८॥

शिवभन्दा छैन कुनै उच्च, पर र उत्तर ।
यसैले शिव नै साक्षात् तत्त्व हुन् ती अनुत्तर ।।११९।।
तिन्कै शक्ति **कुलशक्ति** त्यसैभित्र त विश्व छ ।
तिनैबाट त्यही विश्व निस्कन्छ, लीन बन्दछ ।।१२०।।
मातृकाको मूलरूप परा नै **कुलशक्ति** हो ।
यसैबाट सबै वाणी, मन्त्र स्फुरित बन्दछन् ।।१२१।।
यही नै **कुलशक्ति** हो सैंतीसौ अमृता कला ।
यसैबाट सोन्ह कला सबै उदित बन्दछन् ।।१२२।।
यसकै निम्ति नै योगी योगानुष्ठान गर्दछन् ।
यस्कै तादात्म्य पाएर संपूर्ण मुक्त बन्दछन् ।।१२३।।
यही शक्ति प्राप्त गर्न कुल आचारमा रही ।
कौलोपचारले पूजा सधैं नै कौल गर्दछन् ।।१२४।।
कुल कुण्डलिनी शक्ति मूलाधार निवासिनी ।
सर्वशक्तिमयी देवी **कौलिकी शक्ति** हुन् यिनै ।।१२५।।
यिनैलाई जगाएर चक्रभेदन पूर्वक ।
लाक्षारस पिई योगी सर्वोच्चानन्द पाउंछन् ।।१२६।।
कुल नै परमा शक्ति, कुल आत्मस्वरूप हो ।
लयोदय चित्स्वरूप त्यसैले **कुल** भन्दछन् ।।१२७।।
कुल नै परमानन्द, कुलभौतिक देह हो ।
सर्वेश्वरै त **कुल** हो यस्मै सब व्यवस्थित ।।१२८।।
सर्वकर्ता, विभु, सूक्ष्म त्यही त **कुल** भन्दछन् ।
यही नै तन्त्रहरूले कुलको रूप मान्दछन् ।।१२९।।
कुल हो त्यो परतत्त्व जस्को ज्ञान भयो भने ।
सबैको नै ज्ञान हुन्छ रहँदैन नजानिने ।।१३०।।

मेय, मान र मिति त्रिपुटी **कुल** भन्दछन् ।
आधार चक्र **कुल** हो योगीको ध्यान क्षेत्र हो ।।१३१।।
विलीन हुन्छ पृथिवी त्यहीं आधार चक्रमा ।
अध सहास्रार पनि **कुल** हो विज्ञ भन्दछन् ।।१३२।।
वस्तुतः **कुल** हो शक्ति **अकुल** शिवरूप हो ।
कुल–अकुल संबन्ध त्यही नै **कौल** हो बुझ ।।१३३।।
कुल–कुण्डलिनी शक्ति सहास्रार पुगेर नै ।
अकुल शिवका साथ जब संबन्ध जोड्दछिन् ।।१३४।।
त्यही संबन्ध हो कौल त्यही नै कुल पूजन ।
त्यही आनन्द संभूति फल हो कौलयोगको ।।१३५।।
कुलशक्ति त यौटै छिन् विभिन्न रूप बन्दछिन् ।
महाविद्या, सिद्धविद्या तिनैका रूप हुन् सबै ।।१३६।।
चिदात्मा हुन् शिव स्वयं परिपूर्ण स्वभावका ।
रूप भैरवको तिन्को बस्छन् आफ्नै स्वरूपमा ।।१३७।।
तिन्कै अभिन्न जो शक्ति कौलिकी शक्ति हुन् उनै ।
समस्त सृष्टि रचना गर्छिन् र लीन गर्दछिन् ।।१३८।।
मातृकाकी उनै माता उनैमा ज्ञान खुल्दछ ।
अहन्ता उनकै रूप परा हुन् जगदम्बिका ।।१३९।।
सबै नदी मिले जस्तै सिन्धुमा सब विश्व नै ।
अन्तमा उनमै मिल्दछन् यही नै कुलतत्त्व हो ।।१४०।।
यी तथ्य नबुझेसम्म जीवता बद्ध बन्दछ ।
बुझेपछि जीव शिव हुन्छ त्यो शैव मुक्ति हो ।।१४१।।

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा तन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको दर्शनपादमा क्रम र कुलदर्शन नामक पचासौं अक्ष–क्ष सकियो ।

सुमेरु
ब्रह्मतत्त्वज्ञान

ब्रह्मज्ञानको उपाय

अन्नपूर्णा भन्छिन्–

तन्त्रका सब सिद्धान्त, देवता, साधना अनि ।
योग, कामकला, तन्त्र दर्शनै पनि ती सुनें ।।१।।
तन्त्रको मुख्य उद्देश्य ब्रह्मज्ञान गराउने ।
उपाय सार संक्षेप भन्नुहोस् अन्तमा अब ।।२।।

विद्यानाथ भन्छन्–

तन्त्र सिद्धान्तको सार, चर्या र तत्त्वज्ञानको ।
भोग र **मोक्ष** दुइटै लक्ष्य हुन् र प्रयोज़न ।।३।।
ज्ञानका भेद दुइ छन् यौटा परमतत्त्वको ।
ज्ञान, अर्को जगत्को हो साधारण पदार्थको ।।४।।
यौटाले मोक्ष दिन्छ जगत् पर भगाउंछ ।
अर्काले त जगत् दिन्छ बन्धको हेतु बन्दछ ।।५।।
तन्त्रले जो ज्ञान दिन्छ जगत्को परतत्त्वको ।
दुबैको, यो भोग, मोक्ष दिने कारण बन्दछ ।।६।।
जगत् पनि ईश्वरै हो उनैको यो विभूति हो ।
यहाँको जो भोग हुन्छ ईश्वरैका प्रसादका ।।७।।
रूपमा नै भोग्नु पर्छ अनासक्त भई सधैं ।
अनि ईश्वरकै पूजा बन्छ यो भोग योग नै ।।८।।

जगत्का यी एक एक पदार्थ ईश्वरै त हुन् ।
उनको यो स्फुरण हो चन्द्रको चन्द्रिका सरी ।।९।।
परतत्त्व एउटै छ त्यो **परब्रह्म**रूप हो ।
त्यसैबाट जगत् बन्छ त्यसैमा लीन बन्दछ ।।१०।।
भएमा ज्ञान स्थिर यो जगद्भाव छुटाउंछ ।
भोग ता योग नै बन्छ यसैले मोक्ष मिल्दछ ।।११।।
सम्पूर्ण तन्त्रको पूजा साधना पद्धति सबै ।
परमतत्त्वको ज्ञान दिने साधन हुन् सबै ।।१२।।
विना तत्त्व–परिज्ञान सम्पूर्ण जप–अर्चना ।
हुन्छन् निष्फल, त्यो तत्त्व सबैको केन्द्र हो बुझ ।।१३।।
'यौटै छन् देव, यौटै म, आत्मा हुं देवरूप हुं ।
म हुं विश्व, विश्व मै नै, सर्वत्र तत्त्व एक छ ।।१४।।
मैं हुं देव र मेरै नै निम्ति हुन् यी सबै क्रिया' ।
भन्दै गर्ने आत्मपूजा सन्देश तन्त्रको छ यो ।।१५।।
आत्माका रूपमा बस्छन् देहमै सब देवता ।
त्यहीं हुन्छन् सबै तीर्थ मिल्दछन् गुरुवाक्यले ।।१६।।
निराकार, परज्योति, परब्रह्म स्वरूपका ।
सर्वज्ञ, निर्गुण, नित्य, अद्वितीय, परात्पर ।।१७।।
सबैका देहमा बस्ने सधैं आत्मस्वरूपले ।
परमात्मा त्यही नै हुन् उपास्य सबका तिनै ।।१८।।
अन्तर्याग, बहिर्याग, योग सब प्रकारका ।
उपायले प्राप्त गर्छन् योगी साधकले सदा ।।१९।।
मालामा फूल ता हुन्छन् धेरै जात र रूपका ।
एउटै सूत्रले हुन्छ माला सुन्दर बन्दछ ।।२०।।

देवतामा त्यही चढ्छ यत्न सार्थक बन्दछ ।
कथा त्यस्तै त्यही नै हो जगत्का योगको पनि ।।२१।।
जगत्मा भोग्य जति छन् विभिन्न नाम रूपका ।
ईश्वरै तत्त्व तिनमा अनुस्यूत हुने हुँदा ।।२२।।
तिनको भोग पूजै हो भन्ने संझनु योग हो ।
आनन्द त्यसमा जो छ ईश्वरैको प्रसाद हो ।।२३।।

पूजा–ब्रह्मप्राप्तिका साधन

अन्नपूर्णा भन्छिन्–

अन्तर्याग बहिर्याग अरू जो तन्त्रका क्रिया ।
कसरी ब्रह्म प्राप्तिका बन्छन् साधन भन्नुहोस् ।।२४।।

विद्यानाथ भन्छन्–

बिहानी पखदेखि नै बेलुकीसम्मका क्रिया ।
तन्त्रका सब ती हुन्छन् साधनाकै क्रियाहरू ।।२५।।
प्रातः कृत्य बिहानीमा गुरुको अर्चना गरी ।
आरम्भ हुन्छ यसले दिन नै सिद्ध बन्दछ ।।२६।।
गुरु, मन्त्र, देवता यी मूर्तिले मात्र भिन्न छन् ।
वस्तुतः भेद तिनको छैन ती तीन एक हुन् ।।२७।।
मन्त्रले देवतालाई गुरुकै रूपमा सधैं ।
गर्नाले अर्चना कर्म चांडै नै सिद्ध बन्दछन् ।।२८।।
देवतामय नै हुन्छन् गुरु उन्को समर्चना ।
समस्त देवताको नै यस्बाटै हुन्छ अर्चना ।।२९।।
अजपा मन्त्र जपले गरिने प्रात कृत्यमा ।
जीव र ब्रह्मको ऐक्य गरिने भाव बन्दछ ।।३०।।
इडा–गङ्गा, पिङ्गला हो यमुना र सरस्वती ।
सुषुम्णा यो त्रिवेणीमा मन्त्रले स्नान गर्नु नै ।।३१।।

प्राणायाम भनी जान यसमा मन्त्र, देवता ।
ऐक्यको भावना हुन्छ यही सूक्ष्म रहस्य हो ॥३२॥
यस्मा हुने शक्तिध्यान विमर्श शक्तिध्यान हो ।
यसले शक्तिको हुन्छ ब्रम्हसंग अभिन्नता ॥३३॥
यसमा गुरुको पूजा हुन्छ मानस रूपका ।
यो पूजा भावले मात्र हुन्छ तत्त्वोपचारले ॥३४॥
यस्मा प्रणाम जो हुन्छ त्यो हो पूर्ण समर्पण ।
जीवको ब्रह्मका साथ ऐक्य कै यो प्रतीक हो ॥३५॥
त्यस्पछिको भूतशुद्धि त्यसमा हंस–मन्त्रको ।
जपले **'ब्रह्म त्यो मै हुं'** भन्ने मनन गर्दछन् ॥३६॥
आत्मा–विद्या तत्त्व दुइको अविद्यात्मक अंशको ।
निवारण भई जीवभाव नै शुद्ध बन्दछ ॥३७॥
कुण्डलीको ध्यान गरी, गरी षट्चक्र–भेदन ।
शक्तिको शिवका साथ गरिने सामरस्यले ॥३८॥
जीवको ब्रह्का साथ ऐक्यको भाव बन्दछ ।
अनि जीव ब्रह्म हुन्छ यस्को हो प्रक्रिया यही ॥३९॥
प्रत्येक दिनमा मान्छे एक्काइस हजार र ।
छ सयपल्ट सास फेर्छ स्वस्थ भयो भने ॥४०॥
हकार जपले सास जान्छ बाहिर सास त्यो ।
सकारले जान्छ भित्र **'हंस'** त्यो मन्त्र बन्दछ ॥४१॥
श्वास प्रश्वासका त्यस्को **'म नै हुं ब्रह्म'** अर्थ हो ।
यही हो अजपा मन्त्र, त्यो चढाइन्छ देवमा ॥४२॥
ब्रह्मरूप देवतामा चढाए अजपा जप ।
जप सिद्ध भई जीव ब्रह्म नै बन्छ त्यो स्वयम् ॥४३॥

त्रिकोण मन्त्र लेखेर जलमा स्नानकालमा ।
त्रितत्त्वात्मक संवित्को आवाहन गरी त्यसै ॥४४॥
जलले स्नान गर्नाले ब्रह्मरूप त्रिशक्तिमा ।
एकाकार हुने कर्म यसैले पूर्ण बन्दछ ॥४५॥
त्यसपछि हुन्छ सन्ध्या यसका भेदछन् दुई ।
पहिलो वैदिकी सन्ध्या गायत्री मन्त्रको जप ॥४६॥
यसमा हुन्छ, यसले जप्नेको हुन्छ रक्षण ।
भवसागरको दुःख यसले नै हटाउंछ ॥४७॥
वरेण्य भर्ग हो ब्रह्मतेज यो ध्यानले सदा ।
गरी रक्षा बन्धबाट मुक्तिको द्वार खोल्दछ ॥४८॥
अर्को छ तान्त्रिकी सन्ध्या यसमा ब्रह्म नै भई ।
गरेर ब्रह्मको ध्यान ब्रह्म नै बन्छ साधक ॥४९॥
यस्मा हुने मनः पूजा ब्रह्मकै हो समर्चना ।
यसको फल हो ब्रह्म–प्राप्ति यो नै रहस्य हो ॥५०॥
तत्त्वोपचारको पूजा यो पनि पांचभूतको ।
देह यो देवतालाई चढाई देहभाव नै ॥५१॥
छुटाई देहका दुःख हटाई आत्मभावमा ।
पुग्नु नै अर्थ हो यस्को ब्रह्मप्राप्ति रहस्य हो ॥५२॥
स्नान देखि देवपूजा सम्मका जति छन् क्रिया ।
ती पनि सब नै हुन्छन् उपाय ब्रह्म प्राप्तिका ॥५३॥
बाहिरी मल जो जो छन् स्नानले सब हट्तछन् ।
मलले शिव जीव बन्छ त्यो हटेपछि जीव त्यो ॥५४॥
शिवकै नै रूप बन्छ यही नै शुद्ध स्नान हो ।
योगीले कुण्डलीलाई गरी जाग्रत चक्रमा ॥५५॥

रहेका तीर्थमा स्नान गरेरै ज्ञान पाउंछ ।
घृणा आदि आठ पाश काम क्रोधादि जो रिपु ।।५६।।
ती पनि मन्त्रले छुट्छन् देह यो शुद्ध बन्दछ ।
प्राणायाम न्यासले ता देह र मनका सबै ।।५७।।
हटाई कल्मषहरू देवता नै बनाउंछ ।
उपासक स्वयं देव बनी देव–उपासना ।।५८।।
गर्ने नै प्रक्रिया हो यो भनें यो पहिले पनि ।
देवता हुन् ब्रह्मरूप उनको रूप निर्गुण ।।५९।।
आत्माको ब्रह्मका साथ मिलाउनु समर्चना ।
देवको ध्यान सगुण त्यसको अर्थ निर्गुण ।।६०।।
हुन्छ सगुण पूजाको ब्रह्मको प्राप्ति नै फल ।
देवताको रूप, वर्ण, हात, आयुध, वाहन ।।६१।।
ब्रह्मत्व ब्रह्मको व्यक्त गर्ने माध्यम हुन् सबै ।
यस्तै सगुण पूजाले पाइन्छ ब्रह्म–निर्गुण ।।६२।।
यसले तन्त्र–पूजाको ब्रह्मको प्राप्ति हो फल ।
यसैले नै मोक्ष हुन्छ संसार बन्ध हट्दछ ।।६३।।

पञ्चमकार–समर्पणको रहस्य

अन्नपूर्णा भन्छिन्–

अन्तर्याग बहिर्याग सबको ब्रह्म–प्राप्ति नै ।
फल हो भन्नु भो किन्तु शङ्का यो मनमा उठ्यो ।।६४।।
तन्त्रका कुलपूजामा म-कार पांचको पनि ।
प्रयोग हुन्छ, त्यसले कसरी हुन्छ त्यो फल ? ।।६५।।

विद्यानाथ भन्छन्–

म–कार पांचको अर्थ क्रिया हो योगको भनी ।
बताएं भावको व्याख्या गर्ने पूर्व–प्रसङ्गमा ।।६६।।

मांस हो पृथिवी–तत्त्व, जो योगी आत्म–निग्रह ।
गर्न सक्तछ मांसाशी त्यही हो भन्नु पर्दछ ।।६७।।
पुण्य पाप रूप पशु काटेर ज्ञानखड्गले ।
आफैंलाई लीन गर्छ मांस–भक्षी त्यही त हो ।।६८।।
योगीले खेचरी मुद्रा गर्छ जो हठयोगमा ।
मांसभक्षण त्यो नै हो क्रिया हो उच्च योगको ।।६९।।
ब्रह्मग्निमा ब्रह्महवि ब्रह्मले ब्रह्मअर्पण ।
गर्ने क्रिया ब्रह्मयज्ञ **मांस–भक्षण** भन्दछन् ।।७०।।
रजोगुणात्मक अहंकार नै तत्त्व मीन हो ।
नियन्त्रण हुनु त्यस्मा **मत्स्य–भक्षण** हो बुझ ।।७१।।
ज्ञानयोगपरक हो अर्थ यो, हठयोगमा ।
प्राणायाम अर्थ यस्को हुन्छ वायु–निरोधको ।।७२।।
इडा र पिङ्गला नाडी जस्मा रज–तमोगुण ।
हुन्छ प्रवाहित त्यही रोकेर बीचमा पसी ।।७३।।
सुषुम्णामा सत्त्वगुण जस्ले गर्छ प्रवाहित ।
माछो–भक्षण गर्ने त्यो योगी बन्दछ साधक ।।७४।।
आशा, तृष्णा, जुगुप्सा र भय, विषय र घृणा ।
मान, लज्जा, क्रोध यी हुन् मुद्रा आन्तरिकी बुझ ।।७५।।
यिनलाई भस्म गर्छ जस्ले ब्रह्माग्निमा त्यही ।
आनन्दको भोग गर्छ **मुद्रा–भक्षण** हो यही ।।७६।।
कुण्डली जाग्रत गरी चक्र–भेदनपूर्वक ।
शिवसंगै सामरस्य गर्दा झर्दछ जो रस ।।७७।।
त्यसै आनन्दको पान योगीले गर्छ जो त्यही ।
सुराको पान हो अर्को हुँदैन त्योसरी सुख ।।७८।।

कुण्डली हो जीव शक्ति सुत्छ त्यो मोहगर्तमा ।
त्यस्लाई जाग्रत गरी जोड्नु शिवसंगै गई ।।७९।।
आत्मा र परमात्माको हुन्छ मिलन जो त्यही ।
पांचौं मकार हो दिव्य परमानन्ददायक ।।८०।।
आत्माको ब्रह्ममा ऐक्य अखण्डाकार वृत्ति जो ।
सहस्रार कमलमा हुने नै बोध **मद्य** हो ।।८१।।
इन्द्रिय निग्रह गरी चित्तशक्ति निरोध जो ।
गरिने **मत्स्य** हो यो ता योगीले गर्न सक्तछ ।।८२।।
कर्म बन्धनको नाश आत्माको ब्रह्ममा लय ।
मांस–भक्षण यो नै हो पशुभाव विनाश हो ।।८३।।
सम्पत्ति आसुरी सारा ब्रह्मको दिव्य अग्निमा ।
गरी हवन आनन्द लिनु नै **मुद्रिका** बुझ ।।८४।।
शिव–शक्तिसामरस्य जीवको ब्रह्ममा लय ।
पांचौं मकार यो नै हो परमानन्द दायक ।।८५।।
पांचै मकारको योग यसको ब्रह्मप्राप्ति नै ।
फल हो यो कुरा मैले बारम्बार भनें सबै ।।८६।।

ब्रह्मपूजा

अन्नपूर्णा भन्छिन्–

ब्रम्होपासन हो पूजा भन्नुभो सारतत्त्व यो ।
ब्रह्म नै देवता मानी गर्ने उन्को उपासना ।।८७।।
प्रक्रिया तन्त्रमा के छ ध्यान मन्त्रादिको पनि ।
बयान गर्नुहोस्, सुन्न मन उत्सुक भो अब ।।८८।।

विद्यानाथ भन्छन्–

हुन ता विश्व ब्रह्माण्ड ब्रह्मकै नै स्वरूप हो ।
सबै क्रिया विश्वका हुन् ब्रह्मको नै उपासना ।।८९।।

तैपनि ब्रह्मलाई नै मानी प्रत्यक्ष देवता ।
महावाक्य मन्त्रले नै हुन्छ उन्को उपासना ।।९०।।
ब्राह्मी मूहूर्त्तमा जागा भएर ब्रह्म–मन्त्रको ।
गरेर ध्यान गुरुको गर्नु पूजन मानस ।।९१।।
अनि प्रातः कृत्य गर्नु अनि स्नानादि कार्य ती ।
सकेर तान्त्रिकी सन्ध्या गर्नुपर्दछ ब्रह्मका ।।९२।।
मन्त्रको, यसले दिन्छ ब्रह्म–सम्पत्ति उत्तमा ।
भन्दछु ब्रह्म–गायत्री एकाचित्त भई सुन ।।९३।।
परमेश्वराय विद्महे, परतत्त्वाय धीमहि ।
तन्नो ब्रह्म प्रचोदयात् गायत्री ब्रह्मको यही ।।९४।।
धर्म, अर्थ, काम, मोक्ष दिने जो ब्रह्म–मन्त्र यो ।
यसैलाई सिद्ध गरी समर्थ पार्नुपर्दछ ।।९५।।
यज्ञ, पूजन र स्नान, पान, भोजन कर्म ती ।
ब्रह्म–मन्त्र जपी सिद्ध गरेरै गर्नु पर्दछ ।।९६।।
सबै कर्महरू गर्दा **'तत् सत्'** यो आदिमा भनी ।
'ब्रह्मार्पणम् अस्तु' फेरी अन्तमा भन्नुपर्दछ ।।९७।।
सदाशिव ऋषि यस्का, अनुष्टुप् छन्द, त्यसपछि ।
परम ब्रह्म सर्वान्तर्यामि निर्गुण देवता ।।९८।।
चतुर्वर्ग फलप्राप्ति यसकै निम्ति हुन्छ त्यो ।
विनियोग, अनि मात्र सन्ध्यादि गर्नु पर्दछ ।।९९।।
ॐ सत्चित् ब्रह्म सकलमेकम् यी शब्द मन्त्रले ।
अङ्ग न्यास करन्यास गर्नु पर्दछ त्यसपछि ।।१००।।
सोऽहं, चौसट्ठी, बत्तीस सङ्ख्या प्रणव मन्त्रले ।
प्राणायाम गर्नुपर्छ तन्त्रमा यो विधान छ ।।१०१।।

सोऽह पूरक, बैसट्ठी कुम्भक, अनि रेचक ।
बत्तीस सङ्ख्या यसमा मन्त्र यो पुग्नुपर्दछ ॥१०२॥
आफ्नै हृदयमा संभी त्यस्पछि दिव्य आसन ।
त्यस्मै सबै भुवन नै बीज सत्‌चित् स्वरूपका ॥१०३॥
निर्विशेष परब्रह्म चैतन्यानन्द संभनु ।
तत्त्वोपारले गर्नु यिनकै पूर्ण अर्चना ॥१०४॥
गरेर ब्रह्म गायत्री मन्त्रको जप त्यस्पछि ।
समर्पण गरी सन्ध्या संपूर्ण गर्नुपर्दछ ॥१०५॥
त्यस्पछि बाहिरी पूजा गन्ध–पुष्पादि द्रव्यले ।
गर्नुपर्दछ श्रद्धाले, भक्तिले, पूर्ण शक्तिले ॥१०६॥
ब्रह्माग्निमा ब्रह्महवि ब्रह्मले ब्रह्मअर्पण ।
गर्छु त्यो ब्रह्ममै लागोस् सबै यो ब्रह्म नै बनोस् ॥१०७॥
भन्ने उद्देश्य राखेर गायत्री ब्रह्मकै जप ।
समपर्पित गरी स्तोत्र पाठादि गर्नुपर्दछ ॥१०८॥
ब्रह्म सत् चित् सर्वलोक आश्रय विश्वरूप छन् ।
अद्वैत तत्त्व हुन् ब्रह्म सर्वव्यापक निर्गुण ॥१०९॥
जगत्‌कै कारण उनी कर्ता रक्षक नाशक ।
उनै हुन मुक्तिका दाता उनैलाई प्रणाम छ ॥११०॥
इत्यादि स्तोत्रले दिव्य ब्रह्मको स्तुतिपाठ र ।
कवचादि गरी पाठ अर्चना गर्नुपर्दछ ॥१११॥
ब्रह्मको यो अर्चनामा आवाहन विसर्जन ।
गर्नु पर्दैन सर्वत्र सधैं नै हुन्छ अर्चना ॥११२॥
न्वाएर वा नन्वाएरै, भोकै वा भोजनै पछि ।
ब्रह्मपूजा गर्न हुन्छ सधैं निर्मल चित्तले ॥११३॥
हुँदैन स्पर्शको दोष द्रव्यमा ब्रह्म–अर्पित ।
ब्रह्ममा अर्पिनासाथै पवित्र सब बन्दछ ॥११४॥

वर्ण, काल, शौच आदि कुनै नियम आदिको ।
यहाँ ता बन्धनै छैन ब्रह्म छन् सर्वव्यापक ॥११५॥
जो क्रिया ब्रह्मपूजाको हुन्छ त्यो पुण्य बन्दछ ।
जुन आचारमा हुन्छ त्यो सदाचार बन्दछ ॥११६॥
यस्मा कुनै विघ्न हुन्न न कुनै प्रत्यवाय छ ।
ब्रह्ममन्त्र साधनामा सबैको अधिकार छ ॥११७॥
जितेन्द्रिय, सत्यवादी, निर्विकार, सदाशय ।
काम, क्रोधादिले हीन श्रद्धावान् भक्तितत्पर ॥११८॥
यस्ता गुण सुसम्पन्न जनले ब्रह्म–अर्चना ।
गर्नाले शीघ्र नै हुन्छ संसिद्धि ब्रह्म–मन्त्रको ॥११९॥
बत्तीस् हजार जपले हुन्छ यस्को पुरस्क्रिया ।
होम आदि अन्य कर्म पूर्ववत् गर्नुपर्दछ ॥१२०॥
जस्को हुन्छ ब्रह्ममन्त्र सिद्ध त्यो मुक्त बन्दछ ।
यस्मा कुनै दोष हुन्न स्वयं यो सिद्ध मन्त्र हो ॥१२१॥
नित्य, शुद्ध, बुद्ध मुक्त, सत्, चित्, आनन्दरूपक ।
ब्रह्म हुं म विश्वरूप, म छु सर्वत्र व्यापक ॥१२२॥
'आत्मा हुं, देह हैन ता इन्द्रिय बुध्दि हुं ।
सबैको ज्ञान गर्ने हुं मेरो ज्ञाता म नै स्वयम् ॥१२३॥
शिव हुं, शक्ति मैं नै हुं म नै हुं सब देवता ।
सर्वज्ञ हुं, ज्ञानरूप, म नै आनन्द रूप हुं ॥१२४॥
परम ब्रह्म मै नै हुं' भन्ने जो भाव राख्ताछ ।
त्यो स्वयं ब्रह्म नै हुन्छ त्यसैले मोक्ष पाउंछ ॥१२५॥

विद्यानाथ र अन्नपूर्णाका संवादद्वारा तन्त्रका रहस्यार्थको ज्ञान गराउने अक्षमाला तन्त्रको ब्रह्मार्चना नामक **सुमेरु सकियो ।**

अक्षमाला तन्त्र समाप्त भयो

हे प्रभो, हे पशुपते,
तन्त्रका ज्ञानले पूर्ण ग्रन्थ यो अक्षमालिका ।
बन्यो तिम्रै कृपाले नै तिमीमै गर्छु अर्पित ।।

ॐ तत्सत् ब्रह्मार्पणमस्तु ।

अभ्युदय

यसलोकमा र परलोकमा हुने सबैप्रकारको कल्याण, लाभ, सुख–सम्पत्ति, आनन्द ।

अष्ट भैरव, अष्टमातृका

१.	भैरव	असिताङ्ग	–	मातृका	ब्राह्मी
२.	भैरव	रुरु	–	मातृका	माहेश्वरी
३.	भैरव	चण्ड	–	मातृका	कौमारी
४.	भैरव	क्रोध	–	मातृका	वैष्णवी
५.	भैरव	उन्मत्त	–	मातृका	बाराही
६.	भैरव	कपाली	–	मातृका	इन्द्राणी
७.	भैरव	भीषण	–	मातृका	चामुण्डा
८.	भैरव	संहार	–	मातृका	महालक्ष्मी

आचार, आचार भेद

साधकले साधनाका क्रममा पालन गर्नुपर्ने नियमहरू, रहन सहन ।

आचारका भेद– पशु आचार, वीर आचार, दिव्य आचार र कुल आचार ।

१. पशुआचार– पशुभावमा रहेर साधना गर्ने पशु साधकको रहन सहन ।
२. वीरआचार– वीरभावमा रहेर साधना गर्ने वीर साधकको रहन सहन ।

३. दिव्यआचार– दिव्य भावमा रहेर साधना गर्ने दिव्य साधकको रहन सहन ।

४. कुलआचार– कुल भावमा पशु, वीर र दिव्य आचारबाट माथि उठेर निर्विशेष, समरस भई साधना गर्ने साधक कौल वा कौलिक ।

कुल, कुलीन र कौलिक, कौल

– यौटै भावमा साधना गर्नेहरूको समुदाय ।

– कुल–शिव, अकुल–शक्ति कुलाकुल–शिवशक्ति, कुल–शिवशक्ति सामरस्य ।

कुलीन–कुलको रहस्य राम्ररी बुझेको । कुलाचारमा रहेको । कुलाचार बमोजिम साधना गर्ने । भेद, अभेद, भेदाभेद, भन्दामाथि उठेको । ब्रह्मज्ञानी । पञ्चतत्त्वको प्रयोग गरेर पनि चञ्चल चित्त नभएर स्थिर रहने । यही कौलिक हो । पशु, वीर र दिव्य भावबाट माथि उठेको, कुलाचारी, कुलज्ञानी, कुलानुयायी, सर्वश्रेष्ठ साधक । कौलिकलाई नै कौल भन्दछन् ।

गुरु

ग– अन्धकार, र–हटाउने ।

ज्ञान प्रदान गरेर अज्ञान हटाउने, मार्गदर्शक, तत्त्वबोधक, ब्रह्मज्ञानी, उपदेशक ।

वेद, पुराण, तन्त्रका मर्म स्वयं बुझेर अर्कालाई उपदेश गर्न सक्ने, आचारवान्, आश्रमी, ज्ञानी, निष्ठावान्, मार्गदर्शक सद्गुरु हुन्छन् । गुरुमा संपूर्ण देवता हुन्छन्, स्वयं शिव नै गुरुरूपमा प्रकट हुन्छन् ।

चितिशक्ति

चेतना - शक्ति–संपूर्ण प्राणीमा रहने चेतना नै शक्तिरूपिणी हुन्, यसै चेतनाले प्राणी, जगत् संचालित, सक्रिय हुन्छ । भोग र मोक्ष यसैका अधीन हुन्छन् ।

परब्रह्म परमात्माको संपूर्ण शक्तिहरूको समष्टिरूपा शक्ति–चितिशक्ति । शिव देखि अभिन्न शक्ति । शिवका सृष्टि, स्थिति, संहार, अनाख्या, भासा पञ्चकृत्य संपन्न गराउने शक्ति ।

जप, जपभेद

दीक्षामा सद्गुरुबाट पाएका मन्त्रलाई मालाद्वारा गन्दै पुनः पुनः दोहोऱ्याइ रहनु जप हो ।

१. मानस– ओंठ जिभ्रो नहल्लाई मनै मनमा दोहोऱ्याउनु, यो श्रेष्ठ जप हो ।
२. उपांशु– ओंठ मात्र हल्लिनु, आफूले सुन्नु अरुले नसुन्ने गरी जप्नु । यो मध्यम जप हो ।
३. वाचिक– अरुले पनि सुन्ने गरी दोहोऱ्याउनु यो सबभन्दा कम महत्त्वको जप हो ।

तन्त्र

शास्त्र, साधना वा उपासना विधिविधान बताउने शास्त्र ।
यसमा सर्ग, प्रतिसर्ग, मन्त्रहरूको निर्णय, देवताहरू साधना क्षेत्र,

तीर्थहरूको वर्णन, आश्रमधर्म, ब्राह्मणहरूको कर्तव्य, प्राणीहरूको स्थिति र कर्तव्य, यन्त्रहरूको निर्णय, विभूतिहरूको उत्पत्ति, कल्पवृक्ष आदि औषधि वनस्पतिहरूको स्थिति, ग्रहहरूको स्थिति, पुराणको आख्यान, कोषहरू, व्रतहरूको वर्णन, पवित्रता–अपवित्रताको व्याख्यान, नरकहरूको वर्णन, स्वरचक्रको आख्यान, स्त्री, पुरुषको लक्षण, राजधर्म, दानधर्म, युगधर्म, व्यवहार, अध्यात्मवर्णनको विवेचना हुन्छ ।

तन्त्रभेद

तन्त्रका तीन भेद छन्, सात्त्विक राजस र तामस

१. सात्त्विक तन्त्र सेवनबाट ज्ञान र मोक्ष मिल्दछ ।

२. राजस तन्त्रबाट लोकको भोग सिद्ध हुन्छ ।

३. तामस तन्त्र सेवनबाट क्षणिक सिद्धि प्राप्त हुन्छ तर त्यसबाट स्वयं साधकलाई अनिष्ट हुन्छ ।

दीक्षा

सद्गुरुले शास्त्रीय विधिपूर्वक समुचित स्थान, समुचित कालमा गरेको मन्त्र दान ।

यसबाट संपूर्ण पाप नष्ट हुन्छन् । आणव, माया र कार्म मल डढेर जान्छन् । देवता प्रसन्न हुन्छन् । ब्रह्मज्ञान प्राप्त हुन्छ र मोक्ष प्राप्त हुन्छ ।

– दीक्षा विना मन्त्रजप अर्चना आदि निषिद्ध मानिएका छन् ।

दीक्षाका भेद

दीक्षाका मुख्यतः तीन भेद छन् (१) मान्त्री (आणवी), (२) शाक्ती र (३) शाम्भवी

१. मान्त्री–आणवी – सद्गुरुले साइतमा शास्त्रीय विधिपूर्वक दिएको मन्त्रमय दीक्षा । यिनका दश भेद छन्– स्मार्ती, मानसिकी, योगी, चाक्षुषी, स्पार्शिकी, वाचिकी, मान्त्रिकी, हौत्री, शाक्ती, अभिषेचिका ।

२. शाक्ती– गुरुले स्पर्श मात्रले वा उनका अरु कुनै प्रभावले शिक्षामा शक्ति जगाउने क्रिया ।

३. शाम्भवी– तुरुन्त शिवज्ञान गराइदिने–जीवन्मुक्ति दिई अन्तमा मोक्षपद– शिवसायुज्य प्रदान गराइदिने ।

दीक्षाका भेदहरू

– दीक्षाका प्रमुख तीन भेद– १. सात्त्विक, २. राजस, ३. तामस ।

– सात्त्विक दीक्षाबाट ज्ञान र मोक्ष, राजस दीक्षाबाट लोकको ऐहिक–भोग सिद्धि, तामस दीक्षाबाट शत्रुक्षय तर आफूलाई दुःख हुन्छ ।

– दीक्षाका अन्य भेद– वर्णमयी, कलामयी, बेधमयी ।
सबै वर्ण–मातृकाहरू देवतामय छन्, कलामय छन् यिनको प्रवेशबाट साधक देवता बन्छ । वेधमयी दीक्षाबाट साधक स्वयं शिव नै बन्छ ।

– दीक्षाका अन्य भेद– मेधा, साम्राज्यमेधा, दिव्य साम्राज्यमेधा ।

– सर्वाधिकारदीक्षा, पूर्णाभिषेकदीक्षा ।

– प्रत्येक आम्नाय, मार्ग, देवता, भावका भेदले दीक्षाका भेद पृथक् हुन्छन् ।

दूतीयाग

कुलाचारमा बसी कुलमार्गले कुलतत्त्वबाट हुने शक्तिको गोपनीय पूजा ।

ध्यान र ध्यान भेद

जप वा पूजा गर्दा देवताको दिव्य शरीरको चिन्तन गर्नु र निर्गुण तेजस्तत्त्व ब्रह्मका रूपमा चिन्तन गर्नु ।

– ध्यान दुई प्रकारका छन्– स्थूल र सूक्ष्म -

१. स्थूल ध्यान– देवताका स्थूल शरीरको चिन्तन गर्नु ।

२. सूक्ष्म ध्यान– देवताको तेजस्तत्त्वका रूपमा चिन्तन गर्नु ।

ध्यानको अर्को यौटा भेद छ– ज्योतिर्ध्यान, मन्त्र र देवतालाई यौटै मानी यिनलाई प्रकाशमय ज्योति स्वरूप चिन्तन गर्नु र कुण्डलीलाई मन्त्रमय मानेर त्यसको उत्थान गर्दै शिवसंग मिलाउने चिन्तन गर्नु ।

नकुलीश पाशुपतदर्शन

तत्त्व

१. कार्य (अस्वतन्त्र)
- विद्या
  - बोधात्मिका – चित्त
  - अबोधात्मिका – जीव गुण
- कला = चेतनाधीन कार्य
- पशु
  - साञ्जन
  - निरञ्जन

२. कारण पनि (स्वतन्त्र) दृक्क्रियाशक्तिसंपन्न

३. योग — क्रियात्मक
क्रियोपरम

४. विधि (चर्या) — व्रत
द्वार

५. दुःखान्त — सात्मक–पारमैश्वर्य प्राप्ति
अनात्मक–दुःखको निवृत्ति

निःश्रेयस

परम श्रेय, कैवल्य, मोक्ष

न्यास

शरीरका भिन्न–भिन्न अंगमा देवता, मातृका, पीठ आदि राख्नु न्यास हो ।

सामन्यतः षडङ्गन्यास प्रसिद्ध छ । यो दुई प्रकारको छ , अंगुलीन्यास र हृदयादिन्यास ।

– अंगुलीन्यास गर्दा अंगुलीको नाम लिदैं मन्त्र भन्दै विभिन्न औंलामा छुनु पर्दछ ।
– हृदयादिन्यास गर्दा हृदयाय नमः, शिरसे स्वाहा, शिखायै वषट्, कवचाय हुम्, नेत्रत्रयाय बौषट्, अस्त्राय फट् भन्दै हृदय आदिका छोइन्छ ।

पञ्चकृत्य

१. सृष्टि–सिर्जना
२. स्थिति–पालन
३. संहार–विनाश
४. तिरोभाव–लय
५. अनुग्रह–सृष्टिका निति करुणा

शिवका पांच मुख– सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान पांच कृत्य सम्पादनका लागि हुन् ।

परमाद्वैत

संसारमा यौटै मात्र तत्त्व छ, त्यो हो ब्रह्मतत्त्व । ब्रह्मदेखि अतिरिक्त केही पनि छैन । ब्रह्म सत्य हो जगत् मिथ्या । विश्व ब्रह्माण्डमा जे छ जो छ त्यो तत्त्वतः ब्रह्म नै हो भन्ने भावना, मान्यता, विचार, दर्शन ।

पुरश्चरण

सद्‌गरुबाट शास्त्रीय विधिपूर्वक मन्त्रको दीक्षा लिएपछि विशेष नियमहरूको पालना गरेर निश्चित संख्यामा मन्त्र जप्ने, हवन, मार्जन, तर्पण, ब्राह्मण भोजन संपन्न गर्ने विधि ।
यसले मन्त्र सिद्ध हुन्छ ।

प्रत्यभिज्ञा दर्शन

प्रत्यभिज्ञा–त्रिकदर्शन

तत्त्वः–

१. शिवतत्त्व — शिवतत्त्व, शक्तितत्त्व

१. आणवोपाय	मुक्तिका उपाय
२. शाक्तोपाय	
३. शाम्भवोपाय	
४. अनुपाय	

२. विद्यातत्त्व — सदाशिव, ईश्वर

३. आत्मतत्त्व ३१ तत्त्व | माया, कला, राग, विद्या, काल, नियति, पुरुष, प्रकृति, बुद्धि, अहङ्कार, मन, पांच ज्ञानेन्द्रिय, पांच–कर्मेन्द्रिय, पांच–महाभूत, पांच विषय ।

प्राणायाम

चौथो योगाङ्ग– योगका आठ अङ्गमध्ये यौटा ।

यसका तीन भाग हुन्छन्– पूरक, कुम्भक र रेचक

१. पूरक– सास तान्नु, २. कुम्भक– सास भित्र वा बाहिर रोक्नु र ३. रेचक–सास छोड्नु ।

सगर्भक–मन्त्र सहितको प्राणायाम र विगर्भक–मन्त्र विनाको प्राणायाम ।

सामान्यतः १६ संख्यामा पूरक, ६४ संख्यामा कुम्भक र ३२ संख्याम रेचक हुन्छ ।

प्रातः कृत्य

बिहान सवेरै ब्राह्म मुहूर्तमा गर्ने क्रिया–
यसमा मानसिक रूपले गुरुको र गुरुआमाको पूजा हुन्छ । 'हंस' 'म त्यही ब्रह्म हूं' भन्ने मन्त्रको जप भावना हुन्छ । २१६०० पल्ट प्रति दिन स्वतः जानी नजानी भैरहेको जप मध्ये ६०० गणेशलाई, ६००० ब्रह्मा, ६००० विष्णु, ६००० रुद्र, १००० जीवात्मा, १००० परमात्मा र १००० गुरुलाई चढाइन्छ । 'म ब्रह्म हूं' भन्ने चिन्तन गरिन्छ ।

प्रायश्चित्त

कुनै पनि कर्म गर्ने विधि शास्त्रमा बताइएको हुन्छ । त्यो विधि पुगेन वा विधिविपरीत कर्म कसैले गर्‍यो भने त्यसबाट उत्पन्न हुने दोष निवारण गर्ने प्रयोजनका निमित्त केही अन्य विधिको निर्देश गरेको शास्त्रमा पाइन्छ । त्यही विधि प्रायश्चित्त हो ।

फलश्रुति

कुनै कर्ममा प्रवृत्त गराउन त्यस कर्मका यस लोकमा र परलोकमा पाइने फल (परिणाम) हरूको उल्लेख गरेको हुन्छ । त्यही फलश्रुति हो ।

ब्रह्म

सर्वत्र व्यापकरूपले जहिले पनि रहने, नाम, रूपले अपरिच्छिन्न संपूर्ण तत्त्व ।

- यो सर्वत्र विद्यमान रहन्छ, कहीं नरहने हुँदैन ।
- यो त्रिकालावाधित हुन्छ, भूत, वर्तमान, भविष्यत् जहिले पनि रहन्छ ।
- यसको नाम र रूप हुँदैन, जे हो त्यो नै हो, त्यो बाहेक केही होइन ।
- सजातीय, विजातीय, स्वगत भेद जसमा रहँदैन ।
- परम अद्वैत तत्त्व ।

भाव र भावभेद

साधकको मानसिक स्थिति । जुन मानसिक स्थितिमा रहेर साधना गरिन्छ त्यही भाव हो ।

भाव तीन प्रकारका छन्– पशु, वीर र दिव्य

१. पशुभाव– द्वैतभावको मनस्थिति देवतालाई स्वामी र आफूलाई दास संभेर उनको कृपा प्राप्त गर्न गरिने साधनाको मनस्थिति ।
२. वीरभाव– म नै देवता हुं भन्ने मानसिकता राखी देवतासंग आफ्नो एकता स्थापित गर्न अभ्यास सहित साधना गर्ने मनस्थिति ।
३. दिव्यभाव– देवता तुल्य भएको मानसिकता । देवता र आफूमा भेद कहिल्यै नमानी, नठानी गरिने साधनाको स्थिति ।

मन्त्र र मन्त्रका भेद

मातृका वर्णहरूको समुदाय । त्यसको अर्थ देवताको स्वरूप हुन्छ स्वयं देवता मन्त्रका रूपमा प्रकट हुन्छन् । देवता र मन्त्रमा फर हुंदैन । त्यसको मनन गर्नाले साधकको त्राण हुन्छ – रक्षा हुन्छ

– मन्त्र तीन प्रकारका हुन्छन्, पुरुष, स्त्री र नपुंसक । 'हूँ फट्' अन्तमा आउने मन्त्र पुरुष, 'स्वाहा' अन्तमा आउने स्त्री र 'नमः' अन्तमा आउने नपुंसक मन्त्र हुन्छन् ।

– प्रत्येक देवताको यौटा मुख्य 'बीज' मन्त्र हुन्छ । त्यसको अर्थ– देवताको स्वरूप हुन्छ, त्यसको सिद्धिले देवता सिद्ध हुन्छन् ।

याग–यागभेद

यागको अर्थ यज्ञ हो । सन्ध्या र पूजा दुबै यज्ञ– याग नै हुन् । यसका दुई भेद छन्:

१. अन्तर्याग– मानसिक रूपमा हुने सन्ध्या ।

२. बहिर्याग– पाद्य अर्ध्यद्वारा पांच, दश, सोन्ह आदि उपचारहरू चढाएर हुने । यसलाई बाह्यपूजा, अर्चना, वा सपर्या पनि भन्दछन् ।

योग

चित्तवृत्तिको निरोध जीव र ब्रह्मको ऐक्य यसका विधि -

मन्त्रयोग– मन्त्रद्वारा जीव र ब्रह्मको ऐक्य स्थापित गर्नु ।

लययोग– चित्तवृत्तिको ब्रह्ममा लय गर्नु ।

हठयोग– हठपूर्वक शरीर, इन्द्रिय, मनलाई ब्रह्ममा लगाउनु ।

राजयोग– षट्चक्रका भेदनद्वारा कुण्डलिनीलाई शिवसंग सामरस्य गराउनु ।

लिङ्ग

जसबाट संपूर्ण विश्व ब्रह्माण्ड व्यक्त हुन्छ र जसमा पुनः विलीन हुन्छ त्यही शिवको व्यक्त विग्रह लिङ्ग हो । शिवबाटै संपूर्ण विश्व ब्रह्माण्ड व्यक्त हुन्छ र उनैमा विलीन हुन्छ । शिव नै परब्रह्म हुन्, उनको नाम रूप छैन, विश्वकल्याणका लागि शाक्त शरीर धारण गर्दछन्, उनैको पूजास्थान व्यक्त विग्रह लिङ्ग हो ।

वीरशैव दर्शन

शक्तिविशिष्टाद्वैत, शिवाद्वैत, द्वैताद्वैत, विशेषाद्वैत, वीरशैव)तत्त्वः–

१. शक्ति– शिवको विशेषण (शिव देखि अभिन्न चित् अचित् शक्ति)

चित् शक्ति–सर्वज्ञता, अचित् शक्ति–सर्वकर्तृता)

२. विश्व

३. जीव– शिवको अंश (शिवसंग भेदाभेद संबन्ध)

४. शिव
- भावलिङ्ग
- इष्टलिङ्ग
- प्राणलिङ्ग

शरीरका चक्रहरू

शरीरमा विशेष ६ चक्रको भावना गरिन्छः यो कमलका रूपमा हुन्छ ।

१. मूलाधार– लिङ्ग र गुदाका बीच भागमा रहने ।

२. स्वाधिष्ठान– मूलाधार देखि दुई अंगुल माथि रहने ।

३. मणिपुर– नाइटोमा रहने ।

४. अनाहत– छातीमा रहने

५. विशुद्धि– घांटीमा रहने

६. आज्ञा– दुई आंखाका बीच भाग, नाकमाथि रहने ।

– यसभन्दा माथि शिरमा तालुमा–सहस्रार चक्र पनि रहन्छ ।

शिवमूर्ति

शिवका मन्त्रमय शरीका पाँच मूर्ति हुन्छन्-

१. सद्योजात (पश्चिम), वामदेव, (उत्तर), तत्पुरूष (पूर्व),

२. अघोर (दक्षिण), ईशान (ऊर्ध्व–माथि)

यिनले सृष्टि, स्थिति, संहार तिरोभाव र अनुग्रह यी पाँच कृत्य गर्दछन् ।

शिवका ६ मूर्ति– १. सद्योजात (पश्चिम), वामदेव (उत्तर), तत्पुरुष (पूर्व), अघोर (दक्षिण, ईशान (ऊर्ध्व), कालाग्निरुद्र (अधः) यी ६ मूर्तिबाट संपूर्ण आगम र तन्त्रको आविर्भाव भयो ।

शिव शास्त्रका तीन तत्त्वः

शिवशास्त्रमा मुख्य तीन तत्त्व छन् । १. पति, २. पशु, ३. पाश

१. पति– ईश्वर, कारण, स्वतन्त्र, पति–शिव हुन् ।

२. पशु– जीव, कार्य, परतन्त्र, पतिका अधीन, पाशोले बद्ध हुन्छन् ।

३. पाश– आणव, माया, कार्म तीन मल, अज्ञान पाश हुन् । यिनैले बाधिएका जीव पशु हुन्छन् ।

सिद्धेश्वर आदि जीवमुक्त बाहेक ब्रह्मा देखि स्थावरसम्म सबै यी पाश मध्ये कुनै न कुनैले बांधिएका हुन्छन् र पशु भनिन्छन् ।

- पशुलाई पाशोबाट मुक्ति दिने शिव पति पशुपति हुन् ।
- घृणा, लज्जा, शङ्का, भय, ईर्ष्या, कुल, शील र जाति यी आठ पनि पाशो मानिएका छन् ।

षट्कर्म

मारण, मोहन, वशीकरण, उच्चाटन, स्तम्भन, विद्वेषण यी अभिचार कर्महरू ।

मारण– मार्ने, मोहन– मुग्ध बनाउने, वशीकरण–आफ्नो वशका ल्याउने, उच्चाटन–उठ्ठीवास लगाउने, स्तम्भन–रोकिदिने, विद्वेषण– शत्रुता जगाइदिने ।

यी कर्महरू आफ्नो आन्तरिक शत्रु काम - भोगलाई नष्ट गर्न गरिने हो तर लोकमा आफ्ना शत्रुको विनाशका लागि पनि गरिन्छन् ।

साधना

देवताको– यक्ष आदिको मन्त्र सिद्ध गराउन गरिने विधि ।

सिद्धान्त शैवदर्शन

तत्त्वः–

१. पति– शिव, सर्वस्वतन्त्र पञ्चकृत्यकर्ता
- सृष्टि
- स्थिति
- संहार
- तिरोभाव
- अनुग्रह

२. पशु- क्षेत्रज्ञ
- विज्ञानाकल–कर्मक्षयबाट शरीर बन्धको अभाव भएको
- प्रलयाकल–कार्म र आणव मल शेष भएको
- सकल - आणव, कार्म र माया तीनै मल भएको

३. पाश- आत्मामा रहने दुष्टभाव, मल
- कार्म
- माया
- आणव

स्फुरत्ता

प्रकाश स्वरूप परब्रह्म परमात्मा शिवलाई विश्वसृष्टिको इच्छा हुनासाथ उनीमा एकाप्रकारको दिव्य स्पन्द देखिन्छ, त्यही शक्ति विशेष स्फुरत्ता हो–स्फु रण हुने क्रिया ।

लेखक परिचय



१. नाम	:	विद्यानाथ उपाध्याय भट्ट
२. ठेगाना	:	काठमाडौं महानगरपालिका वार्ड नं. २६, नरदेवी
३. पिताको नाम	:	स्व. श्री वासुदेव उपाध्याय भट्ट
४. पितामहको नाम	:	स्व. श्री विष्णुरमण उपाध्याय भट्ट
५. नागरिकता	:	नेपाली
६. जन्मतिथि	:	४-४-१९४१ (वि.सं. १९९७ चैत्र २०)
७. शिक्षा	:	नव्यन्याय विषयमा आचार्य, प्रथम श्रेणी विश्वविद्यालयमा विषयमा सर्वप्रथम । जर्मन भाषा र चिनियाँ भाषामा डिप्लोमा ।
८. पदक	:	विश्वविद्यालय (वाराणसी) स्वर्णपदक, महेन्द्र विद्याभूषण र अन्य सांस्कृतिक त्रियाकलापमा स्वर्ण एवं रजत पदक ।
९. अनुसन्धान	:	न्याय शास्त्र एवं तन्त्र शास्त्रमा अनुसन्धान
१०. लेख, प्रकाश	:	तन्त्रचिन्तामणि ग्रन्थको शोधपूर्ण सम्पादन - महेद्र संस्कृत विश्वविद्यालयबाट प्रथम भाग प्रकाशित, द्वितीय भाग प्रकाशोन्मुख, तन्त्रविद्यालोक (तान्त्रिक लेख संग्रह प्रकाशित), न्याय दर्शन, तन्त्र विषय, शिक्षा, परीक्षा प्रणाली सम्बन्धी लेखहरु प्रकाशित ।
११. सेवा	:	२०१९ सालदेखि २०४३ सालसम्म त्रिभुवन विश्वविद्यालय सेवामा २४ वर्ष र २०४३ सालदेखि २०६० सालसम्म महेन्द्र संस्कृत विश्वविद्यालय सेवामा १७ वर्ष र ६ महिना स्थायी सेवामा कार्यरत । त्यसपछि १ वर्ष ६ महिनासम्म महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत वाल्मीकि विद्यापीठमा न्याय विभागमा करार सेवा ।
१२. पद	:	सर्वप्रथम प्रशासनमा सुपरिण्टेण्डेण्ट, त्यसपछि लेक्चरर, सह-प्राध्यापक र प्राध्यापक, बीचमा छात्रावास सुपरीक्षक, वाल्मीकि विद्यापीठमा प्रमुख, प्राचार्य, सहायक डीन र महेन्द्र संस्कृत विश्वविद्यालयको सर्वप्रथम शिक्षाध्यक्ष ।
१३. अनुभव	:	न्याय विभागको प्राध्यापन, परीक्षा संचालन, शैक्षिक एवं सामान्य प्रशासन, आदि ।
१४. सहभागिता	:	विविध राष्ट्रिय, अन्तरराष्ट्रिय शैक्षिक गोष्ठी, सेमिनार, सम्मेलनहरूमा कार्यपत्र लेखन, टिप्पणीकरण, व्याख्यान, प्रवचन, आदि साथै विविध सरकारी, गैरसरकारी शैक्षिक संघ-संस्था, संगठन, समिति, उपसमितिहरूमा सक्रियतापूर्ण सहभागिता । पशुपति क्षेत्र विकास कोषको धार्मिक समितिको संयोजक
१५. भ्रमण	:	भारत, संयुक्त अधिराज्य बेलायत र जर्मनी
१६. हालका क्रियाकलाप	:	तान्त्रिक हस्तलिखित ग्रन्थको सम्पादन र लेखन, न्याय (संस्कृत भाषाशास्त्र)को संस्कृत/नेपाली विश्लेषण, ग्रन्थ, लेख लेखन ।
१७. भाषाज्ञान	:	संस्कृत, नेपाली, नेवारी, हिन्दी, अंग्रेजी र जर्मन
१८. सेवानिवृत्त	:	२०६० चैत्र २२
१९. सम्पर्क	:	फोन : ४-२५२६७२, ०१-६२२६५४४ मोबाइल : ९८४१-२५४४६५

ISBN 9937-2-2131-3

